# एकाइ १ : मज्झिम निकाय

## (क) परिचय

मध्यम आकारका सूत्रहरु संग्रह गरिएको सुत्रपिटकको दोस्रो ग्रन्थलाई मज्झिम निकाय भनिन्छ । यसमा १५२ सुत्रहरु छन् । बौद्ध साहित्यमा मज्झिम निकायको विशेष महत्व छ । विभिन्न विद्वानहरुले यस ग्रन्थलाई महत्वपूर्ण ग्रन्थको रुपमा प्रशंसा गर्नुभएको छ । महापण्डित राहुल सांकृत्यायनको भनाई अनुसार यो ग्रन्थ बुद्धका अमृत वचनहरुको संगालो हो । जर्मनका प्रसिद्ध विद्वान ढाल्केले यस निकायको आधारमा पश्चिमी बौद्ध जगतका सामु महत्वपूर्ण निबन्धहरुको प्रकाशन गरेर बुद्ध शिक्षाको जागरण ल्याएका थिए । धेरै बौद्ध विज्ञहरुले भन्ने गरेका छन् कि मज्झिम निकाय एउटा ग्रन्थ मात्र सुर क्षित गर्न सकेमा सम्पूर्ण बौद्ध साहित्य हराएर गएता पनि बुद्ध शासन संरक्षित गर्न पर्याप्त छ ।

मज्झिम निकायमा १५ वर्ग र १५२ सूत्रहरु रहेका छन् । यसको संक्षिप्त विवरण तल उल्लेख गरि एको छ ।

१. मूल परियाय वग्गमा दशवटा सुत्तहरु रहेका छन् । जसमा अनात्म, क्लेशको विशोधन, धर्मको सम्पदा, भय हटाउने तरीका, चार प्रकारका पुद्गलहरु, प्रातिमोक्ष विनयका कुरा, सोह्र प्रकारका क्लेशहरु, सम्यक स्मृतिबाट अत्तभाव हट्ने र चार सतिपट्ठान विषयका सुत्तहरु रहेका छन् ।

२. सीलखन्धवग्गमा दशवटा सुत्तहरु रहेका छन् । ती सुत्तहरुका विषयवस्तुहरु यस प्रकारका छन्:

१.चार प्रकारका श्रमणहरु जस्तै श्रोतापन्न, सकृदागामी, अनागामी र अरहन्त ।

२.दशबल

३.किन तथागतको शासन बाहिर मार्गफल लाभ हुँदैन ?

४.राग, द्वेष र मोह किन हटदैन ?

५.पाखन्दि भिक्षुहरु

६.पाँच चेतोखील जसले आध्यात्मिक उन्नतिलाई बाधा पुऱ्याउँदछ,

७.ध्यानको लागि उपयुक्त स्थानको खोजी,

८.प्रतीत्य समुत्पाद

९.कुशल र अकुशल वितर्क

१०. कुशल र अकुशल कर्मको विपाकको बारेमा वर्णन गरेको छ ।

३. उपमा वग्ग : यस वग्गमा दशवटा सूत्रहरु रहेको छन् । ती सूत्रहरुमा चित्तलाई क्लेशबाट सुरक्षा गर्ने, धर्म भनेको साधन मात्र हुन्, बाल्मिकी वा भ्रमको बारेमा, सात विशुद्धि र विषय सुख भनेको निर्वाणको लागि बाधा हुन् भन्ने बारे, पहिलो धर्मचकप्रवर्तन, जानुस्सोनि ब्राम्हणलाई शील समाधि र क्लेशबाट टाढा रहनको लागि दिनुभएको उपदेश, चार आर्यसत्य र लाभ सत्कारका दुर्गुण, ध्यानको अभ्यासद्वारा मात्र क्लेश हट्ने । र धर्मको अभ्यासको उद्देष्य विमुक्तिको लागि हो भौतिक उपलब्धिको लागि होइन भन्ने विषयमा उल्लेख गरिएको छ ।

४. यमक वग्गमा पनि दशवटा सूत्रहरु रहेका छन् । यस अन्तर्गत : उपादान र क्लेशहरु नहटेसम्म आफ्नो ध्यानको निरन्तरता दिने भिक्षुहरुले जंगललाई नै धन्य गरिदिन्छ , एघार गुणहरु जसले बौद्ध संघलाई समृद्धि र गौरब बनाइदिन्छ, जन्म, जरा, मरणबाट छुट्काराको लागि गरिने प्रयास नै जीवनको महत्वपूर्ण प्रयास हो । शकसँग आत्मको बारेमा सम्बाद । शक द्वारा बुद्धको प्रशंसा, देवताहरुलाई अनित्य र आसक्ति रहित हुनुपर्ने उपदेश, प्र तीत्य समुत्पादबाट नै मानिसहरुमा विज्ञानको उत्पत्ति हुने । भिक्षुहरुमा हुनुपर्ने गुणहरु । चीवर लगाएर रुखमुनी मात्र बस्दैमा भिक्षु नहुने उपदेशहरु संग्रहित छन् ।

५.चूल यमक वग्गमा दशवटा सुत्तहरु यस प्रकारका छन् :

सुगति प्राप्तको लागि दशकुशल कार्यहरुको आवश्यक । सुखी जीवनको हेतु, ध्यानको प्रकृति र अर्हत । सक्काय दिट्ठिबारे । चार प्रकारका धर्म अभ्यास । श्रद्धा र उत्सुकता साथ धर्म अभ्यास

गरेकोमा प्रशंसा । गुरुहरुप्रति अन्धविश्वास हुन नहुने । श्रोतापन्न हुनको लागि आवश्यक लोकोत्तर ज्ञान । बक ब्रम्हाको मिथ्यादृष्टि हटाउने उपदेश । अकुशल कर्मको कारणले नराम्रो विपाक हुने विषयमा मारलाई उपदेश ।

६.गहपति वग्ग : यस वग्गमा १० वटा सूत्रहरु रहेका छन् । ती दशवटा सूत्रहरु यस प्रकारका छन् । अन्य प्राणीहरुभन्दा मानिसहरुको सर्वश्रेष्ठता, ध्यानका विभिन्न चरणहरु, गृहस्थहरुको कर्तव्य बारेमा भिक्षु आनन्दको धर्मदेशना, सत्यको बाटो र सतनिष्कमण, मासु सेवनको सम्बन्धमा बुद्धको शिक्षा, निगण्ठनाथ पुत्रका शिष्य उपालिलाई शरीरको कर्म भन्दा मनोकर्म बलवान हुने उपदेश जसबाट उहाँ बुद्धको शरणमा जानुभयो, कुक्कुर व्रतको निस्सारता, अरुको भलाई हुने तवरले बुद्धले अप्रिय वचन बोल्ने सम्बन्धमा, तीनप्रकारका वेदनाहरु, धर्मगुरुहरुको प्रभावकारीताको सम्बन्धमा

७. भिक्षु वग्ग : यस वग्गमा भएका दशवटा सूत्रहरु यस प्रकारका छन् : राहुललाई शुद्धरुपमा कायिक, वाचिक र मनोकर्मको अभ्यास गर्ने सम्बन्धमा, आनापान स्मृति र विपश्यनाको सम्बन्धमा, दश अकथनिय प्रश्नहरु, मनोविकारहरुको विनाश गर्ने , भिक्षु भद्दलिलाई विनयको शिक्षा, संयोजन नै दुःखका कारक, चातुमाका भिक्षुहरु लाई विनय सम्बन्धि शिक्षा, भिक्षु अनिरुद्धको नलकपानका गाउँलेहरुलाई शिक्षा, भिक्षु सारिपुत्रको सम्यक् कर्म र विनय सम्बन्धि शिक्षाहरु रहेका छन् ।

८.परिब्राजक सुत्तः यस वग्ग अन्तर्गतका १० सूत्रहरु यस प्रकारका छन् । यस वर्गका सबै सूत्रहरु परिव्राजकहरुलाई बताउनु भएको हो ।

यस वर्गमा भएका सूत्रहरु यस प्रकारका छन् । निरन्तर र स्थिर सर्वज्ञता, पञ्चस्कन्धको पूर्णतया समन, दश कुशल र दश अकुशल, तीन प्रकारका वेदनाहरु, काम सुखको परित्याग, चार प्रकार का गौरव र अगौरवपूर्ण जीवन, बुद्धलाई वन्दना गर्नुको सही अर्थ, आर्यअष्टांगिक मार्ग, निगण्ठनाथपुत्रको सिद्धान्तको टिप्पणी ।

९.राजा वग्ग : यस वर्गमा रहेका दशवटा सूत्रहरु यस प्रकारका छन् । : घतिकार कुम्हालेको प्र शंसा, राष्ट्पालको प्रव्रज्या, मखादेव राजाको अभिनिष्क्रिमण, ब्राम्हण जातको सर्वोच्चताको अस्वीकार, भगवान् बुद्धले आफ्नो बारेमा भन्नुभएको विषय, अंगुलिमाल डाकुको भिक्षु जीवनमा रु

पान्तरण, प्रेमको कारणले दुःख आउँछ , बुद्धको कुशल चर्या, तथा बुद्ध र प्रशेनजीत कोशलको बीचको सम्बाद ।

१०. ब्राम्हण वग्ग : यस वग्गमा रहेका सूत्रहरु यस प्रकारका छन् : बुद्धको ३२ लक्षणहरु सम्बन्धि, शेला ब्राम्हणको प्रव्रज्या, जातिवादको विरोध, अत्तकिलमत्थानुयोगको आलोचना, सत्यको अनुभूति तथा यसको संरक्षण, जातिवादको अस्वीकार, ब्रम्हलोकको बाटो, साँच्चैको ब्राम्हण कसरी हुन्छ ? चार ब्रम्हविहार र बुद्धको जीवनी विवरण ।

११.देवदह वग्ग : यस वग्गमा रहेको दशवटा सूत्रहरु देवदहमा देशना गर्नुभएको थियो । निगण्ठनाथको विचारलाई अस्वीकार गर्दै तलका यी सूत्रहरु देशना गरिएको थियो ।

भविष्य सम्बन्धि चवालिस प्रकारका भ्रमहरु, धर्म भनेको भौतिक सुविधा प्राप्त गर्नको लागि होइन, शासनमा निकाय भेद, द्वन्द निवारणका सात उपायहरु, अर्हतहरुको स्थितिको बोरमा र कामसुखको खतरा, बुद्धदेशनामा व्यवस्थित विनय र आचरणहरुको सम्बन्धमा, बुद्धले मौलिक बाटोको बारेमा देशना गर्नुभएको, पञ्चउपादान स्कन्धको सम्बन्धमा र राम्रो र नराम्रो मानिसहरुको विशेषता ।

१२. अनुप्पाद वग्ग : यस वग्गमा रहेका दश सूत्रहरु यस प्रकारका छन ।

अरहन्तहरुको पहिचान कसरी गर्ने ? राम्रा र नराम्रा भिक्षुहरुको विशेषताहरु । भिक्षुहरुले गर्न हुने र नहुने व्यवहार र कार्यहरु, अष्टकलापको विश्लेषण, प्रतीत्यसमुत्पादको क्षेत्र, र ाजगृहमा अवस्थित डाडाहरु, सम्यक समाधि, आनापानस्मृति, बत्तीस कोट्ठासको भावना, कुशल सम्पादन गर्ने विषयमा यस वर्गमा उल्लेग गरिएको छ ।

१३. सून्यतावर्ग मा पनि दशसूत्रहरु रहेका छन् । ती यस प्रकारका छन् : एकान्तमा बस्नुको फाईदा, बुद्धको गौरवपूर्ण गुणहरु, भिक्षु वक्कुल र नांगो साधु कश्यपको बिच भएको सम्बाद, मानिसहरुलाई कसरी तालिम गर्ने, अष्टांगिक मार्गको अभ्यासको फल, चतुब्रम्हविहारको अभ्यास गरेर ध्यानमा बस्नु र त्यसलाई अभ्यास नगरी ध्यानमा बस्नुको बीच फरक, कसिण भावना, कोसाम्बिका भिक्षुहरुको बीचमा झगडा, मूर्खहरुको चरित्र, शरीरको वास्तविक अवस्था -(जन्म, जरा, व्याधि, कर्म, र मरण)

१४. विभंग वग्ग : यस वग्गमा १२ सूत्रहरु रहेका छन् :

जीवनमा महत्वपूर्ण समय र कार्यको बारेमा सोच्नुपर्ने, यस सम्बन्धमा भिक्षु आनन्द, भिक्षु महाकच्चायन, भिक्षु लोमहंसगियहरुबाट विश्लेषण, उच्च तथा नीच कूलमा जन्म लिनुको कारण, कर्म र त्यसको फल, इन्द्रिय, विज्ञान र स्पर्शको बारेमा, उपादान रहित जीवन, दुई अन्तलाई छोड्ने सम्बन्धमा, छ भित्री र बाहिर आयतन र स्पर्शको क्षेत्रको बारेमा, चतुआर्यसत्य, र व्यक्तिगत तथा सांघिक दानको सम्बन्धमा ।

१५.सलायतन वग्गः यस वग्गमा दशवटा सूत्रहरु रहेका छन् :

अनाथपिण्डिकलाई अन्तिम सय्यामा उपदेश, छन्न भिक्षुलाई सारिपुत्रको अनित्य, दुःख र अनात्म सम्बन्धि उपदेश, भिक्षु पुण्णको क्षमता, भिक्षु नन्दको भिक्षुणीहरुलाई धर्मदेशना, राहुललाई उपदेश, छ इन्द्रियहरु, आसक्तिबाट मुक्ति, श्रमण र ब्राम्हणको बीचमा फरक, शुन्यताको बारेमा, इन्द्रिय संवरका फाईदाहरु ।

## (ख) : सुत्र विश्लेषण

## १. अलगद्दूपम-सुत्त

(अलगर्दोपमसूत्र)

१. पहिले जन्ममा गिद्ध मार्ने कुलमा जन्मेको अरिष्ट भिक्षुको कुरा

१. यस्तो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनमा बसिराख्नु भएको थियो । त्यस बेला आयुष्मान् गन्धबाधि-पुब्ब ( पहिले जन्ममा गिद्ध मार्ने कुलमा जन्मेको ) अरिष्ट भिक्षुको मनमा यस्तो भ्रान्त धारणा उत्पन्न भयो – 'भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु कि भगवान्ले जुन धर्मलाई अन्तरायिक– विघ्नकारक भनेर बताउनु भएको छ, तिनको सेवन (आचरण) गरे पनि अन्तरायकारक (=विघ्न वा बाधाकारक) हुँदैन ।' धेरै भिक्षुहरूले (यसो) सुने – 'गन्धबाधि-पुब्ब अरिष्ट भिक्षुको मनमा 'भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु कि भगवान्ले जुन धर्मलाई अन्तरायिक– विघ्नकारक भनेर बताउनु भएको छ, तिनको सेवन (आचरण) गरे पनि अन्तरायकारक (=विघ्न वा बाधा कारक) हुँदैन भन्ने भ्रान्त धारणा उत्पन्न भएको छ ।' त्यसपछि ती भिक्षुहरू अरिष्ट भिक्षु बसेको ठाउँमा गए । त्यहाँ गएर अरिष्ट भिक्षुलाई यसो भने – "आवुसो अरिष्ट ! के तिमीमा साँच्चै यस्तो भ्रान्त धारणा (=दृष्टि) उत्पन्न भइरहेको छ ?–भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु कि भगवान्ले जुन धर्मलाई अन्तरायिक– विघ्नकारक भनेर बताउनु भएको छ, तिनको सेवन (आचरण) गरे पनि अन्तरायकारक (=विघ्न वा बाधाकारक) हुँदैन ।"(भन्ने)

"हो, आवुसो ! तिमीहरुले सुने अनुसार नै हो । भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु कि भगवान्ले जुन धर्मलाई अन्तरायिक– विघ्नकारक भनेर बताउनु भएको छ, तिनको सेवन (आचरण) गरे पनि अन्तरायकारक (=विघ्न वा बाधा कारक) हुँदैन । "

२. त्यसपछि ती भिक्षुहरूले अरिष्ट भिक्षुले लिएको भ्रान्त धारणा हटाउने इच्छा भएर उसलाई सोधपुछ गर्छन्, केरकार गर्छन्, राम्ररी सम्झाउछन् कि – "आवुसो अरिष्ट ! त्यसो नभन । भगवान्लाई गलत कुराको आरोप नलगाउ । भगवान्लाई आरोप लगाउनु उचित छैन । भगवान्ले कहिले पनि यसो भन्नुहुने छैन । आवुसो अरिष्ट ! भगवान्ले अन्तरायिक धर्मलाई अनेक प्रकारले अन्तर ायिक धर्म नै हो भनेर बताउनु भएको छ । (त्यसको) सेवन गर्नेबित्तिकै विघ्नकारक (=बाधक) हुन्छ भनेर उहाँबाट आज्ञा भएको छ । भगवान्ले काम (भोग, विषय) लाई अल्प प्रसाद(थोरै प्रसन्नता दिने), धेरै दुःखदायक, उपायास (मानसिक डाह)दायक, यसमा अझै दोष दुष्परिणाम छ भनि बताउनु भएको छ । भगवान्ले कामलाई हड्डिकंकाल[१४१] जस्तो ···, मासुको पिण्ड जस्तो ···, घाँसको थुप्रोमा लागेको आगोजस्तो ···, कोइलाको खाँडल जस्तो ···, सपनाजस्तो ··· सापति लिएको वस्तु जस्तो ···, फल भएको रुख जस्तो ···,सुइरो जस्तो ··· ···, सर्पको टाउकोजस्तो भन्नु भएको छ । भगवान्ले काम (भोग, विषय) लाई धेरै दुःखदायक, उपायास (मानसिक डाह)दायक, यसमा अझै दोष दुष्परिणाम छ भनि बताउनु भएको छ ।

यसरी ती भिक्षुहरूले उसलाई राम्ररी सोधपुछ गर्दा, केरकार गर्दा, राम्ररी सम्झाउदापनि अरिष्ट भिक्षुले त्यस भ्रान्त धारणालाई दह्रो रूपले ग्रहण गरिरह्यो ··· (पूर्ववत्) ।

३. ती भिक्षुहरूले अरिष्ट भिक्षुको त्यो गलत धारणा हटाउन नसकेपछि उनीहरू भगवान् रहनु भएको ठाउँमा गए । त्यहाँ भगवान्लाई अभिवादन गरी उनीहरू एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई यसरी निवेदन गरे – "भन्ते ! गन्धबाधि-पुब्ब अरिष्ट नाउँ भएका भिक्षु एकजनाले यस्तो गलत धारणा लिएको छ – 'भगवान्ले दिनु भएको उपदेश मैले यसरी जानेको छु – भगवान्ले जुन अन्तरायिक भनेर बताउनु भएको धर्म हो, त्यसको सेवन गरे पनि अन्तरायिक (=बाधक) हुँदैन ।' भन्ते ! हामीहरूले गन्धबाधि-पुब्ब अरिष्ट भिक्षुको यस्तो गलत धारणा उत्पन्न भएको छ भनि सुन्यौं– भगवानले .....पूर्ववत्..........। त्यसपछि हामीहरु जहाँ गन्धबाधि–पुब्ब अरिष्ट भिक्षु छ त्यहाँ गएर गन्धबाधि–पुब्ब अरिष्ट भिक्षुलाई यसो भन्यौं –"आवुसो अरिष्ट ......(पूर्ववत्) ।"भगवान् हामीले यसो भन्दा गन्धबाधि-पुब्ब अरिष्ट भिक्षुले –"हो आवुसो ..........(पूर्ववत्) । त्यसपछि हामीहरूले अरिष्ट भिक्षुले लिएको भ्रान्त धारणा हटाउने इच्छा भएर उसलाई सोधपुछ गर्‍यौं, केरकार गर्‍यौं, राम्ररी सम्झाएयौं – "आवुसो अरिष्ट ! त्यसो नभन । भगवान्लाई गलत कुराको आरोप नलगाउ । भगवान्लाई आरोप लगाउनु उचित छैन । भगवान्ले कहिले पनि यसो भन्नुहुने छैन । आवुसो अरिष्ट ! भगवान्ले अन्तरायिक धर्मलाई अनेक प्रकारले अन्तरायिक धर्म नै हो भनेर बताउनु भएको छ । (त्यसको) सेवन गर्ने बित्तिकै विघ्नकारक ( =बाधक ) हुन्छ भनेर उहाँबाट आज्ञा भएको छ । भगवान्ले काम (भोग, विषय) लाई अल्प प्रसाद(थोरै प्रसन्नता दिने), धेरै दुःखदायक, उपायास (मानसिक डाह)दायक, यसमा अझै दोष दुष्परिणाम छ भनि बताउनु भएको छ । भगवान्ले कामभोगलाई हड्डिकंकाल[१४१] जस्तो ···, मासुको पिण्ड जस्तो ···, घाँसको थुप्रोमा लागेको आगोजस्तो ···, कोइलाको खाँडल जस्तो ···, सपनाजस्तो ··· सापति लिएको वस्तु जस्तो ···, फल भएको रुख जस्तो ···, सुइरो जस्तो ··· ···, सर्पको टाउकोजस्तो भन्नु भएको छ । भगवान्ले काम (भोग, विषय) लाई धेरै दुःखदायक, उपायास (मानसिक डाह)दायक, यसमा अझै दोष दुष्परिणाम छ भनि बताउनु भएको छ ।

यसरी हामीहरूले उसलाई राम्ररी सोधपुछ गर्दा, केरकार गर्दा, राम्ररी सम्झाउदा पनि अरिष्ट भिक्षुले त्यस भ्रान्त धारणालाई दह्रो रूपले ग्रहण गरिरह्यो ··· (पूर्ववत्) । भन्ते ! हामीहरूले अरिष्ट भिक्षुलाई राम्ररी सम्झाए बुझाए पनि उसको यस गलत धारणालाई हटाउन नसकेकोले भगवान्समक्ष यो कुरा निवेदन गरेका हौं ।"

४. त्यसपछि भगवान्ले कुनै एक जना भिक्षुलाई बोलाएर भन्नुभयो– आऊ, भिक्षु ! तिमीले मेरो वचनले अरिष्ट भिक्षुलाई भन – ‘आवुसो अरिष्ट ! शास्ताले तिमीलाई बोलाउनु भएको छ ।’ “हुन्छ, हवस्, भन्ते !” भनी त्यो भिक्षु अरिष्ट भिक्षु भएको ठाउँमा गयो । त्यहाँ पुगेर उसले यसो भन्यो – “आवुसो ! शास्ताले तिमीलाई बोलाउनु भएको छ ।” “हुन्छ, आवुसो !” भनी अरिष्ट भिक्षु भगवान् रहनु भएको ठाउँमा गयो । त्यहाँ भगवान्लाई अभिवादन गरी ऊ एक छेउमा बस्यो । एक छेउमा बसेको ··· अरिष्ट भिक्षुलाई भगवान्ले यसो भन्नुभयो – “आवुसो अरिष्ट ! के साँच्चै तिमीमा यस्तो गलत धारणा उत्पन्न भएको हो, – ‘भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु कि भगवान्ले जुन धर्मलाई अन्तरायिक– विघ्नकारक भनेर बताउनु भएको छ, तिनको सेवन (आचरण) गरे पनि अन्तर ायकारक (=विघ्न वा बाधा कारक) हुँदैन ।”

“हो, भन्ते !” तपाईंले सुन्नु भएको अनुसार नै हो ।‘भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु कि भगवान्ले जुन धर्मलाई अन्तरायिक– विघ्नकारक भनेर बताउनु भएको छ, तिनको सेवन (आचरण) गरे पनि अन्तरायकारक (=विघ्न वा बाधा कारक) हुँदैन ।

“मोघपुरुष ! मैले कसैलाई यसो भनेर उपदेश दिएको तिमीले सुनेका थियौ ? मोघपुरुष ! मैले अनेक तरिकाले अन्तरायिक धर्मलाई अन्तरायिक धर्म भनेरै उपदेश दिएको छु, (त्यसको) सेवन विघ्नकार क हुन्छ भनेको छु । मैले काम (भोग, विषय) लाई अल्प प्रसाद(थोरै प्रसन्नता दिने), धेरै दुःखदायक, उपायास (मानसिक डाह)दायक, यसमा अझै दोष दुष्परिणाम छ भनि बताएको छु । मैले कामभोगलाई हड्डिकंकाल[१४१] जस्तो ···, मासुको पिण्ड जस्तो ···, घाँसको थुप्रोमा लागेको आगोजस्तो ···, कोइलाको खाँडल जस्तो ···, सपनाजस्तो ··· सापति लिएको वस्तु जस्तो ···, फल भएको रुख जस्तो ···, सुइरो जस्तो ··· ···, सर्पको टाउकोजस्तो बताएको छु । मैले काम (भोग, विषय) लाई धेरै दुःखदायक, उपायास (मानसिक डाह)दायक, यसमा अझै दोष दुष्परिणाम छ भनि बताएको छु । मोघपुरुष ! तिमी आफैले गलत तरिकाबाट लिएर उल्टो मलाई आरोप लगाइरहेछौ । आफूलाई खाल्डो खनिरहेछौ, अधिकाधिक पाप कमाइरहेछौ, मोघपुरुष ! यसबाट तिमीलाई दीर्घकालसम्म अहित र दुःख हुनेछ ।”

५. त्यसपछि भगवान्ले भिक्षुहरूलाई (यसरी) सम्बोधन गर्नुभयो – “भिक्षु हो ! तिमीहरूले के सोच्यौ – के यो अरिष्ट भिक्षु धर्मविनयमा बाफजति पनि (अल्प मात्रामा पनि) भएको भयो ?

“कहाँ हुन्छ र भन्ते ! हुन सक्दैन ।”

भिक्षुहरूले यस्तो उत्तर दिएपछि गन्धबाधि-पुब्ब अरिष्ट भिक्षु नबोलीकन मौन भई, खिन्न भई, कुम खुम्च्याएर, टाउको निहुराएर, घोसो मुन्टो लाएर चिन्तित भएर बस्यो । अनि भगवान्ले मौन भई ··· चुप लागेको अरिष्ट भिक्षुतिर हेरेर यसो भन्नुभयो – मोघपुरुष ! तिमी आफ्नो भ्रान्त धारणा बोध गर्नेछौ । (अहिले) यहाँ म भिक्षुहरूसँग सोध्छु ।”

६. त्यसपछि भगवान्ले भिक्षुहरूलाई यसरी सम्बोधन गर्नुभयो – “भिक्षु हो ! गन्धबाधि-पुब्ब अरिष्ट भिक्षुले आफैले गलत तरिकाबाट लिएर उल्टो मलाई नै आरोप लगाएर आफैले आफैलाई पनि खाल्डो खनि अधिकाधिक पाप कमाइरहे जस्तै तिमीहरुले पनि मैले यस्तो तरिकाले धर्मदेशना गरेको जानेका छौ ?

“जानेका छैनौं भन्ते ! भगवान्ले त अनेक प्रकारले ···१४३··· दुष्परिणामको कुरा बताउनु भएको छ । भिक्षुहरु साधु,साधु,साधु । भिक्षुहरु, तिमीहरुले मैले देशना गरेको धर्मलाई यसरी राम्रोसँग जानेका छौ । भिक्षुहरु मैले त अनेक प्रकारले.........दुष्परिणामको कुरा बताएको छु । तर “भिक्षु हो !गन्धबाधि-

पुब्ब अरिष्ट भिक्षुले आफैले गलत तरिकाबाट लिएर उल्टो मलाई नै आरोप लगाएर आफैले आफै लाई पनि खाल्डो खनि अधिकाधिक पाप कमाइरहेछ । यसबाट त्यो मोघपुरुषलाई दीर्घकालसम्म अहित र दुःख हुनेछ । भिक्षु हो ! त्यो भिक्षुले वास्तवमा क्लेशकाम, कामसंज्ञा, काम-वितर्कदेखि अलगग भएर वस्तु कामहरुलाई सेवन गर्नु भनेको सम्भव छैन ।

२. दुर्गृहीत धर्मबाट दुःख हुने

७. "भिक्षु हो ! यहाँ कुनै कुनै मोघपुरुषहरूले सूत्र, गेØय, व्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अद्‌भूत धर्म, वैदल्य धर्म (भने) सिक्छन् । उनीहरूले यी धर्मलाई सिकेर अर्थलाई प्रज्ञाले पारख गर्दैनन् । अर्थलाई प्रज्ञाले पारख नगरिँदा उनीहरूले यी धर्मको आशय बुझ्न सक्दैनन् । उनीहरूले कि त उपारम्भआनिशंस (अरूलाई दोषारोपन गर्ने भन्ने नतिजा ) को लागि कि त अरुले लगाएको तर्क -विवादबाट मुक्तहुनको लागि धर्म सिक्छन् । जुन अर्थको लागि धर्म सिकेका हुन्छन् त्यो अर्थ पनि अनुभव गर्न पाउँदैन्न । उनीहरूले गलत तरिकाले (=दुर्गृहीत) धारण गरेको हुनाले यस्तो धर्मधारण उनीहरूका निमित्त चिरकालसम्म अहितकर र दुःखदायी हुनेछ । त्यसो के कारणले हुने हो ? धर्मलाई गलत तरि काले धारण गरेको (=दुर्गृहीत) कारणले ।"

सर्पको उपमा

"भिक्षु हो ! जस्तै (उदाहरणार्थ) – सप(=अलगद्द) चाहिराखेको, सर्प खोजिरहको मान्छे( =अलगद्दगवेषी) ले सर्प खोज्दै जाँदा एउटा ठूलो सर्प देख्छ । (उसले) त्यस सर्पको शरीर वा पुच्छर समात्छ भने त्यसले फर्केर उसको हात, पाखुरा वा जीउको कुनै भागमा डस्छ । अनि सोही कार णले त्यो मान्छे मर्छ वा (उसले) मरेजत्तिकै दुःख पाउन सक्छ । त्यसो के कारणले भएको हो ? भिक्षु हो ! सर्पलाई गलत तरिकाले समातेको (=दुर्गृहीत) कारणले हो । भिक्षु हो ! यहाँ यसरी नै कुनै-कुनै मोघपुरुषहरूले सूत्र, गेØय, व्याकरण, ... (पूर्ववत्) ... धर्मलाई गलत तरिकाले ग्रहण गरेकोले हो ।

३. सुगृहीत धर्मले सुख हुन्छ

८. "भिक्षु हो ! यहाँ कुनै-कुनै कुलपुत्रहरूले सूत्र, गेØय, व्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अद्‌भूत धर्म, वैदल्य धर्म पनि सिक्छन । उनीहरु त्यो धर्मलाई सिकेर ती धर्महरुको अर्थलाई प्र ज्ञाले पारख गर्छन् । यी धर्मलाई प्रज्ञाले पारख गरिँदा उनीहरूले यी धर्मको आशय बुझ्छन् । उनीहरूले उपारम्भआनिशंस (अरूलाई दोषारोपन गर्ने भन्ने नतिजा) को लागि यो धर्म सिकेका होइनन् न त अरुले लगाएको तर्क -विवादबाट मुक्तहुनको निम्ति नै । जुन अर्थको निमित्त धर्म सिक्छन् त्यो धर्मको अर्थ अनुभव गर्न पाउँछन् । तिनीहरुको ती धर्महरु राम्रोसँग ग्रहण गरिएकोले चिरकालसम्म अर्थहित र सुखको लागि हुन्छन् । त्यसो के कारणले हुन्छ ? धर्मलाई सही तरिकाले ग्रहण गर्नाले ।

सर्पको उपमा

"भिक्षु हो ! उदाहरणार्थ – सप(=अलगद्द) चाहिराखेको, सर्प खोजिरहको मान्छे (=अलगद्द गवेषी) ले सर्प खोज्दै जाँदा एउटा ठूलो सर्प देख्छ । उसले त्यसलाई दरोसँग अजपद दण्ड (=सनासोजस्तो च्याप्ने सर्प समाउने ज्याभल) ले समाटेर थिच्छ ।समाटेर थिची दरोसँग घाँटी अँठ्याउने गरी समात्छ । भिक्षुहरु, त्यो सर्पले त्यस मान्छेको हात, पाखुरा जीउको कुनै अङ्गप्रत्यङ्गलाई कहि गरी बेरे पनि उसको न मरण हुन सक्छ वा उसले न मरणजस्तो दुःख नै पाउँछ । त्यसो के कारणले हुन्छ ? भिक्षु हो ! सर्पलाई सही तरिकाले समातेको (=सुगृहीत) कारणले । भिक्षु हो ! यहाँ यसरी नै कुनै-कुनै कुलपुत्रहरूले ... (पूर्ववत्) ... धर्मलाई सही तवरले ग्रहण गरेको हुनाले उनीहरूलाई चिरकालसम्म हित र सुख हुन्छ । त्यसो के कारणले भएको हो ? भिक्षु हो ! धर्मलाई सही रूपले ग्रहण गरेको कारणले

।”त्यसैले भिक्षुहरु, मैले देशना गरिराखेको धर्मको अर्थलाई जान्दछौ भने त्यो जानेअनुसार त्यो धर्मलाई धारण गर । मैले देशना गरेको धर्मको अर्थलाई यदि जान्दैनौं भने त्यो नजानेको कुर ालाई तिमीहरुले मलाई होस् वा पोख्त कुसल भिक्षुहरुलाई होस् सोध्नुपर्दछ ।

४. धर्मदेशना भनेको पटेला जस्तै

९. “भिक्षु हो ! थन्काई राख्नको लागि नभई तर्नको लागिपटेलाजस्तो (पटेलाउपमा भएको) धर्म तिमीहरुलाई देशना गर्नेछु । त्यो धर्मलाई राम्रोसँग मनन गर ।

“हवस्, भन्ते !” भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । भगवान्‌ले यसो भन्नुभयो –

“भिक्षु हो ! जस्तै (उदाहरणार्थ) – लामो यात्रा गरिराखेको मान्छे एउटा विशाल समुन्द्रलाई देख्छ । जसको वारिपट्टि भय र सङ्कट छ, पारिपट्टि भने कुनै खतरा भय छैन । त्यहाँ पारिपट्टि जान डुङ्गा छैन, न वारीबाट पारि जान पुल नै छ । अनि उसले सोच्छ – ‘अहो ! यो त निकै विशाल समुन्द्र रहेछ । वारि पट्टि भय र सङ्कट छ, पारि पट्टि भने कुनै खतरा भय छैन । पारि पट्टि जान डुङ्गा छैन, न वारीबाट पारि जान पुल नै छ । किन म घाँस, काठ, हाँगा बटुलेर बनाएको पटेला बनाएर यसको सहाराले एवं आफ्नै हातखुट्टाहरुको बलले कोसिस गरि कुशलपूर्वक पारी नजाऊँ ?’ भिक्षु हो ! अनि त्यो मान्छे ··· पटेला बनाई त्यस पटेलाको सहाराले, हातखुट्टाको बलले कोसिस गरि कुशलपूर्वक पारिपट्टि पुग्छ । पारि तरिसकोको, पारि पुगिसकेको त्यस मान्छेले सोच्छ – ‘यो पटेलामेरा निमित्त निकै उपकारी सिद्ध भयो, यसैको सहाराले ··· पारि आइपुगें । यसलाई टाउको वा काँधमा बोकेर म चाहिने ठाउँमा किन नलै जाऊँ?’ भिक्षु हो ! त्यस मान्छेले यसो गर्नाले त्यस पटेलाप्रति उसले गर्नुपर्ने काम गरेको हुन्छ ? यसमा तिमीहरू के भन्छौ ?”

“हुँदैन, भन्ते !”

“भिक्षु हो ! कसो गर्नाले त्यो मान्छेले त्यस पटेला माथी गर्नुपरेको काम गरेको हुन्छ ? भिक्षुहरु, तरिसकेको, पारि पुगिसकेको त्यो मान्छेले यस्तो सोच्नुपर्छ । ‘यो पटेला मेरा निमित्त निकै उपकारी सिद्ध भयो, यसैको सहाराले ··· पारि आइपुगें । किन म यस पटेलालाई तीरमा उतारेर वा पानीमा तैराएर जहाँ मन लाग्छ त्यहाँ नजाउँ । भिक्षु हो ! यसरी गरेको त्यो मान्छले त्यस पटेलामाथि गर्नुपरेको काम गरेको हुन्छ । भिक्षु हो ! त्यसरी नै, मैले देशना गरेको धर्म पटेला जस्तै तर्नको लागि हो बोक्नका निमित्त होइन । पटेलाउपमा भएको धर्मलाई जानेका तिमीहरूले धर्मलाई पनि पटेला समान ठानेर छाड्नुपर्छ, अधर्मलाई ग्रहण गरिराख्ने भन्ने कुरामा त भन्नै परेन ।”

५. छ वटा दृष्टि-स्थान

१०. “भिक्षु हो ! दृष्टि (=धारणा) स्थान छ वटा छन् । कुन-कुन छ वटा? भिक्षु हो ! यहाँ बहुश्रुत नभएको (अश्रुतवान्), आर्यहरूको दर्शन गर्ने बानी नभएको, आर्यधर्ममा पोख्त नभएको, आर्यधर्ममा विनीत नभएको, सत्पुरुषहरूको दर्शन गर्ने बानी नभएको, सत्पुरुषधर्ममा पोख्त नभएको, सत्पुरुषधर्ममा विनीत नभएकाले पृथक्‌जनले (१) रूपलाई – ‘यो मेरो हो’, ‘यो म हुँ’, ‘यो मेरो आत्मा हो’ भनेर सम्झन्छ । (२) वेदनालाई – ‘यो मेरो हो’, ‘यो म हुँ’, ‘यो मेरो आत्मा हो’ भनेर सम्झन्छ । (३) स ञ्ज्ञालाई – ‘यो मेरो हो’, ‘यो म हुँ’, ‘यो मेरो आत्मा हो’ भनेर सम्झन्छ । (४) संस्कारलाई ···, (५) विज्ञानलाई ··· (६) जति पनि देखिएको, सुनिएको, स्पर्श गरिएको, जानिएको, प्राप्त भएको, खोजिएको र मनले विचार गरिएको कुरा छ । त्यसलाई पनि– ‘यो मेरो हो’, ‘यो म हुँ’, ‘यो मेरो आत्मा हो’ भनेर सम्झन्छ । यो जुन छ वटा दृष्टि स्थान छ, त्यसलाई नै ‘यो लोक हो’, ‘यो नै आत्मा हो’ म मरेर

त्यस्तै नित्य, ध्रुव, शाश्वत, निर्विकार (अविपरिणाम धर्म) आत्मा होउँला, अनि शाश्वतजस्तै त्यसरी नै स्थिर भइरहुँला' भनेको कुरालाई पनि 'यो मेरो हो', 'यो म हुँ', 'यो मेरो आत्मा हो' भनेर सम्झन्छ ।"

"भिक्षु हो ! यहाँ श्रुतवान्, आर्यहरूको दर्शन गर्ने बानी भएको, आर्यधर्ममा पोख्त भएको, आर्यधर्ममा विनीत भएको, सत्पुरुषहरूलाई दर्शन गर्ने बानी भएको, सत्पुरुषधर्ममा पोख्त भएको, सत्पुरुषधर्ममा विनीत भएकाले आर्यश्रावकले (१) रूपलाई – 'यो मेरो होइन', 'यो म होइन', 'यो मेरो आत्मा होइन' भनेर सम्झन्छ । (२) वेदनालाई – 'यो मेरो होइन', 'यो म होइन', 'यो मेरो आत्मा होइन' भनेर सम्झन्छ । (३) संज्ञालाई – 'यो मेरो होइन', 'यो म होइन', 'यो मेरो आत्मा होइन' भनेर सम्झन्छ । (४) संस्कारलाई ···, (५) विज्ञानलाई ··· (६) जुन पनि देखिएको, सुनिएको,स्पर्श गरिएको, जानिएको, प्राप्त भएको, खोजिएको र मनले विचार गरेको कुरा छ त्यसलाई पनि – 'यो मेरो होइन', 'यो म होइन', 'यो मेरो आत्मा होइन' भनेर सम्झन्छ । यी जुन छ वटा जुन दृष्टिस्थान छ, त्यसलाई नै 'यो लोक हो', 'यो नै मेरो आत्मा हो' म मरेपछि त्यस्तै नित्य, ध्रुव, शाश्वत, निर्विकार आत्मा होउँला, अनि शाश्वतजस्तै त्यसरी नै स्थिर भइरहुँला' भनेको कुरालाई पनि 'यो मेरो होइन', 'यो मेरो आत्मा होइन' भनेर सम्झन्छ । यसरी सम्झने उसलाई परित्रास हुने छैन ।"

११. भगवान्‌ले यो उपदेश दिनु भएपछि कुनै एक जना भिक्षुले उहाँसित यसो निवेदन गरे – "भन्ते ! के बाह्य वस्तु नहुँदा परित्रास हुन सक्छ ?"

"हुन सक्छ, भिक्षु ।

भिक्षु यस लोकमा कसै कसैलाई – अहो ! (अघि) 'यो मेरो थियो', 'अहो ! अहिले मेरो होइन', 'अहो ! मेरो हुनुपर्छ', 'अहो ! मैले त्यसलाई प्राप्त गर्न पाइन' भनेर शोक गर्छ, क्लान्त हुन्छ, रुन्छ, छाती पिटीपिटीकन डाँको छाडेर रुन्छ, मुर्च्छित हुन्छ । भिक्षु ! यसरी बाह्य वस्तु नहुँदा परित्रास हुन्छ ।

"भन्ते ! त्यसो भए के बाहिरको वस्तु नहुँदा अपरित्रास पनि हुन सक्छ ?"

"हुन सक्छ, भिक्षु ।

भिक्षु ! यस लोकमा कसै कसैलाई –अहो ! (अघि) 'यो मेरो थियो', 'अहो ! अहिले मेरो होइन', 'अहो ! मेरो हुनुपर्छ', 'अहो ! मैले त्यसलाई प्राप्त गर्न पाइन' भनि शोक गर्दैन, क्लान्त हुँदैन, रुँदैन, छाती पिटीपिटीकन डाँको छाडेर रुँदैन, मुर्च्छित हुँदैन । भिक्षु ! यसरी बाह्य वस्तु नहुँदा अपरित्रास हुन्छ ।

१२. "भन्ते ! त्यसो भए के भित्री वस्तु नहुँदा परित्रास पनि हुन सक्छ ?"

"हुन सक्छ, भिक्षु ।

भिक्षु ! यस लोकमा कसै कसैको यस्तो धारणा (दृष्टि) आउन सक्छ – 'त्यही लोक, त्यही आत्मा हो, म मरेर त्यही नित्य, ध्रुव, शाश्वत, निर्विकार हुनेछु, अनि शाश्वतजस्तै यसरी नै स्थिर रहने छु ।' उसले दृष्टिस्थान, त्यसको अधिष्ठान (=रहने ठाउँ), त्यसको पर्युत्थान, अभिनिवेश र अनुशय(मल)लाई राम्ररी घाट गर्नको लागि, सम्पूर्ण संस्कारलाई शान्त गर्नको लागि, सम्पूर्ण उपधीलाई त्याग्नको लागि, तृष्णा क्षयको लागि, वैराग्यको लागि, निरोधको लागि, निर्वाणको लागि धर्मदेशना गर्नुहुने तथागत वा तथागतको श्रावकबाट देशना गरिएको धर्मोपदेश सुन्नेछ । सो सुनेपछि उसलाई यस्तो हुन्छ – 'अरे, म त उच्छिन्न हुन लागें, खतम हुनलागें, मुर्च्छित हुँदैछु भनि शोक गर्छ, क्लान्त हुन्छ, रुन्छ, छाती पिटीपिटीकन डाँको छाडेर रुन्छ, मुर्च्छित हुन्छ । भिक्षु ! यसरी भित्री वस्तु नहुँदा परित्रास हुन्छ । "

"भन्ते ! त्यसो भए के भित्री वस्तु नहुँदा अपरित्रास पनि हुन सक्छ ?"

"हुन सक्छ, भिक्षु ।

भिक्षु ! यस लोकमा कसै कसैको – 'त्यही लोक, त्यही आत्मा हो, म मरेर त्यही नित्य, ध्रुव, शाश्वत, निर्विकार हुनेछु, अनि शाश्वतजस्तै यसरी नै स्थिर रहने छु ।' भनि सोच्छ । उसले दृष्टिस्थान, त्यसको अधिष्ठान (=रहने ठाउँ), त्यसको पर्युत्थान, अभिनिवेश र अनुशय(मल)लाई राम्ररी घाट गर्नको लागि, सम्पूर्ण संस्कारलाई शान्त गर्नको लागि, सम्पूर्ण उपधीलाई त्यागनको लागि, तृष्णा क्षयको लागि, वैराग्यको लागि, निरोधको लागि, निर्वाणको लागि धर्मदेशना गर्नुहुने तथागत वा तथागतको श्रावकबाट देशना गरिएको धर्मोपदेश सुन्नेछ । सो सुनेपछि उसलाई यस्तो हुँदैन – 'अरे, म त उच्छिन्न हुन लागें, खतम हुनलागें, मुर्च्छित हुँदैछु भनि शोक गर्दैन, क्लान्त हुँदैन, रुँदैन, छाती पिटीपिटीकन डाँको छाडेर रुँदैन, मुर्च्छित हुँदैन । भिक्षु ! यसरी भित्री वस्तु नहुँदा अपरित्रास हुन्छ । ”

१३. “भिक्षु हो ! नित्य, ध्रुव, शाश्वत, निर्विकार हुनेछु, अनि शाश्वतजस्तै यसरी नै स्थिर रहने परिग्रह गर्न योग्य वस्तु छ भने परिग्रह गर्न योग्य वस्तुलाई परिग्रह गरिन्छ । भिक्षु हो ! तिमीहरूले के त्यस्तो परिग्रह (=ग्रहण गर्ने वस्तु) देखेका छौ जो नित्य ··· शाश्वतजस्तै स्थिर रहन सक्तछ ?”

“देखेका छैनौं, भन्ते !”

“साधु, भिक्षु हो ! मैले पनि त्यस्तो परिग्रह (=चिन्तनको विषय, ग्रहण गर्ने वस्तु) देखेको छैन जो ··· शाश्वतजस्तै एकनास स्थिर रहोस् । भिक्षु हो ! त्यस्तो आत्मावादुपादान छ भने –जसमा आशक्त हुँदा शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुदैन् । त्यस्तो आत्मावादमा आशक्त भइन्छ । तर भिक्षु हो ! त्यस्तो आत्मावादुपादान –जसमा आशक्त हुँदा शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास उत्पन्न हुदैन् । त्यस्तो आत्मावादमा देखेको छौ?”

“देखेका छैनौं, भन्ते !”

भिक्षु हो ! यस्तो दृष्टिनिश्रय (=धारण गर्ने विषय) को आश्रय लिनुपर्दछ, जसको आश्रय लिएपछि शोक ···उपायास उत्पन्न हुन सक्ने छैन । भिक्षु हो ! के तिमीहरूले त्यस्तो दृष्टिनिश्रय देखेको छौ, जसको आश्रय लिएपछि शोक ··· उपायास उत्पन्न हुने छैन ?”

“देखेको छैनौं भन्ते !”

“साधु, भिक्षु हो ! मैले पनि त्यस्तो दृष्टि निश्रयको आश्रय देखेको छैन जसको आश्रय लिएपछि शोक ··· उपायास उत्पन्न नहोस् ।”

६. अनित्य-अनात्म-दुःख लक्षण

१४. “भिक्षु हो ! आत्मा भयो भने 'यो मेरो आत्मीय हो' भन्ने हुन सक्छ ?”

”हुन सक्छ, भन्ते !”

“भिक्षु हो ! आत्मीय भयो भने 'यो मेरो आत्मा हो' भन्ने हुन सक्छ ?”

“हुन सक्छ, भन्ते !”

“भिक्षु हो ! आत्मा र आत्मीय (दुवै थोक) को सत्यतः (=यथार्थ रूपले, वास्तविक रूपले) र स्थिरतः (सधैं एकनास रूपले) पाएन भने जुन यो दृष्टिस्थान – 'त्यही लोक, त्यही नै आत्मा हो, म मरेर त्यही नित्य, ध्रुव, शाश्वत, निर्विकार हुनेछु, अनि शाश्वतजस्तै यसरी नै स्थिर रहन पाउने छु' भन्ने (कुरो) धारणा, भिक्षु हो ! के यो पुरै बाल-धर्म (मुर्ख धर्म) होइन त ?”

“भन्ते ! कहाँबाट नहुनु त ? यो पुरै बाल धर्म नै हो ।

“के भन्छौ त, भिक्षु हो ! रूप नित्य हो, कि अनित्य हो ?”

Dhamma.Digital

"अनित्य हो, भन्ते !"

"जो अनित्य हो, त्यो दुःख हो, कि सुख हो, त ?"

"दुःख हो, भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकार स्वभावको (विपरिणाम धम्मं) हो, के त्यस्तोलाई – 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु उचित हो त ?"

"होइन, भन्ते !"

"के भन्छौ त, भिक्षु हो ! वेदना ··· संज्ञा ··· संस्कार ··· विज्ञान नित्य हो, कि अनित्य हो ?"

"अनित्य हो, भन्ते !"

"जो अनित्य हो, त्यो दुःख हो, कि सुख हो ?"

"दुःख हो, भन्ते !"

"जो अनित्य हो, दुःख हो, विकार स्वभावको हो, के त्यस्तोलाई – 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झनु उचित हो त ?"

"होइन, भन्ते !"

"भिक्षु हो ! त्यसैले, जे-जति भूत, भविष्य, वर्तमान रूपहरू छन्, जे-जति भित्री(अज्झतं) वा बाहिरी(बहिद्धा) रूपहरू छन्, जे-जति स्थूल वा सूक्ष्म रूपहरू छन्, जे-जति हीन(=कमसल) वा प्रणीत (=बढिया) रूपहरू छन् – अथवा जे-जति टाढाका वा नजिकका रूपहरू छन् – ती सबै रूपहरू – 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक्प्रज्ञाले यथार्थ रुपमा हेर्नुपर्छ ।"

"जे-जति भूत भविष्य वर्तमानका वेदना छन्, जे-जति भित्री वा बाहिरी वेदना छन्, जे-जति स्थूल वा सूक्ष्म वेदना छन्, जे-जति हीन वा प्रणीत वेदना छन्, अथवा जे-जति टाढाका वा नजिकका वेदना छन्, – ती सबै वेदनाहरू – 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक्प्रज्ञाले यथार्थ रुपमा हेर्नुपर्छ ।"

"जे-जति भूत भविष्य वर्तमान का संज्ञा छन्, जे-जति भित्री वा बाहिरी संज्ञा छन्, जे-जति स्थूल वा सूक्ष्म संज्ञा छन्, जे-जति हीन वा प्रणीत संज्ञा छन्, अथवा जे-जति टाढाका वा नजिकका संज्ञा छन्, – ती सबै संज्ञाहरू – 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक्प्रज्ञाले यथार्थ रुपमा हेर्नुपर्छ ।"

"जे-जति भूत भविष्य वर्तमान का संस्कार छन्, जे-जति भित्री वा बाहिरीसंस् कार छन्, जे-जति स्थूलवा सूक्ष्म संस्कार छन्, जे-जति हीन वा प्रणीत संस्कार छन्, अथवा जे-जति टाढाका वा नजिकका संस्कार छन्, – ती सबै संस्कारहरू – 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक्प्रज्ञाले यथार्थ रुपमा हेर्नुपर्छ ।"

"जे-जति भूत भविष्य वर्तमान का विज्ञान छन्, जे-जति भित्री वा बाहिरी विज्ञान छन्, जे-जति स्थूल वा सूक्ष्म विज्ञान छन्, जे-जति हीन वा प्रणीत विज्ञान छन्, अथवा जे-जति टाढाका वा नजिकका विज्ञान छन्, – ती सबै विज्ञानहरू – 'न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मा हो' भनी सम्यक्प्रज्ञाले यथार्थ रुपमा हेर्नुपर्छ ।"

७. आर्यभूमिको प्राप्ति

१५. "भिक्षु हो ! यसरी हेर्ने श्रुतवान् (विद्वान्) आर्यश्रावक ··· रूपबाट पनि विरक्त हुन्छ, वेदनाबाट पनि विरक्त हुन्छ, संज्ञाबाट पनि विरक्त हुन्छ, संस्कारबाट पनि विरक्त हुन्छ, विज्ञानबाट पनि

विरक्त हुन्छ। विरक्त भएपछि त्याग्छ, त्यागेपछि विमुक्त हुन्छ। विमुक्त भएपछि – म विमुक्त भएँ भन्ने प्रत्यवेक्षणा ज्ञान हुन्छ। त्यसपछि "जन्म क्षीण भयो, ब्रह्मचर्यलाई आचरण गरिसकें, गर्नुपर्ने गरिसकें, यो मार्ग कृत्यको लागि अब केही गर्न बाँकी छैन" भन्ने ज्ञान पनि अवबोध हुन्छ । भिक्षु हो ! यो भिक्षुलाई उत्क्षिप्त-परिघ (=निकालि सकेको आग्लो भएको), सङ्कीर्ण-परिघ (खाईलाई बिगारिसकेको) अव्यूढहरिसिक (चौकोसलाई उखेलिसकेको, निरर्गल (खापालाई बिगारिसकेको), आर्य, पन्नध्वज (=रागरूपी ध्वजा झारीसकेको ), पन्नभार (=भारी बिसाइसकेको), विसंयुक्त (मान रहित) पनि भन्ने गरिन्छ।"

"भिक्षु हो ! भिक्षु कसरी उत्क्षिप्त-परिघ हुन्छ ? भिक्षु हो ! यहाँ, भिक्षुको(ले) अविद्या(लाई) प्रहाण गरिसकेको हुन्छ, जरा काटिसकेको हुन्छ, टुप्पो (टाउको) काटिएको टाडवृक्षजस्तै हुन्छ, फेरि नहुने गरि गरिसकेको हुन्छ, भविष्यमा अनुत्पन्न हुने स्वभाव भैसकेको हुन्छ। भिक्षु हो ! यसरी भिक्षु उत्क्षिप्त-परिघ हुन्छ।"

"भिक्षु हो ! भिक्षु कसरी सङ्कीर्ण-परिघ हुन्छ ? भिक्षु हो ! यहाँ भिक्षुले आफ्नो पुनःजन्मदिने जाति-संस्कार प्रहाण (नष्ट) गरिसकेको हुन्छ, जरा काटिसकेको ... (पूर्ववत्) । भिक्षु हो ! यसरी भिक्षु सङ्कीर्ण-परिघ हुन्छ।"

"भिक्षु हो ! भिक्षु कसरी अव्यूढहरिसिक हुन्छ ? भिक्षु हो ! यहाँ, भिक्षुले तृष्णालाई प्रहाण गरिसकेको हुन्छ, जरा काटिसकेको हुन्छ, टुप्पो (टाउको) काटिएको टाडवृक्षजस्तै हुन्छ, फेरि नहुने गरि गरिसकेको हुन्छ, भविष्यमा अनुत्पन्न हुने स्वभाव भैसकेको हुन्छ। भिक्षु हो ! यसरी भिक्षु अव्यूढहरिसिकहुन्छ।"

"भिक्षु हो ! भिक्षु कसरी निरर्गल हुन्छ ? भिक्षु हो ! यहाँ भिक्षुले आफूसित भएका पाँच अधोभागीय (ओरम्भागिय) संयोजन[१९२]प्रहाण गरिसकेको हुन्छ, जरा काटिसकेको... (पूर्ववत्) । भिक्षु हो ! यसरी भिक्षु निरर्गल हुन्छ ।"

"भिक्षु हो ! भिक्षु कसरी आर्य, पन्नध्वज, पन्नभार, विसंयुक्त हुन्छ ? भिक्षु हो ! यहाँ भिक्षुसित भएका अस्मिमान (मै हुँ भन्ने भाव, अहंकार) प्रहाण गरिसकेको हुन्छ, जरा काटिसकेको ... (पूर्ववत्) ।भिक्षु हो ! यसरी भिक्षु आर्य, पन्नध्वज, पन्नभार, विसंयुक्त हुन्छ।"

१६. "भिक्षु हो ! यसरी मुक्तचित्त भएको भिक्षुलाई"सत्वको विज्ञान यसमा निश्रित भएको छ भनि खोजे पनि इन्द्र,देव ब्रह्मा, प्रजापतिसहितको देवब्रह्माहरुले पनि थाहा पाउन सक्तैनन्। त्यसो के कारणले ? भिक्षु हो ! वर्तामानमै सत्व भनि नभएको हुनाले।"

"भिक्षु हो ! यस्तो धर्म मान्ने, यस्तो धर्म बताउने मलाई कुनै-कुनै श्रमण-ब्राह्मणहरूले हुँदै नभएको, तुच्छ, झूटो आरोप पनि लगाउँछन् – 'श्रमण गौतम वैनयिक(सत्वलाई मेटाउने) । प्रकट भएको सत्वको उच्छेद, विनास, विभवलाई प्रज्ञप्त गर्नु हुन्छ।" भिक्षु हो ! म सत्वलाई मेटाउँदिन पनि, त्यसरी प्रज्ञप्त पनि गर्दिन 'श्रमण गौतम वैनयिक(सत्वलाई मेटाउने) । प्रकट भएको सत्वको उच्छेद, विनास, विभवलाई प्रज्ञप्त गर्नु हुन्छ" भनि ती श्रमण ब्राम्हणहरुले हुन्दै नभएको तुच्छ, मुसावादले आरोप लगाउँछन्।"भिक्षु हो ! म पहिले पनि, अहिले पनि दुःखलाई पनि प्रज्ञप्त गर्छु, दुःखको निरोधलाई पनि।

"भिक्षु हो ! अरूहरूले तथागतलाई गाली गर्छन्, बरबराउँछन्, हप्काउँछन्, कष्ट दिन्छन् भने, भिक्षु हो । त्यसबाट तथागतलाई आघात हुँदैन, रिस उठ्दैन, असन्तोष हुँदैन । भिक्षु हो ! फेरि, अरूहरूले तथागतलाई सत्कार गरे, गुरुकार गरे, सम्मान गरे, पूजा गरे भने पनि, भिक्षु हो ! त्यसबाट पनि तथागतलाई आनन्द, खुसी, प्रफुल्लता हुने होइन । भिक्षु हो ! अरूहरूले तथागतलाई सत्कार गर्ने बेला ... पूजा गर्ने बेला तथागतलाई यसो हुन्छ – जुन कुरो मैले अघि नै परिज्ञात

(जानि सकेको स्कन्ध)··· थिएँ, त्यसैको यो सत्कार भइरहेछ । भिक्षु हो ! त्यसै कारणले यदि अरूहरूले तिमीहरूलाई गाली गरेमा ..........(पूर्ववत्) । त्यसमा तिमीहरूले आघात गर्नुहुँदैन ..........(पूर्ववत्) .......गर्नुहुँदैन भिक्षु हो ! फेरि, अरूहरूले तिमीहरूलाई सत्कार, गुरुकार, सम्मान ··· गरेमा तिमीहरू आनन्दित......... हुँदैन । भिक्षु हो ! अरूहरूले तिमीहरूले सत्कार ··· गर्ने बेलामा तिमीहरूमा पनि यस्तै भावना आउन दिने गर्नुपर्छ – जुन हामीहरूले अघि नै परिज्ञात ··· गरिसकेका थियौं, त्यसैको यो सत्कार भइरहेछ ।"

१७. "भिक्षु हो ! त्यस कारण जुन तिमीहरूको होइन त्यसलाई त्याग गर, प्रहाण गर । त्यसको परित्याग वा प्रहाण नै तिमीहरूको निमित्त चिरकालसम्म हितकर, सुखकर हुनेछ । भिक्षु हो ! के चाहिँ तिमीहरूका होइनन् ? भिक्षु हो ! रूप तिमीहरूको होइन, त्यसलाई त्याग, त्यसको परित्याग तिमीहरूका निमित्त चिरकालसम्म हितकर । ··· वेदना ··· । ··· संज्ञा ··· । ··· संस्कार ··· । भिक्षु हो ! विज्ञान तिमीहरूको होइन, त्यसलाई त्याग, त्यसको परित्याग तिमीहरूका निमित्त चिरकालसम्म हितकर र सुखकर हुनेछ । भिक्षु हो ! यस जेतवनमा रहेका घाँस, काठ, हाँगा, पात कुनै मान्छेले लग्यो वा बाल्यो वा तिनलाई आफ्नो इच्छा अनुसार गऱ्यो भने यसमा तिमीहरू के भन्छौ ?"के तिमीहरूलाई यसो लाग्छ ?– हाम्रा (घाँस, काठ इत्यादिवस्तु) मान्छेले लाँदैछ, जलाउँदैछ, आफ्नो इच्छा अनुसार गर्दैछ ?

"लाग्दैन, भन्ते !"

"त्यसो के कारणले ?"

"भन्ते ! त्यो हाम्रो आत्मा वा आत्मीय वस्तु होइन ।"

"भिक्षु हो ! त्यसैले जुन तिमीहरूको होइन, त्यसलाई त्याग गर, त्यसको परित्याग तिमीहरूका निमित्त चिरकालसम्म हितकर र सुखकर हुनेछ । भिक्षु हो ! के तिमीहरूको होइन ? भिक्षु हो ! रूप तिमीहरूको होइन, त्यसलाई त्याग गर, त्यसको परित्याग तिमीहरूका निमित्त चिरकालसम्म हितकर र सुखकर हुनेछ । ··· वेदना ··· । ··· संज्ञा ··· । ··· संस्कार ··· । भिक्षु हो ! विज्ञान तिमीहरूको होइन, त्यसलाई त्याग गर, त्यसको परित्याग तिमीहरूका निमित्त चिरकालसम्म हितकर र सुखकर हुनेछ ।"

१८. "भिक्षु हो ! यसरी मैले धर्मको स्पष्ट व्याख्या गरी खुला पारेर, टड्कारै देखिने गरी उदाङ्ग पारेर, स्वाख्यात गरिसकेको (=राम्ररी बताईसकेको) छु । यस्तो ··· स्वाख्यात धर्ममा त्यस्ता खालका भिक्षुहरूलाई वट्टदुःख प्रज्ञप्त गरिराख्नु पर्दैन । जो (१) अर्हत्, क्षीणासव्र, ब्रह्मचर्यवास पूरा गरिसकेका,गर्नु पर्ने काम गरिसकेका, भार बिच्छयाईसकेका, आफ्नो सही अर्थ प्राप्त गरिसकेका, भव-संयोजन परिक्षीण गरिसकेका, सम्यक्ज्ञानले जानी संसारबाट विमुक्त भइसकेका (=छुट्कारा पाइसकेका) । (२) भिक्षु हो ! यस्तो ··· स्वाख्यात धर्ममा जुन भिक्षुहरूले पाँच ओरम्भागीय (=अधोभागिय) संयोजनलाई क्षीण गरेपछि, औपपातिक (=ब्रह्मलोकगामी) देवता बनेर अनागामी (=यस लोकमा फेरि जन्मनु नपर्ने) भई त्यहींबाट निर्वाण प्राप्त गर्ने भइसकेका हुन् । (३) भिक्षु हो ! यस्तो ··· स्वाख्यात धर्ममा जुन भिक्षुहरू तीनवटा स ंयोजनलाई क्षीण गरी राग, द्वेष, मोहलाई कम गरीसकेका सकृदागामी ( यस लोकमाएकचोटि मात्र आउने) भएर दुःखको अन्त गर्ने भएका छन् । (४) भिक्षु हो ! यस्तो ··· स्वाख्यात धर्ममा जुन भिक्षुहरूले तीनवटा संयोजन क्षीण गरेको कारणले श्रोतापन्न भएका हुन् र अब फेरि पतित हुनु नपर्ने भई निश्चित रूपले सम्बोधिपरायण बनिसकेका छन् । भिक्षु हो ! यसरी मैले धर्मको स्पष्ट व्याख्या गरी खुला पारेर, टड्कारै देखिने गरी उदाङ्ग पारेर स्वाख्यात गरिसकेको छु । (५) भिक्षु हो ! यस्तो ··· स्वाख्यात धर्ममा जुन भिक्षुहरू श्रद्धानुसारी हुन्छन्, धर्मानुसारी हुन्छन्, ती सबै सम्बोधिपरायण हुन्छन् । भिक्षु हो ! यसरी मैले धर्मको स्पष्ट व्याख्या गरी खुल्ला पारेर, टड्कारै देखिने गरी उदाङ्ग पारेर स्वाख्यात गरिसकेको छु ।

https://dhamma.digital

(६) भिक्षु हो ! यस्तो ··· स्वाख्यात धर्ममा जो भिक्षुहरूम माथि श्रद्धा मात्र राख्छन्, प्रेम मात्र गर्छन् ती सबै स्वर्ग परायण हुन्छन् ।"

१९. भगवान्ले यति भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

अलगद्दुम-सुत्त समाप्त ।

## २. पासरासि-सुत्त

(पाशराशिसूत्र)

१. रम्यक ब्राह्मणको आश्रममा भगवान्

१. यस्तो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनमा बसिराख्नु भएको थियो । त्यस बेला (एक दिन) पूर्वान्ह समयमा भगवान् पात्र-चीवर धारण गरी भिक्षाको निमित्त श्रावस्ती शहरभित्र पस्नुभयो । त्यसपछि कैयन् भिक्षुहरू आयुष्मान् आनन्दकहाँ गई यसो भने – "आवुसो आनन्द ! भगवान्को श्रीमुखबाट धर्मोपदेश सुन्न नपाएको धेरै दिन भइसक्यो, आवुसो आनन्द ! हामीहरूले भगवान्को श्रीमुखबाट धर्मोपदेश सुन्न पाउँ ।"

"आयुष्मान् हो ! त्यसो भए (तपाईंहरू) जहाँ (रम्मक) ब्राह्मणको आश्रम छ त्यहाँ जानु होला, त्यहाँ तपाईंहरूले भगवान्को श्रीमुखबाट धर्मोपदेश सुन्न पाउनु हुनेछ । उनीहरूले 'हुन्छ, हवस्, भन्ते !' भनेर आयुष्मान् आनन्दको कथनको अनुमोदन गरे ।"

२. भगवान् श्रावस्तीमा भिक्षाटन गर्नुभई भोजनबाट निवृत्त हुनुभएपछि आयुष्मान् आनन्दलाई भगवान्ले यसो भन्नुभयो – 'आउ आनन्द ! दिउँसोको विहारको निमित्त हामीहरू मृगार माताको प्रासाद पूर्वराम जाऔं ।" आयुष्मान् आनन्दले "हवस्, भन्ते " भनी भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान् आयुष्मान् आनन्दलाई साथमा लिएर दिवा विहारको निमित्त मृगारमाताको प्रासाद पूर्वाराम आइपुग्नुभयो । त्यहाँ सन्ध्या समयमा एकान्त वासबाट उठेर भगवान्ले आयुष्मान् आनन्दलाई यसो भन्नुभयो – "आयुष्मान् आनन्द ! नुहाउनाको निमित्त पूर्वतिरको कोठामा जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिए ।"

त्यसपछि भगवान् आयुष्मान् आनन्दलाई साथमा लिएर नुहाउन भनी पूर्वीकोठा (वा पूर्वीनदीतिर )मा जानुभयो । त्यस कोठा (नदीतिर)बाट स्नान गरेर फर्केपछि एउटा मात्र चीवर लगाएर भगवान् जीउ सुकाउन लाग्नुभयो । त्यस बेला आयुष्मान् आनन्दले भगवान्लाई यसो भने, "भन्ते ! यहाँबाट नजिकै र म्यक ब्राह्मणको आश्रम छ । उसको आश्रम निकै रमणीय छ, उसको आश्रम निकै प्रासादिक छ, भन्ते ! यहाँले रम्यक ब्राह्मणको आश्रमसम्म पाउ कष्ट गर्ने अनुकम्पा गर्नु भए बेस होला ।" मौन धारण गरेर भगवान्ले स्वीकार गर्नुभयो ।"

३. त्यसपछि भगवान् रम्यक ब्राह्मणको आश्रम भएको ठाउँमा जानुभयो । त्यस बेला त्यहाँ धेरै जना भिक्षुहरू धर्मको कुरा गरी भेला भईरहेका थिए । त्यसबखत भगवान् भिक्षुहरुको कुरा नसिद्धिउञ्जेल केहीबेर बाहिर ढोकानिर उभिनुभयो । त्यसपछि भगवान्ले कुरा सकिएको जान्नुभई खोकेर ढोका ढकढकाउनु भयो । ती भिक्षुहरूले भगवान्का निमित्त ढोका खोले । भगवान् रम्यक ब्राह्मणको

आश्रमभित्र पसेर त्यहाँ ओछ्याइएको आसनमा बस्नुभयो । आसनमा बसेर भगवान्ले भिक्षुहरूलाई यसो भन्नुभयो –

"भिक्षु हो ! तिमीहरू यहाँ भेला भई के कुरा गर्दै बसेका छौ ? तिमीहरूका बीच के-के कुरा चल्दैछ ?"

"भन्ते ! हामीहरू यहाँ भगवान्कै बारे धर्मको कुरा गरिरहँदा भगवान् आइपुग्नु भएको हो ।"

"साधु ! भिक्षु हो ! साधु ! भिक्षु हो ! ठूलो श्रद्धाले घरबार त्यागेर अनागारिक (घरबारविहीन) भई प्रव्रजित भएका तिमीहरू जस्ता कुलपुत्रहरु धार्मिक कुराद्धारा भेला भई बस्नु अनुकुल छ । भिक्षु हो ! तिमीहरू एक ठाउँमा भेला भएको बखत जहिले पनि दुई काम मात्र गर्नु पर्छ – (१) कि त धार्मिक कुरा गर्ने (२) कि त आर्यमौन हुने ।"

२. दुईवटा पर्येषणा

४. "भिक्षु हो ! यी दुईवटा पर्येषणा (खोज, गवेषणा) छन् – (क) अनार्य पर्येषणा (ख) आर्य पये र्षणा ।"

(क) अनार्य पर्येषणा

५. "भिक्षु हो ! अनार्य पर्येषणा भनेको के हो ? भिक्षु हो ! कतिपय (मानिसहरू) स्वयं जातिधर्म (जन्म लिनुपर्ने स्वभाव भएका) भईकन पनि जातिधर्मकै पर्येषणा (खोज) गर्ने गर्छन् । स्वयं जर ाधर्म(बुढाबूढी हुनुपर्ने स्वभाव भएका) भईकन पनि जराधर्मकै पर्येषणा गर्ने गर्छन् । स्वयं व्याधिधर्म (र ोगग्रस्त, रोगी हुनुपर्ने स्वभाव भएका) भईकन पनि व्याधिधर्मकै पर्येषणा गर्ने गर्छन् । स्वयं मर णधर्म (मर्नुपर्ने स्वभाव भएका) भईकन पनि मरणधर्मकै पर्येषणा गर्ने गर्छन् । स्वयं शोकधर्मको स्वभाव भएका भईकन पनि शोकधर्मकै पर्येषणा गर्ने गर्छन् । स्वयं संक्लेशधर्म (=मलिन हुने स्वभाव भएका)भईकन पनि संक्लेशधर्मकै पर्येषणा गर्ने गर्छन् ।"

"भिक्षु हो ! जातिधर्म भनेको के हो ? भिक्षु हो ! छोरा, स्वास्नी (हरूबारे सोच्नु) जातिधर्म हो, नोकरचाकर ··· जातिधर्म हो, भेडा-बाख्रा ··· जातिधर्म हो, कुखुरा-सुँगुर ··· जातिधर्म हो, हात्ती, गाई, घोडा, खच्चर ··· जातिधर्म हो, सुन, चाँदी ··· जातिधर्म हो । भिक्षु हो ! यी उपाधिहरू (=भोग्य पदार्थ) सबै जातिधर्महरू हुन् । यिनमा यी मानिसहरू फसेर, बेहोस, आसक्त भएर, स्वयं जातिधर्म (फेरि जन्म लिनुपर्ने स्वभावको) भईकन पनि अन्य जातिधर्मको पर्येषणा गर्ने गर्छन् ।"

"भिक्षु हो ! जराधर्म भनेको के हो ? ··· (पूर्ववत्) ··· "

"भिक्षु हो ! व्याधिधर्म भनेको के हो ? ··· (पूर्ववत्) ··· "

"भिक्षु हो ! शोकधर्म भनेको के हो ? ··· (पूर्ववत्) ··· "

"भिक्षु हो ! संक्लेशधर्म भनेको के हो ? ··· (पूर्ववत्) ··· भिक्षु हो ! ··· गर्ने गर्छन् ।" यिनलाई नै अनार्य पर्येषणा भनिन्छ ।"

(ख) आर्य पर्येषणा

६. "भिक्षु हो ! आर्य पर्येषणा भनेको के हो ? भिक्षु हो ! कतिपय (मानिसहरू) स्वयं जातिधर्म स्वभावको भईकन पनि जातिधर्ममा दोष जानेर जन्मरहित, अनुत्तर योगक्षेम निर्वाणको पर्येषणा गर्छन् । आफूहरू स्वयं जराधर्म स्वभावको भईकन पनि जराधर्ममा दोष जानेर ··· निर्वाणको पर्येषणा गर्छन् । आफूहरू स्वयं मरणधर्म स्वभावको भईकन पनि मरणधर्ममा दोष जानेर ··· निर्वाणको पर्येषणा

गर्छन् । आफूहरू स्वयं शोकधर्म स्वभावको भईकन पनि शोकधर्ममा दोष जानेर ··· निर्वाणको पर्येषणा गर्छन् । आफूहरू स्वयं संक्लेशधर्म स्वभावको भईकन पनि संक्लेशधर्ममा दोष जानेर ··· निर्वाणको पर्येषणा गर्छन् । भिक्षु हो ! यिनैलाई आर्य पर्येषणा भनिन्छ ।"

३. बोधिसŒवको पर्येषणा

७. "भिक्षु हो ! उहिले सम्बोधि प्राप्त गरी बुद्ध हुनुभन्दा पहिले बोधिसŒव छँदा म स्वयं जातिधर्म स्वभावको भईकन पनि जातिधर्मकै पर्येषणा गर्दथें । आफू स्वयं व्याधिधर्म स्वभावको भईकन पनि व्याधिधर्मकै पर्येषणा गर्दथें । आफू स्वयं मरणधर्म स्वभावको भईकन पनि मरणधर्मकै पर्येषणा गर्दथें । आफू स्वयं शोकधर्म स्वभावको भईकन पनि शोकधर्मकै पर्येषणा गर्दथें । आफू स्वयं संक्लेशधर्म स्वभावको भईकन पनि संक्लेशधर्मकै पर्येषणा गर्दथें । त्यसताका ममा यस्तो विचार उत्पन्न भयो – 'आफू स्वयं जातिधर्म स्वभावको भईकन पनि जातिधर्मकै पर्येषणा मैले किन गरिरहें ? ··· आफू स्वयं संक्लेशधर्म स्वभावको भईकन पनि मैले संक्लेशधर्मकै पर्येषणा किन गरिरहें ? आफू स्वयं जातिधर्म स्वभावको भईकन पनि जातिधर्मका दोषलाई जानेर जन्मरहित, अनुत्तर योगक्षेम निर्वाणको पर्येषणा म किन नगरूँ ? ··· आफू स्वयं संक्लेशधर्म स्वभावको भईकन पनि संक्लेशधर्मका दोषलाई जानेर असक्लिष्ट(=निर्मल, सङ्लो), अनुत्तर योगक्षेम निर्वाणको पर्येषणा म किन नगरूँ ?"

८. "भिक्षु हो ! अनि पछि तन्नेरीभई कलिलो कालो केश हुँदाहुँदै, भद्र यौवनको (भर्खरको तरुण) अवस्थामै, प्रथम वैंशमै, आँखा भरी आँसु भै रोईरहेका आमा बुबाको इच्छा नहुँदा नहुँदै केश दाह्री खौरेर अनि काषायवस्त्र धारण गरी घरबार छाडी म प्रव्रजित भएँ । तदुपरान्त प्रव्रजित भई किंकुशल गवेशी(कुनकुरा कुशल हो भनि खोज्ने) भई अनुत्तर शान्तिपदको गवेषण गर्दै जहाँ आलार कालाम थिए, त्यहाँ गएँ । त्यहाँ पुगेपछि आलार कालामलाई यसो भनें – 'आवुसो कालाम ! म यो धर्मविनयमा ब्रह्मचर्य आचारण गर्न चाहन्छु ।' त्यसो भन्दाखेरि आलार कालामले मलाई यस्तो दिए – 'बस, आयुष्मान् ! यो धर्म त्यस्तो धर्म हो, जहाँ विज्ञपुरुष चाँडै नै आफ्नो आचार्यको धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी पूर्ण गरी बस्न सक्छ ।' भिक्षुहरु ! अनि मैले चाँडै नै त्यो (उनको) धर्मलाई सिकैं । मैले ओठ चलाउनेबित्तिकै, भनिएको कुरा पछिपछि भन्ने बित्तिकै 'त्यो ज्ञान जानें, त्यसमा स्थिर भएँ, बुझें र देखें' भनी मैले पनि र अरूले पनि ज्ञापन गर्छन् । भिक्षुहरु ! अनि मलाई यस्तो लाग्यो – 'आलार कालामले यो धर्मलाई केवल श्रद्धामात्रले आफै अभिज्ञाद्धारा साक्षात्कार गरी पूर्ण गरि बसेको छु भनी भनेको होइन । वास्तवमा आलार कालाम यस धर्मलाई जानेर देखेर बसेका हुन ।"

९. "भिक्षु हो ! अनि म जहाँ आलार कालाम थिए, त्यहाँ गएँ । त्यहाँ गएर आलार कालामलाई यसो भनें – 'आवुसो कालाम ! कतिले (कति मात्राले) यस धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको भनी भन्नुहुन्छ ?' भिक्षु हो ! यसो भन्दाखेरि आलार कालामले आकिञ्चन्यायतन ध्यानलाई बताए । भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'आलार कालाममा मात्र श्रद्धा भएको होइन, ममा पनि श्रद्धा छ । आलार कालाममा मात्र वीर्य भएको होइन, ममा पनि वीर्य छ । आलार कालाममा मात्र स्मृति ··· समाधि ··· र प्रज्ञा भएको होइन, ममा पनि स्मृति ··· समाधि ··· र प्रज्ञा छ । अतः जुन धर्म आलार कालामले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु भनी भन्दछ, त्यस धर्मलाई मैले पनि साक्षात्कार गर्नका लागि कोसिस गर्नुपर्‍यो ।' भिक्षु हो ! अनि चिरकाल नबित्दै चाँडै नै त्यस धर्मलाई अभिज्ञाद्वारा साक्षात्कार गरी बसें ।"

१०. "भिक्षु हो ! अनि म जहाँ आलार कालाम थिए, त्यहाँ गएँ । त्यहाँ गएर आलार कालामलाई यसो भनें – 'आवुसो कालाम ! यत्तिकैले यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु भनी भन्नुहुन्छ ?"

"आवुसो ! हो यत्तिकैले यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको हुँ भनी निश्चयपूर्वक भन्दछु ।"

"आवुसो ! यत्तिकैले म पनि यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु ।"

"आवुसो ! हाम्रा निमित्त यो लाभ हो र सुलाभ हो ! आवुसो ! किनभने तिमीजस्ता सब्रह्मचारीलाई देख्न पायौं । जुन धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी म बताउँछु, त्यो धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी तिमी पनि बस्यौ । जुन धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी तिमी पनि बस्यौ त्यो धर्म मैले पनि स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताएको छु । यसरी जुन धर्म म जान्दछु, त्यो धर्म तिमी पनि जान्दछौ । अतः जुन धर्म तिमी जान्दछौ, त्यो धर्म म पनि जान्दछु । जस्तो म छु, त्यस्तै तिमी छौ । जस्तो तिमी छौ, त्यस्तै म छु । आवुसो ! अब आऊ, हामी दुवैजना सम्मिलित भएर यो शिष्यमण्डल (गण) को हेरचाह गरौं ।' भिक्षु हो ! यसरी आलार कालाम मेरा आचार्य भएर पनि आफ्नो शिष्य भएको मलाई आफूसमान राखे र मेरो पूजा र सम्मान गरे । भिक्षु हो ! अनि सो मलाई यस्तो लाग्यो – 'यो धर्म निर्वेदको लागि, विरागको लागि, निरोधको लागि, उपशम(शान्त)कोलागि, अभिज्ञाको लागि, सम्बोधिको लागि र निर्वाणको लागि होइन । आकिञ्चन्यायतन ध्यान उत्पतिको लागि मात्र हो । भिक्षु हो ! अनि म त्यो धर्मलाई नश्रृङ्गारी त्यस धर्मबाट विरक्त भएर गएँ ।'

११. उद्दक रामपुत्रकहाँ – "भिक्षु हो ! अनि म किंकुशलगवेशी भई अनुत्तर शान्ति पदको खोजी गर्दै जहाँ उद्दक रामपुत्र थिए, त्यहाँ गएँ । त्यहाँ पुगेपछि उद्दक रामपुत्रलाई यसो भनें – आवुसो ! म यो धर्मविनयमा ब्रह्मचर्य आचरण गर्न चाहन्छु ।' भिक्षु हो ! यसो भन्दाखेरि उद्दक रामपुत्रले मलाई यसो भने – 'आयुष्मान् ! बस । यो धर्म त्यस्तो हो, जहाँ विज्ञपुरुष चाँडै आफ्नो आचार्यको धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्न सक्छ ।' भिक्षु हो ! अनि मैले चौडै नै त्यो (उनको) धर्मलाई सिकैं । मैले ओठ चलाउनेबित्तिकै र भनिएको कुरा पछिपछि भन्ने बित्तिकै 'त्यो ज्ञान प्राप्त गरें, त्यसमा स्थिर भएँ, बुझें र देखें' भनी मैले पनि र अरूले समेत ज्ञापन गर्छन् । भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'रामले यो धर्मलाई केवल श्रद्धा मात्रले आफै अभिज्ञाद्वारा साक्षात्कार गरी पूर्ण गरि बसेको छु भनी भनेको होइन । वास्तवमा रामले यस धर्मलाई जानेर देखेर बसेका हुन ।"

१२. "भिक्षु हो ! अनि म जहाँ उद्दक रामपुत्र थिए, त्यहाँ गएँ । त्यहाँ पुगेर उद्दक रामपुत्रलाई यसो भनें – 'आवुसो ! कतिले (कति मात्राले) यस धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको भनी भन्नु हुन्छ ?' भिक्षु हो ! यसो भन्दाखेरि उद्दक रामपुत्रले नैवसंज्ञानासंज्ञायतन ध्यानलाई बताए । भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'राममा मात्र श्रद्धा भएको होइन, ममा पनि श्रद्धा छ । राममा मात्र वीर्य भएको होइन, ममा पनि वीर्य छ । राममा मात्र स्मृति ... समाधि ... र प्रज्ञा भएको होइन, ममा पनि स्मृति ... समाधि ... र प्रज्ञा छ । अतः जुन धर्म रामले स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु भनी भन्दछ, त्यस धर्मलाई म पनि साक्षात्कार गर्नका लागि प्रयास गर्नेछु ।' भिक्षु हो ! अनि चिरकाल नबित्दै चाँडै नै त्यस धर्मलाई अभिज्ञाद्वारा साक्षात्कार गरी बसें ।"

१३. "भिक्षु हो ! अनि जहाँ उद्दक रामपुत्र थिए, त्यहाँ म गएँ । त्यहाँ गएर उद्दक रामपुत्रलाई यसो भनें – 'आवुसो राम ! यत्तिकैले यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु भनी भन्नुहुन्छ ?"

"आवुसो ! हो यत्तिकैले यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बसेको छु भनी भन्दछु ।"

"आवुसो ! यत्तिकैले यो धर्मलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी म पनि बसेको छु ।"

https://dhamma.digital

"आवुसो ! हाम्रा लागि यो लाभ हो र सुलाभ हो ! आवुसो ! किनभने तिमीजस्ता सब्रह्मचार ीलाई देख्न पायौं । जुन धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउँछु, त्यो धर्म स्वयं अभिज्ञाद्वार ा साक्षात्कार गरी तिमी पनि बस्यौ । जुन धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी तिमी बस्यौ त्यो धर्म स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी राम पनि बताउँछु । यसरी जुन धर्म राम जान्दछन्, त्यो धर्म तिमी पनि जान्दछौ । जस्ता राम छन् तिमी पनि त्यस्तै छौ । जस्ता तिमी छौ, त्यस्तै राम छन् । आवुसो ! अब आऊ, यो शिष्यमण्डल (गणं) को हेरचाह तिमी गर ।' भिक्षु हो ! यसरी उद्दक र ामपुत्रले सब्रह्मचारी भएको मलाई आचार्यको स्थानमा राखे र सभक्ति पूजा र सम्मान गरे । भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'यो धर्मले निर्वेदको लागि, विरागको लागि, निरोधको लागि, उपशान्तको लागि, अभिज्ञाको लागि, सम्बोधिको लागि र निर्वाणको लागि होइन । नैवसंज्ञानासंज्ञायतन ध्यान उत्पतिको लागि मात्र हो । भिक्षु हो ! अनि म त्यो धर्मलाई नश्रृङ्गारी त्यस धर्मबाट विरक्त भएर गएँ ।'

१४. "भिक्षु हो ! अनि म किंकुशलगवेशी भई अनुत्तर शान्तिपदको खोज्दै मगध देशमा चारिका गर्दै क्रमशः उरुवेलको सेनानी भन्ने गाउँतर्फ गएँ । त्यहाँ मैले एउटा रमणीय भूमिभाग देखें । त्यहाँ प्रासादिक वनखण्ड थियो, निर्मल पानी बगिरहेको,रमणीय किनार भएको नदी (नेरञ्जननदी) र चारैतिर गोचर गाउँहरू थिए । भिक्षु हो ! अनि सो मलाई यस्तो लाग्यो – 'यो भूमिभाग रमणीय छ, त्यहाँ प्रासादिक वनखण्ड पनि छ, निर्मल पानी बगिरहेको,रमणीय किनार भएका नदी (नेरञ्जना) पनि छ, र चारैतिर गोचर गाउँहरू पनि छन् । कुनै तपस्या गर्न चाहने कुलपुत्रलाई तपस्या गर्नका निमित्त यो स्थान उपयुक्त छ ।' भिक्षु हो ! अनि सो म 'तपस्याको निमित्त यही स्थान उपयुक्त छ' भनी त्यहीँ बसें ।"

४. (सिद्धार्थ बोधिसत्त्व) सम्यक्सम्बुद्ध भगवान् हुनु भएको

१५. "भिक्षु हो ! आफू स्वयं जातिधर्म स्वभावको भईकन पनि जातिधर्मको दोष जानेर जन्मर हित, अनुत्तर, योगक्षेम निर्वाणलाई पर्येषना गर्दा जन्मरहित, अनुत्तर, योगक्षेम निर्वाणलाई प्राप्त गरें । आफू स्वयं जराधर्म स्वभावको भईकन पनि जराधर्मको दोष जानेर अजर, अनुत्तर, योगक्षेम निर्वाणलाई पर्येषना गर्दा अजर, अनुत्तर, योगक्षेम निर्वाणलाई प्राप्त गरें । आफू स्वयं व्याधिधर्म स्वभावको भईकन पनि व्याधिधर्मको दोषलाई जानेर व्याधि (रोग) रहित अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा व्याधिरहित अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरें । आफू स्वयं मरणधर्म स्वभावको भईकन पनि मरणधर्मको दोषलाई जानेर अमर, अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा अमर, अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरें । आफू स्वयं शोकधर्म स्वभावको भईकन पनि शोकधर्मको दोषलाई जानेर शोकरहित अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा शोकरहित अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरें । आफू स्वयं संक्लेशधर्म स्वभावको भईकन पनि संक्लेशधर्मको दोषलाई जानेर संक्लेशरहित, अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा संक्लेशरहित, अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरें । सबै देख्न जान्न सक्ने सर्वज्ञ ज्ञान उत्पन्न भयो – 'मेरो चित्त-विमुक्ति अचल भयो (अकुप्पा मे विमुक्ति), यो मेरो जन्म अन्तिम भयो, अब फेरि पुनर्भव (अर्को जन्म) नहुने भयो ।"

१६. भिक्षु हो ! अनि सो मलाई यस्तो लाग्यो – 'मैले गम्भीर, दुर्दर्शनीय (देख्न गाह्रो), दुरानुबोध (बोध गर्न गाह्रो), शान्त, प्रणीत, अतर्कावचर (तर्कद्वारा मात्र अप्राप्य), निपुण (सूक्ष्म), तथा पण्डितहरूद्वारा बोधगम्य यो धर्मलाई अवबोध गरें' । यी प्रजाहरू आलय (पञ्चकामविषय) मा आनन्दित छन्, त्यसमा रत छन् र त्यसैमा प्रमुदित छन् । आलयमा आनन्दित हुने, आलयमा रत हुने तथा आलयमै प्रमुदित हुने प्र जाहरूले यो प्रत्ययद्वारा यो हुन्छ; भन्ने यस प्रत्ययको कारणले नै 'प्रतीत्यसमुत्पाद'[२०२] लाई पनि देख्न गाह्र ो छ। सबै संस्कारहरूको शान्ति, सबै उपधिहरुको त्याग, तृष्णा क्षय, विराग, निरोध भईराखेको निर्वाणलाई

पनि देख्न गाह्रै छ । यदि म धर्मदेशना गरूँ र अरूहरूले (त्यो) धर्म (कुरा) बुझ्न सकेनन् भने – त्यो मेरो निमित्त थकावट र कष्ट(शास्ती) हुनेछ ।'

१७. "भिक्षु हो ! त्यसपछि मेरो मनमा पहिले कहिल्यै नसुनेको आश्चर्यजनक गाथाहरू प्रकट भए–

"ठूलो कठिनाइबाट मैले प्राप्त गरेको यो धर्मलाई यतिबेला प्रकाश गर्न उपयुक्त छैन । राग-द्वेषमा मुछिएर बस्नेहरूले यो धर्मलाई सजिलै अवबोध गर्न सक्दैनन् ।"

"निपुण, गम्भीर, दुर्दश, सूक्ष्म तथा प्रतिश्रोतगामी (यो धर्मलाई) रागरक्त भई तमस्कन्धद्वारा आवृत्त भएकाहरूले देख्न सक्ने छैनन् ।"

"भिक्षु हो ! यसरी मैले चिन्तन गर्दा मेरो मन धर्म देशनाको लागि नभई अल्प उत्सुकताको लागि झुक्यो । भिक्षुहरु, अनि मेरो चित्तमा भइरहेको (यस) वितर्कलाई सहम्पति ब्रह्मा[२०४]ले आफ्नो चित्तद्वारा बुझेपछि उनलाई यस्तो लाग्यो – 'यदि मेरो मन धर्म देशनातिर नलागी अल्पोत्सुकतिर लाग्छ भने यो लोक नष्ट हुनेछ, यस लोक विनास हुनेछ ।' भिक्षु हो ! त्यसपछि सहम्पतिब्रह्मा – जसरी कुनै बलवान् पुरुषले खुम्चिएको हातलाई पसार्छ र पसारेको हातलाई खुम्च्याउँछ, त्यसरी नै ब्रह्मलोकमा अन्तर्धान भई मेरा सामु प्रकट भए । भिक्षु हो ! अनि सहम्पत्ति ब्रह्माले उत्तारसङ्गलाई एकाशं पारी, दाहिने घुँडाले पृथ्वीमा टेकी, म तिर हात जोडी मलाई बिन्ती गरे – 'भन्ते भगवान् ! धर्मदेशना गर्नुहोस् ! सुगत ! धर्मदेशना गर्नुहोस् ! ! प्रज्ञारूपी चक्षुमा अल्परज (मल) हुने सŒवहरू पनि छन् । धर्म सुन्न नपाउँदा उनीहरूको परिहानि हुनेछ, धर्मलाई बुझ्न सक्ने सŒवहरू पनि हुन सक्छन् ।'

यसो भनिसकेपछि, सहम्पत्ति ब्रह्माले (गाथाद्वारा) निवेदन गरे – "पहिले मगध देशहरुमा क्लेश मलले युक्त भएका व्यक्तिहरुले चिन्तन गरिएको अशुद्ध मिथ्या धर्म प्रकट भएको थियो । अमर निर्वाणको द्वारलाई खोल्नुहोस् (भगवान), क्लेश मलरहित हुनु भएको भगवान बुद्धले अनुबोध गर्नु भएको धर्मलाई सत्वहरुले सुनुन् ।"

"समन्त चक्षु भगवान ! पर्वतको टुप्पोमा रहनु भएर चारैतिर मानिसहरुलाई हेर्नु भए जस्तै शोकरहित हुनु भएको तपाईंले प्रज्ञा प्रासादमा चढ्नु भएर जाति जराद्धारा अविभुत भई शोकग्रस्त भईर ाखेका सत्व प्राणीहरुलाई हेर्नुहोस् ।"

"वीर भगवान ! संग्राममा विजयहुनु भएको भगवान् ! उठ्नुहोस् । सत्थवाह भगवान ! क्लेशरुपी ऋणबाट मुक्त भगवान् ! लोकमा विचरण गर्नुहोस् । भाग्यवान् भगवान् ! धर्मलाई देशना गर्नुहोस् । धर्मलाई बुझ्ने व्यक्तिहरु पनि हुनेछन् ।

१८. "भिक्षु हो ! अनि मैले ब्रह्माको अभिप्रायलाई बुझी प्राणीहरूप्रति करुणाराखी बुद्धचक्षुद्वारा लोकलाई हेरें । बुद्धचक्षुद्वारा लोकमा हेर्दा मैले अल्परज (मल) हुने महारज हुने, तीक्ष्ण इन्द्रि य हुने, मृदु इन्द्रिय हुने, सु-आकार हुने, दुराकार हुने, सुविज्ञेय हुने, दुर्विज्ञेय हुने, केही परलोकवद्य भयदर्शी भई बस्ने, केही परलोकवद्य भयदर्शी भई नबस्ने सŒवहरूलाई देखें । जस्तो कुनै उत्पल (नीलकमल), पद्म (रक्तकमल), अथवा पुण्डरीक (श्वेतकमल) पोखरीमा (१) केही उत्पल, पद्म अथवा पुण्डरीक पानीमा उत्पन्न भई, पानीमा संवर्धन भई पानीभन्दा माथि नउठी पानीमा भित्रै पोषित हुन्छन्; (२) केही उत्पल, पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमा संवर्धन भई, पानीको सतहसम्म रहेका हुन्छन्; (३) केही उत्पल, पद्म अथवा पुण्डरीकहरू पानीमा उत्पन्न भई, पानीमा संवर्धन भई,

पानीको सतहभन्दा माथि उठी, पानीले छुन नसक्ने भईरहन्छन् । त्यस्तै, बुद्धचक्षुद्वारा मैले लोकमा हेर्दा अल्परज हुने, महारज हुने, तीक्ष्ण इन्द्रिय हुने, मृदु इन्द्रिय हुने, सु-आकार हुने दुराकार हुने, सुविज्ञेय हुने, दुर्विज्ञेय हुने तथा केही परलोकवद्य भयदर्शी भई बस्ने, केही परलोकवद्य भयदर्शी भई नबस्ने सŒवहरू देखें ।

"भिक्षु हो ! त्यसपछि मैले सहम्पत्ति ब्रह्मालाई गाथाद्वारा यस्तो भने –

"हे ब्रह्मा ! प्रगुण भएको धर्मलाई पनि कष्टकर मात्र हुन्छ भन्ने संज्ञा भई, जनतालाई प्रणीत धर्मदेशना नगर्ने विचार भएको थियो । तर प्रज्ञारुपी कान भएका व्यक्तिहरुले आफ्नो श्रद्धालाई अघि बढाई सुन, उनीहरूका निमित्त अमृतद्वार खोलिसकेँ ।"

"भिक्षु हो ! त्यसपछि "भगवानले धर्मदेशनाको लागि स्वीकार्नु भयो भनि सहम्पति ब्रम्हाले जानी मलाई अभिवादन तथा प्रदक्षिणा गरी महाब्रह्मा त्यहीं नै अन्तर्धान भएर गए ।"

५. धर्मचक्र प्रवर्तन

१९. "भिक्षु हो ! अनि सो मलाई यस्तो लाग्यो – 'कसलाई सर्वप्रथम म धर्मोपदेश गरुँ ? कसले यो धर्मलाई चाँडै बुझ्न सक्ला ?' भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'यी आलार कालाम पण्डित व्यक्त र मेधावी छन् । लामो दिनसम्म यिनी अल्परज स्वभावका हुन् । अतः किन म आलार कालामलाई प्रथम धर्मदेशना नगरूँ । उनले यो धर्म चाँडै बुझ्नेछन् ।' त्यस बेला मकहाँ एक देवता आई यसो भने –"भन्ते ! आलार कालामको मृत्यु भएको एक साता व्यतित भइसक्यो ।" अनि 'आलार कालामको मृत्यु भएको एक साता व्यतित भइसक्यो' भन्ने ज्ञानदर्शन मलाई पनि भयो । भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो– 'आलार कालामको ठूलो हानि भयो । यदि उनले यो धर्म सुन्न पाएका भए उनले चाँडै बुझ्ने थियो ।'

"भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'म कसलाई प्रथम धर्मोपदेश गरुँ ? कसले यो धर्मलाई चाँडै बुझ्न सक्ला ?' अनि मलाई यस्तो लाग्यो – 'यी उद्दक रामपुत्र पण्डित व्यक्त र मेधावी छन् । धेरै दिनसम्म यिनी अल्परज स्वभावका छन् । अतः किन म उद्दक रामपुत्रलाई प्रथम धर्मदेशना नगरूँ । उनले यो धर्म चाँडै बुझ्नेछन् ।' त्यस बेला मसँग एक देवता आएर यसो भने –"भन्ते ! उद्दक रामपुत्रको मृत्यु हिजो राती भयो ।" अनि 'उद्दक रामपुत्रको मृत्यु हिजो राती भयो' भन्ने कुरोको ज्ञानदर्शन मलाई पनि भयो । भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'उद्दक रामपुत्रको ठूलो हानि भयो । यदि यो धर्म सुन्न पाएका भए उनले चाँडै बुझ्ने थियो ।'

"भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'म कसलाई प्रथम धर्मोपदेश गरुँ ? कसले यो धर्म चाँडो बुझ्न सक्ला ?' भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'यी पञ्चवर्गीय भिक्षुहरू मेरा बहुपकारी हुन् । जसले तपस्या गरिरहेको बखतमा मेरो उपस्थान गरेका थिए । अतः किन म पञ्चवर्गीय भिक्षुहरूलाई प्रथम धर्मोपदेश नगरूँ ?' भिक्षु हो ! अनि मलाई यस्तो लाग्यो – 'यी पञ्चवर्गीय भिक्षुहरू अहिले कहाँ बसेका होलान् ? भिक्षु हो ! अनि मैले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा पञ्चवर्गीय भिक्षुहरू वाराणसीस्थित ऋषिपतन मृगदायमा बसिराखेको देखेँ ।

२०. "भिक्षु हो ! अनि म उरुवेल वनमा इच्छानुसार बसी वाराणसी जान भनी चारिका गरें । भिक्षु हो ! अनि उपक आजीवकले गया र बोधि (वृक्ष) का बीचमा हिंडिरहेको मलाई देख्यो । मलाई देखेर उनले यसो भने – "आवुसो ! तिम्रा इन्द्रियहरू अति चम्किला छन्, तिम्रो छविवर्ण अतिपरि शुद्ध सफा छ । आवुसो ! कसलाई उद्देश्य गरि तिमी प्रव्रजित भएका हौ ? तिम्रो गुरु को हुन् ? कसको धर्म तिमी रुचाउँछौ ?"

"भिक्षु हो ! यसो भन्दाखेरि उपक आजीवकलाई मैले गाथाहरद्वारा यसो भने–

'सबै त्रैभूमिक संसारलाई आफैंले जितेर सबै चातुर्भौमिक भूमिलाई जानेर सबै त्रैभूमिक लोकमा अलिप्त भई सबै त्रैभूमिक लोकलाई त्यागी तृष्णा क्षय गरी विमुक्त भई – सबै चातुर्भौमिक भूमिहरूलाई स्वयं अभिज्ञात गरेको मैले – कसलाई (यी मेरा आचार्य हुन्, भनी) उद्देश्य गरूँ ?'

'मेरा आचार्य छैनन्, न त म समान अरू कोही छन्, देवसहित लोकमा म समान अर्को कुनै पुद्‌गल छैन ।'

'यो लोकमा म नै अर्हत् हुँ, म नै अनुत्तर शास्ता हुँ । सबै क्लेशरूपी आगोलाई निवृत्त गरी शीतल भएको सम्यक्सम्बुद्ध म नै एक्लो हुँ ।'

'धर्मचक्र प्रवर्तन गर्नका लागि काशी देशमा जाँदैछु । अन्धकारमय यस लोकमा अमृत-भेरी बजाउने छु ।'

(उपक–) "आवुसो ! जसो तिमी भन्दछौ त्यसअनुसार त तिमी ' अर्हत अनन्त जिन' नै हुन सक्छौ ।"

(भगवान्–) "म जस्ता नै 'अनन्त जिन' हुन सक्छन् – जसले आस्रव क्षय गरी निर्वाण प्राप्त गरिसक्यो, मैले पाप र धर्मलाई जितिसकें । हे उपक ! त्यसैले म 'जिन' हुँ ।"

"भिक्षु हो ! यसो भन्दा 'हुन सक्छ' भन्दै शिर हल्लाउँदै छेउको बाटो लागेर उपक आजीवक गए ।"

पञ्चवर्गीय भिक्षुहरूसित भेट

२१. अनि म क्रमशः चारिका गर्दै जहाँ वाराणसीस्थित ऋषिपतन मृगदाय छ, जहाँ पञ्चवर्गीय भिक्षुहरू थिए, त्यहाँ गएँ । अनि पञ्चवर्गीय भिक्षुहरूले मलाई टाढैबाट देखे । देखेर (उनीहरूले) परस्पर प्रतिज्ञा गरे –

"आवुसो ! ऊ, श्रमण गौतम आउँदैछन्, जो बहुलताले गर्दा तपश्चर्याबाट भ्रष्ट भई बाहुल्यमा आवर्तित छन् । उनलाई न आसन दिने, न आसनबाट उठ्ने, न त उनको पात्र-चीवर मागेर लिने, केवल आसन राखिदिने, चाहन्छन् भने बसून् ।"

(तर) जति-जति म पञ्चवर्गीय भिक्षुहरूको नजिक पुगें, त्यति त्यति पञ्चवर्गीय भिक्षुहरू आफ्ना प्रतिज्ञामा बस्न सकेनन् । अनि केहीले सामुन्ने आई मेरा पात्र-चीवर लिए । केहीले आसन ओछ्याए । केहीले पाउ पखाल्ने पानी राखे । तैपनि उनीहरूले मलाई नाम लिएर र 'आवुसो' भन्दै बोलाए ।"

"भिक्षु हो ! अनि मैले पञ्चवर्गीय भिक्षुहरूलाई यसो भनें– 'भिक्षु हो ! तथागतलाई नाम लिएर, आवुसो भनी कुरा नगर । भिक्षु हो ! तथागत, अर्हत् सम्यक्सम्बुद्ध हुन् । भिक्षु हो ! कान थाप । मैले अमृत पाइसकेको छु । म अनुशासन गर्नेछु । म धर्मदेशना गर्नेछु । सुनेअनुसार आचरण गरेमा चिरकाल नबित्दै – जसको निमित्त कुलपुत्रहरू सम्यक्रूपले घरबार छाडी अनागारिक भई प्रव्रजित हुन्छन् – यो अनुत्तर ब्रह्मचर्यवास अन्त (अवसान)गरी यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछौ ।"

"भिक्षु हो ! यसो भन्दाखेरि पञ्चवर्गीय भिक्षुहरूले मलाई यसो भने – 'आवुसो गौतम ! त्यस चर्याद्वारा पनि त्यस प्रतिपदाद्वारा पनि त्यस दुष्करचर्याद्वारा पनि तपाईंले उत्तरीय मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता जान्न सक्ने ज्ञान प्राप्त गर्न सक्नु भएन भने अहिले अब बाहुलिक भई तपश्चर्याबाट भ्रष्ट भई बाहुल्यतामा आवर्तित भई अहिले के तपाईं उत्तरीय मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता बुझ्न सक्ने ज्ञान प्राप्त गर्न सक्नु होला !"

https://dhamma.digital

“भिक्षु हो ! यसो भन्दाखेरि मैले पञ्चवर्गीय भिक्षुहरूलाई यसो भनें – ‘तथागत बाहुलिक होइनन्, न तपश्चर्याबाट भ्रष्ट भएका हुन्, न त बाहुल्यतामा आवर्तित छन् । भिक्षु हो ! तथागत, अर्हत सम्यक्सम्बुद्ध हुन् । भिक्षु हो ! कान थाप । मैले अमृत पाइसकेको छु । म अनुशासन गर्नेछु । म धर्मदेशना गर्नेछु । सुने अनुसार आचरण गरेमा चिरकाल नबित्दै – जसको निमित्त कुलपुत्रहरू सम्यक् रूपले घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन् – त्यो अनुत्तर ब्रह्मचर्यवासको अवसान गरी यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछौ ।”

“भिक्षु हो ! दोस्रो पटक पनि पञ्चवर्गीय भिक्षुहरूले मलाई यसो भने – ‘आवुसो गौतम ! त्यस चर्याद्वारा पनि … तपाईंले उत्तरीय मनुष्यधर्म … प्राप्त गर्न सक्नु भएन भने अहिले अब बाहुलिक भई … के तपाईं उत्तरीय मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता बुझ्न सक्ने ज्ञान प्राप्त गर्न सक्नु होला ?”

“भिक्षु हो ! दोस्रो पटक पनि मैले पञ्चवर्गीय भिक्षुहरूलाई यसो भनें – ‘तथागत बाहुलिक होइनन्, न तपश्चर्याबाट भ्रष्ट भएका हुन् … । भिक्षु हो ! कान थाप । मैले अमृत पाइसकेको छु । म अनुशासन गर्नेछु । … सुने अनुसार आचरण गरेमा चिरकाल नबित्दै … यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछौ ।”

“भिक्षु हो ! तेस्रो पटक पनि पञ्चवर्गीय भिक्षुहरूले मलाई यसो भने – ‘आवुसो गौतम ! त्यस चर्याद्वारा पनि … तपाईंले उत्तरीय मनुष्यधर्म … प्राप्त गर्न सक्नु भएन भने अहिले अब बाहुलिक भई … के तपाईं उत्तरीय मनुष्यधर्म तथा आर्यज्ञानदर्शनको विशेषता बुझ्न सक्ने ज्ञान प्राप्त गर्न सक्नु होला ?”

यसो भन्दाखेरि मैले पञ्चवर्गीय भिक्षुहरूलाई यसो भनें – ‘भिक्षु हो ! यसभन्दा अघि मैले तिमीहरूलाई यस्तो कुरा भनेको थाहा छ के ?’

“छैन भन्ते”

“भिक्षु हो ! तथागत, अर्हत् सम्यक्सम्बुद्ध हुन् । भिक्षु हो ! कान थाप । मैले अमृत पाइसकेको छु । म अनुशासन गर्नेछु । म धर्मदेशना गर्नेछु । सुने अनुसार आचरण गरेमा चिरकाल नबित्दै … यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बस्नेछौ ।”

२४. “भिक्षु हो ! अनि मैले पञ्चवर्गीय भिक्षुहरूलाई सम्झाउन सकें[२७] भिक्षु हो ! अनि मैले दुईजना भिक्षुहरूलाई उपदेश दिएँ। तीन जना भिक्षुहरू भिक्षाटन गर्न जान्थे । तीन जना भिक्षुहरूले भिक्षाटन गरी ल्याएको जुन भोजन थियो, त्यो हामी छ जनाले यापन गर्दथ्यौं । भिक्षु हो ! तीन जना भिक्षुहरूलाई उपदेश गर्थे । दुई जना भिक्षुहरू भिक्षाटन जान्थे । दुई जना भिक्षुहरूले भिक्षाटन गरी ल्याएको जुन भोजन हो, त्यो हामी छ जनाले यापन गर्दथ्यौं ।”

“भिक्षु हो ! त्यसपछि मैले दिएको उपदेश सुनेर अनुशासित भएका पञ्चवर्गीय भिक्षुहरूले स्वयं जातिधर्म स्वभावका भईकन पनि जातिधर्मको दोष जानेर जन्मरहित, अनुत्तर, योगक्षेम निर्वाणलाई पर्येषणा गर्दा जन्मरहित, अनुत्तर, योगक्षेम निर्वाणलाई प्राप्त गरे । आफूहरू स्वयं जराधर्म स्वभावका भईकन पनि जराधर्मको दोषलाई जानेर अजर, अनुत्तर, योगक्षेम निर्वाणलाई पर्येषणा गर्दा अजर, अनुत्तर, योगक्षेम निर्वाणलाई प्राप्त गरे । आफूहरू स्वयं व्याधिधर्म स्वभावका भईकन पनि.........., आफूहरू स्वयं मरणधर्म स्वभावका भईकन मरणधर्मका दोषलाई जानेर अमर, अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा अमर, अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरे । आफूहरू स्वयं शोकधर्म स्वभावका भईकन पनि शोकधर्मको दोषलाई जानेर शोकरहित, अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा शोकर

https://dhamma.digital

हित, अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरे । आफूहरू स्वयं संक्लेशधर्म स्वभावका भईकन पनि स क्लेशधर्मको दोषलाई जानेर संक्लेशरहित, अनुत्तर, योगक्षेम निर्वाणको पर्येषणा गर्दा संक्लेशरहित, अनुत्तर, योगक्षेम निर्वाण प्राप्त गरे । त्यसपछि उनीहरूलाई पनि यो ज्ञान प्राप्त भयो – हामीहरूको चित्तविमुक्ति अचल भयो, यो (अहिले) हाम्रो जन्म नै अन्तिम भयो, अब फेरि जन्म लिनु पर्दैन ।"

६. जालको उपमा

२५. "भिक्षु हो ! यी पाँच वटा कामगुण हुन् । के-के पाँचवटा ? (१) चक्षुद्वारा ज्ञेय-इष्ट कान्त, मनाप, प्रियरूप कामुपसहित रञ्जनीय रूप । (२) श्रोतद्वारा ज्ञेय ··· शब्द । (३) घ्राणद्वार ज्ञेय ··· गन्ध । (४) जिह्वाद्वारा ज्ञेय ··· रस । (५) कायद्वारा ज्ञेय ··· स्पर्श । भिक्षु हो ! यी नै पाँचवटा कामगुण हुन् । भिक्षु हो ! जो कोही श्रमण वा ब्राह्मण यी पाँच कामगुणमा फसेर, बेहोश भएर, लिप्त भएर, तीनमा कुनै दोष देख्न नसक्ने भएर, तीबाट उम्कने बुद्धि-विवेक गुमाएर, तिनकै उपभोग गरेर बस्छन्, उसको सम्बन्धमा यो कुरा सम्झनु पर्दछ – 'उ दुःखमा फसेको छ, विपत्तिमा परेको छ, पापी मारको इशारामा नाच्ने भएको छ ।' भिक्षु हो ! उदाहरणार्थ – व्याधाहरूको जालमा फसेको जङ्गली मृग जालको रासी(थुप्रो) माथि सुत्यो भने उसको सम्बन्धमा यो कुरा सम्झनु पर्दछ – 'त्यो मृग दुःखमा फसेको छ, विपत्तिमा परेको छ, व्याधहरूको इच्छानुसार चल्न बाध्य भएको छ, व्याधहरू आउँदा त्यो मृग आफ्नो इच्छाअनुसार भाग्न नसक्ने भएको छ ।' भिक्षु हो ! यसरी नै जो कोही श्रमण ब्राह्मण यी पाँच काम गुणमा फसेर, बेहोस भएर, लिप्त भएर तिनका दोष देख्न नसक्ने भएर, तीबाट उम्किने बुद्धि-विवेक गुमाएर तिनको उपभोग गरिरहन्छन् ......(पूर्ववत) ।"

२६. "भिक्षु हो ! जो कोही श्रमण वा ब्राह्मण यी पाँच कामगुणमा नफसीकन, मूर्च्छित नभई, लिप्त नभई, तिनका दोष बुझेर, तीबाट उम्कने बुद्धि-विवेक नगुमाई तिनको उपभोग गरिरहन्छन् । उनीहरुको सम्बन्धमा यस्तो सम्झनु पर्दछ – 'उनीहरू दुःखमा फसेका छैनन्, विपत्तिमा परेका छैनन्' पापी मारको इच्छानुसार हिंड्नु पर्ने भएका छैनन् । भिक्षु हो ! जस्तो कि –व्याधाहरूको जालमा नफसेको जङ्गली मृग जालको रासी(थुप्रो) माथि सुत्यो भने उसको सम्बन्धमा यो कुरा सम्झनु पर्दछ – 'त्यो मृग दुःखमा फसेको छैन, विपत्तिमा परेको छैन, व्याधाहरूको इच्छानुसार चल्न बाध्य भएको छैन, व्याधहरू आउँदा त्यो मृग आफ्नो इच्छाअनुसार भाग्न सक्ने भएको छ ।' भिक्षु हो ! यसरी नै जो कोही श्रमण ब्राह्मण यी पाँच काम गुणमा नफसेर, बेहोस नभएर, लिप्त नभएर तिनका दोष देख्न सक्ने भएर, तीबाट उम्किने बुद्धि-विवेक लगाएर तिनको उपभोग गरिरहन्छन् ......(पूर्ववत) ।"

"भिक्षु हो ! जस्तो कि – जङ्गलमा जन्मेको मृग आफू जन्मेको जङ्गलमाचर्दा निश्चिन्त हिँडछ, निश्चिन्त रूपले उभिरहन्छन्, निश्चिन्त रूपले बसिरहन्छ, निश्चिन्त रूपले लेटिरहन्छ । त्यसो के कारणले हुने हो ? भिक्षु हो ! यिनीहरू व्याधाले नदेख्ने ठाउँमा पुगिराखेकोले हो । भिक्षु हो ! यसरी नै, भिक्षुले अनेक प्रकारका कामविषयबाट अलग भई अकुशल धर्महरुबाट अलग भई, वितर्कविचार युक्त भएको, विवेकजः प्रीतिसुख भएको प्रथमध्यान पूर्ण गरि बस्दछ । भिक्षु हो ! उक्त भिक्षुको सम्बन्धमा यसो सम्झनुपर्दछ – उक्त भिक्षुले मारलाई अन्धो बनाई सकेको छ, मारलाई अपदस्थ गरिसकेको छ, मार चक्षुलाई विनास गरि पापीमारको अदृश्य स्थानमा पुगिसकेको छ ।

"भिक्षु हो ! फेरि वितर्क विचारलाई उपशान्त गरी, आध्यात्मिक सम्प्रसाद भएको मनमा एकाग्र चित्त भई, वितर्क विचाररहित समाधिजः प्रीतिसुख भएको द्वितीयध्यान भिक्षुले पूर्ण गरि बस्दछ । भिक्षु हो ! उक्त भिक्षुको सम्बन्धमा यसो सम्झनुपर्दछ – उक्त भिक्षुले मारलाई अन्धो बनाई सकेको छ, मार लाई अपदस्थ गरिसकेको छ, मार चक्षुलाई विनास गरि पापीमारको अदृश्य स्थानमा पुगिसकेको छ ।

"भिक्षु हो ! फेरि प्रीतिलाई पनि त्यागी, उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ, जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछ, भिक्षुले यस्तो तृतीयध्यान पूर्ण गरि बस्दछ ।उक्त भिक्षुको सम्बन्धमा यसो सम्झनुपर्दछ – उक्त भिक्षुले मार लाई अन्धो बनाई सकेको छ, मारलाई अपदस्थ गरिसकेको छ, मार चक्षुलाई विनास गरि पापीमारको अदृश्य स्थानमा पुगिसकेको छ ।

"भिक्षु हो ! फेरि उक्त भिक्षुले सुखलाई पनि प्रहाण गरी दुःखलाई पनि प्रहाण गरी पहिले नै सौ मनस्य र दौर्मनस्यको अन्त गरेर, सुख र दुःख नभएको, उपेक्षाद्धारा उत्पन्न परिशुद्ध स्मृति भएको चतुर्थध्यान पूर्ण गरि बस्दछ । उक्त भिक्षुको सम्बन्धमा यसो सम्झनुपर्दछ – उक्त भिक्षुले मारलाई अन्धो बनाई सकेको छ, मारलाई अपदस्थ गरिसकेको छ, मार चक्षुलाई विनास गरि पापीमारको अदृश्य स्थानमा पुगिसकेको छ ।

"भिक्षु हो ! फेरि भिक्षुले सबै तरहको रूप संज्ञाको अतिक्रमण गरी, प्रतिघसंज्ञालाई अन्त गरी, नानात्वसंज्ञालाई मनन नगरी 'आकाश अनन्त हो' भनेर साधना गर्दै 'आकाशानन्त्यायतन (समापत्ति)' पूर्ण गरि बस्दछ । ..........(पूर्ववत्) ।

"भिक्षु हो ! फेरि भिक्षुले आकाशानन्त्यायन ध्यानलाई सर्वथा अतिक्रमण गरी 'विज्ञान अनन्त हो' भनेर साधना गर्दै 'विज्ञानानन्त्यायतन' ध्यान पूर्ण गरि बस्दछ ।..........(पूर्ववत्) ।

"भिक्षु हो ! फेरि भिक्षुले विज्ञानानन्त्यायनको सर्वथा अतिक्रमण गरी 'केही छैन' भनेर साधना गर्दै आकिञ्चन्यायतन ध्यान पूर्ण गरि बस्दछ ।। ..........(पूर्ववत्) ।

"भिक्षु हो ! फेरि भिक्षुले आकिञ्चन्यायतनको सर्वथा अतिक्रमण गरी नैवसंज्ञानासंज्ञायतन ध्यान पूर्ण गरि बस्दछ । ..........(पूर्ववत्) ।

"भिक्षु हो ! फेरि भिक्षुले नैवसंज्ञानासंज्ञायतनको समतिक्रमण गरी संज्ञावेदयितनिरोध (समापत्ति) ध्यान पूर्ण गरि बस्दछ । उसको सबै आस्रव प्रज्ञाको सहाराले क्षीण हुन्छन् । उक्त भिक्षुको सम्बन्धमा यसो सम्झनुपर्दछ – उक्त भिक्षुले मारलाई अन्धो बनाई सकेको छ, मार लाई अपदस्थ गरिसकेको छ, मार चक्षुलाई विनास गरि पापीमारको अदृश्य स्थानमा पुगिसकेको छ । ऊ लोकमा आशक्तिलाई तरिसकेको भई ऊ निश्चिन्त रूपले गईरहन्छ, निश्चिन्त रूपले उभिरहन्छ, निश्चिन्त रूपले बसिरहन्छ, निश्चिन्त रूपले लेटिरहन्छ । त्यसो के कारणले हुन्छ ? भिक्षु हो ! यिनीहरू मारले नदेख्ने ठाउँमा पुगिराखेकोले हो ।

२७. भगवान्ले यति भन्नु भयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

पासरासि-सुत्त समाप्त ।

# ३. महातण्हासङ्खय-सुत्त

(महातृष्णासंक्षयसूत्र)

१. विज्ञान सर्दै सर्दै जान्छ भन्ने साति भिक्षुको धारणा

https://dhamma.digital

१. यसो मैले सुनें । एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको आराम जेतवनमा बसिर ाख्नु भएको थियो । त्यस बेला साति नाम भएको केवट्टपुत्त (माझीको पुत्र) भिक्षुमा यस्तो गलत दृष्टि (धारणा) उत्पन्न भयो – भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु – 'त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।' कतिपय (अन्य) भिक्षुहरूले सुने – साति केवट्टपुत्त भिक्षुमा यस्तो गलत धारणा उत्पन्न भइरहेको छ – भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु – 'त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।' त्यसपछि ती भिक्षुहरू जहाँ साति केवट्टपुत्त बसेको छ त्यहाँ गए । त्यहाँ गएर (उनीहरूले) साति केवट्टपुत्तलाई यसो भने – ' आवुसो साति ! के तिमीमा साँच्चै यस्तो भ्रान्त धारणा उत्पन्न भइरहेको छ ?– भगवानले दिनुभएको उपदेश तिमीले यसरी जानेका छौ भनेको छौ? – त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सदै जान्छ, अर्को होइन ?

"हो, आवुसो ! भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु – त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।'

त्यसपछि ती भिक्षुहरूले साति केवट्टपुत्तमा रहेको गलत दृष्टि हटाउन चाहेर राम्ररी सोधपुच्छ गरे, केरकार गरे, राम्रोसँग सम्झाए – "आवुसो साति ! त्यसो नभन । भगवान्लाई यसो झूटो आरोप नलगाऊ । भगवान्लाई झूटो आरोप लगाउनु उचित हुँदैन । भगवान्ले कहिले पनि यसो भन्नुहुँदैन । आवुसो साति ! भगवान्ले अनेक तरहले विज्ञानलाई प्रतीत्य-समुत्पन्न (कार्य-कारणले उत्पन्न) हुने भन्नु भएको छ । प्रतीत्य (प्रत्यय, हेतु) बिना विज्ञान (चेतना) को प्रादुर्भाव हुँदैन ।"

ती भिक्षुहरूले यसरी राम्ररी सोधपुच्छ, केरकार गर तापनि, राम्ररी सम्झाए-बुझाए तापनि केवट्टपुत्त साति भिक्षुले त्यो गलत दृष्टिको जिरह छाडेन – 'भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको हुँ – त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।'

२. ती भिक्षुहरूले केवट्टपुत्त साति भिक्षुमा रहेको त्यो गलत दृष्टि हटाउन नसकेपछि उनीहरू जहाँ भगवान् रहनु भएको थियो, त्यहाँ गए । त्यहाँ भगवान्लाई अभिवादन गरी उनीहरू एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई यस्तो निवेदन गरे – "भन्ते ! केवट्टपुत्त साति भनिने भिक्षु एक जनामा यस्तो गलत दृष्टि उत्पन्न भएको छ – 'भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको हुँ – त्यही एउटा विज्ञान … (पूर्ववत्) होइन ।' "भन्ते,हामीहरुले सुन्यौं कि – साति केवट्टपुत्त भिक्षुमा यस्तो गलत धारणा उत्पन्न भइरहेको छ – भगवान्ले दिनुभएको उपदेश मै ले यसरी जानेको छु – 'त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।' त्यसपछि हामीहरु जहाँ साति केवट्टपुत्त बसेको थियो त्यहाँ गयौं । त्यहाँ गएर (हामीहरूले) साति केवट्टपुत्तलाई यसो भन्यौं – 'आवुसो साति ! के तिमीमा साँच्चै यसो भ्रान्त धारणा उत्पन्न भइरहेको छ ?– भगवानले दिनुभएको उपदेश तिमीले यसरी जानेका छौ भनेको छौ? – त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ?

भगवान् हामीले यसो भन्दा साति केवट्टपुत्तले "हो, आवुसो ! भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको छु – त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।'

त्यसपछि हामीहरुले साति केवट्टपुत्तमा रहेको गलत दृष्टि हटाउन चाहेर राम्ररी सोधपुच्छ गऱ्यौं, केरकार गऱ्यौं, राम्रोसँग सम्झायौं – "आवुसो साति ! त्यसो नभन । भगवान्लाई यसो झूटो आरोप नलगाऊ । भगवान्लाई झूटो आरोप लगाउनु उचित हुँदैन । भगवान्ले कहिले पनि यसो भन्नुहुन्न । आवुसो साति ! भगवान्ले अनेक तरहले विज्ञानलाई प्रतीत्य-समुत्पन्न (कार्य-कारणले उत्पन्न) हुने भन्नु भएको छ । प्रतीत्य (प्रत्यय, हेतु) बिना विज्ञान (चेतना) को प्रादुर्भाव हुँदैन ।"

हामीहरुले यसरी राम्ररी सोधपुच्छ, केरकार गर तापनि, राम्ररी सम्झाए-बुझाए तापनि केवट्टपुत्त साति भिक्षुले त्यो गलत दृष्टिको जिरह छाडेन – 'भगवान्ले दिनुभएको उपदेश मैले यसरी जानेको हुँ – त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ।' भन्ते ! हामीहरूले केवट्टपुत्त साति भिक्षुलाई राम्ररी सम्झाउँदा बुझाउँदा पनि (उसलाई) उसको यो गलत दृष्टि हटाउन नसकेकोले भगवान्मा यो कुरा निवदेन गरेका हौं ।"

३. अनि भगवान्ले कुनै एक जना भिक्षुलाई सम्बोधन गर्दै भन्नुभयो – "आऊ, भिक्षु ! तिमीले मेरो वचन बाट केवट्टपुत्त भिक्षुलाई भन – 'आवुसो साति ! शास्ताले तिमीलाई बोलाउनु भएको छ ।' "हवस् भन्ते !" भन्दै उक्त भिक्षु, केवट्टपुत्त साति भिक्षु जहाँ बसेको थियो, त्यहीं गयो । त्यहाँ गएर उसले भन्यो – "आवुसो ! शास्ताले तिमीलाई डाक्नु भएको छ ।" "हुन्छ, आवुसो !" भन्दै केवट्टपुत्त साति भिक्षु, जहाँ भगवान् बस्नु भएको थियो, त्यहाँ गयो । त्यहाँ भगवान्लाई अभिवादन गर्दै एक छेउमा बस्यो । एकातिर बसेका केवट्टपुत्त साति भिक्षुलाई भगवान्ले यसो भन्नुभयो – "आवुसो साति ! के तिमीमा साँच्चै यस्तो गलत धारणा (दृष्टि) उत्पन्न भइरहेको हो, – भगवान्ले दिनुभएको उपदेश तिमीले के यसरी जानेको छु (भनेका थियौ ?)"त्यही एउटा विज्ञान जन्मजन्मान्तर दौडिरहन्छ, सर्दैजान्छ, अर्को होइन ?'

"हो, भन्ते !"

"साति ! यो विज्ञान भनेको के हो ?"

"भन्ते ! यो जुन वक्ता, अनुभवकर्ता (छ त्यो) त्यो त्यो जन्ममा(जन्म लिएर) उसले असल, खराब कर्महरूका विपाकको अनुभव (भोग) गर्ने हो ।३०८"

"मोघपुरुष ! मैले त्यसरी उपदेश कसलाई दिइरहेको थिएँ, सो तिमीले सुनेका थियौ ? मोघपुरुष ! म त विज्ञानलाई अनेक प्रकारले प्रतीत्य-समुत्पन्न भन्दैछु, बिनाप्रत्यय विज्ञानको प्रादुर्भाव हुँदैन (भन्दै छु) । मोघपुरुष ! तिमी आफूले सही तरिकाले बुझ्न नसकेको कुरामा ममाथि आरोप लगाउँदैछौ, आफै लाई खाडल खनिरहेका छौ, अधिकाधिक पाप कमाउँदैछौ । मोघपुरुष ! यो (यस्तो धारणा) तिम्रो हकमा दीर्घकालसम्मका लागि अहितकर र दुःखदायी हुनेछ ।"

४. त्यसपछि भगवान्ले भिक्षुहरूलाई (यसरी) सम्बोधन गर्नुभयो – "भिक्षु हो ! तिमीहरू के सोच्छौ – के यो केवट्टपुत्त साति भिक्षु यो धर्मविनयमा बाफजति पनि (अल्प मात्रामा पनि) भएको भयो ?

"कहाँ हुन्छ र भन्ते ! हुन सक्दैन ।"

भिक्षुहरूले यस्तो उत्तर दिएपछि केवट्टपुत्त साति भिक्षु नबोलीकन मौन भई, खिन्न भई, कुम खुम्च्याएर, टाउको निहुराएर, घोसो मुन्टो लाएर चिन्तित भएर बस्यो । अनि भगवान्ले ··· चुप लागेको केवट्टपुत्त साति भिक्षुतिर हेरेर यसो भन्नुभयो – मोघपुरुष ! तिमी आफ्नो भ्रान्त धारणा बोध गर्नेछौ । (अहिले) यहाँ म भिक्षुहरूसँग सोध्छु ।"

अनि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो – "भिक्षु हो ! तिमीहरूले पनि के मैले यसो ··· धर्मोपदेश गरिरहेको देखेका छौ, जस्तो कि केवट्टपुत्त साति भिक्षुले आफूले ठम्याउन नसकेको कुरो लिएर ममाथि आरोप लगाइरहेको छ, आफैलाई खाडल खनिरहेको छ, अधिकाधिक पाप कमाइरहेछ ?"

"भन्ते ! देखेका छैनौं । भगवान्‌ले त हामीहरूलाई अनेक प्रकारले विज्ञान भनेको प्रतीत्य-समुत्पन्न हो, भन्नु भएको छ, बिना प्रत्यय विज्ञानको प्रादुर्भाव हुँदैन" (भन्नु भएको छ) ।

"साधु, साधु, भिक्षु हो ! यसरी मैले उपदेश दिएको धर्मलाई तिमीहरूले राम्ररी सही तरिकाले ' विज्ञान भनेको अनेक प्रकारले प्रतीत्य-समुत्पन्न हो, बिना प्रत्यय विज्ञानको प्रादुर्भाव हुँदैन' भनेर जानेका छौ । (तर) केवट्टपुत्त साति भिक्षुले आफूले ठीक तरिकाले राम्ररी बुझ्न नसकेको कुरोलाई लिएर मलाई आरोप लगाइरहेको छ, आफैलाई खाडल खनिरहेको छ, अधिकाधिक पाप कमाइरहेछ । यो उसको निमित्त चिरकालसम्मका लागि अहितकर र दु:खदायी हुनेछ ।"

२. सम्यक्‌दृष्टि : प्रतीत्यसमुत्पाद

५. "भिक्षु हो ! जुन जुन प्रत्यय (निमित्त) लाई कारण बनाएर विज्ञान उत्पन्न हुन्छ, त्यही त्यही प्रत्ययहरुको कारणले नै विज्ञान भन्ने संज्ञा हुन्छ । चक्षु (आँखा) र रुपहरुलाई कारण बनाएर विज्ञान उत्पन्न हुन्छ, त्यो चक्षुविज्ञान संज्ञा हुन्छ । श्रोत(कान) र शब्दहरुलाई कारण बनाएर विज्ञान उत्पन्न हुन्छ, त्यो श्रोतविज्ञान संज्ञा हुन्छ । घ्राण (नाक) र गन्धलाई ··· घ्राणविज्ञान संज्ञा हुन्छ । जिह्वा (जिब्रो) र रसलाई ······ जिह्वाविज्ञान संज्ञा हुन्छ । काय (शरीर) र स्पर्शलाई········· कायविज्ञान संज्ञा हुन्छ । मन र धर्मलाई··· ··· मनोविज्ञान संज्ञा हुन्छ ।"

"भिक्षु हो ! जस्तो कि – जुन जुन प्रत्यय (निमित्त) लाई कारण बनाएर आगो जल्छ (उत्पन्न हुन्छ), त्यही त्यही प्रत्ययहरुको कारणले (आगोको) संज्ञा हुन्छ । दाउरालाई बालेर(कारण बनाएर) आगो उत्पन्न हुन्छ, त्यसको संज्ञा दाउरे-आगो हुन्छ । चोयालाई बालेर(कारण बनाएर) आगो उत्पन्न हुन्छ, त्यसको संज्ञा चोया-आगो हुन्छ । घाँसलाई बालेर(कारण बनाएर)आगो उत्पन्न हुन्छ, त्यसको संज्ञा घाँसे-आगो हुन्छ । गुइँठाहरूलाई बालेर(कारण बनाएर) आगो उत्पन्न हुन्छ, त्यसको संज्ञा गुइँठेआगो हुन्छ । भुसलाई बालेर(कारण बनाएर) आगो उत्पन्न हुन्छ, त्यसको संज्ञा भुसे-आगो हुन्छ । काईलालाई बालेर (कारण बनाएर) आगो उत्पन्न हुन्छ, त्यसको संज्ञा कोईले-आगो हुन्छ । भिक्षु हो ! त्यसरीनै जुन जुन प्रत्यय (निमित्त) लाई कारण बनाएर विज्ञान उत्पन्न हुन्छ, त्यही त्यही प्रत्ययहरुको कारणले नै विज्ञान भन्ने संज्ञा हुन्छ । चक्षु (आँखा) र रुपहरुलाई कारण बनाएर विज्ञान उत्पन्न हुन्छ, त्यो चक्षुविज्ञान संज्ञा हुन्छ । श्रोत (कान) र शब्दहरुलाई कारण बनाएर विज्ञान उत्पन्न हुन्छ, त्यो श्रोतविज्ञान संज्ञा हुन्छ । घ्राण (नाक) र गन्धलाई ··· घ्राणविज्ञान संज्ञा हुन्छ । जिह्वा (जिब्रो) र रसलाई ······ जिह्वाविज्ञान संज्ञा हुन्छ । काय (शरीर) र स्पर्शलाई········· कायविज्ञान संज्ञा हुन्छ । मन र धर्मलाई ··· ··· मनोविज्ञान संज्ञा हुन्छ ।"

३. धर्म भनेको डुङ्गासमान

६. "भिक्षु हो ! 'यो(पाँचवटा स्कन्ध) उत्पन्न भयो' भनि देखेका (मनन गरेका) छौ ?"

"'देखेका छौं, भन्ते !"

"भिक्षु हो ! त्यो पञ्चस्कन्ध आहार(=कारण)बाट उत्पन्न भएको भनि देखेका छौ ?"

"देखेका छौं, भन्ते !"

"भिक्षु हो ! त्यो आहार(कारण)को निरोध हुनाले उत्पन्न भएको पञ्चस्कन्ध निरोध हुने स्वभाव छ भनि देखेका छौ ? "देखेका छौं, भन्ते !"

"भिक्षु हो ! यो(पञ्चस्कन्ध) अगि उत्पन्न भएको थियो कि थिएन कि भनि शङ्का (विचिकित्सा, सन्देह) उत्पन्न हुन्छ? "हुन्छ, भन्ते !"

“भिक्षु हो ! त्यो पञ्चस्कन्ध आहार (कारणबाट) उत्पन्न हुन्छ कि हुँदैन भनि शङ्का (विचिकित्सा, सन्देह) उत्पन्न हुन्छ ?

“हुन्छ, भन्ते !”

“भिक्षु हो ! त्यो आहार(कारण)को निरोध हुनाले उत्पन्न भएको पञ्चस्कन्ध निरोध हुने स्वभाव छ कि छैन भनि शङ्का (विचिकित्सा, सन्देह) उत्पन्न हुन्छ ?”

“हुन्छ, भन्ते !”

“भिक्षु हो ! त्यो पञ्चस्कन्ध आहार (कारणबाट) उत्पन्न हुन्छ भनि प्रज्ञाले राम्ररी देख्ने बेलामा शङ्का निवारण हुन्छ, कि हुँदैन ?”

“हुन्छ, भन्ते !”

“भिक्षु हो ! त्यो आहार(कारण)को निरोध हुनाले उत्पन्न भएको पञ्चस्कन्ध निरोध हुने स्वभाव छ भनि प्रज्ञाले राम्ररी देखेपछि शङ्का निवारण हुन्छ, कि हुँदैन ?”

“हुन्छ, भन्ते !”

“भिक्षु हो ! यो(पञ्चस्कन्ध) उत्पन्न भएको हो, भन्ने कुरोमा तिमीहरूनिराशङ्का भयौ?”

“ भयौं, भन्ते !”

“भिक्षु हो ! त्यो पञ्चस्कन्ध आहार (कारणबाट) उत्पन्न हुन्छभन्ने कुरोमा तिमीहरूनिराशङ्का भयौ ?

“ भयौं भन्ते !”

“भिक्षु हो ! त्यो आहार(कारण)को निरोध हुनाले उत्पन्न भएको पञ्चस्कन्ध निरोध हुने स्वभाव छ भन्ने कुरोमा तिमीहरूनिराशङ्का भयौ?

“भयौं, भन्ते !”

“भिक्षु हो ! यो(पञ्चस्कन्ध) उत्पन्न भयो भनि सम्यक ज्ञानले यथाभुत राम्ररी देख्यौ(मनन गर्‍यौ) ?

“देख्यौं, भन्ते !”

“भिक्षु हो ! त्यो पञ्चस्कन्ध आहार (कारणबाट) उत्पन्न हुन्छ भनि सम्यक ज्ञानले यथाभुत राम्ररी देख्यौ(मनन गर्‍यौ) ?

“देख्यौं, भन्ते !”

“भिक्षु हो ! त्यो आहार(कारण)को निरोध हुनाले उत्पन्न भएको पञ्चस्कन्ध निरोध हुने स्वभाव छ भनि सम्यक ज्ञानले यथाभुत राम्ररी देख्यौ(मनन गर्‍यौ) ?

“देख्यौं, भन्ते !”

“भिक्षु हो ! तिमीहरु यस्तो परिशुद्ध, स्वच्छ दृष्टिमा यदि आसक्त रहन्छौं, (त्यसैमा) रमाउँछौ, ‘आफ्नो(धन-सम्पत्ति) जस्तै ठान्छौ, मेरो, मेरो झैं गरेर बस्छौ भने भिक्षु हो ! तिमीहरु थन्काई राख्नको लागि नभई पार तर्नको लागि देशना गरिएको, पटेला उदाहरण भएको धर्मलाई जानेका हुन्छौ ?

“जोनेका हुँदैनौ, भन्ते !”

“भिक्षु हो ! तिमीहरु यस्तो परिशुद्ध, स्वच्छ दृष्टिमा यदि आसक्त रहँदैनौ, (त्यसैमा) र माउदैनौ, ‘आफ्नो(धन-सम्पत्ति) जस्तै ठाँन्दैनौ, मेरो, मेरो भन्नै गरेर बस्दैनौ भने भिक्षु हो ! तिमीहरु थन्काई राख्नको लागि नभई पार तर्नको लागि देशना गरिएको, पटेला उदाहरण भएको धर्मलाई जानेका हुन्छौ ?

“जोनेका हुन्छौं, भन्ते !”

७. “भिक्षु हो ! उत्पन्न भैसकेका प्राणीहरू स्थीर हुन(बाँच्न) का लागि, उत्पन्न भईराखेका प्र ाणीहरूको सहायता (अनुग्रह) का लागि चार प्रकारका आहार छन् । के-के चार प्रकारका ?(पहिलो)स्थूल पनि सूक्ष्म पनि, गाँस बनाएर खान हुने कवलीकार आहार, दोस्रो स्पर्श आहार, तेस्रो मन:संचेतन, र चौ थो विज्ञान।”

“भिक्षु हो ! यी चार थरी आहारको निदान (हेतु, कारण) के हो, समुदय के हो ? यिनीहरू केबाट जन्मेका (उत्पन्न भएका) हुन् ? यिनीहरू केबाट समुद्भूत हुन्छन् ? यिनीहरूको निदान तृष्णा हो, यिनीहरूको समुदय तृष्णा हो । तृष्णाबाटै यिनीहरू उत्पन्न भएका हुन् । तृष्णाबाटै यिनीहरू समुद्भूत भएका हुन् । भिक्षु हो ! यो तृष्णाको हेतु (कारण) के हो, समुदय के हो ? जाति के हो ? केबाट समुद्भूत हुने हो ?तृष्णाको निदान वेदना हो, .......भिक्षु हो ! वेदनाको निदान के हो ?...... वेदनाको निदान स्पर्श हो ··· । भिक्षु हो ! स्पर्शको निदान के हो ? ··· स्पर्शको निदान षडायतन हो ··· । भिक्षु हो ! षडायतनको निदान के हो ?··· षडायतनको निदान नामरूपहो ··· । भिक्षु हो ! नामरूपको निदान के हो ? ··· नामरूपको निदान विज्ञान हो··· । भिक्षु हो ! विज्ञानको निदान के हो ? ··· विज्ञानको निदान संस्कार हो ··· । भिक्षु हो ! संस्कारको निदान के हो ? ··· संस्कारको निदान अविद्या हो··· ।”

भिक्षु हो ! यसरी (यस पूरा प्रकरणलाई संक्षेपमा यसो भन्न सकिन्छ) – अविद्याको कारण (=प्र त्यय) बाट संस्कार उत्पन्न हुन्छ, संस्कारको कारणबाट विज्ञान, विज्ञानको कारणबाट नामरूप, नामरूपको कारणबाट षडायतन, षडायतनको कारणबाट स्पर्श, स्पर्शको कारणबाट वेदना, वेदनाको कारणबाट तृष्णा, तृष्णाको कारणबाट उपादान, उपादानको कारणबाट भव, भवको कारणबाट जाति (जन्म), जातिको कारणबाट जरा, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य (मानसिक दु:ख) उपायास उत्पन्न हुन्छन् । यसरी यो केवल दु:खस्कन्ध(=समूह) को समुदय (=उत्पत्ति) हुन्छ ।”

८. “भिक्षु हो ! जाति (जन्म) को कारणबाट जरामरण उत्पन्न हुन्छ, भनेर जुन मैले भनें, भिक्षु हो ! त्यसरी (जातिबाट) जरामरण आउँछ (उत्पन्न) हुन्छ, कि हुँदैन ?” यसमा तिमीहरुलाई कस्तो लाग्छ ?

“जातिको कारणबाट जरामरण (उत्पन्न) हुन्छ, भन्ते ! हामीहरूलाई पनि यस्तै लागेको छ – जातिकै कारणबाट जरामरण (उत्पन्न) हुन्छ ।”

“भिक्षु हो ! भवको कारणबाट जाति हुन्छ, भनेर जुन मैले भनें, भिक्षु हो ! तदनुसार भवको कार णबाट जाति हुन्छ, कि हुँदैन ?”यसमा तिमीहरुलाई कस्तो लाग्छ ?

“भवको कारणबाट जाति हुन्छ, भन्ते ! हामीहरूलाई पनि त्यस्तै लाग्छ – भवको कारणबाट जाति हुन्छ ।”

“भिक्षु हो ! उपादनको कारणबाट भव ··· हुन्छ, कि हुँदैन ?” “ ··· भव हुन्छ ।”

“भिक्षु हो ! तृष्णाको कारणबाट उपादान ··· हुन्छ, कि हुँदैन ?” “ ··· उपादान हुन्छ ।”

"भिक्षु हो ! वेदनाको कारणबाट तृष्णा ··· हुन्छ, कि हुँदैन ?" " ··· तृष्णा हुन्छ ।"

"भिक्षु हो ! स्पर्शको कारणबाट वेदना ··· हुन्छ, कि हुँदैन ?" " ··· वेदना हुन्छ ।"

"भिक्षु हो ! षडायतनको कारणबाट स्पर्श ··· हुन्छ, कि हुँदैन ?" " ··· स्पर्श हुन्छ ।"

"भिक्षु हो ! नामरूपको कारणबाट षडायतन ··· हुन्छ, कि हुँदैन ?" " ··· षडायतन हुन्छ ।"

"भिक्षु हो ! विज्ञानको कारणबाट नामरूप··· हुन्छ, कि हुँदैन ?" " ··· नामरूप हुन्छ ।"

"भिक्षु हो ! संस्कारको कारणबाट विज्ञान ··· हुन्छ, कि हुँदैन ?" " ··· विज्ञान हुन्छ ।"

"भिक्षु हो ! अविद्याको कारणबाट संस्कार ··· हुन्छ, कि हुँदैन ?" " ··· संस्कार हुन्छ ।"

९. "साधु, भिक्षु हो ! तिमीहरू पनि यसै भन्ने गर, म पनि यसै भन्छु – 'सो भएपछि यो हुन्छ, यसको उत्पतिद्धारा यो उत्पन्न हुन्छ – जस्तो कि अविद्याको कारणबाट संस्कार, संस्कारको कारणबाट विज्ञान, विज्ञानको कारणबाट नामरूप, नामरूपको कारणबाट षडायतन, षडायतनको कारणबाट स्पर्श, स्पर्शको कारणबाट वेदना, वेदनाको कारणबाट तृष्णा, तृष्णाको कारणबाट उपादान, उपादानको कारणबाट भव, भवको कारणबाट जाति (जन्म), जातिको कारणबाट जरामरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायास (उत्पन्न) हुन्छन् । यसरी यो केवल दु:खस्कन्ध (समूह) को समुदय हुन्छ ।"

अविद्याकै अशेष विराग निरोध हुनाले संस्कार निरोध हुन्छ, संस्कार निरोध हुनाले विज्ञान निरोध हुन्छ । विज्ञानको निरोध हुनाले नामरुप निरोध हुन्छ, नामरुपको निरोध हुनाले षडायतन निरोध हुन्छ । षडायतनको निरोध हुनाले स्पर्श निरोध हुन्छ । स्पर्शको निरोध हुनाले वेदना निरोध हुन्छ । वेदनाको निरोध हुनाले तृष्णा निरोध हुन्छ । तृष्णाको निरोध हुनाले उपादानको निरोध हुन्छ । उपादानको निरोध हुनाले भवको निरोध हुन्छ । भवको निरोध हुनाले जाति निरोध हुन्छ । जातिको निरोधबाट जरा मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, उपायासहरू निरोध हुन्छन् । यसरी केवल दु:ख स्कन्धको निरोध हुन्छ ।

१०. "जातिको निरोध भएबाट जरामरणको निरोध हुन्छ, भनेर जुन मैले भनें, भिक्षु हो ! तदनुसार जातिको निरोधबाट जरामरणको निरोध हुन्छ कि हुँदैन ?"यसमा तिमीहरुलाई कस्तो लाग्छ ?

''जातिको निरोधबाट जरामरणको निरोध हुन्छ, भन्ते ! हामीलाई पनि यस्तै लाग्छ । जातिकै निरोधबाट जरामरणको निरोध हुन्छ ।''

"भवको निरोधबाट जातिको निरोध ··· हुन्छ, कि हुँदैन ?" " ··· जातिको निरोध हुन्छ ।"

"उपादानको निरोधबाट भवको निरोध ··· हुन्छ, कि हुँदैन ?" " ··· भवको निरोध हुन्छ ।"

"तृष्णाको निरोधबाट उपादानको निरोध ··· हुन्छ, कि हुँदैन ?" " ··· उपादानको निरोध हुन्छ ।"

"वेदनाको निरोधबाट तृष्णाको निरोध ··· हुन्छ, कि हुँदैन ?" " ··· तृष्णाको निरोध हुन्छ ।"

"स्पर्शको निरोधबाट वेदनाको निरोध ··· हुन्छ, कि हुँदैन ?" " ···वेदनाको निरोध हुन्छ ।"

"षडायतनको निरोधबाट स्पर्शको निरोध ··· हुन्छ, कि हुँदैन ?" " ··· स्पर्शको निरोध हुन्छ ।"

https://dhamma.digital

“नामरूपको निरोधबाट षडायतनको निरोध ··· हुन्छ, कि हुँदैन ?” “ ··· षडायतनको निरोध हुन्छ ।”

“विज्ञानको निरोधबाट नामरूपको निरोध ··· हुन्छ, कि हुँदैन ?” “ ··· नामरूपको निरोध हुन्छ ।”

“संस्कारको निरोधबाट विज्ञानको निरोध ··· हुन्छ, कि हुँदैन ?” “ ··· विज्ञानको निरोध हुन्छ ।”

“अविद्याको निरोधबाट संस्कारको निरोध हुन्छ, भनेर जो मैले भनें, भिक्षु हो ! तदनुसार अविद्याको निरोधबाट संस्कारको निरोध हुन्छ कि हुँदैन ।” यसमा तिमीहरुलाई कस्तो लाग्छ ?

अविद्याको निरोधबाट संस्कारको निरोध हुन्छ, भन्ते ! हामीलाई पनि यस्तै लाग्छ । अविद्याकै निरोधबाट संस्कारको निरोध हुन्छ ।

११. “साधु, भिक्षु हो ! तिमीहरूले पनि यसै भन्ने गर, म पनि यसै भन्छु – यो नभएबाट यो हुँदैन, यसको निरोध हुनाले, यो निरोध हुन्छ । जस्तो कि– अविद्याको निरोधबाट संस्कारको निरोध हुन्छ, संस्कारको निरोधबाट विज्ञानको निरोध हुन्छ, विज्ञानको ··· पूर्ववत् ··· जातिको निरोध हुन्छ, जातिको निरोधबाट जरामरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासहरू निरोध हुन्छन् । यसरी केवल दुःखस्कन्धको निरोध हुन्छ ।”

“भिक्षु हो ! यसरी (माथि बताएको क्रमअनुसार) देखे-बुझेका तिमीहरू के अतीतको प्रारम्भिक छेउ (अर्थात् पूर्व जन्महरूको प्रारम्भ वा अन्त) तिर दौडिरहन्छौ? – ‘अहो ! के हामीहरू अतीत कालमा (अस्तित्वमा) रहेका थियौं कि अतीत कालमा रहेका थिएनौं ?’ अतीत कालमा हामीहरू के थियौं ? अतीत कालमा हामी कस्ता थियौं ? अतीत कालमा हामीहरू के-भएर के भएका थियौं ?”

“यस्तो हुँदैन, भन्ते!”

“भिक्षु हो ! यसरी देखे-बुझेका तिमीहरू भविष्यको छेउ(पुनर्जन्महरूको अन्त) तिर दौडिरहन्छौ ? – ‘अहो ! के हामीहरू भविष्यमा (अस्तित्वमा) रहने हौं कि रहने होइनौं ? भविष्यमा हामीहरू के हुने हौं ?’ भविष्यमा हामी कस्ता हुने होला ? भविष्यमा हामीहरूके-भएर के हुनेछौं?”

“यस्तो हुँदैन, भन्ते!”

“भिक्षु हो ! यसरी देखे-बुझेका तिमीहरू वर्तमान कालमा अध्यात्मिक सन्तानमा शंका गर्छौ ? – ‘अहो ! के हामी (अस्तित्वमा) छौं ?अथवा के हामी (अस्तित्वमा) छैनौं ?··· हामी कस्ता छौं ? यो सŒव (प्राणी) कहाँबाट आयो ? अनि कहाँ जान्छ होला ?”

“यस्तो हुँदैन, भन्ते!”

“भिक्षु हो ! यसरी देखे-बुझेका तिमीहरू यसो भनेर त बस्ने होइनौ ?– ‘शास्ता हाम्रा गुरु हुनुहुन्छ, शास्तालाई गौरव राख्नका लागि नै हामीहरू यसो भनिरहेका छौं ?”

“यस्तो हुँदैन, भन्ते !”

“भिक्षु हो ! यसरी देखे-बुझेका तिमीहरू के यसो भनिरहेका त होइनौ ? श्रमण हुनु भएका भगवान बुद्धले यसरी भन्नु भएको छ, श्रमण नाम भएका हामीहरु पनि यसरी नै भन्छौं ।”

“होइन, भन्ते !”

“भिक्षु हो ! यसरी देखे-बुझेका तिमीहरू के अर्को शास्तालाई देखाउने त होइनौ ?”

“होइन, भन्ते !”

"भिक्षु हो ! यसरी देखे-बुझेका तिमीहरू नाना थरीका श्रमण ब्राह्मणहरूका व्रत, कुतूहल, मङ्गल (सम्बन्धी क्रिया) आदिलाई सार ठानेर ग्रहण (धारण, स्वीकार) गर्ने हौ कि ?"

"होइन, भन्ते !"

"भिक्षु हो ! तिमीहरू जे भन्दैछौ, सो सबै तिमीहरूले जानेर, देखेर, आफैंले अनुभव गरेर मात्र बताइरहेका छौ ?"

"हो, भन्ते !"

"साधु, भिक्षु हो ! मैले तिमीहरूलाई, सन्दिट्ठिक(आफैले जान्न बुझ्न सक्ने), अकालिक(अहिलेको अहिल्यै फल दिन सक्ने), एहिपस्सिक(आउ हेर भन्न मिल्ने), ओपनेय्यिक(आफ्नो तनमनमा धारण गर्न योग्य), पच्चतं वेदितब्बो विञ्यूहि(प्रज्ञावानहरुले मात्र आफू आफूमा जान्न बुझ्न सक्ने) धर्मद्धारा निर्वाण नजिक पुऱ्याईसकेको छु । भिक्षु हो ! सन्दिट्ठिक.......विञ्यूहि धर्म हो भनेर जुन मैले भनेको छु, यो यसै (आफैले जान्न बुझ्न सक्ने.............) कारणलाई लिएर भनेको हुँ ।

१३. "भिक्षु हो ! तीनवटा कुरा जोडिँदा गर्भधारण हुन्छ – (१) यहाँ आमाबाबुको संयोग भए पनि आमा ऋतुमती छैनन् र गन्धर्व (आमाको कोखमा आउन योग्य प्राणी) उपस्थित भएन भने गर्भधारण हुँदैन । (२) आमाबाबुको संयोग भए पनि, आमा ऋतुमती भए पनि गन्धर्व उपस्थित भएन भने गर्भधार ण हुँदैन । (३) आमाबाबुको संयोग पनि भयो, आमा ऋतुमती पनि भई, गन्धर्व पनि उपस्थित भयो भने गर्भधारण हुन्छ । भिक्षु हो ! अनि त्यो गऱ्हुँङ्गो गर्भलाई आमाले ठूलो संयमका साथ नौ दश महिना पछि जन्माउँछ । त्यसपछि भिक्षु हो ! त्यो नवजात शिशुलाई आमाले आफ्नै रगतले पोषण गर्दछिन् । भिक्षु हो ! आर्यहरूको विनयमा (बुद्ध शासनमा)आमाको दूध भनेको रगत हो । भिक्षु हो ! अनि त्यो बच्चा (कुमार ) ठूलो हुँदै इन्द्रिय परिपक्व भएपछि जोटेर खेल्ने सानो हलो, लट्ठी चाल, मोक्खचिक (gymnastic), चिङगुलक(कागजको पंखा), पत्ताल्हक(पातको कचौरा), रथक(खेलौना रथ), धनुक(खेलौना धनुष) आदि खेलौनाहरू लिएर उसले खेल्छ । भिक्षु हो ! त्यो बच्चा झन् झन् ठूलो हुँदा, इन्द्रिय परिपक्व हुँदा (तिनमा) संलिप्त भईकन पञ्चकाम गुण (विषयभोग) – चक्षुविज्ञेय, इष्ट, कान्त, मनाप, प्रिय, कामनायुक्त रञ्जनीय रूप, श्रोतविज्ञेय ··· शब्द, घ्राणविज्ञेय ··· गन्ध, जिह्वाविज्ञेय ··· रस, कायविज्ञेय ··· स्पर्शहरुमा समर्पित भई सेवन गर्दछ ।"

१४. त्यसपछि त्यो बच्चा आँखालाई प्रिय लाग्ने रूपलाई हेरेर आशक्त हुन्छ, अप्रिय रूपलाई हेरेर रिशाउँछ । उसले कायगता स्मृति अनुपस्थित भई सानो मन लिएर बस्छ । जहाँ पापी अकुशल धर्महरु अशेष निरोध हुन्छ, त्यो चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई यथार्थ रुपमा जान्दैन । यसरी त्यो अनुरोध विरोध (मन परेकोमा आशक्त हुने, मन नपरेकोमा रिसाउने)मा पुगेर जस्तो सुकै सुखद वा दुःखद वा अदुःखद असुखद वेदना अनुभव गरे तापनि उसले त्यसको अभिनन्दन गरिरहन्छ, त्यसैको प्र शंसा (अभिवादन) गरिरहन्छ, त्यसैमा डुबिरहन्छ । यसरी अभिनन्दन गर्दागर्दै, प्रशंसा गर्दागर्दै, डुब्दाडुब्दै उसमा नन्दी (तृष्णा) उत्पन्न हुन्छ । जुन वेदनाहरुमा उत्पन्न हुने नन्दि तृष्णा छ त्यो नै उपादान हो । त्यो उपादानको कारणबाट भव,भवको कारणबाट जाति, जाति (=जन्म) को कारणबाट जरा, मरण, शोक, परिदेव, दुःख दौर्मनस्य, उपायास उत्पन्न हुन्छन् । यसरी केवल यो दुःखस्कन्धको समुदय हुन्छ ।

उसले श्रोत (कान) लाई प्रिय लाग्ने शब्द सुनेर ···३११

उसले घ्राण (नाक) लाई प्रिय लाग्ने गन्ध सुँघेर ···

उसले जिह्वा(जिब्रो) लाई प्रिय लाग्ने रसको स्वाद लिएर ···

उसले काय(शरीर) लाई प्रिय लाग्ने स्प्रष्टव्य छोएर ···

https://dhamma.digital

उसले मनलाई प्रिय लाग्ने धर्म जानेर ⋯ उपायासहरू उत्पन्न हुन्छन् । यसरी यो केवल दुःखस्कन्धको समुदय हुन्छ ।

१५. "भिक्षु हो ! यहाँ तथागत, अर्हत् सम्कयुसम्बुद्ध विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथि, देव-मनुष्यका शास्ता, बुद्ध भगवान्‌को यस लोकमा उत्पत्ति हुन्छ । उहाँले देव-मार,ब्र ह्मसहित यस लोकलाई, श्रमण ब्राह्मणदेव-मनुष्यसहित प्रजालाई, स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरि धर्मोपदेश दिनुहुन्छ । उहाँ आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ । उहाँ अर्थयुक्त र व्यञ्जनयुक्त सबै परिपूर्ण भएको परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ । अनि त्यो धर्म गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागतप्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ – 'घरवास साँघुरो छ, क्लेशरुपि धुलो युक्त पथ जस्तो हो । प्रव्रजित हुनु खुला आकाशजस्तै हो । घरमा बसेर परिपूर्ण रूपले परिशुद्ध रूपले शङ्खजस्तै सफा ब्रह्मचर्य[३१२](श्रेष्ठचर्या) को पालन गर्नु सजिलो काम होइन । अतः किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहोऊँ ?' अनि पछि गएर ऊ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी थोरै वा धेरै ज्ञाति परिवारहरूलाई त्यागी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ ।"

१६. "यसरी प्रव्रजित (साधक भिक्षु) भएर भिक्षुहरूको शिक्षा-सदाचार ग्रहण गरेर, (१) प्राणी-हिंसालाई त्यागी प्राणी-हिंसाबाट विरत भई बस्छ । दण्डरहित शस्त्ररहित लज्जालु दयालु तथा सबै प्र ाणीहरूप्रति हितानुकम्पी भई बस्छ । (२) चोरकर्म (अदिन्नादान, अदत्तादान) त्यागी चोरकर्मबाट विरत भई बस्छ । दिएको वस्तु मात्र ग्रहण गर्ने, दिएको वस्तु मात्रको प्रतीक्षा गर्ने भई नचोर्ने परिशुद्ध आत्मभाव लिएर बस्छ । (३) अब्रह्मचर्यलाई त्यागी ब्रह्मचारी हुन्छ – मैथुनधर्म, ग्रामधर्मबाट टाढा र ही मैथुनधर्मबाट विरत भई बस्छ । (४) मृषावादलाई त्यागी मृषावादबाट विरत भई बस्छ । सत्यवादी, सत्यसन्धि भई स्थीर वाची, विश्वसनीय वाची लोकलाई नछल्ने भई बस्छ । (५) चुक्ली (पैशुन्य) बोलीलाई छाडी, चुक्ली बोलीबाट विरत हुन्छ । यताको कुरा सुनी उता भन्न जाँदैन– यिनीहरूलाई भेद गराउन (फूट पार्न) को निमित्त, उताको कुरा सुनी यता भन्न आउँदैन– उनीहरूलाई भेद गराउनको निमित्त, बरु भेदभिन्न भएकालाई मिलाउने र मेलमिलाप भएकालाई प्र ोत्साहित पार्ने हुन्छ, अनि मेलमिलापमा आनन्दित, मेलमिलापमा रत, मेलमिलापमा खुसी मान्ने र मेलमिलापको कुरा गर्ने हुन्छ । (६) फरुषवाचा (चित्त दुख्ने वचन) त्यागी, फरुषवाचाबाट विरत रहन्छ । जुन वाचा निर्दोषपूर्ण हुन्छ–सुन्दा आनन्द आउने, स्नेहमयी, हृदयङ्गम, शिष्टसम्पन्न, सबैले मन पर ाउने, सबैले रुचाउने-यस्तो वाचा बोल्ने हुन्छ । (७) सम्फपलाप (निरर्थक कुरा) लाई त्यागी, सम्फपलापबाट विरत रहन्छ । कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी, निधानवती-वाचा बोल्ने हुन्छ । त्यो पनि उचित समयमा कारण देखाई, औचित्ययुक्त, अन्त भएको अर्थयुक्त कुरा गर्दछ ।

१७. "ऊ (८) बीउहरू र विरुवाहरू नष्ट गर्ने कुराबाट अलग रहन्छ । (९) एक छाक खाने हुन्छ । रातमा खाने भोजन र विकाल भोजनबाट अलग रहन्छ । (१०) नाच-गान-बाजा तथा अन्य प्रदर्शनी हेर्नबाट पनि अलग रहन्छ । (११) माला-लेपन-धारण (अलङ्कार लगाउने), मण्डन (श्रृङ्गार गर्ने), विभूषणादिबाट पनि अलग रहन्छ । (१२) उच्चासन, महासनबाट अलग रहन्छ । (१३) सुन (जात रूप), चाँदी (रजत=मुद्रा) ग्रहण गर्नबाट अलग रहन्छ । (१४) काँचो धान्यवर्ग ग्रहण गर्नबाट अलग रहन्छ । (१ ५) काँचो मासु ग्रहण गर्नबाट अलग रहन्छ । (१६) स्त्री, कुमारी ग्रहण गर्नबाट अलग रहन्छ । (१७) दास, दासी ग्रहण गर्नबाट अलग रहन्छ । (१८) भेडा, बाखा ग्रहण गर्नबाट अलग रहन्छ । (१९) कुखुर ा, सुँगुर ग्रहण गर्नबाट अलग रहन्छ । (२०) हात्ती, गाई, घोडी खच्चर ग्रहण गर्नबाट अलग रहन्छ । (२१

) खेत ग्रहण गर्नबाट अलग रहन्छ । (२२) दौत्य कामहरूबाट अलग रहन्छ । (२३) क्रय-विक्रयबाट अलग रहन्छ । (२४) तुलाकूट (तराजुमा छल्ने), कंसकूट (सुन भनी छल्ने), मानकूट (माना पाथीमा छल्ने) बाट अलग रहन्छ । (२५) घूस लिने, वञ्चना गर्ने, ठग्ने (निकति) तथा कुटिलताबाट अलग रहन्छ । (२६) छेदन (हातखुट्टा काट्ने), वध (मार्ने, पिट्ने), बन्धन (बाँध्ने), हमला गर्ने, लुट्ने, डकैती गने र साहसिला काम (बलात्कार आदि काम) बाट अलग रहन्छ ।

१८. " त्यो भिक्षु शरीर ढाक्नेसम्मको चीवरले सन्तुष्ट हुन्छ । पेटभरिको भोजनले सन्तुष्ट हुन्छ । जहाँ-जहाँ ऊ जान्छ, पात्र र चीवर साथमा लिएर जान्छ । भिक्षु हो ! जस्तै – पखेटा भएको पंक्षी जहाँ-जहाँ जान्छ, त्यहाँ-त्यहाँ आफ्नो पंक्षभार (पखेटा) लिएर उड्छ । त्यसरी नै भिक्षु पनि शरीर ढाक्नेसम्मको चीवरबाट सन्तुष्ट हुन्छ । पेटधान्ने(मात्रको) भोजनले सन्तुष्ट हुन्छ र जहाँ गए पनि आफ्नो पात्र-चीवर साथै लिएर हिंड्छ ।"

१९. "त्यो भिक्षु (१) चक्षुले रूप हेर्दा निमित्त (स्त्री,पुरुष भन्ने निमित्त) ग्राही हुँदैन, न व्यञ्जन - (हात खुट्टा इत्यादि अङ्गप्रत्यङ्ग )ग्राही हुन्छ, बरु चक्षुरिन्द्रिय असंयमी हुँदा जुन अभिध्या (लोभ) दौर्मनस्य पाप अकुशल धर्महरू(चित्तहरू) उत्पन्न हुन्छन्, तिनको निवारणको निमित्त प्रयत्न गर्छ, चक्षुइन्द्रियको र क्षा गर्छ र चक्षुरिन्द्रियमा संयम गरी बस्छ । (२) श्रोतले शब्द सुन्दा निमित्तग्राही हुँदैन, ··· (पूर्ववत्) ··· (३) घ्राणले गन्ध सुँघ्दा निमित्तग्राही हुँदैन, ··· (पूर्ववत्) ··· (४) जिह्वाले रसास्वाद लिंदा निमित्तग्राही हुँदै न, ··· (पूर्ववत्) ··· (५) कायले स्पर्श गर्दा निमित्तग्राही हुँदैन, ··· (पूर्ववत्) ··· (६) मनले मनको विषय (धर्म) जान्दा निमित्तग्राही हुँदैन, न व्यञ्जनग्राही हुन्छ । बरु मनेन्द्रिय असंयमी हुँदा जुन अभिध्या, दौ र्मनस्य, पापक अकुशल धर्महरू उत्पन्न हुन्छन्, तिनको निवारण लागि प्रयत्न गर्छ, मनेन्द्रियकोरक्षा गर्छ र मनेन्द्रियमा संयम गरी बस्छ । यस्ता आर्य इन्द्रिय संवरले युक्त भई उसले आफूमा निर्मल सुखको अनुभव गर्छ ।"

"त्यो भिक्षु जाँदा वा आउँदा सम्पजान-ज्ञानले शचेत भई गर्छ । अगाडि वा पछाडि यताउता हेर्दा सम्पजान-ज्ञानले शचेत भई गर्छ । हात-खुट्टा खुम्च्याउँदा वा पसार्दा सम्पजान-ज्ञानले शचेत भई गर्छ । सङ्घाटि र पात्र-चीवर धारण गर्दा सम्पजान-ज्ञानले शचेत भई गर्छ । भोजन गर्दा, पिउँदा, खाँदा, चाट्दा सम्पजान-ज्ञानले शचेत भई गर्छ । दिसा-पिसाब गर्दा सम्पजान-ज्ञानले शचेत भई गर्छ । हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझदा, कुरा गर्दा र चुप लागेर बस्दा सम्पजान-ज्ञानले शचेत भई गर्छ ।"

२०. "ऊ यो आर्यशीलस्कन्धले युक्त भई, आर्य इन्द्रिय संवरले युक्त भई, आर्य स्मृतिसम्प्र ज्यन्यताले युक्त भई एकान्त आसनमा- जङ्गलमा, रूखमुनि, पर्वत, कन्दरा (पानीको झरना भएको ठाउँ), पहाडी गुफा, मसान, जङ्गलको बाटो, खुला ठाउँ र परालको पुञ्जमा बस्छ । ऊ भिक्षाटनबाट फर्केर भोजन पछि पलेटी मारी, शरीरलाई सोझो पारी विषयवस्तुतिर अभिमुख भई स्मृति राखेर बस्छ । उसले (१) पञ्चोपादानस्कन्ध (लोक) माथि अभिध्यालाई हटाई अनभिध्याले युक्त भई बस्छ र अभिध्याबाट चित्त परिशुद्ध पार्छ । (२) व्यापाद प्रदोषलाई हटाई अव्यापाद चित्त लिएर सबै प्राणीहरूप्रति हितकामी, अनुकम्पी भई बस्छ र व्यापाद प्रदोषबाट चित्तलाई परिशुद्ध पार्छ । (३) थीनमिद्ध अर्थात् शारीरिक र मानसिक अल्सी (जुम्स्याइँ) लाई हटाई थीनमिद्धरहित भई आलोकसंज्ञी भई तथा स्मृति सम्प्रजन्य भई अल्सीबाट चित्त परिशुद्ध पार्छ । (४) उद्धच्चकुक्कुच्च (अर्थात् मानसिक अस्थिरता र अशान्ति) लाई हटाई मानसिक स्थिरता र आध्यात्मिक शान्तचित्त भई बस्छ र मानसिक अस्थिरता र अशान्तिबाट चित्तलाई परिशुद्ध पार्छ । (५) विचिकित्सा(अर्थात् शङ्का, सन्देह)लाई हटाई तरिसकेको विचिकित्सा भई बस्छ र कुशल धर्ममा निश्चिन्त (अकथंकथी) भई शङ्काबाट चित्तलाई परिशुद्ध तुल्याउँछ ।

२१. (त्यस) भिक्षुले चित्तको उपक्लेश (चित्तको मल), प्रज्ञालाई दुर्बल बनाउने यी पञ्चनीवरणलाई हटाएरअनेक प्रकारले कामगुण, अकुशलताबाट अलग भई वितर्क विचारयुक्त भएको विवेकजः (ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ । भिक्षु हो ! फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसाद भएको चित्तमा एकाग्र गरी वितर्क विचाररहित समाधिज प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ । भिक्षु हो ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ, जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् । ऊ त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । भिक्षु हो ! फेरि भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य (मानसिक सुख) र दौर्मनस्य (मानसिक दुःख) को अन्त गरी सुखदुःख नभएको उपेक्षाद्धारा उत्पन्न भएको, परिशुद्धस्मृति भएको चतुर्थध्यान प्राप्त गरी बस्छ ।

२२. "त्यो भिक्षु आँखाले आफूलाई मन पर्ने रूपलाई हेरेर पनि आशक्त हुँदैन, मन नपरेको रूपलाई हेरेर पनि रिशाउँदैन । उसले कायगता स्मृति उपस्थित भई अप्रमाण मन लिएर बस्छ । जहाँ पापी अकुशल धर्महरु अशेष निरोध हुन्छ, त्यो चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई यथार्थ रुपमा जान्छ । यसरी त्यो अनुरोध विरोध (मन परेकोमा आशक्त हुने, मन नपरेकोमा रिसाउने)लाई हटाई जस्तो सुकै सुखद वा दुःखद वा अदुःखद असुखद वेदना अनुभव गरे तापनि उसले त्यसको अभिनन्दन गर्दैन, त्यसैको प्रशंसा (अभिवादन) गर्दैन, त्यसैमा डुबिरहँदैन । यसरी अभिनन्दन नगरिकन, प्रशंसा नगरिकन, त्यसमा नडुबिकन बस्ने हुनाले उसमा नन्दी (तृष्णा) निरोध हुन्छ । नन्दीको निरोध हुनाले उपादानको निरोध हुन्छ ।उपादानको निरोध हुनाले भवको निरोध हुन्छ । उपादानको निरोध हुनाले भवको निरोध हुन्छ । भवको निरोध हुनाले जातिको निरोध हुन्छ । जातिको निरोध हुनाले जरा, मरण, शोक, परिदेव, दुःख दौर्मनस्य, उपायासहरूको निरोध हुन्छ । यसरी यो केवल दुःखस्कन्धको निरोध हुन्छ ।"

"त्यो(साधक भिक्षु) ले श्रोतले मन परेको शब्द सुनेर … पूर्ववत् …"

"त्यो(साधक भिक्षु) ले घ्राणले मन परेको गन्ध सुँघेर … पूर्ववत् …"

"त्यो(साधक भिक्षु) ले जिह्वाले मन परेको रस स्वाद लिएर … पूर्ववत् …"

"त्यो(साधक भिक्षु) ले कायले मन परेको स्प्रष्टव्य छोएर … पूर्ववत् …"

"त्यो(साधक भिक्षु) ले मनले मन परेको धर्म जानेर … पूर्ववत् … उपायासहरूको निरोध हुन्छ । यसरी यो केवल दुःखस्कन्धको निरोध हुन्छ ।"

२३. "भिक्षु हो ! मैले संक्षेपमा सुनाएको यो तृष्णा-संक्षय-विमुक्ति (तृष्णाको ह्रास गरेर हुने विमुक्ति)लाई धारण गर । केवट्टपुत्त साति भिक्षु तृष्णाको महाजालमा फँसिरहेको छ ।"

२४. भगवान्‌ले यति भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्‌को भाषणको अभिनन्दन गरे ।

महातण्हासङ्खय-सुत्त समाप्त ।

# ४. कोसम्बिय-सुत्त

(कौशाम्बीयसूत्र)

१. कौशाम्बीका भगडालु भिक्षुहरू

१. यस्तो मैले सुनें। एक समय भगवान् कौशाम्बीस्थित घोषितारामा बसिराख्नु भएको थियो। त्यसबेला कौशम्बीमा (केही) भिक्षुहरू आपसमा बाभ्दै, भगडा गर्दै, वादविवाद गर्दै एकले अको लाई मुखरुपी भालाले थुत्दै (गालीगलौच गर्दै) बसिरहे। यी भिक्षुहरु परस्परमा बुझाउन पनि कोसिस गर्दैन न बुझ्न नै कोसिस गर्छन्। परस्परमा सम्झाउन पनि कोसिस गर्दैन, सम्झिन पनि कोसिस गर्दै नन्। अनि कुनै एक जना भिक्षु भगवान् बस्नु भएको ठाउँमा गयो। त्यहाँ भगवान्लाई अभिवादन गरी ऊ एक छेउमा बस्यो। एक छेउमा बसेको त्यस भिक्षुले भगवान्लाई यस्तो बिन्ती गऱ्यो – "भन्ते ! यहाँ कौशाम्बी भिक्षुहरू आपसमा बाभ्दै, भगडा गर्दै, वादविवाद गर्दै एकले अर्कोलाई मुखरुपी भालाले थुत्दै (मुख छाडेर गालीगलौज गर्दै) बसिरहेका छन्। उनीहरु परस्परमा बुझाउन पनि कोसिस गर्दैनन् न बुझ्न नै कोसिस गर्छन्। परस्परमा सम्झाउन पनि कोसिस गर्दैन, सम्झिन पनि कोसिस गर्दैनन्।

२. त्यसपछि भगवान्ले कुनै एक जना भिक्षुलाई भन्नुभयो – "आऊ, भिक्षु ! तिमीले मेरो वचनबाट (मेरा तर्फबाट) ती भिक्षुहरूलाई 'आयुष्मान्हरूलाई शास्ताले बोलाउनु भएको छ' भनेर भन।" "हवस्, भन्ते !" भन्दै त्यस भिक्षुले भगवान्लाई प्रत्युत्तर दिए। ऊ ती भगडालु भिक्षुहरू भएको ठाउँमा पुग्यो, उसले उनीहरूलाई यसो भन्यो – 'आयुष्मान्हरूलाई शास्ताले डाक्नु भएको छ।' "हुन्छ, आवुसो !" भन्दै त्यस भिक्षुलाई जवाफ दिएपछि उनीहरू भगवान् बस्नु भएको ठाउँमा गए। भगवान्लाई अभिवादन गरी उनीहरू एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूलाई भगवान्ले यसो भन्नुभयो – "भिक्षु हो ! के साँच्चै आपसमा बाभ्दै, भगडा गर्दै, विवाद गर्दै एकले अर्कोलाई मुखरु पी भालाले थुत्दै (मुख छाडेर गालीगलौज गर्दै) बसिरहेका तिमीहरू परस्परमा बुझाउन पनि कोसिस गर्दैनौ न बुझ्न नै कोसिस गर्दछौ। परस्परमा सम्झाउन पनि कोसिस गर्दैनौ, सम्झिन पनि कोसिस गर्दैनौ, हो ?"

"हो, भन्ते !"

"भिक्षु हो ! यसरी जुन बेला तिमीहरू आपसमा बाभ्दै, भगडा गर्दै, विवाद गर्दै एकले अर्कालाई मुखरुपी भालाले थुत्दै (मुख छाडेर गालीगलौज गर्दै) बसिरहेका हुन्छौ त्यस बेला तिमीहरूमा सब्रह्मचार ीहरूप्रति सम्मुख वा असम्मुख मैत्रीपूर्ण कायिककर्म उपस्थित हुन्छ ? सब्रह्मचारीहरूप्रति ..........मै त्रीपूर्ण वचीकर्म उपस्थित हुन्छ ? सब्रह्मचारीहरूप्रति ..........मैत्रीपूर्ण मानसिककर्म उपस्थित हुन्छ ?

"हुँदैन, भन्ते !"

"भिक्षु हो ! यसरी जुन बेला तिमीहरू आपसमा बाभ्दै, भगडा गर्दै, विवाद गर्दै एकले अर्कालाई मुखरुपी भालाले थुत्दै (मुख छाडेर गालीगलौज गर्दै) बसिरहेका हुन्छौ त्यस बेला तिमीहरूमा सब्रह्मचार ीहरू प्रति सम्मुख वा असम्मुख मैत्रीपूर्ण कायिककर्म उपस्थित हुँदैन। सब्रह्मचारीहरूप्रति ..........मै

त्रीपूर्ण वचीकर्म उपस्थित हुँदैन । सब्रह्मचारीहरूप्रति .........मैत्रीपूर्ण मानसिककर्म उपस्थित हुँदैन । मोघपुरुष हो ! त्यस्तो हो भने तिमीहरूले के जानेर बुझेर, के देखेर आपसमा बाझ्दै, झगडा गर्दै, विवाद गर्दै एकले अर्कोलाई मुखरुपी भालाले थुत्दै (मुख छाडेर गालीगलौज गर्दै) बसिरहेका हौ ?"ती तिमीहरुले परस्परमा बुझाउन पनि कोसिस गरेनौ बुझ्न पनि कोसिस गरेनौं । परस्परमा सम्झाउन पनि कोसिस गरेनौ, सम्झिन पनि कोसिस गरेनौ । मोघपुरुष हो ! यस्तो (आचरण) ले त तिमीहरूको हकमा चिरकालसम्म अहित र दुःख हुनेछ ।"

२. छ ओटा सारणीय धर्म

३. त्यसपछि भगवान्ले (त्यहाँ उपस्थित सबैलाई) सम्बोधन गर्नुभयो – "भिक्षु हो ! यी छवटा धर्महरू सारणीय प्रियङ्कर गरुकर धर्महरू हुन्, जो सङ्ग्रहको निमित्त, अविवादको निमित्त, मेलमिलापको निमित्त र एकताको निमित्त (उपयोगी) हुन्छ । के-के छ वटा ? (क) भिक्षु हो ! यहाँ सम्मुख वा असम्मुख सब्रह्मचारीहरुप्रति भिक्षुको मैत्री कायकर्म उपस्थित हुन्छ । यो धर्म सारणीय पियङ्कर गरुकर धर्म हो, तथा सङ्ग्रहको निमित्त, अविवादको निमित्त, मेलमिलापको निमित्त र एकताको निमित्त हुन्छ । (ख) भिक्षु हो ! फेरि यहाँ सम्मुख वा असम्मुख सब्रह्मचारीप्रति भिक्षुको मैत्री वचनकर्म उपस्थित हुन्छ । यो धर्म पनि सारणीय ··· हो, तथा सङ्ग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ । (ग) भिक्षु हो ! फेरि यहाँ सम्मुख वा असम्मुख सब्रह्मचारीप्रति भिक्षुको मैत्री मनकर्म उपस्थित हुन्छ । यो धर्म सारणीय ··· हो, तथा सङ्ग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ । (घ) भिक्षु हो ! फेरि यहाँ भिक्षुले धार्मिक रूपले पात्रभित्र भएको लाभ मात्रलाई पनि शीलवान् सब्रह्मचारीहरूसँग भेदभाव नगरि साधारणरूपले बाँडी भोग गर्दछ । यो धर्म पनि सारणीय हो, ··· तथा सङ्ग्रहको निमित्त ··· र एकताको निमित्त हुन्छ । (ङ) भिक्षु हो ! फेरि भिक्षु जो ती अखण्ड अछिद्र निर्दागी निर्दोषी परिपूर्ण तृष्णा दासभावबाट मुक्त गर ाउने, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधिसंवर्तनिक शीलहरू छन्, त्यस्ता शीलहरूमा सम्मुख वा असम्मुख सब्रह्मचारीसँग समान हुनेगरी अभ्यास गरि बस्छ । यो धर्म पनि सारणीय हो, ··· तथा सङ्ग्र हको निमित्त ··· र एकताको निमित्त हुन्छ । (च) भिक्षु हो ! फेरि भिक्षु जुन विचारधारा (दृष्टि) आर्य(शुद्ध) छ, नैर्याणिक छ, जुन, धारण लिने व्यक्तिलाई सम्यक्रूपले दुःखक्षय गरेर निर्वाण पुऱ्याईदिन्छ । त्यस्तो विचारधारा सब्रह्मचारीहरूसँग सम्मुख वा असम्मुख समान हुनेगरी बस्छ । यो धर्म पनि सारणीय हो, ··· तथा सङ्ग्रहको निमित्त ··· र एकताको निमित्त हो ।

४. "भिक्षु हो ! यी धर्महरू सारणीय, प्रियङ्कर, गरुकर धर्महरू हुन्, तथा सङ्ग्रहको निमित्त, अविवादको निमित्त, मेलमिलापको निमित्त र एकताको निमित्त (उपयोगी) हुन्छ । भिक्षु हो ! जुन यो दृष्टि आर्य (शुद्ध) छ, नैर्याणिक छ, यो धारण लिने व्यक्तिलाई सम्यक्रूपले दुःखक्षय गरेर निर्वाण पुऱ्याईदिन्छ । यो दृष्टि(वा यो छैंठौं सारणीय धर्म) यी छवटा सारणीय धर्महरूमा अग्र (=श्रेष्ठ), सङ्ग्राहक, सङ्घटनीय (सङ्ग्रह गर्ने, एकै ठाउँमा जोर्ने ) हुन्छ । भिक्षु हो ! जस्तो कि कूटागारको गजूर अग्र, संग्राहक (एकै ठाउँमा जम्मा गर्ने), सङ्घाटक (एकै ठाउँमा जोर्ने) हुन्छ, । भिक्षु हो ! त्यस्तै नै जुन यो दृष्टि आर्य (शुद्ध) छ, नैर्याणिक छ, यो धारण लिने व्यक्तिलाई सम्यक्रूपले दुःखक्षय गरेर निर्वाण पुऱ्याईदिन्छ ।" यो दृष्टि(वा यो छैंठौं सारणीय धर्म) यी छवटा सारणीय धर्ममा अग्र (=श्रेष्ठ) सङ्ग्राहक, सङ्घटनीय (सङ्ग्रह गर्ने, एकै ठाउँमा जोर्ने ) हुन्छ ।

३. आर्यजनसेवित, सत्पथप्रदर्शक दृष्टि

५. "भिक्षु हो ! कसरी आर्य(शुद्ध), नैर्याणिक यो दृष्टि, त्यो धारण लिने व्यक्तिलाई सम्यक्रूपले दुःखक्षय गरेर निर्वाण पुऱ्याईदिन्छ ? भिक्षु हो ! (१) यहाँ भिक्षु वन, रूखमुनि वा शून्यागारमा बसेर यसो मनन गर्दछ– 'के ममा(मभित्र) प्रहाण भइ नसकेको त्यो पर्युत्थान (उग्र,चाञ्चल्य) छ ? जसको कारणले

मेरो मन चञ्चल भएर मैले वस्तुtŒj यथाभूत रूपले बुझ्न  सकिरहेको छैन, देख्न सकेको छैन ।' भिक्षु हो ! यदि भिक्षु कामराग (भोग-इच्छा) ले चञ्चल भयो भने ऊ चञ्चल चित्त भएकै भनिन्छ । भिक्षु हो ! यदि भिक्षु व्यापाद (द्वेष) ले पर्युत्थित भयो भने ऊ चञ्चल चित्तकै हुनेछ । भिक्षु हो ! यदि थीनमिद्धले (कायिक, मानसिक जुम्स्याइँले) ··· । भिक्षु हो ! यदि भिक्षु कुक्कुच (=औद्धत्य-कौकृत्य) ले ··· । भिक्षु हो ! यदि भिक्षु विचिकित्सा (=संशय=सन्देह) ले ··· । भिक्षु हो ! यदि भिक्षु यस लोकको (धन-सम्पत्ति, सुख) चिन्तामा डुब्ने बानीले ··· । भिक्षु हो ! यदि भिक्षु परलोकको चिन्तामा डुब्ने बानीले ··· । भिक्षु हो ! यदि भिक्षु बाझाबाझ गर्दै, कलह गर्दै, विवाद गर्दै एकले अर्कोलाई जथाभावी गाली बस्यो भयो भने ऊ त्यस्तै पर्युत्थित (चञ्चल) चित्त भएकै हुनेछ । (तर साधना गर्दै एक दिन) उसले यसरी बोध गर्दछ – ' ममा भित्र रहेको पर्युत्थान प्रहाण भएको छैन । जसको कारणले मेरो मन चञ्चल भएर मैले वस्तुtŒj यथाभूत रूपले बुझ्न  सकिरहेको छैन, देख्न सकेको छैन । अहिले मेरो मन सत्य बोध गर्नको निमित्त सुप्रणिहित (एकाग्र, समाधिस्थ, निश्चल) भइसकेको छ । ··· यो त्यस (भिक्षु) लाई प्राप्त भएको पहिलो लोकोत्तर, पृथक्जनहरूसँग असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ।'

६. "भिक्षु हो ! फेरि (२) आर्यश्रावकले यसरी मनमा सोच्न थाल्छ – 'यो दृष्टि (ज्ञान) सेवन गर्दै, भाविता (अभ्यास) गर्दै, बढाउँदै आफ्नो चित्त शान्ति उपलब्ध गरिसकें कि, निवृत्ति (=सुख) उपलब्ध गरिसकें कि ?' अनि उसले यसरी बोध गर्दछ – 'मैले यो दृष्टि सेवन गर्दै, भाविता (अभ्यास) गर्दै, बढाउँदै आफ्नो चित्त शान्ति उपलब्ध गरिसकें, निवृत्ति उपलब्ध गरिसकें ।' यो त्यस (भिक्षु) लाई प्राप्त भएको दोस्रो लोकोत्तर, पृथक्जनहरूसँग असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ।

७. "भिक्षु हो ! फेरि (३) आर्यश्रावकले सोच्छ – 'जुन प्रकारको दृष्टिले म सम्पन्न भएँ, के यहाँबाट बाहिर अन्य श्रमण ब्राह्मणहरू पनि यस्तो प्रकारको दृष्टिले सम्पन्न भएका छन् कि ?'उसले यसरी बुझ्नेछ – ' यहाँबाट बाहिर (श्रमण ब्राह्मणहरू) ··· ··· छैनन् ।' यो त्यस (भिक्षु) लाई प्राप्त भएको तेस्रो लोकोत्तर, पृथक्जनहरूसँग असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ”

"भिक्षु हो ! फेरि (४) आर्यश्रावकले सोच्छ – जुन प्रकारको धर्मता (स्वभाव) ले कुनै दृष्टिसम्पन्न (आर्य दर्शनयुक्त) व्यक्ति  सम्पन्न हुन्छ, के म पनि उस्तै धर्मताले सम्पन्न भएको छु ? भिक्षु हो ! दृष्टिसम्पन्न पुद्गल (व्यक्ति) कस्तो धर्मताले युक्त हुन्छ ? भिक्षु हो ! दृष्टि सम्पन्न व्यक्तिको धर्मता हो कि – ' ऊ कुनै पनि आपत्ति (अपराध) को भागी भयो भने, जुन आपत्तिको वुट्टान प्रज्ञप्त छ । त्यस आपत्तिलाई तुरुन्तनै शास्तासमक्ष अथवा विज्ञ सब्रह्मचारीहरू समक्ष गएर देशना (= अपराधबारे निवेदन), विवरण (=प्रकट गर्ने) गर्दछ, उत्तानीकरण (=उघारेर देखाउने, उदाङ्ग पार्ने) गर्दछ । देशना गरेर, विवरण गरेर, उत्तानी-करण गरेर,  पछि भविष्यमा संवर (=नियन्त्रण, संयम) गर्दछ ।' भिक्षु हो ! जस्तो कि अबोध, उत्तानो परिसुतेको सानो बालकले हात वा खुट्टाले आगो छुनेबित्तिकै त्यो अङ्ग (आगोबाट) हटाउँछ,। भिक्षु हो ! त्यस्तै दृष्टि सम्पन्न व्यक्तिको धर्मता हो कि – '··· संवर (=नियन्त्रण, संयम) गर्दछ ।'  उसले यसरी बुझ्दछ – जुन प्रकारको धर्मता (स्वभाव) ले कुनै दृष्टिसम्पन्न (आर्य दर्शनयुक्त) पुरुष सम्पन्न हुन्छ,  म पनि उस्तै धर्मताले सम्पन्न भएको छु ।' यो त्यस (भिक्षु) लाई प्राप्त भएको चौथो लोकोत्तर, पृथक्जनहरूसँग असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ।

९. "भिक्षु हो ! फेरि (५) आर्यश्रावकले यस्तो कुरो सोच्छ – जुन प्रकारको धर्मता (स्वभाव) ले कुनै दृष्टिसम्पन्न (आर्य दर्शनयुक्त) व्यक्ति सम्पन्न हुन्छ, के म पनि उस्तै धर्मताले सम्पन्न भएको छु ?

भिक्षु हो ! दृष्टिसम्पन्न पुद्गल (व्यक्ति) कस्तो धर्मताले युक्त हुन्छ ? भिक्षु हो ! दृष्टि सम्पन्न व्यक्तिको धर्मता हो कि – 'आफू सब्रह्मचारीहरूप्रति गर्नुपर्ने ठूला, साना करणी (=कर्तव्य) प्रति उत्सुक हुन्छ, साथै (आफ्नै) अधिशील-शिक्षा, अधिचित्त-शिक्षा र अभिप्रज्ञाशिक्षामा पनि तीव्र ध्यान दिइरहन्छ ।' भिक्षु हो ! जस्तो कि ससाना बाछाबाछीको माउ गाई आफू पनि (घाँस खाइरहन्छ)चरिरहन्छ, साथै आफ्ना बाछाबाछीतिर पनि ध्यान पु¥याइरहेको हुन्छ । भिक्षु हो ! त्यसरी नै, दृष्टि सम्पन्न व्यक्तिको धर्मता हो कि – 'आफू सब्रह्मचारीहरूप्रति गर्नुपर्ने ठूला, साना करणी (=कर्तव्य) प्रति उत्सुक हुन्छ, साथै (आफ्नै) अधिशील-शिक्षा, अधिचित्त-शिक्षा र अभिप्रज्ञाशिक्षामा पनि तीव्र ध्यान दिइरहन्छ ।' त्यसपछि उसले यसरी बुझ्दछ – जुन प्रकारको धर्मता (स्वभाव) ले कुनै दृष्टिसम्पन्न (आर्य दर्शनयुक्त) पुरुष सम्पन्न हुन्छ, म पनि उस्तै धर्मताले सम्पन्न भएको छु ।' यो त्यस (भिक्षु) लाई प्राप्त भएको पाँचौं लोकोत्तर, पृथक्जनहरूसँग असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ।

१०. "भिक्षु हो ! फेरि (६) आर्यश्रावकले सोच्छ – ' जुन प्रकारको बल सामर्थ्यले दृष्टिसम्पन्न व्यक्ति सम्पन्न हुन्छ, म पनि त्यस्तै प्रकारको बल सामर्थ्यले सम्पन्न छु । भिक्षु हो ! दृष्टिसम्पन्न व्यक्ति कस्तो सामर्थ्यले युक्त हुन्छ ? भिक्षु हो ! दृष्टिसम्पन्न व्यक्तिसित यस्तो सामर्थ्य हुन्छ – दृष्टिसम्पन्न व्यक्ति तथागतले देखाएको धर्मविनय-उपदेश दिइने बेलामा मन लाएर, मनन् गरी, एकाग्रचित्तले, सतर्क भएर, पूर्ण ध्यान दिएर, कान थापेर सुन्छ । उसले यसरी बोध गर्दछ – ' जुन प्रकारको बल सामर्थ्यले दृष्टिसम्पन्न व्यक्ति सम्पन्न हुन्छ, म पनि त्यस्तै प्रकारको बल सामर्थ्यले सम्पन्न छु ।' यो ¨¨छैंठो ¨¨ असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ।'

११. "भिक्षु हो ! फेरि (७) आर्यश्रावकले सोच्छ – ' जुन प्रकारको बल सामर्थ्यले दृष्टिसम्पन्न व्यक्ति सम्पन्न हुन्छ, म पनि त्यस्तै प्रकारको बल सामर्थ्यले सम्पन्न छु ?' भिक्षु हो ! दृष्टिसम्पन्न व्यक्ति कस्तो सामर्थ्यले युक्त हुन्छ ? भिक्षु हो ! दृष्टिसम्पन्न व्यक्ति यस्तो सामर्थ्यले युक्त हुन्छ – दृष्टिसम्पन्न व्यक्ति तथागतले देखाएको धर्मविनय-उपदेश दिइने बेलामा उसलाई अर्थवेद (अर्थको ज्ञान) उपलब्ध हुन्छ, धर्मवेद उपलब्ध हुन्छ, धर्मसम्बन्धी प्रमोद उपलब्ध हुन्छ । अनि उसले यसरी बोध गर्दछ – ' जुन प्रकारको बल सामर्थ्यले दृष्टिसम्पन्न व्यक्ति सम्पन्न हुन्छ, म पनि त्यस्तै प्रकारको बल सामर्थ्यले सम्पन्न छु ।' यो ¨¨सातौं ¨¨ असाधारण (पृथक्जनले पाउन सक्नेभन्दा भिन्न) आर्यज्ञान हुन्छ ।'

।"

Dhamma.Digital

१२. "भिक्षु हो ! यसरी सात वटा अङ्गले युक्त आर्यश्रावकले श्रोतापत्ति-फलको साक्षात्कारद्वारा आर्यश्रावकको धर्मता (स्वभाव, गुण) सुसमन्विष्ट (राम्ररी परीक्षण गरिसकेको) हुन्छ । भिक्षु हो ! यसर ी सात अङ्गले सम्पन्न आर्यश्रावक श्रोतापत्ति-फलले युक्त हुन्छ ।"

१३. भगवान्ले यति भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

कोसम्बिय-सुत्त समाप्त ।

# एकाइ २ : मिलिन्द प्रश्न

## (क) अनुमानप्रश्न

## १. बुद्धवर्ग

### १. दुई बुद्धहरू एकैसाथ उत्पन्न नहुने विषयमा प्रश्न

१. भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षुहरू हो ! यो कुरो हुन सक्दैन, यो सम्भव छैन कि संसारमा एकसाथ दुई अर्हत् सम्यक्सम्बुद्ध एकै स्थानमा उत्पन्न होउन् । यस्तो न कहिले भयो, न कहिले हुन सक्ला । भन्ते नागसेन ! सबै तथागतहरू बुद्धत्व प्राप्त गर्न सप्ततिंस बोधिपक्खि धर्म बताउनुहुन्छ, चार आर्यसत्य (दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य, दुःख निरोधागामिनी प्रतिपदा सत्य) भन्नुहुन्छ; तीन शिक्षाहरू (अधिशील, अधिचित्त, अधिप्रज्ञा) को उपदेश दिनुहुन्छ र सधैं अनुशासन गराउनु हुँदा अप्रमादी हुने शिक्षा नै दिनुहुन्छ । भन्ते नागसेन ! यदि सबै तथागत एउटै बाटो (मार्ग) बताउनुहुन्छ, एउटै कुरा भन्नुहुन्छ, एउटै उपदेश दिनुहुन्छ, एउटै शिक्षा दिनुहुन्छ भने, संसारमा एकसाथ दुई बुद्ध किन उत्पन्न हुँदैन ? एउटा बुद्ध हुँदा त संसार प्रकाशले भरिन्छ । यदि एकसाथ दुई बुद्ध उत्पन्न भएमा दुवैको प्रकाशको उज्यालोबाट झन् धेरै उज्यालो हुन्छ । ती दुवै बुद्धहरूले सुखपूर्वक उपदेश दिन्छन्, शिक्षा दिन्छन् । तपाईं कृपया यसको कारण भन्नुहोस् जसले गर्दा मेरो शङ्का मेटियोस् ।"

२. "महाराज ! यो दश सहस्र लोकधातुले एउटा बुद्धलाई एकपल्ट मात्र धारण गर्न सक्छ । एउटै मात्र तथागतको गुण धारण गर्न सक्छ । यदि एउटा अर्को पनि बुद्ध उत्पन्न भएमा दश सहस्र लोकधातुले धारण गर्न सक्दैन । यदि दुई बुद्ध एकसाथ धारण गरेमा भूकम्प हुन थाल्छ, पृथ्वी डोलायमान हुन्छ, झुक्छ, धँस्छ, छरिन्छ, टुक्रा टुक्रा हुन्छ वा सर्वथा नष्ट हुन्छ ।"

"महाराज ! जस्तै – एउटा मानिसको भार सम्हाल्न सक्ने कुनै डुङ्गा होस् भने एउटा मानिस मात्र त्यसमा चढेर पारि पुग्न सक्छ । त्यसपछि कुनै दोस्रो व्यक्ति पनि त्यहाँ आएमा यो आयु, वर्ण प्रमाण, तथा सबै प्रकारले उसैको जस्तो होस् । उनी पनि सोही डुङ्गामा सवार भए । महाराज ! त्यसो हो भने के डुङ्गा रहन्छ ?" "रहन्न भन्ते ! हल्लिन थाल्छ, डोलायमान हुन थाल्छ, झुक्छ, धँस्छ, छरिन्छ, फाट्छ, वा पानीमा डुबेर नष्ट हुन्छ ।" "महाराज ! त्यस्तै, एकपल्ट दश सहस्रलोक धातुले एक बुद्धलाई मात्र धारण गर्न सक्छ । एकभन्दा अधिक गुणलाई सम्हाल्न सक्दैन । यदि एक अर्को पनि बुद्ध उत्पन्न भएमा सम्हाल्न नसक्नाले यो लोक हल्लिन थाल्छ ।" (क)

"महाराज ! जस्तै – कुनै व्यक्तिले यथेष्ट भोजन गऱ्यो । उसको पेट घाँटीसम्म पूरापूरा भऱ्यो । ऊ सन्तुष्ट भएर निकै खुसी भयो । उसको पेटमा अरू केही अट्ने ठाउँ नरहेको होस् । ऊ फेरि निहुरन पनि नसकोस् । त्यसपछि फेरि दोस्रो पटक ठुसेर त्यति नै भोजन गरोस् । महाराज ! त्यो व्यक्ति सुखी रहला ?" "रहन्न भन्ते ! खाएर मर्छ ।" "महाराज ! त्यस्तै, यो दश सहस्रलोक धातुले एउटा बुद्धलाई नै एकपल्ट धारण गर्न सक्छ । एकभन्दा अधिक गुणहरूलाई धारण गर्न सक्दैन । यदि बुद्ध पनि उत्पन्न भए

https://dhamma.digital

भने दश सहस्रलोक धातुले एक बुद्धलाई ··· । भन्ते ! धर्मको भार अधिक हुने हुनाले यो पृथ्वी किन हल्लिन थाल्छ ?"

"महाराज ! जस्तै बहुमूल्य रत्नहरूले दुई गाडाहरू पूरा-पूरा भरिएको होस् । त्यसपछि एउटा गाडाको रत्नहरू दोस्रोमा लादौं । महाराज ! त्यसो भने के एउटा गाडीले दुई गाडीको बोझ थाम्न सक्छ ?" "सक्दैन भन्ते ! त्यसको नाभि भाँचिन्छ । त्यसको चक्का धस्छ । अक्ष पनि भाँचिन्छ ।" "महाराज ! त्यसो भए के अधिक रत्नहरूको भारले गाडा भाँचिन्छ ?" "हो भन्ते ! अवश्य भाँचिन्छ ··· ।" "महाराज ! यसरी नै, धर्मको भार अधिक हुनाले पनि यो पृथ्वी हल्लिन थाल्छ ।"

"अरू पनि, जहाँतही (बुद्ध वर्णन प्रसङ्गमा) यो कुरा भनिएको छ । एउटा अर्को पनि असल कारण सुन्नुहोस् जसले गर्दा संसारमा दुई बुद्ध एकसाथ उत्पन्न हुन सक्दैनन् । महाराज ! यदि एकसाथ दुई बुद्ध उत्पन्न भएमा उनीहरूको परिषद्मा झगडा हुन्छ – यो तिम्रो बुद्ध हो, यो मेरो बुद्ध हो भनेर अनि दुई दुई दलको बीचमा वाद-विवाद हुन्छ । महाराज ! यो पनि एक कारण हो, जसले गर्दा एकसाथ दुई बुद्धहरू एकसाथ उत्पन्न हुँदैनन् ।"

"महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् जसले गर्दा संसारमा एकसाथ दुई बुद्धहरू उत्पन्न हुन सक्दैनन् । महाराज ! यदि संसारमा एकसाथ दुई बुद्धहरू उत्पन्न भएमा यो कुरो झुटो हुन्छ कि – (१) बुद्ध सबैभन्दा अग्र हुन्छन्; भन्ने वचन झुटो हुन्छ, (२) बुद्ध सबैभन्दा ज्येष्ठ ···, (३) बुद्ध सबैभन्दा श्रेष्ठ ···, (४) बुद्ध सबैमा विशिष्ट ···, (५) बुद्ध सबैमा उत्तम हुन्छन् ···, (६) बुद्ध सबैमा प्रवर ···, (७) बुद्धझैं दोस्रो अरू कोही हुँदैन ···, (८) बुद्ध अप्रतिम ···, (९) बुद्ध असदृश हुन्छन् ···, (१०) बुद्ध अप्रतिपुद्गल हुन्छन् ··· । महाराज ! यसलाई पनि तपाईं एउटा कारण सम्झनुहोस् जसले गर्दा संसारमा एकसाथ दुई बुद्ध उत्पन्न हुँदैनन् ।"

"महाराज ! बुद्धहरूको पनि, यस्तै स्वभाव हो । उनीहर दुवै एकसाथ उत्पन्न हुँदैन । त्यसो किन ? किनकि सर्वज्ञ बुद्धको गुण अत्यन्त धेरै हुन्छ । महाराज ! संसारमा अरू पनि जति ठूलठूला वस्तुहरू छन् एउटा मात्र हुन्छ । महाराज ! पृथ्वी ठूलो छ, यो एउटा मात्र छ । सागर ठूलो छ, त्यो एउटा मात्र छ । सुमेरु पर्वतराज ठूलो छ, त्यो पनि एउटा मात्र छ । आकाश ठूलो छ, त्यो पनि एउटा मात्र छ । देवेन्द्र ठूला छन्, उनी एक मात्र छन् । मार बलियो छ, त्यो एउटा मात्र छ । महाब्रह्मा ठूला छन्, उनी पनि एक मात्र छन् । तथागत अर्हत्व सम्यक्सम्बुद्ध भगवान् पनि ठूला छन्, यसैले यो लोकमा ठूलाहरू एकमात्र हुन्छन् जहाँ-जहाँ यस्ता उत्पन्न हुन्छन्, त्यहाँ-त्यहाँ अरूका लागि स्थान रहँदैन । महाराज ! त्यसैले भनिएको छ कि अर्हत् सम्यक्सम्बुद्ध भगवान् एक पल्टमा एउटा मात्र उत्पन्न हुन्छन् । यो कुरो ठीक भनिएको छ ।"

"भन्ते नागसेन ! उपमा र कारण दिएर राम्ररी सम्झाउनुभयो । मूर्ख मानिसहरू पनि यसलाई सुनेर सम्झन (बुझ्न) सक्छन्, मजस्तो बुद्धिमान्को त भन्नु नै के ! साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"

## २. महाप्रजापति गौतमीद्वारा वस्त्रदान

३. "भन्ते नागसेन ! जब भगवान्‌की सानीमा महाप्रजापति गौतमी उहाँलाई वर्षावासका लागि चीवर दिन आइन् तब उहाँले भन्नुभयो – 'गौतमी ! यो सङ्घलाई नै दान देऊ; त्यसैबाट मेरो पूजा हुनेछ र साथसाथै सङ्घको पनि । भन्ते नागसेन ! तर के भगवान् स्वयं सङ्घरत्नभन्दा उत्तम, ठूला र पूजनीय हुनुहुन्न जो आफ्नी सानीमा महाप्रजापति गौतमीले ल्याएको वस्त्रलाई स्वयं नलिएर सङ्घलाई दिन लगाउनुभयो ? त्यो वस्त्र यस्तो थियो – 'जो उनले आफ्ना हातले रुवो काटेर बुनेकी थिइन् । भन्ते नागसेन ! यदि उहाँले आफूलाई सङ्घरत्नभन्दा उच्च ठान्नुभएको भए उहाँले यो कुरो अवश्य बुझ्नुहुन्थ्यो कि 'मलाई दिँदा बढी फल प्राप्त हुनेछ,' अनि त उहाँले त्यो वस्त्र आफैंले लिएर सङ्घलाई दिन लगाउन हुन्नथ्यो । भन्ते नागसेन ! तथागतले आफ्ना निम्ति स्वीकार गर्नुभएन । तथागतले त्यो चीवर किन सङ्घलाई दिन लगाउनुभएको थियो ?"

४. "महाराज ! यो साँचो हो कि जब भगवान्‌की सानीमा महाप्रजापति गौतमीले उहाँलाई वर्षावासको लागि चीवर दिन आएकी थिइन् त्यस बेला उहाँले भन्नुभएको थियो – 'गौतमी ! यो सङ्घलाई देऊ; यसैबाट मेरो पूजा हुनेछ र सङ्घको पनि ।' त्यसो उहाँले यस कारण भन्नुभएको होइन कि उहाँले आफूलाई त्यो वस्त्र पाउन अयोग्य पात्र (अदक्षिणीय) सम्झनुभयो, न यस कारण कि उहाँले सङ्घलाई कम dxŒj दिनुहुन्थ्यो । उहाँले सङ्घलाई प्रतिष्ठित गर्नका लागि नै त्यसो गर्नुभएको थियो, जसले गर्दा पछि मानिसहरूले सङ्घलाई dxŒj दिन सिकून् ।"

"महाराज ! बाबुले आफ्नो जीवनकालमा अधिकारी, सिपाही, सेनाका माझ र राजासित आफ्नो छोराको गुणको प्रशंसा गर्दछन् कि यसरी उसले कुनै ठाउँ पाएर भविष्यमा मानिसहरूबाट सम्मानित हुन सकोस् । महाराज ! यसरी मानिसहरूप्रति अनुकम्पा गरेर उनीहरूको भलाइका लागि तथागतले आफ्नो जीवनकालमै सङ्घलाई सम्मानित गरिदिए, जसले गर्दा भविष्यमा उनीहरूले सङ्घलाई श्रेष्ठ सम्झन सिकून् । यसैले उहाँले भन्नुभयो – 'गौतमी ! यो सङ्घलाई दान देऊ; त्यसैबाट मेरो पूजा हुनेछ र साथै सङ्घको पनि ।"

"महाराज ! मात्र एउटा वस्त्र दिन लगाउँदा सङ्घ बुद्धभन्दा ठूलो र उच्च हुँदैन । महाराज ! जस्तै – आमा बाबुले आफ्नो सन्तानलाई नुहाइदिन्छन्, धोइदिन्छन्, सफा पारिदिन्छन् र मालिस गरिदिन्छन् । त्यसो भए के त्यसले गर्दा के नानी आफ्ना आमा-बाबुभन्दा उच्च र ठूलो हुन्छ ?" "हुँदैन भन्ते ! आफ्नो इच्छाले नै आमा-बाबुले त्यस्तो गर्छन्; नानीले चाहोस् वा नचाहोस् ।" "महाराज ! यसरी मात्र एउटा वस्त्र दिन लगाउँदा सङ्घ तथागतभन्दा ठूलो र उच्च हुँदैन । आफ्नो इच्छाले नै उनले यो वस्त्र सङ्घलाई दिन लगाएका थिए – सङ्घको इच्छा होस् वा नहोस् ।"

"महाराज ! जस्तै – कुनै मानिसले राजाको सेवामा केही कोसेली टक्र्याओस् । राजाले त्यो कोसेली कुनै अर्को सिपाही, दूत, सेनापति वा पुरोहितलाई दिए । त्यसो भए के त्यो दोस्रो व्यक्ति त्यो कोसेली पाउनाले मात्र राजाभन्दा ठूलो र उच्च ठानिन्छ ?" "ठानिन्दैन भन्ते ! उनीहरू राजाभन्दा कसर ी उच्च हुन्छन् ? उनीहरू त राजाको तलब खाने, राजबाट जीविका चलाउने हुन् । राजाले नै उनीहरूलाई त्यस ठाउँमा राखेर उनीहरूलाई आफ्नो कोसेली दिन्छन् ।" "महाराज ! एउटा वस्त्र दिन

लगाउँदैमा सङ्घ तथागतभन्दा ठूलो र उच्च हुँदैन । सङ्घ त भनौं, तथागतको सेवक हो, जसले उहाँलाई नै आफ्नो मालिक सम्झन्छ । बुद्धले नै सङ्घलाई त्यस ठाउँमा राखेर त्यो वस्त्र दिन लगाएका थिए ।"

"महाराज ! तथागतको मनमा पनि यस्तो विचार आयो कि – 'सङ्घ सधैं पूजित हुन योग्य छ, आफूले पाएको दानबाट म सङ्घलाई नै पूजित हुन दिन्छु ।' त्यसैले उहाँले सङ्घलाई त्यो वस्त्र दान दिन लगाउनुभयो । महाराज ! तथागतले आफूप्रति गरिएको सत्कारको मात्र प्रशंसा गर्नुहुन्न; संसारमा जति योग्य व्यक्तिहरू छन्, ती सबैको प्रति गरिएको सत्कारको पनि प्रशंसा गर्नुहुन्छ ।"

"महाराज ! मज्झिमनिकायमा देवातिदेव भगवान्ले 'धम्मदायाद' सूत्रको उपदेश दिने समयमा अल्पेच्छताको प्रशंसा गर्दै भन्नुभएको छ – 'भिक्षु हो ! अल्पेच्छा नै सबैभन्दा पूज्य र प्रशंसनीय छ ।' महाराज ! सारा लोकमा यस्तो कोही छैन जो तथागतभन्दा बढी पूजनीय, ठूलो र उच्च होस् । तथागत नै सबैभन्दा ठूला, बढी पूजनीय र उच्च छन् ।

"महाराज ! संयुक्तनिकायमा देवताहरू र मानिसहरूका बीच भगवान्का सामु उभिएर माणवगामिक नामक देपुत्रले भनेका छन् :–

'विपुलो राजगहियानं गिरि सेट्ठो पवुच्चति ।

सेतो हिमवतं सेट्ठो, आदिच्चो अघगामिनं ॥

समुद्दो उदधिनं सेट्ठो, नक्खत्तान च चन्दिमा ।

सदेवकस्स लोकस्स, बुद्धो अग्गो पवुच्चती'ति ॥

'राजगृहको पहाडमध्ये विपुलगिरि श्रेष्ठ छ, हिमालय

पर्वतमध्ये श्वेत (सुमेरु), तारागणमध्ये सूर्य ।

जलाशयहरूमध्ये समुद्र श्रेष्ठ छ, नक्षत्रहरूमध्ये चन्द्रमा,

देवसहित लोकमा बुद्ध नै अग्र मानिन्छन् ।'

"महाराज ! माणवगामिक देवपुत्रले पनि यो गाथा उचित भनेको छ, अनुचित होइन । भगवान्ले पनि यसलाई स्वीकार गर्नुभएको थियो । महाराज ! धर्मसेनापति सारिपुत्र स्थविरले पनि भन्नुभएको छ –

एको मनोपसादो । सरणगमन मञ्जलिपण्णामो वा ।

उस्सहते तारयितुं माखलनिसूदते बुद्धे'ति ।।

'मार सेनालाई दमन गर्ने, बुद्धमा एकान्ततः श्रद्धा राख्ने, एउटाको मात्र शरणमा जाने । उहाँ एकलाई मात्र वन्दना गर्नेले, भवसागरलाई पार गर्न सक्छ ।'

"देवातिदेव भगवान्ले पनि भन्नुभएको छ – 'भिक्षु हो ! बहुजन हितका लागि र बहुजनको सुखको लागि लोकलाई अनुकम्पा राख्नका लागि तथा मुनष्यहरूको भलाइका लागि एउटा व्यक्ति उत्पन्न हुनु सार्थक छ। कुन व्यक्तिको ? तथागत सम्यक्सम्बुद्धको....।

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ३. गृही र प्रव्रजितमध्ये को श्रेष्ठ छ भन्ने विषयमा प्रश्न

५. "भन्ते नागसने ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु,कसैले पनि सम्यक्आचरण (सत्मार्गमा लाग्ने) काम गरेमा म प्रशंसा गर्दछु । भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, कसैले सम्यक्आचरण गरेमा ऊ समानरूपले ज्ञान, धर्म र पुण्यको भागी हुन सक्छ ।' भन्ते नागसेन ! सेतो लुगा लगाउने, विषयको भोग गर्ने, स्त्री र बच्चाहरूको झन्झटमा पर्ने, काशीको सुगन्धित चन्दन लगाउने, माला-गन्ध र विलेपन धारण गर्ने, सुन-चाँदी, रूपियाँ-पैसाको झन्झटमा पर्ने र आफ्नो टोपीमा मणिरत्न सजाउने, गृहस्थले पनि सम्यक्आचरण गर्‍यो भने ऊ ज्ञान, धर्म र पुण्को भागी हुन सक्छ । शिर मुडाउने, काषायवस्त्र लगाउने भिक्षुल आफ्नो जीवनयापन गने ' चार शीलसमूहलाई पूरा गर्ने अढाईसय शिक्षापदलाई पालन गर्ने तेऱ्हवटा धुताङ्ग गुणअनुसार रहने प्रव्रजित भिक्षुले पनि सम्यक्आचरण गरेमा ऊ ज्ञान, धर्म र पुण्यको भागी हुन्छ भने, भन्ते ! गृहस्थ र भिक्षुमा के भेद रह्यो ? फेरि, तप गर्नु पनि बेकार (निष्फल) भयो । प्रव्रजित हुनु पनि निरर्थक भयो । शिक्षापदहरूलाई पालन गर्नुको कुनै फल रहेन । धुताङ्ग गुणअनुसार रहनु व्यर्थ भयो । दुःख किन गर्नुपर्‍यो यहि सजिलैसँग निर्वाण पाउन सकिन्छ भने ?"

६. "महाराज ! भगवान्ले यथार्थ भन्नुभएको छ – 'भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, जोसुकैले सम्यक्आचरण गरेमा म प्रशंसा गर्दछु । भिक्षु हो ! चाहे गृहस्थ होस् वा भिक्षु, कसैले सम्यक्आचरण गर्‍यो भने ऊ समानरूपले ज्ञान, धर्म र पुण्यको भागी हुन सक्छ ।' महाराज ! यो ठीक हो । जो मार्गमा आएका छन् उनीहरू नै ठूला हुन् । महाराज ! प्रव्रजितले यसैमा गर्व गर्न थाल्छ कि – 'म प्रव्रजित हुँ' भनी सम्यक्रूपले आचरण गरेन भने उसको भिक्षुभाव व्यर्थ छ, सारा ज्ञान प्राप्त गरेमा पनि सबै निष्फल हुन्छ । सेतो वस्त्र लगाउने गृहस्थहरूको त के कुरो ! महाराज ! गृहस्थ पनि सत्मार्गमा आएर ज्ञान, धर्म र पुण्यको भागी बन्न सक्छ र प्रव्रजित पनि सत्मार्गमा हिंडेर ज्ञान, धर्म र पुण्यको भागी हुन सक्छ ।"

"महाराज ! तैपनि प्रव्रजित श्रामण्यफलको स्वामी र अधिपति हो । महाराज ! प्रव्रज्यामा धेरै गुण छ; अथाह गुण र अप्रमाण पुण्यको अनुमान गर्न सकिन्न ।"

https://dhamma.digital

"महाराज ! जस्तै, यथेष्ट वर दिने मणिरत्नको मूल्यको अड्कल गर्न सकिन्न, त्यस्तै, प्रव्रज्याको धेरै गुण छ, अनेक गुण छ, अथाह गुण छ, अप्रमाण गुण छ । यसको गुणको अनुमान गर्न सकिन्न ।"

"महाराज ! प्रव्रजितहरूले जे गर्न चाहन्छन्, त्यो छिटै पूर्ण हुन्छ, ढिलो हुँदैन । त्यसो किन ? महाराज ! किनकि प्रव्रजित अल्पेच्छ सन्तुष्ट, विरागी, संसारको प्रपञ्चदेखि टाढा रहने, उत्साही, विनाघर बार शीलाचरणलाई पूरा गर्ने, राम्रो आचरण गर्ने, धुताङ्ग धारण गर्ने । महाराज ! यस्ता कारणहरूले गर्दा प्रव्रजितले जे चाहन्छन् त्यो अत्यन्त शीघ्र पूरा हुन्छ, ढिलो हुँदैन । महाराज ! जस्तै, गाँठो नपरेको, बर ाबर, राम्ररी माझेको, सीधा र सफा तीर ठीकसँग छाड्दा त्यो धेरै परसम्म जान्छ । त्यस्तै, प्रव्रजितले जे गर्न चाहन्छ, त्यो छिटै पूर्ण हुन्छ, ढिलो हुँदैन ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ४. दुस्करचर्याको दोष विषयमा प्रश्न

७. "भन्ते नागसेन ! जुन बोधिसŒवले दुष्करचर्या (दुःखमय तपस्या) गर्नुभएको थियो । त्यस्तो उद्योग, त्यस्तो उत्साह, त्यस्तो क्लेशसँग युद्ध गरी त्यस्तो मार-सेनालाई पराजित गरेर, त्यस्तो आहारको संयम, त्यस्तो कठिन दुष्करचर्या अरू कसैले गरेको थिएन । तर यस प्रकारको चर्याको कुनै फल प्राप्त नभएको देखी उहाँले त्यो विचारलाई छाडेर यसो भन्नुभयो – 'यस कठिन दुष्करचर्याले पनि मैले त्यस उत्तरीय मनुष्यधर्म (मनुष्योत्तर धर्म) लाई प्राप्त गर्न सकिन, जसबाट ज्ञानको दर्शन होस् ।' उहाँले ज्ञान प्राप्तिका लागि अर्को मार्ग देख्नुभया दुष्करचर्यालाई छोडेर उहाँले अर्को मार्गबाट सर्वज्ञता प्राप्त गर्नुभएको थियो । फेरि, आफ्ना श्रावकहरूलाई त्यस मार्गको उपदेश दिँदै भन्नुभयो –

आरम्भथ, निक्कमथ, युञ्जथ बुद्धशासने ।

धुनाथ मच्चुनो सेनं, नलागारं व कुञ्जरो'ति ॥

आरम्भ गर, बल लगाऊ, बुद्धधर्ममा प्रतिष्ठित बन । नर्कटको झुपडीलाई जसरी एउटा हात्तीले बिगारिदिन्छ, त्यसरी नै मार-सेनालाई छिन्नभिन्न गरिदेऊ ।

"भन्ते नागसेन ! जुन बाटोबाट पराजित भएर स्वयं भगवान् हट्नुभएको थियो, उहाँले सोही बाटोमा लाग्न आफ्ना श्रावकहरूलाई किन उपदेश दिनुहुन्छ ?"

८. "महाराज ! त्यति बेला पनि र अहिले पनि मार्ग त्यही नै हो । सोही मार्गमा हिंडेर बोधिसŒवले सर्वज्ञता प्राप्त गर्नुभएको थियो । फेरि पनि, अत्यन्त परिश्रम गरेर बोधिसŒवले आफ्नो आहार सर्वथा त्याग्नुभएको थियो । त्यसो गर्नाले उहाँको चित्त अत्यन्त दुर्बल भयो । अत्यन्त दुर्बल हुनुभएकोले उहाँले सर्वज्ञता प्राप्त गर्न सक्नु भएन । त्यसपछि बिस्तारै-बिस्तारै भोजन गर्न आरम्भ गर्नुभयो र स्वस्थ भएर त्यही मार्गद्वारा सर्वज्ञता-ज्ञान पाउनुभयो । महाराज ! सबै तथागतहरूले सर्वज्ञताज्ञान पाउनुको मार्ग यही हो ।"

https://dhamma.digital

“महाराज ! जसरी सबै जीवहरूको आधार आहार हो, आहारको बलबाट नै सबै जीवहरू सुखपूर्वक रहन्छन्, त्यसरी नै, सबै तथागतहरूले सर्वज्ञज्ञान पाउनुको यही मार्ग हो । महाराज ! यो न त उद्योगको दोष थियो, न वीर्य (परिश्रम)को दोष थियो र न क्लेशहरूसँग युद्ध गर्नुको दोष थियो, जो तथागतले त्यस बखत सर्वज्ञज्ञान पाउन सक्नुभएन । आहारलाई त्याग्नाले यो दोष लागेको थियो । त्यो मार्ग भने सधैं उत्तम छ ।”

“महाराज ! जसरी कुनै मानिस बाटोमा दगुरेर लडोस् अनि पक्षघात भएर ऊ अपाङ्ग भएको होस् । त्यसो भए के यसमा महापृथ्वीको कुनै दोष थियो, जसले गर्दा उसले कष्ट भोग्नु पर्‍यो ?” “होइन भन्ते ! महापृथ्वी त सधैं ठीक छ । यथार्थमा उसको आफ्नै दोष थियो जो वेगले दगुर्दा लड्यो ।” “महाराज ! यो न त उद्योगको दोष थियो, न वीर्य (परिश्रम)को दोष थियो र न क्लेशहरूसँग युद्ध गर्नुको दोष थियो, जो तथागतले त्यस समय सर्वज्ञज्ञान पाउन सक्नु भएन । यो दोष त केवल आहार लाई सर्वथा बन्द गरिदिनाले भएको थियो । त्यो मार्ग त सधैं उत्तम नै छ ।”

“महाराज ! जस्तै कसैले मैलो धोती लगाओस् । त्यसलाई नधोहोस् । त्यसमा पानीको के दोष ? पानी त सधैं तयार नै छ । यो त त्यो मानिसको आफ्नै दोष हो । महाराज ! त्यसरी नै, ··· । यो दोष त आहारलाई सर्वथा बन्द गरिदिनाले भएको थियो । त्यसैले तथागतले आफ्ना श्रावकहरूलाई सोही मार्गमा लाग्ने उपदेश दिनुहुन्छ । महाराज ! यसरी त्यो मार्ग त सधैं उचित र उत्तम छ ।”

“साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।”

## ५. भिक्षुभावको परित्याग विषयमा प्रश्न

९. “भन्ते नागसेन ! तथागतद्वारा उपदिष्ट धर्म महान् छ, सारमा सत्य छ, उत्त म छ, श्रेष्ठ छ, ठुलो छ, उच्च र अनुपम छ, परिशुद्ध छ, विमल छ, स्वच्छ छ र निर्दोष छ । यो धर्मअनुसार गृहस्थलाई त्यसै प्रव्रजित गरिदिनु उचित ठहर्दैन । गृहस्थ-कालमा यो तबसम्म सिक्नुपर्छ, जबसम्म स्र ोतापति फल प्राप्त गरिन्न । फेरि, उनी चीवर छाडेर फर्कन सक्दैनन् । त्यसपछि निःशङ्क भएर प्रव्रजित गरौं । त्यसो किन ? किनकि कति दुर्जन मानिसहरू यस विशुद्ध धर्ममा प्रव्रजित भएर पछि चीवर छाडेर गृहस्थ बन्दछन् । उनीहरूले यस्तो गर्दा मानिसहरूले यो सम्झने अवसर पाउँछन् कि – ‘श्रमण गौ तमको धर्म अवश्य पनि असल छैन होला, जसले यतिका मानिसहरू फर्केर आए ।’ यसै कारणले मेरो यो प्रस्ताव (सुझाउ) हो ।”

“महाराज ! जस्तै पवित्र, निर्मल र शीतल पानीले भरिएको कुनै पोखरी होस् । कुनै मानिस हिलो र फोहोरमा लट्पटिएर त्यो पोखरीमा आवस् अनि नुहाइधुवाइ नगरी सफा नभई फर्की आवस् । महार ाज ! त्यस अवस्थामा मानिसहरूले कसलाई दोष दिन्छन्, त्यो मानिसलाई वा त्यो पोखरीलाई ?” “भन्ते ! मानिसहरूले त्यो मानिसलाई नै दोष दिन्छन्; किनभने पोखरीको नजिक गएर पनि नुहाइधुवाइ नगर ी सफा सुग्घर नगरी त्यसै फर्की आयो । उसको इच्छा नभएपछि के पोखरीले उसलाई समातेर नुहाइएदिन्छ । असलमा पोखरीको के दोष ? महाराज ! त्यसरी नै, तथागतले विमुक्तिरूपी असल पानीले पूर्ण सद्धर्मरूपी पोखरी तयार पार्नुभयो यस निम्ति कि क्लेशहरूको फोहरले लट्पटिएका बुद्धिमान् मानिसहरूले यसमा नुहाएर आफ्ना सारा क्लेशहरू पखालून् । यदि कुनै मानिस त्यस सद्धर्मरूपी पोखर

ीनिर गएर पनि ननुहाई क्लेशहरूले लट्पटिएर फर्क्यो र चीवर छाडी गृहस्थ भयो भने त्यसमा उसको आफ्नो दोष हो । मानिसहरूले उसैलाई दोषी ठहऱ्याएर भन्नेछन् – 'यो मानिस बुद्धधर्ममा प्रव्रजित भएर त्यहाँ बस्न नसकी फेरि फर्के आई गृहस्थ भयो ।' आफूले उद्योग नगरेसम्म के बुद्धधर्मले उसलाई समातेर शुद्ध पारिदिन्छ ? असलमा यसमा बुद्धधर्मको के दोष ?" (क)

"महाराज ! जस्तै कुनै मानिस कठिन रोगले पीडित छ । उसले एउटा वैद्यलाई देखाओ जो रोग चिन्न निकै निपुण र ओखतीमूलो गर्न सिपालु छ । उसलाई देखेर पनि त्यो रोगी उसका छेउ जावस्, न आफ्नो उपचार गराओस्, आफ्नो रोग लिएर फर्कोस् । महाराज ! त्यसो हो भने मानिसहरूले कसलाई दोष दिन्छन्, वैद्यलाई वा रोगीलाई ?" "भन्ते ! रोगीलाई नै दोषी ठहराइन्छ र यति असल वैद्यका नजिक गएर पनि औषधी नगराई आफ्नो रोग लिएर त्यो रोगी फर्केर आयो । उसको आफ्नो इच्छा नभए के वैद्यले उसलाई समातेर जबरजस्ती चिकित्सा गर्छ ? यसमा वैद्यको के दोष ?"

"महाराज ! त्यसरी नै, तथागतले आफ्नो धर्मरूपी सन्दुकमा समग्र क्लेशहरूको भयङ्कर रोगको सबैभन्दा अचूक औषधी राखीछाड्नुभएको छ । जो चतुर र बुद्धिमान् छन् उनीहरू औषधी पिएर क्लेश-रोगबाट मुक्त हुन्छन् । यदि कोही त्यो औषधीलाई नपिएर आफ्नो क्लेश लिएर फर्क्यो र गृहस्थ भयो भने, मानिसहरूले उसैमाथि दोष दिन्छन् – यो मानिस बुद्धधर्ममा प्रव्रजित भएर त्यहाँ टिक्न नसकी फर्की आएर गृहस्थ भयो । उसले स्वयं चेष्टा नगर्नाले के बुद्धधर्मले उसलाई समातेर जबरजस्ती शुद्ध गरिदिन्थ्यो ! त्यसो भए यसमा बुद्धधर्मको के दोष !" (ख)

"महाराज ! जस्तै कुनै भोको मान्छे सदावर्त बाँडिने ठूलो अन्नक्षेत्रमा गएर पनि त्यहाँ केही नखाई भोकै फर्क्यो भने, मानिसहरूले कसलाई दोषी ठहऱ्याउँछ – खानुपर्ने भोको मान्छेलाई कि भोजनलाई ?" "भन्ते ! भोको मान्छेलाई नै दोषी ठहऱ्याइन्छ – ऊ भोकले व्याकुल भएर पनि सदावर्त भोजन नगरी भोकै फर्की आयो । स्वयं नखाएर के भोजन आफैं उडेर उसको मुखमा आउँछ ? यसमा भोजनको के दोष ?" "महाराज ! त्यस्तै, तथागतले आफ्नो धर्मरूपी थालमा अत्यन्त श्रेष्ठ, शान्त, शिव, प्रणीत र अमृततुल्य मधुर 'कायगतासति' (आफ्नै शरीरमा नै मनन-भावना गर्ने रूपी भोजन पस्कनुभएको छ । बाठा र सुजन मानिसहरू आफ्नो क्लेश र व्याकुलता मेट्न भोजन खाएर काम-भव, रूप-भव अरूप-भवको भोक (तृष्णा) लाई हटाउँछ । यदि कुनै मानिस त्यो भोजन नखाएर तृष्णाले व्याकुल भई फर्की आएर गृहस्था भयो भने, मानिसहरूले उसैलाई दोष दिन्छन् । यसमा बुद्धधर्मको के दोष !" (ग)

१०. "महाराज ! यदि तथागतले गृहस्थहरूलाई प्रथम-फल (स्रोतापति-फल) मा प्रतिष्ठित गर ाएर पछि प्रव्रजित गराउनु भयो भने, त्यसको कुनै अर्थ नै रहँदैन कि प्रव्रज्याले मानिसको क्लेशलाई मेटेर शुद्ध गरिदिन्छ । त्यसो हो भने, प्रव्रज्याको कुनै अर्थ नै रहँदैन । महाराज ! जस्तै सयकडौं मानिसहरूले मिलेर एउटा पोखरी खनाए । पोखरी तैयार भएपछि यस्तो सूचना जारी गरे – फोहरी मानिस यो पोखरीमा नजावस्; सफा-सुग्घर मानिस मात्र जावस् । महाराज ! त्यसो हो भने, के सफा-सग्घरी मानिसहरूलाई पोखरीसित कुनै सरोकार रहन्छ ?" "रहँदैन भन्ते ! जुन कामका लागि उनीहरू पोखरी भएठाउँ जानुपर्थ्यो, त्यो त उनीहरूले पहिले नै कुनै अर्को ठाउँमा पूरा गरिसके । उनीहरूलाई अब पोखरीसित के प्रयोजन ! महाराज ! त्यसरी नै, यदि तथागतले गृहस्थहरूलाई प्रथम-

फलमा प्रतिष्ठित गराएर प्रव्रजित गर्नुभएको भए त्यसबाट कुनै लाभ हुन्न, किनभने आफ्नो काम त उनीहरूले पहिले नै गरिसकेका थिए । उनीहरूलाई प्रव्रज्यासित के सरोकार ।"

"महाराज ! जस्तै एउटा वैद्य, जसले सबै पुराना ऋषिहरूबारे अध्ययन गरिसकेको छ जसले सूत्र र मन्त्रहरूको पदलाई ठीक तवरले जान्दछ उसको सबै शङ्का मेटिएको छ, जसले रोगको पहिचान सूक्ष्मरूपले गर्दछ र जसको उपचार कहिल्यै व्यर्थ जाँदैन । ऊ सबै रोगहरूको अचूक औषधी लिएर आवस् र यस्तो सूचना जारी गरोस् – 'मनिर कुनै रोगी नआवस्; जो निरोगी र स्वस्थ छ, उही आवस् ।' महाराज ! त्यसो भए के निरोगी, स्वस्थ र बलियो मानिससित त्यस वैद्यको कुनै सरोकार र हन्छ ?" "रहन्न भन्ते ! जुन कामको लागि उनीहरू वैद्य भए ठाउँ जानुपर्थ्यो, त्यसलाई त उनीहरूले कुनै अर्को ठाउँमा पूरा गरिसके । अब त्यस वैद्यसित उनीहरूको के सरोकार !" "महाराज ! त्यसरी नै तथागतको गृहस्थहरूलाई प्रथम-फलमै प्रतिष्ठित गराएर प्रव्रजित गर्नुभएको भए यसको कुनै तात्पर्य नै रहन्नथ्यो; किनकि आफ्नो काम त उनीहरूले पहिले नै गरिसके । उनीहरूलाई प्रव्रज्यासित के सर ोकार ।"

"महाराज ! जस्तै – कुनै मानिसले सयकडौं थाल भोजन पस्कन लगाएर यस्तो सूचना जारी गऱ्यो – 'यस भोजनशालामा कुनै भोको मानिस नआवस्; जो पेटभरि खाएर तृप्त भएको छ, उनीमात्र आवस् ।' त्यो हो भने महाराज ! के ती तृप्त व्यक्तिहरूलाई (जसको पेटभरिसकेको छ) त्यस भोजनबाट कुनै फल प्राप्त होला ?" "हुँदैन भन्ते ! जुन उद्देश्यका लागि उनीहरू त्यस भोजशालामा जाँदछन् त्यो त उनीहरूले अर्कै ठाउँमा पूरा गरिसके । त्यस भोजनशालाबाट उनीहरूलाई अब के सरोकार !" "महार ाज ! त्यसरी नै, यदि तथागतले गृहस्थहरूलाई प्रथम-फलमा प्रतिष्ठित गराएर मात्र प्रव्रजित गर्नुभएको भए यसको कुनै तात्पर्य नै रहन्नथियो, किनकि आफ्नो काम त उनीहरूले पहिले नै पूरा गरिसके । उनीहरूलाई प्रव्रज्यासित के सरोकार !"

११. "महाराज ! तर ती जो चीवर छाडेर फर्की जान्छन्, बुद्धधर्ममा पाँच अतुल्य गुणहरूलाई देख्छन् । कुनचाहिँ पाँच गुणहरूलाई ?

(१) यो देख्छन् कि प्रव्रज्या-भूमि कति महान् छ,

(२) यो देख्छन् कि प्रव्रज्या कस्तो शुद्ध र विमल छ,

(३) यो देख्छन् कि मलिन (अपवित्र) रहने मानिसहरू प्रव्रजित भएर रहन सम्भव छैन,

(४) यो देख्छन् कि प्रव्रज्याको गौरव साधारण मानिसको पहुँचभन्दा पर छ र

(५) यो देख्दछन् कि प्रव्रजितले कति धेरै संयम राख्नुपर्दछ ।"

१२. "प्रव्रज्या-भूमिको महत्वलाई कसरी देख्छन् ?" "महाराज ! जस्तै, यदि सानो जातको कुनै गरीब र मूर्ख मानिसलाई एउटा विशाल राज्यको गद्दीमा बसाएमा आफ्नो पद सम्हाल्न नसकी ऊ चाँडै खस्छ, गद्दीमा कायम रहन सक्दैन ।" "यसको के कारण हो ?" "त्यो पद निकै महान् ठूला भएका हुनाले ।" "महाराज ! यसरी जसको पुण्य धेरै छैन, जसमा कुनै विशेषता छैन र जो बुद्धिहीन छन्,

उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन्, तर त्यस पदको महान् गौरवलाई थाम्न सक्दैनन्, स्वयंलाई त्यहाँ सम्हाल्न सक्दैनन्, च्युत हुन्छन् र चीवर छोडेर फेरि गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनभने प्रव्रज्या-भूमि महान् छ । यसरी उनीहरूप्रव्रज्या-भूमिको महत्वलाई देख्छन् ।" (१)

"प्रव्रज्या कसरी शुद्ध र विमल छ भनेर यसलाई कसरी देख्छन् ?" "महाराज ! जस्तै, कमलको पातमा पानी रहँदैन, चिप्लेर झर्दछ, छरिन्छ र त्यसमा केही पनि रहँदैन । त्यसो किन ?" "किनकि त्यो कमल निकै परिशुद्ध र निर्मल भएकोले ।" "महाराज ! यसरी नै, जो दुष्ट, कपटी, बाङ्गो, कुटिल र खराब विचार भएका छन्, उनीहरू प्रव्रजित त हुन्छन् तर बुद्धशासन निकै परिशुद्ध, मलरहित, निष्कपट, सफा र स्वच्छ भएकोले शीघ्र च्युत हुन्छन् र चीवर छाडेर गृहस्थ बन्छन् । उनीहरू त्यहाँ टिक्न पाउँदैनन्, त्यसमा लागिरहन सक्दैनन् ।" "त्यसो किन ?" "किनकि बुद्धको शासन (धर्म) परिशुद्ध र विमल भएकोले । यसरी उनीहरूले देख्दछ कि प्रव्रज्या कस्तो शुद्ध र विमल छ ।" (२)

"अपवित्र भएकाहरू प्रव्रजित भएर रहनु सम्भव छैन यसलाई यसरी देख्छन् ?" "महाराज ! जसरी महासमुद्रमा शव (लाश) रहन सक्दैन । महासमुद्रमा जुन शव छ, त्यो चाँडै नै किनारा लागेर जमिनमा आउँछ ।" "त्यसो किन ?" "किनकि महासमुद्रको स्वभाव महापुरुषको जस्तो हुन्छ । महाराज ! यसरी नै, जो पापी, संवर नभएको (अल्छे), निर्वीर्य, गर्नुपर्ने काम नगर्ने, त्रास नभएको, मलिन हृदय र खराब मानिसहरू छन्, उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन् तर अर्हत्, विमल क्षीणस्रव इत्यादि महापुरुषका माझमा रहन नसक्नाले शीघ्र नै त्यहाँबाट निस्कन्छन् र चीवर छाडेर गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनकि बुद्धशासनमा अपवित्र मानिस प्रव्रजित रहनु सम्भव छैन । यसरी उनीहरू यो देख्छन् कि पापी व्यक्तिहरू बुद्धशासनमा प्रव्रजित रहनु सम्भव छैन ।"(३)

"यो कसरी देख्छन् कि प्रव्रज्याको गौरव साधारण मानिसहरूको पहुँचभन्दा टाढा छ ?" "महाराज ! जो अकुशल, अशिक्षित र चञ्चल बुद्धि भएकाहरू छन् र जसले कुनै शिल्प सिकेका छैनन्, उनीहरूले तीर चलाएर सूक्ष्म चीजलाई छेड्न सक्दैनन् । उनको तीर निसानाबाट उल्टो-सोझो, यताउता बहकिन्छ ।" "त्यसो किन ?" "किनकि तीर चलाएर सूक्ष्म चीजलाई बेध्नको लागि अतिनिपुणता चाहिन्छ । महाराज ! यसरी नै, जो दुष्प्रज्ञ, मूर्ख, मूढ र मन्द छन् उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन्, तर चार आर्यसत्यका सूक्ष्म र उच्च कुरा नबुझ्नाले त्यहाँ टिक्न सक्दैनन्, छिट्टै नै अलग हुन्छन् र चीवर छाडेर गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनकि आर्यसत्यको कुरा निकै सूक्ष्म र उच्च भएकोले । यसप्रकार, यो देख्छन्, कि प्रव्रज्याको गौरव साधारण व्यक्तिहरूको पहुँचभन्दा बाहिर छ ।" (४)

"यो कसरी देख्छन् कि प्रव्रजितले कति धेरै संयम गर्नुपर्छ ?" "महाराज ! जस्तै कुनै मानिसलाई कुनै ठूलो युद्धमा शत्रुहरूले चारैतिरबाट घेरे । तीर, भाला लिएर आफूतिर आइरहेको देखी डराएर, हड्बडाएर भाग्यो ।" "त्यसो किन ?" "किनकि यस्तो युद्धमा आफूलाई चारैतिरबाट जोगाउनुपर्छ । महाराज ! यसरी जो स्वयं स्वभावले संयमी छैनन्, जसलाई कुनै पाप गर्न लाज लाग्दैन, जो अल्छी छन्, जसमा धैर्य छैनन्, जो चञ्चल स्वभावका छन्, जताततै चिप्लिन्छन् र मूर्ख छन् उनीहरू बुद्धशासनमा प्रव्रजित त हुन्छन् तर यो देखेर कि प्रव्रजितले प्रशस्त संयम राख्नुपर्दछ, उनीहरू व्याकुल हुन्छन् र त्यहाँ

नटिक्नाले चीवर छोडेर गृहस्थ बन्छन् ।" "त्यसो किन ?" "किनकि बुद्धशासनमा प्रव्रजित भएपछि धेरै संयम गर्नुपर्दछ। यसरी उनीहरू देख्छन् कि बुद्धशासनमा प्रव्रजितले कति धेरै संयम गर्नुपर्छ।" (५)

"महाराज ! जस्तै फूलहरूमा जो सबैभन्दा उत्तम फूल जुही हो त्यसको लहरोमा कहिलेकाहीँ कीराहरू लाग्छन् र एक-दुईवटा फूल झार्छन् । तर ती एक-दुईवटा झर्दैमा त्यस लहराको सुन्दरता मेटिन्न । त्यसमा कायम रहेका सग्ला फूलहरूले आफ्नो बास्नाले दिशा-विदिशालाई सुगन्धित पारिर हन्छन् । महाराज ! त्यसरी नै, जो बुद्धशासनमा प्रव्रजित भएर पछि चीवर छाडेर गृहस्थ बन्छन्, उनीहरू त्यस फूलको जस्ता हुन् जो कीरा लाग्नाले सौन्दर्य र बास्नारहित भएर झर्छन् । उनीहरू यसरी फर्की आउनाले बुद्धशासनमा कुनै कलङ्क लाग्दैन । किनकि शासनमा जो भिक्षु कायम रहन्छन्, उनीहरूकै शीलको सुगन्धले देवताहरू र मनुष्यहरूसमेत सारा लोक सुगन्धित भई रहन्छन् ।"

"महाराज ! जस्तै उपद्रोहरहित रातो धानको खेतमा करुम्भक नामका घाँस उम्रेर बीचमै ओइलाउँछन् तर त्यसबाट खेतको शोभा घट्दैन । जुन धानहरू खडा रहन्छन् तिनकै शोभा धेरै रहेको हुन्छ । महाराज ! त्यसरी नै, जो बुद्धशासनमा प्रव्रजित भएर पछि चीवर छोड्छन् उनीहरू रातो धानको खेतमा उम्रेका करुम्भक नामका घाँस जस्तै हुन्छन् । उनीहरूले यसरी चीवर छाडेर जानाले भिक्षु-सङ्घको शोभा घट्दैन । जुन भिक्षुहरू कायम रहन्छन्, उनीहरू अर्हत्-पद पाउने योग्य पनि हुन्छन् ।"

"महाराज ! चिताए बमोजिम फल दिने रत्नको कुनै एउटा भाग रूखो हुँदैमा रत्नको मूल्य घट्दै न । रत्नको जुन भाग स्वच्छ छ, त्यसैमा यथेष्ट चमक हुन्छ जसलाई देख्दा मानिसहरू निकै खुसी हुन्छन् । महाराज ! त्यसरी नै, जो बुद्धशासनमा प्रव्रजित भएर पछि चीवर छोड्छन् उनीहरू रत्नको रूखो भाग सरह हुन् । तर उनीहरूले यसरी चीवर छाड्दैमा बुद्धशासनमा कुनै कलङ्क लाग्दैन । जुन भिक्षुहरू कायम रहन्छन्, उनीहरू नै देवता र मनुष्यहरूलाई खुसी तुल्याउँछन् ।"

"महाराज ! जस्तै, असल जातिको रक्त चन्दनमा कतै सड्नाले पनि बास्ना कायम रहन्छ । त्यसले गर्दा रातो चन्दन खराब हुँदैन, जुन भागहरू सग्ला छन्, तिनैको बास्ना यति रहन्छ कि छेउ-छाउसम्म सुगन्धित रहन्छन् । महाराज ! त्यसरी नै, जसले बुद्धशासनमा प्रव्रजित भएपछि चीवर छाडिदिन्छन्, उनीहरू चन्दनको सडेको भागजस्तै हुन् । उनीहरूले यसरी चीवर छाडेर गृहस्थ बनेमा पनि बुद्धशासनमा कुनै कलङ्क लाग्दैन । जुन भिक्षुहरू कायम रहन्छन्, उनीहरूको शीलरूपी चन्दनको बास्नाबाट देवता र मानिसहरूका साथै सारा लोक सुगन्धित रहन्छ ।"

"साधु भन्ते नागसेन ! एकभन्दा एक असल उदाहरण र उपमाहरूद्वारा तपाईंले बुद्धशासनको शुद्धतालाई राम्ररी देखाइदिनुभयो । चीवर छाडेर जाने व्यक्तिहरूले यर्थाथमा बुझ्छन् कि बुद्धशासन कति श्रेष्ठ छ ।"

## ६. अर्हत्का शारीरिक र मानसिक वेदनाहरू

१३. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – 'अर्हत्लाई कायिक (शारीरिक) वेदना मात्र हुन्छ, चेतसिक (मानसिक) हुँदैन । भन्ते नागसेन ! शरीरको आधार लिएर नै अर्हत्को चित्त प्रवर्तित भइर हन्छ । त्यहाँ शरीरको अनुभवमा के अर्हत्को अधिकार हुँदैन ?"

१४. "हो महाराज ! कुरो यस्तै हो ।" "भन्ते नागसेन ! यो त ठीक होइन कि अर्हत्ले आफ्नै शर ीरमा हुने अनुभवमा अधिकार प्राप्त गर्न सक्दैन जब कि एउटा चराले पनि आफ्नो गुँडमा अधिकार जमाउँछ ।"

"महाराज ! यी दश कायानुगत धर्म हुन् जो, जन्मजन्मान्तरदेखि शरीरका साथ लागिरहन्छन् । कुनचाहिँ दश ? (१) सर्दी, (२) गर्मी, (३) भोक, (४) तिर्खा, (५) दिसा, (६) पिसाब, (७) थकाइ, (८) बूढ्याइँ, (९) रोग र (१०) मृत्यु । यी दश कायानुगत धर्म जन्मजन्मान्तरदेखि शरीरका साथ लागिर हन्छन् । त्यही कारणले यहाँ अर्हत्ले आफ्नो शरीरको अनुभवमा आफ्नो अधिकार जमाउन सक्दैन, मालिक हुन सक्दैन ।"

"भन्ते ! के कारण हो कि आफ्नो शरीरका यस्ता कुराहरूमा अर्हत्को कुनै अधिकार रहँदैन ? कृपा गरेर मलाई सम्झाउनुहोस् ।" "महाराज ! जसरी पृथ्वीमा रहने सबै जीवहरू यसैमा हिंड्दछन् र आफ्नो कामकाज गर्दछन् । महाराज ! त्यसो हो भने के ती सबैले पृथ्वीमा आफ्नो वश वा शासन चलाउँछन् ?" "चलाउँदैनन् भन्ते !" "महाराज ! त्यसरी नै, अर्हत्को चित्त शरीरको आधारहरूमा प्र वर्तित त हुन्छ, तर त्यसमा तिनले शासन चल्दैन ।"

"भन्ते नागसेन ! के कारण हो कि पृथक्जन (साधारण व्यक्ति) हरूले कायिक (शारीरिक) र चेतसिक (मानसिक) दुवै वेदनाहरूको अनुभव गर्दछन् ?" "महाराज ! पृथक्जनको चित्त साधनाद्वारा वशमा रहेको हुन्न । त्यसैले उनीहरूले शारीरिक र मानसिक दुवै वेदनाहरूको अनुभव गर्दछन् । महार ाज ! जस्तै, भोकले कमजोर भएको गोरुलाई घाँसको एउटा सानो र कमजोर डोरीले वा लहरोले बाँध्न सकिन्छ । यदि त्यो रिसायो भने डोरी या लहरोलाई चुँडाएर भाग्न सक्छ । महाराज ! यसरी नै जो अभावित चित्त वेदनाले चञ्चल हुन्छ । चित्त चञ्चल हुनाले शरीर छट्पटाउन र धरमराउन थाल्छ । अभावित चित्त हुनाले ऊ काँप्छ र चिच्याउँछ । महाराज ! यही कारण हो कि पृथक्जनलाई शारीरि क र मानसिक वेदना हुन्छ ।" "भन्ते नागसेन ! अनि त, अर्हत्लाई शारीरिक वेदना मात्र किन हुन्छ, मानसिक वेदना किन हुँदैन ?" "महाराज ! अर्हत्ले आफ्नो चित्तलाई साधनाभ्यासद्वारा सर्वथा वशमा पारेको हुन्छ, उसको चित्त उसको पूर्ण अधिकारमा हुन्छ । उसले आफ्नो मनलाई इच्छाअनुसार र ाख्न सक्छ । जब उसलाई कुनै दुःख हुन्छ त उसले संसारको अनित्यताको विचार दृढतापूर्वक गर्दछ, समाधिरूपी कीलोमा मानौं आफ्नो चित्तलाई बाँध्छ । यसरी उसको चित्त चञ्चल हुन पाउँदैन; ऊ स्थिर र दृढ रहन्छ, त्यसो भएतापनि वेदनाले गर्दा उसको शरीर छट्पटाओस् अथवा धरमराओस् । महार ाज ! यसरी अर्हत्लाई शारीरिक वेदना मात्र हुन्छ, मानसिक वेदना हुँदैन ।"

"भन्ते नागसेन ! यो त एउटा निकै आश्चर्य कुरो हो कि पीडाले शरीर छट्पटाइरहँदा पनि चित्त स्थिर र दृढ रहन्छ । कृपया यसलाई उपमा दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तै एउटा एकदमै ठूलो हरियो रूख होस् । त्यसको काण्ड एकदमै मोटो होस् । त्यसका हाँगाहरू लामा फैलिएरका होऊन् । कहिले बेस्सरी बतास चल्नाले ती हाँगाहरू अगाडि-पछाडि हल्लन थालून् । महाराज ! त के

त्यसको काण्ड पनि हल्लन थाल्छ ?" "हल्लिँदैन भन्ते !" "महाराज ! अर्हत्‌हरूको चित्तलाई ठीक त्यसरी नै काण्डझैं सम्झनुहोस् ।"

"भन्ते नागसेन ! आश्चर्य छ, अद्‌भुत छ । यस्तो सधैं प्रकाश दिने धर्म-प्रदीपलाई मैले कहिल्यै देखिन ।"

## ७. गृहस्थले पाप गरेको विषयमा प्रश्न

१५. "भन्ते नागसेन ! कुनै गृहस्थले पाराजिक पाप गरेको होस् । ऊ पछि प्रव्रजित होस् । उसलाई स्वयं पनि विचार नहोस् कि मैले आफ्नो गृहस्थकालमा पाराजिक पाप गरेको थिएँ न कसैले उसलार्य सम्झना गराओस्, न उनले अर्हत्पद पाउनका लागि उद्योग गरोस् । त्यसो भए उसले सफलता पाउँछ ?" "पाउँदैन महाराज !" "भन्ते त्यसो किन ?" "सत्यबाटोमा आउने जुन असल हेतु थियो, त्यो नष्ट भयो । त्यसैले उसलाई सफलता प्राप्त हुँदैन ।"

"भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – आफ्नो पापको सम्झना गर्नाले ग्लानि हुन्छ । ग्लानि हुनाले चित्त रिंगाउछ । चित्त रिंगाउनाले सत्यतिर गति रहँदैन यदि कुरो यही हो भने, पाप सम्झना नगर्नाले अनुताप (कुकुच्च) पनि हुँदैन र त्यसपछि चित्त पनि रिंगाउदैन । चित्त नरिंगाएपछि धर्माभिसमय किन हुँदन ? यो दुविधायुक्त प्रश्नको दुइटा उल्टो परिणाम निस्कन्छ । कृपया सोचेर यसको उत्तर दिनुहोस् ।"

१६. "महाराज ! राम्ररी जोतेको र सिँचाएको कुनै उब्जाउ खेतमा पुष्ट बीउ रोपेपछि त्यो उम्रन्छ कि उम्रँदैन ?" "भन्ते ! अवश्य उम्रन्छ ।" "महाराज ! यदि त्यो बीउ कुनै ठूलो चट्टानमा रोप्यो भने त्यो उम्रन्छ ?" "उम्रँदैन भन्ते !" "महाराज ! के कारण हो कि बीउ जोतेर पानी पटाएर सिँचेको ठाउँमा भने उम्रन्छ तर चट्टानमा उम्रँदैन ?" "भन्ते ! किनकि चट्टानमा बीउ उम्रने हेतु (कारण) नभएकोले । विनासाधन बीउ उम्रन सक्दैन ।" "महाराज ! त्यसरी नै, धर्माभिसमय (सत्यतिर गति, मार्गफल) हेतु जुन साधन थियो, गृहस्थको त्यो साधन नष्ट भइसकेकोले । विनाहेतु धर्माभिसमय हुँदैन ।" (क)

"महाराज ! के लट्ठी, डल्लो, छडी र गदा हावामा त्यसरी टिक्न सक्छ, जसरी पृथ्वीमा टिक्छ ?" "टिक्दैन भन्ते !" "महाराज ! के कारण हो कि ती पृथ्वीमा त टिक्न सक्छ तर हावामा टिक्न पाउँदैन ?" "भन्ते ! हावामा टिक्ने यसको कुनै साधन नभएकोले । विनासाधन त्यो कसरी टिक्न सक्छ ?" "महाराज ! त्यस्तै, सत्यतिर गतिको जुन साधन थियो, त्यो त्यस (गृहस्थ) मा नष्ट भइसकेकोले विनासाधन सत्यतिरको गति हुन पाउँदैन ।" (ख)

"महाराज ! के पानीमा पनि आगो त्यसरी नै बल्न सक्छ जसरी पृथ्वीमा ?" "बल्न सक्दैन भन्ते !" "त्यसो किन ?" "भन्ते ! किनकि पानीमा आगो बल्ने जुन साधन छ, त्यो नरहेकोले । ती हेतुहरूबेगर बल्न सक्दैन ।" "महाराज ! त्यसरी नै, सत्यतिरको गति हुनको जुन साधन थियो, त्यो उसमा नष्ट भइसकेकोले विनासाधन सत्यतिरको गति हुन पाउँदैन ।" (ग)

https://dhamma.digital

"भन्ते नागसेन ! यहाँ अलिकति विचार गर्नुहोस् । तपाईंको कुरा मैले बुझ्िन, आफ्नो पापको सम्झना नगरी अनुताप हुँदैन भने अन्तराय (बाधा) कसरी हुन्छ ?"

"महाराज ! के नजानेर कसैले कडा विष पिए भने ऊ मर्दैन र ?" "भन्ते ! अवश्य मर्छ ।" "महाराज ! त्यसरी नै, त्यो ठूलो पापको सम्झना नगरे पनि अन्तराय आउँछ नै । महाराज ! यदि कुनै मानिसले नजानेर आगोमा खुट्टाले टेक्यो भने उसलाई पोल्छ कि पोल्दैन ?" "अवश्य पोल्छ, भन्ते !" "महाराज ! त्यसरी नै, त्यो ठूलो पापको स्मरण नगरे पनि अन्तराय अवश्य आउँछ ।"

"महाराज ! यदि विषालु सर्पले कुनै मानिसलाई उसले थाहा नपाउने गरी टोक्यो भने के ऊ मर्दैन ?" "भन्ते ! अवश्य मर्छ ।" "महाराज ! त्यस्तै, त्यो ठूलो पापको स्मरण गरे पनि बाधा त आउँछ नै ।"

"महाराज ! के तपाईंलाई थाहा छैन कि कलिङ्गको राजा सात रत्नहरूका साथ आफ्नो हस्तिरत्नमा चढेर जब कुनै नातेदारलाई भेट्न जाँदैथियो, त्यस बेला ऊ बोधिमण्डपको माथिबाट जान सकने, यद्यपि उसलाई थाहा थिएन । ठीक त्यसरी नै, आफ्नो पापको सम्झना नगरे पनि सत्यतिर गृहस्थको गति हुन पाउँदैन ।"

"भन्ते नागसेन ! भगवान्ले भन्नुभएको कुरा गलत हुन सक्दैन । म पनि यसलाई स्वीकार गर्दछु ।"

## ८. गृहस्थ र भिक्षुको दुःशीलतामा भेद विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! एउटा गृहस्थ र एउटा भिक्षु दुःखील (दुराचारी) हुनुमा के फरक छ ? के दुवै दुःशील हुनु बराबर छ ? के दुवैको विपाक (फल) बराबरी छ, अथवा दुवैमा कुनै भेद छ ?"

१८. "महाराज ! भिक्षु दुःशील हुनुमा गृहस्थ दुःशील हुनुभन्दा यी दश गुणहरू भिन्न छन्, विशेष छन् । दश कुराहरूबाट उसले आफ्नो दक्षिणालाई शुद्ध तुल्याउँछ ।"

"ती कुन दश गुण हुन् जो भिक्षु दुःशील हुनुमा गृहस्थको दुःशीलताभन्दा भिन्न हुन्छन् ? महाराज ! (१) दुःशील भएर पनि भिक्षु बुद्धप्रति श्रद्धा राख्दछ, (२) धर्मप्रति ..., (३) सङ्घप्रति ..., (४) सब्रह्मचारीहरूप्रति ..., (५) धार्मिक चर्चामा लागिरहन्छ, (६) विद्वान् हुन्छ, (७) सभामा शिष्ट रहन्छ, (८) निन्दाको भयले आफ्नो शरीर र वचनमा निग्रह गर्दछ, (९) उन्नतितर्फ लागिरहने उसको चेष्टा हुन्छ र (१०) अन्य भिक्षुहरूका साथ बसेर यदि कुनै पाप गरेमा पनि लुकाएर गर्छ, महाराज ! जस्तै – विवाहिता स्त्री एकदम गोप्य तवरले कुनै पाप गर्दछ । महाराज ! यिनै दश गुण हुन्, जो भिक्षु दुःशील हुनुमा गृहस्थको दुःशीलताभन्दा भिन्न हुन्छ ।"

"कुन माथिका दश कुराहरूबाट उसको आफ्नो दक्षिणा (दान) लाई शुद्ध पार्दछ ? (१) भिक्षुको भेष धारण गरेर, (२) ऋषिहरूकै समान शिर मुण्डन गरेर, (३) भिक्षु-सङ्घमा सम्मिलित भएर, (४)

बुद्धधर्म र सङ्घको शरणमा आएर, (५) अर्हत् पद पाउन भनी उद्योग गर्ने उचित परिस्थिति रहेर, (६) बुद्धधर्मका उच्च कुराहरूको खोजीमा लागेर, (७) राम्रा-राम्रा असल धर्मदेशना दिएर, (८) धर्मलाई प्रकाशमा ल्याएर, (९) बुद्धलाई सर्वश्रेष्ठ मानेर, (१०) उपोसथ-व्रत पालन गरेर उसले दक्षिणालाई शुद्ध पारिदिन्छ। महाराज ! उपर्युक्त दश कुराहरूले उसले आफ्नो दक्षिणा शुद्ध पार्दछ।"

"महाराज ! भिक्षु दुःशील भएर पनि यसरी लागेर दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ। महाराज ! जतिसुकै फोहोर, हिलो, धूलो र मैलो किन नहोस्, त्यसलाई पानीले धुन सकिन्छ । त्यसरी नै, भिक्षु दुःशील भएर पनि यसरी लागेर दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ।"

"महाराज ! जस्तै उम्लिरहेको पानीले बलिरहेको आगोलाई निभाइदिन्छ । त्यसरी नै, भिक्षु दुःशील भएर पनि राम्ररी धर्ममा लागेर दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ । महाराज ! जस्तै, भोजन स्वादिलो नभएपनि त्यसले भोक मेटाउँछ । त्यसरी नै, भिक्षु दुःशील भएर पनि राम्ररी आचरण गर्नाले दायक (दाता) द्वारा दिइएको दक्षिणालाई उसले सफल तुल्याइदिन्छ।"

"महाराज ! मज्झिमनिकायमा 'दक्षिणा-विभङ्ग' नामको धर्मोपदेश गरेको समयमा देवातिदेव तथागतले यसो भन्नुभएको छ :–

> यो सीलवा दुस्सीलेसु ददाति दानं, धम्मेन लद्ध सुपसन्नचितो ।
>
> अभिसद्दकं कम्मफलं उलारं, सा दक्खिण दायकतो विरुज्झती ॥

> 'धर्म र श्रद्धाले युक्त जो शीलवान् दुःशीललाई दान दिन्छ,
>
> त्यसले निकै राम्रो कर्मफल पाउँछ, दायकको त्यो दक्षिणा शुद्ध हुन्छ।'

"भन्ते नागसेन ! आश्चर्य छ ! ! अद्भुत छ ! ! मैले तपाईंलाई एउटा सानो प्रश्न सोधेको थिएँ। तर तपाईंले त्यसलाई उदाहरण र तर्कले यति स्पष्ट गरिदिनुभयो कि अब सुन्दाखेरि त्यो अमृतजस्तो मीठो लाग्छ। भन्ते ! कुनै असल मान्छेले थोरै सामान पाएर पनि खोर्सानी-मसला हालेर उसले त्यसलाई स्वादिलो बनाइदिन्छ र राजाले त्यसलाई मीठो मान्दै खान्छ। त्यसरी नै, मैले तपाईंसित एउटा सानो प्रश्न सोधेको थिएँ, तर तपाईंले त्यसलाई उपमाहरू र तर्कले यति स्पष्ट गरिदिनुभयो कि अब सुन्दाखेरि त्यो अमृत जस्तै मीठो लाग्छ।"

## ९. पानीमा प्राण विषयक प्रश्न

https://dhamma.digital

१९. "भन्ते नागसेन ! आगोमा पानी राख्नाले 'बुद्‌बुद्', 'खतखत' जस्ता अनेक प्रकारका शब्दहरू उत्पन्न हुन्छन् । भन्ते ! के पानीमा पनि जीव छ ? अथवा त्यसै, विनाकारण शब्द उत्पन्न हुन्छ ? अथवा दुःख दिँदा त्यसले शब्द उत्पन्न गर्दछ ?" "महाराज ! पानीमा जीव वा प्राण छैन । तर, आगोको बढी गर्मीले पानीमा एउटा गति उत्पन्न हुन्छ, जसले गर्दा त्यो 'बुद्‌बुद्', 'खतखत' आदि अनेक प्रकारका शब्दहरू उत्पन्न हुन्छन् ।"

"भन्ते नागसेन ! अर्को मत मान्ने कतिपय तिर्थङ्करहरूले यस्तो ठान्दछ कि पानीमा जीव छ । त्यसैले उनीहरू चिसो पानीलाई छाडेर तातो पानी पिउँछन् । उनीहरू तपाईं बौद्धहरूको निन्द्या गर्दै भन्छन् – 'यी शाक्यपुत्र श्रमणहरू एक इन्द्रिय भएको जीवलाई नष्ट गर्छन् ।' त्यसैले तपाईं कृपया यस्तो निन्दाको उचित उत्तर दिएर उनीहरूलाई चुप लगाउनुहोस् ।" "महाराज ! पानीमा जीव या प्राण छैन । परन्तु आगोको धेरै रापले गर्दा पानीमा एउटा गति उत्पन्न हुन थाल्छ, जसबाट त्यसले 'बुद्‌बुद्', 'खतखत' शब्दहरू उत्पन्न गर्दछ ।"

२०. "महाराज ! जस्तै खाडल, पोखरी, दह, ताल, कन्दरा, प्रदर र कुवाको पानी कहिलेकाहीं धेरै तेज आँधी चल्नाले उडेर सुक्छ, तब के त्यस बेला पनि त्यसले अनेक प्रकारले शब्द उत्पन्न गर्दछ ?" "गर्दैन भन्ते !" "महाराज ! यदि पानीमा जीव रहेको भए त्यस बेला पनि अवश्य शब्द उत्पन्न हुनुपर्थ्यो । महाराज ! यति मात्रबाट सम्झनुहोस् कि पानीमा जीव वा प्राण छैन । तर आगोको बढी तापले पानीमा एउटा शक्ति उत्पन्न हुन्छ; जसले गर्दा त्यसले 'बुद्‌बुद्', 'खतखत' आदि अनेक प्रकारका शब्द उत्पन्न गर्न थाल्छ ।"

"महाराज ! पानीमा जीव वा प्राणी छैन, यसको एउटा अर्को कारण सुन्नुहोस् । महाराज ! यदि चामलका साथ पानी हालेर कुनै हाँडीमा बन्द गरेर आगोमा बसाइएन भने त्यसले शब्द उत्पन्न गर्छ कि गर्दैन ?" "गर्दैन भन्ते ! त्यसमा कुनै गति हुन्न; त्यो शान्त रहन्छ । महाराज ! यदि त्यही हाँडीलाई त्यसरी नै उचालेर चुल्होमा राख्दा र आगो बाल्दा के त्यो चुप लाग्छ ?" "लाग्दैन भन्ते ! त्यो छड्‌कन र उम्लन थाल्छ । हाँडीभित्रको सबै थोक छड्‌कन थाल्छ ।" "महाराज ! त्यहीं चिसो रहँदा यस्तो चञ्चल किन हुँदैन ? किन शान्त भई रहन्न ?" "भन्ते ! आगोको धेरै तापले गर्दा त्यो यसरी नाना प्रकारले चल्न र उम्लन थाल्छ ।" "महाराज ! यस प्रकार सम्झनुहोस् कि पानीमा जीव छैन … ।"

"महाराज ! एउटा अर्को कारण पनि सुन्नुहोस् । के घर-घरमा मुख छोपेर पानी गाग्राहरूमा राखिन्न ?" "हो भन्ते ! राखिन्छ ?" "महाराज ! के त्यसको पनि पानी चल्छ ?" "चल्दैन भन्ते ! ती गाग्राहरूको पानी शान्त र स्वाभाविक रहन्छ ।" "महाराज ! के तपाईंले पहिले सुन्नुभएको छ कि समुद्रको पानी चञ्चल हुन्छ, लुट्‌पुटिन्छ, छाल उठ्छ, तल-माथि हुन्छ, उतार-चढाउ हुन्छ, ठोकिन्छ, घुमिरहन्छ, किनारामा ठोकिन्छ, सधैं 'हा-हा' शब्द उत्पन्न गरिरहन्छ ?""हो भन्ते ! मैले सुनेको छु र स्वयं देखेको पनि छु । महासमुद्रको पानी सय, दुई सय हात माथि पनि उचालिन्छ ।" "महाराज ! के कारण हो कि गाग्रोको पानी न त छचल्किन्छ न शब्द नै उत्पन्न गर्दछ । तर समुद्रको पानी छचल्किरहन्छ र नाना प्रकारले शब्द उत्पन्न गरिरहन्छ ?" "भन्ते ! बतास बेसरी चल्नाले नै समुद्रको पानी छचल्किरहन्छ, भन्ते ! गाग्रोको पानी न त हिंड्छ न डुल्छ नै । यसैले शान्त रहन्छ र कुनै शब्द उत्पन्न गर्दैन ।""महाराज !

https://dhamma.digital

जस्तै बतास चल्नाले पानी छचल्किन थाल्छ, त्यसरी नै, आगोको तापले गर्दा पानीमा एउटा गति उत्पन्न हुन्छ जसले गर्दा त्यो उम्लन थाल्छ र छड्कन्छ ।"

"महाराज ! नगरा (बाजा विशेष) लाई गाईको सुक्खा छालाले दोब्र्याइदिन्छौं, होइन ?" "हो भन्ते !" "महाराज ! के नगरामा पनि जीव या प्राण छ ?" "छैन भन्ते !" "महाराज ! त्यसो हो भने नगरा किन गडगडाउँछ ?" "भन्ते ! कुनै व्यक्ति (स्त्री वा पुरुष) ले चोट दिनाले (हिर्काउनाले) नगरा गडगडाउँछ, त्यस्तै आगोको तापले गर्दा पानीमा गति उत्पन्न हन्छ, जसले गर्दा त्यो उम्लन र छड्कन थाल्छ । महाराज ! यसबाट पनि सम्झनुहोस् कि पानीमा जीव छैन ··· ।"

"महाराज ! मैले पनि केही सोध्न बाँकी छ जसले गर्दा यो प्रश्न एकदमै स्पष्ट होस् । महाराज ! के सबै भाँडामा पानी तातो गर्नाले शब्द उत्पन्न हुन्छ या विशेष भाँडामा मात्र ?" "होइन भन्ते ! सबै भाँडामा पानी तताउँदा शब्द आउँदैन । कुनै कुनै भाँडामा मात्र त्यसो हुन्छ । महाराज ! तपाईंले आफ्नो कुरा छाड्नुभयो । तपाईं मेरो पक्षमा आउनुभयो । पानीमा जीव या प्राण छैन । महाराज ! यदि सबै भाँडामा पानी तताउँदा शब्द उत्पन्न भएमा भन्न सकिन्थ्यो कि पानीमा जीव छ । महाराज ! पानी दुई प्रकारको त हुँदैन नि – एउटा त्यो, जसले शब्द उत्पन्न गर्दछ त्यसमा जीव छ, दोस्रो त्यो, जसले शब्द उत्पन्न गर्दैन, जसमा जीव छैन ।"

"महाराज ! ठूलो मस्त हात्तीले पानीलाई सुँडले तानेर आफ्नो शरीरमा छर्कन्छ या मुखमा हालेर पिउँछ । यदि पानीमा जीव रहेको भए त्यसले त्यसरी उसका दाँतको बीचमा पिसिएर पानीले शब्द उत्पन्न गर्नुपर्ने थियो । समुद्रमा तिमि, तिमिङ्गल आदि अनेक प्रकारका माछाहरू रहन्छन् । तिनीहरूले पनि पानीलाई आफ्नो शरीरभित्र लिएर बाहिर फ्याँक्छन् । तिनीहरूका दाँतबाट पिसिएर पानीले शब्द उत्पन्न गर्नुपर्दथ्यो । महाराज ! यति ठूला प्राणीहरूबाट पिसिएर पानीले शब्द उत्पन्न गर्दैन । त्यसैले यही सार निस्कन्छ कि पानीमा जीव वा प्राण छैन । महाराज ! यस प्रकार पनि सम्झनुहोस् कि पानीमा जीव वा प्राण छैन ··· ।"

"साधु भन्ते नागसेन ! प्रश्नको विश्लेषण गरेर तपाईंले त्यसलाई किनारा लगाउनुभयो । सिपालु जौहरीले हात परेपछि असल रत्नहरूको प्रतिष्ठा हुन्छ । मोतीहर (मोतीलाई चिन्ने र मूल्याङ्कन गर्न सक्ने) को हातमा आएपछि नै मोतीको वास्तविक प्रतिष्ठा हुन्छ । कपडाको श्रेष्ठीको हात परेपछि नै साँच्चै दोसल्लाका उचित प्रतिष्ठा हुन्छ । बास्ना हातमा आएर नै रातो चन्दनको प्रतिष्ठा हुन्छ । भन्ते नागसेन ! त्यसरी नै, तपाईंले यस प्रकार उत्तर दिनुभयो । तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

(यस वर्गमा नौ प्रश्नहरू छन् ।)

प्रथम बुद्ध वर्ग समाप्त ।

## २. निष्प्रपञ्चवर्ग

https://dhamma.digital

## १. निष्प्रपञ्चता विषयमा प्रश्न

१. "भन्ते नागसेन ! भगवान्ले यसो भन्नुभएको छ – 'भिक्षु हो ! प्रपञ्च (झन्झट) मा नपर, प्रपञ्चबाट परै बस ।' त्यस्ता निष्प्रपञ्चहरू कतिवटा छन् ?"

२. "महाराज ! स्रोतापत्तिको फलमा प्रपञ्च हुँदैन, यसरी नै, सकृदागामी, अनागामी र अर्हत् फलमा पनि प्रपञ्च हुँदैन । भन्ते नागसेन ! यदि कुरा यस्तो हो भने – भिक्षुहरू यस्ता कुराहरूको झन्झटमा किन पर्छन्, जस्तै – (१) सूत्र, (२) गेøयं, (३) वेøयाकरणं, (४) गाथा, (५) उदान, (६) इतिवुत्तक, (७) जातक, (८) अद्भुतधर्म र (९) वेदल्ल ? यस्ता कुराहरू कि पढाउँछन् र स्वयं आपसमा तिनको चर्चा गर्छन् ? नयाँ नयाँ विहार बनाउनु, दान लिनु र पूजा गर्नुको झन्झटमा किन पर्छन् ? यस प्रकार के उनीहरू बुद्धद्वारा निषेधित कार्यमा लागेका त हैनन् ?"

"महाराज ! भिक्षुहरू यस्ता कुराहरूको प्रपञ्चबाट छुट्नका लागि नै त्यसो गर्छन् । महाराज ! जो आफ्नो पूर्वजन्ममा राम्ररी वासनाहरूले शुद्ध भई सकेकाहरू चाँडै नै समग्र प्रपञ्चबाट (अर्हत् हुन्छन्) छुट्छन् र भिक्षुहरूमा अहिलेसम्म जुन राग छ, उनीहरू बिस्तारै-बिस्तारै यी प्रपञ्चबाट छुट्न सक्छन् ।"

"महाराज ! जस्तै, कुनै मानिसले खेतमा बीउ रोपेर कुनै घेरबेर नगरी आफ्नो बल र वीर्यले बाली फलाउँछ । दोस्रो व्यक्ति जङ्गलबाट काठ र हाँगा काटेर ल्याउँछ र खेतका चारैतिर बार लगाउँछ, त्यसपछि बीउ रोपेर बाली फलाउँछ । दोस्रो व्यक्तिले घेरा लाउनका लागि जो प्रयत्न गर्दछ, त्यो बाली फलाउनका लागि नै हो । महाराज ! त्यस्तै, जो आफ्नो पूर्वजन्ममा असल बासनाहरूले शुद्ध भइसकेका छन्, उनीहरू घेरबेर नगरी चाँडो बाली फलाएर झिक्ने व्यक्ति जस्ता हुन् जो सबै प्रपञ्चबाट छुट्छन् । तर जुन भिक्षुहरूमा अहिलेसम्म राग छ, उनीहरू बिस्तारै-बिस्तारै घेरा बाँधेर बाली उमार्ने पुरुषजस्तै प्रपञ्चबाट छुट्छन् ।"

"महाराज ! जस्तै कुनै अग्लो रूखमा आँपका फलहरूको एक झुप्पा लागेको होस् । कुनै ऋद्धिमान् पुरुषले चाहेमा सजिलै त्यो लिन सक्छ । तर साधारण मानिसले रूख मास्तिर जान काठलाई काटेर भऱ्याङ लगाउनु त्यो फल लिनका लागि हो । महाराज ! त्यस्तै, जो आफ्ना पूर्वजन्महरूमा असल बासनाहरूबाट शुद्ध भइसकेका छन्, उनीहरू चाँडै ऋद्धिमान् पुरुषले फल प्राप्त गरेझैं सारा प्रपञ्चबाट छुट्छन् र जुन भिक्षुहरूमा अहिलेसम्म राग छ, उनीहरू यही उपायबाट बिस्तारै-बिस्तारै भऱ्याङ लगाएको मानिसजस्तै प्रपञ्चबाट छुट्छन् । महाराज ! जस्तै कुनै बाठो मानिसले एक्लै मालिक (राजा) का सामु गएर आफ्नो काम बनाउँछ र दोस्रो चाहिँ कुनै धनवान् व्यक्ति आफ्नो धनले गर्दा मालिक (राजा) का सामु कुनै काम विशेषले ठूलो परिषद् लिएर जान्छ । यहाँ उसले ठूलो परिषद्लाई बटुल्नु आफ्नो काम बनाउनका लागि हो । महाराज ! त्यस्तै नै, जो आफ्नो पूर्वजन्महरूमा असल बासनाबाट शुद्ध भइसकेका छन्, उनीहरू चाँडै नै बाठो व्यक्तिलेझैं, छ अभिज्ञा प्राप्त गर्दछ । जुन भिक्षुहरूमा अहिलेसम्म राग छ, उनीहरू यही उपायबाट बिस्तारै-बिस्तारै त्यस धनवान् मान्छेले जस्तै श्रामण्यफल प्राप्त गर्छन् ।"

"महराज ! धर्मग्रन्थहरूका पाठ पढ्नु बडो राम्रो काम हो, धर्म साकच्छा (चर्चा) पनि धेरै बेस हो, नयाँ विहार बनाउनु पनि निकै राम्रो काम हो र दान-पूजा गर्नु पनि धेरै जाती हो । यसबाट धेरै

उपकार हुन्छ । महाराज ! राजाका धेरै नोकर चाकर रहन्छन्; जस्तै, मन्त्री, अधिकारी, सिपाही, दूत, चौकीदार, अङ्गरक्षक, सभासद । राजालाई कुनै काम पर्दाखेरि प्रत्येकले कुनै न कुनै उपकार गर्दछ । महाराज ! त्यस्तै, धर्मग्रन्थहरूको पाठ, धर्मचर्चा, नयाँ विहार बनाउनु, दान गर्नु, पूजा गर्नु आदि सबै थोक निकै उपकारक छन् ।"

"महाराज ! यदि सबैजना स्वयं शुद्ध हुन्छन् भने उपदेश दिने मानिसको आवश्यकता नै पर्दैन ।"

"महाराज ! तर कुरो यो होइन । शिष्य बन्नु पनि आवश्यक छ । स्थविर सारिपुत्रले अनन्त कल्पदेखि धेरै पुण्य कमाउनुभएको थियो र प्रज्ञा पारमिको चरम सीमासम्म प्राप्त गर्नुभयो । तर अर्हत् पद पाउनका लागि उहाँले पनि गुरु बनाउनुपर्‍यो । महाराज ! यसरी शिष्य बन्नमा धेरै फाइदा (लाभ) छ; धर्मग्रन्थहरूको श्रवण तिनका पाठ र तिनका विषयमा चर्चा- सबैबाट धेरै फाइदा हुन्छ । त्यसैले जुन भिक्षु यस्ता काममा लागिरहन्छन् उनीहरू बिस्तार-बिस्तार प्रपञ्चबाट छुट्छन् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## २. गृहस्थको अर्हत्व भाव विषयकमा प्रश्न

३. "भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि – जो गृहस्थ भएर अर्हत् पद पाउँछ उसका लागि दुईवटा मात्र गति हुन सक्दछ, तेस्रो होइन । या त ऊ सोही दिन प्रव्रजित हुन्छ या उसले परिनिर्वाण पाउँछ । (त्यसो नगरी) अर्को दिन उसले बिताउन सक्दैन ।"

"भन्ते ! यदि त्यस दिन आचार्य, उपाध्याय, पात्र, चीवर पाएन भने उसले के गर्छ ? के उसले अर्हत् भएर उपाध्यायबेगर आफूले आफूलाई नै प्रव्रजित गर्दछ ? अथवा, एकदिनसम्म रहन्छ । अथवा कुनै दोस्रो ऋद्धिमान् अर्हत् आएर उसलाई प्रव्रजित गरिदिन्छ ? अथवा, उसले परिनिर्वाण पाउँछ ?"

"महाराज ! अर्हत् भएर उपाध्यायबेगर ऊ आफूले-आफैलाई प्रव्रजित गर्न सक्दैन । स्वयं प्रव्रजित गरेमा चोरेको दोष लाग्छ (किनकि उसले विनाअधिकार भिक्षु-भेष धारण गर्दछ) ऊ एक दिन पनि रहन सक्दैन । दोस्रो अर्हत् आऊन् या नआउन्, उसले त्यसै दिन परिनिर्वाण प्राप्त गर्दछ ।"

"भन्ते नागसेन ! त्यसो हो भने अर्हत्को शान्त भाव रहने, किन कि उसको त्यो हरण भयो ।"

"महाराज ! गृहस्थ रहनु अर्हत्को अनुकूल छैन त्यसैले गृहस्थ अर्हत् भएपछि या त प्रव्रजित हुन्छ या त उसले परिनिर्वाण पाउँछ । अर्हत्को शान्त भावमा कुनै दोष छैन । गृहस्थ रहनुको अनुकूल नहुनु यही कारण हो । गृहस्थको भेषमा त्यति बल छैन कि उसले अर्हŒवलाई सम्हाल्न सकोस् ।"

"महाराज ! जस्तै, भोजनले सबै सŒवलाई पालन गर्दछ; सबै सŒवहरूको प्राणरक्षा गर्दछ । तर, त्यही भोजन, पेटमा रोग भएपछि या मन्दाग्नि (अजीर्ण) भएपछि त्यसले प्राण पनि हरण गर्न सक्छ । महाराज ! यसमा भोजनको दोष छैन बरु पेटको कमजोरी र अजीर्ण हुनुको दोष हो । महार

ाज ! त्यसरी नै, गृहस्थ रहनु अर्हत्को अनुकूल छैन । त्यसैले गृहस्थ हुनासाथ या त प्रव्रजित हुन्छ या परिनिर्वाण प्राप्त गर्दछ, अर्हत्को शान्त भावमा कुनै दोष छैन । गृहस्थ अरहन्त रहनुको अनुकूल नहुनु नै यही कारण हो । गृहस्थको भेषमा त्यति बल छैन कि उसले अर्हत्वलाई सम्हाल्न सकोस् ।"

"महाराज ! यदि एउटा सानो र पातलो दूबो माथि एउटा भारी ढुङ्गा राखेमा त्यो कमजोर भएर भाँचिन्छ र थिचिन्छ । महाराज ! त्यसरी नै, गृहस्थ अर्हत् भएपछि या त प्रव्रजित हुन्छ या परिनिर्वाण प्राप्त गर्दछ ।"

"महाराज ! जस्तै, यदि सानो जातको कुनै गरीब र मूर्ख मानिसलाई विशाल राज्यको गद्दीमा बसाइयो भने के उसले त्यसलाई सम्हाल्न सक्छ ? महाराज ! त्यसरी नै, गृहस्थको भेषले अर्हत्वलाई सम्हाल्न सक्दैन । गृहस्थ अर्हत् भएपछि या त प्रव्रजित हुन्छ या उसले परिनिर्वाण पाउँछ ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ३. क्षीणास्रवको स्मृति भ्रंश विषयमा प्रश्न

५. "भन्ते नागसेन ! के अर्हत् कहिले स्मृतिबाट च्युत हुन्छ ?" "महाराज ! अर्हत् कहिले पनि आफ्नो स्मृतिबाट च्युत हुँदैन । उसको चित्त कहिले पनि असावधान हुँदैन ।" "भन्ते ! के अर्हत्ले कहिले कुनै आपत्ति (दोष) गर्न सक्छ ?" "हो महाराज ! गर्न सक्छ ।" "भन्ते ! त्यो कसरी ?" "कुटी बनाउनमा, सच्चरित्रतामा, विकाललाई उचित काल सम्झनमा, प्रवारितलाई अप्रवारित सम्झन्छ तथा जुन अतिरिक्त छैन, त्यसलाई अतिरिक्त सम्झन सक्छ ।"

"भन्ते नागसेन ! तपाईंहरू भन्नुहुन्छ कि आपत्ति (दोष) गर्नुको दुई मात्र कारण हुन सक्छ, (१) असावधानी या (२) अज्ञानता । के असावधानवश अर्हत्ले आपत्ति (दोष) गर्छ ?" "गर्दैन महाराज !" "भन्ते ! त्यसो हो भने अवश्य आफ्नो स्मृति च्युत हुनुको कारण नै उसले आपत्ति गर्दछ, होइन त ?" "होइन महाराज ! यद्यपि उसले आपत्ति गरे तापनि ऊ आफ्नो स्मृतिबाट च्युत हुँदैन ।" "भन्ते ! भन्ते ! यो कसरी हुन सक्छ ? कृपया कारण बताएर मलाई सम्झाउनुहोस् ।"

६. "महाराज ! दोष दुई प्रकारका हुन्छन् – (क) लोकमा निन्दनीय काम गर्नु र (ख) भिक्षु प्रज्ञप्ति (नियम) विरुद्ध आचरण । (१) लोकमा निन्दनीय काम के हो ?दश प्रकारको अकुशल (पाप) कर्म जस्तै, (१) जीवहिंसा, (२) चोरी, (३) व्यभिचार, (४) झूटो बोल्नु, (५) चुक्ली गर्नु, (६) कठोर वाणी बोल्नु, (७) व्यर्थको गफ गर्नु, (८) लोभ गर्नु, (९) द्वेष गर्नु र (१०) मिथ्यादृष्टि (गलत धारणा) । (ख) भिक्षु प्रज्ञप्ति विरुद्ध आचरण गर्नु के हो ? जो भिक्षुका लागि गलत सम्झन्छ तर साधारण व्यक्तिहरूका लागि होइन – ती नियमहरू जो भगवान्ले श्रावकहरूलाई जम्भरि पालन गर्नका लागि भन्नुभएको छ । महाराज ! जस्तै, गृहस्थहरूका लागि विकाल भोजन गर्नमा कुनै दोष छैन, तर भिक्षुले यस्तो गर्न सक्दैन । जलक्रीडा गर्नमा गृहस्थहरूका लागि कुनै दोष छैन । तर भिक्षुले यसो गर्न सक्दैन । महाराज ! यसरी

नै, अरू पनि थुप्रै कुराहरू छन् जो गरेमा गृहस्थहरूलाई त कुनै दोष लाग्दैन तर भिक्षुले त्यसो गर्न सक्दैन । महाराज ! यसैलाई भिक्षु प्रज्ञप्तिका विरुद्ध आचरण गर्नु हो भनी भनिन्छ ।"

"महाराज ! लोकमा जो निन्दनीय खराब काम छन् त्यस्तो दोष अर्हत्ले कहिल्यै गर्न सक्दैन यति हो कि कहिलेकाहीँ अनजानमा भिक्षुले नियमविरुद्ध काम गर्दछ । महाराज ! सबै अर्हत्हरू सबै कुरा जान्दैनन् । उनीहरूमा यस्तो बल छैन कि सबै कुरा जान्न सकून् । स्त्री पुरुषको नाम र गोत्र पनि अर्हत्ले जान्न सक्दैन । कुनै विशेष बाटोको नाम पनि उसलाई थाहा नहुन सक्छ । तर अर्हत् विमुक्तिलाई भने अवश्य जान्दछ । अधिज्ञाहरूको सबै कुरा अर्हत्ले अवश्य जान्दछ । महाराज ! सर्वज्ञ तथागतले मात्र सबै कुरा बुझ्नुहुन्छ ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ४. लोकमा छैन भन्ने (नास्ति-भाव) विषयमा प्रश्न

७. "भन्ते नागसने ! लोकमा बुद्ध देखिन्छ । त्यस्तै, प्रत्येकबुद्ध, बुद्धको श्रावक, चक्रवर्ती र ाजा, सानो-ठूलो राजा, देवता, मनुष्य, धनी, निर्धन, सत्कर्म गर्ने, दुष्कर्म गर्ने, पुरुष स्त्री भएको, स्त्री पुरु ष भएको, असल काम बिग्रेको, पाप र पुण्यको फल भोगेको व्यक्ति देखिन्छ, लोकमा कति जीव अण्डज छ, कति जरायुज (गर्भमा बस्ने), कति सस्वेदज (फोहोर आदिबाट उत्पन्न हुने) र कति औपपातिक (गर्भमा रहनु नपर्ने), कति जीव खुट्टा बेगरको, कति दुई खुट्टाको, कति चार खुट्टाको, कति अनेक खट्टा भएको, लोकमा राक्षस, कुम्भाण्ड, असुर, दानव, गन्धर्व, प्रेत, पिशाच, किन्नर, ठूलठूला सर्प, नाग, गरुड, गिद्ध, विद्याधर, हात्ती, घोडा, गाई, भैंसी, उँट, गधा, बाखा, भेडा, मृग, सुँगुर, सिंह, बाघ, चितुवा, भालु, ब्वाँसो, तरक्ष (लकडबग्घा), कुकुर, स्याल र अनेका प्रकारका चराहरू पनि छन् । सुन, चाँदी, मोती, मणि, शङ्ख, मूल्यवान् ढुङ्गा, रातो मणि, मुगा, मसारगल्ल (मणिरत्न), वैदूर्य (हीरा), वज्र, स्फटिक, फलाम, तामा, पितल, काँस पनि छन् । क्षौम (पटुवा) वस्त्र, रेशमी वस्त्र, सुती कपडा, जुटको कपडा, ऊनी, कम्बल पनि छन् । चामल, धान, जौ, पियङ्ग (कंगनी अन्नको नाम), कोदो, बोडी, गहुँ, मुंग, मास, तिल, कुलत्थ (मासजस्तै दाल), मूल गन्ध (जराको सुगन्ध), सारको गन्ध, पाप्राको गन्ध, बोक्राको गन्ध, पातको गन्ध, फूलको गन्ध, फलको गन्ध पनि छन् र अरू पनि विभिन्न प्रकारका गन्धद्रव्यहरू छन् । घाँस, लहरो, झाडी, रूख र औषधी, वनस्पति पनि छन् । खोला, पर्वत, समुद्र पनि छन् । माछा, कछुवा पनि छन् । लोकमा सबै थोक छन् । भन्ते ! जुन लोकमा छैन, सो बारे कृपया गरेर भन्नुहोस् ।"

८. "महाराज ! लोकमा तीन वस्तुहरू छैनन् ।" "कुनचाहिँ तीन ?" "महाराज ! (१) लोकमा अजर, अमर, सचेतन र अचेतन कोही पनि छैन । (२) संस्कार नित्य छैन र (३) परमार्थतः कुनै जीव या आत्मा भएको वस्तु छैन । महाराज ! संसारमा यी तीन वस्तुहरू छैनन् ।"

"साधु भन्ते नागसेन ! तपाईं जसो भन्नुहुन्छ, म स्वीकार गर्दछु ।"

## ५. अकर्मजादि विषयमा प्रश्न

९. "भन्ते नागसेन ! लोकमा कुनै कर्मको कारण उत्पन्न भएको देखिन्छ भने कुनै हेतुको कारण र कुनै ऋतुको कारण । भन्ते ! जो यस लोकमा विनाकर्मको कारण विनाहेतुको कारण र विनाऋतुको कारण उत्पन्न हुने कुनै वस्तु छ ? छ भने भन्नुहोस् ।"

१०. "महाराज ! लोकमा यस्ता दुई वस्तुहरू मात्र छन् जो न कर्मको कारण, न हेतुको कारण र न ऋतुको कारण उत्पन्न हुन्छन् ।" "कुनचाहिँ दुई ?" "महाराज ! (१) आकाश, जो न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छ र (२) निर्वाण, जो न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छ । महाराज ! यी दुई चीजहरू न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छन् ।"

"भन्ते नागसेन ! बुद्धवचनलाई नबिगार्नुहोस् । कुरा नबुझी झट्टै उत्तर नदिनुहोस् ।" "महाराज ! तपाईंले मलाई बुद्धवचन नबिगार्नुहोस्, कुरा नबुझी झट्टै उत्तर नदिनुहोस् भनी भन्नुभयो, मैले तपाईंलाई त्यस्तो के कुरा भनेको छु ?" "भन्ते नागसेन ! यसो भनेमा बेस हुन्छ कि आकाश न कर्मको कारण, न हेतुको कारण, न ऋतुको कारण उत्पन्न हुन्छ । तर भन्ते ! सयकडौं प्रकारले भगवान्ले आफ्ना श्रावकहरूलाई निर्वाण साक्षात् गर्ने मार्ग देखाउनुभयो । तैपनि तपाईं कसरी भन्न सक्नुहुन्छ कि निर्वाण अहेतुक छ ?"

"महाराज ! यो सत्य हो कि भगवान्ले सयकडौं प्रकारले आफ्ना श्रावकहरूलाई निर्वाण साक्षात् गर्ने मार्ग देखाउनुभयो । तर उहाँले निर्वाण उत्पन्न गर्ने हेतुलाई देखाउनुभएको होइन ।"

"भन्ते ! यहाँ झनै अन्धकारमा परेँ, झन् अन्धकार बन्नुमा परेँ, यो प्रश्न झन् जटिल भयो । यदि निर्वाण-साक्षात् गर्ने हेतु छ भने त्यो कसरी हुन सक्छ कि त्यसलाई उत्पन्न गर्ने हेतु नहोस् । यदि निर्वाण साक्षात् गर्ने हेतु छ भने त्यसलाई उत्पन्न गर्ने हेतु पनि त हुनैपर्छ ।"

"भन्ते नागसेन ! जस्तै, कुनै छोरोको बुबा हुन्छ, त्यस बुबाको पनि बुबा हुनैपर्छ । शिष्यका गुरु हुन्छन्, त्यस्तै, उनमा पनि गुरु हुनैपर्छ । टुसोको बीउ हुन्छ । त्यस बीउको पनि बीउ हुनैपर्छ । भन्ते नागसेन ! त्यसरी नै, यदि निर्वाण साक्षात् गर्ने कुनै हेतु छ भने, त्यसको कुनै उत्पन्न गर्ने हेतु पनि हुर्नपर्छ ।"

"रूखको लहरो या शीर्षभाग हुन्छ भने, त्यसको मध्य भाग र मूल जरो पनि हुनैपर्छ । भन्ते नागसेन ! त्यसरी नै, यदि निर्वाण साक्षात् गर्ने हेतु छ भने त्यसको कुनै उत्पन्न गर्ने हेतु पनि हुनैपर्छ ।" "महाराज ! निर्वाण उत्पन्न गर्न सकिन्न । त्यसैले त्यसको कुनै हेतु हुनैपर्छ भन्ने छैन ।"

११. "भन्ते नागसेन ! त्यसो भए कारण दिएर मलाई सम्झाउनुहोस् कि कसरी निर्वाण-साक्षात् गर्ने हेतु भएर पनि त्यसलाई उत्पन्न गर्ने हेतु हुँदैन ।"

१२. "हुन्छ ! सावधानीपूर्वक ध्यान दिएर सुन्नुहोस् । म त्यसको कारण भन्दैछु – महाराज ! कुनै मानिसले आफ्नो प्राकृतिक शक्तिले यहाँबाट पर्वतराज हिमालयसम्म पुग्न सक्छ ?" "हो भन्ते ! पुग्न सक्छ ।" "महाराज ! त्यसो भए के उसले आफ्नो प्राकृतिक शक्तिले पर्वतराज हिमालयलाई यहाँ ल्याउन सक्छ ?" "सक्दैन भन्ते ! ल्याउन सक्दैन ।" "महाराज ! त्यसरी नै निर्वाण साक्षात् गर्ने मार्गबारे भन्न सकिन्छ तर त्यसको उत्पादक हेतुलाई कसैले देखाउन सक्दैन ।"

"महाराज ! के कुनै पुरुष आफ्नो प्राकृतिक शक्तिले डुङ्गामा चढेर महासमुद्रपारि जान सक्छ ?" "हो भन्ते ! पारि जान सक्छ ।" "महाराज ! तर के उसले आफ्नो प्राकृतिक शक्तिले त्यस पारि (किनारा) लाई वारी ल्याउन सक्छ ?" "सक्दैन भन्ते !" "हो ! ठीक त्यसरी नै, निर्वाण साक्षात् गर्ने बाटो त देखाउन सकिन्छ तर त्यसको उत्पादक हेतुलाई कसैले देखाउन सक्दैन ।" किन सकिन्न ? किनकि निर्वाण निर्गुण (असंस्कृत) धर्म भएकोले ।" "भन्ते नागसेन ! निर्वाण असंस्कृत धर्म हो ?" "हो महाराज ! निर्वाण असंस्कृत धर्म हो, न त कसैले यसलाई बनाएको हो । निर्वाणका साथ उत्पन्न हुने र उत्पन्न नहुने प्रश्न नै रहँदैन । त्यसलाई उत्पन्न गर्न सकिन्छ कि सकिन्न – यो प्रश्न पनि होइन । निर्वाण वर्तमान्, भूत र भविष्यत् तीनैवटै कालहरूभन्दा पर छ । निर्वाणलाई न आँखाले देख्न सकिन्छ, न कानले सुन्न सकिन्छ, न नाकले सुँघ्न सकिन्छ, न जिब्रोले चाख्न सकिन्छ, न त शरीरले छुन सकिन्छ ।"

"भन्ते नागसेन ! उत्पन्न नहुने हो भने भूत, भविष्यत् र वर्तमान् काल होइनन् भने, आँखा, कान, नाक, जिब्रो, शरीरले बुझ्न सक्दैन भने, भन्ते नागसेन ! तपाईंहरूले निर्वाण धर्म देख्नुभएकै छैन ? त्यसो भए निर्वाण भन्ने नै छैन ?" "महाराज ! निर्वाण छ । निर्वाण मनले जान्न सकिन्छ, अर्हत्पदलाई पाएर भिक्षु विशुद्ध, प्रणीत, ऋजु तथा आवरणहरू र सांसारिक कामनाहरूले रहित मनले निर्वाणलाई देख्छ ।"

"भन्ते ! त्यो निर्वाण कस्तो छ ? उपमा र कारण दिएर स्पष्टसँग सम्झाउनुहोस् ।" "महाराज ! हावा नामको कुनै वस्तु छ ?" "हो भन्ते ! छ ।" "महाराज ! कृपया त्यो मलाई देखाउनुहोस् । त्यसको रङ र आकार कस्तो छ ? के पातलो या मोटो ? के छोटो कि लामो ?" "भन्ते नागसेन ! हावालाई यसरी देखाउन सकिन्न ।" "त्यो यस्तो चीज होइन जसलाई हातमा लिएर चिच्न सकियोस् । तैपनि त्यो अवश्य छ ।" "महाराज ! यदि तपाईं हावालाई त्यसरी देखाउन सक्नु हुन्न भने, हावा भन्ने वस्तु नै छैन ?" "भन्ते नागसेन ! म जान्दछु, हावा कुनै वस्तु हो । मलाई पूर्ण विश्वास छ कि हावा नामको कुनै वस्तु छ । तर म त्यो तपाईंलाई देखाउन सक्दिन ।" "महाराज ! त्यस्तै, निर्वाण छ तर रङ वा रूपबाट देखाउन सकिन्न ।"

"साधु भन्ते नागसेन ! मैले बुझें । उपमा दिई राम्रा-राम्रा कारण देखाई निर्वाण छ भन्ने कुरा मलाई बुझाईदिनुभयो । तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"

## ६. कर्मजादिको (उत्पत्ति कारण) विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! यस लोकमा को कर्मको कारण उत्पन्न हुन्छ, केचाहिँ ऋतुको कारण ? कोचाहिँ न कर्मको कारण उत्पन्न हुन्छ, न हेतुको कारण न ऋतुको कारण ?"

१४. "महाराज ! जति पनि सचेतन सŒव छन्, ती सबै कर्मको कारण उत्पन्न हुन्छन् । आगो र बीउबाट उम्रने वस्तु हेतुको कारणले उत्पन्न हुन्छ । पृथ्वी, पर्वत, पानी, हावा आदि ऋतुको कारणबाट उत्पन्न हुन्छन् । आकाश र निर्वाण – यी दुई न कर्मको कारण उत्पन्न हुन्छन्, न हेतुको कारण न ऋतुको कारण । महाराज ! निर्वाण कर्मले उत्पन्न हुन्छ, हेतुले उत्पन्न हुन्छ, ऋतुले उत्पन्न हुन्छ नै भनेर भन्न सकिन्न । फेरि, यो निर्वाण उत्पन्न हुन्छ, यो निर्वाण उत्पन्न हुँदैन र यो निर्वाणलाई उत्पन्न गर्न सकिन्छ भनेर भन्न सकिन्न । यो निर्वाण न भूतकालमा थियो, न वर्तमानकालमा छ, न यो भविष्यकालमा हुनेछ भनी भन्न सकिन्छ । निर्वाणलाई न आँखाले देख्न सकिन्छ, न कानले सुन्न सकिन्छ, न नाकले सुँघ्न सकिन्छ, न जिब्रोले चाख्न सकिन्छ, न शरीरले नै स्पर्श गर्न सकिन्छ । महाराज ! निर्वाण त मनले मात्र बुझ्न सकिन्छ । अर्हत् पद पाएर आर्यश्रावकले विशुद्ध ज्ञानले निर्वाणको साक्षात् गर्दछ ।"

"भन्ते नागसेन ! यो रमाइलो प्रश्न तपाईंले राम्ररी समाधान गरिदिनुभयो । संशयलाई मेटेर एकदमै स्पष्ट पारिदिनुभयो । तपाईंजस्ता गणाचार्य श्रेष्ठको सामु आउनाले मेरो शङ्का मेटियो ।"

## ७. यक्ष विषयमा प्रश्न

Dhamma.Digital

१५. "भन्ते नागसेन ! के लोकमा साँच्चै यक्ष भन्ने हुन्छ ?" "हुन्छ महाराज ! लोकमा यक्ष भन्ने हुन्छ ।" "भन्ते ! यक्ष त्यस योनिमा पनि के च्युत हुन्छ ?" "हो महाराज ! यक्ष त्यस योनिमा च्युत भएर जान्छ ।" "भन्ते नागसेन ! त्यसो भए उनीहरूको शव किन देखिन्न । उनीहरूको मरेको शरीरबाट दुर्गन्ध पनि आउँदैन ?"

१६. "महाराज ! मरेको यक्षको मुर्दा देखिन्छ । उसबाट दुर्गन्ध आउँछ । महाराज ! मरेको यक्षको शरीर कीराका रूपमा, औंसाका रूपमा, कमिलाका रूपमा, झुसिल्कीराका रूपमा, सर्पका रूपमा, बिच्छीको रूपमा, खजुरोको रूपमा, चराहरूका रूपमा र जङ्गली जनावरका रूपमा ।"

"भन्ते ! तपाईंजस्ता बुद्धिमान्लाई छाडेर अरू कसले यस प्रश्नको उत्तर दिन सक्छ ?"

## ८. समग्र शिक्षापद विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! वैद्यकशास्त्रका जुन पुराना आचार्य थिए – नारद, धन्वन्तरि, अङ्गीरस, कपिल, कण्डराग्नि, साम, अतुल र पूर्व कात्यायन – ती सबै आचार्यहरूले स्वयं रोगको उत्पत्ति, रोगको निदान, रोगको स्वभाव, रोगको उत्थानलाई अनुभव गरेर सिद्ध र असिद्ध छ-छैन सम्पूर्ण शङ्का मेटेर यो शरीरमा यति रोग उत्पन्न हुन्छ भनी नियम बनाइदिए, सर्वज्ञ नभएता पनि तर तथागत भने सर्वज्ञ भएर पनि पछि हुने कुरा बुद्धज्ञानले जानेर फलानाको कुरामा फलाना शिक्षापद बनाउनु पर्ला भनी पहिले नै बुझेर निश्चित रूपमा शिक्षापद (विनय-नियम) किन बनाईदिनु भएन ? जब-जब प्रसङ्ग आयो, तब-तब मात्र किन नियम बनाउँदै जानुभयो ? पटकैपिच्छे आवश्यक भएको बेला दोष उत्पन्न भएको बेला, मानिसहरूले दोष देखाएको बेलामा मात्र किन श्रावहरूका लागि शिक्षापद बनाइदिनुभयो ?"

१८. "महाराज ! तथागतलाई थाहा थियो – जसो-जसो समय आउँछ मैले अढाई सय शिक्षापद विनयको नियम (जो कि वर्तमान स्थविरवादअनुसार २२७ मात्र छ) बनाउनुपर्छ । उहाँले देख्नुभयो कि यदि पहिले नै एकैपल्टमा सबै नियम लागू गरेमा मानिसहरू तर्सनेछन् । जो भिक्षु बन्न चाहन्छन्, उनीहरू पनि नाईनास्ति गर्नेछन् र भन्ने छन् – 'अहो ! यति नियमहरू पालन गर्नुपर्ने । श्रमण गौतमको शासनमा भिक्षु बन्न कति गाह्रो रहेछ ।' उनीहरूको मन लाग्ने छैन र उनीहरूले धर्म ग्रहण नगरी पटक-पटक जन्म लिएर दुःख भोग्छन् । त्यसैले जसो जसो समय आउँछ, दोष प्रकट भएपछि नै धर्मको उपदेश दिँदै नियम बनाउने छु ।"

"भन्ते नागसेन ! बुद्धहरूको कुरा अचम्मको छ !! अद्भुत छ !! तथागतको कत्रो ठूलो सर्वज्ञज्ञान ! उहाँको सर्वज्ञता कति उच्च छ ! भन्ते नागसने ! कुरो यस्तै हो । कुरा बुझियो । यो ठीक हो कि पहिले नै सबै नियमहरू सुन्दा मानिस डराउँथे । कोही पनि भिक्षु बन्न उत्साहित हुँदैनथिए । म यो कुरो मान्दछु ।"

## ९. सूर्यताप विषयक-प्रश्न

१९. "भन्ते नागसेन ! के सूर्य सधैं धप धप बल्छ या कहिले मधुरो पनि हुन्छ ?" "महाराज ! सूर्य सधैं धपधप बलिरहन्छ; कहिल्यै मधुरो हुँदैन ।" "भन्ते नागसेन ! सूर्य सधैं धपधप बलिरहन्छ भने यो कस्तो कुरो हो कि कहिले त्यसको गर्मी बढ्छ भने कहिले घट्छ ?"

२०. "महाराज ! सूर्यमा चार दोष (अन्तराय) हुन्छ । यसमा कुनै एउटा आएमा यसको गर्मी कम हुन्छ ।" "ती चार दोषहरू कुनचाहिँ हुन् ?" "महाराज ! (१) पहिलो दोष बादल लाग्नु, जसले गर्दा सूर्यको गर्मी कम हुन्छ, (२) दोस्रो दोष हो – कुहिरो लाग्नु यसले गर्दा सूर्यको गर्मी कम हुन्छ, (३) तेस्रो धूलो या धूवाँ व्याप्त हुनु जसले गर्दा ··· हुन्छ । (४) चौथो दोष हो राहु (ग्रहण) लाग्नु । यसले गर्दा ··· हुन्छ । महाराज ! सूर्यमा यही चार दोष हुने गर्दछ । यसमा कुनै एउटा दोष आएमा यसको गर्मी घट्छ ।"

“भन्ते नागसेन ! आश्चर्य भयो । भन्ते नागसेन ! अद्‌भुत भयो । सूर्यजस्तो तेजस्वीमा पनि दोष छ भने अन्य सŒवहरूको के कुरो । भन्ते ! तपाईंजस्ता बुद्धिमान्‌लाई छाडेर यसलाई अरू कसैले पनि यस विषयबारे सम्झाउन सक्दैन ।”

## १०. कठिन सूर्यताप विषयक प्रश्न

२१. “भन्ते नागसेन ! ग्रीष्ममा सूर्यको तेज जस्तो हुँदैन त्यस्तो हेमन्तमा किन हुन्छ ?”

२२. “महाराज ! ग्रीष्मकालमा आकाश धूलोले भरिएको हुन्छ, आँधीले गर्दा पृथ्वी र आकाश एक हुन्छन् । आकाशमा बादल लागिरहन्छ । दिन-रात बतास चलिरहन्छ । ती सबैले मिलेर सूर्यको किर णलाई रोक्छन् । महाराज ! त्यसैले ग्रीष्ममा सूर्यको तेज घट्छ । महाराज ! अनि हेमन्तकालमा पृथ्वी शान्त रहन्छ । आकाशमा बादल लुप्त भएको हुन्छ । धूलो र धूवाँको पत्तो हुँदैन । कणहरू आकाशमा बिस्तारै उड्छन् । आकाश सफा रहन्छ । बतास बिस्तार चल्छ । महाराज ! यस्तो स्थितिले गर्दा सूर्यको किरण अत्यधिक चम्कन्छ र तातो पनि हुन्छ । महाराज ! यही कारण हो कि ग्रीष्ममा सूर्यको चहक त्यस्तो हुन्न, जस्तो हेमन्तमा हुन्छ ।”

“ठीक हो भन्ते नागसेन ! सबै बाधाहरूले रहित हुने हुनाले हेमन्तमा सूर्यको किरण बढी तेज हुन्छ अनि धूलो, बादल आदिले आकाश व्याप्त हुनेहुँदा ग्रीष्ममा तेज घट्छ ।”

(यस वर्गमा दश प्रश्नहरू छन् ।)

द्वितीय निष्प्रपञ्च वर्ग समाप्त ।

# ३. वेस्सन्तर वर्ग

## १. वेस्सन्तर विषयमा प्रश्न

१. “भन्ते नागसेन ! के सबै बोधिसŒवहरूले आफ्नो स्त्री र छोराछोरी दान गर्छन् या वेस्सन्तर राजाले मात्र त्यसो गरेका थिए ?” “महाराज ! सबै बोधिसŒवहरूले स्त्री र छोराछोरीहरूलाई दान गरि दिन्छ; वेस्सन्तर राजाले मात्र होइन ।” “भन्ते नागसेन ! के उनीहरूले स्त्री र छोराछोरीहरूको अनुमति लिएर उनीहरू दानमा दिन्छन् या विना अनुमति ?” “महाराज ! उहाँकी श्रीमती त सहमत भइन् तर छोराछोरीहरू अबोध भएकाले उनीहरू रुन थाले । यदि बुझ्ने भएका भए उनीहरू पनि सहमत हुन्थे ।” “भन्ते नागसेन ! बोधिसŒवले ठूलो दुष्कर काम गरे जो आफूले जन्माएको प्यारा सन्तानहरू ब्र ाह्मणको दास बनाउन दान दिए । सोभन्दा पनि बढी दोस्रो दुष्कर काम त उनले यो गरेका थिए कि आफूले जन्माएको ती कोमल, सुकुमार बच्चाहरूलाई जङ्गलमा लहराले बाँधेर ती ब्राह्मणलई दिए ।

अनि लहराको टुप्पा समातेर ब्राह्मणले बच्चाहरूलाई घिसार्दै जान लागेको देखेर पनि आफ्नो मनमा कुनै विकार आउन दिएनन् । अझ सोभन्दा पनि बढी तेस्रो दुष्कर कार्य उनले यो गरे कि आफ्नो बलले बन्धन चुँडालेर जब बच्चाहरू भागेर आए त, त्यसपछि फेरि बाँधेर उनीहरूलाई पठाइदिए ।"

"अझ योभन्दा पनि चौथो दुष्कर कार्य उनले यो गरे कि – 'बुबा ! यो यक्षले हामीहरूलाई खान भनेर लाँदैछ' भनी रुँदै ती बच्चाहरूले कल्पँदा पनि उनले आश्वासनसम्म दिएनन् कि नडराऊ ।"

"अझ योभन्दा पनि बढी पाँचौं दुष्कर कार्य उनले यो गरे कि रुँदै पाउ पर्दा पनि जालि कुमारको यो बिन्ती पनि कि – 'बुबा ! म यस यक्षसँग जान्छु, बरु यसले मलाई खाओस् तर कृष्णजिना (मेरी बहिनी) लाई छाडिदेओस्' भनेर भन्दा पनि मानेनन् ।"

"अझ योभन्दा पनि बढी छैटौं दुष्कर कार्य उनले यो गरे कि जालि कुमार रोएर विलाप गर्दै यस्तो भन्दैथियो कि – 'बुबा ! के तपाईंको हृदय ढुङ्गाको छ, हामीलाई यस यक्षले घनघोर जङ्गलमा लाँदै गरेको देख्दा पनि तपाईं जोगाउनुहुन्न' तैपनि उनले आफ्नो मनमा कुनै माया मोह आउन दिएनन् ।"

"अझ योभन्दा पनि बढी सातौं दुष्कर कार्य उनले यो गरे कि ती ब्राह्मणले निर्दयतापूर्वक बच्चाहरूलाई घिसारेर आँखाभन्दा पर लाँदै गरेको देख्दादेख्दै पनि उनको हृदय सय वा हजार टुक्रामा टुक्रिएन ।"

"भन्ते ! के यसरी पुण्य कमाउनका लागि अरूहरूलाई दुःख दिनहुन्छ ? त्योभन्दा त राम्रो हुनेथियो कि उनले स्वयंलाई दिँदा होऊन् ?"

२. "महाराज ! बोधिसŒवले यो दुष्कर गर्नाले उनको कीर्ति दस हजार लोकधातुका देवताहरू र मानिसहरूमा फैलिएको थियो । देवताहरूले देवलोकमा उहाँको प्रशंसा गरे, असुरहरूले असुरलोकमा ..., गरुडहरूले गरुडलोकमा ..., नागहरूले नागलोकमा ..., यक्षहरूले यक्षलोकमा प्रशंसा गरे । यसै परम्परामा उहाँको कीर्ति आज हामीसम्म आइपुगेको छ; जसले गर्दा यस कुरोको चर्चा हुँदैछ कि उहाँको यो दान उचित थियो वा थिएन । महाराज ! यस कीर्तिले ती निपुण, विज्ञ र शान्त चित्त भएका बोधिसŒवका दस गुण जानिन्छ ।" "कुनचाहिँ दस गुण ?" "महाराज ! (१) निर्लोभ, (२) संसारिक वस्तुहरूमा प्रेम नराख्नु, (३) त्याग, (४) वैराग्य, (५) सङ्कल्पबाट च्युत नहुनु, (६) सूक्ष्मता, (७) महत्ता, (८) दुरनुबोधता, (९) दुर्लभता र (१०) बुद्धधर्मको असदृशता । महाराज ! यस कीर्तिबाट ती निपुण, विज्ञ र शान्त चित्त भएका बोधिसŒवका यी दस गुणहरू बुझ्न सकिन्छ ।"

"भन्ते नागसेन ! जो अरूलाई दुःख दिएर दान दिइन्छ, के त्यसको फल राम्रो हुन्छ, के उसले स्वर्ग पाउँछ ?" "हो महाराज ! यसमा भन्नु नै के छ र !" "भन्ते नागसेन ! कृपया यस विषयबारे सम्झाउनुहोस् ।" "महाराज ! जस्तो – कुनै धर्मात्मा श्रमण वा ब्राह्मण निकै शीलवान् सदाचारी होस् । उसलाई हात खुट्टा चलाउन नसक्ने पक्षघात अथवा यस्तै अन्य रोग लागेको होस् । कुनै पुण्यवान् व्यक्तिले उसलाई गाडामा चढाएर, जहाँ ऊ जान चाहन्छ त्यहाँ लैजाओस् । महाराज ! त्यसो भए के त्यो मानिसले स्वर्ग दिने असल फल पाउला ?" "पाउँछ भन्ते ! यसमा भन्नु नै के

छ ! यस पुण्यको फलबाट उसले सवारीका लागि हात्ती पनि पाउन सक्छ, घोडा पनि पाउन सक्छ, रथ पनि पाउन सक्छ, पृथ्वीमा हिंड्नका लागि पृथ्वीमा गुड्ने सबै प्रकारका सवारीहरू पाउन सक्छ, जलयात्राका लागि डुङ्गा, जहाज सबै थोक पाउन सक्छ । देवताहरूका देवयान र मानिसहरूका लागि मुनष्य-यान पनि जन्म-जन्ममा उसको कल्याण हुनेछ । धेरै सुख पाउने छ । उसको निकै राम्रो गति हुनेछ । त्यस कर्मको फलबाट ऋद्धियानमा चढेर सबैको अभीष्ट निर्वाणनगरसम्म ऊ पुग्नेछ ।" "महार ाज ! यसबाट त यही थाहा हुन्छ कि अरूहरूलाई दुःख दिएर जो दान दिइन्छ, त्यसबाट पनि स्वर्ग दिने राम्रो फल प्राप्त हुन्छ । त्यो मानिसले गाडाका गोरुहरूलाई दुःख दिएर नै त पुण्य कमाएर र सुख पाउँछ ?"

"महाराज ! अर्को पनि एउटा कारण सुन्नुहोस् कि कसरी अरूहरूलाई दुःख दिएर जुन दान दिइन्छ, त्यसको पनि स्वर्ग दिने राम्रो फल प्राप्त हुन्छ । महाराज ! जस्तै कुनै राजाले उचित प्रकारले कर (शुल्क) लिएर पछि मानिसहरूलाई दान दिऊन् । महाराज ! त के उसलाई योभन्दा राम्रो फल प्राप्त होला ? यो दान दिएमा के उसलाई स्वर्ग प्राप्त होला ?" "हो भन्ते ! यसमा भन्नु नै के छ ! त्यसको पुण्यले राजालाई त्योभन्दा सय र हजार गुणा बढी फल प्राप्त हुनेछ । राजाहरूमध्ये महाराज हुनेछ; देवताहरूमा महादेव हुनेछ; ब्रह्माहरूमा महाब्रह्मा हुनेछ; श्रमणहरूमध्ये महाश्रमण हुनेछ; ब्राह्मणहरूमा महाब्राह्मण हुनेछ; अर्हत्‌हरूमा श्रेष्ठ अर्हत् हुनेछ ।" "महाराज ! यसबाट यही बुझिन्छ कि अरूहरूलाई दुःख दिएर जुन दान दिइन्छ, त्यसबाट पनि स्वर्ग दिने राम्रो फल प्राप्त हुन्छ । राजाले आफ्नो प्रजाबाट कर लिएर नै त यस प्रकारको यश र सुख पाउँछन् ।"

"भन्ते नागसेन ! वेस्सन्तर राजाले दान दिनमा अति नै गरेका थिए, यहाँसम्म कि आफ्नी स्त्रीलाई पनि दिए अरूकी जोई बनाउन । आफ्नो औरस छोरोसम्म दान दिए ब्राह्मणले दास बनाओस् भनेर । "भन्ते नागसेन ! दान दिनमा अति गरेमा बुद्धिमान् मानिसले निन्दा गर्दछ । भन्ते नागसेन ! जस्तै – बढी भार लाद्नाले गाडीको धुरा भाँचिन्छ; धेरै भार लाद्नाले डुङ्गा डुब्छ; बढी भोजन गर्दा अजीर्ण हुन्छ; बढी वर्षा भयो भने धान गल्छ; धेरै दान दिएमा मानिस दरिद्र हुन्छ; बढी पापबाट पृथ्वी सल्कन थाल्छ; धेरै प्रेम गर्दा पागल होइन्छ; धेरै द्वेषबाट ठूलो अपराधी होइन्छ; धेरै मोह गर्दा खर ाब अवस्था प्राप्त हुन्छ; बढी लोभ गर्दा चोर भई अरूले समात्छ; बढी भयबाट बेचैनी उत्पन्न हुन्छ; धेरै पानी परेमा खोलामा बाढी आउँछ; बतास धेरै चलेमा बिजुली चम्कन्छ; बढी तापबाट भात उम्लन थाल्छ; धेरै दौडधूप गर्दा आयु क्षय हुन्छ । भन्ते नागसेन ! यसरी दानमा अति गरेमा बुद्धिमान् मानिसहरूले निन्दा गर्छन् । भन्ते नागसेन ! वेस्सन्तर राजाले पनि दान दिने काममा अति गरे । त्यसको कुनै राम्रो फल हुन सक्दैन ।"

"महाराज ! बुद्धिमान मानिसहरू धेरै दान दिएमा त्यसको प्रशंसा गर्दछन् र त्यसलाई राम्रो ठान्दछन् । जसले जुनसुकै किसिमको दान दिन सक्छ, लोकमा दान दिनेको कीर्ति फैलिन्छ । महाराज ! दिव्य शक्ति भएको जङ्गलको बुटीलाई हातमा बेसरी समातेमा आफ्ना नजिक बसेको मानिसले पनि सो देख्न सक्दैन । बढी शक्तिशाली जडीबुटीले दुखाईलाई पनि साम्य पार्दछ अनि रोगलाई हटाउँछ । धेरै तातो भएकोले आगो बल्छ अनि धेरै चिसो भएकोले पानीले आगोलाई निभाउँछ । पद्मरागले अतिपरि शुद्धताले गर्दा हिलो लाग्दैन । मणिको धेरै गुणहरू भएको हुनाले यथेष्ट मागे वर दिन्छ । बज्र निकै तीक्ष्ण हुने हुनाले त्यसले हीरा, मोती र ढुङ्गालाई काट्न सक्छ । पृथ्वी निकै विशाल भएकोले त्यसले

मानिस, सर्प, मृग, चरा, पानी, चट्टान, पर्वत, रूख-सबैलाई धारण गर्दछ । अगम भएको कारण समुद्र कहिल्यै पनि भरिन्न । सुमेरु पर्वत अत्यन्त भारी भएकोले अचल छ । आकाश धेरै फैलिएकोले अनन्त छ सूर्य निकै तेजिलो भएकोले त्यसले अन्धकारलाई हटाउँछ । सिंह उच्च जातिको भएकोले निर्भय रहन्छ । पहलमान् निकै बलियो हुनाले अर्को पहलमान्लाई तुरुन्तै पछार्छ । राजा आफ्नो धेरै पुण्यले गर्दा सबैका मालिक हुन्छन् । भिक्षु बढी शीलवान् भएका हुनाले उनी नाग, यक्ष, मानिस र मार सबैको नमस्कारका पात्र हुन्छन् । बुद्ध धेरै अग्र भएकोले अनुपम हुन्छन् । महाराज ! यसरी नै, बुद्धिमान् मानिसहरू लोकमा धेरै दानको प्रशंसा गर्दछन्, बडाई गर्छन् र त्यसलाई राम्रो ठान्दछन् । जसले जुनसुकै प्रकारको दान दिन सक्छ, लोकमा त्यस दानीको कीर्ति फैलिन्छ । महाराज ! धेरै दान दिनाले वेस्सन्तर राजा दस हजार लोकमा प्रशंसित भए । त्यही धेरै दानले वेस्सन्तर राजा आज बुद्ध भनिएका हुन् अनि देवताहरू र मनुष्यहरूका साथ यस लोकमा सबैभन्दा अगुवा हुनुभयो ।"

"महाराज ! संसारमा के यस्तो पनि कुनै वस्तु छ, जो दान पाउने अधिकारी छँदाछँदै पनि दान नदिइयोस् ।"

"हो भन्ते नागसेन ! यस्ता दस चीजहरू छन् जो कहिल्यै दान दिन हुँदैन । जसले ती दान गर्छ, ऊ नरकमा जान्छ । दस चीजहरू के हुन् ?" "भन्ते नागसेन ! (१) रक्सी र ताडीको दान, (२) नाचबाजाका दान, (३) स्त्री-दान, (४) गोरुको दान, (५) चित्रकर्मको दान, (६) शस्त्रको दान, (७) विषको दान, (८) बाँध्ने डोरीको दान, (९) कुखुरा र सुँगुरको दान, (१०) जाली, तराजु, ढक वा माना, पाथीको दान दिन हुँदैन जसले दान गर्छ ऊ नरकमा जान्छन् । भन्ते नागसेन ! यी दस चीजहरू कहिल्यै दान दिन हुँदैन जसले दान गर्छ, ऊ नरकगामी हुन्छ ।"

"महाराज ! मैले यो सोधेको होइन कि कुन दान दिन हुँदैन । मैले सोध्न खोजेको यो हो कि महाराज ! के संसारमा कुनै यस्तो चीज छ जो दान पाउने अधिकारी भएर पनि नदिएर रोकिर ाख्नुपर्छ ?" "छैन भन्ते ! संसारमा कुनै पनि यस्तो वस्तु छैन जो दान पाउने अधिकारी भएर पनि दान नदिएर रोकिराख्नुपर्छ । प्रसन्न भएर कोही दान पाउने अधिकारी भएर भोजन दिन्छन्, कसैले लुगाफाटो दिन्छन्, कसैले शयनासन दिन्छन् भने कसैले आवास-निवास, घरबार दिन्छन्, कसैले ओढ्ने ओछ्याउने दिन्छन्, कसैले नोकरचाकर (दास-दासी) दिन्छन्, कसैले जग्गाजमिन दिन्छन्, कसैले द्विपाद (चरा) र चतुष्पद (चारखुट्टे जनावर) दिन्छन्; कसैले सय हजार या लाख रूपियाँ दिन्छन् । कसैले राजपाटसम्म पनि दिन्छन्, यहाँसम्म कि कसै-कसैले त प्राणसम्म पनि दिन्छ । महाराज ! यदि कसैले आफ्नो जीवनसम्म पनि दान दिन्छ भने, तपाईं दानपति वेस्सन्तर राजालाई आफ्नी स्त्री र बालबाच्चाहरू दानमा दिँदा कि आक्षेप गर्नुहुन्छ ? महाराज ! के संसारमा प्रायः यस्तो देखिन्न कि बुबाले आफ्नो ऋण फछ्र्याउन या जीविकाका लागि आफ्नो छोरालाई बन्धक राख्छ वा बेचिदिन्छ ?" "हो भन्ते ! कुरो ठीक हो । त्यसरी नै, वेस्सन्तर राजाले पनि सर्वज्ञता पाउन चिन्तित र दुःखित थिए । त्यसैले उनले धर्म कमाउनको लागि आफ्नी स्त्री र बच्चाहरू दानमा दिए । महाराज ! यसरी वेस्सन्तर राजाले त्यही दिए जो मानिसहरूले दिन्थे; त्यही गर्नुभयो जो अरूले गरे । महाराज ! तब तपाईं दानपति वेस्सन्तर राजालाई कि आक्षेप गर्दै हुनुहुन्छ ?"

“होइन भन्ते मैले उहाँलाई दोष दिएको होइन । तर आफ्नी जोई र सन्तान दान गर्नुको सट्टा उनले आफैंलाई दान दिनु पर्दथ्यो भन्ने मेरो भनाइ हो ।” “महाराज ! स्त्री र बच्चाहरू माग्दा आफूलाई नै दान दिनु उचित कार्य होइन । जसले जुन वस्तु माग्छ, उसलाई त्यही वस्तु दिनुपर्छ । सत्पुरुषले यस्तै गर्छ । महाराज ! जस्तै – कुनै मानिसले कसैसित पानी माग्यो तर सट्टामा भोजन पस्क्यो भने के उसको इच्छा पूरा हुन्छ ?” “हुँदैन भन्ते ! जे माग्छ त्यही दिनाले उसको इच्छा पूरा हुन सक्छ ।” “महार ाज ! त्यसैले जब ब्राह्मणले स्त्री र बच्चहरू मागेका थिए, त्यस बेला वेस्सन्तर राजाले उनीहरूलाई दिए । महाराज ! यदि ब्राह्मणले उनको शरीर मागेको भए, उनले आफूलाई रोकिराख्दैन थिए, न काँप्यो न मोह नै गर्दथे । उनले आफूलाई कहिल्यै रोकेर राख्दैनथे । महाराज ! यदि कसैले वेस्सन्तर राजालाई नोकर भइदेउ भनी मागेको भए विना कुनै हिचकिचाहट नोकर भइदिन तयार थिए । महाराज ! वेस्सन्तर राजाले यथार्थमा आफ्नो शरीर मानिसहरूलाई बाँडिसकेका थिए । महाराज ! जसरी पाकेको मासु बाँडेर खाइन्छ, महाराज ! त्यसरी नै, जब रूख फलहरूले लादिएको हुन्छ, त्यस बेला चरा चुरुङ्गीहरूले फलफूल बाँडेर खान्छन् । महाराज ! त्यसरी नै वेस्सन्तर राजालाई आफ्नो शरीरको माया ममता थिएन, मानौं उनले आफ्नो शरीरलाई मानिसहरूबीच बाँडी दिएका थिए । सबैलाई आराम दिनका लागि उनी तयार रहन्थे । यसो किन ? यस विचारले कि म यस प्रकार उदार भएर बुद्धत्व प्राप्त गर्न सकूँ ।”

“महाराज ! जस्तै – निर्धन मानिस धन कमाउनका लागि धनको खोजी गर्दै कहाँ-कहाँ दगुर्छ र कस्तै विकट बाटाहरूलाई नाघेर जान्छ, जल र स्थलमा व्यापार गर्छ । शरीर, वचन र मन तीनवटै केवल धनको खोजीमा रहन्छ । महाराज ! यसरी नै, दानपति वेस्सन्तरले बुद्धधनका लागि निधन भएर सर्वज्ञता-रत्न प्राप्त गर्न याचक (माग्ने) हरूलाई धनधान्य, नोकरचाकर (दास-दासी), गाडी-सवारी, आफ्नो सबै सम्पत्ति, आफ्नी स्त्री र छोराछोरी, यहाँसम्म कि आफ्नो शरीरसमेत दिए । बुद्धत्व प्राप्त गर्नका लागि नै उनले यसो गरे । जस्तै – महाराज ! मुद्दामा लाग्ने कुनै व्यक्तिले अधिकार ीलाई आफूसँग जो जस्तो धन छ, सो सबै दिन सक्छ । मुद्दा जित्न सुन, हीरा धन सम्पत्ति सबै थोक दिन्छ । यसरी मुद्दा जित्नका लागि कोसिस गर्छ । महाराज ! यसरी वेस्सन्तर राजाले आफ्नो बाहिर र भित्रको सबै थोक दान दिए र स्वयं आफूलाई दान गरेर बुद्धत्वको खोज गर्दैथिए ।”

“महाराज ! अझ, दानपत्ति राजा वेस्सन्तरको मनमा यस्तो विचार आयो कि यो ब्राह्मणले जे माग्छ त्यही दिएर म उसको इच्छा पूरा गर्छु । यसो विचार गरेर उनले आफ्नो श्रीमती र बच्चाहरू पनि दान गरिदिए । महाराज ! उनले उनीहरू(छोराछोरी र स्त्री) देखि दिक्क लागेर त्यसो गरेको होइनन्, न उनीहरूलाई देख्न नसक्नाले दान दिएका थिए, न उनीहरूलाई भार सम्झेर, न उनीहरूलाई खुवाउन नसकेर, न उनीहरूलाई अप्रिय सम्झेर उनीहरूबाट छुटकारा पाउनका लागि, बरु सर्वज्ञतारत्न पाएर बुद्ध बन्ने इच्छाले नै वेस्सन्तर राजाले आफ्नो अतुल्य, अलौकिक, प्रिय, मनाप र प्राणप्रिय बच्चाहरू समेत दान गरे । महाराज ! चर्यापिटकमा देवतिदेव भगवान्ले पनि यसो भन्नुभएको छ :–

न मे देस्सा उभो पुत्ता, मद्दीदेवी न दोस्सिया ।

सब्बञ्जुतं पियं मय्हं, तस्मा पिये अदासहं’ति ॥

आफ्नो दुवै बच्चाहरू या रानी माद्रीदेखि मेरो ईर्ष्या थिएन ।

https://dhamma.digital

सर्वज्ञता प्राप्त गर्ने मार्ग मलाई प्यारो थियो, त्यसैले मैले उनीहरूलाई दान गरें ।'

"महाराज ! अतः वेस्सन्तर राजा यस दानपछि, पर्णशाला (पातहरूले बनेको झुपडी) भित्र गएर सुते । एकपल्ट अति प्रेमले गर्दा उनी विव्हल भए आफ्नो मुटु फुटेजस्तो हुन लाग्यो, तातो सास नाकबाट नआएर मुखबाट चल्न थाल्यो, आँखाबाट रगतको आँसु बग्न थाल्यो । महाराज ! यसरी वेस्सन्तरले दुःख सहन गरी आफ्नो दानमा अचल रहनका लागि र दानको बाटोबाट परिहीन हुन नपरोस् भन्ने सोची उनले आफ्ना स्त्री र बच्चहरूसमेत ब्राह्मणलाई दान दिए ।"

"महाराज ! अरू पनि दुई कुराहरूमा विचार गरी वेस्सन्तर राजाले आफ्नो दुइटै बच्चाहरू ब्राह्मणलाई दान दिए ।" "कुन दुई कुराहरूको विचारले ?" (१) मेरो दानव्रत नटुटोस् (२) जङ्गलका फलफूल मात्र खाएर बस्ने मेरा छोराछोरीको जुन दुःख छ, त्यसबाट मुक्ति होस् । महाराज ! वेस्सन्तर राजालाई यो थाहा थियो कि मेरा छोराछोरीलाई कसैले दास बनाएर राख्न सक्दैन । उनीहरूका हजुरबा (सञ्जय राजा) ले उनीहरूलाई छुटाउनेछन् र फेरि उनीहरू म भए ठाउँ फर्की आउनेछन् । महाराज ! यी दुई कुराहरूमा विचार गरी उनले आफ्ना दुवै बच्चाहरू दान गरे ।"

"महाराज ! वेस्सन्तर राजालाई यो पनि थाहा थियो कि यो ब्राह्मण ज्यादै वृद्ध र निकै कमजोर भएको छ । यसको नसा नसा कमजोर भइसकेको छ । लट्ठीको भरमा बडो कठिनाइले हिंड्डुल गर्दछ, यसको पुण्य थोरै छ र यसको आयु पूर्ण भइसकेको छ, यसले ती बच्चाहरूलाई धेरै दिन दास बनाएर राख्न सक्दैन । महाराज ! यति तेजस्वी र प्रतापी चन्द्र र सूर्यलाई कसैले समातेर, बाकसमा बन्द गरेर सबै चमकलाई हटाएर के थालजस्तो गरी उनीहरूलाई काममा ल्याउन सक्छ ?" "सक्दैन भन्ते !" "महाराज ! यसरी नै, सूर्य र चन्द्रभन्दा प्रतापी वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाउन सक्दैन थिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चालाई कसैले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै चक्रवर्ती राजाको मणिरत्न जुन उज्वल, असल जाति भएको, आठ स्थानमा राम्रोसँग काटछाँट गरेको, चार हात बराबरको र गाडीको नाभिको बराबर मणिरत्न होस्; त्यसलाई कुनै थाङ्नोले बेरेर राख्न सक्दैन । महाराज ! त्यसरी नै, चक्रवर्ती राजाको मणि-रत्नसमान तेजस्वी वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै – हस्तिराज उपोसथ जो एकदमै सेतो, तीन स्थानहरूमा मन्द गतिले हिंड्ने, सात प्रकारले प्रतिष्ठित, आठ हात अग्लो, नौ हात लामो, सुन्दर र दर्शनीय छ, त्यसलाई कुशले, नाङ्लो वा सुकुलले ढाकेर राख्न सकिन्न । त्यसलाई कुनै गाई या बाछोको बथानमा प्रतिक्षेप र परिहरण गर्न सकिन्न; महाराज ! त्यसरी नै, हस्तिराज उपोसथझैं प्रतापी वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।"

"महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस् ... । महाराज ! जस्तै – समुद्र एकदम लामो र चाक्लो भएर फैलिएको हुन्छ, अत्यन्त गम्भीर हुन्छ, अनन्त हुन्छ, अपार हुन्छ, अथाह हुन्छ र खुला हुन्छ । कसैले त्यसलाई चारैतिरबाट बाँधेर एउटा मात्र घाटबाट काम लिन लायक बनाउन सक्दैन ।

महाराज ! यसरी महासमुद्रझैं गौरवशाली वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर र ाख्न सक्दैनथिए ।”

“महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसै ले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! पर्वतराज हिमालय पाँच सय योजन माथि आकाशतिर उठेको छ, तीन हजार योजनको घेरामा फैलिएको छ, चौरासी हजार चुचुराहरूले सजिएको छ, यसबाट पाँच सय ठूलठूला नदी निस्कन्छन्, ठूलठूला जीवहरूको यो घर हो, यहाँ अनेक प्रकारका गन्धभएको सयकडौं दिव्य औषधीहरूको भण्डार छ र यो आकाशमा उठेको बादलजस्तै देखिन्छ । महार ाज ! यसरी हिमालय पर्वतराज जस्ता गौरवशाली वेस्सन्तर राजाका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।

“महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसै ले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै – रातको अँध्यारोमा पहाड माथिको जङ्गल डढेलो लागेर बलिरहेको आगो धेरै परबाट देख्न सकिन्छ, त्यसरी नै, वेस्सन्तर राजाको कीर्ति टाढाटाढासम्म फैलिएको थियो । उनका बच्चाहरूलाई … ।”

“महाराज ! एउटा अर्को पनि कारण सुन्नुहोस्, जसले गर्दा वेस्सन्तर राजाका बच्चाहरूलाई कसै ले पनि दास बनाएर राख्न सक्दैनथिए । महाराज ! जस्तै – हिमालय पर्वतमा जब नागपुष्प फूलेर मन्दमन्द बतास चल्दा त्यसले दस-बाह्र योजनसम्म सो ठाउँलाई सुगन्धित पारिदिन्छ । महाराज ! यसरी नै, राजाको कीर्ति हजारौं योजनसम्म फैलिएर, बीचको असुरलोक, गरुडलोक, गन्धर्वलोक, यक्षलोक, सर्पलोक, किन्नरलोक र इन्द्रलोक पार गरेर अकनिष्टलोक (अन्तिम देवलोक) सम्म पुगेको थियो, ती सबै लोक उहाँको शीलको गन्धले सुगन्धित भएको थियो । यथार्थमा उहाँका बच्चाहरूलाई कसैले दास बनाएर राख्न सक्दैनथिए ।”

“महाराज ! वेस्सन्तर राजाले आफ्नो छोरा जालि कुमारलाई भनेका थिए – ‘छोरा ! तिम्रा हजुर बाले यदि ब्राह्मणलाई धन दिएर छुडाउन चाहेमा तिम्रा लागि एक हजार निष्क (स्वर्णमुद्रा) र तिम्री बहिनी कृष्णजिनाका लागि सय दास-दासी, सय हात्ती, सय घोडा, सय गाई, सय भैंसी र सय निष्क दिएर छुडाऊन् ।छोरा ! यदि तिम्रा हजुरबाले जबरजस्ती, केही नदिएर आफ्नो शासन चलाएर ब्राह्मणका हातबाट तिमीहरूलाई छुटाउन चाहेमा उहाँको कुरा नमान्नू, ब्राह्मणसँग नै बस्नू ।’ यसो भनेर वेस्सन्तर राजाले उनलाई पठाएका थिए । त्यसपछि जाति कुमारले त्यहाँ गएर आफ्ना हजुरबाले सोध्दा भनेको थिए –

सहस्सग्घं हि मं, तात, ब्राह्मणस्स पिता अदा ।

अथो कण्हाजिनं कञ्ञं, हत्थीनं च सतेन चा’ति ॥

‘हजुरबा ! एक हजार रूपैयाँ मूल्य लगाएर मेरा बुबाले मलाई यस ब्राह्मणलाई दिएका थिए र सय हात्तीको मूल्य लगाएर बहिनी कृष्णजिनालाई ।’

"भन्ते नागसने ! तपाईंले ठीक सम्झाउनुभयो । झूटो पक्षलाई खण्डन गरिदिनुभयो । विपक्षको वादलाई सर्वथा दबाउनुभयो । आफ्नो कुरालाई स्पष्ट पारिदिनुभयो उद्धरणको सत्यभाव भनिदिनुभयो । प्र श्नलाई निकै राम्ररी विश्लेषण गरेर देखाउनुभयो । तपाईंले जे सम्झाउनुभयो, म त्यसलाई स्वीकार गर्दछु ।"

## २. दुष्करचर्या विषयमा प्रश्न

३. "भन्ते नागसेन ! के सबै बोधिसŒवहरूले दुष्करचर्या गर्दछन् या बोधिसŒव गौतमले मात्र गर्नुभएको थियो ?" "महाराज ! बोधिसŒवहरूले दुष्करचर्या गर्दनन्, बोधिसŒव गौतमले मात्र गर्नुभएको थियो ।"

"भन्ते नागसेन ! यदि कुरा यस्तो हो भने, एउटा बोधिसŒव अर्कोभन्दा भिन्न हुनु उचित छैन ?" "महाराज ! चार स्थानहरू (कुराहरू) मा एउटा बोधिसŒव अर्को बोधिसŒवभन्दा भिन्न हुन्छ ।" "कुन चार स्थानहरूमा ?" "महाराज ! (१) कुलमा, (२) स्थान र समयमा, (३) आयुमा र (४) शरीरको उचाइमा । यी चार स्थानहरूमा एउटा बोधिसŒव अर्कोभन्दा भिन्न हुन्छ । महाराज ! तर सबै बोधिसŒवहरू रूप, शील, समाधि, प्रज्ञा, विमुक्ति, विमुक्ति-ज्ञान दर्शन, चार वैशारद्य, दस बुद्ध-बल, छ असाधारण ज्ञान, चौध बुद्धज्ञान, अठार बुद्धधर्म र बुद्धका अन्य कुराहरूमा समान नै हुन्छन् । सबै बुद्धहरू, बुद्ध गुणहरूमा बराबर हुन्छन् ।"

"भन्ते नागसेन ! यदि सबै बुद्ध आफ्ना गुणहरूमा समान हुन्छन् भने, बोधिसŒव गौतमले एक्लै दुष्करचर्या किन गर्नुभयो ?" "महाराज ! बोधिसŒव गौतम (चार आर्यसत्यको) ज्ञान परिपक्व नहुँदा पहिले धुनमा नै उहाँले दुष्करचर्या गर्नुभएको थियो ।"

"भन्ते नागसेन ! ज्ञान अपरिपक्व हुँदा नै बोधिसŒव गौतम घर छाडेर किन निस्कनुभयो ? आफ्नो ज्ञान परिपक्व भएपछि उहाँ घरबाट किन निस्कनुभएन ?"

४. "महाराज ! बोधिसŒव नाच्ने स्त्रीहरूको घृणित (उद्धिग्न) गर्ने अवस्था देखेर उहाँको मन फर्केको थियो । मन फर्केपछि उहाँलाई वैराग्य भयो । उहाँको मन (चित्त) वैराग्ययुक्त देखेर कुनै मार कायिक देवपुत्रले यो सोच्यो, 'ठीक यही समयमा म उनको वैराग्य चित्तलाई हटाऊँ ।' आकाशमा प्रकट भएर उनले भने – 'मार्ष ! मार्ष ! तपाईं यसरी नहडबडाउनुहोस् । आजको सातौं दिनमा तपाईंका सामु दिव्य चक्ररत्न, हजारौं धुर भएको राम्रो गोलाइ र नाभिका साथ र सबै गुणहरूले परिपूर्ण रथ प्रकट हुनेछ । पृथ्वी र आकाशमा रहेका सबै रत्नहरू स्वयं तपाईंका सामु प्रकट हुनेछन् । दुई हजार साना द्वीपहरूका साथ चार महाद्वीपहरूमा तपाईंको एकमात्र आज्ञा चल्नेछ । तपाईंका हजारौं, शूरवीर,

शक्तिशाली र शत्रुहरूका सेनालाई तहसनहस गर्ने छोराहरू हुनेछन् । ती छोराहरूका साथ सात र त्नहरूले युक्त चारै द्वीपहरूमा तपाईं शासन गर्नु हुनेछ ।'

"महाराज ! जस्तै सारा दिन बलिरहेको आगोमा रातो पारेको फलामको छडलाई कसैले कानमा पसाउँछ; त्यसरी नै, बोधिसŒवलाई यो वचन बिभ्भ्यो । एक त आफैं बोधिसŒवलाई वैराग्य भएको थियो; अर्को मारको त्यस्तो वचन सुन्दा उनको मन झन् संवेगयुक्त भयो ।"

"महाराज ! जस्तै, कसैले बलिरहेको आगोको राशमा काठ राखिदिँदा त्यो झन् धक धक गरे बल्छ; त्यसरी नै, एक त बोधिसŒवलाई स्वयं वैराग्य भइरहेको थियो; अर्को मारको त्यस्तो वचन सुन्दा उनको मन झन् उद्धिग्न भयो ।"

"महाराज ! जस्तै, हरिया घाँसपातले भरिएको, हिलो भएको धापिलो जमिनमा धेरै पानी परेमा हिलोले भरिन्छ; त्यसरी नै, एक त आफैं बोधिसŒवलाई स्वयं वैराग्य भइरहेको थियो; दोस्रो मारको त्यस्तो वचन सुन्दा उनको मन झन् खिन्न भयो ।"

"भन्ते नागसेन ! यदि सातौं दिन साँच्चै दिव्य चक्ररत्न उनका अगाडि प्रकट भएको भए के उहाँ फर्कनुहुन्थ्यो ?" "होइन महाराज ! सातौं दिन बोधिसŒवका सामु दिव्य चक्ररत्न प्रकट कुने कुरो नै थिएन । त्यस देवताले केवल उहाँलाई लोभ्याउनका लागि यस्तो असत्य कुरो भनेको थियो । अनि महाराज ! यदि सातौं दिन साँच्चै बोधिसŒवका सामु दिव्य चक्ररत्न प्रकट भएको भए पनि उहाँ फर्कनुहुन्थ्यो ।" "त्यसो किन ?" "महाराज ! संसारको अनित्यताले हृदयमा गहिरो आघात पारेको थियो । संसार-दुःखले हृदयमा ठूलो आघात पाऱ्यो । अनात्माले हृदयमा गहिरो आघात पारेको थियो । यस्ता कुर ाहरूले उहाँको हृदयमा गहिरो चोट पारेकोले उहाँसँग भएको उपादान (सांसारिक वस्तुप्रति आसक्ति) नष्ट भइसकेको थियो ।"

"महाराज ! जस्तै अनोतत्त ह्रद (अनवतप्त दह) को पानी गङ्गा नदीमा बगेर मिल्छ, गङ्गा नदी बगेर समुद्रमा मिल्छ अनि महासमुद्रबाट पातालमा जान्छ । महाराज ! त्यसो भए के त्यही पानी पातालबाट समुद्रमा, समुद्रबाट गङ्गा नदीमा र गङ्गा नदीबाट अनोतत्त दहमा पुनः आउन सक्छ ?" "सक्दैन भन्ते !" "महाराज ! त्यसरी नै, यस अन्तिम जन्मसम्म पुग्नका लागि नै बोधिसŒवले चार असङ्खय एक लाख कल्पदेखि पुण्य एकत्र गर्दै आउनुभएको थियो । त्यसैले उहाँ त्यहाँसम्म पुग्नुभयो । परमज्ञानको चरम सीमासम्म पुग्नुभयो । छ वर्षमा उहाँ बुद्ध सर्वज्ञ र अग्र पुद्गल (नरोत्तम) हुने खालको हुनुहुन्थ्यो । त्यसो भए के उहाँ चक्ररत्नका लागि फर्कनुहुन्थ्यो ?" "फर्कन हुन्नथ्यो भन्ते !" "महाराज ! यो महापृथ्वी ठूलठूला जङ्गल र अग्ला-अग्ला पहाडसहित उल्टे पनि गङ्गा नदी उल्टो धारामा बगे पनि गोपद (गाईको खुट्टा) परेर जमिनमा खाड्लको पानीझैं, यो अथाह र अगाध समुद्र सुकेर गए पनि, सुमेरु पर्वतराज सैयकडौं र हजारौं टुक्रा भएर टुटे पनि, सूर्य, चन्द्र र सबै ताराहरूको थुप्रो पृथ्वीमा झरे पनि र सुकुल जस्तै पूरै आकाशलाई कसैले बेरे पनि बोधिसŒव सम्यक्सम्बोधि नपाई कहिल्यै फर्कन सक्दैनथिए ।" "त्यसो किन ?" "किनकि उहाँले संसारका सबै बन्धनहरूलाई छिनाउनुभएको थियो ।"

"भन्ते नागसेन ! संसारमा कति प्रकारका बन्धनहरू छन् ?" "महाराज ! संसारमा दस प्रकारका बन्धनहरू छन् जसमा परेर सŒव (प्राणी) निस्कन पाउँदैन या निस्के पनि फेरि बाँधिन्छ ।" "ती दस बन्धनहरू कुनचाहिँ हुन् ?" "महराज ! संसारमा (१) आमा बन्धन हो । (२) बुबा ··· । (३) स्त्री ··· । (४) छोराछोरी ··· ··· । (५) आफन्त ··· ··· । (६) साथी ··· ··· । (७) धन ··· ··· । (८) लाभ-सत्कार ··· ··· । ( ९) स्वमित्व (प्रभुता) ··· ··· । (१०) पञ्च काम-गुण (पाँच इन्द्रियहरूको भोग) बन्धन हो । महाराज ! यिनै दस संसारमा बन्धनहरू छन् जसमा परेर बोधिसŒवले ती सबै दस बन्धनहरूलाई काट्नुभएको थियो, सर्वथा नष्ट गरिदिनुभएको थियो । महाराज ! त्यसैले बोधिसŒव फेरि फर्कन सक्नुहुन्नथियो ।"

"भन्ते नागसेन ! ज्ञान परिपक्व नभएको बेला बोधिसŒवको हृदयमा देवताको वचन सुनेर वैर ाग्य उत्पन्न भएको थियो, जसले गर्दा उहाँले घर छाडेर निस्कनुभएको थियो भने दुष्करचर्यासँग उहाँको के सरोकार थियो ? उहाँले त आनन्द सँग खाएर-पिएर आफ्नो ज्ञान परिपक्व हुने प्रतीक्षा गर्नुपर्दथ्यो ?"

"महाराज ! संसारमा यस्ता दस व्यक्तिहरू छन् जो अपमानित हुन्छन्, निन्दित हुन्छन्, नीच मानिन्छन्, खराब मानिन्छन्, अप्रतिष्ठित हुन्छन्, सबै ठाउँमा दबाइन्छन् र जसलाई कसैले अपेक्षा गर्दैन । कुनचाहिँ दस ? महाराज ! (१) विधवा स्त्री, (२) कमजोर व्यक्ति, (३) जसको कुनै साथी वा आफन्त नभएको, (४) धेरै खाने व्यक्ति, (५) हीन कुलको, (६) खराब व्यक्तिको संगत, (७) गरीब, (८) नराम्रो स्वभावको व्यक्ति, (९) अल्छे र (१०) अयोग्य व्यक्ति । महाराज ! यी दस प्रकारका व्यक्ति अपमानित हुन्छन्, निन्दित हुन्छन्, नीच सम्झिइन्छन्, खराब मानिन्छन्, अप्रतिष्ठित हुन्छन्, सबै स्थानमा दबाइन्छन् र उनीहरूतिर कसैले पनि ध्यान दिँदैन । महाराज ! यी दस कुर ाहरूको सम्झना गरेर बोधिसŒवले यस्तो विचार गर्नुभयो – देव मनुष्यहरूमा म पनि अल्छि र अयोग्य सम्झिइएर निन्दित हुनु नपरोस् । अतः म कर्मस्वामी, काम लाग्ने, कर्ममा प्रेरित कर्मशील र कर्मधारण गर्ने कर्मपरायण भई सधैं अप्रमादी हुनुपर्छ । महाराज ! त्यसैले बोधिसŒवले आफ्नो ज्ञान परि पक्व गरी दुष्करचर्याको अभ्यास गर्नुभएको थियो ।"

"भन्ते नागसेन ! बोधिसŒवले दुष्करचर्याको अभ्यास गर्दै भन्नुभएको थियो – 'यस कठोर दुष्करचर्याले त्यस अलौकिक परमज्ञानलाई साक्षात् गर्न सक्दैन । बुद्धत्व पाउन के कुनै अको ' मार्ग हुनुपर्छ ।' त्यसो हो भने, के त्यस बेला मार्ग निश्चित गर्नमा बोधिसŒव कर्तव्य विमुख हुनुभयो ?" "महाराज ! चित्तलाई कमजोर तुल्याउने २५ कुराहरू छन्, जसले गर्दा आस्रवलाई क्षय गर्न चित्त स्थिर हुन पाउँदैन ।"

"कुनचाहिँ पच्चिस कुराहरू?" "महाराज ! (१) क्रोध, (२) डाह, (३) सेखी गर्नु, (४) घमण्ड, (५) ईर्ष्या, (६) लोभ, (७) माया (देखावटी), (८) झेल, (९) दुराग्रह, (१०) कलहप्रियता, (११-१२) आफूलाई सबभन्दा ठूलो ठान्नु, (१३) मद्द, (१४) प्रमाद, (१५) थीनमिद्ध (द्वेष), (१६) तन्द्रा, (१७) आलस्य, (१८) दुर्जन-मित्रता, (१९) रूप, (२०) शब्द, (२१) गन्ध, (२२) रस, (२३) स्पर्श, (२४) भोक-प्यास, (२५) असन्तोष । महाराज ! चित्तलाई कमजोर तुल्याउने यी पच्चीस कुराहरू छन्, जसले गर्दा आस्र वहरूलाई क्षय गर्नमा चित्त स्थिर हुन पाउँदैन ।"

"महाराज ! त्यस बखत यीमध्ये भोक र तिर्खाले बोधिसŒवको शरीरलाई दबाएको थियो । भोक र तिर्खाले शरीर यस प्रकारले दबी रहनेले आस्रवलाई क्षय गर्नमा उहाँको चित्त स्थिर हुन पाएको थिएन । महाराज ! चार असंख्य एक लाख कल्पदेखि बोधिसŒव जन्म-जन्ममा चार आर्यसत्यहरूलाई साक्षात्कार गर्नमा प्रयत्नशील भए । त्यसो भने के अन्तिम जन्ममा आएर जब उहाँले आर्यसत्यको साक्षात्कार गर्नै लागेको बेला उहाँ आफ्नो मार्गबाट विचलित हुनुहुन्थ्यो होला र ? महाराज ! बरु बोधिसŒवलाई बोधिज्ञानका निम्ति अवश्य अर्कै मार्ग हुनुपर्छ भन्ने लागेको थियो । महाराज ! पहिले नै, जब बोधिसŒव मात्र एक महिनाको हुनुहुन्थ्यो आफ्ना बुबा शाक्य शुद्धोदन काममा लागिर हनुभएको समयमा जामुनको रूखको शीतल छायामा पद्मासन लगाएर बसी, काम र अकुशल धर्मले र हित भएर, वितर्क र विचारका साथ विवेकले उत्पन्न, प्रीति-सुख भएको प्रथमध्यानसम्म पुग्नुभएको थियो । त्यस्तै उहाँले द्वितीय, तृतीय र चतुर्थध्यान पनि पाउनुभएको थियो ।"

"साधु भन्ते नागसेन ! कुरो यस्तै हो । म तपाईंको भनाई मान्दछु । तपाईंले आफ्नो ज्ञानलाई पूर्ण गर्दै बोधिसŒवले दुष्करचर्याको अभ्यास गर्नुभयो ।"

## ३. पापपुण्यबल विषयमा प्रश्न

५. "भन्ते नागसेन ! धेरै बलवान् कुन हुन्छ – पाप (अकुशल) वा पुण्य (कुशल) ?" "महाराज ! पुण्य नै बढी (धेरै) बलवान् हुन्छ; पाप हुन्न ।"

"भन्ते नागसेन ! पुण्य नै बढी (धेरै) बलवान् हुन्छ; पाप हुँदैन भन्ने कुरो म स्वीकार गर्न सक्दिन । भन्ते नागसेन ! कति व्यक्तिहरू छन् जो हत्या गर्छन्, चोरी, व्यभिचार, असत्य भाषण, सारा गाउँमा लुटपटि, रहजनी, ठगी र छल गर्छन् । त्यति नै पापका लागि उनीहरूका हात काटिदिन्छन्, खुट्टा काटिदिन्छन्,कान काटिदिन्छन्,नाक काटिदिन्छन्, नाक र कान दुबै काटिदिन्छन् र उनीलाई बिलङ्गचालिक ··· ··· इत्यादि कठोर दण्ड दिइन्छ । जति व्यक्तिले जुन रातमा पाप गर्दछन्, त्यही रातमा त्यसको फल पनि भोग्छन्; कति व्यक्तिहरू जुन रातमा पाप गर्दछन्, उनीहरूलाई भोलिपल्टै फल पाउँछन्, कति व्यक्तिहरू जुन दिन पाप गर्छन् उनीहरू सोही दिन त्यसको फल पाउँछन्; कति व्यक्तिहरू आज पाप गरेर दुई-तीन दिनपछि त्यसको फल पाउँछन् । उनीहरूले सबै देख्दादेख्दै यसै जन्ममा आफ्ना अपराधका अनुसार फल पाउँछन् । भन्ते नागसेन ! तर के यस्ता पनि कोही छन्, जसले परिष्कारहरूसहित भिक्षुहरूलाई दान दिएर या दुई या तीन या चार या पाँच या दस या सय या हजार या लाख मानिसहरूले दृष्ट-धर्म सम्पत्ति (यसै जन्ममा पाएको सम्पत्ति) यश वा सुख प्राप्त गरेका छन् अथवा शील पालन गरेर या उपोसथ व्रत गरेर आफैंले दृष्ट-धर्म सम्पत्ति यश वा सुख प्राप्त गरेका छन् ?"

६. "हो महाराज ! यस्ता चार पुरुषहरू छन्, जो दान दिएर, शील पालन गरेर, उपोसथ व्रत र ाखेर, आफैंले दृष्ट-धर्म प्राप्त गरी यसै शरीरबाट देवलोकमा पनि प्रतिष्ठित भएका थिए ।" "भन्ते ! उनीहरू को-को हुन् ?" "महाराज ! (१) राजा मान्धाता (२) राजा निमि (३) राजा साधीन र (४) गुत्तिल गन्धर्व ।"

"भन्ते ! यी राजाहरू हामीभन्दा कैयौं हजार वर्षपूर्वका हुन् । न तपाईंले उनीहरूलाई देख्नुभयो न मैले नै । के भगवान्को समयको कुनै यस्तो कुरो भन्न सक्नुहुन्छ ?" "महाराज ! यस युगमा पनि (१) पुण्णक नामको दासले स्थविर सारिपुत्रलाई भोजन दिँदा सोही दिन उनी सेठ भए । उनी आज पनि पुण्णक सेठको नामले चिनिन्छन् । (२) रानी गोपालमाता आफ्नो शिरको केशलाई आठा कार्षापण (सिक्का) मा बेचेर महाकात्यायन स्थविर र उनका सात साथीहरूलाई पिण्डपात (भिक्षा) दिएर त्यस दिन चण्डप्रद्योत राजाकी पटरानी भइन् । (३) सुप्रिया नामकी उपासिका कुनै रोगी भिक्षुलाई आफ्नो फिलो (जाँघ) को मासु पथ्य (औषधी) का रूपमा दिएर दोस्रो दिन नै ठीक र स्वस्थ भएकी थिइन् अनि उनको घाउ भरिएको थियो । (४) मल्लिका देवीले भगवान्लाई बासी कुलमास जाउलो दिएर त्यसै दिन कोसल राजाको पटरानी भएकी थिइन् । (५) सुमन नामको मालीले आठ मुट्ठी सुमन फूलले नै भगवान्लाई पूजा गरेर सोही दिन महासम्पत्तिशाली भएका थिए । (६) एकसाटक नामको ब्राह्मणले भगवान्लाई आफूसँग भएको एकमात्र धोती चढाएर पूजा गरी त्यसै दिन राजाबाट सम्मान पाएका थिए । महाराज ! यी सबैले दृष्ट धर्मको भोग र यश यसै जन्ममा प्राप्त गरेका थिए ।"

"भन्ते नागसेन ! धेरै खोजी गरेर तपाईंले यी ६ व्यक्तिहरूलाई मात्र देखाउनुभयो ।" "हो महार ाज !" "भन्ते नागसेन ! यसबाट त यही कुरो थाहा हुन्छ कि पुण्यभन्दा पाप नै धेरै बलवान् हुन्छ, पापभन्दा पुण्य होइन । भन्ते नागसेन ! मैले त केवल एक दिनमै दस, तीस, चालीस, पचास, सय र हजारौं पुरुषहरू आफ्ना पापले गर्दा शूलीमा चढेको देखेको छु । भन्ते नागसेन ! नन्द वंशको सेनापतिको भद्रशाल नामको एउटा छोरो थियो । उसका साथ राजा चन्द्रगुप्तको बीच युद्ध भयो । भन्ते नागसेन ! त्यस युद्धमा दुवै सेनाहरूको तर्फबाट असी कबन्धक रूप थिए । एक सीसकबन्ध (टाउको काटिएको) झर्दाखेरी अर्को सीसकबन्ध खडा हुन्थ्यो । यी सबैले आफ्ना पापकर्मले गर्दा नै यस्तो घोर दुःख झेलिर हेका थिए । भन्ते नागसेन ! त्यसैले म भन्दछु कि पुण्यभन्दा पाप नै धेरै बलवान् छ, पापभन्दा पुण्य होइन ।"

"भन्ते नागसेन ! बुद्धशासनमा सुनिन्छ कि कोसल राजाले असदृश्य (अनुपम, उत्कृष्ट) दान दिएका थिएन ।" "हो महाराज ! सुनिन्छ ।" "भन्ते नागसेन ! के कोसल राजाले त्यो असदृश्य दान गरेपछि दृष्ट धर्म भोग, यश या सुख पाएका थिए ?" "थिएन महाराज !" "भन्ते नागसेन ! यदि कोसलर ाजले त्यो अनुत्तर (अलौकिक) दान गरेर पनि दृष्ट धर्म भोग, यश या सुख पाएका थिएनन् भने त्यसबाट यही थाहा हुन्छ कि पुण्यभन्दा पाप धेरै बलवान् हुन्छ, पापभन्दा पुण्य होइन ।"

"महाराज ! सानो (थोरै) हुनुको कारण पापले शीघ्र नै आफ्नो फल देखाउँछ । ठूलो हुनुका कारण पुण्यको फल ढिलो पाइन्छ । महाराज ! उपमा दिएर पनि यसलाई सम्झाउन सकिन्छ । महाराज ! जस्तै अपरान्त (पश्चिमी) देशमा कुमुदभण्डिका नामको धान छ, जो एक महिनामा नै धान फल्छ अनि काटेर घरमा भिœयाइन्छ । शाली धान ५/६ महिनामै पाक्छ । महाराज ! त्यसो भए यहाँ कुमुदभण्डिकमा र शाली धानमा फरक के छ ?" "भन्ते ! कुमुदभण्डिक सानो हुनु र शाली धान ठूलो हुनु । त्यसैले एउटा धेरै चाँडै तयार हुन्छ र अर्को ढिलो । भन्ते ! शाली चामललाई राजाले भोग गर्दछन्, त्यसलाई राजाले खान्छन् र कुमुदभण्डिका चामल दास-दासीले खान्छन् ।" "महाराज ! यसरी नै, सानो हुनुका कारण पापले चाँडै नै आफ्नो फल देखाउँछ; ठूलो हुनुका कारण पुण्यको फल ढिलो पाइन्छ ।" "भन्ते नागसेन ! ठीक छ, तैपनि जसको फल चाँडै पाइन्छ, त्यही संसारमा बढी बलियो ठानिन्छ । त्यसैले पुण्यभन्दा पाप

नै बढी बलियो ठहरियो । अतः पुण्यभन्दा पाप नै धेरै बलियो छ, पापभन्दा पुण्य होइन । भन्ते नागसेन ! जुन सिपाहीले महायुद्धमा पसेर शत्रुलाई काखीमा च्यापेर छिटै आफ्नो मालिकको सामु घिसार्दै ल्याउँछ, त्यसैलाई वीर र बहादुर भनिन्छ । जुन वैद्यले सफल चिरफार गरेर रोगीलाई निको पार्छ, त्यही वैद्य चतुर ठानिन्छ । जुन मुनिम (कारिन्दा) फुर्तिका साथ हिसाब गरेर खाता मिलाउँछ, उही योग्य ठानिन्छ । जुन पहलमानले आफ्नो प्रतिद्वन्द्वीलाई छिटै पल्टाएर उत्तानो पारिदिन्छ, उसैलाई शूरवीर ठानिन्छ, भन्ते नागसेन ! त्यसैले पाप वा पुण्य जो आफ्नो फल चाँडो देखाइदिन्छ, त्यही बढी बलवान् हो ।"

"महाराज ! दुवै कामहरूको फल आगामी जन्ममा पाइनेछ; तर पाप खराब हुनाका कारण त्यसले यहाँ पनि अशुभ परिणाम ल्याउँछ । महाराज ! प्राचीनकालका राजाहरूले यो नियम बनाएका थिए कि जसले हत्या गर्छ उसलाई दण्ड दिन योग्य छ, जसले चोरी गर्छ ···, जसले झूटो बोल्छ ···, जसले गाउँमा लुटपिट मचाउँछ ···, जसले बाटोमा लुटपिट गर्छ ···, जसले ठगी गर्छ ···, र जसले छल गर्छ उसलाई दण्ड दिइने छ, उसलाई फाँसी दिइने छ, उसका अङ्ग काटिने छ तथा उसलाई कोर ा लगाइनेछ । तदनुसार उनीहरूले जाँचबुझ गरेर दण्ड दिन्छन् । महाराज ! के यस्तो पनि नियम कसैले बनाएको छ कि जसले दान गर्छ, शील पालन गर्छ या उपोशथ व्रत पालन गर्छ, के उसलाई धन, यश, पुरस्कार दिएर सम्मान गरिन्छ ? के कसैले पुण्य गर्नेलाई पुरस्कार दिन्छ, चोरहरूलाई दण्ड दिएजस्तै ?" "दिइन्न भन्ते !" "महाराज ! यदि पुण्य गर्नेहरूलाई पुरस्कार दिने नियम बनाई दिएको भए पुण्य पनि (पापजस्तै) यसै जन्ममा फल दिने हुन्थ्यो । महाराज ! किनकि पुण्य गर्नेहरूलाई पुरस्कार दिने नियम छै न । त्यसैले पुण्य यो जन्ममा फलप्रद हुँदैन; महाराज ! यस कारणले पापले यसै जन्ममा फल दिन्छ (तर पुण्यले होइन) पुण्यले त अर्को जन्ममा अत्यन्त प्रभावशाली फल देखाउँछ ।"

"साधु भन्ते नागसेन ! तपाईंजस्ता बुद्धिमान् बाहेक अर्को कसैले पनि यस प्रश्नको यति स्पष्ट उत्तर दिन सक्दैन । भन्ते ! जुन प्रश्नलाई मैले लौकिक दृष्टिले सोधेको थिएँ, तपाईंले त्यसलाई लोकोत्तर विचारले सम्झाइदिनुभयो ।"

## ४. मरेकाको नाममा दिइने दान विषयमा प्रश्न

७. "भन्ते नागसेन ! कति मानिसहरू दान दिएर त्यसको पुण्य मरेका पूर्वजहरूलाई दिन्छन् । तिनीहरूले के त्यसको कुनै फल पाउँछन् ?" "महाराज ! कसैले पाउँछन् भने कसैले पाउँदैनन् । भन्ते ! कसले पाउँछ र कसले पाउँदैन ?" "महाराज ! जो निरय (नरक) वा स्वर्गमा पुगेको छ, पशु पक्षी आदि तल्लो चोलामा जसको जन्म भएको छ, वा प्रेत योनिमा आएका तीन प्रकारका पूर्वजहरूले पाउँदैनन् । (१) वन्तासिक (छाद खाने) (२) खुप्पिपासी (भोक र तिर्खाले सताएका) र (३) निज्झामतण्हिक (व्याकुल भएका) । तर जो परदत्तोपजीव प्रेत छन् उनीहरूलाई अवश्य प्राप्त हुन्छ । उनीहरूलाई पनि स्मरण गरेमा मात्र प्राप्त हुन्छ ।"

"भन्ते नागसेन ! त्यसो भए त, उनीहरूको दान निरर्थक हुन्छ, असफल हुने हुन्छ जसको कुनै फल नै छैन । जसको नाममा दान दिइन्छ उसले कुनै पुण्य नपाउनाले त्यो दान त व्यर्थै भयो ?" "होइन महाराज ! त्यो दानबिना कुनै फल नभएको वा व्यर्थ नभएको हुँदैन । दिने (दायक) आफैंले त्यसको फल भोग्छ ।" "भन्ते कृपया यसलाई कारण दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तै – कसैले

माछा, मासु, मद्य (रक्सी) भात वा अन्य भोजन तयार गरेर आफ्नो नाता पर्नेकहाँ लैजान्छ। यदि उसको नातादारले त्यो कोसेली स्वीकार गरेन भने, के त्यो सबै नष्ट हुन्छ ?" "हुँदैन भन्ते ! त्यो जसको थियो, उसैको हुन्छ ।" "महाराज ! यसरी दायकले नै त्यसको फल भोग्छ । अथवा महाराज ! जस्तै – कुनै मानिस कोठाभित्र पस्यो, जसमा निस्कनका लागि अर्को ढोका छैन भने ऊ कुन ढोकाबाट निस्कन्छ?"भन्ते त्यही ढोकाबाट,जुन ढोकाबाट ऊ छिरेको थियो। " "महाराज यसरी नै दायकले नै त्यसको फल भोग्छ ।" "भन्ते नागसेन, अस्तु, यही ठीक । म मान्दछु कि त्यसको फल दिनेलाई नै प्राप्त हुन्छ । यस कुरोलाई म फेरी काटदिन ।"

"भन्ते, यदि दिइएको दानको पुण्य पूर्वजहरु कहाँ पुग्छ भने र उनीहरुले त्यसको फल पाउँछन् भने यदि कुनै हत्यारा, खूनी, नीच विचारखाले मानिसहरुलाई मारेर घोर पाप गरी यो मेरो कर्मको विपाक पनि पूर्वजहरु कहाँ पुगोस भनेर अनुमोदन गरेमा के त्यसको फल उनीहरुले पाउँछन्?" "पाउदैनन् महाराज"

"भन्ते नागसेन यसको के कारण हो कि पुण्य कर्मको फल त पूर्वजहरु भए ठाँउ पुर्‍याउन सकिन्छ, तर पाप कर्म भने सकिन्न ?" "महाराज, यो प्रश्न सोध्न लायक होइन । महाराज यो सम्झेर कि केही न केही उत्तर पाइन्छ नै, भनेर तपाई शिर–पुच्छर नभएको प्रश्न कृपया नसोध्नुस्। यसपछि सायद तपाई यो कुरो सोध्नु होला । आकाश निरालम्व किन छ? गङ्गा किन उल्टो बग्दैन? मानिस र पंक्षीका खुटटा दुईवटा मात्र किन हुन्छ ? पशुहरुको किन चारवटा खुटटा हुन्छ ?" "भन्ते नागसेन म तपाईलाई जिस्कयाउनका लागि होईन बरु मेरो शङ्का निवारण गर्नका लागि सोधिरहेको छु, । संसारमा कतिपय व्यक्तिहरु बाङ्गा् र उल्टा विचारका हुन्छन । उनीहरुले आफूमा सुधार गरुन् भन्ने विचारले नै सोधैको हूँ।

"महाराज पापको फल त्यसलाई लाग्न सक्दैन, जसले न त पाप गरेको होस् न त्यसका लागि सम्मति दिएको होस्,। महाराज जस्तै धाराको पानी मानिसहरुले टाढा टाढा सम्म लैजान्छनु, के त्यसरी नै पुण्यकर्मको फल त पूर्वजहरुलाई दिन सकिन्छ, तर पापकर्मलाई होइन।"

"महाराज जस्तै – तेलबाट त दियोलाई बाल्न सकिन्छ, के पानीबाट पनि बाल्न सकिन्छ?"

"सकिन्न भन्ते।" "महाराज त्यसैले नै पुण्यकर्मको फल.....होईन। महाराज किसानहरुले पोखरीबाट पानी ल्याएर धानको खेतमा पठाउँछन । के समुद्रबाट ल्याएर पनि सिँचाइ गर्न सक्छन्?""सक्दैनन् भन्ते""महाराज त्यसरी नै, पुण्य कर्मको फल त पूर्वजहरुलाई दिन सकिन्छ, तर पाप कर्मलाई भने होईन।"

"भन्ते नागसेन तर कुरो यस्तो किन हुन्छ? कृपया कारण दिएर सम्झाउनुहोस्। म अन्धो र अबुझ छैन । पुष्ट प्रमाण सुनेपछि नै सम्झने छु।" महाराज पाप सानो छ, पुण्य महान छ । पाप सानो हुनुको कारण त्यसले कर्तालाई नै फल दिन सक्छ । पुण्य महान् भएकोले त्यसले देवटा र मानिसहरुका साथ लोकलाई ढाकिदिन्छ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

“महाराज जस्तै – पृथ्वीमा एक थोपा पानी झर्‍यो भने के त्यो दस बाह् योजनसम्म फैलिन सक्छ ?” “सक्दैन भन्ते” “एक थोपा पानी जहाँ झर्छ,त्यहि सुक्छ ।” “महाराज के कारणले त्यसो भएको हो। ?” “भन्ते पानीको थोपा एकदमै थोरै भएकोले।” “महाराज यसरी नै पाप धेरै अल्प छ । अल्प हुनुको कारण गर्नेलाई मात्र फल दिन सकिनछ,अरुका बीच बाँडन सकिन्न । महाराज, जस्तै कहिले मुसलधार पानी पर्दा के त्यो सबैतिर फैलिन्छ ?” “अवश्य, दस बाह् योजन सम्मका खाडल, खोला, नदी, इनार, ताल, पुष्करिणी (कमलको तलाउ) र कुवा सबै भरिन्छ ।” “महाराज यसो किन हुन्छ ?” “भन्ते, किनकि बादल महान् छ । ” “महाराज, यसरी पुण्य महान छ । महान् भएकोले देवटा र मनुष्यहरुको बीच त्यो बाँडन सकिन्छ ।”

“भन्ते नागसेन, के कारणले पाप छोटो (सानो) र पुण्य महान भएको हो?”“महाराज, जसले दान दिन्छ शील पालन गर्दछ, उपोसथ ब्रत बस्छ उही अत्यन्त आनन्दित, प्रसन्न र प्रफुल्लित हुन्छ । उसलाइ अधिकारिक प्रीति हुन्छ, उसको मन प्रीतिले भरिएर अरु पुण्य गर्न तर्फ ऊ उत्साहित हुन्छ।”

”महाराज, जस्तै धेरै पानी भएको एउटा कुवा होस् । त्यसमा एकातिरबाट पानी आउँछ र अको तिरबाट पानी बगेर निस्कन्छ भने पनि पानी घटदैन । महाराज, यसरी नै पुण्य अत्याधिक बदनै जान्छ, नाश हुँदैन । महाराज, यसरी नै पुण्यमा बृध्दि हुन्छ । जस्तो कि सय वर्षसम्म कसैले पुण्य बाँडिसहे तापनि त्यो अत्याधिक बढदै जान्छ। उसले ज–जसलाई चाहियो, उसलाई पुण्य दिन सक्छ। महाराज, यहि कारण हो कि ती दुईमध्ये पुण्य यति महान् छ । महाराज, पाप गरे पछि पछुतो हुन्छ। पछुतो भएपछि मन खस्कन्छ, पापतिर मन धरि धरि दौदन्छ । शान्ति मिल्दैन शोक गर्छ, अनुताप हुन्छ, नष्टभ्रष्ट हुन्छ र माथि उठ्न सक्दैन्, त्यही कायम सहन्छ । महारान, जस्तै कुनै सुकेको बालुवामा पानी पर्दा त्यो पानी त्यही सुकेर समाप्त हुन्छ । महाराज, यसरी नै, पाप गर्नेको चित्त खस्कन्छ, झर्छ......। महाराज, यही कारण हो जसले गर्दा पाप लधु हुन्छ।”

”साधु भन्ते, नागसेन, तपाईले सम्झाउनु भयो, म त्यसलाई मान्दछु।“

## ५. स्वप्न विषयमा प्रश्न

९. “भन्ते नागसेन ! यस लोकमा सबै स्त्री-पुरुषहरू स्वप्न देख्छन् – राम्रो पनि, नराम्रो पनि, पहिले देखेको पनि, नदेखेको पनि, पहिले गरेको पनि, नगरको पनि, शान्ति दिने पनि, अशान्ति दिने पनि, टाढाको पनि र नजिकको पनि । यसरी अनेक प्रकारले किसिमका सपना देख्छन् । यो सपना के चीज हो ?” “कसले यसो देख्न गर्दछ ?”

१०. “महाराज ! सपना चित्तका सामु आउने निमित्त मात्र हो । महाराज ! ६ प्रकारले सपना आउँछ – (१) वायुको प्रकोप भएपछि स्वप्न देखिन्छ, (२) पित्तको प्रकोप ..., (३) कफ बढ्नाले ..., (४) देवताहरूको प्रभावले ..., (५) बारम्बार कुनै कार्य गरिरहनाले ..., (६) भविष्यमा हुने कुराहरू पनि कहिलेकाहीँ सपनामा आउँछन् । महाराज ! यी छ मध्ये आखिरी समयमा हुने सपना नै सत्य हुन्छ बाँकी अन्य मिथ्या ।”

"भन्ते नागसेन ! भविष्यमा हुने कुराहरूबारे कसरी सपना देखिन्छ ? के उसको मन बाहिर गएर त्यसले भविष्यमा हुने घटनाहरूको सूचना लिएर आउँछ ? अथवा भविष्यमा हुने कुराहरू स्वयं उसको मनमा आउँछन् ? या कोही आएर उसलाई भन्छ ?" "महाराज ! न त उसको चित्त बाहिर गएर भविष्यमा हुने घटनाहरूको सूचना लिएर आउँछ, न कसैले आएर उसलाई भन्छ । भविष्यमा हुने कुराहरू स्वयं उसको मनमा आउँछ । महाराज ! जस्तो कि ऐनाले स्वयं बाहिरको बिम्ब खोजेर आफूमा ल्याउँदैन र न कसैले ऐनामा बिम्ब नै हाल्छ । तर बाहिरका चीजहरूको छाया स्वयं गएर ऐनामा प्रतिबिम्बित बन्छ । महाराज ! यसरी न त उसको मन बाहिर गएर भविष्यमा हुने घटनाहरूको सूचना ल्याउँछ न कोही आएर उसलाई भन्छ । तर कुराहरू स्वयं जतातताबाट आएर उसको मनमा प्रतिबिम्बित हुन्छ ।"

"भन्ते नागसेन ! जुन मनले सपना देख्छ, के त्यसले जान्दछ कि यसको फल कस्तो हुन्छ – सुखद वा भयप्रद ?" "महाराज ! त्यसले जान्दैन कि यसको फल कस्तो हुन्छ – सुखद या भयप्रद । कुनै यस्तै त्यस्तै सपना देखेर उसले अरूलाई भन्दछ, उनीहरूले त्यसको अर्थ लगाउँछन् ।"

"भन्ते नागसेन ! कृपया उदाहरण दिएर सम्झाउनुहोस् । महाराज ! जस्तै कुनै मानिसको शरीरमा कोठी, फोका वा खत उसको लाभ या हानि, यश या अपयश, प्रशंसा या निन्दा सुख या दुःखका लागि हुन्छ । महाराज ! त्यसो भए के त्यो खत, फोका वा कोठी जानेर निस्कन्छ कि म यस्तो फल झिक्ने छु ?" "होइन भन्ते ! तर ज्योतिषीहरूले या वैद्यले कोठी वा उठेको ठाउँकोअनुसार विचार गरेर भन्दछन् – यसको फल यस्तो हुनेछ । महाराज ! यसरी नै, जुन मनले सपना देख्छ उसले जान्दैन कि ।"

"भन्ते नागसेन ! जसले सपना देख्छ, उसले सुतेर देख्छ कि जागेर ?" "महाराज ! जसले सपना देख्छ उसले न सुतेर देख्छ न जागेर नै । तर गाढा निद्रा आउनुभन्दा पहिले भवङ्ग (अर्धचेतन अवस्था) मा सपना आउँछ । महाराज ! घोर निद्रा चित्त विस्मृत (भवङ्गत) हुन्छ । विस्मृत चित्तले काम गर्दैन र त्यसपछि सुख-दुःख केही थाहा हुँदैन । जब चित्तले कुनै कुरो पनि जान्दैन, उसलाई सपना पनि आउँदैन । चित्तले काम गर्नाले नै सपना आउँछ ।"

"महाराज ! जस्तै, घोर अन्धकारमा स्वच्छ ऐनामा पनि छाया पर्दैन, महाराज ! त्यसरी नै, गाढा निद्रामा चित्त विस्मृत भएपछि शरीर कायम रहनाले पनि चित्तले काम गर्दैन । यसरी चित्तले नै काम नगरेमा सपना पनि आउँदैन । महाराज ! जस्तो ऐना छ, त्यस्तै शरीरलाई सम्झनुपर्छ । जस्तो अँध्यारो छ, त्यस्तै गाढा निद्रालाई सम्झनुपर्छ; जस्तो प्रकाश छ, त्यस्तै मनलाई सम्झनुपर्छ ।"

"महाराज ! जस्तै, घना कुहिरो छाउनाले सूर्यको उज्यालोले कुनै काम गर्दैन, सूर्यका किरण रहेमा पनि दब्छ, सूर्यका किरण दब्नाले प्रकाश रहँदैन; महाराज ! यसरी गाढा निद्रामा चित्त विस्मृत हुन्छ, चित्त विस्मृत भएपछि त्यसले काम गर्दैन, चित्तले काम नगरेपछि सपना पनि आउँदैन । महाराज ! जस्तै, सूर्य छ, शरीरलाई त्यस्तै सम्झनुपर्छ; जस्तो कुहिरो छ गाढा निद्रालाई त्यस्तै सम्झनुपर्छ । जस्तो सूर्यको किरण छ त्यस्तै चित्तलाई सम्झनुपर्छ ।"

“महाराज ! दुई अवस्थामा शरीर कायम रहे पनि चित्त रोकिन्छ – (१) गाढा निद्रामा चित्तले काम नगर्नाले (भवङ्गत) शरीर कायम रहे पनि चित्त बन्द हुन्छ । (२) निरोध समापन्न (ध्यान) को अवस्थामा शरीर कायम रहे पनि चित्त बन्द हुन्छ । महाराज ! जागेको अवस्थामा चित्त चञ्चल, खुलेको, प्रकट भएको र स्वच्छन्द हुन्छ । यस अवस्थामा कुनै निमित्त आउँदैन । महाराज ! जस्तै, आफूलाई लुकाएर राख्ने इच्छा गर्ने पुरुष कुनै खुला स्थानमा सबैका सामु चुपचाप बस्छ, अन्य पुरुषहरूको दृष्टिबाट जोगिएर रहन चाहन्छ; महाराज ! त्यसरी नै, जागेको चित्तमा दिव्य अर्थ आउँदैन । त्यसैले जागेको पुरुषले सपना देख्दैन । महाराज ! जसरी मिथ्या जीविका, दुराचारी, पापी मित्र, शीलभ्रष्ट, कायर र उत्साहरहित भिक्षुका सामु ज्ञानी व्यक्तिको गुण आउँदैन, त्यसरी नै, जागेको व्यक्तिमा दिव्य अर्थ आउँदैन । त्यसैले जागेको पुरुषले सपना देख्दैन ।”

“भन्ते नागसेन ! के गाढा निद्राको आदि, मध्य र अन्त हुन्छ ?” “हो महाराज ! गाढा निद्राको पनि आदि, मध्य र अन्त हुन्छ ।” “त्यसको आदि के हो, मध्य के हो र अन्त के हो ?” “महाराज ! शरीर थाकेको र लखतरान भएजस्तो अनुभव हुनु, कमजोरीजस्तो अनुभव हुनु, शरीर मन्द र खुकुलो हुनु – त्यही यसको आदि हो । महाराज ! बाँदरको निद्राजस्तो जब ऊ आधा जाग्छ र आधा सुत्छ – यो त्यसको मध्य हो । महाराज ! आफूलाई एकदमै बिर्सन्छ, विस्मृत (भवङ्गत) हुन्छ – यो उसको अन्त हो । महाराज ! यसमा जुन मध्यको अवस्था छ, त्यसैमा सपना आउँछ ।”

“महाराज ! जस्तै, कसैले संयमशील, आफूलाई वशमा राख्ने शान्त चित्त, धर्मधीर तथा दृढविचारक, मानिसहरूले कोलाहलदेखि धेरै पर जङ्गलमा गएर गम्भीर सूक्ष्म कुराहरूको अनुसन्धान गरोस् । ऊ त्यहाँ नसुतोस्, त्यहाँ ऊ एक मनले त्यही गम्भीर समस्या समाधान गर्न लागिरहोस् । महाराज ! यसरी नै, सुत्ने र जाग्नेका बीचको अवस्थामा परेको बाँदरको निद्रा लिएको पुरुषले सपना देख्दछ । महाराज ! जस्तै, मानिसहरूको कोलाहलझैं जाग्रत अवस्था हो भने सम्झनुहोस् । जुन एकान्त जङ्गल छ, त्यस्तै बाँदरको निद्रालाई सम्झनुहोस् । जो कोलाहलबाट हटेर, निद्रालाई रोकेर, बीचको अवस्थामा रहेर गहिरो कुरालाई मनन गर्नु हो, बाँदरको निद्रा भएको अवस्थामा सपना आउँछ ।”

“साधु भन्ते नागसेन ! कुरा यस्तै हो म यसलाई स्वीकार गर्दछु ।”

## ६. अकाल मृत्यु विषयमा प्रश्न

११. “भन्ते नागसेन ! जति पनि सŒव जीवहरू मर्छन् ती सबै काल मृत्यु (जीवन पूरा हुनु) बाटै मर्छन् या कोही अकाल मृत्युले पनि ?” “महाराज ! कोही काल मृत्युले र कोही अकाल मृत्युले ।”

“भन्ते नागसेन ! को काल मृत्युले मर्छन् र को अकाल मृत्युले ?” “महाराज ! के तपाईंले देख्नुभएको छ कि आँप, जामुन या कुनै अर्को फलवृक्षबाट फल पाकेपछि झर्छ र पाक्नुभन्दा पहिले पनि झर्छ ?” “हो भन्ते ! देखेको छु ।” “महाराज ! वृक्षबाट जुन फलहरू झर्छन् ती सबै कालबाट झर्छन् कि अकालबाट पनि ?” “भन्ते ! जुन फल बढेर झर्छन् ती कालले झर्छन्, तर जुन कीराले खानाले, लट्ठीले झार्नाले, आँधी पानी वा भित्रभित्रै कुहेर झर्छन्, ती अकालले झर्छन् ।” “महाराज ! यसरी जो

पूर्णवृद्ध भएर मर्छन्, उनीहरू काल मृत्युले मर्छन् । जो आफ्नो कर्मको कारण, धेरै हिंड्ने डुल्ने गर्दा या कामको बढी भारले गर्दा मर्छन् उनीहरू अकाल मृत्युले भनी सम्झनुपर्छ ।"

"भन्ते नागसेन ! जो कर्मको कारण धेरै हिंड्ने, डुल्ने गर्दा र कामको अधिक भार हुनुको कारण या पूर्णवृद्ध हुनुको कारण मर्दछ भने सबैको नै काल मृत्यु नै भयो । जो आमाको कोखमा नै मर्छ उसको त्यही काल सम्झनुपर्छ, यसरी उसको पनि कालमृत्यु भयो । जो प्रसवगृहमा नै मर्छ उसको त्यही काल सम्झनुपर्छ – यसरी, उसको पनि कालमृत्यु भयो । जो एक महिनाको भएर नै मर्छ उसको त्यही काल सम्झनुपर्छ; यसरी उसको पनि कालमृत्यु भयो । जो सय वर्षको वृद्ध भएर मर्छ उसको त्यही काल सम्झनुपर्छ; यसरी उसको पनि काल मृत्यु भयो । भन्ते नागसेन ! यसरी त अकाल मृत्यु कहिल्यै हुन्न । जो कोही मर्छ ती सबै कालमृत्युले नै हुन्छ ?"

१२. "महाराज ! सात प्रकारका व्यक्ति आयु पूर्ण हुनुभन्दा पहिले नै मर्छन् ।" "कुनचाहिँ सात ?" "महाराज ! (१) भोको व्यक्ति, भोजन नपाउनाले आफ्नो पेटको आगोको तापबाट आयु पूर्ण हुनुभन्दा अगावै उसको अकाल मृत्यु हुन्छ । (२) तिर्खाएको व्यक्ति, पानी न पाउनाले हृदय सुक्नाले … । (३) सर्पले टोकेको व्यक्ति असल विषवैद्य नपाउनाले विष चढ्नाले … । (४) विष दिएको व्यक्तिका लागि उपयुक्त औषधी नपाउनाले अङ्गप्रत्यङ्ग डढेर … … । (५) आगोमा परेको व्यक्ति कसैले आगो ननिभाउनाले … … । (६) पानीमा डुबेको व्यक्ति, कुनै सहारा न पाएपछि सास फेर्न नसकी … … र (७) तीर लागेको व्यक्ति, असल वैद्य नपाउनाले सोही घाउबाट अकालमा उसको मृत्यु हुन्छ । महाराज ! यी सात प्रकारका व्यक्ति आयु पूर्ण हुनुभन्दा पहिले नै मर्छन् । यिनीहरूको अकाल मृत्यु हुन्छ । यी सबै लाई एउटै कोटीमा गणना गर्दछु ।"

"महाराज ! सŒव जीव आठ प्रकारले मर्छ । (१) वायु बढ्नाले, (२) पित्त बिग्रनाले, (३) कफ बढ्नाले, (४) माथिका तीनवटै सन्निपातले, (५) मौसम प्रतिकूल भएमा, (६) विषम आहार गर्नाले, (७) अन्य कुनै बाहिरी कारणले र (८) कर्म विपाकको कारणले । महाराज ! यी आठ कारणहरूबाट सŒव प्र ाणी मर्छ । महाराज ! जुन कर्मले गर्दा मृत्यु हुन्छ, त्यही नै समय आए पछि मृत्यु हुन्छ । यिनीहरू नै काल मृत्यु भएका हुन् बाँकी अरू सबै समय आउनुभन्दा अगावै अकाल मृत्यु भएका हुन् । भनिएको पनि छ :–

'जिघच्छाय पिपासाथ, अहिदट्ठो विसेन च ।

अग्गिउदकत्तीहि अकाले तत्थ मीयति ॥

वातपित्तेन सेम्हेन, सन्निपातेनुतूहि च ।

विसमोपक्कमकम्मेहि, अकाले तत्थ मीयती'ति ॥'

'भोकले, तिर्खाले सर्पले डस्नाले या अन्य विषले,

आगो पानी र तीरले अकालमा मृत्यु हुन्छ ।

वायु पित्त र कफको सन्निपात र ॠतुको कारण,

भोजनको गडबडी, बाहिरको कारण र कर्मफलले अकालमा मृत्यु हुन्छ ।'

"महाराज ! कति सŒवहरू आफ्नो पूर्वजन्ममा गरेको भिन्नभिन्न अकुशल कर्म विपाकले मर्छन् । महाराज ! जो यस जन्ममा अरूलाई भोको राखेर मार्छ, ऊ लाखौं वर्षसम्म बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा भोकले छटपटिएर तड्पेर पेटको आगोले भित्रभित्र कलेजो सुक्नाले जलेर मर्छ । यो उसको काल मृत्यु हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई तिर्खाएको अवस्थामा मार्छ ऊ लाखौं वर्षसम्म तिर्खाले व्याकुल प्रेत भएर दुब्लो, पातलो र तिर्खाएर बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा तिर्खाले नै काल मृत्यु हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई विष दिएर मार्छ, उनी लाखौं वर्ष सम्म बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा यस्तै विषले मर्छ, जसले गर्दा उसको अङ्ग-प्रत्यङ्ग जल्न थाल्छ, शरीर टुक्रिएर झर्न थाल्छ र लासको जस्तो दुर्गन्ध आउँछ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"

"महाराज ! जो यस जन्ममा अरूलाई आगोमा जलाएर मार्छ; ऊ लाखौं वर्षसम्म एउटा आगोको पहाडको अर्को पहाडमा र एक यमलोकदेखि अर्को यमलोममा पुगेपछि आगोले शरीर जलेर भुनिए पछि बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा मर्छ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"

"महाराज ! जसले यो जन्ममा अरूलाई पानीमा डुबाएर मार्छ, ऊ लाखौं वर्षसम्म दुब्लो पातलो, रोगी, कमजोर भई चिन्तामा परेर बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा पानीमा डुबेर मर्छ । महाराज ! यो उसको कालम मृत्यु नै हो ।"

"महाराज ! जसले यी जन्ममा अरूलाई शस्त्रले मार्छ, ऊ लाखौं वर्षसम्म काटिएर चुटिएर, मारिएर भाला या तीरले घोचिएर बाल अवस्था, युवा अवस्था वा वृद्ध अवस्थामा शस्त्रद्वारा नै मर्छ । महाराज ! यो उसको काल मृत्यु नै हो ।"

"भन्ते ! तपाईं जो भन्नुहुन्छ कि अकाल मृत्यु हुन्छ, सोबारे कृपया कारण दिएर सम्झाउनुहोस् ।" "महाराज ! जस्तै – घाँस, पात, झाडी, काठ इत्यादिका साथ बल्दै गरेको आगोको विशाल मुस्लोले त्यसलाई सल्काएर समाप्त गरेपछि नै निभ्छ । मानिसहरू भन्छन् कि त्यो आगो कुनै विघ्न बाधाबेगर आफ्नो पूरा समयसम्म बलेपछि निभ्यो । महाराज ! यसरी नै, जो हजारौं दिनसम्म जीवित रहेर, वृद्ध भएर, आयु समाप्त भएपछि विना कुनै बाधा या आकस्मिक दुर्घटनाले मर्छ, उसको मृत्यु समय पाएर भएको भनिन्छ ।"

"महाराज ! जस्तै – घाँस, पात, झाडी काठ इत्यादिका साथै बलिरहेको कुनै विशाल आगोको मुस्लो होस् । त्यो बलेर समाप्त हुनुभन्दा पहिल्यै खूब पानी पर्न थालोस् जसले गर्दा आगो निभास् ।

https://dhamma.digital

महाराज ! त्यसो भए के त्यो आगो आफ्नो समय पाएर नै निभ्यो ?" "होइन भन्ते !" "महाराज ! त्यसो किन ? पहिलेको आगो पछिल्लो आगोको बराबर हो भनेर किन भनिन्न ?" "भन्ते ! बीचमा नै पानी पर्नाले त्यो आगो समय नपाएर निभ्यो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु बढ्नाले, या पित्त बिग्रनाले या कफ बढ्नाले या सन्निपात हुनाले या ऋतु बिग्रनाले या भोजन गडबड भएको हुनाले या आगोमा परेर, या पानीमा डुब्नाले, या तीर भाला लाग्नाले अकालमा नै मर्छ; महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! यदि कतै घना बादल उठेर जमिन र खाडल भर्दै घनघोर वर्षा भयो भने मानिसहरू भन्दछन् कि त्यो कुनै विघ्न बाधा बेगर एकदमै पानी पर्‍यो, महाराज ! यसरी जो पूर्ण वृद्ध भएर आयु समाप्त भएपछि कुनै बाधा या आकस्मिक दुर्घटना नभएर मर्छ, समय पाएर उसको मृत्यु भयो भनेर भनिन्छ ।"

"महाराज ! जस्तै – आकाशमा उठेको घना बादल प्रचण्ड बतास चल्नाले झट्का खाएर छरिन्छ । त्यसो भएमा के यसो भनिन्छ कि समय पाएर बादल नष्ट भयो ?" "होइन भन्ते !" "महाराज ! पहिलो बादल पछिल्लो बादलको बराबर नभएको किन ठानिन्न ?" "भन्ते ! अकस्मात् बतास चल्नाले त्यो बादल समय पाउनुभन्दा अगावै हटेर गयो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, ऊ या त एकाएक वायु या पित्त बिग्रनाले या कफ बढ्नाले या सन्निपात हुनाले, या ऋतु विपर्याय (मौसमको गडबडी) ले या भोजनमा कुनै कैफियत भएको हुनाले, या कुनै दुर्घटनाले, या भोक, या तिर्खा या सर्पको डसनाले, या विषले, या आगोमा पर्नाले, या पानीमा डुब्नाले या तीर-भाला लाग्नाले अकालमा नै मर्छ । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै – कुनै रिसाहा विषालु सर्पले कुनै मानिसलाई टोक्यो । त्यो विष कुनै बाधाबेगर फैलियो र ऊ मर्‍यो भने मानिसहरू भन्छन् कि 'विषले विना कुनै विघ्न बाधाबेगर आफ्नो काम गर्‍यो ।' महाराज ! यसरी जो पूर्ण वृद्ध भएर र आयु समाप्त भएपछि विना कुनै बाधा या आकस्मिक दुर्घटनाबाट मर्छ भने उसको मृत्यु समय पाएर भयो भनेर भनिन्छ ।"

"महाराज ! जस्तै, कुनै रिसाहा विषालु सर्पले कुनै मानिसलाई टोक्यो, तर कुनै सपेरो (विषवैद्य) आएर उसले विषलाई झार्‍यो । महाराज ! त्यसो भए के तपाईं भन्नुहुन्छ कि आफ्नो काम गरेर नै विष हट्यो ?" "होइन भन्ते !" "महाराज ! यो पछिल्लो पहिलो विषको बराबरी किन भएन ?" "भन्ते ! यो विष त चढ्नु भन्दा अगावै विष झार्ने मानिसद्वारा झारियो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको यो त एकाएक वायु या पित्त बिग्रनाले ...। महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै कुनै धनुर्धरले तीर चलायो । यदि त्यो तीर ठीक निसानामा लाग्यो भने मानिसहरू भन्नेछन् कि त्यो विना कुनै बाधा ठीक आफ्नो लक्ष्यसम्म पुग्यो । महाराज ! यसरी जो पूर्ण वृद्ध भएर र आयु समाप्त भएपछि विना कुनै बाधा या आकस्मिक दुर्घटनाले मर्छ भने उसको मृत्यु समय पाएर भयो भनेर भनिन्छ ।"

"महाराज ! जस्तै कुनै धनुर्धरले तीर चलायो, बीचमै अर्को धनुर्धरले त्यो तीर काटेर झार्‍यो भने के तपाईं भन्नुहुन्छ कि त्यो तीर विना कुनै रोकावट या बाधाले ठीक आफ्नो लक्ष्यसम्म पुग्यो ?" "होइन

भन्ते !" "महाराज ! पछिल्लो तीर पहिलेको बराबर किन सम्झिइएन ?" "भन्ते ! त्यसलाई त कसैले बीचमै झारिदियो ।" "महाराजा ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु या पित्त बिग्रेर ··· । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै, कसैले थाल ठटायो । त्यसको आवाज धेरै बेरसम्म आइरहोस् भने मानिसहरूले भन्नेछन् कि त्यसको आवाज विना कुनै बाधा धेरै बेरसम्म बज्यो । महाराज ! यसरी, जो पूर्णवृद्ध ··· ··· समय पाएर नै भएको भनेर भनिन्छ ।"

"महाराज ! जस्तै, कसैले थाल ठटायो । आवाज निस्कनेबित्तिकै कोही आएर त्यस थाललाई समातोस्, जसले गर्दा त्यो तुरुन्त बन्द होस्, भने के तपाईं भन्नुहुन्छ कि त्यसको आवाज विना कुनै विघ्न बाधा धेरै बेरसम्म बज्यो ?" "होइन भन्ते !" "महाराज ! पछिल्लो आवाज पहिलेको आवाज बराबर छ भनेर किन भनिन्न ?" "भन्ते ! बीचमा कसैले आएर समात्नाले आवाज बन्द भयो । महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको या त एकाएक वायु या पित्त बिग्रनाले ··· । महाराज ! यसरी अकाल मृत्यु हुन्छ ।"

"महाराज ! जस्तै, खेतमा राम्ररी जमेको धान समयमा पानी पर्नाले फैलिएर बाली सप्रियो र काट्ने समयमा पूर्णरूपले तयार भयो । त्यस बेला मानिसहरू भन्छन् कि यो बाली विना कुनै विघ्न बाधा सप्रियो । महाराज ! यसरी जो पूर्ण वृद्ध ··· ··· ।"

"महाराज ! यदि खेतमा राम्ररी जमेको धान पानी बेगर सुकेर मऱ्यो भने के तपाईं भन्नुहुन्छ कि बाली राम्रो भयो ?" "होइन भन्ते !" "महाराज ! त्यसो किन ? पछिल्लो बाली पहिलेको बाली बराबर भयो भनेर किन भनिन्न ?" "भन्ते ! त्यो त बीचमा नै गर्मीले सुकेर मऱ्यो ।" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ उसको एकाएक वायु या पित्त बिग्रनाले ··· अकालमा नै मर्छ ।"

"महाराज ! के तपाईंले सुन्नुभएको छ कि हरियो धानमा कीरा लाग्नाले सर्वथा नष्ट भएको ?" "हो भन्ते ! सुनेको पनि छु र देखेको पनि छु ।" "महाराज ! त्यसो भए धान कालमा नष्ट भयो या अकालमा ?" "भन्ते ! अकालमा नष्ट भयो । यदि त्यसमा कीरा नलागेको भए काट्ने समयसम्म राम्ररी तैयार हुने थियो ।" "महाराज ! यसबाट त यही निष्कर्ष निस्कन्छ कि कुनै बाधा आएन भने खेती राम्रो हुन्छ र बीचमा कुनै दुर्घटना भएमा त्यो नष्ट हुन्छ ।" "हो भन्ते !" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको एकाएक वायु या पित्त बिग्रनाले ··· अकालमा नै मर्छ ।"

"महाराज ! के तपाईंले सुन्नुभएको छ कि खेती तैयार भएपछि असिनाले त्यसलाई नष्ट गरिदियो ।" "हो भन्ते ! सुनेको पनि छु र देखेको पनि छु ।" "महाराज ! त्यसो भए धान कालमा या अकालमा नष्ट भयो ?" "भन्ते ! अकालमा नष्ट भयो । यदि असिनाको वर्षा नभएको भए काट्ने समयसम्म खेती राम्ररी तयार हुन्थ्यो ।" "महाराज ! यसबाट त यही निष्कर्ष निस्कन्छ कि विना कुनै दुर्घटना त्यो नष्ट हुन्छ ।" "हो भन्ते !" "महाराज ! यसरी जसको अकाल मृत्यु हुन्छ, उसको एकाएक वायु या पित्त बिग्रनाले ··· अकालमा नै मर्छ । यदि यी कुराहरू बीचमा भएनन् भने, समय पाएर मृत्यु हुन्छ ।"

"भन्ते नागसेन ! आश्चर्य छ ! अद्भुत छ !! तपाईंले कारणहरू राम्ररी देखाउनुभयो । अकाल मृत्यु हुन्छ – यसलाई सिद्ध गर्नका लागि कति उपमाहरू दिएर अकाल मृत्यु हुन्छ त्यसलाई मृत्यु हुन्छ त्यसलाई स्पष्ट गर्नुभयो, प्रकट गर्नुभयो र दृढ गरिदिनुभयो । भन्ते नागसेन ! कुनै अबुझ या अज्ञानी पनि तपाईंको एक मात्र उपमाले मान्दछ कि अकाल मृत्यु । बुद्धिमानहरूको त कुरो नै के । तपाईंको पहिलो उपमा सुनेर मैले बुझिसकेको थिएँ कि अकाल मृत्यु हुन्छ, तैपनि तपाईंका अन्य कुराहरू सुन्न म उत्सुक थिएँ । त्यसैले अडिन ।"

## ७. चैत्य-प्रातिहार्य (अलौकिकता) विषयमा प्रश्न

१३. "भन्ते नागसेन ! सबै परिनिर्वाण पाएका अरहन्तहरूको चैत्यमा नै प्रातिहार्य (अलौकिक) कुराहरू हुन्छन् वा केही चैत्यमा मात्र ?"

१४. "महाराज ! कसैको चैत्यमा हुन्छ भने कसैको चैत्यमा हुँदैन ।" "भन्ते ! कसको चैत्यमा हुन्छ र कसको चैत्यमा हुँदैन ?" "महाराज ! तीनमध्ये कुनै एकको अधिष्ठान गर्नाले निर्वाण पाएका सन्तको चैत्यमा अलौकिक कुरा हुन्छ ।" "कुन तीनमध्ये एउटाले अधिष्ठान गर्नाले ?" "महाराज ! कुनै अर्हत् आफू जीवित भएको अवस्थामा देव र मनुष्यहरूप्रति अनुकम्पा गरेर यसो अधिष्ठान गरे – 'मेरो यस चैत्यमा प्रातिहार्य (अलौकिक) कुरा होस् ।' यस्तो अधिष्ठान गर्नाले उनको चैत्यमा प्रातिहार्य हुन्छ । यसरी अर्हत्ले अधिष्ठान गर्नाले परिनिर्वाण पाएका अरहन्तहरूको चैत्यमा अलौकिक कुरा हुन्छ ।"

"महाराज ! देवताहरूले मानिसहरूप्रति अनुकम्पा गरेर निर्वाण पाएका अरहन्तको चैत्यमा प्रातिहार्य देखाइदिन्छन्, जसबाट कि त्यस्ता चमत्कारहरू देखे पछि मानिसहरू धर्मको प्रति श्रद्धा कायम र होस् र यसरी मानिसहरूश्रद्धालु भएर अधिकाधिक पुण्य गरून् । त्यसैले देवताहरूको अधिष्ठाबाट निर्वाण प्राप्त भएका अरहन्तहरूको चैत्यमा प्रातिहार्य (अलौकिक कुराहरू) हुन्छन् ।" (२)

"महाराज ! कुनै श्रद्धालु, प्रसन्न भएर, जो पण्डित, विद्वान र बुद्धिमान् स्त्री वा पुरुषको सत्य भावले गन्ध, माला वस्त्र या कुनै अर्को वस्तु चढाएर 'यस्तो होस्' भनेर अधिष्ठान् गर्नाले ठीक त्यस्तै भइदिन्छ, यसरी मानिसहरूद्वारा अधिष्ठान गर्नाले पनि निर्वाण पाएका अरहन्तको चैत्यमा प्रातिहार्य हुन्छन् ।" (३)

"महाराज ! यिनै तीनमध्ये कुनै एउटाको अधिष्ठान गरेमा पनि निर्वाणप्राप्त अरहन्तको चैत्यमा प्रातिहार्य हुन्छ ।"

"महाराज ! यदि उनीहरूले अधिष्ठान गरेनन् भने क्षीणस्रव भएका छ अभिज्ञाहरू पाएका तथा चित्तलाई पूर्णतः वशमा पार्ने अरहन्तको चैत्यमा पनि प्रातिहार्य नहुने हुन्छ । महाराज ! यदि कुनै प्रातिहार्य नभए तापनि उनको पवित्र जीवनलाई दृष्टिगत गरी त्यस चैत्यनिर जानुपर्छ अनि यो कुरो गौरवका साथ मनमा ल्याउनुपर्छ कि यो निर्वाण प्राप्त बुध्दपुत्र हुन् ।"

"साधु भन्ते नागसेन, यस्तै कुरो हो । म यसलाई स्वीकार गर्दछु ।"

## ८. धर्माभिसमयबारे विषयमा प्रश्न

१५. "भन्ते नागसेन, सत्य मार्गमा हिद्ने सबैलाई धर्माधिसमय साक्षात्कार (मार्गफल प्राप्त) कसैलाई हुन्छ या कसैलाई पनि हुँदैन ?" "महाराज, कसैलाई हुन्छ भने कसलाई हुँदैन ?"

१६. "महाराज, (१) पशु आदि तल्लो योनिमा उत्पन्न भएकाहरु सम्यक बाटोमा हिड्दा पनि मार्गफल प्राप्त हुँदैन । (२) प्रेत योनिमा उत्पन्न भएकाहरु......। (३) मिथ्यादृष्टि भएको(झूठ) सिध्दान्तलाई मान्नें.....। (४) कूहक(ढोगीं) उल्टो साझो अरुलाई ठग्ने....। (५) आमाको हत्यारा....।

(६) बाबुको हत्यारा....। (७) अर्हतको हत्यारा....। (८) सङ्घ भेद गर्ने व्यक्ति....। (९) बुध्दको शरीरबाट र गत बगाउने....। (१०) चोरीले सङ्घमा प्रविष्ट गर्ने...। (११) तीर्थकरहरु (झूठ मतका आर्चायहरु) का कुरमा पर्ने । (१२) भिक्षूणीका साथ व्यभिचार गर्ने । (१३) तेह् प्रकारका ठूला पाप मध्ये जुनसुकै पाप गरेर त्यसको प्रायश्चित्त नगनै....। (१४) नपुंसक । (१५) उभतोव्यञ्जक (स्त्री र पुरुष दुवै लिङ्ग भएकाहरु)....। (१६) सात वर्ष भन्दा कम उमेरका बच्चालाई पनि ज्ञानको साक्षात्कार हुन सक्दैन । महाराज, यी सोह् प्रकारका मानिसहरु सत्मार्गमा हिंडे पनि उनीहरुलाई ज्ञानको साक्षात्कार हुँदैन् ।"

"भन्ते नागसेन, माथि भनिएका पन्ध्र मानिसहरुलाई ज्ञानको साक्षात्कार होस् वा नहोस् (त्यसबारे म चर्चा गर्दिन्), तर यसको के कारण हो कि सात वर्ष भन्दामुनिको बच्चालाई ज्ञानको

साक्षात्कार हुन सक्दैन ? यहाँ शङ्का उत्पन्न हुन्छ । बच्चालाई त राग, ध्देष, मोह, मान, मिथ्यादुष्टि, असन्तोष र कामवितर्क हुँदैन – यो लोकसम्मत कुरा होईन ? बच्चा त पापरहित हुन्छ । उसले त एकै पल्टमा चार आर्यसत्यका भित्री कुराहरु पूर्णरुपले बुझ्न सक्दछ । "

"महाराज, त्यसैले म भन्दछु कि सात वर्षभन्दा मुनिको बच्चाले मार्गफल प्राप्त गर्न सक्दैन् । महाराज, यदि सातबर्ष भन्दा मुनिको बच्चालाई राग गर्ने विषयमा राग हुँदो हो, द्वेष हुँदोहो, मोह गने बिषयमा मोहित हुँदोहो मद उत्पन्न गर्ने बिषयमा मदहोस हुँदोहो, मिथ्यादुष्टिक सिद्धान्तमा लाग्ने भए, सन्तोष र असन्तोष हुने भए । कूशल पूण्य र अकूशल पाप बारे विचार भएको भए उसलाई मार्गफल प्राप्त हुनसक्नै थियो । महाराज, तर सात वर्ष भन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुन्छ । अनि असंस्कृत निर्वाण जसलाई शब्दहरुमा प्रकट गर्नै सकिन्न, गम्भीर र महान् छन् । महाराज, अनि त्यो अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने चित्त भएको सात वर्षभन्दा मुनिको बच्चाले असंस्कृत निवार्ण धातुलाई साक्षात्कार गर्न सक्दैन जो गम्भीर, महान् र बिपुल छ ।

"महाराज, जस्तै – सुमेरु पर्बत, ठूलो, भारी र बिपूल(विशाल) छ र महान् छ । महाराज, त्यसो भए के त्यस सुमेरु पर्बतलाई कसैले पनि आफनो प्राकृतिक शक्तिले उखेलिदिन सक्छ ?" "सक्दैन भन्ते ।" "किन ?" "भन्ते, किनकि त्यो मानिसमा साह्रै कम शक्ति छ र सुमेरु पहाड विपुल र महान

https://dhamma.digital

छ । महाराज, यसरी सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल,दुर्वल, अल्प, मन्द र नबुझ्ने हुन्छ । असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ । महाराज, त्यसो हुँदा अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने भएको सात वर्षभन्दा मुनिको बच्चा सत्मार्गमा लागेता पनि उसले मार्गफल प्राप्त गर्न सक्दैन, जो भार ी छ, विपुल छ ।

"महाराज, जस्तै यो महापृथ्वी लामो, चाक्लो विस्तृत, विशाल विपुल र महान छ । महाराज, के यस महापृथ्वीको पानीको एउटा सानो थोपाले सिञ्चित भएर हिलो बनाउन सकिन्छ ?" "महाराज, यसरी सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुन्छ । असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ विपुल हुन्छ ।"

"महाराज, जस्तै कतै पिलपिल गरिरहेको आगो होस् । त के त्यो पिलपिल गरिरहेको सानो आगोबाट देवटाहरु र मानिसहरुसहित यो सारा लोकलाई प्रकाशित गर्न सकिन्छ ?" "सकिन्न भन्ते,"

"किन ?" "भन्ते, किनकि आगो अल्प र लोक विपूल भएकोले ।" "महाराज, यसरी सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्बल, अल्प, मन्द र नबुझ्ने हुनछ असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ विपूल हुन्छ । महाराज, त्यसैले सात वर्षभन्दा मुनिका् बच्चा सत्मागमा लागे पनि उसले मार्गफल प्राप्त गर्न सक्देन, जो भारी छ, महान् छ, विपूल छ । महाराज, जस्तै सालक जातिको एउटा पातलो र निकै सानो रोगी किरा छ । के त्यो कीराले आफनो दुलोको नजीक, तीन ठाउँहरुमा मद चुहिरहेको, नौ हात लामो तीन हात चाक्लो दस हात मोटो आठ हात उचो कुनै हस्तिराजलाई आउन लागेको देखेर पछि त्यसलाई निल्न भनेर बाहिर आउला ?" "आउँदैन भन्ते," "किन ?" "भन्ते, किनकि सालक कीर ा सानो जीव हो र हस्तिराज महान् ।" "महाराज, यसरी नै सात वर्षभन्दा मुनिको बच्चाको चित्त अवल, दुर्वल, अल्प, मन्द र नबुझ्ने हुन्छ, असंस्कृत निर्वाण धातु भारी र महान् हुन्छ, विपूल हुन्छ । महाराज, त्यसैले सात वर्षभन्दा मुनिको बच्चा सत्मार्गमा लागे पनि उसले मार्गफल प्राप्त गर्न सक्दैन्, जो भारी छ, महान् छ, विपूल छ ।

"साधु भन्ते नागसेन, मैले यो कुरो बुझें ।"

Dhamma.Digital

## ९. एकान्तसुखमय निर्वाण विषयमा प्रश्न

१७. "भन्ते नागसेन ! के निर्वाणमा सुख नै छ वा केही दुःख पनि हुन्छ ?" "महाराज ! निर्वाणमा सुखैसुख छ दुःख लेश मात्र रहँदैन ।" "भन्ते नागसेन ! निर्वाणमा सुखैसुख छ भन्ने कुरो म मान्न सक्दिन र दुःख कत्ति हुँदैन । निर्वाणमा पनि अवश्य केही न केही दुःख लागिरहन्छ–यसका लागि मसँग एउटा युक्ति छ । कुनचाहिँ युक्ति ?" "भन्ते नागसेन ! जसले निर्वाणको खोजी गर्दछ, ऊ शरीर र मन दुवैले तप गरेको देखिन्छ । ऊ उठेर चक्रमण गर्छ या आसन लगाएर बस्छ, इन्द्रियलाई दबाउँछ, र आफ्नो धन, धान्य, प्रिय, आफन्त, मित्रहरूसँग नाता सम्बन्ध हटाउँछ । तर जो लोकमा सुख उठाउने र ऐशआराम गर्ने मानिसहरू छन्, उनीहरू पञ्च काम गुणमा नै मस्त भइरहन्छन्, मनले चाहेको अनेक प्रकारले आँखाले सोन्दर्य रूप हेरी मस्त भइरहन्छन्, गीत र बाजा कानमा सुनाएर त्यसको स्वाद

लिन्छन्, अनेक प्रकारका मनपरेको फूल, फल, पात, छाला, जरा या अनेक प्रकारको सुगन्धलाई सुँघेर प्रसन्न हुन्छन्, अनेक प्रकारको असलभन्दा मनले चाहेको खाने, पिउने र स्वादले जिब्रोमा रस लिन्छन्, अनेक प्रकारका मन परेका, चिप्ला मसिना, कमलो र मृदु वस्तुहरूको स्पर्शको सुख लिन्छन्, अनेक प्रकारका मनपरेका असल, खराब या पाप पुण्यको विचारले मनमनै प्रसन्न रहन्छन्, यसको विपरीत, तपाईंहरू आँखा, कान, नाक, जिब्रो, शरीर र मनका इच्छाहरूलाई दमन गरेर बस्नुहुन्छ, हात कँपाउनुहुन्छ, जरा समेत उखेली दिनुहुन्छ, रोकेर बस्नुहुन्छ र बन्द गरी दिनाले शरीरलाई पनि कष्ट हुन्छ र मनलाई पनि । शारीरिक दुःख पनि हुन्छ र मानसिक पनि । मागन्दिय परिव्राजकले भगवान्को निन्दा गर्दै श्रमण गौतमलाई भूनहु भनेर भनेका थिए । यही युक्ति हो, जसको बलमा म भन्दछु कि निर्वाणमा पनि दुःख मिसिएको छ ।”

१८. “होइन महाराज ! निर्वाणको दुःखको लेस मात्र पनि छैन, सुखैसुख छ । महाराज ! तपाईं जो भन्दै हुनुहुन्छ कि निर्वाणमा दुःख छ, त्यो दुःख यथार्थतः निर्वाणमा छैन । त्यो त निर्वाण साक्षात्कार गर्नुभन्दा पहिलेको कुरो हो । यो त निर्वाणको खोजी गर्दाको अवस्था हो । महाराज ! साँच्चै निर्वाणमा सुखैसुख छ, निर्वाणमा दुःखको लेसमात्र पनि छैन । यसको कारण भन्दछ – महाराज ! राजालाई ‘राज्यसुख’ नामको कुनै चीज हुन्छ ?” “हुन्छ भन्ते ! राजाहरूलाई ‘राज्यसुख’ हुन्छ ।” “महाराज ! राजाहरूको त्यो ‘राज्यसुख’ मा दुःख पनि मिसिएको हुन्छ ?” “हुँदैन भन्ते !” “महाराज ! जब कहिले सीमान्तका मानिसहरूले विद्रोह गर्दा उनीहरूलाई दबाउनका लागि राजाले आफ्नो दरबार छोडेर अधिकारी, मन्त्री, सेना र सिपाही आदिका साथ माखो, लामखुट्टे, हावा र गर्मीको दुःख झेल्दै अग्लो र होचो जमिनमा आक्रमण गर्दै ठूलो लडाईं छेड्छ, यहाँसम्म कि आफ्नो ज्यानलाई सङ्कटमा पार्दछ । त्यसो किन गरेको हो ?” “भन्ते नागसेन ! यो राज्यसुख होइन, यो त राज्यसुख पाउनुभन्दा पहिलोको प्रयास हो ।” “भन्ते नागसेन ! ठूलो कठिनाइपछि राजाले राज्य पाउँछ र त्यसको सुखलाई भोग गर्दछ ।” “भन्ते नागसेन ! यसरी, राज्यसुखमा दुःख छैन । राज्यसुख भनेको अर्कै सुख हो र दुःख भनेको अर्कै ।” “महाराज ! त्यस्तै, निर्वाण सुख नै सुख हो । निर्वाणमा दुःखको लेस मात्र पनि छैन । जसले त्यस निर्वाणको खोजी गर्दछ, उनीहरूले शरीर र मनले तप गर्नु नै पर्दछ । उनीहरूले उभिएर चक्रमण गर्नु, आसन लगाएर बस्नु, राख्नु, निद्रा नलगाई बस्नु, इन्द्रियहरूमा निग्रह राख्नु, आफ्नो शरीरलाई त्याग गरी यतिका दुःख सहेर निर्वाण प्राप्त गरी सुखैसुख प्राप्त गर्छन् । जस्तै – शत्रुहरूलाई दमन गरेपछि नै राजाले राज्यसुख पाउँछ, त्यसरी नै, निर्वाणमा सुखैसुख छ, दुःखको लेस मात्र पनि छैन । निर्वाण अर्कै हो र दुःख अर्कै ।”

“महाराज ! एउटा अर्को कारण सुन्नुहोस् – निर्वाण-सुखमा सुखैसुख छ, त्यसमा दुःखको लेस मात्र पनि छैन, दुःख अर्को चीज हो भने निर्वाण अर्कै । महाराज ! आचार्यकहाँ शिल्प सिक्नेलाई शिल्प सुख भनेको हुन्छ ?” “हुन्छ भन्ते ! शिल्पसुख भनिएको हुन्छ ।” “महाराज ! के त्यो शिल्पसुखमा दुःख हुन्छ ?” “हुन्न भन्ते !” “महाराज ! त्यसो भए किन आफ्नो गुरुको सेवामा यति कष्ट गर्नुपर्ने, गुरुलाई किन अभिवादन गर्नु पर्ने, किन उठेर स्वागत गर्नुपर्ने, पढ्नुपर्ने, पानी ल्याउनुपर्ने, बढार्नुपर्ने, दतिवन ल्याउनु पर्ने, मुख धुन पानी ल्याउनु इत्यादि सेवा किन गरिन्छ ? किन गुरुको जुठो खानुपर्ने ? किन उहाँलाई मालिस गर्नुपर्ने, किन उहाँलाई नुहाइदिनुपर्ने र गोडा सफा गर्नुपर्ने ? आफ्नो इच्छालाई छाडेर अरूको इच्छाले किन सबै काम गर्नुपर्ने ? कडा ओछ्यानमा किन सुत्नुपर्ने ? रूखासुक्खा खाएर आफ्नो शरीरलाई दुःख दिनुपर्ने ?” “भन्ते नागसेन ! शिल्पसुख यो होइन शिल्प (कला)

सिक्नका लागि पहिले यसो गरिन्छ । भन्ते ! ठूलो दुःख सहेर शिल्पकला सिकेर शिल्पसुख प्राप्त गरिन्छ, शिल्प सुखमा दुःख छैन, शिल्पसुख अर्कै हो र दुःख अर्कै ।"

"महाराज ! त्यसरी नै, निर्वाणमा सुखैसुख छ । निर्वाणमा दुःखको लेस मात्र पनि छैन । उनीहरू उठेर, चक्रमण गर्छन्, आसन लगाएर बस्छन्, भोजनमा धैरै संयम राख्छन्, निदाउँदैनन् र इन्द्रियहरूलाई निग्रह गर्छन् तथा आफ्नो धन, धान्य, आफन्त र मित्रहरूसँग नाता सम्बन्ध विच्छेद गर्नै पर्छ । यति कठिनाई भोगेपछि निर्वाण पश्चात् सुखैसुख पाउँछ, आचार्यसँग शिल्प सिकेर सुखपूर्वक बस्छन् । महाराज ! निर्वाण एकान्ततः सुखैसुख छ । त्यसमा दुःखको लेस मात्र पनि छैन । निर्वाण अर्कै हो र दुःख अर्कै ।"

"साधु भन्ते ! अब मैले ठीक-ठीक बुझें ।"

## १०. निर्वाण-रूप-संस्थान विषयमा प्रश्न

१९. "भन्ते नागसेन ! तपाईं निर्वाण-निर्वाण भनी भन्नुहुन्छ । त्यो के हो ? उपमा, ब्याख्या तर्क र कारणहरूका साथ के तपाईं सम्झाउन सक्नुहुन्छ कि निर्वाणको रूप, स्थान, काल र आकार कस्तो छ ?"

"महाराज ! निर्वाणमा यस्तो देखाउन हुने कुनै कुरो छैन । उपमा, व्याख्या, तर्क र कारणहरूका साथ निर्वाणको रूप, स्थान, काल वा आकार कस्तो छ, सो देखाउन सकिन्न ।" "भन्ते नागसेन ! म यो मान्दिन कि निर्वाण वर्तमान हो तर त्यसको रूप, स्थान, काल वा आकार न उपमा, न ब्याख्या, न तर्क, न कारणहरूका साथ सम्झाउन सकिन्छ । कृपया मलाई यो कुरो सम्झाउनु होस् ।" "हवस् महाराज ! यसलाई म कारण दिएर सम्झाउँछु – महाराज ! के महासमुद्र नामको कुनै वस्तु छ ?" "हो भन्ते, छ । महासमुद्रलाई कसले जान्दैन ?"

२०. "महाराज ! यदि कसैले तपाईंलाई यस्तो प्रश्न सोधे – महाराज ! यो त भन्नुहोस् कि समुद्रमा पानी कति छ ? ती जीवहरूको के गणना छ, जो महासमुद्रमा रहन्छन् ? अनि तपाईं के उत्तर दिनुहुन्छ ?" "भन्ते नागसेन ! यदि कसैले मसित यो कुरो सोध्यो भने म यही उत्तर दिनेछु – हे मानव ! तिमीले मसित यस्तो प्रश्न सोधी रहेका छौ जो सोध्नै नहुने हो, यो प्रश्न सोध्न हुँदैन थियो, थिएन । यो प्रश्नलाई थन्किएको बेस । भूशास्त्रविद्हरूले पनि यसमा विचार गरेका छैनन् – महासमुद्रमा कति पानी छ, असलमा कसले अनुमान गर्न सक्छ । कसले गन्न सक्छ कि त्यसमा कति जीवहरू रहन्छन् ? भनेर म जवाफ दिनेछु ।"

"महाराज ! समुद्र छँदाछँदै पनि तपाईं यसरी उत्तरी किन दिनुहुन्छ ? तपाईंले त गणना गरेर ठीक-ठीक उसलाई भनी दिनुपर्छ कि महासमुद्रमा यति पानी छ र यति जीव रहन्छन् ।" "भन्ते ! यो असम्भव कुरो हो । यो प्रश्नलाई गर्नको कुनै प्रयोजन नै छैन ।"

"महाराज ! जस्तै समुद्र भएर पनि यो कुरो भन्न सकिन्न कि त्यसमा कति पानी छ वा कति जीवहरू रहन्छन् । त्यस्तै, निर्वाण भएर पनि त्यसको रूप, स्थान, काल वा आकार उपमा देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न । महाराज ! चित्तलाई वशमा राख्न सक्ने कुनै ऋद्धिमान् पुरुषले महासमुद्रमा यति पानी छ र यति जीवहरू रहन्छन् भनी भलै भन्न सकोस्, तर उसले पनि निर्वाणको रूप, स्थान, काल वा आकार ··· सम्झाउन सक्दैन ।"

"महाराज ! एउटा अर्को कारण सुन्नुहोस् जसले गर्दा निर्वाण भएर पनि उपमा, व्याख्या, तर्क र कारणहरूका साथ निर्वाणका रूप, स्थान, काल वा आकार कस्ता छन् सो देखाउन सकिन्न ।"

"महाराज ! देवताहरूमा 'अरूपकायिक' नामका देवता छन् कि छैनन् ?" "हो भन्ते ! यस्तो सुनिन्छ कि 'अरूपकायिक' नामका देवता छन् ।" "महाराज ! के ती 'अरूपकायिक' देवताहरूका रूप, स्थान, काल या आकार, उपमाहरू देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्छ ?" "सकिन्न भन्ते ! सम्झाउन सकिन्न ।" "महाराज ! त्यसो भने 'अरूपकायिक' नामका देवता छँदै छैन ।" "भन्ते ! 'अरूपकायिक' देवताहरू अवश्य छन् तर तिनका रूप, स्थान, काल या आकार-प्रकार, उपमाहरू, देखाएर, व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न ।" "महाराज ! जसरी 'अरूपकायिक' नामका देवताहरू भए तापनि तिनका रूप, स्थान, काल या आकार उपमा देखाएर व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न, त्यसरी नै, निर्वाण भएर पनि त्यसका रूप, स्थान, आयु या आकार उपमा दिएर, व्याख्या गरेर तर्क र कारणहरूका साथ सम्झाउन सकिन्न ।"

"भन्ते नागसेन ! ठीक छ, म मान्दछु कि निर्वाण सुखैसुख छ र त्यसका रूप, स्थान, काल या आकारलाई उपमा दिएर व्याख्या गरेर, तर्क र कारणका साथ सम्झाउन सकिन्न । भन्ते ! के उपमाको सहारामा निर्वाणको गुणतिर के अरूले कुनै सङ्केत मात्र पनि गरेको छ ?" "महाराज ! निर्वाणको रूप त छँदैछैन, तर उपमाको सहारामा धेरथोर यतातिर सङ्केत गर्न सकिन्छ कि त्यो कस्तो छ ।"

"साधु भन्ते नागसेन ! निर्वाण कस्तो छ भन्ने कुरा देखाइदिनुहोस् । चाँडो भन्नुहोस् । तपाईंले आफ्नो मन्द, शीतल एवं मधुर वचनरूपी वायुले मेरो हृदयको उत्सुकतारूपी जलनलाई शान्त पारि दिनुहोस् ।"

"महाराज ! कमलको एक गुण निर्वाणसँग मिल्छ, पानीको दुई गुण निर्वाणसँग मिल्छ, औषधीको तीन गुण निर्वाणसँग मिल्छ, महासमुद्रको चार गुण ···, भोजनको पाँच गुण ···, आकाशको दस गुण ···, मणिरत्नको तीन गुण ···, श्रीखण्ड (रक्तचन्दन) को ती गुण ···, नौनी घिउको तीन गुण ···, पहाडको टाकुराका पाँच गुण निर्वाणसँग मिल्छन् ।"

“भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि कमलको एउटा गुण निर्वाणसँग मिल्छ । त्यो कुनचाहिँ गुण हो ?” “महाराज ! जसरी कमल पानीमा सधैं अलिप्त भइरहन्छ, त्यसरी नै, निर्वाण सबै क्लेशहरूसँग अलिप्त भइरहन्छ । महाराज ! कमलको यो गुण निर्वाणसँग मिल्छ ।” (१)

“भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि पानीको दुई गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ गुण हुन् ?” “महाराज ! (१) जस्तै – पानी शीतल हुन्छ र त्यसले गर्मीलाई हटाउँछ; त्यस्तै निर्वाण पनि शीतल छ, जसले सबै क्लेशहरूको तापलाई शान्त पारिदिन्छ । महाराज ! यो पानीको पहिलो गुण हो, जो निर्वाणसँग मिल्छ । (२) महाराज ! फेरि, जस्तै – पानीले तिर्खा लागेको, थकित, क्लान्त भई गर्मीले पीडित भएकाहरूको तिर्खा मेटाइदिन्छ, त्यसरी नै, निर्वाणले पनि मानिसहरूको काम-तृष्णा, भव-तृष्णा र विभव-तृष्णाको तिर्खालाई मेटाइदिन्छ । महाराज ! यो पानीको दोस्रो गुण हो, जो निर्वाणसँग मिल्छ ।” (२)

“भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि औषधीको तीन गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ तीन गुण हुन् ?” “महाराज ! (१) जस्तै –विषले पीडित सŒव प्राणीहरूका लागि औषधी नै एकमात्र बचाउने उपाय हो । त्यस्तै, क्लेशरूपी विषले पीडित सŒव प्राणीहरूका लागि निर्वाण नै एकमात्र बचाउने उपाय हो । महाराज ! औषधीको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) महाराज ! फेरि, जसरी औषधीले सबै रोगहरूलाई अन्त गरिदिन्छ, त्यसरी नै, निर्वाणले सबै दुःखहरूलाई समाप्त गरिदिन्छ । महाराज ! औषधिको यो दोस्रो गुण हो जो निर्वाणसँग मिल्छ । (३) फेरि, जसरी औषधि अमृत हो; त्यस्तै नै निर्वाण पनि अमृत हो । महाराज ! औषधीको यो तेस्रो गुण निर्वाणसँग मिल्छ ।” (३)

“भन्ते नागसेन ! तपाईं भन्नुहुन्छ कि महासमुद्रको चार गुण निर्वाणसँग मिल्छ, ती चार गुणहरू के हुन् ?” “महाराज ! (१) जस्तै – महासमुद्रले आफूमा कुनै मृत शरीरलाई राख्न दिँदैन, त्यसरी नै, निर्वाणमा कुनै क्लेश रहन पाउँदैन । (२) महाराज ! फेरि, जसरी महासमुद्र महान् र अपरम्पार छ, सबै नदीहरू बग्दा पनि भरिँदैन; त्यस्तै निर्वाण पनि महान् र अपरम्पार छ, सबै सŒवजीवहरू आए पनि भरिन्न । महाराज ! महासमुद्रको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) जसरी महासमुद्रमा ठूलठूला जीवहरू रहन्छन्, त्यसरी नै निर्वाणमा ठूलठूला क्षीणास्रव, शुद्ध, बलिया र आत्मसंयमी अर्हत् बस्छन् । महाराज ! महासमुद्रको यो तेस्रो गुण पनि निर्वाणसँग मिल्छ । (४) महाराज ! जसरी मानौं महासमुद्र अनेक प्रकारका अनन्त ठूलठूला तरङ्गरूपी फूलहरूले फुलेको हुन्छ, त्यसरी नै, निर्वाण पनि विभिन्न प्रकारका अनन्त ठूलाठूला शुद्ध विद्या र विमुक्तिका फूलहरूले फुलिरहन्छ । महाराज ! महासमुद्रको यो चौथो गुण निर्वाणसँग पनि मिल्छ । महाराज ! महासमुद्रका यी चारै गुणहरू निर्वाणसँग मिल्छन् ।” (४)

“भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि भोजनको पाँच गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ पाँच गुणहरू हुन् ?” “महाराज ! (१) जस्तै – भोजनले सबै सŒवको प्राणरक्षा गर्छ; त्यसरी नै, साक्षात् गरेको निर्वाणले जरा-मरण हुनुबाट रक्षा गर्दछ । महाराज ! भोजनको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) जस्तै – भोजनले सबै सŒवको बललाई वृद्धि गर्छ; त्यसरी नै, निर्वाण साक्षात्कार गर्नाले ऋद्धिबलको वृद्धि हुन्छ । महाराज ! भोजनको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) भोजनले सबै सŒवको सौन्दर्यलाई कायम राख्छ । त्यसरी नै, साक्षात् गरेको

निर्वाणले सŒवहरूमा सद्गुणको सौन्दर्यलाई कायम राख्छ ।" महाराज ! भोजनको यो तेस्रो गुण निर्वाणसँग मिल्छ । (४) जस्तै भोजनले सबै सŒवको कष्टलाई मेटिदिन्छ । महाराज ! भोजनको यो चौथो गुण निर्वाणसँग मिल्छ । (५) जस्तै – भोजनले सबै सŒवको भोक र दुर्बलता मेटिदिन्छ; त्यसरी नै, निर्वाणले सŒवहरूको सबै दुःख भोक र दुर्बलतारूपी क्लेश आदिलाई मेटिदिन्छ । महाराज ! भोजनको यो पाँचौं गुण निर्वाणसँग मिल्छ ।" (५)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि आकाशको दस गुण निर्वाणसँग मिल्छ । ती कुनचाहिँ दस गुणहरू हुन् ?" "महाराज ! जस्तै – आकाश (१) न उत्पन्न हुन्छ, (२) न जीर्ण (पुरानो) हुन्छ, (३) न मर्छ, (४) न आवागमन गर्छ, (५) दुर्ज्ञेय (बुझ्न नसकिने) छ, (६) चोरहरूले चोर्न सक्दैनन्, (७) कसैमाथि निर्भर रहँदैन, (८) स्वच्छन्द हुन्छ, (९) खुल्ला हुन्छ, (१०) अनन्त छ । महाराज ! त्यसरी नै, निर्वाण पनि न उत्पन्न हुन्छ, न जीर्ण (पुरानो) हुन्छ, न मर्छ, न आवागमन गर्छ, दुर्ज्ञेय (बुझ्न नसकिने) छ, चोरहरूले चोर्न सक्दैनन्, अरूमाथि निर्भर रहँदैन, स्वछन्द हुन्छ, अनन्त छ । महाराज ! आकाशका यी दसगुणहरू निर्वाणसँग मिल्छ ।" (६)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि मणिरत्नका ती न गुण निर्वाणसँग मिल्छ, ती तीन गुणहरू के-के हुन् ?" "महाराज ! (१) जस्तै – मणिरत्नले समग्र इच्छाहरूलाई पूरा गरिदिन्छ, त्यसरी नै, निर्वाणले पनि समग्र इच्छाहरूलाई पूरा गरिदिन्छ, मणिरत्नजस्तै अत्यन्त मनोहर हुन्छ । महाराज ! मणिरत्नको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) महाराज ! फेरि, मणिरत्न प्रकाशवान् र अत्यन्त उपयोगी हुन्छ । त्यस्तै, निर्वाण पनि अत्यन्त उपयोगी र प्रकाशवान् हुन्छ । महाराज ! मणिरत्नको यो तेस्रो गुण निर्वाणसँग मिल्छ । महाराज ! मणिरत्नका यी तीनै निर्वाणसँग मिल्छ ।" (७)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि (श्रीखण्ड) का तीन गुण निर्वाणसँग मिल्छ, ती गुणहरू कुनचाहिँ हुन् ?" "महाराज ! (१) जस्तै रक्तचन्दन दुर्लभ हुन्छ, त्यस्तै, निर्वाण प्राप्त गर्न बडो गाह्रो छ । महाराज ! श्रीखण्डको यो पहिलो गुण निर्वाणसँग मिल्छ । (२) रक्तचन्दनको सुगन्ध आफैंमा अनौठो हुन्छ । त्यसरी नै, निर्वाणको सुगन्ध पनि अनौठो हुन्छ । महाराज ! रक्तचन्दनको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) महाराज ! रक्तचन्दनजस्तै निर्वाण पनि सज्जनहरूद्वारा अत्यन्त प्रशंसित छ । महाराज ! रक्तचन्दनको यो तेस्रो गुण निर्वाणसँग मिल्छ ।" (८)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि नौनीका तीन गुण निर्वाणसँग मिल्छ, ती कुन गुणहरू हुन् ?" "महाराज ! (१) नौनी वर्णसम्पन्न हुन्छ, त्यस्तै निर्वाण पनि वर्णसम्पन्न हुन्छ । महाराज ! नौनीको यो पहिलो गुण, निर्वाणसँग मिल्छ । (२) महाराज ! फेरि, नौनी बास्नादार हुन्छ । त्यसरी नै, निर्वाण पनि शील सुगन्धयुक्त हुन्छ । महाराज ! नौनीको यो दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) महाराज ! फेरि नौनी अत्यन्त स्वादिष्ठ हुन्छ, त्यस्तै नै निर्वाण पनि स्वादिष्ठ हुन्छ । महाराज ! नौनीको या तेस्रो गुण निर्वाणसँग मिल्छ ।" (९)

"भन्ते नागसेन ! तपाईं जो भन्नुहुन्छ कि पर्वत शिखरको पाँच गुण निर्वाणसँग मिल्छ, ती कुनचाहिँ गुणहरू हुन् ?" "महाराज ! (१) जस्तै – पहाडको चुचुरो निकै उच्च हुन्छ । त्यस्तै नै, निर्वाण पनि बडो उच्च छ । (२) पहाडको चुचुरोझैं निर्वाण पनि अचल हुन्छ । महाराज ! पहाडको चुचुरोको यो

दोस्रो गुण निर्वाणसँग मिल्छ । (३) पहाडको चुचुरोमा चढ्नु बडो गाह्रो काम हो । त्यस्तै, सबै क्लेशलाई मेटेर निर्वाणको चुचुरोमा चढ्न बडो गाह्रो छ । महाराज ! पहाडको चुचुरोको यो तेस्रो गुण निर्वाणसँग मिल्छ । (४) महाराज ! अनि फेरि, जस्तै – पहाडको चुचुरोमा कुनै बीउ उम्रन सक्दैन, त्यसरी नै, निर्वाणमा पनि कुनै क्लेश उत्पन्न हुन सक्दैन । महाराज ! पहाडको चुचुरोको यो चौथो गुण निर्वाणसँग मिल्छ । (५) महाराज ! पहाडको चुचुरोजस्तै निर्वाणमा पनि कसैका प्रति राग द्वेष रहँदैन । महाराज ! पहाडको चुचुरोको यो पाँचौं गुण निर्वाणसँग मिल्छ ।" (१०)

## ११. निर्वाण-साक्षात्कार विषयमा प्रश्न

२१. "भन्ते नागसेन ! तपाईंहरूभन्नुहुन्छ कि निर्वाण भूत, भविष्य र वर्तमान – तीनै कालभन्दा अगाडिको वस्तु हो । निर्वाण न उत्पन्न हुन्छ, न अनुत्पन्न न उत्पन्न गर्न सकिन्छ । भन्ते नागसेन ! जब कसैले सम्यक् प्रतिपन्न (सत्मार्ग) मा हिंडेर निर्वाणलाई साक्षात्कार गर्न सक्छ, त के उसले उत्पन्न भएको निर्वाणलाई साक्षात्कार गर्दछ ?" "महाराज ! कसैले सन्मार्गमा हिँडेर सम्यक् प्रतिपन्नमा निर्वाणलाई साक्षात्कार गर्दछ भने, उसले न त उत्पन्न भएको निर्वाणलाई साक्षात्कार गरेको हो, न त नयाँ तवरले निर्वाण उत्पन्न गरेर साक्षात्कार गर्दछ । महाराज ! त्यसमाथि पनि निर्वाण यथार्थमा छ सत्मार्गमा हिँड्ने मानिसले नै त्यसको साक्षात्कार गर्न सक्छ ।"

"भन्ते नागसेन ! यस प्रश्नलाई अझै धमिलो बनाएर उत्तर नदिनुस् । यसलाई राम्रोसँग खुलस्त उत्तर दिनुहोस् । विना कुनै सङ्कोच उत्साहपूर्वक तपाईंले जे सिक्नु भएजति सबै कुरा सम्झाएर भन्नुहोस् । यस विषयमा म एकदमै मूर्ख छु, पथभ्रष्ट भएको छु, सन्देहमा परेको छु, भित्र भित्रै घोच्ने यो दोषलाई निकाली दिनुहोस् ।"

२२. "महाराज ! निर्वाण शान्त, सुखद र प्रणीत छ । सम्यक् प्रतिपन्नमा लागेको बुद्धोपदेशअनुसार संसारको सबै संस्कारलाई (अनित्य, दुःख र अनात्माका आँखाले) देखेर कुनै प्रज्ञाले निर्वाणलाई साक्षात्कार गर्दछ । महाराज ! जसरी शिष्यले गुरुबाट शिक्षा लिएर आफूले जानेअनुसार विद्या हासिल गर्छ, त्यसरी नै, सम्यक् प्रतिपन्नमा लागेकोले बुद्धोपदेशअनुसार प्रज्ञाद्वारा निर्वाणलाई साक्षात्कार गर्दछ ।"

"निर्वाणको दर्शन कसरी हुन सक्छ ?" "अनीतित (विघ्न बाधादेखि रहित) निरूपद्रव (उपद्रोर हित) हुनाले, अभय हुनाले, क्षेमकुशल हुनाले, शान्त हुनाले, सुखमय हुनाले, प्रसन्न हुनाले, प्रणीत हुनाले, नम्र हुनाले, चित्त शुद्ध हुनाले तथा शीलपालन गर्नाले निर्वाणको दर्शन हुन सक्छ ।"

"महाराज ! जस्तै – कुनै मानिस कुनै ठूलो अग्निकुण्डमा पर्दा जसरी तर्सेर कुदेर, फाल हानेर बाहिर निस्कन्छ र त्यसपछि धेरै सुख पाउँछ, महाराज ! त्यसरी नै, कसैले सुबाटोमा हिँडेर, मनलाई ठीक लक्ष्यमा लगाएर तीन प्रकारको आगोको सन्तापबाट मुक्त भई परमसुख निर्वाणको साक्षात्कार गर्छ । महाराज ! यहाँ जुन आगो छ, त्यसलाई तीन प्रकारको आगो (राग, द्वेष र

मोह) सम्झनुपर्छ । यहाँ आगोमा परेको जुन मानिस छ, त्यसलाई सुबाटोमा लाग्ने सम्झनुपर्छ । जो आगोबाट बाहिर आएको छ, उसलाई निर्वाण पाएको ठान्नुपर्छ ।" (क)

"महाराज ! जस्तै – मरेको सर्प, कुकुर र मानिसहरूले भरिएको कुनै खाडल होस्, जहाँबाट अत्यन्त दुर्गन्ध आइरहेको होस् । त्यस्तो दुर्गन्धित खाडलबाट माझ जाकिएको कुनै जीवित मानिस हात खुट्टा चलाएर अत्यन्त प्रयासपछि बाहिर निस्कन्छ र त्यसपछि दुर्गन्धित नभएको ठाउँमा पुगेर निकै सुख पाउँछ; महाराज ! त्यसरी नै, कसैले सुबाटोमा हिँडेर मनलाई ठीक ठाउँमा लगाएर क्लेशरूपी मुर्दाहरूको रासबाट बाहिर आएर परमसुख निर्वाणको साक्षात्कार गर्दछ । महाराज ! जो यहाँ मुर्दाहरू छन् तिनलाई पञ्चकाम गुण सम्झनुपर्छ र जो यहाँ मुर्दाहरूका माझ राखिएको जिउँदो मानिस छ, उसलाई सुबाटोमा लागको भनी सम्झनुर्छ । जसलाई यहाँ दुर्गन्ध नभएको स्थान हो त्यसलाई निर्वाण भनी सम्झनुपर्छ ।" (ख)

"महाराज ! जसरी कुनै मानिस कुनै सङ्कटमा परेर निकै डराएको होस्, त्रसित भएको होस्, काँपेको होस्, हताशिएको होस्, पागल भएको होस् । ऊ आफ्नो प्रयासले त्यस सङ्कटदेखि बाहिर निस्केर आवस् जहाँ पूर्ण स्थिरता होस्, भयको कुनै अवसर नहोस् । त्यस ठाउँमा उसलाई अत्यन्त सुख प्राप्त होस् । महाराज ! त्यसरी नै कोही सुबाटोमा हिँडेर मनलाई ठीक दिशामा लगाएर डर वा त्रासबाट रहित परमसुख निर्वाणलाई साक्षात्कार गर्दछ । महाराज ! जो यहाँ संकटको भय छ, उसले जन्म लिनु, बूढा हुनु, बिमार पर्नु, मर्नु इत्यादिले गर्दा हुने संसारको यो अपार भय ठान्नुपर्दछ । जो यहाँ भयभीत मानिस छ उसलाई सुबाटोमा हिँड्ने सम्झनुपर्छ । जसलाई यहाँ सङ्कटबाट निस्केर स्थिरता र निर्भयता भए ठाउँमा आउनु छ, उसलाई निर्वाण पाएको सम्झनुपर्छ ।" (ग)

"महाराज ! जस्तै मैलो र फोहोर हिलोमा परेको कुनै मानिस चेष्टा गरेर सफा ठाउँमा आएर सुख पावस्, त्यसरी नै कसैले सुबाटोमा हिँडेर मनलाई ठीक दिशामा लगाई क्लेशरूपी फोहोरबाट निस्केर परमसुख निर्वाणको साक्षात्कार गर्दछ । महाराज ! जुन यहाँ हिलो छ, त्यसलाई संसारको लाभ, सत्कार र प्रशंसा ठान्नुपर्छ । यहाँ हिलोमा गाडिएको मानिस छ, उसलाई सुबाटोमा लागेको ठान्नुपर्छ । यहाँ जुन ठाउँ सफल छ, त्यसलाई निर्वाण सम्झनुपर्छ ।" (घ)

"सुबाटोमा हिँडेर कसैले कसरी निर्वाणलाई साक्षात्कार गर्दछ ? महाराज ! जो सुबाटोमा हिँड्छ, उसले संसारका सबै संस्कारहरूको प्रवृत्ति (अनित्य, दुःख र अनात्म) देखेर त्यसमा विचार गर्दछ । विचार गरेर त्यहाँ जन्म भइरहेको देख्छ, वृद्ध भइरहेको देख्छ, रोगी भइरहेको देख्छ र मृत्यु भइरहेको देख्छ । उसले त्यहाँ कत्ति पनि सुख देख्दैन । आदि (सुरु) बाट, मध्यबाट र अन्तबाट पनि कुनै वस्तुलाई समातेर राख्ने योग्य पाउँदैन ।"

"महाराज ! जस्तै कुनै पुरुष दिनभरि आगोमा तातो पारेको, बाहिर झिकेर राखेको, रापले बल्दै गरेको फलामको गोलो वस्तुलाई आदि, मध्य र अन्त कुनै भागमा पनि हातले समाउने योग्य सम्झँदैन; त्यस्तै नै, महाराज ! जो संसारका सबै संस्कारहरूको प्रवृत्तिलाई देखेर त्यसमाथि विचार गर्दछ, विचार गरेर त्यहाँ जन्म भइरहेको देख्छ, वृद्ध भइरहेको देख्छ, रोगी भइरहेको देख्छ र मृत्यु भइरहेको देख्छ, उसले त्यहाँ सुख कत्ति पनि देख्दैन । आदि (सुरु) बाट, मध्यबाट र अन्तबाट पनि कुनै वस्तुलाई समातेर राख्ने योग्य पाउँदैन । त्यसैले उसले चित्तको संसारमा कुनै वस्तु ग्रहण गर्न योग्य देख्दैन ।"

"महाराज ! जस्नै – कुनै व्यक्ति ज्वालायुक्त आगोको ठूलो राशिमा पऱ्यो; आफूलाई असहाय र अशरण पायो; महाराज ! यसरी नै सांसारिक विषयहरूले उसको मन उद्विग्न हुन्छ, उसको चित्तमा वैर ाग्य (अरति) उत्पन्न हुन्छ । उसको शरीरलाई एक प्रकारको उद्विग्नताले समाउँछ । शरीर उद्विग्न भएपछि आफैले आफैलाई असहायक (असरण) पाउँछ । भव (आवगमन) को चक्रबाट थाक्छ ।"

"उसले सबैतिर केवल भय नै भय देख्छ र उसलाई यस्तो लाग्छ – 'अहो ! यो सारा संसार बलिरहेको छ । धकधकी बलिरहेको छ । दुःखै दुःखले भरिएको छ ।' यदि कोही यस स्थानबाट मुक्त हुन चाहन्छ भने, उसको लागि परम शान्ति र प्रणीत निर्वाण नै एकमात्र उपाय छ, जहाँ सबै संस्कार सधैं का लागि रोकिन्छ, सबै उपधि हट्छ, रागको अन्त हुन्छ र आवागमनको निरोध हुन्छ । यसरी आवागमनबाट छुट्नतर्फ नै उसको चित्त लाग्छ, यहीं श्रद्धा र विश्वास बढ्छ । ऊ आनन्दसाथ भन्छ – 'अहो ! मैले निस्सरण निर्वाण लाभ गरें ।"

"महाराज ! जस्तै – अज्ञात जङ्गलमा बाटो बिर्सेको कुनै व्यक्ति ठीक बाटो पाएर आनन्दमग्न हुन्छ र भन्छ – अहो ! सही बाटो पाएँ; त्यसरी नै संसारको प्रपञ्चमा भय नै भय देख्ने व्यक्तिले आवागमनबाट छुट्नेतर्फ नै चित्त लगाउँछ, त्यता नै उसको श्रद्धा र विश्वास बढ्छ । ऊ आनन्दसाथ भन्दछ – 'अहो ! मैले निस्सरण निर्वाण लाभ गरें ।"

"उसले निर्वाण पाउने बाटो खोज्छ, त्यसैले भावना गर्दछ र त्यसलाई गवेषणा गरी मननद्वारा दृढ गर्दछ । आफ्नो सारा ध्यान, प्रयास र उत्साह त्यसैतिर लगाउँछ । बारम्बार त्यसैको ध्यान गर्नाले उसको चित्त सांसारिक विषयहरूबाट हटेर वैराग्यतर्फ झुक्छ । महाराज ! उसले वैर ाग्यलाई पूर्ण गरेर सन्मार्गमा लागेर निर्वाणलाई साक्षात्कार गर्दछ ।"

"साधु भन्ते नागसेन ! यो कुरो म मान्दछु ।"

## १२. निर्वाणसन्निहित प्रश्न

२३. "भन्ते नागसेन ! के त्यो स्थान पूर्व दिशातर्फ छ या पश्चिमतर्फ, उत्तर दिशातर्फ, या दक्षिण तर्फ, माथि वा तल, तेर्सो जहाँ निर्वाण लुकेको होस् ?" "महाराज ! त्यो स्थान न त पूर्व दिशातर्फ, न पश्चिमतर्फ वा उत्तर दिशातर्फ, वा दक्षिणतर्फ या माथि, या तल, या तेर्सो, जहाँ निर्वाण लुकेको होस् ।"

"भन्ते ! यदि निर्वाण कुनै ठाउँमा छैन भने, निर्वाण भन्ते कुरो छँदै छैन । निर्वाणको साक्षात्कार गर्नु एकदम झूटो कुरो हो । म यसका लागि तर्क दिन्छु – भन्ते नागसेन ! जस्तै संसारमा खेती गर्नका लागि खेत छ; गन्ध निकाल्नको लागि फूल छ, फुल्न उमार्नका लागि फूलबारी छ, फल लाग्न भनेर वृक्ष छ र रत्न झिक्नका लागि खानी छ । जुन मानिसलाई जुन वस्तुको खाँचो छ, ऊ त्यहाँ गएर उत्पन्न गर्न सक्छ । भन्ते ! यदि निर्वाण छ भने निर्वाणको कुनै उत्पादक स्थान पनि हुनुपर्छ । भन्ते !

Dhamma.Digital

यदि कुरो यो होइन भने म यही सम्भने छु कि निर्वाण नामको कुनै वस्तु नै छैन । निर्वाणको साक्षात्कार गर्नु भनेको असत्य कुरो हो ।"

२४. "महाराज ! निर्वाण पाइने कुनै ठाउँ नभए पनि निर्वाण छ । सन्मार्गमा हिंडेर मनलाई ठीक ठाउँमा लगाएर निर्वाणको साक्षात्कार गर्न सकिन्छ । महाराज ! जस्तै आगो छ, तर आगो बस्ने ठाउँ छैन, दुईवटा काठलाई घर्षण गर्नाले आगो निस्कन्छ । महाराज ! यसरी नै, निर्वाण भन्ने छ, परन्तु निर्वाण रहने स्थान छैन । सन्मार्गमा हिँडेर मनलाई ठीक दिशामा लगाएर निर्वाणको साक्षात्कार गरिन्छ ।"

"महाराज ! जस्तै – (१) चक्ररत्न, (२) हस्तिरत्न, (३) अश्वरत्न, (४) मणिरत्न, (५) स्त्रीरत्न, (६) गृहपतिरत्न र (७) परिणायकरत्न यी सात रत्नहरू (चक्रवर्ती राजाको) हुन्छन् । तर यस्ता रत्नहरू पाइने कुनै विशेष स्थान छैन । तिनको व्रत पालन गर्नाले नै राजालाई यस्ता रत्नहरू प्राप्त हुन्छ, महाराज ! त्यसरी नै, निर्वाण छ तर त्यसको बस्ने ठाउँ छैन । सन्मार्गमा हिँडेर मनलाई ठीक ठाउँमा लगाएपछि निर्वाणको साक्षात्कार गरिन्छ ।"

"भन्ते नागसेन ! निर्वाण पाइने स्थान असलमा होस् या नहोस्, के कुनै यस्तो स्थान पनि छ जहाँ बसेर सम्यक् प्रतिपन्न (सन्मार्ग) मा लागेपछि निर्वाणको साक्षात्कार हुन्छ ?" "महाराज ! यस्तो स्थान छ, जहाँ बसेर सम्यक् प्रतिपन्नमा लागेर निर्वाणको साक्षात्कार गर्न सकिन्छ ।" "भन्ते ! त्यो कुनचाहिँ स्थान हो, जहाँ बसेर निर्वाणको साक्षात्कार गर्न सकिन्छ ?" "महाराज ! त्यो स्थान शील हो । शीलमा प्रतिष्ठित भएर मनलाई वशमा राखेर चाहे जहिलेसुकै होस् मानिसले निर्वाणलाई साक्षात्कार गर्न सक्छ । शक या यवन देशहरूमा बसे पनि, चीन वा बेलायतमा बसेर पनि, अलसन्दमा रहेर पनि, निकुम्बमा रहेर पनि, काशीमा रहेर पनि, कोसलमा रहेर पनि, काश्मीरमा रहेर पनि, गान्धारमा रहेर पनि, पहाडको चुचुरोमा रहेर पनि, ब्रह्मलोकमा रहेर पनि वा जहाँसुकै शीलमा प्रतिष्ठित भएर मनलाई वशमा पार्दै मानिसले निर्वाणको साक्षात्कार गर्न सक्छ । महाराज ! जस्तै – आँखा भएको मानिस शक या यवन, चीन वा बेलायत, अलसन्द, निकुम्ब, काशी, कोसल, काश्मीर, गान्धार, पहाडको चुचुरोमा, ब्रह्मलोकमा जहाँसुकै बसेर सम्यक् प्रतिपन्नमा लागेर निर्वाणको साक्षात्कार गर्न सक्छ ।"

Dhamma.Digital

"साधु भन्ते नागसेन ! तपाईंले निर्वाणलाई बडो राम्ररी सम्भाउनुभयो । निर्वाण साक्षात्कार कसरी हुन्छ भन्ने कुरो भन्नुभयो । शीलको गुणलाई तपाईंले प्रदर्शन गरिदिनुभयो, सन्मार्ग देखाई दिनुभयो । धर्मभण्डा फहराइदिनुभयो, धर्मस्तम्भ स्थापित गरिदिनुभयो । सच्चा हृदयले लाग्ने व्यक्तिहरूको प्रयास कहिल्यै निष्फल हुँदैन । हे गणाचार्य प्रवर ! तपाईं जसो भन्नुहुन्छ, म त्यसलाई स्वीकार गर्दछु ।"

(यस वर्गमा १२ वटा प्रश्नहरू छन् ।)

तेस्रो वेस्सन्तर वर्ग समाप्त ।

# ४. अनुमानवर्ग

## १. अनुमान विषयमा प्रश्न

१. त्यसपछि राजा मिलिन्द, जहाँ आयुष्मान नागसेन हुनुहुन्थ्यो, त्यहाँ गए । अनि उहाँलाई अभिवादन गरी एक छेउ बसे । त्यस बखत अन्य कुराहरू जान्ने उत्सुकता उनको मनमा उत्पन्न भइरहेको थियो । नागसेनका कुरा सुनेर उनलाई बुझ्ने इच्छा भइरहेको थियो । ज्ञानलोक हेने इच्छा भइरहेको थियो । उनी आफ्नो ज्ञानलाई मेटेर ज्ञान प्राप्त गर्न अत्यन्त व्याकुल भएका थिए । अविद्यारूपी अन्धकार नष्ट गर्ने इच्छाले अत्यन्त धैर्य र उत्साहपूर्वक आफ्नो मनलाई होशपुर्वक शान्त भावले (स्मृति तथा सम्प्रज्ञ भई) आयुष्मान् नागसेन भए ठाउँमा गएर सोधे –

२. "भन्ते नागसेन ! के तपाईंले बुद्धलाई देख्नुभएको छ ?" "देखिँन महाराज !" "के तपाईंका आचार्यहरूले बुद्धलाई देखेका थिए ?" "देख्नुभएको थिएन, महाराज !" "भन्ते नागसेन ! न तपाईंले बुद्धलाई देख्नुभयो न तपाईंका आचार्यहरूले नै । भन्ते नागसेन ! त्यसो भए बुद्ध पक्कै हुनुहुन्न भनेर किन नभन्ने, किनकि बुद्ध हुनुहुन्छ भन्ने कुनै प्रमाण भेटिन्न ।"

"महाराज ! के पहिले पनि राजाहरू थिए, जो तपाईंका पुर्खा थिए ?" "थिए, भन्ते ! यसमा कुनै शङ्का नै छैन । अघि राजाहरू अवश्य थिए, जो मेरा पूर्वज थिए ।" "महाराज ! के तपाईंले पहिलेका ती राजाहरूलाई देख्नुभयो ?" "देखिँन भन्ते !" "महाराज ! के तपाईंलाई सल्लाह दिने ती पुर ोहित, सेनापति, अर्थदर्शी (न्यायअधिकारी) या राजमन्त्रीहरूले ती पहिलेका राजाहरूलाई देखेका छन् ?" "छैनन् भन्ते !" "महाराज ! यदि तपाईंले स्वयं र तपाईंलाई सल्लाह दिने व्यक्तिहरूले नै पूर्वज र ाजाहरूलाई देखेनछ । के थाहा कि राजाहरू थिए कि थिएनन् ? उनीहरू हुनुको कुनै प्रमाण छैन ।"

३. "भन्ते नागसेन ! तर अहिले पनि यस्ता वस्तुहरू देख्छौं, जसको प्रयोग ती राजाहरूले गरेका थिए । उनीहरूले श्वेत-छत्र, राजमुकुट, पादुका (खराउ), चमर, खड्ग (तलवार) दमी पलङ आदि अहिलेसम्म कायमै छन्, जसबाट हामी बुझ्न सक्छौं र विश्वास गर्न सक्छौं कि पूर्वज राजाहरू अवश्य थिए ।" "महाराज ! यसरी नै हामी पनि भगवान् बुद्धबारे जान्न सक्छौं र विश्वास गर्न सक्छौं । यसको प्रमाण छ, जसको आधारमा हामी जान्न सक्छौं र विश्वास गर्न सक्छौं कि भगवान् अवश्य हुनुहुन्थ्यो ।"

"त्यो कुनचाहिँ प्रमाण हो ?" "महाराज ! ती चीजहरू अहिलेसम्म कायमै छन्, जो उनीहरूले प्र योगमा ल्याएका थिए । उहाँ सर्वज्ञ, सर्वद्रष्टा, अर्हत् र सम्यक्सम्बुद्धद्वारा उपयोग गरिएका वस्तुहरू यी हुन् – (१) चार स्मृतिप्रस्थान, (२) चार सम्यक्प्रधान, (३) चार ऋद्धिपाद, (४) पाँच इन्द्रियहरू, (५) पाँच बल, (६) सात बोध्यङ्ग र (७) आर्य अष्टाङ्गिक मार्ग । यस्ता वस्तुहरू देखेपछि जोसुकैले बुझ्न सक्छ कि भगवान् अवश्य हुनुहुन्थ्यो । महाराज ! यस कारणले, यस हेतुले, यस तर्कले र यस अनुमानले बुझ्न सकिन्छ कि भगवान् अवश्य हुनुहुन्थ्यो ।"

'बहू जने तारयित्वा, निब्बुतो उपधिक्खये ।

अनुमानेन ञातब्बं, अत्थि सो द्विपदुत्तमो'ति ।'

'धेरै व्यक्तिहरूलाई पार गराएर, उपाधि मेटिएपछि उहाँले निर्वाण प्राप्त गर्नुभयो ।

यस अनुमानले जान्नुपर्छ कि उहाँ पुरुष श्रेष्ठ हुनुभएको थियो ।'

४. "भन्ते नागसेन ! कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जस्तै नयाँ शहर स्थापित गर्ने मनसायले अभियन्ता (इन्जिनियर) ले पहिले यस्तो स्थान खोज्छ जहाँ खल्ड्याङ खुल्डुङ नहोस्, ढुङ्गा वा चट्टान नहोस्, जहाँ कुनै उपद्रव (बाढी, आगो, चोर या शत्रुको आक्रमण इत्यादि) को भय नहोस्, जो सम्पूर्ण दोषरहित र अत्यन्त रमणीय होस् । त्यसपछि अग्लो – होचो विषम स्थानलाई सम्म पार्छ र काँडा झाँग काटेर सफा गरिदिन्छ । त्यसपछि नगरको नक्सा (मानचित्र) तयार गर्छ अनि राम्ररी नापेर धेरै भाग लगाई छुट्टाछुट्टै ठाउँमा बाँड्छ । चारै तिर पोखरी र खाडल खनेर बार लगाउँछ । त्यहाँ बलियो ढोका, चौकस, बुर्जा (छत), किलाबन्दी, ठाउँ-ठाउँमा खुल्ला बगैंचा, चौबाटो, दोबाटो, चौक सफा सुग्घर र समतल राजमार्ग, बीच बीचमा पसलहरूको ताँती, आराम गर्ने स्थान, बगैंचा, ताल, पोखरी, भऱ्याङ भएको पोखरी, कुवा, ईनार, देवस्थान सुन्दर तथा सबै दोषहरूले रहित पार्छ । त्यो नगर पूर्णरूप स्थापित भएपछि र उन्नति गर्दै गएपछि उनी कुनै अर्को देशमा गए । पछि समय पाएर त्यो शहर निकै विकसित भयो, खाने पिउने सामान प्रशस्त भयो, धनाढ्य भयो, निर्भय समृद्ध, विघ्नबाधाले रहित भयो । त्यहाँ कुनै उपद्रवको डर रहेन । जनसंख्या धेरै बढेर आयो । क्षेत्रिय, ब्राह्मण, वैश्य, शूद्र, माहुते, सइस, गाडीवान्, पदयात्री, धनुर्धर, तीरन्दाज, साधु, मगन्ते, दानी, युद्धप्रिय, शूरवीर, राजपुत्रहरू, ढाल लिएर युद्ध गर्ने थुप्रै योद्धाहरू, नोकर-चाकर, ज्यामी, पहलमान्, मुनिम (लेखा, हिसाब राख्ने), हजाम, लौहकर, माली, सुनको काम गर्ने, चाँदीको काम गर्ने, सिसाको काम गर्ने, पीतलको काम गर्ने र कुनै अन्य धातुको काम गर्ने, पाङ्ग्रा बनाउने, शिल्पकार (ढुङ्गाको काम गर्ने), जौहरी, कपडा बुन्ने, कुम्हाले, बाँसको काम गर्ने, नुन बनाउने, सार्की, रथ बनाउने, हस्तिहाडको कालिगढ, गोरी बाँट्ने, काइँयो बनाउने, धागो काट्ने, नाङ्लो, डालो बनाउने, धनुष बनाउनेहरू, बाण बनाउने, तीर बनाउने, चित्रकार, रङ बनाउने, रङ लगाउने, दमाई, सुनको श्रेष्ठी, कपडापसले, सुगन्ध बेच्ने, घाँस बेच्ने, काठ-दाउरा बेच्ने, फलफूलका श्रेष्ठी, जडीबुटी बेच्ने, खाना बेच्ने, मिठाई बेच्ने, माछा श्रेष्ठी, कसाई, भट्टीवाल, नाटक देखाउने, नाच देखाउने, चटक देखाउने, पहलमान, मुर्दा पोल्ने, माली, वीणा बनाउनेहरू, व्याधा, वेश्या, नर्तकी, पानी बोक्ने, शक, चीन, यवन, बेलायत, उज्जैन, भारुकच्छ, काशी, कोशल, सीमान्त मगध, साकेत (अयोध्या), सौराष्ट्र, पावा, औदुम्बर, मथुरा, अलसन्द, काश्मीर र गान्धारका मान्छेहरू त्यस शहरमा बस्न आए । उनीहरू सबै त्यो शहर योजनाबद्ध रूपले बनाएको देखी अनुमानले पनि – 'अहो ! यो नगरनिर्माता निकै सिपालु होला जसले यति राम्रो नगर बसायो ।'

"महाराज ! त्यसरी नै, भगवान्ले बेजोड अतुल्य, असदृश, अनन्त गुण भएको, अप्रमेय, अपरिमेय सबै गुणहरूले सम्पन्न, सर्वज्ञ, अनन्त तेजिलो, अनन्त वीर्यवान्, अनन्त बलियो, बुद्धि बलको चरम सीमासम्म पुगेको सेनारहित मारलाई पराजित गर्नुभएको दृष्टिजाल (मिथ्यादृष्टिलाई छिन्न भिन्न पार्नु भएको), अविद्यालाई मेटेर विद्या उत्पन्न गरी धर्मरूपी नमुना देखाएर, सर्वज्ञता प्राप्त गरी विजित सङ्ग्राम गरी धर्मनगर बसाउनुभयो ।"

५. भगवान्‌को धर्मनगर “महाराज ! भगवान्‌ले बसाउनुभएको धर्मनगरका चारैतिर शीलरूपी पर्खाछ, हीरी (पाप गर्न डराउने) को पोखरी छ; ज्ञानरूपी द्वार (प्रवेशद्वार); वीर्यको अट्टलिका रहेको छ; श्रद्धाको जग छ; स्मृतिको पाले उभिएको छ; प्रज्ञाको प्रासाद (ठूलठूला भवन) बनेको छ; सूत्रन्त (धमो पदेशको सूत्र) रूपी त्यसको बगैंचा छ; अभिधर्मको चोक बसेको छ; विनयको अदालत छ; स्मृतिप्रस्थानरूपी पसलहरू छन्; जस्तै – (१) फूलको पसल, (२) अत्तरको पसल, (३) फलफूलको पसल, (४) औषधीको पसल, (५) जडीबुटीहरूको पसल, (६) अमृतको पसल, (७) रत्नको दोकान र सबै थोकहरू भएको पसल ।”

६. “भन्ते नागसेन ! त्यो फूलको पसल भनेको के हो ?”

१. फूलको पसल “महाराज ! सर्वज्ञ, सर्वद्रष्टा, अर्हत्, सम्यक्‌सम्बुद्ध भगवान्‌को ध्यान भावना गर्ने योग्य आरम्मण (विषय)हरूलाई छुट्याई छुट्याई भन्नुभएको छ । जस्तो कि – ‘अनित्य-संज्ञा, दु:ख-संज्ञा, अनात्म-संज्ञा, अशुभ-संज्ञा, आदीनव-संज्ञा, प्रहाण-संज्ञा, विराग-संज्ञा, निरोध-स ंज्ञा, सर्वलोकअनभिरत-संज्ञा (संसारिक विषयहरूमा रत नहुने संज्ञा), सबै संस्काहरूमा अनित्य-संज्ञा, आनापानस्मृति, उद्धमातक-संज्ञा, विनीलक-संज्ञा, विपुब्बक-संज्ञा, वच्छिद्दक-संज्ञा, विक्खायित-संज्ञा, विक्खित्तक-संज्ञा, लोहितक-संज्ञापुलवक-संज्ञाअट्ठिक-संज्ञामैत्री-संज्ञा, करुणा-संज्ञा, मुदिता-संज्ञा उपेक्षा-स ंज्ञा मरणानुस्मति, कायगतास्मति । महाराज ! ध्यान भावना गर्ने योग्य यिनै विषयहरूबारे भन्नुभयो ।”

“जो कोही बूढा हुनु र मर्नुबाट छुट्न चाहन्छ, उसले यी विषयहरूमध्ये आफूलाई अनुकूल हुने एउटालाई रोजेर अभ्यास गर्नुपर्दछ । त्यसपछि ऊ अभ्यास गरेर रोगबाट मुक्त हुन्छ; द्वेषबाट मुक्त हुन्छ; मोहबाट मुक्त हुन्छ; अभिमानबाट मुक्त हुन्छ; झूटो सिद्धान्तबाट मुक्त हुन्छ; संसाररूपी सागरबाट तर्छ; तृष्णाको धारलाई रोकिदिन्छ; तीन प्रकारका मलबाट रहित हुन्छ; सबै क्लेशहरूलाई नाश गरेर मलरहित भई, रागरहित भई, शुद्ध निर्मल चित्त भई आवागमनबाट मुक्त हुन्छ । सुख प्राप्त गरी आनन्द भई भय रहित भई, नगरहरूमा श्रेष्ठ निर्वाण नगरमा प्रवेश गर्दछ । अर्हत् भएर आफ्नो चित्तलाई अन्त गरिदिन्छ । महाराज ! बुद्धको यही फूलको पसल हो ।”

‘कम्ममूलं गहेत्वान, आपणं उपचच्छथ ।

आरम्मणं किणित्वान, ततो मुच्चथ मुत्तिया’ति ॥’

‘कर्मरूपी पैसा लिएर (धर्मको) पसलमा जाऊ,

अभ्यासका लागि एक योग्य विषयलाई किनेर ल्याऊ र त्यसबाट मुक्त होऊ ।’

७. “भन्ते नागसेन ! भगवान् बुद्धको सुगन्धको पसल कुनचाहिँ हो ?”

२. सुगन्धको पसल "महाराज ! भगवान्ले पालन गर्नका लागि शीललाई विभक्त गरेर देखाइदिनुभयो । भगवान्को पुत्र (भिक्षु) आफ्नो शीलको सुगन्धले देव मनुष्यसहित सबै लोकलाई सुगन्धित पारिदिनुहुन्छ, उहाँहरूको शीलको सुगन्ध दिशा अनुदिशामा पनि, हावाको वेगका साथ र हावाको वेगको उल्टो पनि उडेर फैलिन्छ ।"

"त्यो विभक्त शील के-के हुन् ?"

"महाराज ! (१) शरण-शील, (२) पञ्च-शील, (३) अष्टाङ्ग-शील, (४) दशाङ्ग-शील, (५) प्रत्यपदेशमा परिपूर्ण प्रातिमोक्षसंवरशील । महाराज ! यिनलाई भगवान्को सुगन्धको पसल भनिन्छ । महाराज ! देवातिदेव भगवान्ले स्वयं यसो भन्नुभएको छ –

'न पुप्फ गन्धो पटिवातमे' ति, न चन्दन तग्गरमल्लिका वा ।

सतञ्च गन्धो पटिवातमेति, सब्बा दिसा सप्पुरिसो पवायति ॥

चन्दनं तगर वा' पि, उप्पलं अथ वस्सिकी ।

एतेसं गन्धजातानं, सीलगन्धो अनुत्तरो ॥

अप्पमत्तो अयं गन्धो, øवायं तगरचन्दन ।

यो च सीलवतं गन्धो, वाति देवेसु उत्तमो'ति ॥

'फूल, चन्दन, चमेली आदिको सुवास हावा नपुगेको ठाउँमा जान सक्दैन, परन्तु सत्पुराको सौजन्यरूपी सुगन्ध दसै दिशामा फैलिन्छ ।

"चन्दन, तगर, कमल, चमेली आदिको सुगन्धभन्दा शील-गुणको सुगन्ध उत्तम हुन्छ ।"

"तगर चन्दनादिको सुगन्ध कम्ती छ, शीलवान्हरूको सुगन्ध देवलोकसम्म पनि फैलिन्छ ।"

८. "भन्ते नागसेन ! भगवान् बुद्धको फलको त्यो पसल कुन हो ?"

३. फलको पसल "महाराज ! भगवान्ले यस्ता फलहरूका विषयमा भन्नुभयो स्रोतापत्तिफल, सकृदागामीफल, अनागामीफल, अर्हत्फल, शून्यताफल (निर्वाण) समापत्ति, अनिमित्तफल समापत्ति अप्पणिहितफल समापत्ति । यीमध्ये कसैले जुन फल लिन चाहन्छ, उसले आफ्नो कर्मको पैसाले किन्न सक्छ । महाराज ! कुनै मानिसको बाह्रमासे आँपको रूख होस् । जबसम्म किन्ने मानिस आउँदैन, तबसम्म उसले फललाई झार्दैन । ग्राहक आएपछि दाम लिएर उसलाई भन्छ – सुन, यो बाह्रमासे आँपको रूख हो । यसमध्ये जुन फल चाहिन्छ, लैजाउ – कलिलो आँप, ठूलो आँप, कस्सिएको आँप, काँचो आँप वा पाकेको आँप । किन्नले पनि आफूले दिएको मूल्यअनुसार आँप लैजान्छ । यदि ठूलो फल चाहन्छ भने ठूलै लिन्छ, यदि कस्सिएको फल चाहन्छ भने कस्सिएको नै लिन्छ, यदि काँचो चाहन्छ भने काँचो नै लिन्छ र यदि पाकेको चाहन्छ भने पाकेकै लिन्छ । महाराज ! यसरी

https://dhamma.digital

जसले जस्तो फल चाहन्छ उसले कर्मको मोल तिरेर त्यस्तै फल किन्छ – चाहे स्रोतापत्तिफल … अप्पणिहितफल समापत्ति । महाराज ! बुद्धको फलको यही पसल हो ।”

‘कम्ममूलं जना दत्वा, गण्हन्ति अमतम्फलं ।

तेन ते सुखिता होन्ति, ये कीता अमतप्फल’न्ति ॥’

‘कर्मरूपी पैसा दिएर मानिसहरू अमृत फल (अर्हत् पद) किन्छन् ।

त्यही सुखी हुन्छ जसले अमृत-फल किन्छ ॥’

९.“भन्ते नागसेन ! भगवान्को औषधीको पसल कुनचाहिँ हो ?”

४. जडीबुटीको पसल “महाराज ! भगवान्ले त्यो जडीबुटीबारे भन्नुभएको छ, जुन जडीबुटीबाट देव र मुनष्यसहित लोकलाई क्लेशको विषयबाट मुक्त गराइदिनुभयो । त्यो जडिबुटी कुनचाहिँ हो ?”

“महाराज ! भगवान्ले यी चार आर्यसत्यहरूबारे भन्नेभयो – १. दुःख आर्यसत्य (२) दुःख समुदय आर्यसत्य (३) दुःख निरोध आर्यसत्य र (४) दुःख-निरोधगामी मार्ग आर्यसत्य ।”

“मुमुक्षु (मोक्ष पाउने इच्छा राख्ने) छ, यी चार आर्य सत्य भएका बुद्धधर्मलाई सुन्छ, ऊ जन्म लिनुबाट छुट्छ, बूढो हुनुबाट छुट्छ, मर्नुबाट छुट्छ, शोक गर्नु, रुनु, कराउनु दुःख, चिन्ता र पीरबाट छुट्छ । महाराज ! यो नै बुद्धको जडीबुटीको पसल हो ।”

ये केचि अगदा लोके, विसानं पटिबाहका ।

धम्मागदसमं नत्थि, एतं पिवथ भिक्खतो’ ति ॥

Dhamma.Digital

“विषलाई हटाउने संसारका जति जडीबुटीहरू छन्,

धर्मरूपी दवाई (औषधी) समान अरू कुनै पनि छैन,

भिक्षु हो ! यसलाई पिउनू ।

१०. “भन्ते नागसेन ! भगवान्को औषधीको पसल कुनचाहिँ हो ?”

“महाराज ! भगवान्को ती औषधीबारे भन्नुभएको छ, जुन औषधीबाट उहाँले देव-मनुष्यहरूलाई उपचार गर्नुभएको थियो – (१) चार स्मृतिप्रस्थान, (२) चार सम्यक्प्रधान, (३) चार ऋद्धिपाद, (४) पाँच इन्द्रिय, (५) पाँच बल, (६) सात बोध्यङ्ग, (७) आर्य अष्टाङ्गि मार्ग – यी औषधीहरूबाट भगवान्ले विरेचन दिएर मिथ्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्यावचन, मिथ्याकर्मान्त, मिथ्याजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति र मिथ्यासमाधिलाई हटाउनुहुन्छ । लोभ, द्वेष, मोह, अभिमान्, आत्मदृष्टि, विचिकित्सा, औ

द्वित्य, आलस्य, निर्लज्जता, अनवत्राप्य र सबै क्लेशहरूलाई छदाउनुहुन्छ । महाराज ! यही भगवान् बुद्धको औषधीको पसल हो ।”

‘यो केचि ओसधा लोके, विज्जन्ति विविधा बहू ।

धम्मोसधसमं नत्थि, एतं पिवथ मिक्खवो ॥

धम्मोसधं पिवित्वान, अजरामरणा सियुं ।

भावयित्वा च पस्सित्वा, निब्बुता उपधिक्खये’ति ॥

‘संसारमा जुन नाना प्रकारका औषधीहरू छन्,

यस धर्मरूपी औषधीसमान अर्को कुनै छैन । भिक्षु हो ! यसलाई पिउनू ।

धर्मरूपी औषधीलाई पिएर जरा-मरणबाट छुट ।

भावना गर्दै परम-ज्ञानलाई साक्षात्कार गरेर सबै उपधिहरू मेटिएपछि निर्वाण पाऊ ।’

११. “भन्ते नागसेन ! भगवान्को अमृतको पसल कुनचाहिँ हो ?”

“महाराज ! भगवान्ले त्यो अमृतबारे पनि भन्नुभएको छ, जुन अमृत देव र मनुष्यसहित सारा लोकमा भरिदिनुभयो, जसले गर्दा सबै देव मनुष्यहरू जन्म, जरा, व्याधि, मरण, शोक गर्नु, रुनु-कराउनु, दुःख चिन्ता र पीरबाट मुक्त भए । त्यो अमृत कुनचाहिँ हो ? त्यो कार्यगतास्मृति हो । महाराज ! देवातिदेव भगवानले भन्नुभयो – ‘भिक्षु हो ! जसले कायगतास्मृतिको अभ्यास गर्दछ, उसले मानौं अमृत नै पिइरहेको छ ।’ महाराज ! बुद्धको यही ‘अमृतको पसल’ हो ।”

‘व्याधितं जनतं दिस्वा, अमतापणं पसारयि ।

कम्मेनं तं किणित्वान, अमतं आदेथ भिक्खवो’ति ॥

‘रोगग्रस्त जनतालाई देखेर उहाँले अमृतको पसल खोलिदिनुभयो ।

कर्मरूपी मूल्य दिएर भिक्षु हो ! त्यो अमृत पिउनू ।’

१२. “भन्ते नागसेन ! भगवान्को ‘रत्नको पसल’ कुनचाहिँ हो ?”

महाराज ! भगवान्ले ती रत्नहरूबारे पनि भन्नुभयो जसले सजिएर बुद्ध-पुत्र (भिक्षु) देवता र मनुष्यहरूसहित सारा लोकलाई जगमगाइदिन्छ, चम्काइदिन्छ, माथि, तल, सबै ठाउँमा प्रज्वलित भएर उज्यालो पारिदिन्छन् । ती कुनचाहिँ रत्न हो ? (१) शील, (२) समाधि, (३) प्रज्ञा, (४) विमुक्ति, (५) विमुक्तिज्ञान दर्शन 'रत्न', (६) प्रतिसंविदा 'रत्न' र (७) बोध्यङ्ग 'रत्न' ।"

"महाराज ! भगवान्को शीलरत्न के हो ? (१) प्रातिमोक्षसंवरशील, (२) इन्द्रियसंवरशील, (३) आजीव पारिशुद्धिशील, (४) प्रत्ययसन्निस्सितशील, (५) चूलशील, (६) मध्यम्शील, (७) महाशील, (८) मार्गशील र (९) फलशील । महाराज ! जुन मानिस शीलरत्नले विभूषित छन्, उनीहरूलाई देखेर देवता, मानिस, मार, ब्रह्मा, श्रमण, ब्राह्मण सबैको मन आनन्दित भई प्रसन्न हुन्छ । महाराज ! भिक्षु शीलर त्नले सुसज्जित भएर आफ्नो शोभाले दिशाहरू, अनुदिशाहरू, माथि तल तेर्सो सबै दिशाहरू ज्वाजल्यमान भई चम्किन्छ । सबैभन्दा तल अवीचिनरकदेखि लिएर सबैभन्दा माथि स्वर्गलोकसम्म जति अरू रत्नहरू छन्, सबैभन्दा यो शीलरत्न श्रेष्ठ छ, अग्र छ सबैलाई पराजित गरिदिन्छ । महाराज ! भगवान्को रत्नको पसलमा यस्ता शीलरत्नहरू छन् । महाराज ! यसै लाई भगवान्को शीलरत्न भन्छन् ।"

'एवरूपानि सीलानि, सन्ति बुद्धस्स आपणे ।

कम्मेन तं किणित्वान, रतनं वो पिलन्धथा'ति ॥

"यस प्रकारको शीलरत्न बुद्धको पसलमा पाइन्छ

कर्मरूपी मूल्यले किनेर त्यसलाई धारण गर ।'

१३. "महाराज ! भगवान्को 'समाधिरत्न' के हो ? (१) सवितर्क सविचार समाधि, (२) अवितर्क विचारमात्र समाधि, (३) अवितर्क अविचार समाधि, (४) शून्यता समाधि, (५) अनिमित्त समाधि र (६) अप्रणिहित समाधि । महाराज ! समाधिरत्नले सुसज्जित भिक्षुको कामवितर्क, व्यापादविर्तक, विहिंसावितर्क, मान, उद्धच्च, आत्मदृष्टि, विचिकित्सा, क्लेश, पाप तथा नाना कुतर्क – सबै समाधि लाग्दै विलीन हुन्छन, नष्ट हुन्छन्, तीमध्ये केही पनि बाँकी रहँदैन । महाराज ! जसरी पोखरीमा भएको कमलको पातमा पानी रहन सक्दैन, बगेर तल झर्छ । त्यो किन हुन्छन् ?" "किनकि कमलको पात एकदमै शुद्ध र चिप्लो भएकोले; महाराज ! यसरी समाधिरत्नले सुसज्जित भिक्षुको कामवितर्क, व्यापादविर्तक, विहिंसावितर्क, मान, उद्धच्च, आत्मदृष्टि, विचिकित्सा, क्लेश, पाप तथा नाना कुतर्क – सबै समाधि लाग्नेबित्तिकै विलीन हुन्छन, नष्ट हुन्छन् ।" "त्यो किन ?" "किनकि, समाधि अत्यन्त शुद्ध भएकोले । महाराज ! यसैलाई भगवान्को समाधिरत्न भनिन्छ । महाराज ! यस प्रकारको समाधिरत्न भगवान्को 'रत्नको पसल'मा छ ।"

समाधिरतनमालस्स कुवितक्का न जायरे ।

न च विक्खिपते चितं, एतं तुम्हे पिलन्धर्था'ति ॥'

'जसले समाधिरत्नरूपी माला लगाएको छ, उसलाई कुतर्कले सताउन सक्दैन ।

उसको चित्त कहिल्यै चञ्चल हुन सक्दैन, त्यसलाई तिमीहरू पनि लगाउनू ॥'

१४. "भगवान्‌को 'प्रज्ञारत्न' के हो ?" "महाराज ! जुन प्रज्ञाद्वारा आर्य श्रावकले यो कुशल (पुण्य) हो भनी यथार्थ रूपमा जान्दछ, यो अकुशल (पाप) हो भनी ··· । यो दोषसहितको हो ··· यो दोष रहित को हो ··· । यो सेवन गर्न योग्य छ, यो सेवन गर्न अयोग्य छ । यो हीन छ, यो प्रणीत छ । यो कालो, यो उज्यालो छ, यो कालो र उज्यालो मिसिएको दुवै छ भनी यथार्थ जान्दछ । यो दुःख हो ···, यो दुःख समुदय हो ···, यो दुःख निरोध हो ···, यो दुःख निरोधगामी मार्ग हो भनी यथार्थ जान्दछ ।"

'पञ्ञारतनमालस्स, न चिरं वत्तते भवो ।

खिप्पं फस्सेति अमतं, न च सो रोचते भवे'ति ॥'

'जसले प्रज्ञारत्नलाई आफ्नो गलामा लगाउँ ऊ आवागमनको चक्करमा धेरै बेर रहँदैन ।

उसे चाँडै अमृतपद पाउँछ, उसलाई भवको इच्छा हुँदैन ।'

१५. "भगवान्‌को 'विमुक्तिरत्न के हो ?" "महाराज ! विमुक्तिरत्न अर्हत्पदलाई भनिन्छ । अर्हत् भएर भिक्षु विमुक्तिरत्नले सुशोभित हुन्छ । महाराज ! जस्तै – कुनै पुरुष मोती, माला, मणि, सुन, चाँदी र मुगा आदिका आभूषणहरूले विभूषित भएर अगर, तगर, रक्तचन्दन इत्यादिको लेपले आफ्नो शरीर लाई सुगन्धित पार्दछ । नाग, पुन्नाग, शाल, सल्ल, चम्पक, जुही, अविमुक्तक, गुलाफ, कमल, मालती, मल्लिका इत्यादि फूलहरूको मालाले आफूलाई सजाउँदा त्यो पुरुष अन्य व्यक्तिहरूभन्दा कति धेरै शोभित हुन्छ, राम्रो लाग्छ, चम्कन्छ र मनोरम लाग्छ । त्यसो किन ?" "किन कि सबै आभूषणहरूमध्ये यही सर्वोच्च आभूषण हो – जो विमुक्तिरत्न हो । महाराज ! यसैलाई भगवान्‌को 'विमुक्तिरत्न' भनिन्छ ।"

'मणिमालारं गेहजनो सामिं उदिक्खति ।

विमुत्तिरतनमालन्तु, उदिक्खन्ति सखेवका'ति ॥'

'मणिमाला धारणा गर्नेलाई घरका मानिसहरूले स्वामी (मालिक) भनेर भन्छन् ।

विमुक्ति रत्नमाला धारण गर्नेलाई देवसहित सबैले स्वामी भनी भन्दछन् ।'

१६. "महाराज ! भगवान्‌को कुनचाहिँ 'विमुत्ति ञानदर्शन रत्न' हो ?" "महाराज ! प्रत्यवेक्षण ज्ञानलाई नै भगवान्‌को विमुक्ति ज्ञानदर्शन रत्न भनिन्छ, जुन ज्ञानदर्शनद्वारा आर्यश्रावकले मार्ग, फल निर्वाणलाई पनि प्रत्यवेक्षण गर्दछ । मेटिई सकेको क्लेशलाई र बाँकी भएको क्लशलाई समेत प्रत्यवेक्षण गर्दछ ।"

'ये ञाणेय बुज्झन्ति, अरिया कतकिच्चतं ।

तं ञाणरतनं लद्धुं वायमेथ जिनोरसा'ति ॥

'जुन ज्ञानद्वारा आर्यश्रावकले बुझ्छ कि उनले जे गर्नुथियो, त्यो पूरा गरे ।

हे भिक्षु हो ! त्यो ज्ञानरत्न पाउनका लागि उद्योग गर ।'

१७. "भन्ते नागसेन ! भगवान्‌को 'प्रतिसंविदारत्न' कुनचाहिँ हो ?"

"महाराज ! चार प्रतिसंविदाहरू छन् – (१) अर्थप्रतिसंविदा, (२) धर्मप्रतिसंविदा, (३) निरुक्तिप्रतिसंविदा, (४) प्रतिभानप्रतिसंविदा । महाराज ! यिनै चार प्रतिसंविद्‌रत्नहरूले सज्जित भएर भिक्षु जुनसुकै सभामा – क्षत्रिय-सभा, ब्राह्मण-सभा, गृहपति-सभा, या भिक्षु-सभामा जान्छ, बिना कुनै सङ्कोच निर्भय भएर जान्छ, टाउको ननिहुराई, नडराइ, रोमाञ्चित नभइ, डर त्रासरहित जान्छ ।" "महाराज ! जस्तै – कुनै योद्धा सिपाही पाँच प्रकारका शस्त्र धारण गरेर रणभूमिमा भयरहित उत्रन्छ । उसले मनमनै विचार गर्छ – 'यदि शत्रु धेरै टाढा छ भने उसलाई तीर चलाएर मार्छु, यदि अलिक नजिकमा रहन्छ भने भाला चलाएर मार्छु, यदि केही छेउमा हुन्छ भने उसलाई गदा चलाएर मार्छु, अझ अरू अगाडि आउँछ भने तरबारले दुई टुक्रा गरेर मारिदिन्छ, यदि एकदमै नजिक आयो भने खुकुरीले काटिदिन्छु ।' महाराज ! यसरी चार प्रतिसंविदा रत्नले सुसज्जित भिक्षु अभय भएर कुनै सभामा प्रवेश गर्दछ । उसलाई स्वयंमा पूरा विश्वास रहन्छ । उसले बुझ्छ – 'जसले मलाई अर्थसंविदाबारे सोध्छ त्यसको अर्थबाट अर्थ भनेर उत्तर दिन्छु, प्रमाणले प्रमाण दिएर उत्तर दिन्छु, हेतुलाई हेतुपूर्वक, तर्कले तर्कपूर्वक जवाफ दिई उनीहरूको सबै संशय हटाइदिन्छु, उनीहरूको भ्रम मेटाइदिन्छु' प्रश्नको ठीक उत्तर दिएर सन्तुष्ट पारिदिन्छु । यदि कसैले धर्मप्रतिसंविदाबारे मसित प्रश्न सोध्छ भने उसलाई धर्मले धर्म, अमृतले अमृत, असङ्खतले असङ्खतधर्मलाई, निर्वाणले निर्वाणलाई, शून्यताले शून्यतालाई, अनिमित्तले अनिमित्तलाई, अप्रणिहितले अप्रणिहितलाई र अनेक धर्मले अनेक धर्मलाई भनिदिन्छु । उसको सारा शङ्काहरू मेटाइदिन्छु, उसका प्रश्नहरूको उचित उत्तर दिएर उसलाई सन्तुष्ट पारिदिन्छु ।"

"यदि कसैले मलाई निरुक्तिप्रतिसंविदाका विषयमा सोध्छ भने, उसलाई निरुक्तिले निरुक्तिलाई, पदले पदलाई, अनुपदले अनुपदलाई, अक्षरले अक्षरलाई, सन्धिले सन्धिलाई, व्यञ्जनलले व्यञ्जनलाई,

वर्णले वर्णलाई, स्वरले स्वरलाई, प्रज्ञप्तिले प्रज्ञप्तिलाई, व्यवहारले व्यवहारलाई भनिदिन्छु । उसको सबै सन्देह, सबै शङ्का मेटाइदिन्छु, उसका प्रश्नहरूको उत्तर दिएर उसलाई सन्तुष्ट पारिदिन्छु ।"

"जसले मसित प्रतिभानप्रतिसंविदाबारे प्रश्न सोध्छ, उसलाई प्रतिभानले प्रतिभानलाई, उपमाले उपमालाई, लक्षणले लक्षणलाई, रसले रसलाई भनेर उसको सबै सन्देह, सबै शङ्काहरू मेटाइदिन्छु, उसको प्रश्नहरूको उत्तर दिएर उसलाई सन्तुष्ट पारिदिन्छु । महाराज ! यसैलाई भगवान्को प्रतिसंविदारत्न भनिन्छ ।"

पटिसम्भिदा किणित्वान, ञाणेन फस्सयेøय यो ।

अच्छम्भितो अनुब्बिग्गो, अतिरोचति संदेवके'ति ॥

'जो व्यक्ति ज्ञानद्वारा प्रतिसंविदालाई किन्दछ, ऊ देवताहरू र

मानिसहरूका साथ यस समग्र संसारमा निर्भय र अनुद्विग्न भएर बस्छ ।'

१८. "भगवान्को बोध्यङ्गरत्न कुनचाहिँ हो ?" "महाराज ! बोध्यङ्गरत्न सात प्रकारका छन् – (१) स्मृतिबोध्यङ्ग, (२) धर्मविचयसम्बोध्ङ्ग, (३) वीर्यसम्बोध्यङ्ग, (४) प्रीतिसम्बोध्यङ्ग, (५) प्रश्रब्धिसम्बोध्यङ्ग, (६) समाधिबोध्यङ्ग र (७) उपेक्षासम्बोध्यङ्ग । महाराज ! यी सात सम्बोध्यङ्गले सजिएर भिक्षु समग्र अन्धकारलाई हटाएर देवसहित लोकलाई आफ्नो तेजले उज्यालो पारेर प्रकाशित गरिदिन्छ । महाराज ! यसैलाई 'बोध्यङ्गरत्न' भनिन्छ ।"

बोज्झङ्गरतनमालस्स, उट्ठहन्ति सदेवका ।

कम्मेन तं किणित्वान, रतनं वो पिलन्धथा'ति ।

'जसले आफ्नो गलामा 'बोध्यङ्गरत्न' धारण गरेको छ, उसको प्रतिष्ठामा देवता र मानिस सबै उठ्छन् । कर्मको मूल्य तिरेर किनी त्यस्ता रत्नलाई धारण गर ।'

१९. "भन्ते नागसेन ! बुद्धको कुन पसलमा सबै मालतालहरू पाइन्छ ?" "महाराज ! सबै थोक पाउने पसल हो – (१) नौ अङ्गहरूले युक्त बुद्धको वचन, (२) शरीरधातु (भगवान्को शरीरको भस्म), (३) भगवान्ले परिभोग गर्नुभएको वस्तु, (४) चैत्य र (५) सङ्घरत्न । महाराज ! यो पसल जातिसम्पत्ति, भोगसम्पत्ति, आयुसम्पत्ति, आरोग्यसम्पत्ति, वर्णसम्पत्ति, प्रज्ञासम्पत्ति, मनुष्यसम्पत्ति, दिव्यसम्पत्ति र निर्वाणसम्पत्तिले सजिएको छ । यहाँ जसको जस्तो रुची छ, कर्मको मूल्य दिएर त्यो सम्पत्ति किन्न सक्छ । कतिपय व्यक्तिहरू शील पालन गरेर, कति उपोसथव्रत पालन गरेर र अलिअलि पुण्य गरेर सोहीअनुसार सम्पत्ति किन्छन् । महाराज ! जस्तै – अन्नको पसलमा तिल, मुग, मास आदि थोरै दाममा पनि धेरथोर किन्न सकिन्छ; त्यसरी नै भगवान्का पसलमा थोरै पुण्यले पनि

त्यसअनुसार सम्पत्ति किन्न सकिन्छ । महाराज ! यही बुद्धको 'सबै मालतालको पसल' हो, जहाँ सबै चीज पाइन्छ ।"

आयु आरोगता वण्णं, सग्गं उच्चाकुलीनता ।

असङ्खतञ्च अमतं, अत्थि सब्बापणे जिने ॥

अप्पेन बहुकेनापि, कम्ममूलेन गØहति ।

किणित्वा सद्धामूलेन, समिद्धा होथ भिखवो'ति ॥'

'आयु, आरोग्य, सौन्दर्य, स्वर्ग, उच्च कुलमा जन्म,

असङ्खत र अमृत, निर्वाण- सबै चीज भगवान्‌को यस पसलमा पाइन्छ ।

कर्मको थोरै या धेरै मूल्य दिएर त्यहीअनुसार व्यक्तिहरूले किन्छन्,

श्रद्धाको मूल्यले यसलाई किनेर धनी होऊ ।'

२०. "महाराज ! भगवान्‌को धर्मनगरमा यस्ता व्यक्तिहरू बस्छन् – सूत्र, विनय, अभिधर्म जान्नेहरू, धर्मपदेशक, जातककथा वाचक, दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तर निकाय, खुद्दकनिकाय पढ्नेहरू, शीलसम्पन्न, समाधिसम्पन्न, प्रज्ञासम्पन्न, बोध्यङ्ग-भावनामा रत रहनेहरू विपश्यना भावना गर्नेहरू, व्याकरणको अर्थ लगाउन जान्नेहरू, अरण्यक (ध्यानको साधना गर्न जङ्गलमा रहने व्यक्ति), रुक्खमूलिक (रूखमन्तिर आसन लगाउने व्यक्ति), अब्भोकासिका (खुला स्थानमा बस्नेहरू) पलालपुञ्जक (झुपडीमा बस्नेहरू), शमशानिका (मसानमा गएर ध्यान गर्नेहरू), नेसज्जिका (राम्रो काममा संलग्न फलमा पुगेका), शैक्षहरू, फल समङ्गिहरूश्रोतापन्न, सकृदागामी, अनागामी, अर्हत्, तीन विद्याहरू जान्ने व्यक्ति, छ अभिज्ञाहरू धारण गर्ने, ऋद्धिमान्‌हरू, प्रज्ञामा पारङ्गत भइसकेका, स्मृतिप्रस्थान, सम्यकप्रधान, ऋद्धिपाद, इन्द्रिय, बल, बोध्यङ्ग, मार्ग, ध्यान, विमोक्ष, रूप, अरूप, शान्त सुख, समापत्तिमा कुशल व्यक्तिहरू छन् । त्यो धर्मनगरमा बाँस या नर्कटको झाडी समान अर्हत्‌हरूले टनाटन भरिएको हुन्थ्यो । भनिएको छ –

(१) राग, द्वेष, मोहरहित, क्षीणस्रव, तृष्णरहित तथा उपादानरहित भिक्षु त्यस धर्मनगरमा रहन्छन् ।

(२) जङ्गलमा बस्ने धुताङ्गधारी, ध्यान गर्ने, रुक्ष चीवर लगाउने, विवेकमा रत, धीर व्यक्ति त्यस धर्मनगरमा रहन्छन् ।

(३) आसन लगाइरहने, कहिलेकाहीं मात्र सुत्ने र बराबर चंक्रमण गरेर ध्यान गर्ने, पांसकूल चीवरधारी (फाटेको टुक्राबाट बनेको वस्त्र लगाउने) यी सबै त्यस धमनगरमा बस्छन् ।

(४) चीवरधारी सन्तहरू चर्मखण्डधारक एकछाक मात्र खाएर प्रसन्न रहने, विद्वानहरू नै धर्मनगरमा रहन्छन् ।

(५) थोरै इच्छा भएका, ज्ञानी, धीर, अल्पहारी, निर्लोभी जे पाए पनि त्यसैमा सन्तुष्ट रहने त्यस धर्मनगरमा बस्छन् ।

(६) ध्यान गर्ने, ध्यानमा रत रहने, धीर, शान्तचित्त र समाधि लगाउने, निर्वाणको इच्छा राख्नेहरू त्यस धर्मनगरमा रहन्छन् ।

(७) सन्मार्गमा हिंड्ने, फलमा स्थिर भइरहने, शैक्ष, निर्वाण पद पाउनेहरू, उत्तमपद, प्राप्तिमा रत भिक्षुहरू नै धर्मनगरमा रहन्छन् ।

(८) मलरहित श्रोतापन्न, सकृदागामी, अनागमी र अर्हत् नै धर्मनगरमा बस्छन् ।

(९) स्मृतिप्रस्थानमा कुशल, बोध्यङ्गको भावनामा रत, ज्ञानी, धर्मात्मा, धर्मनगरमा रहन्छन् ।

(१०) ऋद्धिपादमा कुशल, समाधि र भावनामा रत, सम्यकप्रधानता लागेका भिक्षुहरू धर्मनगरमा रहन्छन् ।

(११) अभिज्ञाको चरम सीमासम्म पुगेका, बुद्धरूपी आफ्नो पैतृक कमाइमा आनन्द लिने, आकाशमा भ्रमण गर्नेहरू धर्मनगरमा बस्छन् ।

(१२) तल दृष्टि राख्ने, थोरै बोल्ने, इन्द्रियहरूलाई वशमा राख्ने, संयमी, यस उत्तम धर्ममा आएर नम्र भएका व्यक्तिहरू नै यस धर्मनगरमा रहन्छन् ।

(१३) तीन विद्या छ अभिज्ञाहरूले पूर्ण र ऋद्धिमा पारङ्गत भएका, प्रज्ञामा पारङ्गत भइसकेका यस धर्मनगरमा रहन्छन् ।"

२१. "महाराज ! जुन भिक्षुहरू अनन्त ज्ञानी, सांसारिक वस्तुहरूमा नफँस्ने, अतुल्य गुण भएका अतुल्य यश, अतुल्य बल, अतुल्य तेज, धर्मचक्र अनुप्रवर्तक र प्रज्ञापारङ्गगत भइसकेकाहरू रहन्छन् । यस प्रकारका भिक्षुहरूलाई भगवान्‌को धर्मनगरमा 'धर्मसेनापति' भनेर भनिन्छ ।"

२२. "महाराज ! जुन भिक्षुहरू ऋद्धिमान् छन्, प्रतिसंविद ग्रहण गरिसकेका छन्, वैशारद्य पाइसकेका छन्, आकाशमा विचरण गर्छन्, परास्त गर्न नसकिने, जसको बराबरी कोही पनि छैन, अरूको आधार लिएर जीविका गर्दैनन्, समुद्र र सुमेरु पर्वतसहित सारा पृथ्वीलाई कम्पन गराउँछन्,

चन्द्र सूर्यलाई पनि आफ्नो हातले छुन सक्छन्, आफ्नो रूप बदल्न सक्छन्, दृढ संकल्प र उच्च उद्देश्य पूर्ण गर्न सक्छन् र जो ऋद्धिमा पूर्ण छन्, तिनै भिक्षुहरूलाई यस धर्मनगरमा पुरोहित भनिन्छ ।"

२३. "महाराज ! जुन भिक्षुहरू धुताङ्गधारक छन् अल्पेक्ष छन्, संतुष्ट छन्, विनय विपरीत भनेर माग्नलाई घृणा गर्दछन्, घर नछाडेर पिण्डपात गर्दछन्; जस्तै – भमराले फलफूलमा बसेर रस लिन्छ र त्यसपछि एकान्तमा जान्छ, आफ्नो जीवनयापन र शरीरप्रति निरपेक्ष, अर्हत्-पद जसले पाएका छन् र जो धुताङ्ग पालनलाई नै सबैभन्दा राम्रो ठान्दछन् – ती भिक्षु भगवान्को यस धर्मनगरमा 'अधिकारी' भनिन्छ ।"

२४. "महाराज ! जुन भिक्षुहरूले परिशुद्ध, निर्मल, क्लेशरहित र सबैभन्दा अन्तिम दिव्यचक्षु पाइसकेका छन् उनीहरूलाई भगवान्को धर्मनगरमा 'नगरजोतिक' भनिन्छ ।"

२५. "महाराज ! जुन भिक्षुहरू ठूलो विद्वान छन्, आगम (होनहार पण्डित) छन्, धर्म पूरापूर जान्दछन्, विनयलाई धारण गर्दछन्, अभिधर्मलाई बुझ्दछन्, मातृकाहरूको सम्झना गर्दछन्, उच्चारणमा कुशल छन्, यस नवांग (नौ अङ्ग) परियत्ति शासनलाई जान्दछन् । उनीहरूलाई भगवान्को यस धर्मनगर मा चौकीदार (धर्मरक्षक) भनिन्छ ।"

२६. "महाराज ! जुन भिक्षुहरू विनय जान्दछन्, विनयको गुढ़भन्दा गूढ़ कुरासम्म पुगेका छन्, निदानमा कुशल छन्, विनयको सारा कर्म राम्ररी भन्न सक्दछन् र विनयमा सबै थोक जान्ने योग्य छन्, त्यसका ज्ञाताहरूलाई भगवान्को यस धर्मनगरमा 'रूपदर्शक' भनिन्छ ।"

२७. "महाराज ! जुन भिक्षुहरूले विमुक्तिको पुष्पगुच्छा आफ्नो शिरमा राखिसकेका छन्, उत्तम, अमूल्य र श्रेष्ठ अवस्था पाइसकेका छन्, तथा मानिसहरूका प्रिय र आदरणीय छन्, उनीहरूलाई भगवान्को यस धर्मनगरमा फूल बेच्ने 'माली' भनिन्छ ।"

२८. "महाराज ! जुन भिक्षुहरूले चार आर्यसत्यहरूलाई सम्यक्रूपले अवबोध गर ी, सत्यज्ञानको साक्षात्कार गरिसकेका छन्, जसले बुद्धधर्मलाई पूरापूरा बुझेका छन्, जो चारै श्रामण्य-फलहरूमा सन्देहरहित छन्, त्यस्ता फलहरूको सुख पाइसकेका छन्, तथा अन्य सत्य मार्गमा आइसकेर बीचमा पनि धर्म बाँडिदिन्छन्, उनीहरू भगवान्को धर्मनगरमा फल बेच्ने फलफूल पसले हुन् ।"

२९. "महाराज ! जुन भिक्षुहरू शीलरूपी सुगन्धले लिप्त भएर अनेक प्रकारका सद्गुणहरू धारण गरी क्लेशरूपी मललाई नाश गरिदिन्छ, उनीहरूलाई भगवान्को यस धर्मनगरमा सुगन्ध बेच्ने 'सुगन्धी पसले' भनिन्छ ।"

३०. "महाराज ! जुन भिक्षुहरू धर्म नै रुचाउँछन्, मीठो कुरा गर्ने हुन्छन्, अभिधर्म र विनयमा अत्यन्त आनन्द लिन्छन्, जङ्गलमा बसेर या रूखमन्तिर आसन लगाएर या एकान्त प्रकोष्ठमा बसेर केवल धर्मको मात्र मीठो रस पिउँछन्, शरीर, मन र वचनले एउटै धर्मको रसमा मात्र डुबिरहन्छन्, धर्ममा ठूला प्रतिभा सम्पन्न हुन्छन्, धर्मको खोजीमा सधैं लागिरहन्छन्, सर्वत्र अल्पेच्छताको प्रशंसा गर्दछन्, सन्तोषको बडाइ गर्छन्, विवेकको बडाइ गर्छन्, सांसारिक जालदेखि पर बसेर उपदेश दिन्छन्, असल कामको प्रयासमा सधैं लागिरहन भन्छन्, शील, समाधि, प्रज्ञा, विमुक्ति एवं विमुक्ति-ज्ञान दर्शनको

उपदेश दिन्छन्, जसका सामु मानिसहरू गएर विविध प्रकारका उपदेश ग्रहण गर्दछन्; उनीहरू भगवान्को धर्मनगरमा 'सोण्ड पिपासा' भनिन्छ ।"

३१. "महाराज ! जुन भिक्षुहरू प्रथम यामदेखि अन्तिम यामसम्म नसुतेर जागा भई उठेर चक्रमण गरेर दिन-रात ध्यान-भावना गर्दछन्, भावना गर्नमा सधैं लागिरहन्छन्, आफ्नो क्लेश मेट्न सधैं प्रयत्नशील रहन्छन्, उनीहरूलाई भगवान्को यस धर्मनगरमा 'रक्षक' (पाले) भनिन्छ ।"

३२. "महाराज ! जुन भिक्षुहरू भगवान्का नौ-अङ्गयुक्त बुद्धवचनलाई अर्थ, व्यञ्जन, तर्क, कारण, हेतु र उदाहरणद्वारा सम्झाएर भन्दछनत्, उनीहरूलाई भगवान्को धर्मनगरको 'वकिल' भनिन्छ ।"

३३. "महाराज ! जुन भिक्षुहरू धर्मरत्नले धनी छन्, पुरानो परम्पराको धन राख्छन्, विद्याले धनाढ्य छन् र धर्मको निर्देश, स्वर, व्यञ्जन, लक्षण र गम्भीर (गूढ) tŒjsf ज्ञानले भरपूर्ण छन्, उनीहरूलाई भगवान्को यस धर्मनगरमा 'नगरसेठ' भनिन्छ ।"

३४. "महाराज ! जुन भिक्षुहरू देशनाको रहस्यसम्म पुगेका छन्, ध्यानको अभ्यासका लागि जुन विषय मानिएको छ, त्यसको विभाग र तात्पर्यलाई बुझेका छन्, सूक्ष्मभन्दा सूक्ष्म शिक्षाहर पाईसकेका छन्, उनीहरूलाई भगवान्को यस धर्मनगरमा ठूलो विख्यात 'हाकिम' भनिन्छ ।"

३५. "महाराज ! भगवान्को धर्मनगर यति राम्रोसँग बसेको छ, यति राम्ररी नाप जोख गरेर तयार गरिएको छ, त्यसमा यस्तो विशेषता देखाइएको छ कि सबे काम पूरा गरिएको होस्, यस्तो राम्रो व्यवस्था बनाइएको छ, त्यो यति रक्षित छ कि शत्रु कतैतिरबाट पनि चढ्न सक्दैन ।"

"महाराज ! यी सबैलाई देखेर यही सम्झनुपर्छ कि भगवान् अवश्य हुनुहुन्थ्यो ।"

(१) "जस्तै राम्ररी विभाजित सुन्दर नगरलाई देखेर, मानिसहरूले त्यसको निर्माताको निपुणता पत्ता लगाउँछन् ।

(२) त्यसरी नै, लोकनाथ (बुद्ध)को यस श्रेष्ठ धर्मपुरलाई देखेर भगवान् कस्तो हुनुहुन्थ्यो मानिसहरू यसको अनुमान गर्दछन् ।

(३) समुद्रको तरङ्गलाई देखेर मानिसहरू अनुमान गर्न सक्छन् कि जस्तो यी तरङ्गहरू छन् त्यस्तै ठूलो समुद्र होला ।

(४) त्यस्तै शोक मेटिदिने अपराजेय बुद्धलाई तृष्णा नष्ट गरिदिने र भवसागरबाट पार लगाइदिनेलाई ।

(५) देवताहरू र मानिसहरूमा उहाँका धर्मरूपी तरङ्गहरू देखेर अनुमान गर्नुपर्छ कि जसरी धर्मका छालहरू उठिरहेका छन् त्यसरी नै, बुद्ध पनि महान् हुनुहुन्छ होला । जसरी निकै अग्लो चुचुरो हेरेर मानिसहरू अनुमान गर्छन् कि यति अग्लो चुचुरो हिमालयकै होला ।

(६) त्यसरी नै, धर्मरूपी पहाडको चुचुरोलाई देखेर जो (तृष्णाको ज्वालाले) शान्त र उपधिरहित भएको छ, भगवान्‌को यस उच्च, भव्य र महान् धर्म-पर्वतलाई देखेर अनुमान गर्नुपर्छ कि उहाँ श्रेष्ठ महावीर बुद्ध कस्तो हुनुहोला ।

(७) जस्तै – गजराज (हात्ती) को खुट्टालाई देखेर मानिसहरू अनुमान गर्छन् कि यो हात्ती निकै ठूलो होला ।

(८) त्यसरी नै, बुद्ध गजराजका गोडा देखेर बुद्धिमान् मानिसहरू अनुमान गर्छन् कि उहाँ कस्तो महान् हुनुहुन्छ होला ।

(९) जङ्गलका सानातिना जनावरहरूलाई डराएको देखेर मानिसहरूले अनुमान गर्दछन् कि सिंहको गर्जन सुनेर नै जङ्गलका यी सानातिना जनावरहरू तर्सेका होलान् ।

(१०) त्यसरी नै, तीर्थकरहरू डराएर भागेको देखेर अनुमान गर्न सकिन्छ कि यो धर्मराज (बुद्ध) को गर्जन हो ।

(११) शान्त पृथ्वीलाई पानीले भिजाएर गिला र हरिया पातहरूले शोभित देखेर अनुमान गर्न सकिन्छ कि यहाँ भारी वर्षा भएको थियो होला ।

(१२) त्यसरी नै, संसारका मानिसहरूलाई आमोद-प्रमोदयुक्त देखेर, अनुमान गरिन्छ कि धर्मरूपी (बुद्धोपदेश) वर्षा भएको होला ।

(१३) पानी लागेको र हिलो भएको जमिनलाई देखेर अनुमान गर्न सकिन्छ कि - अवश्य यहाँबाट ठूलो जलधारा (खोलानाला) बगेको होला ।

(१४) त्यसरी नै, पापरूपी धूलो र हिलो नष्ट भएको धर्मरूपी नदी बगेर विशिष्ट धर्मरूपी सागर मा मिसिएको देखी देवसहित लोकले अनुमान गरेर जान्न सकिन्छ ।

(१५) संसारका देवताहरू र मानिसहरूले धर्म-अमृत पाएको देखेर अनुमान गरिन्छ कि यहाँ धर्मरूपी ठूलो धारा बगेको होला ।

(१६) उत्तम गन्ध पाएर मानिसहरूले अनुमान गर्छन् कि जसरी गन्ध बगिरहेको छ, थाहा हुन्छ कि यी बोटहरू फूलहरूले लादिएका होलान् ।

(१७) त्यसरी नै, यो शीलको सुगन्ध फैलिएको थाहा पाई देवसहित मानिसहरूले सम्झनुपर्छ कि अलौकिक बुद्ध हुनुहुन्थ्यो होला ।"

३६. "महाराज ! यस प्रकारका सयकडौं र हजारौं कारण, तर्क र उपमाहरूले बुद्धबलको अनुमान गर्न सकिन्छ । महाराज ! जस्तै – कुनै चतुर मालीले आफ्ना गुरुले भनेअनुसार आफ्नो बुद्धि लगाएर नाना प्रकारका फूलहरूले माला उनेर राम्रोसँग सजाइदिन्छ, त्यसरी नै, मानौं बुद्ध-मन्दिरमा उहाँका अनन्त सद्‌गुणहरूको फूलले माला उनिरहेको छु – आफ्नो आचार्यले बताएअनुसार र आफ्नो बुद्धि

लगाएर पनि । त्यसो त, म हजारौं उपमाहरूले बुद्धबल देखाउन सक्छु, यदि तपाईं सुन्न चाहनुहुन्छ भने ।"

"भन्ते नागसेन ! अन्य व्यक्तिहरूले यस्तो कारण र यस्तो अनुमान देखाई बुद्धबलको परिचय दिन उनीहरूलाई गाऱ्है पर्छ होला । मेरो शङ्का निवारण भयो । भन्ते नागसेन ! तपाईंले दिनुभएको प्रश्नहरूको उत्तर निकै राम्रो छ, विचित्र पनि छ ।"

## २. धुताङ्ग प्रश्न

१. राजाले भिक्षुकहरूलाई घना जङ्गलमा बसेर धुताङ्ग व्रत पालन गरेको देखे, फेरि ती गृहस्थहरूलाई देखे जो अनागामी फलमा प्रतिष्ठित भइसकेका थिए ।

ती दुवैलाई देखेर पछि राजाको मनमा ठूलो संशय उत्पन्न भयो; यदि गृहस्थ रहेर नै, ज्ञान प्राप्त हुन्छ भने धुताङ्गा निष्फल ठहरिन्छ ।

"राम्रो हुनेछ कि म अरूका तर्कहरूको खण्डन गर्ने, त्रिपिटक पण्डित ती श्रेष्ठ वक्ताहरूकहाँ गएर सोधूँ । उनीहरूले अवश्य मेरो शङ्का मेटिदिनु हुनेछ ।"

२. त्यसपछि राजा मिलिन्छ जहाँ आयुष्मान् नागसेन हुनुहुन्थ्यो त्यहाँ गएर उहाँलाई वन्दना गरी एकातिर बसे । त्यसपछि उसले आयुष्मान् नागसेनलाई भने – "भन्ते नागसेन ! के कोही गृहस्थ छ, जसले आफ्नो घरमा सबै कामगुणहरूलाई उपभोग गर्दै स्त्री र बच्चाहरूका साथ रहेर, काशीको चन्दन लगाएर, माला, गन्ध र लेपको प्रयोग गर्दै, रूपियाँपैसाको लेनदेन गर्दै र मोती-मणि-सुनका गहना लगाएर पनि परम शान्तिपद निर्वाणलाई साक्षात् गरेको होस् ?"

"महाराज ! न एक सय, न दुई सय न तीन, चार पाँचसय, न एक हजार, न एक लाख, न सय करोड, न लाख करोड यस्ता गृहस्थहरू भइसकेका छन् जसले निर्वाणलाई साक्षात् गरिसकेका छन् । महाराज ! दस, बीस, सय या हजारको गन्तीलाई छाडौं – खै, म कसरी तपाईंलाई सम्झाऊँ ?"

"हो, त्यो तपाईं नै सम्झाउनुहोस् ।"

"महाराज ! ठीक छ, त्यसो भए म सम्झाउँछु – नवाङ्ग बुद्धवचनमा जो पवित्र सदाचार, सत्य मार्गमा आउनु र धुताङ्गका राम्राराम्रा गुण छन् ती सयकडौं हजारौं कुराहरू यस प्रकरणमा आउँछन् ।"

"महाराज ! जसरी तल-माथि बराबर, खाडल, जल, थल, सबै ठाउँहरूमा पानी परेर बग्दाबग्दै अन्तमा समुद्रमा नै गएर ती मिसिन्छन्, महाराज ! त्यसरी नै, यस प्रकरणलाई विस्तार गर्नमा नवाङ्ग बुद्धवचनमा जुन पवित्र सदाचार सन्मार्गमा आउनु, तथा धुताङ्गका सद्गुण छन् ती सबैका कुरा पर्न आउँछन् ।"

"महाराज ! मलाई आफ्नो बुद्धिले पनि केही कुरा भन्नुपर्ने हुन्छ । यस प्रकार, यो कुरा राम्ररी बोधगम्य, विचित्र, परिपूर्ण र प्रतिष्ठित हुनेछ । महाराज ! जस्तै – कुशल लेखकले आफ्नो बुद्धिले त्यस लेखलाई परिपुष्ट गरिदिन्छ, यस प्रकार त्यो लेख सुन्दर, पूर्ण र दोषरहित हुन्छ, महाराज ! त्यसरी नै, यस प्रकरणमा मैले पनि आफ्नो बुद्धिले केही कुरा सम्झाउनुपर्छ र त्यसपछि यो कुरा राम्रोसँग बोधगम्य, विचित्र, परिपूर्ण प्रतिष्ठित हुनेछ ।"

३. "महाराज ! श्रावस्ती नगरमा भगवान्का पाँच करोड आर्यश्रावक उपासक र उपासिकाहरूबस्दथिए । तीमध्ये एकलाख सन्ताउन्न हजार अनागामी फलमा प्रतिष्ठित भइसकेका थिए । उनीहरू सबैजना गृहस्थ नै थिए, प्रव्रजित होइन । फेरि, गण्डम्ब रूखमन्तिर यमक प्रातिहार्य (ऋद्धि) देखाउँदा बीस करोड (देवता र मानिसहरू) प्राणीहरूलाई सत्यज्ञान भएको थियो । फेरि, महाराहुलोवाद, महामंगलसूत्र, समचित्तपरियाय, पराभवसूत्र,पुराभेदसूत्र कलह-विवादसूत्र, चूलव्यूहसत्र, महाव्यूहसूत्र, तुवटकसूत्र, र सारिपुत्रसूत्रलाई देशना गर्नुहुँदा अनन्त देवताहरूलाई धर्मज्ञान प्राप्त भएको थियो ।"

"राजगृह नगरमा भगवान्का तीन लाख पचास हजार उपासक र उपासिकाहरू आर्यश्रावक थिए । फेरि, त्यहाँ धनपाल नामको हात्तीलाई दमन गर्दा नब्बे करोड देवता; चट्टान भएको चैत्यमा पार ायणसूत्र देशना गर्नु भएपछि चौध करोड देवताहरूले धर्मको साक्षात्कार गरिसकेका थिए । इन्द्रसालगुहा, वाराणासीमा असी करोड देवता; ऋषिपतन मृगदावनमा सर्वप्रथम देशना गर्नुहुँदा अठार करोड ब्रह्मा र असंख्य देवता; फेरि तावतिंस भवनमा पण्डुकम्बलशिलामा अभिधर्म देशना गरेपछि अस्सी करोड देवता र देवभवनबाट उत्रने बेलामा सङ्ख्यनगरको ढोकामा लोक विवरण प्रतिहार्य (ऋद्धि) बाट प्रसन्न भएर तीस करोड मानिस र देवताहरूले ज्ञानचक्षु प्राप्त गर्न सकेका थिए ।"

"फेरि, शाक्यहरूलाई कपिलवस्तु नगरको न्यग्रोधाराममा बुद्धवंश देशना गर्नुहुँदा र महासमयसूत्र देशना गर्नुभएपछि अनगिन्ती देवताहरूलाई धर्मज्ञान भएको थियो । फेरि, सुमन नामको माली, गर हदिन्न, आनन्द सेठ, जम्बुकाजीवक, मण्डूक देवपुत्र, मट्टकुण्डलि देवपुत्र, सुलसा नामकी वेश्या, सिरीमा नामकी वेश्या, जुलाहाकी छोरी, सानी सुभद्रा, साकेत, ब्राह्मणको अन्त्येष्टि क्रिया हेर्न आएका मानिसहरू सुनापरन्तक शक्रप्रश्न, तिरोकुड्ड र रतनसूत्रको देशना गरेपछि, चौरासी हजार प्र ाणीहरूलाई धर्मज्ञान गराइदिनुभएको थियो । महाराज ! भगवान् आफू जिउँदो छँदै तीन मण्डलहरूमा र सोह्र महाजनपदहरूमा जहाँ-जहाँजानुभयो त्यहाँ-त्यहाँ अनेक देवता र मानिसहरूलाई निर्वाणसम्म पुऱ्याइदिनुभयो । महाराज ! यी सबै देवताहरू गृहस्थ नै थिए, प्रव्रजित होइन । महाराज ! यी करोडौं अनगिन्ति देवताहरूले गृहस्थका काम गुणहरूलाई भोग्दा भोग्दै नै निर्वाण पाइसकेका थिए ।"

४. "भन्ते नागसेन ! यदि संसारका कामभोगहरूलाई भोग्ने गृहस्थ पनि शान्त परम निर्वाणलाई साक्षात् गर्दछन् भने भिक्षु धुताङ्ग-साधन गर्ने चक्करमा किन रहिरहन्छन् ? त्यसो भएपछि धुताङ्ग के निर र्थक ठहरिँदैनन् ? भन्ते नागसेन ! यदि झारफुक र औषधी बेगर नै रोग निको हुन्छ भने वमन र विरेचन दिएर शरीरलाई कमजोर तुल्याउनाले के लाभ ! यदि मुक्का र घुस्सा चलाएर नै शत्रुलाई पर ास्त गर्न सकिन्छ भने, तरबार, भाला, तीर, धनुष, लाट्ठी र गदाको के काम ! यदि गाँठो भएको बाङ्गाटिङ्गा शाखाहरू, काँटा र लहरोको सहाराले नै रूखमा चढ्न सकिन्छ भने, लामो भऱ्याङ किन खोज्ने ! यदि साह्रो भुईंमा सुत्दा राम्ररी निद्रा लाग्छ भने, डसना र तकियाको के काम ! यदि कुनै स

कटमय र विकट बाटोमा हिँडेर कोही एक्लै पारि जान सक्छ भने, हातहतियारले सज्जित कुनै ठूलो र क्षकसमूहको के काम ! यदि बगिरहेको नदीलाई तरेर पनि पुग्न सक्छ भने, डुङ्गा या पुलको के काम ! यदि कोही आफूसँग भएको धनबाटै सुखपूर्वक आफ्नो भरणपोषण गर्न सक्छ भने अरूहरूको सेवामा यताउता जानाले के फाइदा ! यदि स्वाभाविक झरनाबाटै पानी पाइन्छ भने, तलाव, इनार किन खनाउने ! भन्ते नागसेन ! यसरी नै, यदि संसारको काम भोग गर्दै गृहस्थहरूले पनि शान्त निर्वाणको साक्षात्कार गर्दछन् भने कठोर धुताङ्गको साधना गर्नुपर्ने खाँचो नै के ?"

५. "महाराज ! धुताङ्गका यथार्थमा अट्ठाईस गुणहरू छन्, जसले गर्दा यी सबै बुद्धहरूद्वारा राम्रो भनिएको छ।" "कुनचाहिँ अट्ठाईस गुण ?" "महाराज ! (१) धुताङ्ग पालन गर्नेको जीविका शुद्ध हुन्छ। (२) त्यसको फल सुखद हुन्छ (३) उसमा कुनै खराबी रहँदैन। (४) उसले कसैलाई दुःख दिँदैन। (५) ऊ अभय रहन्छ। (६) ऊद्वारा अरूलाई सताउने गरिन्न। (७)ऊ धर्मतिर नै बढ्छ। (८) ऊ कहिल्यै परि हानी हुँदैन। (९) उसले कहिल्यै धोका दिँदैन। (१०)उसले रक्षा गर्दछ। (११) उसले जे चाहन्छ, त्यसैको लाभ हुन सक्छ। (१२) उसले सबै प्राणीहरूलाई आफ्नो वशमा पार्न सक्छ। (१३) उसले आत्मसंयम गर्न सिक्छ। (१४) धुताङ्ग जीवन भिक्षुको एकदमै अनुकूल छ। (१५)ऊ कसैको भरमा रहँदैन। (१६)ऊ खुला र स्वच्छन्द भएर बस्छ। (१७)धुताङ्गले सांसारिक राग काटिदिन्छ। (१८) द्वेष हटाइदिन्छ। (१९) मोह मेटाइदिन्छ। (२०) उसमा अभिमान रहन पाउँदैन। (२१) यसले पापी विचार हटाउँछ। (२२) शङ्काहरू मेट्छ। (२३) अकर्मण्यता रहन पाउँदैन। (२४) असन्तोष रहँदैन। (२५) सहनशक्ति आउँछ। (२६) यसको पुण्य अतुल्य छ। (२७) यसको पुण्य अनन्त छ र (२८) धुताङ्गले सबै दुःखहरूलाई समाप्त पारेर निर्वाण सम्म पुऱ्याइदिन्छ। महाराज ! यही धुताङ्गका यथार्थमा अट्ठाईस गुणहरू छन्, जसले गर्दा सबै बुद्धहरूद्वारा राम्रो भनिएको छ।"

"महाराज ! जसले धुताङ्गलाई ठीकसँग पालन गर्दछन्, उनीहरू अठार गुणहरूले युक्त हुन्छन्।" "कुन अठार गुणहरूले ?" "महाराज ! (१) उसको आचारण पवित्र र शुद्ध हुन्छ। (२) उसले बाटो पार गर्न सक्छ। (३)उसको शरीर र वचन वशमा रहन्छ। (४) उसको मन पवित्र हुन्छ। (५)उसको उत्साह कायम रहन्छ। (६)ऊ निर्भय हुन्छ। (७) उसको आत्मदृष्टि हट्छ। (८) उसमा हिंसाको भाव शान्त भएर रहन्छ। (९) उसमा मैत्री भावना सधैं कायम रहन्छ। (१०) उसले आहार सम्झेर भोजनको मात्रा जानेर, बुझेर मात्र ठीक तवरले ग्रहण गर्दछ। (११) सबै जीवहरूबाट प्रतिष्ठा पाउँछ। (१२) भोजन उचित मात्रामा गर्दछ। (१३)सधैं जागरुक रहन्छ। (१४) विना घरको हुन्छ। (१५)जहाँ राम्रो (अनुकूल) देख्छ, त्यहीं साधना गर्दछ। (१६) पापलाई घृणा गर्दछ। (१७) विवेकमा आनन्दित रहन्छ र (१८) बराबर सावधान रहन्छ। महाराज ! जसले धुताङ्गलाई ठीकसँग पालन गर्दछन् उनीहरू यिनै अठार गुणहरूले युक्त हुन्छन्।"

६. "महाराज ! दस प्रकारका व्यक्तिहरू धुताङ्ग पालन गर्ने योग्य हुन्छन्।" "कुन दस प्रकारका ?" (१) जो श्रद्धालु हुन्छ। (२) पाप गर्न सङ्कोच मान्ने। (३) धैर्यवान्। (४) झूटो नक्कल नगर्ने। (५) आफ्नो उद्देश्यमा लागिरहने। (६) निर्लोभी। (७) सिक्न इच्छुक। (८) दृढ सङ्कल्प भएको। (९) कुनै कुर ोले नझर्कने र (१०) मैत्री भाव राख्ने।" "महाराज ! यिनै दस प्रकारका व्यक्तिहरू धुताङ्गको पालन गने योग्य हुन्छन्।"

७. “महाराज ! जुन कामभोगी गृहस्थहरूले परम शान्त निर्वाणपद पाउँछन् उनीहरूले अवश्य आफ्नो पहिलो जन्ममा तेह्र प्रकारका धुताङ्गहरूको पालन गरेका होलान् । उनीहरूले आफ्नो पहिला जन्महरूमा आचार र मार्ग शुद्ध गरेर आज यहाँ गृहस्थ भई परमार्थ निर्वाणपथ साक्षात् गर्दछन् ।”

८. “महाराज ! जस्तै – चलाख धनुर्धरले पहिले आफ्ना शिष्यहरूलाई अभ्यासको मैदानमा सिकाउँछ – कति प्रकारका धनुषहरू हुन्छन्, धनुष कसरी चढाइन्छ, कसरी समातिन्छ, मुट्ठी कसरी बाँधिन्छ, औंलाहरू कसरी निहुराइन्छ, खुट्टाको स्थिति कस्तो हुन्छ, तीर कसरी चढाइन्छ, तीर चढाएर कसरी तानिन्छ, त्यसलाई कसरी सम्हाल्नुपर्छ र कसरी निशाना साध्नुपर्छ । उसले पहिले घाँस वा पर ालले बनेको मानिस या माटो या काठले बनेको लक्ष्यमा नै तारो हान्न सिकाउँछ । जब ती शिष्यहरूसिकेर तयार हुन्छन्, त्यसपछि उनीहरूलाई राजाका सामु उपस्थित गराउँछ । राजा खुसी भएर उनीहरूलाई पुरस्कारमा असल घोडा, रथ, हात्ती, धन, धान्य, सुन, असर्फी, दास, दासी, स्त्री र खेत दिन्छन् । महाराज ! यसरी जो कामभोगी गृहस्थ परमशान्त निर्वाणपद पाएको देखिन्छ, उसले अवश्य आफ्नो पहिलो जन्ममा तेह्र धुताङ्गलाई पालन गरेको होला । उसले आफ्नो पूर्वजन्ममा आचार र मार्ग शुद्ध गरेर आज यहाँ गृहस्थ गएर पनि परमार्थ निर्वाण पद साक्षात् गर्दछ । महाराज ! जसले आफ्नो पूर्वजन्ममा धुताङ्गको पालन गरेको छैन, ऊ यहाँ एउटै जन्ममा अर्हत् बन्न सक्दैन । महाराज ! साँचो लगन र मार्गमा हिँडेपछि, त्यस्तै गुरु पाउनाले र त्यस्तै साथीहरूको सङ्गत पाएपछि निर्वाण पाइन्छ ।”

९. “महाराज ! जस्तै – कुनै वैद्य या शल्यचिकित्सक पहिले कुनै गुरुको खोजी गरेर उनी भए स्थानमा जान्छ । फेरि, उनलाई तलब या आफ्नो सेवा दिएर सारा विद्या सिक्छ – छुरी कसर ी समातिन्छ, कसरी चिरिन्छ, कसरी चिन्ह लगाइन्छ, कसरी छुरी धसाइन्छ, गडेकोलाई कसरी समातेर झिक्नुपर्छ, घाउ कसरी धुनुपर्छ, त्यसलाई कसरी सुकाउनुपर्छ, त्यसमा मलम कसरी लगाउनुपर्छ, र ोगीलाई कसरी वमन या विरेचन गराउनुपर्छ, कसरी रसायन खुवाउनुपर्छ । उनको शिष्यत्वमा सबै कुरा सिकेपछि उसले स्वतन्त्र रूपले रोगीको चिकित्सा आफ्नो हातमा लिन्छ । महाराज ! यसरी नै, जुन कामभोगी गृहस्थहरू परमशान्त निर्वाणपद पाएका देखिन्छन् उनीहरू अवश्य आफ्ना पूर्वजन्महरूमा तेह्र धुताङ्गको पालन गरेका थिए होलान् । उनीहरले आफ्नो पूर्वजन्ममा आचार र मार्गलाई शुद्ध पारेर आज यहाँ गृहस्थ छँदै परमार्थ निर्वाण पद साक्षात् गर्दछन् । महाराज ! जसले आफूलाई धुताङ्ग गुणहरूले शुद्ध पारेको छैन, उसले धर्ममा प्रवेश गर्न पाउँदैन ।”

“महाराज ! जसरी पानी नपठाएमा बीउहरू उम्रन सक्दैनन्, त्यसरी नै धुताङ्गगुणहरूबाट शुद्ध नभई धर्मदर्शन हुन सक्दैन ।”

“महाराज ! जस्तै – पुण्य नगरी राम्रो गति हुँदैन; त्यसरी नै, धुताङ्गगुणहरूले शुद्धि … ।”

१०. “महाराज ! धुताङ्ग मुमुक्षु (मोक्षको चाहना गर्ने) हरूका लागि महापृथ्वी जस्तै आधार हो । धुताङ्गले मुमुक्षुहरूका लागि पानीझैं क्लेशरूपी मल धुने काम गर्दछ, क्लेशको झाङलाई सल्काएर भस्म पारिदिने आगोजस्तै हो; क्लेशरूपी धूलोलाई उडाइदिने बतासजस्तै हो ।”

“महाराज ! धुताङ्ग क्लेशरूपी रोगलाई हटाउने औषधीजस्तै हो; क्लेशरूपी विषलाई नष्ट गने ' अमृतजस्तै हो; भिक्षुहरूको उपयुक्त गुणहरूको खेती तयार पार्ने खेतको जस्तै हो; सबै लाभ दिने

मणिभैंm हो; भवसागरलाई पार गर्नका लागि डुङ्गाजस्तो हो; जरा-मरणले डराएका व्यक्तिका लागि शर णस्थलजस्तै हो । क्लेशले पीडित व्यक्तिहरूलाई बचाउने आमाभैंm हो, पुण्य कमाउनका लागि सबै भिक्षु-गुणहरूलाई उत्पन्न गर्ने बुबाजस्तै हो; भिक्षुहरूका उपयुक्त गुणहरूलाई खोजेर ल्याउने भित्रभैंm हो ।”

“महाराज ! धुताङ्ग क्लेशमलहरूले लिप्त नहुने कमलभैंm हो; क्लेशको दुर्गन्धलाई हटाउने अत्तर जस्तै हो; संसारका आठ प्रकारका हावाले नहल्लिने पर्वतराजासमान हो; एकदमै स्वच्छन्द र स्वतन्त्र बनाइदिने आकाशजस्तै हो; क्लेशहरूलाई बगाएर लैजाने नदीभैंm हो; क्लेशको जङ्गल र आवागमनको मरु भूमिबाट बाहिर निस्कने योग्य मार्ग (पथप्रदर्शक) हो ।”

“महाराज ! निर्वाण नगरसम्म पुऱ्याइदिने निर्भय र साथ दिने समूहजस्तै हो; संस्कार हरूको साँचो स्वभावलाई देखाइदिने सफा ऐनाजस्तै हो; क्लेशको तरबार र लट्ठीबाट रोक्नका लागि ढालभैंm हो; त्रिविध तापलाई ठण्डा पार्ने चन्द्रसमान हो; मोहरूपी अन्धकारलाई नाश गर्ने सूर्यभैंm हो; श्रामण्य गुणरूपी रत्नहरूका लागि महासागरजस्तै हो; किनकि त्यो निकै अनन्त, गम्भीर र महान् छ ।”

११. “महाराज ! यसरी विशुद्धि (निर्वाण) चाहनेहरूका लागि धुताङ्ग व्रत निकै उपकारक हुन्छ, सम्पूर्ण कष्ट, सन्ताप, असन्तोष र भयलाई हटाइदिन्छ; भव (संसारमा कायम रहनुलाई) मेटाइदिन्छ; मनको सबै मललाई पखाली दिन्छ; शोक, दुःख, राग, द्वेष, मोह, अभिमान्, आत्मदृष्टि र सबै पापहरूलाई नष्ट गरिदिन्छ । धुताङ्गले यश बढाइदिन्छ, हित गर्दछ, सुख दिन्छ, आराम दिन्छ, प्रीति उत्पन्न गराउँछ, कुशलमङ्गल ल्याउँछ र निर्दोष राम्रो फल, सद्गुणहरूको समूह अनन्त र अगाध श्रेष्ठ गुण दिन्छ ।”

१२. “महाराज ! जस्तै – मानिसले शरीर कायम राख्न भोजन गर्दछ, स्वस्थ हुनाका लागि औ षधीको सेवन गर्दछ, उपकार पाउनका लागि साथीको साथ लिन्छ, पारि जानका लागि डुङ्गामा बस्छ, सुगन्धका लागि माला र अत्तर लगाउँछ, डरबाट जोगिन शरणस्थलमा जान्छ, यशका लागि र ाजाको सेवा गर्दछ, प्रचुर वर पाउनका लागि मणिरत्न धारण गर्दछ, त्यस्तै, असल मानिसले भिक्षु जीवनलाई सार्थक तुल्याउन धुताङ्गव्रतको पालन गर्दछ ।”

१३. “महाराज ! जस्तै – पानी बीउ उमार्नका लागि, आगो सल्काउनका लागि, भोजन शरीरमा बल ल्याउनका लागि, लहरो बाँध्नका लागि, शस्त्र काट्नका लागि, पानी तिर्खा मेटाउनका लागि, दोष चिन्ता मेटाउनका लागि, डुङ्गा पारि जानका लागि, औषधी रोगको उपचारका लागि, सवारी सुखपूर्वक बाटो पार गर्नका लागि, शरणस्थल भयबाट जोगिनका लागि, राजा रक्षा गर्नका लागि, ढाल, लट्ठी, तीर भाला चोटलाई रोक्नका लागि, गुरु पढाउनका लागि, आमा पोषण गर्नका लागि, ऐना मुख हेर्नका लागि, गहना शोभाका लागि, वस्त्र शरीर ढाक्नका लागि, शस्त्र अरूको धम्कीबाट बच्नका लागि, बत्ती अँध्यारो हटाउनका लागि, हावा गर्मी हटाउनका लागि, कला पैसा कमाउन ··· , औषधी जीवन बचाउन ··· , खानी रत्न उत्पन्न गर्न, रत्न शोभा दिन, आदेश आज्ञा पालन गर्न र ऐश्वर्य अरूलाई वशमा पार्नका लागि हो; त्यसरी नै, धुताङ्गव्रत श्रामण्यरूपी बीउलाई स्थापित गर्न, क्लेशरूपी मललाई बालिदिन, ऋद्धिबल पाउन, स्मृति र संयमलाई बाँध्न, भ्रम र शङ्कालाई काट्न, तृष्णाको तिर्खा मेटाउन, ज्ञानको साक्षात्कार गर्न, पक्का विश्वस्त स्थान चार गहिरो धारलाई पार गर्न, क्लेशरूपी रोग शान्त गर्न, निर्वाणसुख पाउनु, जन्म लिनु, बूढो हुनु, बिरामी पर्नु, मर्नु, शोक गर्नु, रुनु, पिट्नु, दुःखी हुनु,

छट्पटाउनु, निराशाको भयबाट बच्नु, श्रामण्य गुणहरूको रक्षा गर्नु, असन्तोष र खराब विचारलाई र ोक्न, श्रमण-जीवनका सबै कुराहरू सिक्न, त्यसलाई पालन गर्न, समथ, विपश्यना, मार्गफल र निर्वाणलाई हेर्न, सारा संसारलाई राम्रो, सुन्दर र शोभायमान गर्न, सबै नरकहरूलाई ढाक्नका लागि, कुशल धर्मको चिन्तनमा रहनका लागि, क्लेशरूपी शत्रुहरूलाई हटाउनका लागि, अविद्यारूपी अन्धकार लाई मेट्न, त्रिविद्य अग्नि (तीन आगो)को सन्तापलाई शान्त (ठण्डा) पार्नका लागि, उच्च, सूक्ष्म र शान्त समापत्ति पाउनको लागि, सबै श्रामण्य गुणहरूको रक्षा गर्नका लागि, बोध्यङ्गरूपी श्रेष्ठ रत्न उत्पन्न गर ाउनका लागि योगी जनको अलङ्कारका लागि, निर्दोष निपुण सूक्ष्म शान्तिपद पाउनका लागि, श्रामण्यभाव र आर्य धर्म वशमा पार्नका लागि । महाराज ! एक-एक धुताङ्ग यी सबै गुणहरूको प्राप्तिका लागि हो । महाराज ! यसरी धुताङ्गको गुण अतुल्य छ, अनन्त छ, अनुपम छ … गम्भीर, श्रेष्ठ र महान् छ ।”

१४. “महाराज ! जुन पापीले आफ्नो इच्छाको अधीन, बनावटी, देखावटी गर्ने व्यक्ति, लोभी, सांसारिक वस्तुहरू पाउने चाहनामा लागिरहने व्यक्ति, यश पाउनका लागि व्याकुल रहने व्यक्ति, नाम कमाउनमा लाग्ने, अयोग्य जो कुनै पनि राम्रो फल पाउन सक्दैन, अनुचित व्यवहार, अयोग्य र ढङ्ग नभएको मानिसले यदि धुताङ्ग-व्रत लिन्छ भने; उसले दुई गुणा दण्ड पाउँछ र आफ्ना पहिलेका असल गुणहरूलाई पनि नष्ट गरिदिन्छ । त्यसपछि मानिसहरूले उसको अप्रतिष्ठा गर्दछ, खिल्ली उडाउँछ, निन्दा गर्दछ, उसलाई रोकी दिन्छ, झिकेर बाहिर मिल्काइदिन्छ …, भगाइदिन्छ, तिरस्कार गरेर हटाइदिन्छ । अर्को जन्ममा पनि सय योजनसम्म फैलिएको अवीचि नरकको तातो आगोको ज्वालामा परेर लाखौं करोडौं वर्षसम्म माथि-तल, दायाँ-बायाँ, पानीको फोकाजस्तै उठेर मच्चिइरहन्छ । जब त्यहाँबाट मुक्त हुन्छ, त त्यो एउटा ठूलो प्रेतझैं- माथिबाट हेर्दा भिक्षु जस्तो, शरीर र अङ्ग-प्रत्यङ्ग कालो र दुब्लो, कपाल फुलेको, सुनिएको र अनेक छिद्रयुक्त-उत्पन्न भएर भोक-तिर्खाले सदा व्याकुल भएको हुन्छ । हेर्दाखेरि त्यो निकै विरूप र डरलाग्दो हुन्छ, उसका कानहरू फाटेका हुन्छन्, उसको आँखाहरू चिमचिम (झिमझिम) गरिरहन्छन्, उसको सारा शरीर पीपले भरिएर पाक्छ, घाउ हुन्छ, हावाले दन्केको आगोझैं उसको पेट बलिरहेको हुन्छ र उसको मुख सियोको चुच्चोजस्तो हुन्छ, जसबाट उसको तिर्खा कहिल्यै मेटिन सक्दैन । ऊ भागेर कुनै शरणस्थलमा जान सक्दैन । उसलाई बचाउने कोही पनि सहायक पाइन्न । ऊ मायालाग्दो गरी रुन्छ र चिच्याउँछ । यसरी, ऊ संसारमा रुँदै कराउँदै भौंतारिरहन्छ ।”

१५. “महाराज ! यदि बेइलमी, कुनै नालायक (बेकम्मा), खराब, अयोग्य र नीच जातिको मानिस राजगद्दीमा बस्यो भने उसले दण्ड नै दण्ड भोग्ने छ – उसको हात काटिने छ, खुट्टा काटिने छ, हात खुट्टा दुवै काटिने छ, कान काटिने छ, नाक काटिने छ, कान र नाक दुवै काटिने छ, बिलङ्गथालिक, शङ्खमुण्डिक, राहुमुख, जोतिर्मालिका, हस्तप्रद्योतिका, एरकवर्तिका, चीरकवासिका, एणेøयक, बलिसमंसिक, कहापणक, खारापतच्छिक, पलिघपलिवर्तिक, पलालपीठक इत्यादि राजदण्ड दिइने छ, तातो तेल पनि उसमाथि छ्यापिने छ, कुकुरहरूद्वारा लुछ्न लगाइने छ, शूलीमा पनि चढाइने छ, तरबार ले उसको शिर उडाइने छ, अरू पनि अनेक प्रकारको दुःख भोग्नेछ । यसको कारण के हो ? यसको कारण यही हो कि ऊ यति बेकम्मा, बेइलमी, खराब, अयोग्य र नीच जातिको मानिस भएर पनि यति ठूलो र उच्च राजपदमा पुगेको थियो । उसले सीमाको उल्लंघन गरिदिएको थियो ।” “महाराज ! यसरी

नै जो पापेच्छा, आफ्ना इच्छाहरूको आश्रित ⋯ पूर्ववत् ⋯ यसरी ऊ संसारमा रुँदै कराउँदै भौंतारिरहन्छ ।”

१६. “महाराज ! अनि यसको विपरीत जुन मानिस योग्य, भलादमी, असल, कुशल, राम्रो आचार भएको, अल्पेच्छा, सन्तुष्ट, एकान्तमा समय व्यतीत गर्ने, सांसारिक भोगहरूमा लिप्त नरहने, उत्साहयुक्त आत्मसंयमी, बदमासी र ठगीबाट टाढा रहने, जो खन्चुवा हुँदैन, लाभको वशमा नपर्ने, नामको पछि नदगुर्ने, श्रद्धालु, साँचो लगनले प्रव्रजित हुने, जरा-मरणले मुक्त हुन इच्छुक, शासनमा दृढ रहने उसले सङ्कल्पले धुताङ्ग व्रत पालन गर्दछ – ऊ दुई गुणा पूजा पाउने भागी हुन्छ, देवताहरू र मानिसहरूको प्यारो हुन्छ, उनीहरूबाट सम्मान र प्रतिष्ठा पाउँछ, नुहाए धुवाएको व्यक्तिका लागि ऊ मल्लिका फूलझैं हुन्छ, भोकाएका मानिसका लागि स्वादिष्ट भोजनजस्तै हुन्छ, तिर्खाएकाका लागि निर्मल र सुगन्धित शीतल जलजस्तै हुन्छ, विष खाएको मानिसका लागि औषधिजस्तै हुन्छ, चाँडो पुग्न चाहनेका लागि छिटो दगुर्ने घोडा भएको रथझैं हुन्छ, धन चाहनेहरूका लागि इच्छित वर दिने मणिरत्नसमान हुन्छ, अभिषेक पाउनेका लागि निर्मल श्वेत-चत्र (सेतो छाता) जस्तै हुन्छ, धर्मको इच्छा भएकाहरूका लागि अनुत्तर अर्हत्फलको प्राप्तिजस्तै हो, उसलाई चार वटै स्मृतिप्रस्थानका साधनाहरू सिद्ध हुन्छन्, चारवटै सम्यक्प्रधान, चारवटै ऋद्धिपान, पाँच इन्द्रियहरू, पाँच बल, सात बोध्यङ्ग, आर्य अष्टाङ्गिक मार्ग–सबै थोक पूरा हुन्छन्, समथ र विपश्यना पनि प्राप्त हुन्छ, स्वाध्याय सफल हुन्छ । चार श्रामण्य फल, चार प्रतिसंविदाहरू, तीन विद्याहरू, छ अभिज्ञाहरू र श्रमणका सबै धर्म उसको आफ्नै हुन्छ । विमुक्तिको निर्मल श्वेतछत्र मन्तिर मानौं उसको अभिषेक हुन्छ ।”

“महाराज ! जसरी उच्च कुलको क्षत्रियको राज्याभिषेक भएपछि शहर र गाउँको प्रजा, सिपाही र चपरासी सबै जना उसको सेवामा लागिरहन्छन्, अठतीस अधिकारीहरूको सभा, नट र नर्तक, मङ्गलवाचक, स्वस्ति पाठ गर्ने, श्रमण, ब्राह्मण र विभिन्न प्रकारका व्यक्तिहरू उनको छेउमा उपस्थित र हन्छन् । पृथ्वीमा जति बन्दरगाहहरू, रत्नको खानी, शहर र भन्सार कर असुल्ने ठाउँहरू छन्, ती सबैका उनी स्वामी तथा परदेशी र अपराधी व्यक्तिहरूका एकमात्र भाग्यविधाता हुन्छ ।”

“महाराज ! यसरी नै, जुन मानिस योग्य, असल, राम्रो ⋯ विमुक्तिको निर्मल श्वेतछत्र मन्तिर मानौं उसको अभिषेक हुन्छ ।”

१७. “महाराज ! तेह्र प्रकारका धुताङ्गहरू छन् जसबाट शुद्ध भएर भिक्षुले निर्वाणरूपी महासमुद्रमा अनेक प्रकारले धर्मको तरङ्ग लिएर आनन्द मान्दछ, आठ प्रकारका रूप र अरूप समाधिहरूलाई लाभ गर्दछ, सबै ऋद्धिहरू प्राप्त हुन्छन्, सुन्नका लागि दिव्यशक्ति प्राप्त हुन्छ, अरूको चित्तको कुरा पनि जान्दछ, पूर्वजन्मको कुरा याद हुन्छ, दिव्यचक्षु प्राप्त हुन्छ र सबै आस्रव क्षीण हुन्छ । ती तेह्र धुताङ्गहरू के-के हुन् ?”

(१) पंसुकूलिकङ्ग (पांशुकूलिकाङ्ग),(२) तेचीवरिकङ्ग (त्रैचीवरिकाङ्ग), (३) पिण्डपातिकङ्ग (पिण्डपातिकाङ्ग), (४) सपदानचारिकङ्ग (सापदानचारिकाङ्ग), ५) एकासनिक (ऐकासनिकाङ्ग), (६) पत्तपिण्डिकङ्ग (पात्रपिण्डिकाङ्ग), (७) खलुपच्छाभत्तिकङ्ग (खलुपश्चाद्भक्तिकाङ्ग), (८) अरिञ्ञिक (आरण्यकाङ्ग),(९) रूक्खमूलिकङ्ग (वृक्षमूलिकाङ्ग), (१०) अब्भोकासिकङ्ग (आभ्यवकाशिकाङ्ग), (११) सोसनिकङ्ग (श्मशानिकाङ्ग), (१२) यथासन्थतिकङ्ग (यथासँस्तरिकाङ्ग), (१३) नेसज्जिकङ्ग (नैषद्यकाङ्ग) । महाराज ! यी

तेह्र धुताङ्ग-व्रतहरूलाई पालन गर्नाले श्रामण-फल प्राप्त हुन्छ । शान्ति सुख समापत्ति निर्वाण उसको आफ्नो हुन्छ ।"

"महाराज ! जस्तै – भाडा (किराया) उठाएर धनी भएको कुनै बन्दरगाहको जहाजी, महासमुद्रमा पसेर-वङ्ग, तक्कोल, चीन, सोबीर, सुराष्ट्र, अलसन्द, कोलपट्टन या सुर्वणभूमि (बर्मा) जतासुकै जान सक्छ, त्यसरी नै, यी तेह्र धुताङ्ग व्रतलाई पालन गरेर श्रमणले फल पाउँछ अनि शान्त सुख समापत्ति निर्वाणमा उसको अधिकार कायम हुन्छ ।"

१८. "महाराज ! जस्तै – किसानले पहिले इँटा-ढुङ्गा र झार-पात (खेतको फोहोर) लाई हटाउँछ, फेरि, जोत्छ, रोप्छ, पानी पटाउँछ, हेरचार गरेर, काटेर अनि दाउनी गरेर धेरै धान जम्मा पार्छ, त्यसपछि सबै निर्धन, दरिद्र र दुर्दशाग्रस्त मानिसहरू उसको अधीनमा आउँछन्; यसरी नै, यी तेह्र धुताङ्ग व्रतहरूलाई पालन गरेर श्रमणले सबै फल पाउँछ र शान्त सुख समापत्ति निर्वाणका अधिकारी हुन्छ ।"

१९. "महराज ! जस्तै राजपरिवारको क्षत्रियले राज्याभिषेक पाएपछि अपराधीहरूलाई जस्तैसुकै दण्ड दिन ऊ समर्थ हुन्छ, आफ्नो इच्छाअनुसार उसले अरूमाथि शासन गर्दछ र त्यसपछि सारा पृथ्वी उसको अधीनमा रहन आउँछ; त्यस्तै यी तेह्र धुताङ्ग व्रत पालन गरेर श्रमणले सबै फल पाउँछ अनि शान्त सुखसमापत्ति निर्वाण उसको आफ्नो भइदिन्छ ।"

२०. "महाराज ! के तपाईंलाई थाहा छैन कि वङ्गन्तपुत्र स्थविर उपसेन धुताङ्ग व्रतबाट पवित्र भएर श्रावस्तीका भिक्षुहरूको सम्झौतालाई वास्ता नगरी भगवान्‌निर आफ्ना भिक्षुहरूसहित आइपुगेका थिए, जो त्यस बेला एकान्तवासमा थिए अनि ढोगेर एकातिर बसेका थिए । भिक्षुहरूलाई त्यस्तो शिक्षित देखेर भगवान् निकै प्रसन्न हुनुभएको थियो अनि निकै आनन्दसाथ यस्ता सुन्दर शब्दहरूमा भन्नुभएको थियो – उपसेन ! तिम्रा भिक्षुहरू निकै शिक्षित ज्ञात भएका बुझिन्छन्, तिमीले यिनीहरूलाई कसर ी सज्जन तुल्यायौ ?"

"देवातिदेव सर्वज्ञ भगवान्‌को यो प्रश्न सुनेर साँचो कुराभन्दै उनले भनेका थिए – भन्ते ! जो मकहाँ भिक्षु जो मेरो शिष्य हुन आउँछ उसलाई म पहिले नै भन्दछु – 'सुन ! म जङ्गलमा बस्ने गर्दछु, पिण्डपात (भिक्षा) मागेर खान्छु, चिथडा लगाउँछु । यदि तिमी पनि मसँग बस्न तयार छौ भने शिष्य बन्न सक्छौ ।' यसमा यदि ऊ आफ्नो इच्छाले तयार हुन्छ भने, म उसलाई आफ्नो शिष्य बनाउँछु । यदि ऊ यसमा राजी भएन भने म उसलाई बिदा गरिदिन्छु । भन्ते ! म उनीहरूलाई यसरी नै सिकाउँछु । महाराज ! यसरी नै, यी तेह्र धुताङ्ग व्रतहरूको पालन गरेर श्रमणले सबै फल पाउँछ अनि शान्त सुखसमापत्ति निर्वाणको अधिकारी हुन्छ ।"

२१. "महाराज ! जस्तै – कमलको जात धेरै शुद्ध र उच्च छ । त्यो सुन्दर कमलो, मनमोहक, सुगन्धित, प्रिय, प्रार्थित, प्रशस्त, पानी र हिलो नलागेको, जसको प्रत्येक दल केसरले भरि एर रहन्छ, भमराहरूले घेरिएर र शीतल जलमा उत्पन्न हुन्छ; महाराज ! यसरी नै, यी तेह्र धुताङ्ग व्र तहरूको पालन गरेर तिनलाई आफ्ना साथमा राखेमा आर्यश्रावक तीस गुणहरूले युक्त हुन्छ ।" "कुन तीस गुणहरूले ?" "उसको चित्त कमलो, स्निग्ध, मैत्री भावले पूर्ण हुन्छ, उसको क्लेश सर्वथा नष्ट भएको हुन्छ, उसको अभिमान र उद्दण्दता हाराउँछ, उसको श्रद्धा दृढ, सबल, प्रतिष्ठित र अचल हुन्छ,

पूर्ण प्रीतियुक्त, शान्त सुख समापत्ति लाभ गर्दछ, शीलको उत्तम गन्ध फैलाउने हुन्छ, देवताहरू र मानिसहरूबाट प्रार्थनीय र वन्दनीय हुन्छ, क्षीणास्रव र पण्डितहरूबाट निकै प्रशंसा पाउँछ, संसार या स्वर्गका भोगहरूले अलिप्त रहन्छ, अलिकति पनि नराम्रो गर्न डराउँछ, निर्वाण पाउने इच्छाले व्यक्तिले जुन मार्गफलको खोज गर्दछ त्यसको धनले धनी हुन्छ, सबै प्रत्ययहरू पाउने हुन्छ, विना कुनै घरद्वारको हुन्छ, ध्यानको अभ्यासका लागि सबैभन्दा ठूलो कुरो हुन्छ, क्लेशको जटाले निराकरण भएको हुन्छ, आवागमनबाट सर्वथा मुक्त रहन्छ, उसले धर्ममा पूरा प्रवेश पाउँछ, मुक्तितिर झुकाउ हुन्छ, यसै जन्ममा अचल र दृढ शरणस्थल पाउँछ, मृत्युको भय सर्वथा हट्छ, सबै आस्रव (काम आस्रव भव आस्रव, दिट्ठी आस्रव र अविज्जा आस्रव) क्षीण हुन्छ र शान्त सुखमय ध्यानको लाभ गर्दछ र श्रमणका समग्र गुण पाउँछ-यस्ता तीस गुणहरूले ऊ युक्त हुन्छ ।"

२२. "महाराज ! स्थविर सारिपुत्र दस हजार लोकधातुमा दसबल लोकगुरु (बुद्ध)लाई छाडेर अग्र पुरुष हुनुहुन्थ्यो । अनन्त कल्पदेखि उहाँले पुण्य एकत्रित गर्नुभएको थियो । उच्च ब्राह्मण कुलमा उहाँको जन्म भएको थियो । उहाँले धन र ऐश्वर्यलाई तुच्छ ठानेर बुद्धशासनमा प्रव्रज्या ग्रहण गर्नुभएको थियो । प्रव्रजित भएर यहीं तेह्र धुताङ्ग व्रतहरूको पालन गरी आत्मसंयम गर्नुभएको थियो, जसले गर्दा आज उहाँ भिक्षुहरूमा श्रेष्ठ र भगवान् बुद्धको धर्म चक्रअनुपवर्तक मानिनुहुन्छ । अङ्गुत्तरनिकायमा देवातिदेव भगवान्ले पनि भन्नुभएको छ – 'भिक्षु हो ! सारिपुत्रलाई छाडेर म अरू कसैमा पनि म यस्तो पाउन्न, जसले मैले चलाएको धर्मचक्रलाई फेरि चलाओस् । भिक्षु हो ! सारिपुत्रले नै मद्वारा प्रवर्तित धर्मचक्रलाई राम्ररी चलाउन सक्छ ।"

"ठीक हो भन्ते नागसेन ! नयाँ अङ्गहरू भएका बुद्धवचन, लोकोत्तर क्रिया संसारमा असलभन्दा असल पाइने योग्य वस्तु – यी सबै धुताङ्गव्रत पालन गरेमा प्राप्त हुन सक्छन् ।"

(यस वर्गमा बीस प्रश्नहरू छन् ।)

चतुर्थ अनुमानवर्ग समाप्त ।

मेण्डक प्रश्न समाप्त

Dhamma.Digital

## एकाइ ३ : दस पारमिता

### क) क्षान्ति पारमिता

क्षान्तिको साधारण अर्थ हो सहनशीलता । शीत उष्णको कष्ट, भोग प्यासको पीडा, मनुष्यादि प्रणीहरूको तर्फबाट दुःख सहन गर्नु नै क्षान्ति हो । तर मूर्खताले, कमजोरीले, रागादिको कारणले अथवा बाह्य आडम्बरले सहनु क्षान्ति हुँदैन, न त शीलादि गुणधर्म पालन गर्ने अथवा पारमिता पूर्ण गर्ने लक्ष्य

नभएको सहनु नै शान्ति हुन्छ । क्षान्तिको अर्को अर्थ क्षमाशील गुण हो । जहिले यो सहनशीलताले आडम्बररहित अवस्था ओगट्ने हुन्छ तब शीलको लक्ष्यलाई आत्मसात गर्दछ । करुणाले गर्दा यस लोकमा पनि परलोकमा पनि सार्थकमार्ग देखाइदिने दक्षता र प्रज्ञापूर्ण उपाय कौशल्यले आर क्षित सत्व सम्बन्धी र संस्कार सम्बन्धी अपराध सहनुलाई नै खन्तिपारमिता अर्थात् क्षान्तिपारमिता भनिन्छ । संक्षिप्तमा भन्ने हो भने तीन बोधिमध्ये कुनै एउटा बोधिको लागि उद्देश्य राखी सहनु नै क्षान्तिपारमिता हो । मन परे पनि नपरे पनि सहनु क्षान्तिको रस कृत्य हो । अधिवासन अर्थात् क्रोधलाई दबाएर राख्नु वा शान्त गर्नु यसको प्रत्युप्रस्थान हो भने यसप्रकारले क्रमशः थाहा पाइरहनुलाई नै पदस्थान भनिन्छ । बुद्धहरूले प्रशंसा गरिराखेका कुराहरू मध्ये एउटा सहनु उच्चगुण हो । तर प्राप्त भएको दुःखकष्ट आदिबाट मुक्त हुनलाई उत्साह गर्न नसकी त्यसै सहनुलाई भने क्षान्ति भनिदैन किनभने क्षान्ति प्रज्ञा विपरीत अवस्थाले पूर्ण गर्ने गुणधर्म होइन । धर्मश्रवण, धर्म अध्ययन र दान शीलादि गुणधर्म पालन गर्दा दु:खकष्ट आउन सक्छ, त्यसलाई प्रज्ञाज्ञानले देखेर बुझेर त्यस गुणधर्म पूर्ण गर्नको लागि आवश्यक परेमा आएको दु:खकष्ट सहनु नै क्षन्तिको प्रारम्भिक र आधारभूत लक्षण हो । लोमस नाग स्थविर हिउ परे तापनि लोकान्तरिक दुःख सम्झदै आफ्नो भावना रोक्दै नरोकी अब्भोकाशमा बस्यो । अति नै गर्मि हुंदा पनि अवीचि नर्क सम्झी दु:ख सहेर उनी आफ्नो कर्मस्थानमा अडिग भए । उता भोक लागेको दु:ख अलिकता पनि सहन नसकी जति खानलाई चाहिने हो । त्यति प्र ाप्त नहुनासाथ नै मानिसहरू गृहस्थ भए अविज्झा (पर सम्पत्ति लोभ), व्यापाद (पर हानि कोध) सम्म गर्न पुग्छन् भने भिक्षुहरू भएमा चतुप्रत्ययमा अल्झिन पुग्छन् । जब ज्ञानले बुझेर त्यसरी अभिज्झा व्यापाद गर्दैन वा चतुप्रत्ययमा अल्झिन जाँदैन तब उसले कि त सम्यक् प्रयत्न खोज्दछ कि त आफूमा क्षान्ति बनाउँदछ । कतिले त आफूलाई टोक्न मात्र आएको मच्छरलाई समेत मारी नै दिन्छ । तर गुणधर्म पालन गर्ने मानिसको स्वभाव यस प्रवृत्तिबाट टाढिन्छ । संज्ञावेदयित निरोधसमापत्ति ध्यानमा बस्नेले स्वेच्छाले सातदिनसम्म भोजन छोडिबस्छ । आफूलाई सर्पले टोक्दा पिण्डपातिक स्थविरले धर्मदेशना र धर्मश्रवणमा बाधा हुन्छ भनी विषपीडा सहेर बस्यो । यसप्रकार दु:ख र कष्टको कारणले गर्दा गुणधर्मको पालनमा विमुख नहुनु नै क्षान्ति हो । तर गुणधर्मको पालनको नाममा स्वयं सृजित दुःखकष्ट खान गएमा त्यो क्षान्ति हुँदैन बरु' अत्तकिलमथानु योग' हुन्छ, जसलाई बुद्धले प्रशंसा गर्नुभएन । विघ्नबाधा भनेको खोज्दै बोकिहिंड्ने विषय होइन । बरु शान्त प्रदेशमा ससाना पर्णशालामा बसेर पनि विघ्न आएमा सहनु मात्र नै क्षान्तिक्षेत्र हो । सहनु जस्तो शत्रुलाई जित्नु अर्को कुनै श्रेष्ठ बाटो छैन । जसले सहन्छ उसलाई अरुले शत्रुभाव राख्न सक्दैन । अझ उसको प्रतिज्ञा घृणाभावसमेत हराएर ऊ अरुको मन पर्ने हुन्छ । क्षान्तिभाव भएको व्यक्तिले सबैलाई मैत्रीभाव राख्न सक्नेझैं अरूप्रति धेरै अप्र मादी पनि हुनसक्छ ।

## अभय स्थविरको कथा

दीघभाणकले अभय स्थविरलाई बाटोमा भेट्यो । दीघभाणकको लाभ सत्कारप्रति स्थविरमा ईर्ष्या जागेको थियो । त्यसैले बाटोभरि गालिगर्यो । तर दीघभाणकले दुइबाटो छुट्टिएर जाने देख्नासाथ अभय स्थविरलाई जानुपर्ने बाटो देखाए । फेरि नमस्कार गरेर विदा पनि लिए । शिष्यहरूले दीघभाणकसँग सोधे- 'त्यस्तरी गालि गरेर पनि किन तपाईले उसलाई बाटो देखाउनुभएर नमस्कार गर्नुभएको ?' दीघभाणकले जवाफ दियो-'सहनु नै मेरो काम, सहन नगर्नु मेरो काम होइन । गालि गर्दा पनि मेरो चित्त कर्मस्थान बाहिर गएन । यही नै मेरो लाभ हो ।' योगावचर स्वविरलाई ध्यानावस्थामा

वायुरोग भयो । तापनि ध्यानको विघ्नमा विचार गरेर सहँदै बेदनामा नै पछि विपश्यना (विदर्शन ) भावना गर्यो ।

यसले गर्दा एकातिर वायुले उनको हृदय फुट्यो भने अर्कोतिर अनागामि फलमा प्रतिष्ठित हुन सक्यो ।

## क्षान्तिको प्रकार

शान्ति दुई प्रकारका छन् । ती हुन् -

१) धम्म निज्झानक्खन्ति (धर्म निध्यान क्षान्ति)

२) अधिवासनक्खन्ति (अधिवासन क्षान्ति)

स्वभावधर्म अर्थात् जस्तो पाइयो त्यस्तै जानेर बुझेर लिनु र सहनशक्ति बनाउनु नै धम्म निज्झानक्खन्ति हो । यसो भनेर संसारलाई अनित्य, दुःख, अनात्म रूपमा बुझेर श्रोतापत्तिमार्ग आदिलाई आवश्यक विपश्यनाज्ञान (विदर्शन) हुनासाथ नै क्षान्तिपारमिता पूर्ण हुन्छ भन्ने छैन । क्रोधलाई बाहिर आउने अवसर नै नदिइकन नै भित्रै राखिराख्नु, तब त्यसलाई सहनशीलतामा परिणत गरिपठाउनुलाई नै अधिवासनक्खन्ति भनिन्छ । वास्तवमा भन्ने हो भने यो नै खन्तिपारमितामा क्षान्तिको लागि सार्थक क्षान्ति हुन्छ ।

## क्षान्तिको क्षेत्र

क्षान्तिको तीन कार्यक्षेत्र छन् । अर्थात् सहन गर्ने अवस्थालाई तीन विषयमा सम्बन्धि विभक्त गर्न सकिन्छ ।

१) संस्कारतर्फबाट आउने दुःख सहनु ।

२) आफ्नो कारण वा त्यसै आउने दुःख स्वभावलाई सहनु ।

३) अरुकोतर्फबाट आउने दुःख सहनु ।

तातो चिसोको दुःख, भोकप्यासको पीडा र रोगादिको कष्ट संसारचक्रमा घुम्नु परुञ्जेलसम्म अर्थात् संस्कार भएसम्म भई नै रहन्छ । यस्तो संस्कारसँग हुने जीवन पाएसम्म हुने दुःखकष्ट पनि मानिसले सहन नगरी बेठीकरूपले यसको उपशमको लागि कोशिस गर्दछ । अझ गर्मिजाडो देखेर रिस गर्दछ । आफ्नो मन नपरेको रूप, दृश्य देख्दा, मन नपरेको शब्द सुन्दा, मन नपरेको गन्ध सुंघ्दा, मन नपरेको स्वाद पाउँदा, मन नपरेको स्पर्श हुँदा पनि रिस उठ्छ । यसो नगरी क्रोधलाई जितेर बस्न सक्नुपर्छ । जीवनमा मन नपरेको पनि धेरै हुनसक्छ । अनुकूल भावनाले क्षान्तिको वृद्धि गरिदिन्छ प्रतिकूल भावनाले रिस बढाइदिन्छ । कसैले हामीलाई पीडा दिनासाथ रिस गर्नुभन्दा पहिला विचार गर्ने बाटो पक्रिनुपर्छ ।

एक दिन भगवान् बुद्ध राजगृह नालन्दामा हिडिरहनुभएको थियो । पछिपछि भिक्षुहरू पनि थिए । बुद्ध र भिक्षुसंघको पछिपछि आउँदै गरेका एक समूह मानिसहरूले बुद्ध र भिक्षुसंघको निन्दा गर्दै थिए । बिहारमा पुगेपछि भगवान् बुद्धले भिक्षुहरूलाई आज्ञा गरे भिक्षुहरू, तिमीहरूको पछिपछि आउँदै निन्दा

गरेकोमा तिमीहरूको मनमा के विचार आयो ? "पुनः भगवान् बुद्धले भिक्षुहरूलाई आज्ञा गरे कसैले तिमीहरूको निन्दा गर्दैमा तिमीहरूको मन दुखाउनु हुँदैन । प्रथमतः उनीहरूले भनेका कुरा ठीक हुन् कि होइनन् भनी विचार गर्नुपर्छ । यदि उनीहरूले भनेका साँच्चै हुन् भने तिमीहरूले विचार गर्नुपर्छ कि उनीहरूले ठीक नै भने । यदि उनीहरूले गरेका निन्दा ठीक नभएमा विचार गर्नुपर्छ कि उनीहरूलाई केही पनि थाहा छैन नजान्ने व्यक्तिहरूको कुरामा द्वेष राख्नु हुँदैन । यसरी दुबै अवस्थामा द्वेषमुक्त हुन सक्नुपर्छ ।

राजोवाद जातक (१५१) अनुसार क्रोधको प्रतिकार कोधले गर्नु श्रेष्ठ प्रतिकार होइन । क्रोधलाई अक्रोधले जित्नु नै कडा हुनेलाई कडा स्वभावले जित्नुभन्दा श्रेष्ठ हो, मान्य हो अगाडि अगाडि हिंड्न योग्य हो । धम्मपद (२२३) अनुसार' क्रोधलाई अक्रोधले, असाधुलाई साधुत्वले, कंजुसलाई दानले, असत्यवादीलाई सत्यवादले जित्नुपर्छ ।' तर यसको लागि प्रतिपक्षी अगाडि आउनासाथ बदला लिने स्वभावले गर्दा सम्भव छैन । यसले त उसले उसलाई, उसले उसलाई बदला लिने कामको एउटा श्रृंखला मात्र नै गाँसिदै जान्छ । यो श्रृंखला अन्त्य गर्न धम्मपद (५) अनुसार वैरभावले वैरभाव कहिल्यै शान्त हुँदैन, अवैरभावले मात्र नै वैरभाव शान्त हुन्छ' भन्ने कुरा बुझ्नुपर्छ । कसैले गालि गर्दैमा आफूले पनि गालि गर्नु, कसैले पिट्दैमा आफूले पनि पिट्नु कुनै ठूलो गुणधर्म होइन । अझ अपकारविना क्षान्तिपारमिता पूर्ण गर्नु नै सम्भव छैन । त्यसैले कसैले कुनै अपकार गरे तापनि' यिनीहरूले मलाई क्षान्तिपारमिता पूर्ण गर्ने अवसर दियो' भनी ठान्नुपर्छ साथै' यो पनि मलाई उपकार भयो' भनी देख्नुपर्छ । तीतो औषधी खानुपर्दा पनि रिस निकाल्नुभन्दा' मेरो रोगले गर्दा मेरो आफ्नो कृतकर्मले गर्दा यो पिउनु पर्यो' भनी बुझ्नु क्षान्ति बनाउनु बाटोमा हिंड्न जान्नु हो । संस्कार सम्बन्धले दुःख अनुभव गर्नुपर्दा 'योभन्दा गाह्रो दुःख अनुभव गर्नु नपरेको नै भाग्य हो' भनी ठानेर सहन् क्षान्तिलाई आधार दिनु हो ।

कहिलेकाहीं आफ्नै कारणले गर्दा पनि आफूलाई दुःख हुन्छ । हुन त हो आफ्नो कर्मले हुने दुःख पनि आफ्नो कारणले गर्दा आफूलाई हुने दुःख नै हो । तर हुने दुःखमा आफ्नो कुनै कारणले कुनै कर्मले गर्दा हो भनी थाहा नहुन्जेल यस विषयमा यसरी भन्नु वा यसरी मनमा लिनु सजिलो छैन । त्यसैले सजिलो त यसरी ने भन्न सकिन्छ, संस्कार भएर आफ्नो जन्म पाइयो । फेरि जहां शरीर पाइयो त्यहाँ अनेक रोग र पीडा पनि पाइयो । आफ्नो शरीरमा हुने धेरैजसो पीडा र दुःख आफ्नै कारणले आफ्नो तर्फबाट नै हुने गर्छ । आफ्नो यो पीडा शान्त गर्नको लागि अरुलाई पीडा दिनु अरुलाई हत्या गरी आफू जीवित हुने गर्नु हुँदैन । आफ्नो शरीरमा हुने पीडालाई पनि सम्यक्‌रुपले उपचार गर्नुपर्छ वा सहन सक्नुपर्छ ।

अरुको तर्फबाट पनि मानिसहरूलाई दुःखकष्ट हुन्छ । तर क्षान्तिधर्म पालन गर्नेले अरुको तर्फबाट आउने दुःखकष्टलाई सहन्छ । बोधिसत्वहरूले सारा प्राणीहरू आफ्ना दाजुभाई र दिदीबहिनीजस्तै ठान्दछन् । बच्चाले लात हान्दै दूध पिउने पीडालाई आमाले सहेझैं अरुले दिएको दुःखलाई बोधिसत्त्वहरूले सहन्छन् ।

## क्षान्ति पारमिताको कथात्मक व्याख्या

### महिस जातक (२७८)

एकसमय बोधिसत्व जङ्गली रांगो (अर्ना) को रूपमा जन्मिएर हिमालय प्रदेशमा बस्ने गर्दथे । एकदिन चरिसकेपछि आरामको लागि एक घनावृक्षमुनि गएर आराम गर्न गए । त्यहीं एउटा चञ्चल बाँदर आएर रांगोको पीठ्यूँमा चढेर फोहोर (मलमूत्र) पारिदियो । कहिले सिङ्ग पक्रेर, कहिले पुच्छर पक्रेर झुण्डिन थाल्यो । तर रांगो ( बोधिसत्त्व) ले क्षान्ति, मैत्री र करुणारूपी सम्पत्तिले युक्त भएको कारण सबै अत्याचार सही बसे ।

एकदिन त्यस रुखमा बस्ने वृक्षदेवताले सोध्यो- 'महिषराज, यो दुष्ट बाँदरको अनाचारलाई किन सहिबसेको ?' जवाफमा रांगो (बोधिसत्व) ले भने 'वृक्षदेवता, यदि म यसभन्दा जाति, गोत्र र बलमा अधिक भएर पनि सहन गर्दिन भने मेरो मनोरथ कसरी पूर्ण हुन्छ । यस्को यस्तो बानीले एकदिन प्रचण्ड रांगोलाई पनि अनाचार गर्नेछ तब उनीहरूबाटै यसको मृत्यु हुन्छ र मलाई प्राणीहिंसाबाट बचाउने छ ।' अन्तमा नभन्दै त्यसै भयो । त्यसैले आफु स्वयं जन्म, गोत्र र बलमा माथि परेर पनि आफूभन्दा क्षुद्रको दोष सहनु बोधिसत्त्वहरूको दृष्टिकोण हुन्छ ।

## कालबाहु जातक (३२९)

एकसमय बोधिसत्व राध नामक सुगा भएर जन्मिए । एकदिन राध र उसको भाइ पोट्टपादलाई शिकारीले पक्रेर वाराणसी नरेशको हातमा बेचिदियो । वाराणसी राजाले उनीहरूलाई सुनको पिंजडामा राखेर तथा मीठो असल खुवाएर पालिराखे । एकदिन फेरि कालबाहु नामक बाँदरलाई पनि राजाकहाँ बेच्न ल्यायो । तब बाँदरलाई पनि अशल मीठो खुवाउने गर्न थाल्यो । जसले गर्दा राध र पोट्टपादलाई राम्ररी पहिलेजस्तै विचार गर्न छोड्यो । यसले गर्दा पोट्टपादलाई एकातिर दुःख भयो भने अर्कोतिर ईर्ष्या । उसले बोधिसत्व राधलाई भन्यो- 'हामीलाई अब राम्रो मीठो खुवाउन छोड्यो, राम्ररी विचार पनि गर्न छोड्यो । त्यसैले किन हामी उडेर जङ्गलमा नजाऔं ?' तब राधले जवाफ दिए 'हे पोट्टपाद, लाभहानी, यशअपयश, निन्दाप्रशंसा, सुखदुःख यी मनुष्यलोकको अनित्यधर्म हुन् । किन तिमी चिन्ता गर्छौ ? चिन्ता नगर ।' त्यसो भए यस बाँदरलाई कसरी धपाइपठाउने ?' भनी पोट्टपादले सोध्दा राधले भने- 'उसको अरुलाई चिढाउने कामले राजकुमारलाई पनि चिढाउँछ र त्यसै कामबाट धपाइन्छ ।' नभन्दै एकदिन राजकुमारहरूलाई पनि चिढाएर तर्साउँदा राजकुमारहरू डराएकाले राजाले बाँदरलाई धपाए । त्यसैले अर्काको लाभमा ईर्ष्या नगर्नु, आफ्नो हानिमा दुःखीत भएर अर्काको लाभमा बाधा नदिनु नै बोधिसत्त्वहरूको आदर्श हो ।

## बुद्ध र श्रावकहरूको क्षान्ति

बीर्यपारमिताको अभ्यास गर्दा अनेक दुःखकष्टमा दृढ हुनु परेझैं क्षान्तिपारमिता पूर्ण गर्दा पनि सहनुको लागि सदा तयार भईबस्नुपर्छ । जतिजति माथि उल्लेख भएअनुसार तीन श्रोतले दुःख आउंछ, दोष आउँछ त्यतित्यति नै सहने शक्ति बुद्ध र उनका श्रावकहरूले तथा बोधिसत्त्वहरूले वृद्धि गर्दछन् । चन्दनवृक्ष जतिजति काट्दै गयो, त्यतित्यति नै वास्ना आउंछ भने झैं क्षान्तिका साधकहरू अरुहरूबाट निन्दा उपहास भएपिच्छे दुःख दिएपिच्छे सहनशील भएर पवित्र हुन्छन् । बुद्ध, बोधिसत्त्व र श्रावकहरूको चरित्रमा चन्दनसरी क्षान्तिको वास्नाले भरिएको हुन्छ ।

## असुरिन्द भारद्वाजकको कथा

https://dhamma.digital

असुरिन्द सुत्त, संयुक्त निकाय (७,१,३,) अनुसार असुरिन्द भारद्वाज ब्राह्मणले क्रोधी र खिन्न भएर बुद्धलाई कतिकति गालि गर्यो । तर बुद्ध मौन मात्र भएर बसे । ऊ गालि गर्दागर्दै कायल भयो । पछि अन्तमा ब्राह्मणले भने 'श्रमण जित तिम्रै भयो ।'

तब मात्र बुद्धको मुखबाट शब्द प्रस्फुटन हुन्छ- 'मूर्ख, मुखले कठोर कुरा गरेर आफ्नो जित सम्झिन्छौ । वास्तवमा जित भनेको उसैको हुन्छ जसले सहन गरेर आफू मौन भइबस्छ ।'

## आक्रोशक भारद्वाजको कथा

यसैगरी एकदिन आक्रोशक भारद्वाजले भगवान् बुद्धलाई घरमा निमन्त्रणा गरेर पछि 'भेंडा भित्र आयो' भनी गालि गर्‍यो । भगवान् बुद्धले जवाफमा भने मलाई गालि गर्नुअघि भन तिमीकहाँ कहिलेकाही पाहुना आउंछ कि आउदैन ? "ब्राह्मणले रिसाउदै जवाफ दियो हामीकहाँ पनि पाहुना आउदैन र ?, बुद्धले फेरि सोधे त्यसोभए पाहुना आएकोलाई राम्रो मीठो खुवाउनुपर्छ कि पर्दैन त ?

"आफ्नो निन्दा उपहासमा अप्रासंगिकरूपले त्यसरी सोधिरहेकोमा ब्राह्मणलाई झन रिस उठ्यो । उसले भन्यो- पाहुनालाई पनि राम्रो मीठो जोरेर खुवाउदै न कि क्याहो ? पर्छ नि, धेरै राम्रो मीठो जोरेर खुवाउनुपर्छ ।' बुद्धले फेरि निर्वेदभावले साधे- 'त्यस्तो राम्रो मीठो पाहुनाको अगाडि नै राखिदिन्छयौ होइन र ?' ब्राह्मणको जवाफ हो- 'अगाडि त राखिदिन्छौ नि, पछाडिराखिदिन्छौ त ? त्यति पनि थाहा नभएको भ्रमण ।' 'यदि त्यो अगाडि राखेको पाहुनाले खाएन भने नि ?' भनी बुद्धले सोधे । ब्राह्मणले रिसाउँदै भन्यो- 'न खाए भने हामी खान्छौं नि, म खान्छु नि ।' तब बुद्धले हँसिलो मुस्कानले भने- 'मैले पनि तिमीले अगाडि राखिदिएको भोग्यवस्तु खाइन । अब कस्ले खाने भो त ?' यसरी नै आफ्नो क्षान्ति र शान्ति जुनसुकै स्थितिमा पनि बुद्धले हराउंदैनन् ।

## चिञ्चा माणविकाको कथा

निर्गुन्थहरूले बुद्धको लाभ सत्कारमा ईर्ष्या भएर चिंचा माणविकाकी तर्फबाट धेरै ठूलो षडयन्त्र गरे । जसअनुसार सबै फर्किएर जाने समयमा विहार प्रवेश गरेझैं, अरु प्रवेश गर्ने बेलामा ऊ बाहिर आएझैं गर्दै एकदिन गर्भवती भएझैं गरी देखाइन् । एकदिन बुद्धले धर्मदेशना गरिरहेको परिषदमा आएर उनलाई लाञ्छित गरिन् । तर यस समयमा पनि उनको हृदयमा शान्ति नै थियो । त्यसैले उनले भने ' यो कुरा कि तिमीलाई थाहा छ कि मलाई थाहा छ ।' त्यो शब्दको सत्यतालाई परिषद भने आ-आफ्नो ढङ्गले बुझे । तर तुरुन्त चिञ्चा माणविकाको पेटमा बाँधिराखेको मुङ्ग्रो तल झर्‍यो । गर्भवती भएको असत्यता साबित भयो ।

## सुन्दरी परिप्राजिकाको कथा

त्यसरी नै एकपल्ट निर्ग्रन्थहरूले बुद्धकहाँ सुन्दरी परिब्राजिकालाई समय समयमा पठाउँदै एकदिन उसको हत्या गरे । फेरि सुन्दरी परिव्राजिकाको लाश बिहारको नजिकै जमिनमा गाडिदिए । त्यसपछि त्यो हत्या बुद्धबाट भएको हो भनी अनेक अपवाद, लान्छना र भ्रम प्रचार गरेर बुद्धलाई कलंकित गर्न खोजे । बिहार नजिक सुन्दरीको लाश पाइएको विषयमा राजाले बुद्धसंग स्पष्टिकरण मागे । सारा लान्छना र अपवाद सहेर, निर्ग्रन्थहरूसित प्रतिवाद नगरीकनै बुद्ध मौनभई बसे । दुवै पक्ष पनि भेला गरेर न्याय हुन तयार नै भइरहेको बेला वास्तविक सुन्दरी परिव्राजिका माने

' मानिसहरूजस्तै भेषधारी मानिसहरूलाई गुप्तचरहरूले पक्रेर ल्याए । पक्रेर ल्याएका भेषधार ीलाई देख्नासाथ वास्तविक हत्यारा सम्झेर निर्ग्रन्थहरू भागेर गए । फुसती सुत्त, संयुक्त निकाय (१,३,२) अनुसार बौद्ध नीतिले भन्छ - शुद्ध पुरुषप्रति, निश्पापप्रति जसले दोष दिन्छ, सारा पाप त्यसै मूर्खलाई उल्टा फर्किएर लाग्न जान्छ । जसरी हावा बहेको उल्टा गतिबाट फ्यालिदिएको फ्याल्ने मानिसलाई नै लाग्न जान्छ ।'

## मागन्धीको कथा

आफ्नी सौता श्यामावतीले बुद्धप्रति श्रद्धा राखेकीले महारानी मागन्धीले बुद्धप्रति द्वेष राखी सहन गर्न नसकी बुद्धलाई अपमानित गर्ने योजना बनाइन् । एकपटक बुद्ध आफू भिक्षुसंघसहित भिक्षाटन गइर हंदा मागन्धीले धेरै मानिसहरूद्वारा उपहास अपमान गर्न लगाइन् । यो अपमान उपहासले गर्दा कति भिक्षुहरू खिन्न पनि भए । त्यसैले आयुष्मान आनन्दले बुद्धलाई विन्ति गर्यो भन्ते, यहां निन्दा र उपहास धेरैहुने गर्छ । अर्को ठाउंमा भिक्षाटन गर्न जानु हुँदैन र ?' भगवान् बुद्धले सोधे- 'अर्को ठाउँ कहाँ जाने, आनन्द ?' भन्ते भगवान्, जहाँ तपाईप्रति श्रद्धा राख्नेहरू धेरै छन्' भनी आनन्दको जवाफ हो । 'अनि त्यहाँ पनि उपहास गर्न आए भने नि ?' आनन्दसँग भगवान् बुद्धले सोधे । 'त्यसो भए त्यहांबाट पनि अर्को ठाउँमा जाउँला' भनी आनन्दले विन्ति गर्यो । फेरि त्यहाँ पनि आए भने नि ?' बुद्धको यो प्रश्नले पछि आनन्द स्वतः मौन भयो । किनकि आयुष्मान आनन्दले भगवान् बुद्धको विचार बुझ्यो । अनि भगवान् बुद्धले भने- 'आनन्द, तिमीले त्यति उपहास सम्बन्धमा विचार गर्न सक्दैनौ र ? निन्दार हित स्थान कहाँ छ ?' अनि भगवान् बुद्धबाट (धम्मपद ३२०) पुनः आज्ञा हुन्छ -

अहं नागो व संगामे चापातो पतितं सर ।
अति वाक्यं तितिक्खिस्सं दुसीलो हि बहुज्जनो ॥

संग्राममा धनुषले हानिपठाएको वाणलाई हात्तीले वास्ता नराखी नै सहन गर्छ, त्यसरी नै मैले पनि मूर्खहरूको कटुवाक्य र निन्दा प्रशंसालाई सहन गर्छु । कारण संसारमा दुखित मानिसहरू नै धेरै छन् । जसरी बाटो बाटोमा भगवान् बुद्धको निन्दा उपहास गरियो त्यो मात्र सातदिनसम्म टिक्यो । भगवान् बुद्धको क्षान्ति यति बलियो छ कि कुनै पनि बुद्धप्रतिको लाञ्छना, अपवाद र निन्दा सातदिनभन्दा बढी टिक्न सकेन ।

## देवदत्तको कथा

बुद्धप्रति देवदत्तको द्वेष साधारण होइन । यो असाधारण द्वेषलाई पनि भगवान् बुद्धले प्रेम र मै त्रीले दमन गरे । देवदत्तले गृद्धकूट पर्वतको टुप्पाबाट ढुङ्गाले हान्यो । त्यो ढुङ्गा अर्को ठाउँमा लागेर फुटेको एक चोइटा ढुङ्गा उनको दाहिने खुट्टाको बूढी औलामा लाग्यो । उनले यस समयमा न त देवदत्तप्रति अलिकता पनि रिस गरे भने न त क्षान्ति नै गर्न बिर्सिएका थिए । देवदत्तप्रति त्यति नै करु णा राखे जति राहुलप्रति, फेरि चित्त त्यसै नै निर्वेद भएर गयो जसरी कमलको फूलमा पाइला राख्दा हुने हो । वास्तवमा यो बुद्धको क्षान्तिको परिणाम हो ।

## पुण्ण स्थविरको कथा

https://dhamma.digital

पुण्ण स्थविरमा क्षान्ति बल भएकाले भगवान् बुद्धले सुनापरान्तमा बस्न अनुमति दिएको कथा स्मरणीय छ । सुनापरान्तमा गएर धर्मप्रचार गर्नजान अनुमति माग्न आएको पुण्ण स्थविर लाई बुद्धले 'सुनापरान्तवासीहरू धेरै कठोर छन् ।' भनी भने पुण्ण स्थविरले विन्ति गर्यो -'उनीहरू कठोर भए तापनि गालि मात्र गर्नेहरू हुन् । फेरि बुद्धले सोधेर उनीहरूले गालि गर्न आएभने नि ?  'जवाफमा पुण्ण स्थविरले भन्यो' म विचार गर्ने छु उनीहरू धेरै असल छन् किनकि उनीहरूले गालि मात्र गर्न आए तर पिट्न त आएका छैनन् भनेर ।  'उनीहरूले पिट्ने आएमा तिमी के गर्छौ त ?' भनी बुद्धले सोधे । पुण्ण स्थविरको जवाफ हो म विचार गर्ने छु उनीहरू धेरै असल छन् किनकि उनीहरूले पिट्न मात्र आए, शस्त्र लिएर चोट पुर्याउन आएनन् ।' बुद्धले फेरि भने- 'यदि सुनापरान्तवासीहरूले शस्त्रद्वारा घाउचोट नै पार्न आएमा तिमी के गर्छौ त ?' पुण्ण स्थविरको जवाफ हो- 'भगवान् म विचार गने छु सुनापरान्तका मानिसहरू धेरै असल छन्, उनीहरूले मलाई शस्त्रले घाउचोट मात्र पुर्याउन आए मार्न त आएका छैनन् नि ।' फेरि बुद्धले सोधे- 'उनीहरूले मार्न नै आएभने नि ?' फेरि स्थाविरले जवाफ दियो- 'म विचार गर्ने छु, अरुलाई मर्नको लागि हतियार चाहिन्छ तर मलाई विनाहतियार नै मृत्यु संभव भयो ।' तब भगवान् बुद्धले पुण्ण स्थविरलाई त्यस कठोर स्वभाव प्रचण्ड स्वभाव भएका मानिसहरूका बस्ती सुनापरान्तमा जान अनुमति दिए । पुण्ण स्थविर त्यहाँ शान्ति तवरमै, आनन्दले बसिरह्यो, किनकि उनमा ठूलो क्षान्तिबल थियो ।  बोज्झङ्ग सुत्रानुसार एकपल्ट मौद्गल्यायन स्थविरलाई र काश्यप स्थविर लाई रोगले दुःख दियो । त्यसबेला त्यस शारीरिक कष्टरोग भगवान् बुद्धले धर्म संभ्कायन सुनाएर रोग हटाइदिए । त्यसरी नै एकपल्ट फेरि स्वयं धर्मराज तथागतलाई अति ठूलो रोगले पीडित बनायो । त्यसबेला चुन्दस्थविरले धर्मको संभ्कायन गरेर उनको रोग पीडा हटाइदियो । यसले स्पष्ट हुन्छ प्रतिकूल परिस्थितिमा पनि अनुकूल धर्मको चिन्तन र मनन क्षान्तिको आधार हो । अर्कोतिर त्यही नै क्षान्तिको सत्यको आनुभाव पनि हो ।

क्षान्तिबलले वास्तवमा रिस उठ्नु पर्ने अवस्थामा पनि रिश नउठ्नेलाई  बन्द गर्छ भनिन्छ । कारण रिस उठ्नुपर्ने कारण नहुंदा त सबैले सहनशील नै भएर बस्दछ । कमजोरले मात्र सहनुलाई पनि क्षान्ति भनिदैन । मुसाले बिरालौलाई क्षमा दिएर त्यौ क्षमा हुँदैन । कारण कमजोर पनि बलवान भएर आउँदा त रिस गरिहाल्छ नै । त्यसैले भनिएको पनि छ-

यो हवे बलवा सन्तो, दुब्बलस्स तितिक्खति ।<br>
तमाहु परमक्खन्ति, निच्चक्खमति दुब्बलो ॥

बलवान भएर पनि निर्बलियोलाई क्षमा गर्दा मात्र वास्तवमा क्षमा हुन्छ किनभने कमजोरले त बलियोसित संधै क्षमा गर्न सक्दैन ।

त्यसैले क्षान्ति दुर्बलताको प्रतीक होइन । बरु त्यो आत्मगौरव भएको क्रोधको दोष एवं क्षान्तिको महत्व देख्नेको शक्ति मात्र हो । वास्तवमा त्यही नै क्षमताले वा त्यही शक्तिले कसै लाई आफूलाई जानेर वा नजानेर गर्ने गल्तिलाई सहन सक्दछ । धम्मपद (२२२) अनुसार 'कसैले रिसलाई सयमित गर्दछ, ऊ नै संसारको वास्तविक सारथी हो, अरु त डोरीको टुप्पा समातिर खेकाहरू मात्र हुन् । त्यसैगरी धम्मपद (३९९) मा भनिएको छ- 'गल्ति गरेको र बध बन्धनलाई जसले चित्त नबिगारी सहन्छ, ऊ नै शैन्यबल भएको राजपुरुषजस्तै क्षान्तिबल भएको व्यक्ति हो ।' त्यसरी नै

गल्ति गरेर वा अपराध गरी कसैले क्षमा माग्दा क्षमा दिनु क्षान्तिको अर्को स्वरूप हो । यस्तै नै धम्मपद (२८४) अनुसार 'क्षान्ति र सहनशीलतालाई ठूलो तप' भनिन्छ ।

## क्षान्तिको महत्व

क्षान्तिको धेरै महत्व रहेको छ । त्यसैले क्षान्ति अठ्तीस मंगलमध्ये एउटा मंगलकारक गुण भयो । त्यसरी नै यो दश राजधर्ममध्ये एउटा राजधर्म, आठ सत्पुरुषकर्ममध्ये एउटा कर्म पनि हो । क्षान्ति सारा गुणधर्मको विपरीत स्वभावको क्रोध नास गर्ने हुनाले यो धार्मिक व्यक्तिहरूलाई एउटा मात्र आयुध हौ । फरुष वचनरूपी तलवारको प्रहारलाई क्षान्ति भनेको ढालजस्तै हो । दुष्ट र क्रुरहरूको काय र बाक विष शान्त गर्न क्षान्ति औषधीजस्तै हो । त्यसरी नै यो क्षान्ति आवेशमा दौडिने स्वभाव रोक्न डोरी, संबरको लागि पर्खाल, दोष-महासागरको बांध, चार अपाय विनाश गर्ने शक्ति, देव-ब्रह्मलोक जान सिंढी, निर्वाण पुग्न मूलढोका हो । बुद्धकारक धर्मगुणमा पनि क्षान्तिपारमिता नै महत्वपूर्ण पक्ष भयो ।

## दश पारमितामा क्षान्ति पारमिता

क्षान्ति(संस्कृत) बुद्धकारक दश पारमितामा छैठौंपारमिता हो । महायानमा दश पारमितालाई स ंक्षिप्तीकरण गरी षड पारमिताको रूपमा गर्दा दानपारमिता र शीलपारमितापछि क्षान्तिपार मितालाई उल्लेख गरेको छ । बोधिसत्वको चरित्र विश्लेषण गर्ने अर्को प्रसिद्ध महायान ग्रन्थ बोधिचर्यावतारमा बोधिचित्त, पापदेशना, बोधिचित्त परिग्रह, बोधिचित्त प्रमादभन्दा पछि क्षान्तिपारमिताको वर्णन गरिराखेको छ । बोधिचर्यावतारमा विशेषतः अर्काको कारणले गर्दा आफ्नो चित्तको प्रमुदित स्वभाव नबिगार्नु, रिस नगर्नु, शत्रुतापूर्ण व्यवहारमा पनि शुभ सम्झिनेरूपले जुन क्षान्तिपारमिताको व्याख्या भएको छ, फेरि मनलाई सम्बोधन गरी उपमामय शब्दमा जुन विश्लेषण भयो त्यो सांच्चै नै आकर्षक छ । बोधिचर्यावतारले भन्दछ -'आगोको स्वभाव नै पोल्नु हो, त्यसैले आगोदेखि किन रिस गर्नु ?' त्यो भन्दा त आफैंले नै त्यस्लाई आगो भनी छुनु हुँदैन । त्यसरी नै मूर्खहरूसँग रिस गर्नु हुँदैन, मुर्खत्वबाट टाढिनुपर्छ । संयुक्तनिकाय (३९-४०/६) अनुसार आकाश स्वयं निर्मल छ, तर धुँवाले गर्दा यो धमिलियो । प्राणीहरू पनि मुलतः निर्मल छन् । त्यसैले मानिसलाई किन दोष दिइरहनु ?

दान वा श्रद्धाको मृदुचित्तमा नै क्षान्तिको सरसता र आर्द्रता भइरहन्छ । लोभलालचले भरिएको तातो चित्तमा त क्षान्तिको सरसता आगोमा पानी राखेजस्तै हुन्छ । बेस्सन्तरले जुजक ब्र ाह्मणलाई आफ्ना छोराछोरी दान दिए, तब जुजकले जालि कुमार र कृष्णाजिनीलाई पिट्दै लगेको देख्दा द्वेषभाव जाग्यो । तर तुरुन्तै त्यसलाई क्षान्तिले समन गरे । शीलको पवित्र भावना भएको चित्तमा द्वेषको प्रबलता हुँदैन, त्यसैले गर्दा क्षान्तिलाई शक्ति दिन्छ । शीलको महत्व देख्यो कि शील पालनमा आएको दुःख सहन गर्दछ । यसरी सहन सकिएमा शील राम्ररी निर्विघ्न तबरले पूर्ण गर्न सकिन्छ । भुरिदत्त जातक (५४३) मा भुरिदत्त नागराजले क्षान्ति गर्दा नै आफ्नो शीलव्रत पूर्ण गर्न सक्यो । आमाबाबु छोरा पत्नीसँग टाढिएर जाने चित्तपीडा सहन गर्नाले । नैष्क्रम्यपारमिता पूर्ण हुन्छ । अथवा नैष्क्रम्यपारमिता पूर्ण गर्दा पनि क्षान्तिको धारणपालन भएको हुन्छ । आगोले पोल्दा एउटा झिल्कोले नै घांस वा परालको भारी बाल्न सक्दछ । तर द्वेषले त झन सहश्र कल्पमा जम्मा गरिराखेको शुभकर्म समेतलाई नष्ट गरि दिन्छ । यसरी प्रज्ञा ज्ञानले विचार गर्न सकिएमा क्षान्तिपारमिता गहिरिएर पूर्णगर्न सकिन्छ । विद्वेषले

भरिएको चित्तमा मात्र नै यो सम्भव छ जो असक्षम हो, उसले चित्तको खिन्नता दबाउन सक्दैन, तब ऊसँग वीर्य कहाँ हुन्छ ? यही नै बीर्यपारमिता र क्षान्तिपारमिताको पारस्परिक सम्बन्ध हो । त्यसरी नै क्षान्ति भएको हृदयले द्वेषको भ्रमजाल हटाएर सत्यलाई देख्न सकिन्छ । जहाँ सहन गर्न सकिन्छ, त्यहाँ ज्ञानबल र अभ्यासबलमा स्थीरता आउंछ । यही नै क्षान्ति र अधिष्ठानपारमिताको सम्बन्ध हो । क्षान्ति अक्रोध स्वभावले पूर्ण हुने र मैत्री पनि अक्रोध भावको अर्को रूप भएकोले क्षान्ति र मैत्रीपार मिता सम्बन्ध त झन नै बलियो छ । क्षान्ति कहिलेकाहीं आफ्ना बन्धु बान्धवहरूलाई हुने दुःखले आउने मानसिक संकट सहनुलाई पनि भनिन्छ । यसैको अर्को विकसित अवस्था उपेक्षाभाव हो भने क्षान्ति र उपेक्षापारमिताको सम्बन्ध पनि हो ।

## क्षान्ति पारमिता, उपपारमिता र परमत्थपारमिता

छोराछोरी र पत्नी आदि परिवारको अपराधलाई वा बियोगलाई सहनु एवं धनधान्य नहुँदा दुःख सहनु क्षान्तिपारमिता हो । आफ्नो हातखुट्टा आदि शरीरको अङ्गप्रत्यङ्ग विनाश हेतुको अपर ाधलाई सहनु क्षान्ति उपपारमिता हो । जीवनको विनाश हेतुको अपराध कथात्मक व्याख्या हुने गरी यहाँ तीन बोधिसत्त्व चरित्रको सारांश प्रस्तुत गर्नु उचित देखिन्छ ।

## उरग जातक (३५४)

वाराणसीमा ब्रह्मदत्तको शासन हुंदा बोधिसत्त्व एकपल्ट एउटा ब्राह्मण कुलमा जन्मिए । छोरा, छोरी, जहान, बुहारी, दासी र आफूसहित गरी ६ जना जहानपरिवार किसानीकर्मद्वारा जीविका भइरहेको थियो । फेरि सबैले दान गर्नु र शील पालन गर्नुको साथै मरणानुस्मृतिको भावना पनि संधै गर्ने गर्दथे । एकदिन बोधिसत्तव आफ्नो छोरासँगै खेति काम गरिरहेका थिए । छोराले जमिन जोत्दै थियो । खेतमा आगो पनि बालिराखेको थियो । संयोगले खेतको एउटा प्वालमा बसेको सर्पको आँखामा धुँवा लाग्यो । तब रिसले चुर भएर विषधारी सर्प प्वालबाट बाहिर निस्केर आउनासाथ छोरालाई डसिदियो । ऊ भद्राक्क पल्टियो । फेरि बोधिसत्त्व दौडिएर आएर हेरुञ्जेलसम्म त छोरा मरिसक्यो । बोधिसत्तवले मरिसकेको छोरालाई बोकेर एउटा रुखमुनि पल्टाइदिए । एउटा कपडाले छोपिदिए । फेरि संस्कारको अनित्य स्वभाव देखेर मरणानुस्मृतिको भावना गरे । बोधिसत्त्व न त रुए न त कराए नै । केही समयपछि, एकजना त्यस घटना थाहा नपाएको मानिस आउनासाथ, बोधिसत्तवले - 'आज दुवै लाई भोजन ल्याउनुपर्दैन । फेरि आज दासी मात्र पठाउनुपर्दैन । सबै सेतो वस्त्र लगाएर फूल, धूप बत्तीहरू लिएर आउनु ।' भनी समाचार पठाए । उता यो खवर सुन्नासाथ ब्राह्मणीले थाहा पाइन् आफ्नो छोरा मऱ्यो । ब्राह्मणी सुसंयत चित्त भएकी भएकोले सबैलाई सफा लुगा लगाउन लगाएर फूल र धूप, बत्ती लिन लगाएर सबै खेतमा पुगे । तर न कोही रुए न कोही कराए । सबैले मरणानुस्मृति भावना गर्दै धैर्य गरिबसे । उनीहरूको त्यो अतुल्य धैर्यले गर्दा शक्रको आशन नै तातियो । शक्र उनीहरूको धैर्यको परीक्षा गर्न आयो । त्यसबेला ब्राह्मणले आफ्नो छोराको दाहसंस्कार गरिराखेको थियो । शक्रले सोध्यो -' बाबु, यो तिमीले के गरिरहेका छौ ?'

- 'एउटा मानिस जलाइरहेको छु ।'
- 'मेरो विचारमा त तिमीले एउटा मृग पोलिरहेको जस्तै छ नि ?'

- 'होइन महाशय, मानिस नै जलाइरहेको छु ।'
- 'त्यसो हो भने कोही शत्रुलाई पोलिराखेको होला, होइन ?'
- 'होइन महाशय, मैले आफ्नै छोरालाई जलाइराखेको छु ।'
- 'अं त्यसोभए त्यो पक्कै पनि मन नपर्ने खराब छोरा होला होइन ?'
- 'होइन, मेरो मन परेको छोरा नै हो, प्रिय पुत्र नै हो ।'
- 'होइन होला, त्यसोभए तिमी किन नरोएको त ?'

त्यसपछि ब्राह्मणले नरोएको कारण स्पष्ट पार्दै शक्रलाई भने -

उरगोव तचं जिण्णं, हित्वा गच्छति संतनुं ।

एवं सरीरे निब्भोगे, पेते कालकते सति ॥

डयहमानो न जानाति ञातीनं परिदेवितं ।
तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥

जसरी सर्पले आफ्नो काँचुली छोडेर जान्छ, त्यसरी नै मानिसहरूले शरीर छाडेर जान्छन् भने त्यसरी नै भोगहीन शरीर मरेर जानासाथ आगोले पोलिराखेको छु । पोलि राखिएको मृतक छोराले म रु इरहेको छु भनी थाहा पाउँदैन । त्यसैले मैले शोक गरिन । उसको जुन गति हो ऊ त्यहाँ गयो ।

शक्रले त्यसपछि ब्राह्मणीसंग कुराकानी गर्दै केही प्रश्नहरू सोध्यो । ब्राह्मणीले भनिन्-

अनभितो ततो आग, अननुञ्ञातो इतो गतो ।
यथागतो तथागतो, तत्थ का परिदेवनात ॥

डयहमानो न जानाति, ञातीन परिदेवितं ।
तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥

नबोलाइकन ऊ यहाँ आयो । नसोधिकन नै यहाँबाट गयो । जसरी आयो त्यसरी नै गयो । त्यसैले यहाँ रुने कराउने नै किन ? जलाउँदै गरेको छोराले मैले रुएको कराएको सुन्दैन । त्यसैले म रुइन । उसको जुन गति हो ऊ त्यहाँ गयो ।

शक्रले त्यसपछि बहिनीसँग पनि सोध्यो । उनले जवाफ दिइन्-

सचे रोदे किसा अस्स, तस्सा मे किं फलं सिया ।
ञातिमित्तासुहज्जानं, भीयो नो अरती सिया ॥

डयहमानो न जानाति, ञातीनं परिदेवितं ।

तस्मा एतं न सोचामि, गतो सो तस्सया गति ॥

यदि मैले रोएं भने म मात्र दुब्लो हुन्छ । यसले गर्दा ज्ञातिमित्रहरूले मात्र मलाई नै मन नपर ाउने हुन्छ । जलाउँदै गरेको दाजुले म रोएको कराएको सुन्ने नै होइन । त्यसैले मैले उसको शोक गरिन । उसको जुन गति हो ऊ त्यहाँ गयो ।

शक्रले फेरि बुहारीसँग पनि कुराकानी गर्दै सोध्यो- 'ऊ तिम्रो को हो ?'

'ऊ मेरो लोग्ने हो ।'

'लोग्ने मरेपछि महिलाहरू अनाथ नै हुन्छन् । त्यसो भए तापनि तिमी भने एकछिन पनि रुएनौ नि, किन ?'

जवाफमा बुहारीले भनिन् -

यथापि दारकोचन्द, गच्छन्तं अनुरोदति ।
एवं सम्पद मे वेतं, योपेत मनुसोचति ॥

डय्हमानो न जानाति, ञातीनं परिदेवितं ।
तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥

जसरी बच्चा उदाइरहेको चन्द्रमा देखेर त्यसको लागि रुन्छ त्यसरी नै मूर्खलेमात्र मरेर गइसकेको लागि रुन्छ । जलाउदै गरेको मेरो लोग्नेले म रुएको, कराएको सुन्ने होइन । त्यसैले मैले उसको लागि शोक नगरेकी हुं । उसको जुन गति हो, ऊ त्यहाँ गयो ।

शक्रले पछि उसको दासीसंग सोध्यो- 'पक्का पनि उसले तिमीलाई कामले दुःख दिन्थ्यो होला । गालि पनि गर्थ्यो होला । त्यसैले तिमीले त विचार गर्यौ हौली, ऊ मर्‍यो आराम भयो भनेर । त्यसैले तिमी नरुएकी होइन ?'

दासीले भनिन् - मेरो मालिक क्षमा, मैत्री र करुणाले युक्त हुनुहुन्थ्यो । यसरी भनेर आफू नरु एको कारण दासीले शकलाई बताइन्-

यथापि उदककुम्भो, भिन्नो अप्पटिसन्धियो ।
एवं सम्पदमेवेतं, यो पेतुमनुसोचति ॥

डय्हमानो न जानाति, ञातीनं परिदेवितं ।
तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥

जसरी फुटेको माटोको गाग्रो फेरि जोड्नु हुँदैन, त्यसरी नै मरिसकेको व्यक्ति फर्किएर आउँदैन । माटोको गाग्रो जोड्नको लागि रुनुमा जसरी अर्थ छैन त्यसरी नै मरिसकेको व्यक्तिको लागि रुनुको पनि केहि अर्थ छैन । जलाउँदै गरिएको मेरो मालिकले मैले रुएको कराएको सुन्नुहुन्न । त्यसैले म उहाँको लागि शोक नगरेकी हुँ । उहाँको जुन गति हो त्यहीं जानुभयो ।

उनीहरूको जवाफ सुनेर शक्र प्रसन्न भयो । फेरि उनीहरूलाई दान शील धर्म पालन गर्न सहयोग दिएर प्रेरणा दिएर फर्कियो ।

महापद्म जातक (४७२)

बोधिसत्त्व महापद्मको जन्म वाराणसीको राजकुलमा भयो । कमलफूलजस्तै सुन्दर अनुहार शरीर भएकोले बोधिसत्त्वलाई महापद्म भनी नाम राखियो । तर राजकुमार तन्नेरी भएर आएपछि उता महारानीको मृत्यु भयो । फेरि वाराणसी नरेशले दोश्रो महारानी विवाह गरे यसप्रकार अर्की महारानी राजकुमार महापद्मको सानीआमा भईन् ।

एकदिन सीमान्त प्रदेशमा विद्रोह भयो । महापद्म राजकुमारलाई राज्य राम्ररी विचार गर्ने भार दिएर राजा विद्रोह दमन गर्न गए । साथै राजाले महारानीको पनि राम्ररी विचार गर्नु भनी आज्ञा दिए ।

महापद्म राजकुमारले राज्यको राम्ररी व्यवस्था गरेर महारानीको सेवा पनि गर्दै बसे । महारानी भने महापद्म राजकुमारको सौन्दर्य देख्दै मोहित भइन् । एकदिन महारानीले राजकुमारलाई हात समाती तानिन् । आफ्नो कामेच्छा पनि प्रकट गरिन् । तर बोधिसत्त्व महापद्मले मानेनन् र भने- 'तपाई मेरी आमा हुनुहुन्छ । यो तपाईले के गर्नुभएको ?' जवाफमा महारानीले राजकुमार महापद्मलाई आफुले भनेको झैं नभए पछि अनेकरूपले यसो गर्छु, उसो गर्छु भनी तर्साइन् । तर बोधिसत्त्वले स्पष्ट भने- ' मेरो प्राण जाने भए पनि मेरो तर्फबाट यो काम हुँदैन ।'

महारानी आफ्नो कामको इच्छा पूर्ण नभएको रिसले आगो भइन् । फेरि राजकुमारले राजालाई बताइदिने डरले अनेक कुचक्र विचार गर्दै बसिन् । यता केही दिनपछि सीमान्त प्रदेशबाट विद्रोह दमन भइसकेको खवर आयो । देशभरि राजाको स्वागतको लागि सजाइयो । बोधिसत्त्व महापद्मले राजा फर्किने र स्वागतार्थ जान महारानीलाई पनि खबर दिए । तर महारानी राजाको स्वागतमा गइनन् ।

राजा दरबारमा पुगे । सबै स्वागतार्थ आए । तर महारानीको भने अनुहार पनि देखिएन । तब राजाले महारानी बोलाउन पठाए तापनि बिरामी भनेर खबर पठाइन । राजा स्वयं नै हतारहतार महारानीको कोठामा पुगे । महारानीले त्यहाँ आफ्नो अनेक दुर्दशाको कथा रुदैरुदै सुनाइन् । बोधिसत्त्व महापद्मको विषयमा भए नभएको कुरा भनिसकेपछि महारानीले भनिन् - 'राजकुमार मकहाँ कामइच्छाले उन्मत्त भएर आयो ।' मैले उसलाई भने- 'तात, तिमीले त्यसो भन्नु हुँदैन म तिम्री आमा हुँ ।' तर राजकुमारले भने -'म बाहेक यहाँ अरु कोही राजा छैन । म तिमीलाई नै राखेर रमण गर्छु ।' यस कुरामा म मानिनं । तब राजकुमारले मलाई यो दुर्दशा गरेर गयो ।'

महारानीको कुरा सुनेर राजाले रिसले केही पनि देखेन । तुरुन्त अमात्यलाई बोलाएर राजकुमार महापद्मलाई पाता कसेर बांधेर देश घुमाई फेरि दुई टुक्रा हुनेगरी काटिदिने हुकुम भयो । राजाको आज्ञा त हो । दोषी निर्दोषीको के कुरा ? राजकुमार महापद्मलाई पाता फकाएर बाधी शहरमा घुमाइयो । बोधिसत्त्व महापद्मले भने- 'मैले राजाप्रति कुनै अपराध गरैकौ छैन । म निरपराधी हुँ ।' राजकुमारको विरहले अमात्यहरूको आंखामा आँशु भरियो । मानिसहरू कसैले पनि सहन सकेनन् । तर राजाको हृदयमा अरुले जतिसुकै विन्ति गरे तापनि असर परेन । राजाको हृदयमा रहेको रिस मरेन । झन् उल्टो राजकुमारको पछिपछि रुँदै गएका देखेकोले राजाको मनमा विचार आयो- 'यो राजकुमार त म हुँदाहुँदै नै त्यसै राजा भयो । त्यसैले नै ऊसँग यस्तो दुराचरणको साहस आयो ।' यसरी विचार गरी राजाले पुनः रिसले हुकुम दिए- 'तुरुन्त लगेर यसलाई अग्लो भीरबाट झारेर मारिदेऊ ।'

'मेरो गल्ति केही छैन । महारानीको कुरा सुनेर मलाई मार्नु हुँदैन - बोधिसत्त्व महापद्मले अनुर ोध गरे ।

तर राजाले कसैको कुनै पनि कुरामा विश्वास गरेन । कसैको पनि आँशुले राजाको हृदय पगाल्न सकेन । कसैको पनि कुराले राजाको हृदय बदलिएन । उनलाई अग्लो भीरबाट झार्न नै पठायो । तर बोधिसत्त्वलाई एकजना देवीले रक्षा गरिन्, फेरि एकमहिना पछि बोधिसत्त्व ऋषिप्रवजित भएर जङ्गलमा प्रवेश गरे ।

बोधिसत्त्व महापद्म ध्यान भावनामा लीन भई आनन्दले बसे । तर एकदिन त्यही जङ्गलमा आएको वाराणसीको एकजना शिकारीले बोधिसत्त्व महापद्मलाई चिन्यो । यही कुरा उसले वाराणसी गएर राजालाई पनि बतायो ।

राजा ससैन्य बोधिसत्त्व महापद्मकहाँ आइपुगे । तर सुवर्णवर्ण भएको ध्यानस्थ बोधिसत्त्व देख्नासाथ राजाको शीर त्यसै झुके । तब विस्तारै कुरा गर्दै राजाको मनको रिस पनि हरायो । तर बोधिसत्त्वले महारानीको विषयमा केही पनि भनेन । त्यसै राजाले बोधिसत्त्वलाई वाराणसी फर्कन आज्ञा दिए । तर जवाफदिँदै बोधिसत्त्व महापद्मले- 'जसरी बल्छी निलिसकेपछि माछाले रगत सहित त्यो बल्छी ओकल्छ भने त्यो बल्छी ओकल्न सकेकोले वा त्यसबाट मुक्त भएकोले नै ऊ सुखी हुन्छ । त्यसरी नै म पनि यहाँ आफै आनन्दित भइबसेको छु ।'

राजाले बल्छी, रगतसहित, मुक्त हुनुको अभिप्रायः विषय सोधेपछि बोधिसत्त्व महापद्मले स्पष्ट पार्दै भने-

कामाहं बलिसं ब्रुमि, हत्थिस्सं सलोहितं ।
चत्ता हे उब्भतं ब्रुमि, एवं जानाहि खत्तिय ॥

हे क्षत्रिय यो बुझ कि कामभोग नै माछाको बल्छी हो । हात्तीघोडा सम्पत्तिलाई नै रक्तसहित भनेको हुं । त्यागलाई नै मैले बल्छी ओकल्नु भनेको हुँ ।

बोधिसत्त्व महापद्म आफ्नो जङ्गल प्रवेशको आनन्दमा नै रमाए । राजा निराश भएर बाराणसी फर्के ।

## खन्तिवादी जातक (३२३)

वाराणसीमा कलाबु नामको एकजना विलासी र क्रोधी राजाले राज्य गरिरहेको समयमा एउटा ब्राह्मण कुलमा बोधिसत्त्वको जन्म भयो र उनलाई कुण्ड कुमार नाम राखियो । उनको आमाबाबुहरू अस्सी करोड धनको मालिक थिए । कुण्ड कुमार ठूला भएर तक्षशिलामा गएर अनेक शिल्पविद्या सिके । फेरि त्यहाँबाट फर्की आमाबाबुको सेवा गरिबसे ।

आमाबाबु मरिसकेपछि बोधिसत्त्व कुण्ड कुमारले विचार गरे -'मेरा आमाबाबु मरेर गए । उनीहरूले केही केही पनि धनद्रव्य लिएर गएनन् । मैले किन यसो गर्ने ? म त यी सारा धनद्रव्य लिएर जाने छु ।' यसरी विचार गरी सारा सम्पत्ति मन पर्नेलाई मन परेको लैजाऊ' भनी छोडिदिए । फेरि स्वयं ऋषिप्रव्रजित भएर हिमालय प्रदेशमा गएर बसे । केही समयपछि नून र अमिलो स्वादको लागि चारिका

गर्दै बोधिसत्त्व वाराणसीको राजोद्यानमा आइपुगे । वाराणसीको सेनापतिले बोधिसत्त्वको चरित्रमा प्रसन्न भएर उनको सेवा उपस्थान गरिरह्यो ।

एकदिन वाराणसीको राजा कलाबु रक्सीले मस्त भएर तमाशा गर्दै उद्यानमा आइपुगे । उद्यानमा मंगलशिलाको छेउमा ओछ्यान लगाउन लगाएर राजा कलाबु आफूलाई मन पर्ने एउटी केटीको काखमा टाउको राखेर पल्टिए । कोही केटीहरू नाचे, कोहीले गीत गाए, नाच हेर्दाहेर्दै राजा निदाए । तब केटीहरूले विचार गरे राजालाई निद्रा लाग्यो, अब हामीले नाच्नु आवश्यक छैन, गीत गाइरहनुपरेन परेन, बाजाबिजा उद्यानमा त्यसै राखेर उद्यान घुम्न जानै कुराभयौ । सबै उद्यानमा घुम्न गए, ढकमक्क फूलेका फूल हरियाली रूखहरूमा भुल्दै उनीहरू पुष्पित शालवृक्ष मुनि पुगे, जहां बोधिसत्त्व प्रव्रज्यासुखको आनन्दमा लीन थिए । बोधिसत्त्व देख्नासाथ ती केटीहरू अगाडि गएर बसे । फेरि राजा सुतिरहञ्जेलसम्म उनीसँग केही सोध्छौं भनी उनीहरूले प्रार्थना गरे - 'भन्ते हामीलाई सुहाउँदो कुनै उपदेश दिनुहोस् ।' उनीहरूको प्रार्थनाअनुसार बोधिसत्त्वले उपदेश दिए ।

यता राजा सुताइरहेकी केटीको तिघ्रा अलिकता चल्नासाथ राजाको निद्रा खुल्यो । गीत गाएको सुनिदैन, नाच्नेहरू पनि देखिदैनन् । तब राजाले रिसले सोधे- 'कहाँ गए ती चण्डाल्नीहरू ?' महाराज, 'उनीहरू एकजना तपश्वीकहाँ बसिरहेका छन् ।' रक्सीले चूर क्रोधित भएका राजाले रिसले आँखा देखेन । तलवार निकालेर सरासर अगाडि बढे । राजा रिसले अन्धो भएको देखेर राजाको सबैभन्दा मन पर्ने केटीले राजाको तलवार खोसेर लिइन् । राजाले तब बोधिसत्त्वको छेउमा बसेर सोधे-

'श्रमण तिम्रो वाद के हो ?'

'महाराज, मेरो वाद क्षान्तिवाद हो ।'

'यो क्षान्ति भनेको के हो ?'

'गाली गरे तापनि, प्रहार गरे तापनि, कसैले रिस उठाए तापनि रिस नउठाउनू ।'

'त्यसो भए हेर्छु नि तिमीमा कति क्षान्ति छ ?'

'यति भनेर राजाले एकजना पिट्ने मार्ने जल्लादलाई बोलाए । त्यो मानिस चुपि र कोर्रा लिएर रातो माला पहिरिएर आयो । राजाले- 'यो दुष्ट तपश्वीलाई पक्र । पक्रेर जमिनमा पछार, बेसकरी पिट ।' भनी आज्ञा दिए ।

त्यस मानिसले पनि आज्ञाअनुसार नै गऱ्यो । बोधिसत्त्वको छाला फाट्यो । मासु चिरियो । रगत भलभल बग्यो । राजाले सोधे- 'श्रमण तिम्रो वाद के हो ?' 'महाराज, मेरो बाद क्षान्तिवाद हो, म क्षमावादी हुँ ।' के तिमीले विचार गयौ कि मेरो क्षान्ति छालाभित्र छ ? त्यसलाई देख्न सकिदैन । क्षान्ति मेरो वाद हो । क्षमा त मेरो हृदयमा छ । राजाले भने- 'यसको दुबै हात टुकापारिदिनु ।'

साँच्चै नै बोधिसत्त्वको दुवै हात चुप्पिले टुक्रिने गरी काटिदियो । यसो भए तापनि बोधिसत्त्वले राजालाई गाली गरेनन् । राजाले पछि फेरि भने- 'खुट्टा पनि टुक्रापारिदिनु यसको ।' खुट्टा पनि टुक्राइदियो । हात खुट्टाबाट रगतको भल बग्यो । राजाले पूनः सोधे- 'तिमी के वादी भन्यौ ?'

‘महाराज म क्षान्तिवादी हूँ । मेरो क्षान्ति र क्षमा हात र खुट्टामा रहेको छैन । त्यो त मेरो हृदयभित्र बसिरहेको छ ।’

राजाबाट फेरि हुकुम हुन्छ- ‘यसको नाक र कानपनि काटिदिनू ।’

बोधिसत्त्वको नाक र कान पनि त्यस जल्लादले राजाज्ञानुसार काटिदियो । बोधिसत्त्वको सारा शरीरबाट रगत बग्न थाल्यो । राजाले फेरि पनि सोधे -

‘भन तिमी के वादी हौ ?’

‘महाराज, मेरो वाद क्षान्तिवाद हो । म क्षान्तिवादी हूँ । मेरो क्षान्ति र क्षमा हृदयको भित्रभित्र अन्तस्करणमा निहित छ ।’ रिसले गर्दा राजाले झन आँखै देखेन । तब राजाले बोधिसत्त्वको छातीमा हिर्काएर भने-

‘दुष्ट तपश्वी, तिम्रो क्षान्ति र क्षमाले नै तिमीलाई अब उठाउन पनि आउनेछ ।’ राजा रिसले सरासर फर्के । राजा जानासाथ सेनापतिले बोधिसत्त्वको शरीरमा भएको रगत पुछेर हातमा, खुट्टामा, नाकमा र कानमा कपडाले बेरिदियो । फेरि एकातिर बसेर रुँदै विन्ति गर्यो -

यो ते हत्थे च, पादे च कण्हनासञ्च छेदयि ।
तस्स कुज्झ महावीर, मा रट्ठं विनस्स इदं ॥

हे महावीर, जसले तपाईको हातखुट्टा र नाककान काटिदियो, उसप्रति मात्र नै तपाई क्रोधित हुनुहोस् । यो काशीराष्ट्रको विनाश एउटा नगरिदिनोस् ।

यो कुरा सुनेर बोधिसत्त्वले विस्तारै यसरी जवाफ दिए -

यो मे हत्थे च पादे च, कण्हनासञ्च छेदयि ।
चिरं जीवतु सो राजा, नहि कुज्झन्ति मा दिसा ॥

जुन राजाले मेरो हातखुट्टा काटिदिए, नाककान काटिदिए, त्यस राजा पनि चिरञ्जीवि होस् । मजस्तो मानिससंग कसैप्रति पनि रिस छैन ।

तर राजा कलाबु उद्यानबाहिर मात्र निस्केको के थियो महापृथ्वी फुट्यो । राजा त्यहीं पतित भएर महाअवीचि नरकमा पर्न गयो ।

बोधिसत्त्व पनि त्यसै दिन परलोक भए । तर राजपुरुष र नागरिकहरूले फूलमाला पहिराएर धूप बत्तीहरू बालेर उनको अन्तिम संस्कार अत्यन्त श्रद्धापूर्वक र भव्य हुनेगरी सम्पन्न गरे ।

क्षान्ति पारमि समाप्त ।

Dhamma.Digital

## (ख) सत्य पारमिता

सत्यको साधारण अर्थ हो जस्तो छ त्यस्तै कुरा गर्नु । तर शील र गुणको आधारले यसको अर्थ यस यथार्थमा पनि फराकिलो छ । त्यसैले नै सत्य शब्दको अनेक अर्थमध्ये अभिसंवाद अर्थात् अरुलाई नठग्नुको अर्थमा धेरै प्रयोग भएको छ । धेरै नै गुण भएको भएतापनि सत्यमा बस्दैन भने उसलाई गुणवान भनी भनिँदैन । जो सत्यमा बस्छ, जसले दिएको वचन उल्लंघन गर्दैन ऊ नै उसको ठूलो गुण हो, जुन प्रभावसम्पन्न आनुभावयुक्त हो । यसर्थमा सत्य गुणको पनि आधारभूमि हुन्छ । त्यसैले नै सत्यको विश्लेषणमा भनिएको छ कि छलकपट नगर्नु सत्यको सामान्य स्वभाव हुन्छ । जस्तो छ त्यस्तै देखाउनु सत्यको रस (कृत्य) हुन्छ भने प्रत्युप्रस्थान हुन्छ- साधुत्व ।

सत्यपारमिता पारमिता गुणधर्ममा सातौं पारमिता हो । आफूलाई इच्छा भएको अथवा प्रणिधान गरेको सम्बोधि पूर्ण गर्न पार गरिदिने हुनाले नै सत्य पनि पारमिता अन्तर्गत पर्दछ । शीलपारमिता अन्तर्गत असत्यभाषण छोड्नुमा पनि सत्यलाई केही पूर्ण गर्दछ । तर यहाँ सत्यपारमिताको विशेष अर्थ आफैंले भने अनुसार वा आश्वासन दिएअनुसार उल्लंघन नगरी पूर्ण गर्नु हुन्छ । यस लोक र पर लोकमा काम सिद्ध हुने मार्ग भनी विचार गर्नुमा दक्षज्ञान फेरि उपायकौशल्यले आरक्षित भएको पहिलो वचन दिएर पछि विमुख हुनुबाट रहित भएको प्रभेद आदिले नठग्नु, धोका नदिनुलाई नै सत्यपारमिता भनिन्छ ।

बोधिको आकांक्षा नै प्राणीहरुको कल्याणकामना हुने हो । त्यसैले बोधिसत्वहरुको चरित्रमा नै प्राणीहरुप्रति छलकपट गर्ने भन्ने हुँदैन । बोधिसत्वहरुले चित्तले कल्पना गरेका असल विशेषतः करुणा र ज्ञानले युक्त कुरा मुखले प्रकाश गर्दछन् । जुन यसरी प्रकाश भइसक्छ तब उनीहरुले त्यसलाई पालन पनि गर्दछन् । कराल गरिसकेको उल्लंघन नगर्नु, आत्मार्थमा वा परार्थमा पनि असत्यवचनले संयमित हुनु सत्यको तीन वर्गीकरण पनि यस अवस्थामा नै पूर्ण हुने गर्दछ । जुन कुनै काम कसैलाई गरिदिन्छु भनी भनिसकेपछि पनि विविध कारणले गर्दा गर्न गाह्रो हुनसक्छ । यस अवस्थामा आफ्नो असमर्थता स्पष्टअनुसार उसको अगाडि प्रकट गर्नु उसको सचरित्रता हुन्छ । यसले गर्दा उसलाई असत्यवादबाट बचाइदिन्छ । तर त्यसो भए पनि यो सत्यको सबलता होइन, पूर्णसम्पन्नता पनि होइन । यसैले नै हामीले थाहा पाउन सक्छौं कि सत्य एकातिर शक्ति हो भने अकोतिर सत्यको परिपालनको लागि पनि शक्ति वा बल आवश्यक पर्दछ ।

अंगुलिमालको कथा

सत्यक्रिया दृढ गरी र राम्ररी पालन गरिएको सुचरित्रमा आधारित सत्यवचन अति नै फलदायी हुन्छ, प्रभावशाली हुन्छ । अनगिन्ति मानिसहरु मारेर औंलाको माला पहिरिएर बसेको क्रुर अंगुलिमाल बुद्धशासनमा दिक्षित भए । पछि भिक्षु भइसकेपछि अंगुलिमाल करुणाहृदययुक्त व्यक्तिमा परिणत भए । एकदिन उनले प्रसववेदनाले पीडित महिलालाई देखे । तब अंगुलिमाल भिक्षुले भने- 'जहिलेदेखि म उत्तम आर्यकुलमा जन्म भएँ, तबदेखि कुनै प्राणीको जीवितेन्द्रियमा नै मार्ने चेतनाले प्रहार गरेको भनेको मलाई थाहा छैन । हे बहिनी, यो सत्यवचनको प्रभावले तिमीलाई गर्भकल्याण होस् । तिम्रो गर्भस्थित सन्तानको पनि कल्याण होस् ।' यस सत्यक्रियाले प्रसववेदनाले पीडित महिलालाई त्यस वेदनाले तुरुन्त मुक्ति दियो ।

बुद्ध, धर्म र संघको गुणस्मरण गरी यदि ती गुणहरु साँच्चै हो भने यही गुण सत्यको प्रभावले प्र णीहरु निरोगी होस्, निःदुःखी होस्, मङ्गल होस भनी कामना गर्ने सत्यक्रियालाई नै सत्यवाचा अथवा सत्यक्रिया पनि भनिन्छ, जसलाई परित्राण भनिन्छ ।

स्वस्तिसेनको जहानले परपुरुष गमन नगरेको सत्य वचनानुमुखले आफ्नो लोग्नेलाई कुष्टर ोगबाट मुक्त गरिदिइन् । त्यसरी नै सामजातक (५४०) मा सत्यको यस्तै अद्‌भूत आनुभावले विषवाणले लागेर मूर्छित भएको बोधिसत्व सामलाई विषप्रभावले मुक्त गरिदियो । त्यसरी नै वट्ट जातक (३५) मा ' मसँग पखेटा भएर पनि म उड्न नसकेको सत्य हो भने, मेरो खुट्टा छ तर त्यसो भए पनि म हिँड्न नसकेको सत्य हो भने, मेरा आमाबाबुहरुले मलाई छाडेर गएका सत्य हुन् भने हे आगो, तिमी फर्किएर जाऊ' भनेर आगोलाई फर्काउन सक्नु पनि प्रभावयुक्त सत्यक्रियाले गर्दा नै हो ।

तर सत्यक्रिया शीलको आनुभावयुक्त भएमा बढी प्रभावशाली हुन्छ । मच्छ जातक (७५) मा एउटा माछाले आफू माछा खाने स्वभावको भए तापनि आजसम्म मैले कुनै एउटा माछा पनि खाएको छैन, यो अहिंसा सत्य हो भने वर्षा होस् भनी भन्दा वर्षा भयो, आफ्नो समूहको माछाहरुलाई पोखरीमा पानी सुकेर जीवन्ततामा छाएको पीडाबाट मुक्ति प्राप्त गराइदियो । सुप्पारिक जातक (४६३) मा समुद्र बीचमा पर्न जाँदा सुप्पारकले ज्ञानले थाहा पाएदेखि अहिंसक भएको सत्यवचन कराल गरेर डुङ्गासमूहलाई सकुशल पार गरिदिए ।

कण्हदीपायन जातक (४४४)

एकपल्ट बोधिसत्व ब्राह्मणकुलमा जन्मिए । ब्राह्मण अस्सी करोड धनको मालिक थिए । तर बोधिसत्वले आमाबाबु मरिसकेपछि सारा सम्पत्ति त्याग गरेर दीपायन नामले प्रव्रजित भए । पछि दीपायन आफ्नो साथी मण्डव्यले बनाइदिएको विहारमा बसिरहे । एकदिन मण्डव्य आफ्नी जहानसँग कुरा गरिबसे । बच्चा दिपायन तापसको चंक्रमण स्थानमा खेलिरहेका थिए । बच्चाको भकुण्डो एउटा प्वालभित्र पर्‍यो । बच्चाले प्वालभित्र हात घुसारेर भकुण्डो लिन खोज्दा प्वालभित्रको सर्पले बच्चालाई डस्यो । आमाबाबु दुबैले बच्चालाई सर्पले डसेको देखे । बच्चा सर्पको विषले मूर्छित भयो । शोकले विह्वलित दम्पति बच्चालाई बोकेर तापसकहाँ आए । उनीहरु दुबै क्वाँक्वाँ रुए । उनीहरुले रुँदै भने- 'प्रव्रजितहरुले मन्त्र जानेको हुन्छ । जसरी भए पनि यस बच्चाको विष निकालिदिनोस् ।'

बोधिसत्वले उनीहरुलाई सहानुभूतिपूर्वक धैर्य दिए- 'म मन्त्रतन्त्र गर्न जान्दिन । म औषधी पनि गर्न जान्दिन ।' उनीहरुले फेरि विन्ति गरे- 'हे तापस, त्यसो हो भने तपाईंले यस बच्चाप्रति अनुकम्पा र ाख्नु भएर सत्यक्रिया मात्र भए पनि गरिदिनुहोस् ।' तापसले उनीहरुको आग्रह सुनेर मूर्छित भएको बच्चा यज्ञादत्तप्रति मैत्रीपूर्वक सत्यक्रिया गर्दै- 'म प्रव्रजित भएदेखि सात दिन मात्र भए पनि प्रसन्नरूपले श्रमण जीवनमा बसें । त्यसपछि सात वर्षभन्दा बढी मन नपरीनपरी श्रमणधर्म गरिबसेको छु । यो मेरो यथार्थ र सत्यवाचा हो । यस सत्य वचनको आनुभावले यस बच्चाको सर्पविष शान्त होस् भनी कामना गरे ।'

तापस दीपायनको सत्यक्रियाले बच्चाको हृदयसम्मको विषप्रभाव शान्त भयो । तब बाबुले सत्यक्रिया गर्‍यो- 'म आगन्तुकहरुलाई घरमा आउँदा मन नपरे तापनि खुवाउने पिलाउने गरिर हेको छु । श्रमणहरुलाई मेरो अतिथि अप्रिय-स्वभाव थाहा छैन । तापनि मैले त्यसै दान गरिरहेको छु । मै

ले आफ्नो कुरा जस्तो हो त्यस्तै भनें । यस सत्यको आनुभावले मेरो बच्चाको विष डाह शान्त होस् ।' यस सत्यक्रियाले बच्चाको विषप्रभाव घुँडासम्म शान्त भएर गयो ।

तब आमाचाहिँले सत्यक्रिया गर्ने कुरा आउनासाथ उसले भनिन्- 'म मेरो लोग्नेको अगाडि भन्दिन ।' तर उसको लोग्नेले जस्तोसुकै भए तापनि तिमीले भन्न हुन्छ भनेपछि बच्चाको आमाले सत्यक्रिया गरी भनिन्- 'मलाई मेरो लोग्ने त्यति नै मन पर्दैन जति बाबु, तिमीलाई टोक्ने सर्प मन पर्दैन । तर पनि यो कुरा कसैलाई पनि भनिनं । मैले पनि यो कुरा जस्तो छ त्यस्तै भनें । यस सत्यको प्रभावले तिमीलाई स्वस्ति होस् ।' आमाको यस सत्यक्रियाले पछि बच्चाको विषपीडा पूणरूपले शान्त भयो । बच्चाको विषपीडा शान्त हुनासाथ बच्चा मुर्छाबाट उठेपछि ब्राह्मणीले विचार गरिन्- 'मैले भन्नु नहुने कुरा तापसको अगाडि भनें ।' त्यसो विचार गरी तापस र लोग्नेसँग क्षमा मागिन् ।

फेरि उसले- 'मन नपरी किन तापस भइबसेको ?' भनी सोध्दा तापसले भने- 'लोकनिन्दादेखि डराएर मात्र नै गृहस्थ भईनँ ।' गृहस्थले पनि मन नपरीनपरी अतिथि सत्कार गरेको बारे भन्यो- 'कसै लाई केहि दिन चित्त दुख्छ । तर त्यसो भए पनि मेरो पालामा यो कुल परम्परा किन रोक्ने भनेर मैले अतिथि सत्कार गरी नै रहेको छु ।' त्यसैगरी महिलाले भनिन्- 'मलाई मेरो लोग्ने मन पर्दैन । तर त्यसो भए पनि हाम्रो कुलमा आफ्नो लोग्ने छोडेर माइत आएकी आजसम्म कोही पनि छैन । त्यसैले मै ले मात्र किन घर फर्किने भनी यहीं बसिरहेकी हुँ ।'

यसरी सबैले आ-आफ्नो हृदयको कुरा फुटाइसकेपछि बच्चाको आमाले भनिन्- 'अब म सँगै बस्नुपरेपछि मन पराएर बस्न सिक्ने छु ।' बाबुले भन्यो- 'म पनि अब दिनुपर्ने भएपछि दिँदा श्रद्धापूर्वक नै दिने गर्नेछु ।' तब तापसले भन्यो- 'म पनि तापस भएपछि श्रद्धाले दिएको दान दिनेहरुलाई महत्फल हुनेगरी शीलवान भएर संयमित चित्त भएको पुण्यक्षेत्र नै हुन सिक्नेछु ।'

यसको पूर्ण व्याख्या तल सत्यपारमिताको कथात्मक व्याख्यामा आउने नै छ । अहिले यहाँ सत्य र सत्यपारमिता पूर्ण गर्न सक्नुको लागि सहयोग हुने उपायबल विषयमा नै अलिक विचार गरिनेछ ।

सत्य पारमिता पूर्ण गर्नको लागि बल

सत्यपारमिता पूर्ण गर्न असत्यभाषणको विपाक देख्नुपर्दछ । सत्यमा बस्नुको आनिशंस चिन्नुपर्दछ । सत्यवादीहरुको सत्यले सत्यवादीहरुको र प्राणीहरुको असल कामकुरा पूर्ण भएको सम्भिmनुमा पनि सत्यपारमिता पूर्ण गर्नलाई अनुबल दिइरहन्छ ।

असत्यभाषण गर्नु नीचत्वको लक्षण हो । उत्तम पुरुषहरुले जीवनको लागि पनि असत्य कुरा बोल्दैनन् । जसले झुठो कुरा गर्दछ, उसलाई संसारले नै घृणा गर्दछ । असत्यभाषणले विश्वासलाई छिपाउने हुन्छ । जहाँ विश्वास छैन त्यस संसारमा गति नै हुँदैन जीवन स्पन्दन पनि हुँदै न । विश्वासमा नै मानिसहरुले आफ्नो जीवन सुम्पिन्छन् । मोटर वा हवाईजहाजबाट जान मानिसले कसैको कार्य कुशलताको विश्वासमा जीवन बिताउँछ । यो विश्वास भनेको सत्यतामा नै जग बसेको हुन्छ । असत्य कुरा गर्नेहरुलाई अरुहरुले विश्वास गर्दैन, त्यसैले असत्यवादीले कसैलाई पनि उपकार

भनेको नै गर्न गाह्रो भइरहन्छ । कारण उसलाई अरुहरुले उपकारको अवसर दिन नै डराउँछ । अझ असत्यवादीहरुकोबारे धम्मपद (१७६) अनुसार यस्तो भनिएको पनि छ :-

एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।
वितिण्ण परलोकस्स, नत्थि पापं अकारियं ॥

परलोकको विश्वास नहुने, फेरि झूठो कुरा गर्नेले संसारमा नगर्ने पाप भनेको केही पनि हुँदैन ।

असत्य कुरा गर्ने मरणपछि दुर्गतिमा पुग्दछ । दुर्गतिबाट मुक्त भएर मनुष्यलोकमा जन्म भए तापनि बाँकी पाप सयौं जन्मसम्म असत्य कामकुरामा दण्डभागी हुनुपर्दछ । असत्य भाषणले गर्दा ऊ लाटालाटी हुन्छ । कुरा गरे तापनि लठेउरो हुन्छ । आफूले बोलेको कुरामा छोराछोरीहरुले र अरुले सुन्न नचाहने हुन्छ । उसको मुख गन्हाउँछ र नराम्रो दाँत हुन्छ ।

सत्य दुःखमा परिरहेको लागि सुखी गर्ने मन्त्र हो । मृत्यु पीडाले पीडितहरुलाई शितल बनाई आराम दिलाउने औषधी हो । अनेक द्वन्द हुनाले जल्ने हृदयलाई स्वभावतः शितल बनाउने अर्थमा सत्य अमृतको वर्षा भने पनि हुन्छ । भ्रमको अंधकार नबनाउन सत्य सूर्यजस्तै हो भने, सौम्यरसको अर्थमा सत्य चन्द्रमाजस्तै हो । त्यसरी नै सत्य साँच्चैको माणिक, अपराजित युद्धभूमि, क्लेश फुटाउने वज्र, सुगति जाने मार्ग, निर्वाण देख्ने बत्ती हो । आलवक सुत्त, संयुक्त निकाय (१०/१८) अनुसार आलवक यक्षको- 'रसमा स्वादिष्ट रस के हो ?' भन्ने प्रश्नको जवाफमा बुद्धले स्पष्ट जवाफ दिएका छन्- 'सबै प्रकारका रसहरुमा सत्य रस नै स्वादिष्ट रस हो ।'

असत्य कुरा नगर्नासाथ अनेक फल प्राप्त हुन्छ । विशेष गरी राम्रो आँखा आदि इन्द्रिय हुन्छ, क्रममिलेको दाँत हुन्छ, ठीकको सुसंगठित शरीर हुन्छ, वास्नादार श्वास हुन्छ, आफन्त र नोकरहरुले उसको कुरा सुन्छ ।

बुद्ध र उनको शिष्य श्रावकहरुको सत्यक्रिया सम्झिनु पनि सत्यधर्म पालन गर्नलाई बलजस्तै भइरहन्छ । बोधिज्ञान लाभ गरिसकेपछि भेट्न आउँछु भनी सम्राट बिम्बिसारलाई दिएको वचनअनुरूप बुद्धले राजालाई भेट्न गएकै हुन् । सत्यपालनको अवस्थामा कहिलेकाहीँ अति नै अप्ठ्यारो परिस्थिति आउँछ । तर यस्तो परिस्थितिमा पनि विचलित नहुनाले सत्य स्वयं नै कीर्तिमान हुन्छ, यस्तै नै सत्यले आत्मार्थ र परार्थ हितको लागि काम गर्न सक्छ ।

अधिमुक्त श्रामणेरको कथा

संकिच्च स्थविरको शिष्य अधिमुक्त श्रामणेर आफ्नो गुरुको आज्ञाअनुसार आफ्नो उमेर सोध्न आफ्ना आमाबाबुकहाँ गए । तर जङ्गलबीचमा उनलाई चोरहरुले भेट्टाए । चोरहरुले उनलाई पक्रेर मारे विचार गरे । श्रामणेरले विचार गऱ्यो- 'यो जीवनमा नै अर्हत् हुन पाइन भने फेरि कहिले अर्हत् हुने ?' यति विचार गरी श्रामणेरले चोरको नाइकेलाई भन्यो- 'मलाई मार्नुअघि मेरो एउटा कुरा सुन । पहिले त्यस्तै एकजना मानिस एउटा लोखर्केलाई पक्रेर माऱ्यो । तर लोखर्केलाई के मारेको थियो, यहाँ त धेरै डरलाग्दो रहेछ भनी मृग, चराचुरुङ्गी आदि सारा प्राणीहरु जङ्गल छाडी भागे । त्यसरी नै मजस्तो प्रव्रजितलाई त माऱ्यो भने यस मार्गमा प्रव्रजितहरुलाई त बाँकी राखेनन् भने अरु कसलाई बाँकी राख्छ भनी यो मार्गमा कोही पनि आउँदैनन् । त्यसैले मलाई छोडिदेऊ ।' त्यसपछि चोरको नाइकेले श्रामणेरलाई यो कुरा कसैलाई पनि भन्दिन भनी वचन लिएर मात्र छोडिदियो । संयोगवश जङ्गल पार गर्नासाथ

https://dhamma.digital

नै श्रामणेरले आफ्ना आमाबाबुहरु भेट्यो । उसले आफ्नो उमेर सोध्यो । आमाबाबुहरु जङ्गलतिर प्रवेश गरे । तर पनि श्रामणेर त्यो कुरा बताएन । जङ्गलबीचमा पुग्दा उनीहरुलाई चोरहरुले समाते । तब श्रामणेरकी आमा रोइन् । किन अधिमुक्त श्रामणेरसँग मात्र एकदिन बसेनौं ? भन्दै रोइन् । त्यसैबेला नै चोरको नाइकेले भन्यो- 'त्यो श्रामणेरले तिमीहरुलाई केही पनि भनेन र ?' उनीहरुले जवाफ दिए- ' केही पनि भनेन ।' पछि वास्तविक कुरा बुझेर आमाचाहिँ खुब रुइन् । अधिमुक्तले कति ठूलो अपकार गऱ्यो भनी रुइन् । यता चोरको नाइकेको मनमा विचार आयो, अधिमुक्त श्रामणेर साँच्चै के सत्यवादी हो । यस्तो सत्यवादीको सत्यलाई धमिल्याइदिनु हुँदैन, निरर्थक गरिदिनु हुँदैन । त्यति विचार गरी चोर हरुको नाइकेले उनीहरुलाई छोडिदियो । पछि अन्तमा आफ्ना पाँचसय चोर साथीहरुसहित ऊ आफै पनि अधिमुक्त श्रामणेरको शिष्य बन्न गए । श्रामणेर अधिमुक्त पहिला आफू उपसम्पदा भए र पछि चोर हरु पनि उपसम्पदा भए । अन्त्यमा उनीहरु सबै अर्हत् भए ।

सत्यवचनको पालन यसरी गाह्रो हुने गरी मात्र नै पालन हुन्छ भन्ने छैन । कहिलेकाहीँ उपाय कुशलताले पनि सत्य वचनको पालनमा सरलता देखिने हुन्छ । सम्भाव्य भयको भार बोक्नुपर्दैन । श्रीलंकामा दुट्ठगामिनी राजाले आफ्नो भाइ तिस्सलाई लखेट्दै खेद्यो । तिस्स भागेर एकजना भिक्षुको खाटमुनि लुकेर बस्यो । दुट्ठगामिनी राजाले भनी सोधे- 'तिस्स खोइ ?' खाटमा बसिरहेको भिक्षुको लागि त्यसबेला साह्रै अप्ठ्यारो पऱ्यो । एकातिर राजा अर्कोतिर तिस्स । राजा पनि नरिसाउने तिस्स पनि बच्ने गरी- 'थाहा छैन' भनेमा असत्य वचन हुने । त्यसैले त्यस भिक्षुले- 'तिस्स यस खाटमाथि कहाँ छ र ? भनी जवाफ दियो ।

अर्को उदाहरणमा कपिलवस्तुको शाक्यवंशप्रति जाति नै संहार गर्ने प्रतिशोधात्मक रिस बोकेर विडुडभ आए । प्रत्येक व्यक्तिलाई पक्रेर सोध्ने गरिन्थ्यो- 'तिमी को हौ ?' भनेर । 'शाक्य' भन्नासाथ मारिदिने । 'होइन' भन्यो भने असत्य हुने । त्यसैले कति शाक्यहरुले मुखमा घाँस राखेर भने- 'सक्का होइन घाँस हो ।'

वानरिन्द जातक (५७) को एउटा अभिव्यक्तिले त यस उपाय कुशलतालाई अति नै फराकिलो पारिदिएको छ । स्वास्नीको कुरा सुनेर बाँदरको मुटु कलेजो लिन्छु भनी एउटा गोही नदीबीचको ढुङ्गामा बसिरह्यो । बाँदर भने नदी वारपार गर्दा त्यही ढुङ्गामा एकपल्ट उफ्रेर आधार लिएर मात्र पारी जान सक्दथ्यो । ढुङ्गामा गोही बसेको देखेर सोध्दा गोहीबाट आफूलाई मारेर मुटु लिनको लागि बसिर हेको कुरा बुझेर पारी जाने उपाय केही पनि नदेखेपछि बाँदरले भन्यो- 'लौ मुख बाएर बस, म आउन लागेको छु ।' गोहीले मुख बायो । गोहीको स्वभावअनुसार मुख बाउँदा आँखा चिम्लिने हुन्छ । त्यसै अवस्थामा गोहीको टाउकोमा बुद्रुक उफ्रेर बाँदर आफू पार भयो । गोही निराश भयो । तर बाँदरको यस बुद्धि कुशलतामा गोही पनि प्रसन्न भयो ।

यस अभिव्यक्तिले भने यस्तो बुझिन्छ कि आफ्नो प्राण बच्ने हो भने साथै अर्कोको प्राण नजाने हो भने, कसैलाई अकुशलबाट मुक्त गराउने हो भने, शब्दले केही घुमाएमा पनि असत्यवादी हुँदैन । चरि या पिटकमा यही चर्चाको वर्णन गरिसकेपछि भनिएको छ- 'मैले उसलाई झुठो कुरा गरिन, जस्तो मैले भने त्यस्तै मैले गरें (कपिराज चर्या) । '

सत्यप्रकाश गर्नलाई पनि कहिलेकाहीँ समय चाहिने हुन्छ । सत्य सत्यजस्तै मात्र कुरा गरिर हनुको अर्थले मात्र नै सत्यवादी हुने होइन । पानी छोएर यो पानी यो पानी हो भनेर भात छोएर यो

भात, यो भात हो भनेर बस्यो भने के लाभ ? सत्य कुरा पनि समय हेरेर सार्थक हुने गरी मात्र प्रकाश गर्नुपर्छ । भगवान् बुद्धले एकदिन अति नै आश्चर्यजनकको प्रेतलाई देखे । तर त्यो कुरा उनले प्रकाश पारेनन् । जब यसै प्रेतलाई मौद्गल्यायन स्थविरले पनि देखे, तब यस बारे मौद्गल्यायनले कुरा उठाई सकेपछि मात्र उचित सार्थक भाव देखेर यो कुरा बुद्धले भिक्षुहरुको अगाडि प्रकाश पारे । यसैले सत्यवचन पनि सार हुने अवसरमा मात्र प्रकाशित गर्नुपर्दछ ।

फेरि कुनै कुनै सत्य कसैकसैलाई मन नपर्न पनि सक्छ । तर त्यो प्रकाश गरी नराम्रो हुनुभन्दा र म्रो हुने धेरै हो भने त्यो वचन अप्रकाशनीय हुँदैन । रूपयौवनले सम्पन्न भएकी मागन्धी बुद्धको अगाडि राखेर बाबुचाहिँले बुद्धसँग छोरीको रूप र यौवनको प्रशंसा गरेर विवाहको प्रस्ताव राख्यो । तर बुद्धले उसको प्रार्थना स्वीकार गर्ने कुरा त परै जाओस् उल्टो रूप र सौन्दर्यको दोषबारे प्रकाश पारे । जसले गर्दा मागन्धी रिसाइन् तर उसको आमाबाबु दुबै अनागामी भए । त्यसरी नै बुद्धले अग्गिक्खन्धोपम सुत्त देशना गर्नुभएको अवस्थामा साठीजना भिक्षूहरुले हृदयले सहन सकेनन् । साठीजना दुःशील भिक्षुहरु दुःशीलबाट बचे भने साठीजना भिक्षुहरु अर्हत् भए । यसरी राम्रो वा नराम्रो फल दिने काम भयो कि र म्रोको गौरव राख्नु बुद्ध र बोधिसत्वहरुको चरित्र हुन्छ । यो प्रसंगमा राहुलोवाद सुत्त र अभय राजकुमार सुत्त प्रस्तुत गर्नु उचित हुनेछ । किनकि पहिलो सुत्तमा कस्तो कुरा बोल्नु राम्रो भन्ने उपदेश छ भने अर्को सुत्तमा तथागतले कस्तो कुरा बोल्नु हुँदैन भन्ने जान्नलाई आदर्श पाइन्छ ।

राहुलोवाद सुत्त

एकदिन ध्यानबाट उठेर भगवान् बुद्ध अम्बलट्ठिक विहारमा पुगे । त्यहाँ आयुष्मान् राहुल बसिरहेको थियो । राहुलले भगवान् बुद्ध आउँदै गरेको टाढाबाटै देख्नासाथ आसन र खुट्टा धुनको लागि पानी ठिक पाऱ्यो । भगवान् बुद्ध ओछ्याइराखेको आसनमा बसे । राहुल पनि अभिवादन गर्दै एक छेउ बस्यो ।

तब भगवान्ले कलिकता बचेको पानी लोटामा त्यसै राखेर प्रश्न सोधे- 'राहुल लोटामा यति थोरै पानी बचेको देखेका छौ ?'

'देखें भन्ते ।'

'राहुल त्यसरी थोरै उसको श्रमणभाव हुन्छ, जो जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले त्यो बचेको थोरै पानी पनि भुईंमा खन्याएर सोधे- 'राहुल, देख्यौ के मैले थोरै भएको पानी पनि फ्यालिदिईसकें ।'

'देखें भन्ते ।'

'राहुल, उसको श्रमणभाव पनि त्यसरी नै फ्यालिराखेको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले लोटा घोप्ट्याएर सोधे- 'राहुल, तिमीले यो लोटा घोप्ट्याएको देख्यौ कि ?'

'देखें भन्ते ।'

'राहुल, त्यसरी नै घोप्ट्याएको तुच्छ उसको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

राहुल, जसरी कि लामो दाँत भएको, ठूलो शरीर भएका, असल जातको, संग्राममा जाने राजाको हात्तीले संग्राममा जाँदा आफ्नो अगाडिको खुट्टाले पनि काम गर्छ, पछाडि खुट्टाले पनि काम गर्छ, शरीरले पनि काम गर्छ, टाउकोले पनि काम गर्छ, दाँतले पनि काम गर्छ, पुच्छरले पनि काम गर्छ । तर त्यसो भए पनि त्यो हात्तीले सूँढको काम लिएन भने माहुतेले विचार गर्छ 'यो हात्तीको दाँत लामो भए तापनि, यो हात्ती ठूलो भए तापनि, असल जातको भए तापनि ठीक छैन । यस्तो हात्तीको तर्फबाट राजाको जीवन युद्धक्षेत्रमा आरक्षित हुँदैन ।' 'तर राहुल, यस्तो हात्तीले सूँढले पनि काम लिए भने त्यो राजाको लागि विश्वसनीय हात्ती हुन्छ । त्यसरी नै राहुल, जोसँग जानीजानी असत्य कुरा बोल्नुमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन- यसरी म विश्वास गर्छु । त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर वा ख्याल ठट्टा गरेर पनि झूठो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धार ण गर्नुपर्छ ।'

अभय राजकुमार सुत्त

अभय राजकुमारले आफ्नो गुरु निगंठनाथपुत्तको सल्लाह अनुसार महान् गौतमसँग शास्त्रार्थ गर ी सुयश फैलाउने मनुसुवा गरे । भगवान् बुद्धले अरुलाई मन नपर्ने वचन बोल्नुहुन्छ कि हुँदैन भन्ने कुर ामा अनेक तर्कवितर्क गर्ने तरिका सिकेर अभय राजकुमार भगवान् बुद्धकहाँ आए । फेरि त्यसदिन केही पनि नसोधी भोजनको लागि बुद्धलाई निमन्त्रणा गरे । तर पनि उनको विचार थियो- घरमा बोलाएर प्र श्न गर्छु ।

भोलिपल्ट भोजन गरिसकेपछि अभिवादन गरी अभय राजकुमारले सोधे- 'भन्ते, के तथागतले त्यस्तो वचन बोल्नुभएको छ जुन अरुलाई मन नपरेको होस् ?'

बुद्धले जवाफ दिए- 'एक दृष्टिकोणले अर्थात् एकांश होइन ।'

बुद्धको जवाफ सुन्ने बित्तिकै अभय राजकुमारले भने- 'भन्ते, निग्रन्थको नाश भयो ।'

त्यस समयमा अभय राजकुमारले काखमा बसिरहेको सानो बच्चा थियो । भगवान् बुद्धले सोधे- 'राजकुमार तिम्रो वा धाइको प्रमादले यस बच्चाको मुखमा काठटुक्रा वा कुनै वस्तु अड्किएमा तिमी के गर्छौ ?'

'भन्ते म त्यो निकालिदिन्छु । यदि पहिले नै मैले बच्चाको मुखमा रहेको सोझै निकाल्न सकिन भने देब्रे हातले टाउको समातेर दाहिने हातले मुखमा औंला दोब्राएर पसाएर भएपनि निकालिदिन्छु । मुखमा रगत नै आउने भएमा पनि म निकालिदिन्छु ।'

'त्यसो किन गर्ने त ?'

'किनभने, मेरो बच्चाप्रति माया छ ।'

त्यसरी नै राजकुमार-

१) तथागतले जुन वचन अतथ्य र अनर्थयुक्त भनी जान्दछन्, फेरि त्यो अरुलाई अप्रिय अमनाप हुन्छ, ती वचन तथागतले बोल्दैनन् ।

२) जुन वचन भूत र अनर्थक हो, फेरि त्यो अरुलाई अप्रिय अमनाप पनि हुन्छ, ती कुरा तथागतले बोल्दैनन् ।

३) जुन कुरा अभूत र अनर्थक छ तर अरुलाई प्रिय र मनाप भयो भने पनि ती कुरा तथागतले बोल्दैनन् ।

४) जुन कुरा भूत र सार्थक छ, साथै त्यो अरुलाई प्रिय र मनाप पनि हुन्छ, कालज्ञ तथागतले ती कुरा गर्दछन् । किनकि राजकुमार, तथागतको प्राणीहरुप्रति दया छ ।'

बोधिसत्वहरुले उच्चगुण अभिवृद्धि गर्न सत्यपारमिता परिपालन गर्दछन् । बोधिसत्वहरुको तर्फबाट कहिलेकाहीँ कुनै कुनै अवस्थामा एउटा असत्यभाषण छोडेर बाँकी पञ्चशीलमध्ये चारवटा शीलहरु कतैकतै बिग्रेको देखिन्छ । तर अरुलाई अहित हुनेगरी असत्यभाषण कहिले पनि बोलेनन् । हिरि जातक (३६९) अनुसार बोधिसत्वहरुको आदर्श हुन्छ-

यं हि कयिरा तं वदे, यं न कयिरा तं न वदे ।<br>अकरोन्तं भासमानं, परिजानन्ति पण्डिता ॥

जुन गर्ने हो त्यही नै भन । जुन गर्ने होइन त्यो भन्नु पनि हुँदैन । नगर्ने कुरा भनेर मात्र हिँड्नेलाई पण्डितहरुले चिन्दछ ।

सत्यसह पण्डित चर्या, चरिया पिटकअनुसार बोधिसत्वले सत्य नामक ऋषि भएको अवस्थामा सत्यको बलले नै लोकको पालन गरे फेरि मानिसहरुका बीच परस्पर प्रेमपूर्वक मिलिजुलि वातावरण श्रृजना गरे ।

असत्यभाषण नगरेको, सार वचनमा स्थीर भएका अरुलाई कहिले पनि वञ्चना (ठग्नु) नगरेको सत्यपारमिताको कारणले गर्दा नै भगवान् बुद्धको एउटा रौंप्वालमा एउटै मात्र रौं उम्रिएको थियो भने उनको भृकुटीमा उण्हलोम (उष्णा) पनि उम्रिएको थियो ।

दश पारमितामा सत्य पारमिता

दश पारमितामा सत्यपारमिता सातौं पारमिता हो । दिन्छु भनिसकेकोलाई दिएर नै छोड्नुमै दान र सत्यको सम्बन्ध छ । असत्य कुरा नगर्नु शील अन्तर्गतजस्तै सत्यको अन्तर्गत पनि हुन्छ । सत्यको र अधिष्ठानको संयुक्तभावको आधारमा प्रज्ञाज्ञानले दृढ भएमा नैष्क्रम्य पूर्ण हुन्छ । सत्यसार्थक गर्नलाई प्रज्ञाको सहभाव आवश्यक छ । सत्यवचन भाषणको लागि वा सत्यको पालनको लागि कहिले वीर्यको बल चाहिन्छ भने कहिले आउने शारीरिक मानसिक पीडा सहन क्षान्ति आवश्यक पर्दछ । यही नै सत्यपारमिताको दस पारमितासँगकौ सम्बन्ध हो ।

सत्य पारमिताको कथात्मक व्याख्या :

बोधिसत्वचर्या जसमा सत्यको पालन भइरहेको छ, त्यो नै सत्यपारमिताको कथात्मक व्याख्या हो । बोधिसत्वहरुले सत्यपालन गर्ने क्रममा काललाई समेत एकछिन पर्ख है भनेर पनि पारमिता पूर्ण गर्दछन् । दान पारमितामा उल्लेखित जयद्दीस्स जातक (५१३) मा बोधिसत्व अलिन्द कुमारले आफ्नो बाबुको सट्टा आफू मर्न तयार भए । यस सत्य पालनको लागि आत्मउत्सर्गको समयमा राक्षसको मनमा पनि सत्यले प्रभावित पाऱ्यो । उसले भन्यो- 'यस्तो धर्मस्थित, सत्यवादी, उदारपुरुषलाई कसले खान सक्छ ? जसले यस्तो सत्यवादीलाई खान्छ उसको टाउको सात टुक्रा भएर फुट्छ ।'

महासुत्तसोम जातक (५३७) मा महासुत्तोसोमले पनि दिएको वचनअनुसार उपदेश सुन्नको लागि अवसर लिएर फिर्ता गए । फेरि उपदेश सुनिसकेपछि मनुष्य भक्षककै ठाउँमा फर्किएर गए । 'आफ्नो जीवनको माया नराखी फेरि किन तिमी फर्किएर आएको' भनी मनुष्य भक्षकले सोध्दा महासुत्तसोमले भने-

यं केचि मे अत्थि रसा पथव्या, सच्चं तेसं साधुतरं रसानं ।
सच्चं ठिता समण ब्राह्मणा च, तरन्ति जाती मरणस्स पारं ॥

पृथ्वीमा जति पनि रस छ, सत्यरस नै त्यसमा सर्वश्रेष्ठ छ । सत्यमा जो श्रमण ब्राह्मण स्थित हुन्छ, ऊ जन्ममरणको बन्धनबाट पार हुन्छ ।

पद्म जातक (२६१)

अयथार्थताले राम्रो गरे तापनि सार्थक हुँदैन । यथार्थलाई राम्ररी अगाडि राख्नु नै फलप्रद हुन्छ । एकपल्ट तीनजना श्रेष्ठीपुत्रहरु फूलमाला पहिरिएर सजिएर वाराणसी जाने इच्छा भयो । तब तिनीहरु मध्ये एकजना गएर नाक नभएको बगैंचा पालेको प्रशंसा गऱ्यो - 'हे माली दाह्रीजुँगा भनेको खौरेर पठाए पनि फेरि फेरि उम्रेर आउँछ । त्यसरी नै तिम्रो नाक ठूलो भएर आओस् । मलाई कमल फूल अलिकता देऊ ।' यो कुरा सुनेर उसलाई रिस उठ्यो । अर्कोले भन्यो- 'शरदऋतुमा रोपिएको बीउ राम्ररी उम्रेर आउँछ त्यसरी नै तिम्रो नाक उम्रेर आओस् ।' मलाई कमलको फूल दुई थुँगा देऊ । तर पनि मालीले यो असत्य बकवास भनी रिसायो । तब अर्कोले गएर भन्यो- 'कमल फूलको आशाले यी दुबैले पनि असत्य कुरा गरे । यिनीहरुले नाक उम्रेर आओस् भन्दैमा अथवा यिनीहरुले नाक ठूलो नहोस् भन्दै मा न तिम्रो नभएको नाक भएर आउँछ, न त तिम्रो भएको नाक हराएर नै जाने हो । हे मित्र यथार्थ कुरा गरे, त्यसैले मलाई केही कमल फूल देऊ ।' त्यो कुरा सुनेर यसले त सत्य नै कुरा गऱ्यो भनेर मालीले उसलाई कमल फूल दियो । वास्तवमा यो नै स्वाभाविक यथार्थ वचन भाषण प्राप्तिको लागि बोधिसत्वसम्मत मार्ग पनि हो ।

बोधिसत्वहरुले असत्य कुरामा प्रशंसा गरी आफ्नो स्वार्थसिद्ध गर्दैनन् । त्यसरी नै अरु खुशी पार्न आफ्नो गुण पनि प्रकाश पार्दैनन् । आफ्नो जीवनको लागि पनि असत्य कुरा गर्दैनन् । यसको उदाहरणको लागि प्रज्ञापारमितामा उल्लेखित विधुर जातक (५४५) अनुसार विधुरले आफ्नो प्राणको मायाले असत्य कुरा नगरी पुण्णक यक्षको पक्षमा नै निर्णय दिए ।

सत्य पारमिता, उपपारमिता, परमत्थपारमिता

सम्बोधि लाभको इच्छा गरी पालन गरिने सत्य नै सत्यपारमिता हो । सम्यक् सम्बोधिको लागि सत्यवचन बोल्दा पनि धनसम्पत्ति, छोराछोरीको हानि हुनसक्छ । त्यसैले यो हानिमुक्त हुनलाई समेत सत्यको उल्लंघन नगर्नु नै सत्यपारमिता हो । त्यसरी नै शरीरको अङ्गप्रत्यङ्गलाई हानि भए तापनि कराल गरिसकेको उल्लंघन नगर्नुलाई सत्य उपपारमिता भनिन्छ । साथै आफ्नो जीवन जाने भए तापनि वचन उल्लंघन नगरी पालन गरिने सत्यलाई नै सत्य परमत्थपारमिता भनिन्छ । यहाँ यस पार मितासँग सम्बद्ध दुई बोधिसत्व चर्याको चर्चा गरिनेछ ।

दशरथ जातक (४६१)

वाराणसीको राजा दशरथले चार अगती नपर्ने गरी राम्ररी राज्य गरिरहे । राजा दशरथको पटरानीको तर्फबाट तीनजना सन्तान भए । दुई छोरा राम पण्डित र लक्षण, एकजना छोरी सीता । पटरानीको मृत्यु भएपछि अमात्यहरु धेरै कराए । तब राजा दशरथले अर्की पटरानी स्वीकार गरे । उनको तर्फबाट राजाको एउटा बच्चा भयो, नाम हो भरत । पुत्र भरतको स्नेहले अभिभूत भएर राजा दशरथले आफ्नी पटरानीलाई एउटा वरदान दिए । पटरानीले पनि वरदान आवश्यक पर्दा लिन्छु भनी वरदान त्यसै थाति राखिन् । केही वर्षपछि भरत राजकुमार पनि ठूलो भए । एकदिन पटरानीले भनिन्- 'महाराज दशरथ, मलाई मेरो वरदान दिनुहोस् । मेरो छोरा भरत ठूलो भयो । उसलाई उत्तराधिकारी बनाउनुहोस् ।'

यो कुरा सुनेर राज दशरथ साह्रै रिसाए । पटरानीलाई गाली पनि गरे । तर त्यसदिनदेखि राजालाई निद्रा लागेन । द्वेष र ईर्ष्याले आफ्नो छोराहरुलाई विशेषतः ठूलो छोरालाई पटरानीले केही गरि दिने हो कि भनेर धेरै चिन्ता भयो । त्यसैले आफ्ना छोराहरुलाई बोलाएर राजा दशरथले भने- 'राजकुमार जङ्गलमा गएर बाह्रवर्ष बस्न जाऊ । तब म मरेपछि फर्केर आएर राज्याशन लिन आऊ ।' राजाले यसो भन्नुको कारण हो- ज्योतिषीहरुले उनको आयु बाह्रवर्ष बाँकी छ भनिएको थियो ।

बाबुको वचन शिरोपर गर्दै बोधिसत्व राम पण्डित जङ्गल जान तयार भए । तर भाइ लक्षण र बहिनी सीता पनि रुँदै सँगै जाने भने । तब तीनैजना दाजुभाइ बहिनी बनवास गए । पुत्रशोकले गर्दा नौ वर्षमै राजा दशरथको मृत्यु भयो । तब राज्याशनको अधिकारीको कुरा आउँदा अमात्यहरुले भने- 'राज्यको अधिकारी जङ्गलमा बसिरहेको छ । तब भरतले पनि नौ वर्षको पुरानो रहस्य बुझ्यो । राम र लक्षणको जङ्गलगमनको कुरा पनि बुझ्यो । भरत अति नै भातृभक्त, त्यसैले भरत आफै गएर दाजुलाई बोलाउन गए ।

जब भरतले दशरथको मृत्यु भएको कुरा बताए, बाबाको शोकमा भरत र सीता धेरै रुए । राम पण्डितले उनलाई धैर्य दिँदै अनित्य धर्मको उपदेश गरे । राम पण्डितलाई वाराणसी फर्किन आग्रह गर्दा राम पण्डितले जवाफमा भने - 'मैले बाबुलाई बाह्रवर्षसम्म जङ्गलमा बसेर आउनेछु भनेको थिएँ । त्यसैले म बाह्रवर्ष जङ्गलमा बस्छु । मैले दिइसकेको वचन पूरा गरेरै मात्र फर्किनेछु ।' धेरै आग्रह र अनुरोध गरियो तापनि राम पण्डितले राज्यमा फर्किने कुरा स्वीकार गरेनन् । लक्षण र सीतालाई मात्र भरतले आफ्नो साथमा लगे ।

राम पण्डित बाबुको अगाडि स्वीकार गरेको वचनअनुरूप अझ तीनवर्ष बनवासमै रहे । यस तीन वर्षसम्म भरतले राम पण्डितको घाँसको जुत्ता राज्याशनमा राखेर राज्य गरे । यसरी बोधिसत्व राम पण्डितले राज्य प्राप्त हुने भएतापनि दिएको वचन उल्लंघन नगरी पालन गरेरै प्रतिज्ञा पूरा गरे ।

हारित जातक (४३१)

बोधिसत्वहरु लोकनिन्दादेखि डराएर अथवा दण्ड देखेर डराएर अथवा असत्य कुरा बोले पनि विश्वास गर्छन् भनेर असत्यभाषी हुने गर्दैनन् । यथातथ्य भन्नु नै उनीहरुको स्वभाव हुन्छ । उनीहरुले दुष्चरित्रलाई सुचरित्र गरी वर्णन गर्दैनन् । आफ्नो सुचरित्र पनि अनावश्यक रूपले लोकहितार्थमा नभइकन प्रकाश गर्दैनन् ।

अस्सीकोटी धनद्रव्य त्याग गरेर, सारा तक्षशीलाको शिल्प जान्ने हारित प्रव्रजित भएर जङ्गलमा गए । धेरै वर्षसम्म जङ्गलमा बसेर नून र अमिलोको स्वाद लिन हारित ऋषि वाराणसी आए । वार

णसीको राजाको हारितप्रति धेरै श्रद्धा उत्पन्न भयो । राजाले ठूलो श्रद्धाले आफ्नो दरवारको बगैंचामा परिव्राजक हारितलाई एउटा कुटी पनि बनाइदिए भने उनलाई सधैं भोजन पनि प्रदान गरे ।

एकदिन प्रत्यन्तदेशमा विद्रोह भयो । विद्रोह दमन गर्न राजा स्वयं प्रत्यन्त देशमा जानुपऱ्यो । तर जानअघि हारितलाई सधैं भोजन गराउने काम राजाले आफ्नी महारानीलाई सुम्पिदिए । महारानीले पनि अप्रमादपूर्वक सधैं भोजन दान गर्दै रहिन् ।

एकदिन हारितऋषि धेरै समयसम्म भोजनार्थ आएनन् । महारानी पनि त्यसैले सुगन्धित पानीले एकपल्ट नुहाई नि हाल्छु भनी नुहाउन गइन् । नुहाएर रेशमी वस्त्र बेरेर त्यसै बसिरहिन् । त्यसैबेला नै हारित भिक्षार्थ आइपुगे । पहेंलो वस्त्र अचानक देख्दा महारनी तर्सिन् । हतारहतारमा उठिन् । महारानी यसरी हतारिएर उठ्दा शरीरमा बेरेको रेशमी वस्त्र सबै तल खस्यो । प्रतिकूल आलम्बनले गर्दा बोधिसत्वको आँखामा वासनात्मक चोट पऱ्यो । शान्त भएको राग झोलिभित्रको सर्पजस्तै फुँकादै बाह्य रूपमै प्रकट भयो । ध्यानबल छुट्यो । स्मृति ठीक ठाउँमा परेन । तब हारित ऋषि महारानीसँग लोकधर्म सेवन काम वासनमा लीन भए ।

यस लोकधर्मले हारितलाई अभिभूत गऱ्यो । देशमा यस कुराको प्रचारले हारित बोधिसत्वको निन्दा भयो । अमात्यहरुले पनि भएको कुरा राजालाई पत्रद्वारा अवगत गराए । तर राजाले भने विचार गरे - 'यसरी लेखेर मेरो मन बिगार्न यसरी लेखेर पक्कै चाल चलिरहेको होला ।' केही दिनपछि प्रत्यन्त देशको विद्रोह शान्त गरिसकेपछि राजा आफ्नो दरवारमा फर्के । दरबारमा राजाले स्वयं महारानीसँग हारितको विषयमा सोधे । महारानीले पनि आफूले हारितसँग लोकधर्म सेवन गरेको कुरा स्वीकार गरिन् । तर अझै पनि राजालाई विश्वास लागेन । सिधै उद्यानमा गएर हारित तपश्वीसँग नै राजाले सोधे- 'हे मुनि, मैले सुने हारित अब कामभोगी भइसक्यो । के यो कुरा असत्य हो कि ? अझै शुद्ध विहारी नै भइबसेकै हौला होइन ?'

त्यसबेला बोधिसत्वले विचार गरे- 'यदि मैले कामोपभोग गरेकै छैन भनेर भन्छु र पनि यस राजाले अवश्य विश्वास गर्छन् । तर यसो भन्दा ममा सत्यता भएको पनि नाश हुन्छ । यस लोकमा सत्यजस्तै ठूलो प्रतिष्ठा कुनै छैन । जसले सत्यलाई उखेल्छ, उसले बोधिवृक्षको मुनि बसेर बुद्धत्व प्राप्त गर्न सक्दैन । त्यसैले मैले जीवनको माया नलिई यथातथ्य सत्यभाषण नै गर्नुपर्छ ।' यसरी विचार गरी बोधिसत्वले जवाफ दिए -

एवमेतं महाराजा, यथा ते वचनं सुतं ।<br>
कुमग्गे पटिमन्नोम्हि, मोहनेय्येसु मुच्छितो ॥

महाराज, जसरी यहाँले सुन्नुभयो त्यो कुरा त्यस्तै हो । म कामभोगमा मूर्छित भएर कुमार्गगामी भएँ ।

यो स्पष्ट स्वीकारोक्ति सुनेर, बोधिसत्व हारितको सरल सत्यभाषा सुनेर राजा प्रसन्न नै भए । त्यसैले क्रोधित नभएर राजाले हारितलाई कामको कुमार्ग छोड्न सुझाव दिए । राजाको सुझावसहित आग्रह के भयो तुरुन्त बोधिसत्व हारितले कामभोगको दुष्परिणाम फेरि छर्लङ्ग देखे । बोधिसत्वले प्रण गरे - 'कामभोग अन्धो बनाउने तत्व हो, दुःखदायी हो, महाविषैली हो । मैले यसको जरा पत्ता लगाउने छु । मैले बन्धनसहित रागलाई नष्ट गर्नेछु ।' यसरी प्रण गर्नासाथ बोधिसत्व हारित तुरुन्त पर्णशालामा प्रवेश

https://dhamma.digital

गरे । कसिणमण्डलको भावना गरी पुनः ध्यानबल प्राप्त गरे । राजालाई उपदेश दिएर राजालाई रुवाउँदै बोधिसत्व हारित हिमालय प्रदेशतिर लागे ।

सत्य पारमिता समाप्त ।

## (ग) अधिष्ठान पारमिता

अधिट्ठान पाली शब्दको समानार्थ संस्कृत शब्द हो- अधिष्ठान । अधिष्ठान अर्थात अधि र ठानको अर्थ हुन्छ अनुशरण गर्ने वा दृढ भईवस्ने । अधिष्ठानको शाब्दिक अर्थ पनि आधार अथवा बस्ने ठाउँ नै हो । यसप्रकार दुवै भाषाको शब्दले जुन आधार भनेको भाव देखाउँछ, वास्तवमा त्यो नै आधारको अनुरूप यसको मूल्य निर्धारण हुन्छ । त्यसैले साधारणरूपले आफूले कल्पना गरेको धर्ममा विचलित नभई बस्नुलाई नै अधिष्ठान भनिन्छ । तर यसरी बस्नु कुशलतामा पनि हुनसक्छ, अकुशलमा पनि हुनसक्छ । यहाँ हामीलाई पारमितासँग सम्बद्ध भएर आउने अधिष्ठान कुशलसंग सम्बद्ध मात्र नै भनी जान्नुपर्दछ । म र शत्रु कहिले पनि साथी हुँदैनौं भनी अधिष्ठान गर्नु अशल सम्बंधित अधिष्ठान होइन अशल अधिष्ठान बोधिज्ञानतिर उन्मुख हुनासाथ नै त्यो अधिष्ठानपारमितामा समावेश हुन्छ । सम्बोधिको लागि बोधिसत्वहरूले पूर्णगरेको दानशील आदि पारमिता गुणधर्म यसरी यतिसम्म पूर्ण गर्दछन् भनी चित्तले निश्चय गर्नु साथै त्यस गरेको निश्चय खण्डित नहुने गरी पूर्ण गर्नुलाई नै अधिष्ठानपारमिता भनिन्छ । सम्बोधि प्राप्त गर्नको लागि धेरै पुण्यबल चाहिन्छ । मानिसहरूले पुण्यसम्भार संग्रह गर्न एउटा निर्णयात्मक कोशिस गर्नुपर्छ । होइन भने उसले जुन शुरु गऱ्यो त्यो त्यसै बीचमा र ोकिन सक्नेछ, समाप्त हुन सक्नेछ । प्रायः गरी वास्तवमा जहिले पनि कल्पनाभन्दा कम मात्र नै कार्यरूपमा परिणत हुनसक्छ । यसको लागि नै अधिष्ठान भनेको चाहिएको हो । पहिला हजारौं त्याग गर्ने कल्पना गरी सकेपछि सय पचास मात्र दिने वा महिनाभरि शील पालन गर्ने इच्छा गरेर पछि एकहप्ता एकदिन मात्र हुन जाने वा मैले जीवन नै त्याग गर्नुपरे तापनि गर्नेछु भनी पव्रजित भएर पनि पछि गृहस्थ हुन जाने आदि विघ्नहरू हटाउन अधिष्ठानबलको जरुरत पर्दछ । यसप्रकार जुनसुकै गरेको पुण्य कल्पना पूर्ण गर्नको लागि अधिष्ठान शक्ति बनाउनुपर्दछ । त्यसैले अधिष्ठान मात्र पुण्य नभए तापनि यसविना पुण्य भनेको हुनसक्दैन । यसविना पारमिता पूर्ण हुँदैन । त्यसैले नै यो पार मिताअनुरूप समावेश भएको वा गन्तिमा परेको हो । यसप्रकार एकातिर अधिष्ठानपारमिता दान शीलादि पारमितासंग टासिएको एउटा पारमिता हो भने अर्कोतिर स्वतन्त्र महत्व भएको पारमिता पनि हो । शायद त्यसैले नै दश पारमितालाई सप्त पारमितामा उल्लेख गरेको चर्यापिटकमा पनि यसको उल्लेख भएको छ भने षड पारमितामा चाहि यसको उपेक्षा गरिएको छ । दश पारमितामा अधिष्ठानपार मिता आठौं पारमिता हो । बुद्धकारक धर्ममा दृढ भएर बस्नु यसको लक्षण हो । विरोधधर्मलाई दबाएर पठाउनु यसको रस (कृत्य) हो । त्यसरी नै बुद्धकारक धर्मप्रति कम्प वा अस्थिर नहुनु यसको प्रत्युप्रस्थान हो भने बुद्धत्व लाभ गर्नुलाई उपकारक हुने धर्मसमूह पदस्थान हो । दान शीलादि कुशलमा स्थर र दृढ हुने अधिष्ठान गर्नु बोधिसत्वहरूको स्वभाव हो । अधिष्ठानको अभ्यास गरिबसेका बोधिसत्व पर्वतजस्तै अचल छन्, चाहे पानी परोस्, चाहे आंधी चलोस् । जुन विषयमा आफ्नो चित्तले त्यो काम अभ्यास गर्यो त्यस विषयमा जतिसुकै विघ्नबाधा आए तापनि विचलित नभइकन लक्ष्य प्राप्त गर्नलाई बोधिसत्वहरूले प्रयत्न गर्दछन् । वाञ्छित इच्छा पूर्ण गर्नलाई अधिष्ठान नभई हुँदैन । जसरी घर बनाउन बलियो जग, रु ख कड़ा भएर बाँच्न दरो जरा आज यहाँ रोपेर, भोली फेरि उता रोपेर, अझ फेरि पर्सी अर्को ठाँउमा र

ोपेर कुनै पनि फूलको बोटहरू ठूलो हुँदैन, रुख, फूलको बोट ठूलो पार्न त्यसमा जरा गाड्नु आवश्यक पर्छ, त्यसरी नै अस्थिर पुण्यइच्छा फलवान हुदैन । फेरि यो अधिष्ठान परमार्थरूपमा हेर्दा आरम्मण विनिश्चय गर्ने लक्षण स्वभाव अधिमोक्ष गर्ने इच्छाको लक्षण भएको छन्द, आरम्मणलाई अभिमुख गरी चित्त पठाउने लक्षण भएको मनसिकार हुन् । यी चेतसिकमा पर्दछन् । अधिष्ठानलाई यसरी तीन प्रकारले विभाजन गरिराखेको देखिन्छ ।

## चार प्रकारका अधिष्ठान

अधिष्ठान कार्यभेद अनुसार :

१ ) सच्चाधिट्ठान,

२ ) चागाधिट्ठान,

३ ) उपसमाधिट्ठान,

४) पञ्ञाधिट्ठान

यसरी चार प्रकारमा विभाजन गरिन्छ । बोधिसत्वहरूको अधिष्ठान वा पाणिधि अनुसार सबै पार मी पक्रिराख्नु सच्चाधिट्ठान (सत्य अधिष्ठान) हो । पारमीधर्मको विरोधिभाव लोभ, द्वेष, मोहादि स्वभावलाई छोड्नुलाई चागाधिट्ठान (त्याग अधिष्ठान) भनिन्छ । पारमिताको आनुभावले गर्दा शान्त, उपशान्त हुनै नै उपसमाधिट्ठान (उपशम अधिष्ठान) हो भने धर्म गरी अरुको भलाइको लागि गरिने उपाय दक्षभाव पञ्ञाधिट्ठान (प्रज्ञा अधिष्ठान) हो ।

यी चार अधिष्ठानले अनेकरूपले सम्बोधि विपरितमार्गको अनुशरणमा आरक्षा गर्दछ । सच्चाधिट्ठानले गर्दा दोषयुक्त कुमार्गमा कहिले पनि पार्दैन । किनकि सच्चाधिट्ठानले छलकपट कहिले पनि गर्दैन । चागाधिट्ठानले कुनै वस्तुमा पनि नटाँसिने भएकोले लोभको मार्गमा पार्दैन । उपसमाधिट्ठानको हेतुले गर्दा भयको कारण हुने बाटो हिड्नुमा आरक्षित गर्दछ । किनकि उपसम प्रवृत्तिले अपराधमूलक काममा पाइला राख्न दिँदैन । पञ्ञाधिट्ठानले गर्दा मोहको कारणले दुर्गती पर्नुबाट बचाउँछ, कारण प्रज्ञाले यथातत्व कारण अवबोध गराइरहन्छ । त्यसरी नै चागाधिट्ठानले गर्दा द्वेषले दूषित नभइकन बोधिसत्वहरूलाई साथै मानिसहरूलाई सहनशक्ति भएको बनाइदिन्छ । चागाधिट्ठानले गर्दा लोभमा लुब्ध नभएर आहारादि ग्रहण गर्ने सन्तोषी बनाइदिन्छ । उपसमाधिट्ठानले गर्दा भय नलिएर फ्याल्नुपने फ्यालिदिने बनाइदिन्छ । पञ्ञाधिट्ठानले गर्दा मोहमा मूढ नभएर छोड्नुपर्ने छोड्नसक्ने बनाइदिन्छ । बोधिसत्वहरूले गृहस्थी भए तापनि संधै आफूलाई र अरुलाई कुशलको हेतु हुने प्रिय भाव हुने सच्चाधिट्ठान र चागाविट्ठान गरेर धनले अरुलाई संग्रह गर्दछन् । तब बोधिसत्वहरू प्रव्रजित भएमा उपसमाधिट्ठान र पञ्चाधिट्ठानले धर्मज्ञानले प्राणीहरूलाई संग्रह गर्दछन् ।

## अधिष्ठान पारमिताको प्रतिपत्ति क्रम

बोधिसत्वहरू चाहे गृहस्थ होस् चाहे प्रव्रजित होस् उनीहरूमा अधिष्ठानपारमी सदा भई नै र हन्छ । यथार्थतः अधिष्ठान शक्ति नभएकाहरू सम्बोधि अवस्थामा पुग्ने त एकातिर नै राखिदिउँ, विद्यादि लौकिक अवस्था काम निपूर्णभावमा पुग्नसमेत असम्भव हुन्छ । मैले यो काम गर्छु नभनिकन कुनै पनि हुँदैन, फेरि गर्छु भनेको काम अधिष्ठानविना पूर्ण दिन कुनै पढ्यो अथवा केही गऱ्यो तर तुरुन्त यो गाह्रो

भयो भनेर अर्को पढ्यो वा अर्को गऱ्यो भने उसले न फेरी पढ्ने सक्छ न त केही गरेर नै अगाडि बढ्ने, सक्ने हुन्छ । ठाउँको अनुकूलता र कामको अनुकूलता छनौट गरेर मात्र हिंड्नेहरूले अथवा ठाउँको प्र तिकूलता र कामको प्रतिकूलता आउँदा अधिष्ठानबलले जित्न नसक्नेहरूलाई कुनै पनि काम पूर्ण गर्न गाह्रो हुन्छ । जुनसुकै काम गर्न अधिष्ठान शक्ति हुनै पर्छ । त्यसपछि मानिसका ज्ञानबलका साथै अभ्यासबल पनि प्राप्त हुन्छ । जसरी काम शुरु गर्नुअघि विचार गर्नु ठीक हो, काम गर्न अलसी मानेर त्यसलाई छोडदिनु, अधिष्ठान बल नबनाइबस्नु त्यसरी नै बेठीक हो । त्यस्तो मानिस बाटोमा हिडिरहेको हुन्छ तर लक्ष्यमा कहिले पनि नपुग्ने हुन्छ ।

त्यसैले सम्बोधिको अधिष्ठानलाई साधारण स्तरको अधिष्ठान मानिदैन । यसको प्राप्तिका लागि त्यसैले क्रमशः कुशल अधिष्ठान बुद्धि गर्दै लानुपर्छ । पहिलो 'वर्षको एकपल्ट दान गर्छु' भनी दान गने अधिष्ठान बलियो नभएसम्म महिनाको एकचोटी वा दिनदिनै दान गर्ने अधिष्ठान पूर्ण गर्न सकिँदैन । त्यसरी नै शील पालनमा वा सदचरित्रको विकासमा पनि सर्वप्रथम पञ्चशील नै राम्ररी अभ्यास गर्नुपर्छ । पञ्चशीलको आरक्षा नगरी यो त ठूलो लाभप्रद होइन भनी बस्न सक्छ । साँच्चै भन्ने हो भने पञ्चशील आरक्षा पनि विशुद्धरूपले धेरै समयमा गर्न सजिलो छैन । यसको लागि फल देख्ने गर्नुपर्छ । पछि महिनौमहिनौं, वर्षौंवर्ष वा जीवनपर्यन्त पनि यो अधिष्ठान पूर्ण गर्ने कोशिस गर्नुपर्छ । त्यसपछि मात्र अष्टशील वा दशशीलको अधिष्ठान गर्नु उत्तम हुन्छ । यसरी शीललाई क्रमशः नगरी अधिष्ठान बृद्धि गर्न सकिदैन । यसपछि आज कसैसँग पनि रिसाउदिन भनी मैत्रीको अधिष्ठान गर्नु, आज चित्त स यमित उपसमित गर्छु भनी अधिष्ठान गर्नु, आज चित्त एकाग्र गर्छु भनी अधिष्ठान गर्नु, फेरि गरेझैं गरेको अधिष्ठान पूर्ण पनि गर्नु त्यसपछि आजको यस्तो अधिष्ठान दुईदिनको एक हप्ताको महिनाको, वर्षको अधिष्ठान गर्दै लानु नै अधिष्ठानपारमिता पूर्ण गर्नुको प्रतिप्रति क्रम हो ।

अधिष्ठानको समयमा अनेक अवरोध आउँछन् । विनाअवरोधले वा आएको अवरोधप्रति विजयविना पूर्ण भएको अधिष्ठान सबल अधिष्ठान नै हुँदैन । स्थीर अधिष्ठान नै उन्नतिको लागि सजिलो मार्ग हो भने प्रगतिको लागि मनोबल हो । फेरि अलाभ कही हुन खोज्दा भंग गर्ने अधिष्ठान, छोराछोर ीलाई कुनै अनिष्ठ हुन लागे कि भंग गर्ने अधिष्ठान आफ्नो अङ्गप्रत्यको आपदविपदले बिगार्ने अधिष्ठान, अझ जीवनको मायाले नै बिगार्ने अधिष्ठानले बोधिप्राप्त हुँदैन । सम्पत्तिको त्याग, परिवारको बलिदान जीवनको उत्सर्गयुक्त अधिष्ठान नै बोधिसत्वहरूको अधिष्ठान हुन्छ । यो बोधिसत्वहरूको अधिष्ठान दान शीलादि पारमितामा टाँसिएर क्रमशः विकसित हुन्छ । विकसित अधिष्ठानको आनुभावले लौ किक सफलता मात्र प्राप्त हुने होइन कि ऋद्धिप्रातिहार्यसम्म प्राप्त हुन्छ । अधिष्ठान गर्नु भनेको पहिले सानो मात्रै गर्नुपर्दछ । मानिसहरूको जति ज्ञानबल र विवेकबल हुन्छ, त्यति नै अभ्यास बल हुँदैन । त्यसैले यति उति जति गरौं भन्ने जस्तो हुन्छ, जति गर्न सक्छु जस्तो लाग्छ त्यो भन्दा पनि केही कम अल्पमात्रको अधिष्ठान गर्ने गर्नुपर्दछ । गरिएको अधिष्ठानको निरीक्षण गर्ने, अधिष्ठान पूर्ण गर्न कति कसरी गाह्रो भयो देख्नु राम्ररी पूर्ण भएको सानो अधिष्ठानको जति मूल्य छ, राम्ररी पूर्ण नगरिएको अनेकभावले ध्वनिभंग भएको ठूलो अधिष्ठानको त्यति मूल्य हुँदैन । कारण अधिष्ठान भनेको छोडेन भने, खुकुलो बनाएन भने बलियो भएर जान्छ । त्यसको लागि अधिष्ठान वृद्धि गर्दै अगाडि बढ्दै जानु, सम्म ठाउंको बाटोमा हिंडेझैं सजिलो भएर आउँछ । अधिष्ठान खुकुलो बनायो कि उसलाई डोरी पक्रेर पर्वत चढेझैं गाह्रो भएर आउंछ । अझ डोरी चुडिएर झर्न पनि सक्दछ । त्यसैले ठूलो खुकुलो अधिष्ठानभन्दा सानो तर बलियो अधिष्ठान नै श्रेष्ठ छ । अधिष्ठान भित्रदेखि नै दरिलो धागोडल्लो बाँध्दा

https://dhamma.digital

पहिले खुकुलो भयो भने धागोडल्लो पनि खुकुलो हुन्छ, जेलिन जान्छ । स्थीर अधिष्ठान नभएको मानिसलाई हावाले हल्लाउन सक्ने जरा बलियो नभएको रुखजस्तै हो । बोधिसत्त्वहरूको अधिष्ठान यसरी भित्र खुकुलो वा हावाले हल्लाउन सक्ने हुँदैन । उनीहरूको अधिष्ठान अनेक जन्म अनेक कल्पसम्म विचलित नहुने हुनाले भित्रैदेखि बलियो क्रमशः बलियो हुँदै गएको हुन्छ ।

बुद्ध र बोधिसत्वहरूको दृढ भएको अधिष्ठानको चरित्रात्मक व्याख्या गर्न भनी उनका श्रावकहरूको अधिष्ठान पनि कतिसम्म दरिलो छ भन्ने कुरा थाहा पाउनु लाभदायक छ ।

एक भिक्षुको कथा

श्रावस्तीमा श्मशानमा एकजना भिक्षु पांशुकुल धारण गरी सानो माटोको पात्र थापेर चुपचाप बसिरहेका थिए । उनको अधिष्ठान हो जबसम्म अर्हत हुँदिन तबसम्म कतै पनि जान्न । पहिलो वर्ष कुरा नगरी प्रवजित गुण स्मरण गरी बिताए । दोश्रो वर्ष एउटी महिलाले एक चोटी भनिन् लाटा हो त तिमी ? "त्यस महिलाले दूध पनि राखिदिइन् । त्यसबेला मात्र पुग्यो' बहिनी अनी भने । यसरी कठीन अधिष्ठान पूर्ण गरेर तेश्रो वर्ष लाग्दा उनले अर्हतत्व प्राप्त गरे ।

यसरी निर्वाणको लागि मात्र होइन धर्म प्रचार र प्रसारको लागि पनि कतिकति कठोर श्रम गर्न ठूलठूला अधिष्ठान बुद्धका श्रावकहरूले गर्नुपरेका छन् । फेरि श्रावकहरूले पनि जुन अधिष्ठान गर्दछन् त्यो जन्म जन्मान्तरसम्म बलियो हुन्छ भन्ने कुरा सारिपुत्र महास्थविरको अधिष्ठाले स्पष्ट पार्दछ ।

सारिपुत्र महास्थविरको कथा

सारिपुत्र महास्थविर एउटा जन्ममा राजा भएर जन्म लिंदा रक्सीको नसामा परे । रक्सीको सुर मा उनले छोराको मासु पनि खाए । यसपछि राजाले जुन रक्सी छोड्ने अधिष्ठान गरे त्यसलाई अर्हत भएको अन्तिम जन्म सारिपुत्रको अवस्था सम्मको जन्मसम्ममा पालन गरे ।

## दश पारमितामा अधिष्ठान पारमिता

दश पारमितामा अधिष्ठानपारमिता आठौं पारमिता हो । तर जसरी माथि चर्चा भइसक्यो अधिष्ठान स्वयं सम्पन्न हुनलाई अरु पारमिता अगाडि आउनुपर्छ । सुमेध तापस भएको बेलामा अगाडि आएको मुक्तिलाई त्याग गरेर करुणा चित्तले बुद्ध हुन्छ भनी अधिष्ठान गरेदेखि उनको जीवनमा बोधिचर्याको प्रारम्भ भयो । यो अधिष्ठान भएदेखि उनको चर्यालाई बोधिचर्या भनियो । फेरि यो अधिष्ठान भएदेखि चार असंख्य र एकलाख कल्पसम्म उनले जुन नटुक्राइकन पारमिता गुणधर्म पूर्ण गर्दै गए, त्यो अधिष्ठानको बलले मात्र नै पूर्ण गरेका हुन् ।

सिद्धार्थले चार निमित्त देखेर गृहत्याग गरी बोधिज्ञानको लागि पाइला सार्दासम्म पनि उनको बुद्ध हुने अधिष्ठानलाई विघ्नबाधा आइ नै रहयो । चार असंख्य र एक लाख कल्प पहिला बुद्धत्वको लागि गरेको अधिष्ठान पूर्ण हुने केही दिनअघि दुर्बल शरीरको अवस्थामा पञ्चवर्गीयहरूले पनि छाडी गए । त्यसो भए तापनि उनको चित्तको स्थीर अधिष्ठान विचलित भएन । अझ बोधिज्ञान प्राप्तहुने आशन वज्राशनमा बस्दासम्म उनले बुद्धत्वको अधिष्ठान दृढ गर्दै स्पष्ट तवरमा भनेः

काम तचो नहारु च, अठि च अवसिस्सतु ।
उपस्सुसतु गत्ते में, सब्बं तं मंस लोहित ॥

छाला, नसा र हड्डी मात्र मेरो शरीरमा किन बाकि नरहोस्, मेरो शरीरको रगतमासु हड्डीको रूपमा नै सुकेर जाओस् तर पनि म बुद्ध भइसकेपछि मात्र यो आशनबाट उठ्ने छु ।

यस्तो अन्तिम अधिष्ठानको समयमा पनि उनलाई मार आयो । तब त्यस मारलाई पनि पार मिता गुणधर्म साक्षि राखेर म बोधिआशनको अधिकारी हुँ' भनेर उनले दरिलो भएर बुद्धाशनमा अडिग भई बसे ॥ । चार असंख्य र एकलाख कल्पदेखि गाँसिएको लक्ष्य बुद्धत्व उनलाई साक्षात्कार भयो, आत्मसात भयो र बुद्ध भए त्यसपछि तथागत भए ।

यसले स्पष्ट हुन्छ कि प्रत्येक पारमितामा अधिष्ठानपारमिता समावेश हुन्छ । सुमेध तापसले बुद्धत्वको लागि प्रयास गरेदेखि बोधिवृक्षमूलमा बुद्धत्व प्राप्तिपूर्वसम्म अधिष्ठानपारमिताले उनलाई दृढ गरिराखेको थियो । दश पारमितामा एउटाएउटामा अधिष्ठानपारमिता कसरी समावेश भएको छ, अथवा अधिष्ठानपारमिता र दश पारमिताको के सम्बन्ध छ अझ बुझ्नको लागि यहाँ अलग व्याख्या आवश्यक देखिदैन । किनभने तल अधिष्ठान पारमिताको कथात्मक व्याख्यामा नै यो कुरा स्पष्ट हुन जान्छ ।

## अधिष्ठान पारमिताको कथात्मक व्याख्या :

दान दिन्छु भनेर प्रतिज्ञा गर्नासाथ लोभ हटाउनुपर्दछ । यो लोभ हटाउन त्यागको स्थिरचित्त बनाउन अधिष्ठानविना सम्भव छैन । दान दिने अवस्थासम्ममा त्यागको अधिष्ठान विग्रियो कि मुञ्च चेतना बिग्रन्छ । त्याग र अधिष्ठानको बलले नै आफन्तहरूले रोके तापनि आफ्नो शारीरिक पीडाले मन कमजोर बनाए तापनि दानको संकल्प पूर्ण गर्न सकिन्छ ।

दान पारमितामा उल्लेखित शिवि जातकअनुसार शिवि राजाले एउटा आँखा माग्न आएको याचकलाई दुवै आँखा अलिकता पनि चित्त विचलित नगरी दान दिए । महावेस्सन्तर जातकमा बोधिसत्व बेस्सन्तरले राज्यको परित्याग स्वीकार गरे तर दानको अधिष्ठान भने छोड्न अस्वीकार गरे ।

दानको अधिष्ठानमा दृढ भएका बोधिसत्वलाई बीचमा आगोको खाल्डो राखेर रोके तापनि बाधा दिन सकिदैन । खदिङ्गार जातक (४०) मा अधिष्ठान बलको आधारमा बोधिसत्वले भने- 'भन्ते प्रत्येक बुद्ध, यस आगोको खाल्डोमा टाउकोले टेक्ने गरी खसे पनि मैले दान दिन छोड्ने छैन । तपाईले मैले दिएको भोजन नै स्वीकार गर्नुहोस् । त्यसरी नै शंखपाल जातक (५२४) मा शंखपाल नागराजाले मेरो शील मैले खण्डन गर्दिन' भनी अधिष्ठान गरी भोजपुत्रहरूले जतिसुकै भालाले घोचे तापनि, उनीहरूलाई भष्म गर्न सक्ने शक्ति भए तापनि शील नबिगारी आरक्षा गर्यो । शील र संयमको आरक्षा पनि अधिष्ठान बलियो नभइकन सम्भव छैन । तेलपत्त जातक (९६) अनुसार अधिष्ठान बलियो नहुने मानिसहरू रूप, शब्द, गन्ध, रस र स्पर्शमा परेर शील बिगार्ने हुन्छन्, अझ जीवनसमेत तहस - नहस गर्ने हुन्छन् । गङ्गमाल जातक (४२१) मा आधा उपोशथव्रत पालन गर्दा मर्ने अवस्था आउँदा पनि बलियो अधिष्ठानले शील बलियो पारेर मर्न तयार भयो तर शीललाई धमिल्याउन दिएन । चुल्लसुत्तसोम जातक (२६७) मा सुत्तसोमले आफन्तहरू रोदनक्रन्दनमा पनि चित्त स्थीर गरे भने अधिष्ठानको बलमा नै नैष्क्रम्यपार मिता पूर्ण गरे । सत्तुभत्त जातक (४०२) मा सेनक पण्डितले एक ब्राह्मणलाई दुःखमुक्त गरिदिनुपर्‍यो भनी अधिष्ठान गरेर प्रज्ञाको बलले झोलामा लुकेको सर्प देखेर उसलाई पीडामुक्त गरिदिए । लोमहंस जातक (९४) मा ज्ञानको अन्वेषणक्रममा बोधिसत्वले शारीरिक पीडा दिने धर्मको खोजमा चरम सीमासम्म अधिष्ठानको बलमा पुग्न सके । नलपाण जातक (२७) मा रोहितमृगले जुन पानी पिउँछु भनी प्रतिज्ञा गरेका थिए त्यो पानी बासको नली बनाएर पोखरीमा नझारिकन पिए । महाजनक जातक

(५३९) मा बोधिसत्व महाजनक महासमुद्र तर्नु सहज हुँदैन भन्ने कुरा सुनेर पनि हतोत्साह नभएर अधिष्ठानको बलले कोशिस गरी शीलको अधिष्ठान पनि समुद्रको बीचमा बसेर नै पूर्ण गरे ।

## मातंग जातक (४९७)

दिट्ठि मंगलिकाले मातंग पण्डितलाई चण्डाल भनी अपमान गऱ्यौ । अकारण उनलाई पिट्यौ पनि मातंग तब दिट्ठि मंगलिकाको अभिमान चुर्ण गर्न उनीहरूकै घरमुनि नै बसेर निराहार भएर बसेर फेरि आफूलाई त्यही दिट्ठ मंगलिका नै माग्यो । मातङ्गलाई अरु धेरै लोभ देखाइयो, तर्साइयो तर मातंग आफ्नो अधिष्ठानमा नै दृढ भइबस्यो । अन्तमा चण्डालपुत्र घरमुनि मर्दा छरछिमेकीको घरसमेत अमंगल हुन्छ भनेर डराएर दिट्ठ मंगलिका मातंग पण्डितलाई नै दिइयो । फेरि पछि दिट्ठ मङ्गलिकाप्रति करुणा राखेर उसलाई संसारको अद्वितीय सम्मान भएकी कान्ता बनाइयो ।

एकराज जातक (३०३) मा एकराजले शत्रु राजालाई कुनै पीडा दिन्न भनी अधिष्ठान गर्नासाथ शत्रुराजाले दुईवटा खुट्टा समाती टाउको तल पारेर आफूलाई दुःख दिएको भए तापनि अधिष्ठानको बलले मैत्रीपारमितालाई पूर्णता दियो । महालोमहर्षणले लाभअलाभ, यशअपयश, निन्दाप्रशंसा र सुखदुःख जस्ता अष्टलोकधर्मले कम्प हुँदिन भनी अधिष्ठान बलमा प्रतिष्ठित भएर जतिसुकै परनिन्दा र प्रशंसा आए तापनि उपेक्षापारमिता भने पूर्ण गरे ।

यसरी यी बोधिसत्व चरित्रको विश्लेषणले वा कथात्मक व्याख्याले अधिष्ठानपारमिताको दश पारमितासँगको सम्बन्धमात्र स्पष्ट गर्दैन कि स्वयं अधिष्ठानपारमिताको पूर्ण व्याख्या र विश्लेषण समेत गर्दछ ।

## अधिष्ठान पारमिता, उपपारमिता, परमत्थपारमिता

धनसम्पत्ति र जहान छोराछोरीको लागि अधिष्ठान भङ्ग नगर्नु अथवा दानादि पारमिता पूर्ण गने अधिष्ठान भङ्ग नगर्नु र प्रतिज्ञा नबिगार्नु नै अधिष्ठानपारमिता हो । आफ्नो शरीरको अप्रत्यंग विग्रन्छ भनी डराउञ्जेलसम्म नबिगार्ने अधिष्ठानलाई अधिष्ठान उपपारमिता भनिन्छ । साथै जीवनसमेत उत्सर्ग गर्नु परुञ्जेलसम्म पनि पछि नफर्किएर पालन गर्ने अधिष्ठानलाई अधिष्ठान परमत्थपारमिता भनिन्छ ।

अधिष्ठानपारमिता, उपपारमिता र परमत्थपारमिताको उदाहरण स्वरूप यहां तीन बोधिसत्व चरित्रको उल्लेख गर्नु आवश्यक देख्दछौं । कारण माथि उल्लेख भएअनुसार दानादि प्रत्येक पारमिता, उपपारमिता र परमत्थपारमिता नै यसको उदाहरण हुन्छ । तापनि चरियापिटकले महत्व दिएझैं अधिष्ठानपारमिता, उपपारमिता र परमत्थपारमिता तीनैको उदाहरण हुनसक्ने तेमिय चर्या एउटा प्रस्तुत गर्नु उपर्युक्त हुनसक्छ ।

## तेमिय चर्या

"जब म काशी नरेशको छोरा भएर जन्म लिए, मेरो नाम तेमिय राखियो, तर मलाई मूगपक्ख र लाटा लङ्गडा पनि भनियो । त्यसबेला काशी नरेशको सोह्र हजार रानीहरूका एउटै पनि सन्तान थिएनन् । धेरै वर्षपछि म एक्लो छोरा भएर जन्मिएँ । धेरै कठिनाइले पाएको कुलवान फेरि प्रकाशमान् भएकोले मलाई बुबाले श्वेत छत्रको मुनि राखेर सम्मान गरे । त्यो श्वेत देख्नासाथ मलाई पहिलाको जन्मको नरक सम्झना आयो । त्यो छत्र देख्नासाथ म अति नै डराएं । मैले विचार गरें 'कसरी मैले यसलाई त्याग

गरु ? पहिलेको हितैषिनी देवीले म दुःखी भइरहेको देखेर तीन कुरामा मलाई दृढ हुन सिकाइन पाण्डित्य प्रकट नगर । सबैको लागि तिमी मूर्खजस्तै भई बस । सबै जनताबाट तिम्रो निन्दा हुन देऊ । तब तिम्रो अर्थ सिद्ध हुन्छ । यो कुरा सुनेर मैले जवाफमा भने 'देवी तिमीले जुनजुन भन्यौ त्यो म गर्नेछु ।' वास्तवमा मलाई उनको कुरा सुनी आफूले समुद्रमा टापु पाएभैं भयो । प्रसन्न र संविग्न मनले मैले यी तीनै अधिष्ठान गरें । म बहिरो, लाटो र हिंड्न नजान्ने लङ्गडो भएं । यी तीनैवटा अधिष्ठान मैले सोह्र वर्षसम्म पालन गर्दै बसें । मैले हात खुट्टा जिब्रो र कानलाई कहिले पनि चलाएर देखाइन । मलाई मानिसहरूले 'कुलकलंक' भनी निन्दा गरे । त्यसपछि जनपदवासी, सेनापती र पुरोहित सबैले एउटै विचार भएकाहरू भएर मलाई फ्याल्न लानुमा उनीहरू सबै सहमत भए । उनीहरूको कुरा सुनेर म खुशी भएँ । जसको लागि जे हुने मैले तप गरे त्यो अब पूर्णहुने भयो भनी मैले विचार गरें ।

'मलाई नुहाइदिएर तेल लगाइदिए, राजवस्त्र लगाइदिए र राजछत्रले अभिषेक गरी नगरको प्र दक्षिणा गराइयो । एकहप्तासम्म यसरी गरेर आठौं दिन सूर्य उदाउनासाथ सारथीले मलाई रथमा राखेर फ्याक्न लग्यो । एकातिर रथ रोकेर एकठाउंमा घोडा बांधेर मलाई गाड्नको लागि सारथीले खाल्डो खन्यो । मैले अनेकप्रकारले तर्साएर कष्ट दिए तापनि गरेको अधिष्ठान र व्रतलाई बोधिको लागि बिगारि न मलाई न त आमाबुबा नै मन नपरेको थियो, न त मलाई आफू नै मन परेको थिएन । तर मलाई त्यो भन्दा पनि सर्वज्ञता सबैभन्दा बढी मन पर्छ । त्यसैले नै मैले यो अधिष्ठान गरें । यसरी तीन अधिष्ठान गरेर सोह्रवर्ष जीवन बिताएं । यसरी अधिष्ठानमा यो समान अर्को छैन, यही नै मेरो अधिष्ठानपारमिता हो ।

"सोह्र वर्षको अनेक भय, त्राश, दण्ड भोगेर पनि हातखुट्टा नचलाइकन बस्नु आफू राजा नहुने अधिष्ठान पूर्ण गर्ने बोधिसत्वचर्या साँच्चै कै अतुलनीय छ । जातकीय अभिव्यक्तिले स्पष्ट गर्दछ कि सार थीले खाल्डो खनिरहेको ठाउँमा तेमियले केही शब्द बोल्दा ऊ अत्यन्तै आश्चर्य मान्यो । तब बोधिसत्वको यो कठीन अद्‌भूत अधिष्ठानको विषयमा सुनिसकेपछि राजपरिवारहरू सबै राजपरिषदसहित आएर तेमिय कुमार भेट्न आए । जङ्गलमा बोधिसत्व तेमियको उपदेश के सुने सबै प्रव्रजित भए । एकजनाको प्रवज्या अभिलाषले भरिएको अतुल्य प्रबल अधिष्ठानले गर्दा धेरै मानिसहरू प्रव्रजित हुन गए । यही नै अधिष्ठानको अतुलनीय आकर्षण हो, महानफल हो ।

अधिष्ठान पारमिता समाप्त ।

## (घ) मैत्री पारमिता

मैत्रीको साधारण अर्थ हो मित्रता अथवा मित्रभाव । स्नेह राख्नु अर्थात् सबै सत्व प्राणीप्रति चित्त मृदु गर्नु नै मैत्री हो । तर स्नेह राख्नुको अर्थ रागमा टांसिनु होइन । न त कसैप्रति चित्त मृदु गर्नको अर्थ एकजनाको बशमा आफूलाई मन पराउनु हो । जहाँ राग हुन्छ त्यहां मैत्री हुदैन । रागको प्रभाव भएको मित्रता मैत्रीपारमिता धर्ममा त क्लेश धर्म मात्र नै हुन्छ । कारण क्रोध विरुद्धको असल इच्छा हुने विचारलाई मात्र नै मैत्री भनिन्छ । साथीले साथीको गुण देख्दछ, उसको विपत्तिको इच्छा हुँदैन । यही स्वभाव नै प्राणीप्रति हुनासाथ नै मैत्री अभिवृद्धि भएर जान्छ । करुणा र उपाय कुशलताले आरक्षित

यस लोकमा र परलोकमा कार्यसिद्धि मार्ग जान्नुमा दक्ष भएको सबैको हितसुख हुने क्रोधरहितको स्नेह नै मैत्रीपारमिता हो । अथवा बुद्धत्वको लागि पूर्ण गरिने बोधिसत्वहरूको मैत्री नै मैत्रीपारमिता हुन्छ । जोसुकै मानिसको आफू सुखी र खुशी हुने इच्छा हुन्छ । तर तीन बोधिमध्ये एउटा बोधिप्राप्त गर्ने इच्छा गरेर आफ्नो शत्रु मित्र र मध्यस्थहरू सबैको लाभको इच्छा गर्ने स्वभावलाई मात्र नै मैत्रीपारमिता भनिन्छ । सम्बोधिका लागि शत्रुमित्र नभईकन सकलप्रति मित्रत्व नै मैत्रीपारमिता हुन्छ । मैत्रीपारमिता पूर्ण गर्न राग र मैत्रीको भेद पनि राम्ररी जान्नुपर्दछ । अन्यथा आफ्नो रागले अनुरक्त भएको स्वभावलाई नै मैत्री ठान्न सकिनेछ । मैत्री र मैत्रीपारमिताको भेद त झन नै देख्न गाह्रो हुनेछ । राम्ररी लुगा लगाएको सफा सुग्घर भएको बच्चा देख्नासाथ मानिसहरूलाई कुरा गर्न मन लाग्छ । उसलाई केही दिन पनि मन लाग्छ । तर कालो लुगा लगाएको मैलो फोहरी देखिने बच्चा देख्नासाथ उसलाई हेर्न नै मन नपर्ने हुन्छ । यसले मैत्रीअनुसार हेरेमा दुबैमा पनि समभाव हुनपर्छ । करुणाअनुसार हेरेमा पछिको बच्चाप्रति बढी अनुरक्त भाव हुनपर्छ । लुगा मैलो भएको फोहर गरीब बच्चाप्रति होइन लुगा सफा सुग्घर भएको बच्चाप्रति मात्र मैत्री राखेमा वास्तवमा त्यो देखिएको मैत्री सप्रीतिक तृष्णा मात्र नै हो । स्वमुखी हो, परमुखी होइन । अन्तरमुखी हो, बहिरमुखि होइन । यसलाई नै राग भनिन्छ । वास्तविक मैत्रीको अगाडि राम्रोनराम्रो जान्ने नजान्ने भेद हुँदैन । मलाईजस्तै दुःख कसैलाई पनि मन पर्दैन, मजस्तै दुःख देखेर सबै डराउँछन, मजस्तै सबै सुख मन पराउने हुन् भनी देखेर दुःख नाश होस्, सुख होस् भनी इच्छा गर्ने स्वभावले नै मैत्री अभिव्यक्त गर्दछ । कारण यस स्वभाव भएकाहरूले मैत्रीसहगत कुरा गर्छन् । मैत्रीसहगत काम गर्छन । मरणासन्न अवस्थामा आफ्ना छोराछोरी र जहानप्रति रागले त राम्रो गति प्राप्त हुँदैन भने रागयुक्त मैत्री कसरी पारमितामा समावेश हुनसक्छ ? मैत्रीपारमिता त बुद्धकारक धर्मलाई भनिएको हो । सुमेधले आफ्नो हातमा आएको निर्वाणलाई छोडेर सकल प्राणीप्रति मैत्री राखे । मैत्री अद्वेष चैतसिक मनोभूमिबाट प्रस्फूरित हुन्छ । मैत्रीपारमितामा आफूअरु, धनीगरीव, राम्रोनराम्रो, ठूलोजात- तल्लोजातको भेद हुँदैन । मैत्रीको लक्षण नै सबैप्रति हितोपकार हितोपदेश हो । यसको रस नै अशल काम कुरा अगाडि प्रकाश गर्नु, क्रोध हटाउनु हुन्छ । सौम्यभाव मैत्रीको प्रत्युप्रस्थान हो भने आफूप्रति सत्वहरूको मनापभाव देख्नु पदस्थान हो । मैत्री वृद्धि गर्नेहरू बोधिसत्वहरूले अरु असल हुने आफू असल हुने ठान्दछ । मैत्रीपारमिताको साधकले शत्रुहरूलाई पनि मित्रहरूलाईजस्तै होस्, राम्रो होस् भनी ठान्दछ र काम गर्दछ । उसको विचारमा कोही शत्रुमित्र नै हुँदैन । यस्तो बोधिसत्व गुणधर्म पूर्ण गर्नुभएको बुद्धले आफूलाई हत्या गर्छु भनी आएको देवदत्त, मानिसलाई मारेर औंलाको माला पहिरी हिंड्ने अगुलिमाल, आफूलाई मार्छु भनी आएको धनपाल हात्ती र आफ्नो छोरा राहुलप्रति समानभाव चित्त राखेको कुरा यहाँ सम्झनयोग्य छ । बोधिसत्वहरूले महिलाहरूलाई योग्यताक्रमले आमा र आफ्ना दिदीबहिनीजस्तै पुरुषहरूलाई बाबु र दाजुभाइजस्तै ठान्ने गर्छन् । कसैप्रति क्रोध राख्नुहुन्न । भनिन्छ मैत्री नभएकाहरूको अनुहार कडा सूर्यजस्तै हुन्छ भने मैत्री भएकाहरूको अनुहार शितल भएको चन्द्रमाजस्तै हुन्छ । मैत्री भएकाहरूको अनुहार देख्दैमा मनमा सन्तोष हुन्छ । सातवर्षको राहुल कुमारले बुद्धको छाँयामा पर्दा भन्यो-'श्रमण हजुरको छाया अति नै शितल छ ।' यस्तो बुद्ध र बोधिसत्वहरूको महान आनिशंसयुक्त मैत्रीपारमिताको व्यापक चर्चा गर्नुअघि मैत्रीभाव वा मैत्रीभावनाको नै केही चर्चा गरिनेछ ।

## मैत्री भावना

अरुको असल होस् भनी चित्तले कामना गर्नु मैत्रीभावना हो । यसरी सम्झदा अरुहरू प्रत्यक्षरूपले असल नै नभए पनि उसको तर्फबाट नै अरुको खराव हुने भएन । साथै अवैरीभावले आफ्नोचित्तमा शान्ति प्राप्त हुने त छंदैछ । साधारण मानिसले अरुलाई आफ्नो मैत्रीयुक्त असाधारण चित्तबलले शान्ति दिन नसके तापनि केही प्रमाणमा त सुख दिन सक्छ नै । मैत्रीभावना गर्दाखेरि नै वैरी नहुने, हृदय जलन भावरहित शान्ति आफूलाई प्राप्त हुन्छ । अरुलाई प्राप्तिको मार्ग हुनेछ आफ्नो चित्तको शक्तिले अरुको चित्तशक्ति राम्रो पारिदिन्छ । कुनै प्रदेशमा बसेका मानिसहरूको कुनै प्रकारको चित्तबलयुक्त सामाजिक स्वभाव बढी भएमा त्यो प्रदेशमा आएका अन्य मानिसहरू पनि त्यही नै स्वभाव भएर आउँछ । त्यस्तै चित्तबल भएर जान्छ । एकजनासँग एकजनाप्रति धेरै बलियो जुन चित्त छ उसँग बस्नेसँग पनि त्यही चित्त हुन्छ । यसरी आफूसँग भएको चित्तले अरुलाई रसाउन सक्छ, प्रभाव पार्दछ ।

शारीरिक रोग एकजनाबाट अर्कोमा सरे झैं चित्तमा रहेको रोग वा चित्तको अशल गुण पनि सर्न सक्नेछ, यसरी सर्नेमा क्रोध र मैत्री अति नै प्रबल हुन्छ । रिसले गाली गर्दा गाली खानेको पनि रिस आए झैं मैत्रीले मैत्रीको नै सृजना गर्दछ । वास्तविक मैत्री आत्मार्थ मैत्री नभएर परार्थ मैत्री हुन्छ । धेरै मानिसहरूले आफूलाई लाभको लागि वा मैत्रीको फल लिनको लागि सकल सत्वहरू निःदुखी होस, सकल सत्व सुखी होस् भनी कामना गर्दछ । यस्तो मैत्री उच्च कोटीको मैत्री हुदैन । मैत्री भावनाको साधकले त अरुलाई सुखी बनाउनुपर्‍यो भनी अरुहरूलाई आहार पान र वासस्थानको लागि कोसिस गर्दछ । यसरी गर्न नसकेमा मैले यसो गर्न सकिन भनी सम्झेर साथै उनीहरूको हित र सुखको कामना गर्नुपर्दछ । माथि उल्लेख भएझैं यस अवस्थामा पनि वैरीभाव, द्वेषभाव र क्रोधभाव हटेर जाने एउटा लाभ हुन्छ । जुन हट्नु नै एउटा सुखको कारण शान्तिको हेतु र अभिवृद्धिको मूल हुन जान्छ । तर यी कुरामा अवश्यमेव ध्यान राख्नुपर्छ कि निरोगी होस् भनेर रागी हुने काम चाहिँ गर्नु हुदैन । त्यसैले मैत्री भावनामा साधकले अवेरा होन्तु वैरभाव नहोस् मनी भावना गर्नु भनी विशुद्धिमार्ग ग्रन्थमा पहिलेनै निर्देशित गरिएको हो । किनकि यो धेरै फलदायी र छिटो फलदायी र प्रभावकारी हुन्छ ।

मैत्रीभावनाको चर्चा गर्दा आचार्य बुद्धघोषको विशुद्धिमार्ग ग्रन्थलाई कहिले पनि विर्सन सकिदैन । चालीस भावनाको क्रममा मैत्रीभावनाको जुन व्याख्या विशुद्धिमार्गमा भएको छ त्यो सारै नै सम्पन्न छ । यहाँ अहिले विशुद्धिमार्गमा उल्लेख भएको मैत्री भावनाको संक्षिप्त चर्चा मात्र गरिनेछ ।

सबैभन्दा पहिले त मैत्री भावना गर्नलाई द्वेषको अवगुण र शान्तिको गुण प्रत्यवेक्षण गरिसकेपछि भावनाको लक्षित व्यक्ति नै राम्ररी छान्न सक्नुपर्छ । तब विषय, क्षैत्र र पात्रअनुसार यसको विकास गर्न सक्नुपर्छ । अप्रिय व्यक्तिलाई प्रिय स्थानमा राख्दा अत्यन्त प्रियलाई मध्यस्थानमा राख्दा क्लान्त हुन्छ । असमान लिङ्गप्रति मैत्रीभावना गर्नाले राग उत्पन्न हुन्छ । आफ्नी जहानप्रति मैत्रीभावना गर्दै रागले अन्धा भएर भित्तामा हातले हिर्काएर एकजना उपासकले हातमा घाउ पारिबस्नुपयो । त्यसैगरी मरेको व्यक्तिप्रति मैत्री भावना निरर्थक हुन्छ । त्यसैले म सुखी होऊ, म निःदुखी होऊ, म वैररहित होऊ, व्यापादरहित होऊ, उपद्रवरहित होऊ, सुखपूर्वक आफ्नो परिहरण गरिबसुं भनी पहिला आफैलाई भावना गर्नुपर्छ । यसपछि मन परेको साथी, साधारण व्यक्ति र पछि शत्रुप्रति मैत्री भावना गर्दै लानुपर्छ । फलाना नराम्रो होस्, दुःखी होस्, भिखारी होस्, बद्नाम होस्, आधार भरोसारहित होस्, मरेर नर्कमा परोस् भन्ने दुर्भावनाहरुका उल्टो सद्गुण बनाएर शुभकामना गर्नु मैत्रीको काम हो । दुर्भावना सम्बन्धी कायिककर्म, वाचिककर्म र मनोकर्म उपशान्त गर्ने प्रयत्नलाई मैत्रीभावनाले सफल गरिदिन्छ ।

https://dhamma.digital

मैत्रीभावनाको लागि क्रोध र वैरीभावको दुर्गुण देख्न सक्नुपर्छ । क्षान्तिको प्रत्यवेक्षण गर्नुपर्छ । जोसँग क्षान्ति हुन्छ, ऊसँग शत्रु र वैरीप्रति पनि मैत्री चित्त हुनसक्छ । सकल सत्वप्रति मैत्री र ाख्नलाई बुद्धि र बोधिसत्वहरूको अवैरभावले राख्नलाई बुद्ध र बोधिसत्वहरूको अवैरभावले भरिएको क्षान्तिले भरिएको चरित्र सम्झिनुपर्छ ।

सकल प्राणीप्रति सुखी होउन्, वैररहित होउन्, उपद्रवरहित होउन्, एकजनाले अर्काप्रति शत्रुभाव नराखुन, एकजनाले अर्कासँग नीचभावले नहेरुन्, अरुको प्रगति, उन्नति र सुखसम्वृद्धि होस् । कसैसँग पनि कसैलाई दःख कष्ट र पीडा दिने इच्छा नहोस् भनी सम्भिनु कल्पना गर्नु मैत्रीभावना हो । एउटै विषयले एउटै प्राणी लक्ष्य गरी मैत्रीभावना गर्नाले निरुत्साह भाव हुन सक्ने लक्ष्यमा अग्रसर नहुन पनि सक्छ । त्यसैले यसो नहुनको लागि प्रदेश, दिशा आदि रूपमा र प्राणीहरू विभाजित गरी मैत्री फै लाउदै लानुपर्छ ।

मैत्रीभावनाको लागि एउटा दिशा, दुइवटा दिशा गर्दै सारा दिशालाई अंगालेर लानुपर्छ । फेरि दुइखुट्टेहरू, चारखुट्टेहरू, उल्टा खुट्टा टेक्नेहरू अथवा खुट्टारहित प्राणीहरू गर्दै आफ्नो अहिंसात्मक कुरा फै लाउँदै लगेभैं क्रमशः प्राणीहरूलाई मैत्रीको आवर्द्धनमा ल्याउदै सकल सत्वप्राणी मैत्रीजगतलाई भित्र ल्याउनुपर्छ । साँच्चै भन्ने हो भने जतिजति प्राणीहरूका बीच परस्परमा मैत्री हुन्छ त्यतित्यति जीवनप्र तिको अशान्त भार कम भएर जान्छ । यसको उल्टो मैत्री नहुनेले अरुलाई पीडा दिने हुनासाथ मानिस प्राणीप्रति घाउचोट गरी वा मारेर फेरि अरुको वस्तु लिएर आफैं नै लुकेर बस्नुपर्ने अवस्था पनि आउँछ । मैत्रीको अभावमा नै मानिस भयभीत हुनुपर्छ । मैत्रीको अभावले मानिसहरू आफै एक आपसमा देख्दा समेत डराउनुपर्ने हुन्छ । पिट्नु, मार्नु, चोर्नु आदि काम मैत्री भएको व्यक्तिको तर्फबाट मैत्रीयुक्त व्यक्तिलाई हुने होइन । अर्को व्यक्तिप्रति मैत्री नभएर नै श्रमले जम्मा गरेको धन पुलिस, सिपाही, अदालत र शस्त्रअस्त्रमा सक्नुपर्ने हुन्छ । एउटा राष्ट्रले अर्को राष्ट्रप्रति साँच्चैको मैत्रीभाव राख्न नसकेर नै आज युद्धको आशंका भइरहेको छ, संसारमा शस्त्रास्त्रको भण्डार बृद्धि भइरहेछ ।

मैत्रीभावना चित्तले गरिनेभैं शरीरले गर्ने पनि कम छ । सफासुग्घर कपडा, बास, औषधी र खाद्यवस्तु सहयोग गर्नु, रोगीलाई उपकार गर्नु बृद्धाहरू र असहाय अनाथहरूलाई सहयोग गर्नु पनि मैत्री पालन गर्नु नै हो । धार्मिकजीवनमा बोधिवृक्ष, चैत्यस्थान स्वच्छ - सफा गर्नु, स्थविरहरूको चीवर धुइदिनु, आशन लगाइदिनु, पात्र आदि ठीक पारिदिनु कायिक मैत्रीभावना हो । धर्मशाला बनाइदिनु, स्कूल बनाइदिनु, कुवा, पोखरी बनाइदिनु, रुख रोप्नु आदि सारा काम मैत्रीसहगत चित्तले हुने कायकर्म हो । त्यसैले चित्तमा नदुख्ने गरी, चित्त शान्त हुने गरी मानिस हेरी, तत्व हेरी, अवस्था हेरी, मान राखी कुरा गर्नु, धर्मदेशना गर्नु, देखेको वास्तविक बाटो देखाइदिनु, गुणवानहरूलाई गुणवानहरू, र ोगीलाई वैद्य चिनाइदिनु, कुरा बताइदिनु पनि मैत्रीको वाककर्म हो । मैत्रीभावना बलियो हुनासाथ चार वाचिक दुष्कर्म छोड्न सकिन्छ ।

## मैत्रीको आनिशंस

मैत्रीले सकल सत्व प्राणीहरूप्रति हित सुखहुने विचार गर्दछ । मैत्रीभावना भवभोग सम्पत्ति दिने कुशलजस्तै ताराको प्रकाशभन्दा पनि चन्द्रमाको प्रकाशभन्दा शितल पारिदिने हेतु पनि हुन्छ । मै त्रीभावनाको मूल्य सोह्रकल्पको मूल्यभन्दा माथि पर्छ । मैत्रीको आनिशंस बारे बुद्धले भनेका छन् -

अच्छरासंघात मत्तंपिचे भिक्खवे भिक्खू मेत्तं चित्तं आसेवति अयं वुच्चतिं भिक्खवे भिक्खू अरित्तज्झानं विहरति सत्थुसासनकरो ओवाद पटिकरो अमोघं रट्ठपिण्डं युञ्जति ।

भिक्षुहरू यदि जसले क्षणभर पनि मैत्री चित्त वृद्धि गरेतापनि ऊ ध्यानबाट अलग नभएर बासगर्ने हुन्छ, बुद्धको अनुशासन स्वीकार गर्ने हुन्छ, फोस्रो नभएको सार जीवन भएको, देसवासीहरूले प्रयोजनको लागि दिएको चारप्रत्यय मात्र पनि ग्रहण गर्नयोग्य हुन्छ ।

मैत्री वृद्धि गर्ने भिक्षुहरूलाई जसले दायकले चार प्रत्ययले प्रत्युप्रस्थान गर्दछ त्यस दायकलाई गन्ति गर्न नसक्नेतवरले महान फल पाउंछ । सुभूति महास्थविरले दायकहरूलाई पुण्य दिनको लागि भिक्षाटन जाँदा ढोका अगाडि उभिदासम्म पनि मैत्रीभावना गरेर पिण्ड स्वीकार गर्दछन् ।

अङ्गुत्तर निकाय, एकादस निपातको मेत्तानिसंससुत्तमा मैत्रीको एघारवटा आनिशंसको वर्णन गरिराखेको छ । त्यसमध्येमा पनि दशवटा त साधारण मैत्रीभावना गरिलानेहरूको कामावचर कुशल मैत्रीचित्त उन्नतिको लागि जस्तो प्रकारले गर्यो त्यसैप्रकारले लाभ हुने देखाइराखेको छ ।

१) सुखं सुपति - आरामपूर्वक सुत्दछ । धेरै मानिसहरू सुत्दा ओल्टेकोल्टे फेर्दै दुःखले सुत्दछ । यसरी ओल्टेकोल्टे फेर्दै सुत्नुपर्ने कारणमध्ये एउटा प्रमुख कारण क्रोध र वैरभाव पनि हो । मनमा हिंसा प्रतिहिंसा भावले शंका उपशंका गरी उसलाई निद्रा पर्दैन । त्यसैले जोससँग मैत्री चित हुन्छ उसले आल्टेकोल्टे फेर्दै सुत्नुपर्दैन । उसले आनन्दपूर्वक सुत्न पाउँछ ।

२) सुख पटिबुज्झति - सुतेर उठ्दा शान्तपूर्वक उठ्दछ । अद्वेषचित्त वृत्तिको कारणले गर्दा चित्त शान्त हुन्छ । त्यसैले राम्ररी शान्त स्मृतिसहित उठेर आउँछ । मैत्री भएको व्यक्ति फर्किएको कमलफूल झैं आनन्दपूर्वक सुखले उठ्छ ।

३) न पापकं सुपिनं पस्सति - नराम्रो सपना देख्दैन । सपना विघ्न अवस्थाको नै हेतु जन्म हो । अनेक शारीरिक कारणले वा अजीर्ण अपचले सपना देख्दछ भने वास्तवमा सपनामा त्यो देख्दछ जुन उसको मानसिक जगतमा छ । शान्त चित्तभएको मैत्रीको कारणले गर्दा त्यसैले उसको भयानक दृश्य सपनामा देख्दैन । डराएर कराउनुपर्दैन ।

४) मनुस्सानं पियो होति - मानिसहरूको प्रिय हुन्छ । मैत्री नभएका मानिसहरूको अनुहारमा मृदुभाव हुँदैन । मैत्रीरहित मानिसको स्वयं आफ्नो रौद्र कारणले वा नराम्रो चित्तको हेतुले गर्दा प्रेमभाव भएका साथीहरू हुँदैनन् । मैत्रीचित्त भएकाहरूको अनुहारमा सौम्यभाव हुन्छ, सौन्दर्य हुन्छ । उसको आफ्नो मृदु स्वभावले गर्दा ऊ स्वयं मानिसहरूलाई मनपर्ने हुन्छन् ।

५) अमनुस्सानं पियो होति- अमनुष्यहरूको प्रिय हुन्छ । मैत्री भएका मानिसहरू बसेका ठाउँमा कलह हुँदैन । मैत्रीको प्रभावले अमनुष्यहरूलाई समेत प्रभाव पार्छ ।

## विशाख स्थविरको कथा

मैत्रीभावनाले युक्त विशाख स्थविरले चित्तलपर्वत छोडिजान लागे । त्यसबेला एकजना वृक्षदेवताले रुदैरुदै विन्ति गर्‍यो “भन्ते, तपाई यहाँबाट नजानुहोस् ।” स्थविरले कारण सोधे । देवताले जवाफ दियो भन्ते तपाई हुञ्जेलसम्म यहाँ अमनुष्यहरू शान्त भएर बसिरहे । तपाई जानुहुनासाथ उनीहरू आपसमा लड्नेछन् । यहाँ शान्ति हुने छैन ।’

अमनुष्यहरू देखेर डराउनेहरूलाई बुद्धले मैत्रीको अश्त्रशस्त्र मात्र नै दिएका छन् । मैत्री स्वयं अमनुष्यहरूलाई वैरभाव नराखी उनीहरू असल होस् भनी सम्भिफंदा अमनुष्यहरूको पनि प्रियभाव हुन्छ ।

६) देवता रक्खन्ति- देवताहरूले आरक्षा गर्छन् । एकपल्ट पाँचसय भिक्षुहरू जङ्गलमा गएर भावना गर्न गए । देवताहरू माथि रुखमा बस्न नमिलेर तल बस्नुपऱ्यो । त्यसैले तर्साउनको लागि डर लाग्दो अनुहार प्रकट गरी आवाज निकाल्न थाले । भिक्षुहरू डराएर बुद्धकहाँ नै फर्किए । बुद्धले उनीहरूलाई मैत्रीरुपी अश्त्रशस्त्र दिए, पछि फेरि जङ्गलमा नै जाँदा स्वयं आफूलाई तर्साउन आउने देवताहरूको शुभकामना गर्नासाथ ती देवताहरूले पनि भिक्षुहरूलाई मन पराए । बुद्धले भिक्षुहरूलाई दिनुभएको मैत्रीको यो शस्त्र नै प्रसिद्ध पालि सूत्र 'मेत्तसुत्त' हो ।

७) नास्स अग्गि वा विसं वा सत्थं वा कमति- मैत्री भएको व्यक्तिलाई आगो वा विष वा शस्त्रले छुदैन । जसरी उत्तरा उपासिकालाई तातो घिउको कराहीले खन्याउँदा पोलेन, संयुक्त भाणक चुलसीक स्थविरलाई विषले छोएन, संकिच्च श्रामणेरलाई शस्त्रले छुन सकेको थिएन । यसको विस्तृत कथा कथात्मक व्याख्यामा प्रस्तुत गरिनेछ ।

८) तुवटं चित्तं समाधियति- छिटै चित्त एकाग्र हुन्छ । मैत्रीसहगत चित्त अति नै सौम्य, प्रणीत र मधुर हुन्छ । यस्तो चित्त भएकोले चित्तमा स्थीर स्वभाव छिटै आउंछ, शरीरमा तुरुन्त प्रीति उत्पन्न हुन्छ । यस्तो प्रीतिमय अवस्थाले गर्दा सजिलै भावना वृद्धि हुन्छ, तब छिटै समाधि लाभ हुन्छ ।

९) मुखवण्णो विप्पसीदति- अनुहार सुन्दर देखिन्छ । हाम्रो हृदयकोषमा रहने रगत टाँसिएर र हेको रूप (भौतिक तत्त्व) मा चित्त आश्रित हुन्छ । सौम्यचित्तले गर्दा त्यस्तो चित्त उत्पन्न हुने हृदयकोषको रगत सफा हुन्छ । रगत फैलिंदा सौम्य मैत्रीचित्तले उत्पत्ति भएको सौम्य चित्तजरूप शरीर मा जहाँ पनि फैलिन्छ । तब मैत्रीचित्त भएकाहरूको अनुहार पनि त्यसैले नै प्रकाशमान, तेजवान र कान्तिवान हुन्छ ।

१०) असमूल्हो कालं करोति - विस्मृतिले होइन, होसपूर्वक मर्दछ । धेरै मानिसहरू मरणासन्न अवस्थामा अत्यन्त विचलित चित्त भएका हुन्छन् । मन पर्ने नपर्नेको कारणले म मेरोको हेतुले गर्दा उसको कल्पना अनेकप्रकारले तरङ्गित हुन्छ । आफूले गरेको कुशलक्रिया सम्भेर बस्नको लागि उसलाई अवसर हुँदैन । तर मैत्रीचित्त भएकाहरूलाई वा मैत्रीको अभ्यास भएकाहरूको चित्तको स्थिति शान्त र प्रणीत हुन्छ । त्यसैले असंमोह चित्तावस्थाले स्मृतिपूर्वक प्राण छोड्न सक्छ ।

११) उत्तरि अप्पटि विज्भन्तो ब्रह्मलोकूपगो होति- सुतेर उठ्ने मानिस जस्तै मृत्युपछि ब्रह्मलोकगामी हुन्छ । मैत्रीचित्त उत्पन्न गर्नेहरू अर्हत् हुन्छ । यदि यस्तो हुन नसके तापनि अर्थात मैत्रीको व्यापकताले नै तृष्णा क्षय गर्न नसके तापनि ब्रह्मलोक प्राप्त हुन्छ ।

मैत्रीभावनाको यी एघारवटा फलको अतिरिक्त विभिन्न आनिशंस अनेकप्रकारले देखाइएका छन् । सारांशमा भन्ने हो भने जहां मैत्री हुन्छ त्यहाँ क्रोध हुँदैन । इस्सरसुत्त, संयुक्त निकाय (१,८,७) अनुसार क्रोध भनेको शान्तिको मल हो, यही मललाई मैत्रीको पानीले पखालिदिन्छ । अझ मैत्री शरीर र मन सुगन्धित गर्ने दिव्य औषधीको सुगन्धजस्तै हो । धारिलो शस्त्र भएको व्यक्तिलाई मुर्किले हान्न सकिदैन त्यसैगरी मैत्री चेतो विमुक्ति चित्त भएकोलाई क्रोधीले वा अमनुष्य मनुष्यहरूले तर्साउन सक्दैनन् ।

अक्रोधको कारणले नै बुद्धको शरीर सुवर्ण भयो, विछोडि भयका मानिसहरूलाई मिलाइदिएको कारणले कोषाच्छादित वस्तिगुह्य भयो । बघिनीले भोकाएको बेला मृगको बच्चालाई आफ्नो बच्चा सम्झेर दूध पिलाउनु, मुजुरले आफ्नो पंखाको छायामा अति चर्को घामले पोलेको नागलाई सुताउनु, नागले आफ्नो शरीरमा मुसालाई खेल्न दिनु यी सब मैत्रीको क्षेत्रमा मात्र सम्भव हुन्छन् । नलक जातक (१६५) अनुसार मैत्रीको शिक्षा राम्ररी दिन सकेमा न्याउरीमुसा र सर्प एकैठाउँमा मिलेर प्रेमपूर्वक बस्न सक्दछन् ।

सफा भएको र शान्त पानीले नै पोखरीभित्र रहेको ढुङ्गा आदि वस्तुहरू देखिने झैं बनाइदिन्छ, त्यसरी नै द्वेष र हिंसाको द्वन्द नभएको मैत्रीले भरिएको चित्तले मात्र आफूलाई र अरुलाई असल हुने काम देख्न सक्दछ । साथै मैत्रीको मूल्य बुझ्नेले राम्ररी बुझ्दछ कि उसको मैत्री सम्पूर्ण लोकप्रति प्रमाणर हित हुन्छ । अरक जातक (१६९) अनुसार बोधिसत्वहरूले जहाँ आफूले मैत्रीको अभ्यास गर्दछ, त्यहाँ नै आफ्ना शिष्यहरूलाई पनि मैत्री गराउंछ, जसको आनुभावले सात संवर्त विवर्त कल्पसम्म पनि ब्र ह्मलोकको प्रीति अनुभव गर्न पाउँछ ।

मैत्रीरहित मानिस प्रेमरहित आमाजस्तै मूल्यहीन हुन्छ । जतिजति मैत्री सकल सत्वप्रति बाड्न सकिन्छ त्यतित्यति मैत्रीको उच्चताले गर्दा व्यक्ति मूल्यवान हुन्छ । महासागरबाट निकालिएको एक थोपा पानी पनि महासागरमा नै मिसिन गएमा महासागर नै भनिनेझैं महासागररूपी सत्वसमूहमा व्यक्तित्वको विन्दू विलीन वा समर्पित गर्नु नै मैत्रीको लक्ष्य हो । व्यक्तित्व समस्तित्वको हितार्थमा पूर्णरूपले उत्सर्ग गर्नु मैत्रीको अन्तिम लक्ष्य हो । मैत्रीयुक्त व्यक्ति कोही देखेर पनि डराउँदैन, मैत्रीयुक्त व्यक्तिसँग अरू पनि कोही डराउनुपर्दैन । सुवण्णसाम चरिय चरियापिटकमा बोधिसत्व सुवर्ण श्यामले भनेका पनि छन्- न मसंग कोही डराउछन, न म नै कसैसित डराउछु, मैत्रीबलको आलम्बन लिएर त्यसबेला जङ्गलमा रमण गरिबसें । मैत्री गरिरहेको व्यक्तिप्रति यदि कसैले पनि क्रोध गरेमा आफूतिर हावा बहंदा उतातिर थुक्नु वा धूलो फ्याल्नुजस्तै हुन्छ । किनकि त्यो थुक र धूलो आखिर हावाले उडाएर आफैतिर आउँछ । त्यसैले क्रोध र इर्ष्या पन्छाएर सकल सत्त्वप्रति मैत्री उत्पत्ति गर्नु नै असल मार्ग पक्रिनु हो । यसको लागि संयुक्त निकाय, ( १४,२,४) को "भिक्षुहरू त्यो सत्व सुलभ छैन, जसले पहिले कहिले पनि आमा नभएको होस्, जो पहिले कहिले पनि बुवा नभएको होस्, भाइ, बहिनी, छोर ाछोरी नभएको होस्' भनिएको बुद्धवाक्य सम्झन योग्य छ ।

## दश पारमितामा मैत्री पारमिता

मैत्रीपारमिता दश पारमितामा नवौं पारमिता हो । तर मैत्रीपारमिताले अन्य पारमितामा पनि सहयोग गरिरहन्छ, क्रोध वा द्वेष चित्तले दानपारमिता पूर्ण गर्न सकिंदैन । मुञ्च चेतनाको समयमा मात्र क्रोध भएमा दानमा विघ्न हुनसक्छ । मैत्री र करुणाले मात्र आफ्नो वस्तु अरुलाई दान दिन सकिन्छ । आफ्नो शरीरको अंगप्रत्यंग त्याग गर्न सकिन्छ । मैत्री नभएमा हिंसादि पाप कर्म गरेर शील विगारिबस्छ । वेलामसुत्त, अङ्गुत्तर निकाय अनुसार दान र शीलभन्दा मैत्रीको ठूलो आनिशंस छ अनित्य बुझेझैं मैत्री बलियो भएमा निष्क्रमण गर्न सकिन्छ । क्रोध भनेको ज्ञान नहुनासाथ झ्वाट्ट मनमा बस्न आउने हुन्छ भन्ने कुरा त्यसैले प्रसिद्ध छ । त्यसैले ज्ञान हुनासाथ क्रोध मनमा बस्न आउँदैन, आए तापनि आएको थाहा नै पाउन सकिन्छ । मैत्रीपूर्ण चित्तमा नै शुद्ध प्रज्ञाको विकास सम्भव छ । मै त्रीपूर्ण उत्साह विकासोन्मुख हुन्छ, जहाँ कि क्रोधपूर्ण उत्साह र उमङ्ग पतन्मुख हुन्छ । क्षान्ति र मैत्री त राम्ररी नै एक अर्काको पुरक मूल्य अनुरूप सिद्ध हुन्छ । क्षान्ति भएको व्यक्तिले अरूप्रति मैत्री र

ख्न सक्छ, मैत्री राख्नासाथ आफूमा क्षान्ति पनि भएर आउंछ । यथार्थतामा पुग्नलाई पनि मानिसको लागि मैत्रीयुक्त क्षान्ति नभई हुँदैन । मैत्रीको बल भयो कि अरुलाई खराब नहोस, असल होस् भन्ने अधिष्ठान बलियो हुन्छ । फेरि मैत्री पूर्ण गर्नलाई कहिलेकाहीं अधिष्ठानको भरोसा आवश्यक पर्दछ । मैत्रीपारमितापछिको उपेक्षा नै वास्तवमा उपेक्षा हुन्छ, अन्यथा त्यो कर्मण्यताको कारण मात्र हुन जान सक्नेछ ।

## श्यामावतीको कथा

महारानी श्यामावतीप्रति मागन्धीको ईर्ष्या थियो । त्यसमा पनि आफ्नो सौन्दर्यको अपमान गर्नुहुने बुद्धप्रति उसले श्रद्धा राख्दा त झन् नै ऊ ईर्ष्यालु हुने नै भयो । यही नै क्रोध र ईर्ष्याले गर्दा श्यामावतीको विनाशको लागि मागन्धीले अनेक षड्यन्त्र गरिन् तर सफल भइनन् । एकदिन फेरि षड्यन्त्र गर्दै वीणावादनप्रेमी राजा उदयनको वीणाभित्र मागन्धीले सर्प राखिछोडिन् । राजा उदयनले श्यामावतीको कोठामा गएर वीणा हातले के लिएको थियो फूलले प्वाल टालिराखेको प्वालबाट सर्प निस्कियो । मागन्धी यसै समयमा गएर उदयनको क्रोधको आगोमा घिउ थपिदिइन् । रिसले आगो भएको राजा उदयनले वाणले हानेर मार्न लागेको त्यसै समयमा श्यामावतीले मैत्रीभावना गरिन् । मैत्रीको बलले राजाको हात शिथिल भयो । यसरी श्यामावतीले मैत्रीले नै मागन्धीको पुरुषवचनले र षड्यन्त्रले कुपित राजालाई जितिन् । यस अर्थमा मैत्रीजस्तो ठूलो अस्त्रशस्त्र अरु कुनै छैन् । फेरि मैत्री भनेको हार्न नपर्ने गरी साथै हार्नेप्रति प्रतिहिंसा भावना वा दुःख नहुने गरी जित्नु आयुध हो ।

त्यसरी नै मघ माणवकसहित तेत्तिस सत्पुरुषहरू मार्छु भनी मगध राजाले पठाएको चण्ड हात्तीलाई उनीहरूले आफ्नो मैत्री बलले नै शान्त पारे । भगवान् बुद्धले पनि मारसेना, नालागिरि हात्ती, नन्दोपनन्द नागराज, आलवक यक्ष, अंगुलिमाललाई मैत्रीको बलले नै दमन गरे ।

## रोजमल्लको कथा

मैत्रीले शत्रु दमन गर्न सकिने मात्र होइन, अप्रियहरूलाई प्रिय गर्न सकिन्छ । एकदिन भगवान् बुद्ध भिक्षुसंघसहित कुशिनगरमा पुगे । पावाको मल्ल राजाहरूले त्यसबेला बुद्धको स्वागतार्थ नआउनेहरूलाई पाँचसय कार्षापण (असर्फि) दण्ड गराउने नियम बनाए । तब रोज नामक एकजना मल्ल आएर आनन्दलाई भन्यो- 'म बुद्धप्रति गौरव राखेर नआएको होइन । बरु दण्ड देखेर डराएर आएको हुँ ।' यो कुरा सुनेर आनन्दले भगवान् बुद्धकहाँ गएर बिन्ति गरे - 'रोज नामक एकजना मल्ल अति नै शक्तिशाली मानिस हो, उसलाई शासनमा प्रसन्नता र श्रद्धाचित्त भएको बनाउनुपर्‍यो । अहिले ऊ तथागतप्रति श्रद्धा राखेर डराएर आएको होइन बरु दण्ड देखेर डराएर आएको हो ।' आनन्दको कुरा सुनेर भगवान् बुद्ध मौन भए । फेरि तुरुन्त उसप्रति मैत्रीभावना गर्नुहुँदै मूल गन्धकुटीभित्र प्रवेश गरे । मैत्रीको आनुभावले तुरुन्त नै रोजमल्ल बुद्ध कहाँ हुनुहुन्छ ? भन्दै त्यसरी नै खोज्दै आयो, जसरी गाई हराएको बाच्छाले आफ्नी आमा गाईलाई खोज्दै आउने हो । पछि बुद्धको अगाडि आएर बुद्धको उपदेश के सुन्यो, ऊ निर्वाणगामी नै भयो । यसप्रकार मैत्री, कतै प्रणीहरूलाई वशमा ल्याउने साधन हो भने त्यही नै निर्वाणमार्गमा पुयाउने असहाय उपकार पनि हो ।

## एकभिक्षुको कथा

मैत्री भावनायुक्त व्यक्ति विषले मुक्त व्यक्ति हुन्छ । दुई दाजुभाइ मिलेर धेरै धनसम्पत्ति जम्मा गरे । तर अचानक दाजुचाहिँ एउटा रोग लागेर मृत्यु हुनासाथ भाइचाहिं विरक्त भयो र ऊ भिक्षु भयो । सम्पूर्ण सम्पदा भाउजुको हातमा पऱ्यो । अनि भोग सम्पदामा चुर्लुम्म डुब्दै दोश्रो विवाह गर्ने विचार आयो । तर देवर जीवित भएकोले लाजले आफ्नो विचारअनुरूप काम गर्न सकिनन् । त्यसैले एकदिन उसले आफ्नो देवर भिक्षुलाई भिक्षामा आउंदा विषयुक्त भिक्षा दिइन् । तर ऊ मैत्रीभावनायुक्त भिक्षु थियो र त्यसैले उसलाई केही पनि भएन ।

## उतराको कथा

मैत्री क्रोधाग्नी निभाउने चिसो पानी मात्रै होइन आफूमाथि खन्याएको तातो घिउ चिसो पार्न सक्ने आनुभावले युक्त बल पनि हो । उत्तराको आफ्नो संस्कार अनुसार दान शीलादि कुशल कार्य गर्ने इच्छा भयो । तर उसको लोग्नेले उसलाई वचन दिएन । अन्तमा आफ्नो ठाऊँमा कुनै सेविका भए हुन्छ भनेर उसको लोग्नेले वचन दियो । उत्तराले सिरिमा नामकी गाणिका एउटी सुन्दरी युवती केही दिनको लागि ल्याइदिइन् । त्यसपछि उत्तरा आफ्नो दान शीलादि कर्ममा व्यस्त भइन् । उसलाई भोजनादि बनाउने ठाउँमा हेर्दै फुर्सद भएन । आफ्नो अनुहारमा कालो लागेको पनि उसलाई होश भएन । त्यसै समयमा उत्तराको लोग्नेले झ्यालबाट तल हेर्दा उसको अनुहारमा कालो लागेको देख्यो । त्यो देखेर लोग्नेचाहिंको मनमा नाना तरहले तर्कना भयो- कस्ती लाटी रहिछे । कति सजिलै चुपचाप सुखले बसेर पुग्नेमा, नचाहिने यताउता गरी बेफूर्सद भएर बसेकी होली ?' यसरी विचार गरेर मुसुक्क हाँसेको सिरिमा गणिकाले देखिन् । उसले विचार गरिन् को देखेर यो महाजन हाँस्यो ? उत्तरा देखेर हाँसेको थाहा पाउनासाथ सिरिमाले सहन सकिनन् । कामराग र सौन्दर्य अभिमानले आफू एउटी केही दिनको लागि ल्याएकी एउटी गणिका मात्र हो, वास्तवमा उत्तरा नै उसकी जहान हो भन्ने कुरा नै बिर्सिदिइन् । क्रोध र ईर्ष्याले अन्धा भएर उत्तराको भोजन बनाउन तताइराखेको तातो घिउ आफैंले उघाएर उत्तरालाई खन्याउन पुगिन् । त्यसै समयमा उत्तराले मैत्रीभावनाको भरोसा लिइन् । खन्याएको तातो घिउले उत्तरालाई पोल्न सकेन । यस्तै अर्थमा नै मैत्री शरीर शितल पार्ने अमृतरस भनिएको हो । वट्ट जातक (३५) अनुसार त्यसरी नै मैत्रीको आनुभावको आधारमा भएको सत्यक्रियाले दनदन बलेको जंगलको डढेलो पनि फर्किएर जान्छ । दानपारमितामा उल्लेख गरिएको निग्रोध मृग जातक (१२) ले पनि यस्को प्रमाण दिन्छ ।

बुद्धहुने बोधिसत्वले जुनरूपले मैत्रीपारमिता पूर्ण गरे त्यो अत्यन्त आश्चर्यजनक छ । मैत्री सकल प्राणीको अभय र सुख आकांक्षामा अडिएको हुन्छ । यसको उदाहरण उक्त निग्रोध मृग बोधिसत्व भएकोले उसको चरित्र नै बौद्धमैत्री र करुणाको आदर्श हो ।

## चूल्ल धम्मपाल जातक (३५८)

एकपल्ट बोधिसत्व वाराणसी नरेशको पटरानी चन्द्रदेवीको कोखमा जन्म लिए । उनलाई धम्मपाल भनी नाम राखियो । एकदिन महारानीले आफ्नो छोरा धम्मपालको पुत्रस्नेहमा अभिभूत भएर राजाको स्वागत गरिनन् । त्यो देखेर वाराणसीको राजाले सहन गर्न सकेन । राग र क्रोधले अन्धा भएको राजाले राजकुमार धम्मपाललाई टुक्राटुक्रा पारी मार्न लगाए । तर बोधिसत्वले कुनै दुःख नमानी मैत्रीभावनासहित बसे । महारानी चन्द्रादेवी शोकले हृदय फुटेर मरिन् । यस जातक कथामा जहाँ

क्रोधको विभत्सरूप देखायो त्यही बोधिसत्वको चरित्रले मैत्रीको लागि कतिसम्म दुःख सहनुपऱ्यो भन्ने कुरा पनि दर्शाउँछ ।

बोधिसत्वहरूको प्रेम र मैत्रीले दुःखीहरूलाई उनीहरूलाई उपकार त गर्छन् नै । दानपारमितामा उल्लेख गरिएको सीलव जातक (७२) मा सीलव हस्तीराजले कृतघ्न व्यक्तिको पनि उपकार गरे । मै त्रीचित्तले आफ्नो दाँत दान दिएर उपकार गरे । बोधिसत्वले कृतघ्न र दुष्टहरूलाई पनि भ्याएसम्म आफ्नो मैत्री र करुणाले उपकार गर्दछन् ।

## सरभ मृग जातक (४८३)

वाराणसीको ब्रह्मदत्त आफैले 'जसको छेऊबाट मृग भाग्छ उसले त्यही मृग पक्रेर वा मारेर ल्याउनुपर्छ ।' भनी निमय बनाउँदा आखिरमा राजाकै छेऊबाट सरभमृग भाग्दा मृग मार्न भनी सर भमृगको पछि लखेट्दै दौडियो । सरभमृगलाई लखेट्दै जाँदाजाँदा राजा अति धेरै वनान्तरको भित्र पुग्यो । फेरि सरभमृग एउटा ठूलो खाल्डो उफ्रेर नाघेर जाँदा राजा त्यही खाल्डोमा खस्न पुग्यो । केही क्षणपछि आफूलाई पछ्याइआएको पाइलाको आवाज नसुन्नासाथ सरभमृग टक्क अडियो । फेरि उसले विचार गरे- निश्चय नै राजा त्यही खाल्डोमा खस्यो होला ।' सरभमृगको हृदयमा आफूलाई मार्न आएको वाराणसी नरेशप्रति पनि करुणा उत्पन्न भयो । बोधिसत्व सरभमृग फर्किएर आए फेरि जसरी खाल्डोमा खसेको छोरालाई बुबाले निकाल्छ त्यसरी नै करुणा राखी ढुङ्गाहरू झारी सानो बाटो बनाई आफू तल झरेर राजालाई त्यसै खाल्डोबाट बाहिर निकालिदियो । यसै मैत्रीपूर्ण उपकारले र ाजा अति नै प्रभावित भए । सरभमृगलाई राजाले जे मागेतापनि दिन तयार भनी आज्ञा दिए तर मृगले राजासँग केही पनि लिनुको सट्टामा राजालाई पञ्चशीलको उपदेश दिएर विदा भए ।

बोधिसत्वको यस्तो आदर्श वीर्यपारमितामा उल्लेख गरिएको महाकपि जातक (५१६) मा बाटो विराएर जङ्गलमा दुःख पाएर बसेको एकजना ब्राह्मणलाई करुणा राखी उपकार गर्दा त्यसै ब्राह्मणले मार्न खोज्दा पनि करुणा राखी जङ्गल बाहिरसम्म पुयाइदिएको घटना त अझ महान देखिन्छ ।

मैत्रीभावनामा अभ्यस्त व्यक्तिमा क्रोध हुदैन । यदि कुनै कारणवश कुनै घटनाक्रमले रिस उठेमा पनि तुरन्त त्यसलाई जानेर त्यस क्रोधलाई उपशम गर्दछ । यसको उदाहरण शीलपारमितामा उल्लेख गरिएको एक चूल्ल बोधि जातक (४४३) मा बोधिसत्व, परिव्राजक हुँदा उसप्रति वाराणसीका र ाजाले कामरागले अन्धा भएर जवरजस्ति परिव्राजकलाई अन्तपुरमा लाँदा बोधिसत्व परिव्राजक बोधिकुमारलाई एकपल्ट झनक्क रिस उठेको थियो । तर तुरुन्तै रिसलाई सम्हाल्नुभयो । पछि राजाले किन नरिसाएको भनी सोध्दा मलाई रिस उठेको थियो तर म त्यसको वशिभूत भइनं । बाचुञ्जेलसम्म म क्रोधको बशमा जाने पनि छुइनं । जसरी घनघोर वर्षाले धूलो त्यसै सम्याएर पठाउछ त्यसरी नै मैले क्रोधलाई शान्त गरें । जुन उत्पन्न हुँदा आँखा नदेख्ने हो, त्यो रिस मेरो हृदयमा पलाएर आएको हो तर म त्यसको वशमा गइन । ज्ञानरहित मानिस मात्र रिसको वशमा जान्छ । जुन उत्पन्न हुनासाथ अहितकामीहरू रमाउने हुन्छन्, जुन उत्पन्न हुँदा सन्दर्भको बोध नहुने हो, त्यो रिस मेरो मनमा पनि उम्रेर आएको हो, तर म त्यसको वशमा गइनं । दाउरा रगडेर आगो निस्कन्छ त्यही आगोले त्यही दाउर ा बालिदिन्छ । ज्ञान नपुगेका मानिसहरू, ज्ञान धमिलिएको मानिसहरू पनि अज्ञानीहरूसँगको सम्पर्कले रिस गर्छन्, त्यही क्रोधले जलन भएर बस्दछन् । छ्याकन सकेर मरेर गएको आगोजस्तै जसको क्रोधशान्त हुन्छ उसको यश शुक्ल पक्षको चन्द्रमाजस्तै संधै वृद्धि हुन्छ ।'

https://dhamma.digital

मैत्रीपारमिताको कथात्मक व्याख्यामा खन्तिवाद जातक, भुरिदत्त जातकजस्ता अनेक जातक चर्या गर्ने पनि परम्परा छ । तर यी जातकमध्ये धेरै जातकको अन्य पारमितामा समावेश भइसकेकोले फेरि उल्लेख गर्नु आवश्यक देखिदैन ।

## पारमिता, उपपारमिता र परमत्थपारमिता

मैत्रीपारमिताको पालन अवस्थामा धनसम्पत्ति र छोराछोरीको परिधि त्याग गर्नुपर्ने मैत्रीपारमिता हो । आफ्नो अङ्गप्रत्यङ्ग त्याग गर्नुपरे तापनि नबिग्रिने मैत्रीलाई मैत्री उपपारमिता र जीवन समाप्त भए पनि चित्तलाई मैत्रीले विचलित नभएकोलाई मैत्री परमत्थपारमिता भनिन्छ । अथवा अरूप्रति पनि छोर ाछोरीप्रति जस्तै हुने मैत्री, आफ्नो अङ्गप्रत्यङ्गप्रति दुःखकष्ट नगराउने इच्छाजस्तै दरिलो सकल सत्वप्रति मैत्री र सकल सत्वप्रति आफ्नो प्राणजस्तै हित सुख शान्तिको समभाव हुने मैत्री क्रमशः मैत्रीपारमिता, मैत्री उपपारमिता र मैत्री परमत्थपारमिता हुन्छ । माथि धेरै कथात्मक व्याख्या भइसकेकोले यहाँ एउटा मात्र बोधिसत्वचर्याको उल्लेख गरिनेछ, जुन चर्याहरू मैत्रीपारमिताका तीनैवटा अङ्गसँग सम्बद्ध छ ।

### एकराज जातक (३०६)

बोधिसत्व वाराणसीको एकराज नामक राजा भए । एकराजले सयौं दानशाला बनाएर धार्मिकपूर्वक राज्य गरे । कहिले पनि चोरलाईसमेत क्रोधले दण्ड दिएनन् । चोरलाईसमेत आवश्यक वस्तुहरू दिने उनको स्वभाव थियो । राजाको यो विनम्र स्वभावमा अनुचित लाभगर्ने अमात्यले राजदर वारभित्र नै व्यभिचार गर्यो । वाराणसीका राजा एकराजले त्यस व्यभिचारी मन्त्रीलाई देशनिकाला गरे । निर्वासित व्यभिचारी मन्त्री कोशल देशमा गएर राजा दब्बसेनको शरण लियो । सेवा गर्दै त्यस मन्त्रीले राजाको विश्वास पनि जित्यो । तब वाराणसी राजा एकराजको बदला लिनको लागि योजना बनायो । उसले कोशल नरेशलाई वाराणसीको राजाको राज्य लिनु मौरी नभएको चाका लिने झै ' सजिलो छ' भन्यो । अमात्यको विश्वासमा गएर साँच्चै नै राजा दब्बसेनले वाराणसीमा हमला गरे । यस हमलाको खबर राजा एकराजलाई सेनाहरूले दिन गए । तर एकराजले विचार गरे मेरो एक्लोको सत्तालोभले सत्ता जित्नको लागि अरुलाई दुःख गराउने छुइन । यसरी विचार गर्दा गदै ' कोशल सेना वाराणसी भित्रियो । फेरि कि त राज्य देऊ होइन भने युद्ध स्वीकार गर' भनी चिट्ठी पनि दियो । तर सेनाले यो कुरा स्वीकार गरेन । अन्तमा कोशल राजा राजदरवारभित्रसम्म नै आइपुगे । एकर ाज राजालाई घाटी समातेर फ्यालिदियो । तर एकराजले यस अवस्थामा पनि रिस ननिकाली छोराप्रति बुबाको प्रेमजस्तै आफ्नो हृदयमा प्रेम र मैत्री राखिवसे । कोशल राजाले एकराज राजालाई बाँधेर टाउको उधोमुण्टो पारेर झुण्ड्याइदिए । आफ्नो शारीरिक पीडाको अवस्थामा एकराज राजाले आफ्नो मैत्रीभावना झन् बृद्धि गरे । मैत्रीभावना गर्दै कसिण भावनामा पुग्नुभएर एकराज राजा बन्धनबाट स्वयं मुक्त भएर फेरि उडेर बाहिर गए । यसै समयमा कोशल राजाको शरीर तातो पानी खन्याएझैं भयो । भन्झन् डाह भयो । सहन गर्न सकेन । भुइँमा लडीबुडी खेल्दै क्वाँक्वाँ रुनथाले । फेरि निरपराधी मैत्रीभावनायुक्त र ाजाप्रति गरेको पापले यसो भएको हो भनी थाहा पाउनासाथ कोशल नरेश दव्वसेनले वाराणसी नरेश एकराजसँग क्षमा मागे दब्बसेनले आफ्नो राज्य आफैले राजगर भनी फेरि व्यभिचारी दुष्ट अमात्यलाई दण्ड दिए । बोधिसत्व एकराज पनि आफ्नो अमात्यहरूलाई सुम्पिएर ऋषिप्रव्रज्या ग्रहण गरे । अन्तमा मैत्री आदि भावना गर्दै मरणपछि ब्रह्मलोकगामी भए ।

मैत्री पारमिता समाप्त ।

## (ङ) उपेक्षा पारमिता

उपेक्षाको साधारण अर्थ हो विरक्ति उदासीनता, घृणा, अनादर र त्याग । तर पारमितासँग सम्बन्धित उपेक्षाको अर्थ यी अर्थहरूभन्दा फरक छ । बौद्धदृष्टिकोणको उपेक्षाको अर्थ स्नेहीप्रति पक्षपाती हुनु र वैरीप्रति आफ्नो चित्तमा शुभ वा अशुभ प्रकारको विकार नल्याउनु नै उपेक्षाको अर्थ र उद्देश्य हो । त्यसरी नै कसैले पनि आफूलाई दुःखकष्ट दिए तापनि उसप्रति असन्तोषी नभइबस्नु, कसैले पनि आफूलाई हितोपकार गरे तापनि उसप्रति पनि विशेष अनुरक्त नभएर बस्नु । तर कृतघ्न हुनु होइन नै उपेक्षाको लक्ष्य हो । उपेक्षा उप + इक्ख धातुले सिद्ध भएको शब्द हो । युक्तिअनुसार हेर्नु, पक्षपाती वा विरुद्धीभावले नहेर्नुलाई पनि उपेक्षा नै भनिएको छ ।

उपेक्षा प्रत्येक ध्यानीको लागि अनिवार्य अङ्ग हो । जब ध्यानको उपेक्षा विशिष्टता प्राप्त हुन्छ तब ब्रह्मलोकको हेतु हुन्छ । ऋषिप्रव्रज्या जीवनमा बोधिसत्वले चार ब्रह्मविहार मात्र पूर्ण गरेका थिए, जुन चार ब्रह्मविहारमध्ये उपेक्षा पनि एउटा हो । त्यसैले उपेक्षा पनि ब्रह्मविहार अर्हतत्व प्राप्त गर्नको लागि सात बोध्यङ्गमा एउटा बोध्यङ्गको रूपमा उपेक्षाले सहयोग गर्दछ ।

उपेक्षाको लक्षण स्वभाव नै मध्यस्थरूपले बस्नु हो । यसको रस (कृत्य) हो समानता देख्नु । विरुद्धभावसँग संघर्ष हुने र रागसँग टाँसिने दुबै स्वभाव शान्त गर्नु नै यसको प्रत्युप्रस्थान हो । सारा कर्म आफैले गरिपाइने भनी भाव सम्झेर बस्नु पदस्थान हो । शत्रु भनेर विरुद्धमा बस्नु, मित्र भनेर पक्षमा बस्ने बोधिसत्वको चरित्र अन्तर्गत पर्दैन । भगवान् बुद्धको मनमा आफूलाई ढुङ्गाले कुच्याएर मार्न खोज्ने देवदत्त र आफ्नो छोरा राहुलप्रति समानभाव छ । त्यसैले यस्तो भन्नुपर्छ- यस्तो उपेक्षा गुणयुक्त चित्त बनाउन फेरि यसको हेतुले सम्बोधि प्राप्त गर्न सहयोग लिन पूर्ण गरिने उपेक्षा नै उपेक्षापारमिता हो ।

छन्द, दोस, भय र मोह अर्थात आशा, क्रोध, भय र मोहको वशमा नगएर मध्यस्थ हुने उपेक्षाको अभ्यास मात्रले नै सम्भव छ । यही नै उपेक्षाका प्रत्यक्ष आनिशंस हो । उपेक्षापारमिताको उन्नतिको लागि आफ्नो स्तुति गर्नु, गुरुको सम्मान हुनु, उपकार हुनु, कोही सत्वप्रति सन्तोष हुनु, आफ्नो अपमान हुनु, कसैबाट आफूलाई दुःख कष्ट आउनु, कसैप्रति भाव जाग्नु आदि कुराहरूमा अति नै स्मृति राख्नुपर्छ । तब प्रत्येक अवस्थामा चित्त मध्यस्थ गर्न खोज्नुपर्छ । मन परेकोमा अनुरक्त हुने र मन नपरेकोमा विरक्ति हुने वा द्वेष गर्नु लोकमा मानिसहरूको साधारण स्वभाव नै हो । यस्तो साधारण स्वभावबाट माथि उक्लेर जानासाथ नै मात्र मानिस नातावाद, कृपावाद र भयवादले मुक्त हुनसक्छ । यसको उच्च विकासले नै तटस्थ चित्तयुक्त भएर मुक्तिको मार्गमा अगाडि बढ्न सक्दछ । यीनै अवस्थामा योज्ञपात्र हुँदाहुँदै ऊसँग विरक्त भएर उसलाई नदिनु, अयोज्ञ व्यक्तिलाई दिनु बोधिसत्वको स्वभाव हुँदैन । उपेक्षा गुण हुनासाथ न्याय गर्ने अवस्थामा तराजुजस्तै भएर न्याय गर्न सकिन्छ । बोधिसत्वहरू लाभ-अलाभ, यश अपयश, सुख-दुःख र निन्दा-प्रशंसा आदि आठ लोकधर्ममा कम्प हुन्नन् । लाभमा प्रसन्न हुने र अलाभमा चित्त खिन्न हुने संसारको स्वभाव हो । उपेक्षामा बस्नेहरूले यस संसारको स्वभाव देखेर यसको प्रभावबाट बचेर बस्न सक्दछन् । जीवनयात्रामा रथचक्रजस्तै घुमिरहेको लाभअलाभको कारणले हो । लाभबाट अलाभ, अलाभबाट लाभ पनि भई नै र

हन्छ। त्यसैले यी दुबै पक्षदेखि तटस्थ भएर गरी गरेमा जीवनयापनमा स्वभावलाई बुझ्दै अगाडि बढे जीवनयात्रा सरल हुनेछ। बौद्धपण्डित स्वभावको विषयमा धम्मपद (८१) मा भनिएको पनि छ -

सेलो यथा एक घनो, वातेन न समीरति।
एवं निन्दा पसंसासु, न समिञ्जन्ति पण्डिता॥

ठूलो ढुङ्गालाई हावाले हल्लाउन नसके पण्डितजनहरूलाई सांसारिक निन्दा-प्रशंसाले हल्लाउन सक्दैन।

यस्तो पाण्डित्य गुण बोधिसत्वहरूमा स्वभावतः हुने हुन्छ। गरीव, धनी, हितेच्छु र विघ्नकार कमा स्त्रीपुरुष सबैलाई सम देख्नु अर्को स्वभावले उपेक्षा गुणलाई सुदृढ गर्नु हो। इच्छितवस्तु प्राप्त हुनासाथ सन्तोषी हुनु, नहुंदा असन्तोषी हुनु बोधिसत्वहरूको स्वभाव हुँदैन। ठूलो सम्मान गर्दा ठूलो उपकार गर्दा यो एक प्रकारको स्वभाव नै हो भनेर बोधिसत्वहरू उपेक्षित चित्त आफूमा बनाइ बस्दछन्। त्यसरी नै दुःख दिंदा पनि स्वभाव अथवा आफ्नो कर्म सम्झिएर चित्तमा विरक्ति विकार उत्पन्न हुन नदिई उपेक्षा चित्त बनाई बस्दछन्। त्यसरी नै आहार, वस्त्र र आवास ग्रहण गर्ने समयमा पनि आफ्नो चित्त उपेक्षित वा मध्यस्थ गरेर राख्दछन्। बोधिसत्वहरूको तर्फबाट मन परेको वस्तुमा आशा वा मन नपरेको वस्तुमा घृणा हुँदैनन् भनिएको पनि छ -

आपत्ति नाभि नन्दति, पक्कमत्तिं न सोचति।

आयो भनी सन्तोषी हुँदैन, गयो भनेर शोक गर्दैन।

जसरी सिंह कुनै जङ्गली पशु कराउदैमा डराउदैन, हावा जालमा अल्झिदैन, कमलको फूल पानीमा टाँसिदैन, त्यसरी नै बोधिसत्व आफ्नो गुणको वर्णन र अवगुणको बयानमा भयभीत, बन्धित र अनुरक्त हुन्नन्। अरुलाई दुःख हुँदा दुःखी भएर बस्दैनन्, सुख हुँदा इर्ष्यालु पनि हुन्नन्। बोधिसत्वले भ्याएसम्म प्राणीहरूको उपकार गर्दछन्। हितसुखको लागि कोशिस गर्दछन्। यसरी गरेर पनि नभएमा दुःखी हुन्नन् न त दिक्क नै हुन्छन्। यस्तो अवस्थामा कर्म नै यस्तो' भनी उपेक्षित भएर आफ्नो चित्तको शान्ति र स्थीरताको आरक्षा गर्दछन्।

## एघार प्रकारका उपेक्षा

आचार्य बुद्धघोषले विशुद्धिमार्गमा उपेक्षालाई एघार प्रकारले वर्गीकरण गरेर व्याख्या गरेकाछन्। यहाँ त्यही वर्णनको संक्षिप्त चर्चा गर्नु उपयुक्त हुनेछ। उपपत्तिले हेर्नुलाई उपेक्षा भनिन्छ। समभावले हेर्नु अर्थात पक्षपातरहित भएर हेर्नु यसको अर्थ हो। यो उपेक्षाको विशद विषुल, बलवान भएमा तृतीय ध्यानयुक्त भएको व्यक्तिलाई उपेक्षक भनिन्छ। यसप्रकारले उपेक्षा एघार प्रकारका छन्।

१) षडंगोपेक्खाः 'क्षीणासव भिक्षु आँखाले रूप देखेर प्रसन्न हुँदैन, उदास पनि हुँदैन। फेरि स्मृति र सम्प्रजन्यको साथै उपेक्षक भएर विहार गर्दछ।' यसरी आएको क्षीणाश्रवको ६ द्वारमा प्रियअप्रिय आलम्बन हुनासाथ परिशुद्ध हुने प्रकृतिभावलाई छोड्ने आकारको उपेक्षा नै ६ अंगयुक्त उपेक्षा हो। सरल शब्दमा भन्ने हो भने अर्हतहरूले ६ द्वारले इष्टानिष्ट आरम्मण अगाडि पुग्दा केही पनि फरक नभएर परिशुद्ध स्वभावले बसिरहने अवस्थालाई नै ६ अङ्ग उपेक्षा भनिन्छ।

https://dhamma.digital

२) ब्रह्मविहारूपेक्खा : उपेक्षायुक्त चित्तले एउटा दिशालाई पूर्ण गरेर विहार गर्नेअनुसार आएको प्राणीहरूप्रति मध्यस्थभावले बस्ने उपेक्षा नै ब्रह्मविहारउपेक्षा हो ।

३) बोझ्झगुपेक्खाः 'विवेकयुक्त उपेक्षा सम्बोध्यङ्ग भावनाअनुरूप आएको आफूसँग उत्पन्न धर्मप्रति मध्यस्थभावले बस्ने उपेक्षालाई नै बोध्यङ्गउपेक्षा भनिन्छ ।'

४) विरियपेक्खा : समय समयमा उपेक्षा निमित्तको लागि मन हुनु न अत्यधिक न त अति शिथिल वीर्यको उपेक्षालाई वीर्यउपेक्षा भनिन्छ ।

५) संखारूपेक्खाः 'कति संस्कारको उपेक्षा समाधिको उत्पन्नले हुन्छ ? कति संस्कारको उपेक्षा विपस्सनाको उत्पन्नले हुन्छ ?' आठ संस्कारको उपेक्षा समाधिको उत्पन्नले हुन्छ, दश संस्कारको उपेक्षा विपस्सनाको उत्पन्नले हुन्छ ।' यसप्रकारले आएको नीवरण आदि राम्ररी देखेर बुझ्रेर निश्चय गरी ग्रहण गरिनुमा मध्यस्थ हुने उपेक्षा नै संस्कार उपेक्षा हो । अँध्यारो छिडीमा आएको सर्पलाई चिनेर उसलाई नदुख्ने गरी र आफूलाई डस्न नसक्ने गरी पक्रनु मध्यस्थताजस्तै अनित्य, दुःख र अनात्म लक्षणलाई देखेर संसारलाई दन्दन् बलिरहेको झैं देखेर मध्यस्थ संस्कार ग्रहण गर्नुलाई पनि संस्कार उपेक्षा भनिन्छ ।

६) वेदनुपेक्खा : 'जुन समयमा उपेक्षाले पूर्ण कामावचरको कुशलचित्त उत्पन्न हुन्छ' यसरी देखिने अदुःख सुख भनिने उपेक्षा नै वेदना उपेक्षा हो ।'

७) विपस्सानुपेक्खा : 'जुन छ, जुन समाप्त भइसक्यो त्यसलाई छोड्ने गरेर उपेक्षा प्राप्त हुनेगर ी' आउने विचारमा मध्यस्थ हुने उपेक्षा विपस्सना उपेक्षा हो । अँध्यारो छिंडीमा आएको सर्पलाई यो सर्प हो कि होइन भनी शंका भएको बेलामा सर्पको घाँटीमा भएको तीन सेतो धर्का देख्नासाथ उसको विचार द्वन्दमा मध्यस्थता हुन्छ । त्यसरी नै अनित्य, दुःख, अनात्म तीन लक्षण देख्नासाथ संस्कार अनित्य भन्ने विचारमा यताउताको द्वन्द नभएर विचारमा तटस्थता मध्यस्थ हुन्छ ।

८) तत्रमज्झतुपेक्खाः छन्द आदि 'येवापनक'मा आएको आफूसँग उत्पन्न हुने धर्ममा ल्याउने उपेक्षा नै तत्रमध्यस्थता उपेक्षा हो ।

९) झानुपेक्खा : उपेक्षक भएर बस्नेअनुसार आएको त्यस उपेक्षावस्थामा अग्रसुखमा पनि पक्षपात नहुने उपेक्षा नै ध्यानउपेक्षा हो ।

१०) पारिसुद्धपेक्खा : उपेक्षा र स्मृतिले शुद्ध चार ध्यानलाई क्रमिकरूपले सारा विरुद्धधर्ममा उपशममा पनि नटाँसिने उपेक्षा पारिशुद्धि उपेक्षा हो ।

११) कम्मस्सकुपेक्खा : उपेक्षा मैत्री, करुणा र मुदिता गुण धर्मको पछि आएको कारणले पनि स्पष्ट हुन्छ कि मैत्री र करुणाले पुष्ठ नभएको उपेक्षा अकर्मण्य शैथिल्य वा आलस्य हुनसक्छ । बुद्धले देवदत्तको सुर भविष्यमा राम्रो गर्नको लागि भिक्षुत्वमा प्रवेश गराइ उपदेश दिए । पछि कयौं उपदेश र शिक्षा दिए तापनि विद्वेषी चित्त भएर नर्कमा जाँदा बुद्ध स्वयंले आफ्नो चित्तमा ल्याएको उपेक्षालाई नै 'सत्वप्रतिको कर्मप्रति उपेक्षा' भनिन्छ । त्यसैले 'सब्बे सत्ता कम्मस्सका' अर्थात सारा प्र ाणीहरू कर्मस्वक हुन् भन्नु वा यसरी उपेक्षा भावना गर्नु मैत्री करुणाले भएको स्वभाव गने हरूलाई सजिलो हुन्छ । यस्तो उपेक्षा नै विशुद्ध उपेक्षा हुन्छ । अष्टलोकधर्ममा विचलित चित्त भएर प्र ाणीप्रति समभाव राख्नु नै सुमेरुजस्तै उच्च श्रेणीको उपेक्षा हो ।

## दश पारमितामा उपेक्षा पारमिता

दश पारमितामा दशौं र अन्तिम पारमिता उपेक्षापारमिता हो । तर यसो भनेर न यसको महत्व सबैभन्दा कम हुन्छ न अन्तिम भनेर सर्वाधिक महत्वपूर्ण नै । वास्तवमा दशवटै पारमिता एकअर्काको पूरक हुन् । फेरि प्रत्येक पारमितामा विभिन्न पारमिताको अनुबल सम्बन्ध भइरहन्छ । उपेक्षापारमिताको टेवा नहुनासाथ दानभित्र पनि पार्थक्य संकीर्णता हुनसक्छ । मन परेर दान दिने, मन नपरेर नदिने स्वभावलाई उपेक्षाविना जित्नु दुष्कर हुन्छ । आफूले मन पराएकोलाई मन पराएको कारणले दान दिन्छ, वैरीलाई घृणा गरेर दिँदैन यी दुवै पारमिता गुणधर्मको लागि उपकारक होइन । किन भने मन परेर वा आशक्त भएर त्याग गर्नु पनि पवित्रताको लागि एउटा बाधा हो । कसैले पनि लोकोत्तरको लागि आवश्यक पर्ने छोराछोरीको त्याग कसरी बिना उपेक्षा गर्न सक्छ ? आफूले मन परिराखेको कारणले मात्र दिने दान पुण्य हो भने सम्बोधिमा पुग्नलाई दिइने दान हुनसक्दैन ।

लोकप्रति मध्यस्थता नभइकन शीलको आरक्षा उच्चस्तरले गर्न सकिँदैन । मन पराएर बस्नु अनुरक्त स्वभाव अथवा वैरभावले भरिएको चरित्र दुवैमा शील विनष्ट गर्ने कारण हुन्छ अथवा यसले शील नै बिगारिदिन्छ । त्यसैले सत्व संस्कारप्रति मध्यस्थता हुनेहरूले मात्र शीलको आरक्षा उच्चस्तरले परिशुद्धरूपमा गर्न सक्दछ । उपेक्षा नभएकोले आफ्ना छोराछोरी जहानप्रति भइराखेको माया स्नेहलाई चटक्कै छाड्ने नैष्क्रम्य पूर्ण गर्न पनि सक्दैन । असल खराब दुवै युक्तायुक्तिअनुसार कतिले मन नपराएर बसेको मानिसलाई असल खराब देख्नुमा सधैं एउटा आवरणले बाधा दिइरहन्छ । आफ्नो स्नेहीले गरेको काम ठीक नै हो, उसले भनेको कुरा ठीक नै हो भनी देख्दछ । वैरीले गरेको काम ठीक छैन वा उसले भनेको कुरा ठीक छैन भनी देख्दछ । यो सम्मोह प्रज्ञापारमितामा बाधा हो । त्यसैले सत्यदर्शन गर्नलाई प्रज्ञा बनाउन मध्यस्थ मनोवृत्ति र विचार चाहिन्छ ।

परोपकारको लागि दान आदि पारमितामा गरिने वीर्य पनि अरूको कमी-कमजोरी देखेर वीर्य शिथिल हुनसक्छ भने प्रियसँग टाँसिने स्वभाव आशक्तले गर्दा पनि वीर्य शिथिल हुनुसक्छ । यही वीर्यपारमितासँग गाँसिएको उपेक्षा पारमिताको पुरक गुण हो । शान्ति र उपेक्षापारमिता पारस्परि कपूर्वकर पारस्परिक सहयोगिक गुण हुन् । मध्यस्थ हुनको लागि सहने स्वभाव बनाउनुपर्छ । त्यसरी नै सहनको लागि मानसिक आघात सहन गर्न सक्ने मध्यस्थ स्वभाव बनाउनुपर्छ । कसैकसैप्रति रिस र कसैकसैप्रति स्नेह राख्ने मानिसहरू सत्यमा बस्न गाह्रो हुन्छ । उनीहरूको अधिष्ठान त झन् नै सजिलै बिग्रन जानसक्ने हुन्छ ।

दश पारमितामा उपेक्षापारमिताले टेवा दिएर उपेक्षापारमितालाई पनि अन्य पारमिताहरूले भर ोसा दिइरहन्छ । विशेषतः नैष्कम्य, मैत्री र क्षान्तिपारमिताहरू उपेक्षापारमितालाई उपकारक पारमिता धर्म हुन् । नैष्क्रम्यको अभ्यास भएकाहरूलाई लाभ सत्कारबाट उपकारपूर्ण पुद्‌गलप्रति हुने स्नेहले विरत हुन सजिलो हुनेछ । क्षान्ति र मैत्री हुँदा अपराध गर्नेहरूप्रति उत्पन्न हुने क्रोधलाई हटाउन सजिलो हुन्छ ।

## पारमिताको धर्म संक्लेश

पारमिता गुणधर्मको अन्तिम पारमिता उपेक्षा पारमिताको संक्लेशको वर्णन गर्नु अगाडि अन्य पारमिताको संक्लेशलाई प्रस्तुत गर्नु युक्तिसङ्गत हुनेछ । अति वर्षाले पहाडमा पैरो आएझैं, आंधीवेरीले कमजोर रुखलाई ढालिदिएझैं पारमिता धर्ममा पनि पहिरो जान सक्छ, ढालिदिन सक्छ । यो दिन्न वा

यसलाई दिन्न भन्नु दानपारमिताको संक्लेश हो । यस्लाई मार्छु स्नेहलाई चटक्कै मार्दिन, यसबेला मार्छु, यस बेला मार्दिन भनेर काल र वस्तु सम्बन्धी विचार गर्नु शीलपारमिताको संक्लेश हो ।' यो यो वस्तु परिभोग गर्छु, यो यो वस्तु राखिराख्छु, यस्तोयस्तो वस्तु परिभोग गर्दिन भन्नु बारे काम र भवको वा विचार गर्नु' नैष्क्रम्यपारमिताको संक्लेश हो । 'म र मेरो, ऊ र उसको' भनी विभेद कल्पना गर्नु प्र ज्ञापारमिताको संक्लेश हो ।' यतिमात्र गर्छु, यति गर्दिन भनी परिधि राख्नु, उत्साह र हतोत्साह गर्नु वीर्यपारमिताको संक्लेश हो । आफ्ना स्वजाति, स्वग्रामीण भनी गल्ती सहनु क्षान्तिपारमिताको संक्लेश हो । 'नदेखेकोलाई देखेझैं, नसुनेकोलाई सुनेझैं, नभनेकोलाई भनेझैँ ठान्नु र विश्वास गराउनु' सत्यपार मिताको संक्लेश हो । हित र अहित गर्नेहरूका अनुसार पार्थक्य विचार गर्नु मैत्रीपारमिताको संक्लेश हो । इष्ट अनिष्ट भनी विचार गर्नु उपेक्षापारमिताको संक्लेश हो ।

## अननुसोचिय जातक (३२८)

मन परेको व्यक्तिको वियोगले उपेक्षापारमिताको अभ्यासी विरह हुँदैन, न त गुणी व्यक्तिको वियोगले वेदना हुन्छ । ब्राह्मण कुलमा जन्म भएको बोधिसत्वले विवाह गर्न मन पर्दैन भनी जतिसुकै भने तापनि आमाबुबा मानेनन् । तब बोधिसत्वले स्वर्ण प्रतिमा एउटा बनाएर यो जस्ती राम्री युवती पाए भने विवाह गर्छु' भने । तर पाइन्छ भनेर विचार नगरे तापनि काशी राज्यमा स्वर्ण प्रतिमाजस्ती र ाम्री युवती सम्मिल-हासिनी एकजना पाइयो । मन नभई दुवैको विवाह भयो । पछि आमाबाबुको मृत्यु भएपछि बोधिसत्वले आफू प्रवजित हुने कुरा भने । तर सम्मिल-हासिनी । मात्र के कम थिइन, उनी पनि बोधिसत्वसंगै प्रव्रज्या भइन् ।

धेरैकालसम्म दुवै जङ्गलमा बसेर प्रव्रज्या सुख बटुल्दै जीवनयापन गरे । पछि नुनिलो र अमिलो स्वादको लागि उनीहरू दुबैजना वाराणसी आइपुगे । शहरमा मिसिएको भोजन प्राप्त भएको खाएर सुकुमारी परिव्राजिकालाई रक्त विकार भयो । औषधी नपाएर दुर्बल पनि भइन् । बोधिसत्वले भिक्षाटनको बेलामा नगरद्वारसम्म संगै ल्याउदथे । फेरि त्यहाँ एउटा सत्तलमा पल्टाएर स्वयं आफू भिक्षाटनको लागि नगरभित्र प्रवेश गर्दथे । एकदिन त्यसरी भिक्षाटनमा जाँदा उता परिव्राजिकाको मृत्यु भयो । मानिसहरू जम्मा भएर उसको सौन्दर्यले भरिएको शरीर रोगले दुब्लाएको र निष्प्राण भएको देख्दै सबै क्वाँक्वाँ रुए ।

बोधिसत्व भिक्षाटनबाट फर्किदा परिव्राजिका मरिसकेका देखे । बोधिसत्वले विचार गरे- 'जसको स्वभाव फुट्नु हो त्यो फुट्यो । सबै संस्कार अनित्य हो । यसरी विचार गरी प्राप्त भएको भोजन ग्रहण गरे । मानिसहरूले चारैतिर बसेर सोधे- 'भन्ते यी परिव्राजिका को हुन् ।' बोधिसत्वको जवाफ हो- ' पहिला म गृहस्थसमयको जहान हो । अहिले धर्म सहयोगी फेरि- 'विरह किन नगरेको नि ?' भनी कारण सोध्दा बोधिसत्वले जवाफ दिए- 'यो हामी सबैको बीचमा थिइन् तर अब छैन । मरेर गएका सम्मिल-हासिनी बारे मैले किन शोक गरुँ ? उभिरहँदा, हिडिरहंदा, बसिरहंदा, पल्टिरहंदा मर्ने कुरा त एकातिर र ाखौं, आँखा झिमिक्क पार्दाखेरि पनि मानिसको आयु समाप्त भई नै रहेको छ । जहाँ आफ्नो आधा आयु पनि पूर्ण हुनासाथ आफू पनि मर्ने शंसय रहित हो भने सारा प्राणीप्रति नै दयाराख्नुपर्छ । जो गइसक्यो त्यसमा शोक गर्नु हुदैन ।'

यसरी नै क्षान्तिपारमितामा उल्लेख गरिएको उरग जातक (३५४) मा बोधिसत्वले एक्लो छोरा सर्पले डसेर मर्दा संसारको अनित्य स्वभावलाई जानेर चित्तमा कुनै विकार उत्पन्न गरेनन् त्यसैगरी उनकी जहान, बुहारी .. छोरी र दासीले पनि चित्त विकार उत्पन्न गरेनन् ।

आफूले उपकार गर्दा त्यसको सट्टामा उपकार गरेको सहनु सजिलो हुदैन । वीर्यपारमितामा उल्लेख गरिएको महाकपि जातक (५१६) मा खाल्डोमा खसेर दुःख पाएको ब्राह्मणलाई बचाएर खाल्डोमाथि ल्याउँदा त्यसै ब्राह्मणले मार्न खोज्दा बोधिसत्व महाकपिले रिस नगरी चित्तलाई मध्यस्थ राख्न सके । त्यसैगरी दानपारमितामा उल्लेख गरिएको वेस्सन्तर जातक (५४७) मा बोधिसत्व वेस्सन्तरले आफ्ना छोराछोरी उपेक्षाभावसहित ब्राह्मणलाई दान गर्न सके ।

भगवान् बुद्धको जीवन चरित्रमा भन्ने हो भने उनलाई जति लाभ र कीर्ति यस संसारमा अरु कसैलाई पनि भएन । तर पनि उनको चित्त सधैं शान्त हुन्थ्यो । उनलाईजस्तै निन्दा गरेको र दुःख दिएको पनि संसारमा अरु कसैलाई छैन । तर यस अवस्थामा पनि उहाँको चित्तको शान्ति अलिकता पनि कम भएन । मागन्धीले सुनियोजितढङ्गले संगठन गरी भिक्षाटनको समयमा अपमान गराइन्, चिञ्चा माणविकाले परिषदबीचमा ठूलो अभद्र लाल्छना गरिन्, पुण्ण दासीले नुन नभएको खाना दिइन्, वञ्चग्ग ब्राह्मणले जुठो भात दियो, वेरञ्जनामा बस्नुहुँदा घोडालाई खुवाउने दाना खुवाइयो तर पनि बुद्धको चित्तमा कहिले पनि प्रतिकूल भावना अलिकता पनि आएन । सिंसपा वनमा ठूलो तुफान आयो तापनि रातभरि रुखको पातको आसन बनाएर मध्यस्थ चित्तले नै बस्से ।

## उपेक्षा पारमिता, उपपारमिता र परमत्थपारमिता

धनसम्पत्ति र छोराछोरीको कारणले वा हेतुले चित्तमा विचलित भाव नल्याउनुलाई उपेक्षापारमिता भनिन्छ । धनसम्पत्ति र छोराछोरीको विनाश वा मरण हुँदा शोक नगर्नु, यिनीहरूको हानि नोक्सान हुँदा वा मरण हुँदा दुःखित र क्रोधित नहुनु, यसरी नै उनीहरूको उन्नति र अभिवृद्धि हुँदा हर्ष विभोर नहुनुलाई पनि उपेक्षापारमिता भनिन्छ । त्यसरी नै आफ्नो शरीरको अङ्गप्रत्यङ्ग हीन हुँदा मनमा वैरीभाव श्रृजना गर्नु अङ्गप्रत्यङ्गको उन्नति अभिवृद्धिमा प्रशन्न हुनु यी दुबैको मध्यस्थ भएको उपेक्षित स्वभाव निहित बोधिसत्वहरूको अभ्यास नै उपेक्षा उपपारमिता हो । आफ्नो जीवनको सवालमा पनि क्रोध र अनुरक्त स्वभाव नबनाउनु नै उपेक्षा परमत्थपारमिता हो । त्यसपछि यी तीन पारमिताको उदाहरणअनुसार नभए तापनि उपेक्षापारमिता पूर्ण गर्दा आफूलाई भएको कष्ट सहन गरेका र बाबुको मृत्यु हुँदा अविचलित चित्त गरेका दुई बोधिसत्व चरित्रको उल्लेख गरिनेछ ।

## कण्हदीपायन जातक (४४४)

महोभोगशाली ब्राह्मण कुलमा जन्मिए बोधिसत्वको साथी पनि त्यसरी नै भोगशाली कुलकै जन्म थिए । तर पनि दुबै कामभोगमा आशक्त भने थिएनन् । बोधिसत्व आफ्नो साथीसंगै ऋषिप्रव्रज्या भए । साथै पचासवर्षसम्म जङ्गलमा बसे । पचास वर्षपछि नुन अमिलो स्वाद लिनको लागि काशी राष्ट्रमा फर्किए । जहाँ बोधिसत्व कण्हदीपायन माण्डव्य नामक एकजना गृहस्थ मित्र थियो, त्यहाँ केही दिन बसेर पछि वाराणसीको श्मशान नजिकै बस्न गए ।

एकदिन एकजना चोरले धेरै धनसम्पत्ति चोर्न आयो । धनसम्पत्ति चोरेर भाग्दाखेरि नै लखेटियो । चोर भाग्दाभाग्दै भाग्न सकेन तब चोरले ल्याएको धनसम्पत्ति सबै कण्हदीपायनको पर्णशालामा फ्यालेर

चोर भाग्यो । गल्तिले चोरलाई लखेट्नेहरूले कण्हदीपायनलाई नै चोर सम्झी पक्रेर लगे । राजाको अगाडि प्रस्तुत गर्नासाथ ऋषिभेषमै चोर्ने भनेर रिस राजाले पनि गरेर एकैचोटि उसलाई घोचेर माने हुकुम दिए । राजपुरुषहरूले उसलाई घोचेर मार्न कोशिस गरे तर घोच्न सकेनन् । यसै समयमा कण्हदीपायनले आफ्नो पूर्वकृत पाप एउटा जन्ममा बाबुसँग सिकर्मी काममा जाँदा झिंगालाई सिन्काले घोचेको विपाक सम्झे । तब स्वेच्छाले स्वीकार गर्नासाथ कण्हदीपायनलाई सूलीले तलदेखि घोचियो ।

माण्डव्य आफ्नो ऋषिसाथीलाई भेट्न यसै समयमा आयो । आफ्नो मित्रको त्यस्तो दुर्दशा देखेर उसले सोध्यो- 'मित्र, तिमीले के अपराध गऱ्यौ ?' कण्हदीपायनले जवाफ दिए- 'म निर्दोष हुँ ।' फेरि आफ्नो मित्रले 'मित्र मन त कुपित भएन कि ?' भनी सोध्दा बोधिसत्वले भने- 'मित्र न पक्रेर ल्याउनेप्रति मलाई रिस उठेको छ, न मलाई दण्ड दिने राजाप्रति नै रिस उठेको छ' यो कुरा सुनेर माण्डव्यले भन्यो- 'यदि यसो हो भने यस्तो चित्तशक्ति भएकाहरूको छाँया पनि सुखकर छ ।' यति भनी माण्डव्य कण्हदीपायनको तल चुपचाप बस्यो । आफ्नो साथी कण्हदीपायनको शरीरबाट टपटप झरेको रगत उसको अनुहारमा चुहिरह्यो राम्रो अनुहारमा रगत चुहेपिच्छै कालो हुँदै गयो ।

भोलिपल्ट यही कुरा पहरेदारहरूले राजालाई भने राजा तुरुन्त त्यही आइपुगेर सोधे- 'किन पब्रजितको तल बसिरहेको ?' माण्डव्यले भन्यो- 'यस तपश्वीको रक्षा गर्नको लागि बसिरहेको छु ।' माण्डव्यले राजासँग सोध्यो- महाराज, के तपाईले दोषादोष जानेर नै यस प्रवजितलाई दण्ड दिनुभएको हो ?' अनि राजाले स्वीकार गर्यो उसले विचार नगरी नै दण्ड दिएको हो । फेरि राजाले कण्हदीपायनलाई घोचिराख्ने दण्डबाट मुक्त गरिदियो । यद्यपि आफ्नो पूर्वजन्मको कृतकर्मको कारणले गर्दा कण्हदीपायन पूर्णरूपले मुक्त भएनन् । बस्तुतः आफ्नो शरीरमा भएको यस्तो पीडालाई विकाररहित चित्तले सहन सकेको उपेक्षाशक्तिको फल हो ।

## दशरथ जातक (४६१)

सत्यपारमितामा उल्लेखित दशरथ जातक (४६१) मा आफ्नो बाबुलाई दिएको वचनअनुसार बाह्र वर्ष वनवास जाँदा बोधिसत्व रामले आफ्नो भाइ भरतबाट नौ वर्ष हुँदा नै बाबुको मृत्युको खवर सुन्दा भाइ लक्षण र बहिनी सीता धुरुधुरु रुए तर उनी रुएनन् । दाइ रामले अलिकता पनि शोक नगरेको देखेर भाइ भरतले सोधे- 'हे दाजु, केको प्रभावले शोचनीय विषयमा पनि हजुर चिन्तित हुनु भएन ? बाबको दुःखद समाचारले पनि कसरी यहाँलाई दुःख भएन ?'

राम पण्डितले आफू शोकित र चिन्तित नभएको कारण बताउँदै भने-'जसलाई जतिसुकै रुए पनि बचाउन सकिदैन उसको लागि पण्डितहरू रुदैनन् । तन्नेरी-बूढो, मूर्ख पण्डित, धनी-गरीब सबै मरणशील छन् । पाकिसकेको फल झर्ने डर भएझैं जन्मसँगै मृत्युको भय हुन्छ । विहान देखिने मानिसहरूमध्ये कति मानिसहरू रात पर्नासाथ नदेख्ने हुन्छन् । राति देखिएका मानिसहरूमध्ये कति विहान हुनासाथ नदेखिने हुन्छन् । यसो भयो भनेर रुई कराई मुर्खहरूलाई केही लाभ हुन भएमा पण्डितहरू पनि रुएर हिंड्थे । जसरी घरमा आगो लाग्नासाथ तुरुन्त निभाउने कार्य गरिन्छ, त्यसरी नै धीर र वीर मानिसहरूले क्रोध र शोकलाई तुरुन्त उपशम गर्दछन् । मानिस एक्लै नै कुलमा जन्म हुन्छ भने एक्लै नै जान्छ ऊ पनि । यहाँ त केवल मिलेर बसुन्जेलसम्मको संयोग मात्र न हो ।

त्यसैले जो धीर हुन्छ, जो बहुश्रुत हुन्छ, उसले यस लोक र परलोक दुवैलाई देख्दछ, र लोक धर्मलाई पनि चिन्दछ । अनि आफ्नो हृदयमा यसरी उल्ले शोक र पीडालाई अलग्ग पन्छाएर जीवन गुजारा गर्ने हुन्छ । यसरी बोधिसत्व धैर्यवान हुनसकेको नै उनमा उपेक्षाशक्ति प्रबल भएर नै हो ।

पछि राम पण्डितले आफ्नो भाइ-बहिनीलाई धैर्य गराए, भरत कुमारले भने राम पण्डितलाई वार ाणसी फर्की राज्य सम्हाल्न विन्ति गर्यो' मैलै बाह्रवर्ष सम्म राज्यबाट बाहिर बस्ने प्रण गरेको छु, त्यसैले अहिल्यै म फर्किन्न' भनी राम पण्डितले जवाफ दिई भाइ र बहिनीहरूलाई आफ्नो जुत्ता (खराउ) दिई त्यसलाई सिंहासनमा राखी राज्य सम्हाल्नु भनी उनीहरू सवैलाई दरवारमा फर्केर जान आज्ञा दिए । राम पण्डित अर्को तीन वर्ष एक्लै जङ्गलमा बसे, पछि राज्यमा फर्की पुनः सुशासन तवरमा राज्य गरे ।

उपेक्षा पारमिता समाप्त ।

सम्यक् सम्बुद्धको आदर्श नै श्रेष्ठतम आदर्श हो । यो श्रेष्ठतम आदर्श पारमिता गुणधर्मको अभ्यासद्वारा पूर्ण र परिपक्व हुँदै जाने हो । त्यसैले पारमिता गुणधर्मको प्रभाव हाम्रो मानसपटलमा पर्दै जान्छ । जतिजति यो आदर्शको प्रभाव हाम्रो हृदयमा पर्दछ, त्यतित्यति हाम्रो संकीर्णता, स्वार्थस्वभाव र व्यर्थको अहं तथा मोह हामीमा हराउँदै जान्छ । तब उदारता, पवित्रता र शान्तिको स्वच्छता हृदयमा भर्दै जान्छ । बोधिसत्व गुणधर्मको पालन गर्दा बोधिसत्व स्वभाव अलिकता पनि जागरुक हुनासाथ हाम्रो जीवनमा धेरैधेरै लाभ हुन्छ । फेरि यो लाभ इह लौकिक लाभ मात्रै होइन निर्वाणधर्म साक्षात्कार गने जस्ता लाभसम्म पनि हुन्छ । यही नै यस बोधिआदर्श, पारमिता आदर्शको विपुल विशुद्ध विशेषता शान्तियुक्त महानता हो ।

समाप्त ।

## एकाइ ४ : धम्मपद

### १७-कोधवग्गो (क्रोध वर्ग)

Dhamma.Digital

अग्गालव चैत्य (२२२) कुनै एक भिक्षु

यो वे उप्पतितं कोधं-रथं भन्तं व वारये ।
तमहं सारथिं ब्रूमि-रस्मिग्गाहो इतरो जनो ॥

२२२ - जसले बढ्न गएको क्रोधलाई भ्रान्त भएको रथ रोके झैं रोक्छ, उसैलाई साँच्चिको सारथी भन्दछ, अरू त केवल लगाम समात्ने मात्र हुन् ॥

यस गाथामा उप्पतितं भन्नाले उत्पन्न भएको । रथं भन्तं वा भन्नाले कुशल सारथीले उच्च गतिमा दगुरिरहेको रथलाई वशमा राखे झैं । यसरी जुन व्यक्तिले उत्पन्न भएको क्रोध रोक्न सक्छ, अधिनमा र

ख्न सक्छ । तमहं भन्नाले त्यसलाई मैले सारथी भन्छु । इतरो जनो भन्नाले अरु राजउपराजादिहरुको तालिमे घोडा जडान गरेको रथको लगाम समात्ने व्यक्ति रस्मिग्गाह हो । उत्तम सारथी होइन ।

राजगृह, वेणुवन (२२३) उत्तरा उपासिका

अक्कोधेन जिने कोधं-असाधुं साधुना जिने ।
जिने कदरियं दानेन-सच्चेनालिकवादिनं ॥

२२३ - क्रोधीलाई अक्रोधले जित्नु, नराम्रो गर्नेलाई राम्रो कामले जित्नु, कपणीलाई दानले जित्नु र असत्यवादीलाई सत्यले जित्नु ॥

यस गाथामा अक्कोधेन भन्नाले रीसालुलाई नरिसाइकन जित्नुपर्दछ । असाधुं भन्नाले नराम्रो स्वभाव भएकोलाई राम्रो स्वभाव भइकन जित्नु पर्दछ । कदरियं भन्नाले कडा मन भएको कञ्जुसीलाई (आफ्नो वस्तु) त्याग गर्ने चेतनाद्वारा आफ्नो वस्तु त्यागेर जित्नुपर्दछ । असत्यवादीलाई सत्यवचन बोलेर जित्नुपर्दछ । त्यसैले यो भन्नुभयो क्रोधीलाई अक्रोधले (मैत्री भावले) जित्नु....पुर्ववत्......असत्यवादीलाई सत्यले ।

जेतवन (२२७) अतुल उपासक

पोराणमे'तं अतुल-ने'तं अज्जतनामि'व ।
निन्दन्ति तुण्हिमासीनं-निन्दन्ति बहु भाणिनं ।
मितभाणिम्पि निन्दन्ति-नत्थि लोके अनिन्दितो ॥

२२७ - हे अतुल ! यो पुरानो कुरा हो, अहिलेको होइन । नबोल्नेलाई पनि, धेरै बोल्नेलाई पनि, मितभाषीलाई पनि निन्दा गर्छन्, यो लोकमा कोही पनि निन्दा रहित हुँदैन ॥

यस गाथामा पोराणमेतं भन्नाले यो कुरा सनातनदेखि चलनचल्तिमा रहेको कुरा हो । अतुल भन्नाले त्यो उपासकलाई नामले बोलाएको हो । नेतं अज्जतनामिव भन्नाले यो निन्दा गर्ने र प्रशंसा गर्ने चलन आजमात्रै चलेको होइन । तुण्हिमासीनं भन्नाले यो मान्छे लाता जस्तै, बहिरो जस्तै केही नजान्ने जस्तै चुपलागेर बस्छ भनि निन्दा गर्दछन् । बहुभाणिनं भन्नाले यो मान्छे हावाले हल्लेको ताडिको रुख त्यारा त्यारा आवाज निस्के जस्तै यस्को कुराको सिमाना छैन भनि निन्दा गर्दछन् । मितभाणिम्पि भन्नाले यो मान्छे आफ्नो कुरालाई सुनचाँदी जस्तै एक दुई शब्द बोलेर चुप लाग्छ भनि निन्दा गर्दछन् । यसरी जुनप्रकारले पनि यो लोकमा निन्दा रहित व्यक्ति छैन भन्ने अर्थ हो ।

(२२८)

न चा'हु न च भविस्सति-न चे'तरहि विज्जति ।
एकन्तं निन्दितो पोसो-एकन्तं वा पसंसितो ॥

२२८ - बिल्कुल निन्दित वा बिल्कुल प्रशंसित व्यक्ति न पहिले थियो न अहिले छ न कहिले हुनेछ ॥

यस गाथामा न चाहु भन्नाले भुतकालमा पनि थिएन । भविष्यमा पनि हुनेछैन ।

२३४
कायेन संवुता धीरा-अथो वाचाय संवुता ।
मनसा संवुता धीरा-ते वे सुपरिसंवुता ॥

२३४ - कायिक, वाचसिक र मानसिक संयम हुने धीर पण्डितलाई नै सुसंयमी भन्दछन् ॥

यस गाथामा कायेन संवुता धीरा भन्नाले जुन पण्डितहरुले शरिरद्धारा प्राणीहिंसा इत्यादि नगरिकन, वचनद्धारा झुठो कुरा नबोलिकन, मनद्धारा अभिध्यादि उत्पन्न नगराइकन संवरित् हुन्छन । तिनीहरु यो लोकमा सुसंवरित सुसंयमित संरक्षित र राम्ररी धोका बन्दगरेकाहरु हुन्छन् भन्ने अर्थ हो ।

जेतवन

क्रोध वर्ग सिद्धियो

Dhamma.Digital

# १८-मलवग्गो (कसर वर्ग)

जेतवन (२३५) गोघातक पुत्र

पण्डुपलासो'व दानि'सि
यमपुरिसा'पि च ते उपट्ठिता ।
उय्योगमुखे च तिट्ठसि
पाठेय्यम्पि च ते न विज्जति ॥१॥

२३५ - अहिले तिमी ओइलिएको पहेंलो पात जस्तो छौ, यमदूतहरू तिम्रो सामने खडा छन्, विनाशको खुड्किलामा खडा छौ, तिमीसँग बाटो खर्च पनि छैन ॥१॥

यस गाथामा पण्डुपलासोव दानिसि भन्नाले उपासक तिमी अहिले जमीनमा झरेको ओइलिएको पहेंलो पात झैं भयौ । यमपुरिसा भन्नाले यमदुतहरुलाई भनिएको हो । यो यमदुत भन्ने शब्द मरणधर्मलाई लिएर भनिएको हो । मरणधर्म तिम्रो नजिक आइपुग्यो भन्ने अर्थ हो । उय्योगमुखे भन्नाले परिहानीको मुखमा,पतनोन्मुखमा बसिरहेको छ भन्ने अर्थ हो । पाठेय्यं भन्नाले बटुवाको लागि चामलइत्यादि बाटो खर्च झैं परलोक जाने तिम्रो लागी कुशलपुण्यखर्च छैन भन्ने अर्थ हो ।

(२३९) कुनै एक ब्राम्हण

अनुपुब्बेन मेधावी-थोकं थोकं खणे खणे ।
कम्मारो रजतस्से'व-निद्धमे मल'मत्तनो ॥

२३९ - सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले अलि अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्नु पर्दछ ॥५॥

यस गाथामा अनुपुब्बेन भन्नाले क्रमानुसार । मेधावी भन्नाले धम्मोज प्रज्ञाले सम्पन्न भएको । खणे खणे भन्नाले अवसर मिलेको बेला कुशल गर्दै । कम्मारो रजतस्सेव भन्नाले जसरी सुनारले एकचोटीमात्रै सुनलाई तताएर कुटेर कसर निकालेर गहना बनाउन सक्दैन । फेरी फेरी तताएर कुटेर कसर निकाल्छ । त्यसपछि अनेक प्रकारको गहना बनाउँछ । यसरि नै प्रज्ञावान् व्यक्तिले पटक पटक कुशलकार्य गर्दै राग इत्यादि मललाई निखार्नु पर्दछ । यसरि निखारिसकेको मल भएको व्यक्ति क्लेशरहित नै हुन्छ । भन्ने अर्थ हो ।

(रागादिमलं आदि शब्दले द्वेषमल, मोहमल, मानमल, दिट्ठिमल, क्लेशमल, दुश्चरित्रमलहरु लाई लिनुपर्दछ ) महानि : ३७२

https://dhamma.digital

जेतवन (२४१) लालुदायी थेर

असज्झायमला मन्ता-अनुट्ठानमला घरा ।
मलं वण्णस्स कोसज्जं-पमादो रक्खतो मलं ॥

२४१ - बारबार पाठ नगर्नु मन्त्रको मैल हो, झारू बढार नगर्नु घरको मैल हो, आलस्य सौन्दर्यको मैल हो र प्रमाद पहरादारीको मैल हो ॥

यस गाथामा असज्झायमला भन्नाले जस्तोसुकै परियत्ति शिक्षा वा शिल्पविद्या दोहोऱ्याएर अभ्यास नगर्नाको कारणले विनाश हुन्छ, निरन्तर रहिरहँदैन । त्यसैले "बारम्बार पाठ नगर्नु मन्त्रको मैल हो ।" भनि भनिएको हो । गृहवास बसेकाले उत्साह गरेर पुरानो घरलाई मर्मत गर्ने इत्यादि नगर्नाको कारणले घर विनाश हुन्छ । त्यसैले "झार,बढार नगर्नु घरको मैल हो ।" भनि भनिएको हो । गृहस्थ होस् वा प्रवजित् होस् अल्छिपनको कारणले शरीर सफा नराख्ने वा सामान जगेर्ना नगरेका कारणले शरीर दुवर्ण हुन्छ । त्यसैले "आलस्य सौन्दर्यको मैल हो" भनिएको हो । गाईवस्तुहरुलाई र क्षागर्नेले प्रमादी भएर निदाइरहेको कारणले, खेलिरहेको कारणले ती गाईवस्तुहरु चरण गर्न नहुने ठाँउमा गएका हुन्छन् र हिंस्रक जनावर,चोर इत्यादिको भय हुन्छ ।अरुहरुको धानबाली इत्यादितिर झरेर धानबाली खानाले विनाश पनि पुऱ्याउँछन् । गोठाला स्वयंले पनि सजाय भोग्नुपर्ने हुन्छ र गालि पनि खानु पर्ने हुन्छ । प्रवजितहरुचाहिं ६ वटा द्वारहरुलाई रक्षा नगरी प्रमादि भएकोले क्लेशले लिप्त भएर सासनबाट च्युत हुन्छन् । त्यसैले "प्रमादिहुनु पहरेदारको मैल हो ।" भनि भनिएको हो । त्यो प्रमादिले त्यो प्रवजितलाई विनाशमा पुऱ्याएकोले (मल टासिने स्थान भएकोले) मल भन्ने अर्थ हो ।

जेतवन (२५१) पाँचजना उपासक

नत्थि रागसमो अग्गि-नत्थि दोससमो गहो ।
नत्थि मोहसमं जालं-नत्थि तण्हासमा नदी ॥

२५१ - राग समान अग्नि अर्को छैन, द्वेष समान ग्रहण अर्को छैन, मोह समान जाल अर्को छै न र तृष्णा समान नदी अर्को छैन ॥

यस गाथामा रागसमो भन्नाले धुँवा इत्यादि केहि नदेखाइकन भित्रै नै जलेको हिसाबले राग समान अग्नि भन्ने छैन । दोससमो भन्नाले यक्षग्रह, नागग्रह, गोहिग्रह आदिले एक जन्ममा मात्रै समात्न सक्छ । द्वेषले समात्यो भने सबै जन्ममा साँच्चै नै समात्दछ । यसरी द्वेषसमानको ग्रहण भन्ने छैन । मोहसमं

भन्नाले छोपिराख्ने, चारैतर्फबाट बाँधिराख्ने स्वभाव भएको हुनाले पनि मोह समान जाल भन्ने छैन । तण्हासमा भन्नाले गङ्गादि नदी भरिभराउ भएको समयमा, कम भएको समयमा वा सुकेको समय थाहा हुन्छ । तर तृष्णा भने भरिएको समय वा सुकेको समय भन्ने थाहा पाइँदैन । सँधै कमि भएको मात्र थाहा हुन्छ । त्यसै गरी पुरा गर्न गाह्रो भएको हुनाले तृष्णा समानको नदी छैन भन्ने अर्थ बुझ्नु पर्दछ ।

(२५५)

आकासे च पदं नत्थि-समणो नत्थि बाहिरे ।
सङ्खारा सस्सता नत्थि-नत्थि बुद्धान'मिञ्जितं ॥

२५५ - आकाशमा पदछाप नभए झैं शासन बाहिर सच्चा श्रमण छैन, संस्कार धर्म नित्य छैन, बुद्धहरुमा चञ्चलता छैन ॥२१॥

यस गाथामा पदं भन्नाले यो आकाशमा वर्णआकारको हिसाबले यस्तो छ भनी देखाउन योग्य भएको कसैको पनि पदचिन्ह भन्ने छैन । बाहिरे भन्नाले म बुद्धको शासन बाहेक मार्गफलमा प्रतिष्ठित भएको श्रमण भन्ने छैन । पजा भन्नाले सत्वलोकका प्राणीहरु तृष्णादि प्रपञ्चधर्ममा मात्रै रमाउने गर्दछन् । निप्पपञ्चा भन्नाले बोधिवृक्षको फेँदमा नै सबै प्रपञ्चधर्महरु अलिकति पनि बाँकि नराखी नाश गरिसकेको कारणले भगवान् बुद्धहरु तृष्णा, मान, दृष्टिरुपी प्रपञ्चधर्मबाट रहित हुनु हुन्छन् । सङ्खारा भन्नाले पञ्चस्कन्ध भनिएको हो । ती पञ्चस्कन्धहरुमध्ये एउटा स्कन्ध पनि शाश्वत छैन । इञ्जितं भन्नाले जुन संस्कारधर्म शाश्वत हुन् भनी लिइन्छन् त्यसता तृष्णामानादि चञ्चल हुने कुनै पनि धर्महरु बुद्धहरुमा पाइँदैन भन्ने अर्थ हो ।

## १९–धम्मट्ठवग्गो

(न्याय वर्ग)

जेतवन (२५६) विनिश्चय महामात्य

न तेन होति धम्मट्ठो-येनत्थं साहसा नये ।
यो च अत्थं अनत्थञ्च-उभो निच्छेय्य पण्डितो ॥

(२५७)

असाहसेन धम्मेन - समेन नयती परे ।
धम्मस्स गुत्तो मेधावी - धम्मट्ठो'ति पवुच्चति ॥

२५६, २५७ – बिना विवेकले यदि कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होइन । जुन पण्डितले साँचो र झूठो दुवै निर्णय गरी, विवेकपूर्वक पक्षपात् नराखी न्याय गर्दछ, उसैलाई धर्म रक्षा गर्ने सच्चा न्यायाधीश भनिन्छ ॥

Dhamma.Digital

यस गाथामा तेन भन्नाले यतिका कारणले । धम्मट्ठो भन्नाले राजाले स्वयं निर्णय लिनुपने ` विनिश्चयधर्ममा बसेतापनि न्यायाधीश हुँदैन । येन भन्नाले जुन कारणले । अत्थं भन्नाले निर्णय लिनुपर्ने कारणयुक्त अर्थ भित्रिएको । साहसा नये भन्नाले इच्छाछन्दादिको वशमा परेर हतारमा झुठो बोलेर निर्णय लिने गर्दछ । जुन व्यक्तिले इच्छाको वशमा परेर आफन्तजन् हो भनी वा मित्र हो भनी झूठो बोलेर अस्वामिलाई नै स्वामि बनाउँछ । द्वेषको वशमा परेर आफ्नो शत्रुहरुलाई झूठो बोलेर स्वामिलाई अस्वामि बनाउँछ । मोहको वशमा परेर घुस लिई निर्णय गर्ने बेलामा बेवास्ता गरी यताउता हेर्दै झुठो बोलेर "यसले जित्यो । यो हाऱ्यो" भनी हकदारलाई निकाल्छ । डरको वशमा परेर कुनै स्वामित्व भएको व्यक्तिको हार भएता पनि उसलाई जिताईदिन्छ । यसरी बलपूर्वक कामकाज गर्नुलाई साहसा भनिएको हो । यस्तो व्यक्ति धार्मिक न्यायाधिस हुँदैन भन्ने अर्थ हो । अत्थं अनत्थञ्च भन्नाले सत्यकारण र असत्यकारणलाई । उभो निच्छेय्य भन्नाले जुन पण्डितव्यत्तिले दुबै अर्थ र अनर्थलाई जानि निर्णय गरि बोल्दछ । असाहसेन भन्नाले झूठो नबोलिकन । धम्मेन भन्नाले न्यायपूर्वक, इच्छाछन्दादिको वशमा नपरेर  समेन भन्नाले अपराधअनुसार नै अपराधिलाई न्यायमा ल्याउँदछ । जित्नु पर्ने व्यक्तिलाई जिताई दिन्छ र हार्नुपर्ने व्यक्तिलाई हराई दिन्छ । धम्मस्स गुत्तो भन्नाले धर्मलाई रक्षा गर्ने, धर्मरुपी ऊर्जाको प्रज्ञाले सम्पन्न भएको ज्ञानीले विनिश्चयधर्ममा प्रतिष्ठित भएको कारणले धर्मिष्ट न्यायाधीस भनी भनिएको हो ।

जेतवन (२५८) छवर्गीय भिक्षु

न तेन पण्डितो होति-यावता बहु भासति ।
खेमी अवेरी अभयो-पण्डितो'ति पवुच्चति ॥

२५८ – धेरै वाचना गर्दैमा पण्डित भइन्न, जो क्षमाशील, अवैरी तथा भयरहित छ, उसैलाई पण्डित भनिन्छ ॥३॥

यस गाथामा यावता भन्नाले संघपरिषद् आदिमा धेरै वाचन गरेको कारणले मात्र पण्डित भइँदैन । जुन व्यक्ति आफै भयरहित भई पाँच शत्रुहरुको अभावले शत्रुरहित हुन्छ, भयरहित हुन्छ, जसको कारण मानिसहरुमा भय हुदैन, उनीनै पण्डित हुन् भन्ने अर्थ हो ।

जेतवन (२६०) लकुण्डक भद्दिय स्थविर

न तेन थेरो सो होति-येनस्स पलितं सिरो ।

Dhamma.Digital

परिपक्को वयो तस्स-मोघजिण्णो'ति वुच्चति ॥

२६० – केश फुल्दैमा स्थविर भइन्न, उसको उमेर परिपक्वै होस्, तर व्यर्थै जीवन गुमाउने बूढा भनिन्छ ॥५॥

यस गाथामा परिपक्को भन्नाले उमेरले छिपेको वृद्धभावमा पुगेको व्यक्ति भन्ने अर्थ हो । मोघजिण्णो भन्नाले भित्री स्थिर हुने धर्महरुको अभावले व्यर्थ जीर्ण भनेको हो ।

जेतवन (२७०) बालिसिकि

न तेन अरियो होति-येन पाणानि हिंसति ।

अहिंसा सब्बपाणानं-अरियोति पवुच्चति ॥१५॥

२७०– प्राणीहिंसा गर्नेलाई आर्य भन्दैन, सबै प्राणीप्रति हिंसा नगर्नेलाई मात्र आर्य भन्दछ ॥१५॥

यस गाथामा अहिंसा भन्नाले हिंसा नगर्नाले । यस अर्थमा भनिएको हो - सही कुरा यो हो । जुन प्राणीहरुलाई हिंसा गर्ने कारण छ, त्यस कारणले आर्य हुँदैन । जो व्यक्ति सबै प्राणीहरुप्रति हातआदिद्धारा हिंसा सास्ति गर्दैन, मैत्रीभावना आदिमा प्रतिष्ठित भएकोले हिंसाबाट ताढा हुन्छ, त्यो व्यक्ति नै आर्य हो भनि भनिएको हो भन्ने अर्थ छ ।

## २०–मग्गवग्गो

(मार्ग वर्ग)

जेतवन (२७३) ५०० भिक्षुहरू

मग्गानट्ठङ्गिको सेट्ठो-सच्चानं चतुरो पदा ।
विरागो सेट्ठो धम्मानं-द्विपदानञ्च चक्खुमा ॥१॥

२७३ – मार्गहरूमध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ छ, सत्यहरूमध्ये चतुरार्यसत्य श्रेष्ठ, धर्म मध्ये वैर ाग्य श्रेष्ठ र मनुष्यहरूमध्ये विशुद्ध दृष्टिवाला बुद्ध श्रेष्ठ छन् ॥१॥

यस गाथामा मग्गानट्ठङ्गिको भन्नाले हिड्न मिल्ने बाटो आदि होस् वा बासट्ठीवटा दृष्टिमार्ग होस् । त्यो सबै मार्गहरूमध्ये सम्यक्दृष्टि आदि आठवटा अङ्गहरूले मिथ्यादृष्टि आदि आठवटा अङ्गलाई प्रहान गर्दै निर्वाणलाई आरम्मण लिएर चार आर्य सत्यहरूमध्य पनि दुक्ख परिजानन आदि कृत्यलाई सम्पादन गर्ने आर्य अष्टाङ्गिक मार्ग नै श्रेष्ठ र उत्तम हो ।

सच्चानं चतुरो पदा भन्नाले “सत्य बोल्नु पर्दछ रिसाउनु हुँदैन” भनि आएको “वाचसिक सत्य होस् वा “सच्च ब्राम्हण सच्च क्षेत्रिय" भनि आदि प्रकारको सम्मुतिसत्य होस् वा “यो मात्रै सत्य अरू तुच्छ" भन्ने दृष्टिसत्य होस् वा “दुक्ख आर्यसत्य" भन्ने आदि प्रकारको परमार्थ सत्य होस् ।

सबै यी सत्यहरूमध्ये जान्नुपर्ने अर्थ हुनाले, साक्षात्कार गर्नुपर्ने अर्थ हुनाले, हटाउनु पर्ने अर्थ हुनाले भाविता गर्नुपर्ने अर्थ हुनाले, एक मार्गज्ञानले बुझिलिनु पर्ने अर्थ हुनाले वास्तविक तथ्यले बुझिलिन ुपने ' अर्थ हुनाले दुक्ख आर्य सत्य आदि चारवटा पद श्रेष्ठ हो । विरागो सेट्ठो धम्मानं भन्नाले "भिक्षुहरू हो जतिपनि असङ्खत धर्महरू छन् तीमध्ये वैराग्यधर्म अग्र भनिन्छ "भनि भनेकोले सब्बै धर्महरूमध्ये निर्वाण भन्ने वैराग्य धर्म श्रेष्ठ हो । द्विपदानञ्च चक्खुमा भन्नाले देवमनुष्य आदि प्रभेद भएका सबै दुईखुट्टेहरूमध्ये पञ्चचक्षु भएको चक्षुमान् तथागत् नै श्रेष्ठ छन् । 'च' पद संग्रह गर्ने अर्थमा हुन्छ । जसले नाम धर्महरुलाई संग्रह गर्छ । त्यसैले नामधर्महरूमध्ये पनि तथागत् श्रेष्ठ र उत्तम हुनुहुन्छ ।

(२७६)

तुम्हेहि किच्चमातप्पं-अक्खातारो तथागता ।
पटिप्पन्ना पमोक्खन्ति-झायिनो मारबन्धना ॥

२७६ – काम त तिमीहरूले नै गर्नु पर्दछ, तथागतहरूले केवल मार्ग देखाई दिन्छन्; त्यस मार्गको आचरण गरी ध्यानभ्यासी भएर मारको बन्धनबाट मुक्त हुन्छ ॥४॥

यहाँ क्लेशहरूलाई जलाउनसक्ने भएकोले आतप्पं भनि भनिएको तिमीहरूले त्यो आर्यमार्गलाई प्राप्त गर्नका लागि सम्यक्प्रधानवीर्य गर्न योग्य छ । यो कुरा सही हो । तथागत भनेका केवल पथप्रदर्शक मात्र हुन् । त्यसै कारण उहाँहरूद्वारा उपदिष्ट आकारमा अनुशरण गर्ने समथ र विपश्यना गरी दुईवटा ध्यान भएका ध्यानीहरूले तेभूमकवट्ट भनिने मारको बन्धनबाट मुक्त हुन्छन् भन्ने अर्थ हो ।

२७९

सब्बे धम्मा अनत्ता'ति-यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे-एस मग्गो विसुद्धिया ॥७॥

२७९ – सबै धर्महरू अनात्म हुन् भनी जब प्रज्ञाले बोध हुन्छ । तब दुःखमय संसारप्रति मनमा वैराग्य उत्पन्न हुन्छ । यो नै विशुद्धिको मार्ग हो ॥७॥

यस गाथामा सब्बे धम्मा भन्नाले पञ्चस्कन्धलाई भनिएको हो । अनत्ता भन्नाले "जीर्ण नहोस् । नमरोस् " भनि आफ्नो वशमा राख्न नसक्ने अर्थमा अनात्मा आत्मसुञ्ञता स्वामित्व नभएका हक नभएका धर्महरू भन्ने अर्थ हो ।

जेतवन (२८६) महाधनी व्यापारी

इध वस्सं वसिस्सामि-इध हेमन्तगिम्हिसु ।
इति बालो विचिन्तेति-अन्तरायं न बुज्झति ॥१४॥

२८६ – यहाँ वर्षाकालमा बस्छु, यहाँ हेमन्त ऋतुमा बस्छु भनी मूर्खजनले विचार गर्दछ परन्तु उसलाई बीचमा आउने विघ्नबाधा बारे थाहा हुँदैन ॥१४॥

यस गाथामा इध वस्सं भन्नाले यो ठाउँमा यो यो काम गर्दै वर्षाकाल चारमहिना बस्नेछु । हेमन्तगिम्हिसु भन्नाले जाडोको चार महिना र गर्मीको पनि चार महिना यो यो काम गर्दै यहीँ नै

बस्नेछु भनि मूर्खले विचार गर्दछ । यसरी ऊ यो जन्म र आगामी जन्महरूमा हुने हित र अहित बारे अनभिज्ञ हुन्छ । अन्तरायं भन्नाले जुन पनि समय, ठाउँ वा उमेरमा मर्नेछु भनी आफ्नो जीवनको अन्तार यलाई बुझ्दैन भन्ने अर्थ हो ।

जेतवन (२८८) पटाचारा थेरी

न सन्ति पुत्ता ताणाय-न पिता ना'पि बन्धवा ।
अन्तकेना'धिपन्नस्स-नत्थि ञातीसु ताणता ॥

यस गाथामा ताणाय भन्नाले रक्षाको लागि, आश्रयको लागि । वन्धवा भन्नाले छोराछोरी र आमाबुबाहरू बाहेक सहृदयी ज्ञातिबन्धुहरू । अन्तकेनाधिपन्नस्स भन्नाले मृत्युको जकडमा रहेको व्यक्तिको । जीवनमा छोरा छोरीहरूले खान-पान आदि दिएता पनि, भएका समस्या समाधान गरेर रक्षा गरेता पनि मरणसन्न अवस्थामा कुनै उपायद्वारा पनि मृत्युलाई रोक्न नसक्ने हुनाले सुरक्षाको रूपमा लिनको लागि आश्रयको रूपमा लिनको लागि योग्य छैन भन्ने हो । त्यसैले नै "बन्धुहरूमा रक्षा गर्नसक्ने क्षमता हुँदैन" भनि भनिएको हो ।

Dhamma.Digital

# २१–पकिण्णवग्गो

(प्रकीर्ण वर्ग)

वेलुवन (२९०) अत्तनोपुब्बकम्म

मत्ता सुखपरिच्चागा-पस्से चे विपुलं सुखं ।
चजे मत्ता सुखं धीरो-सम्पस्सं विपुलं सुखं ॥

२९० – थोरै सुख त्याग गरेर धेरै सुख पाइने सम्भावना भयो भने बुद्धिमानले धेरै सुखको कारण थोरै सुखलाई त्याग गर्दछ ॥

यस गाथामा मत्तासुखपरिच्चागा शब्दमा मत्तासुखं भन्ने शब्दले प्रमाणमा थोरै सुखलाई जनाएको हो । त्यस सुखलाई त्यागेर । विपुलं सुखं भन्नाले उदार सुख अर्थात् निर्वाणसुख भनि भनिएको हो । त्यस विपुल सुखलाई देखेको भए भन्ने अर्थ हो । यस अर्थलाई भनिएको हो – त्यो कुरा सत्य हो, एक व्यक्तिले भोजन तयार गरेर खाँदा अल्पसुख प्राप्त हुन्छ । त्यसै गरी त्यस भोजनलाई त्याग गरेर उपोषथ वर्त बस्दा वा दान दिँदा उदार सुख अर्थात् निर्वाण सुख प्राप्तिका लागि हुन्छ ।

त्यसैले त्यस अल्प सुखलाई त्याग गरेर उदार सुख पाइँदा ज्ञानी व्यक्तिले त्यस्ता अल्प सुखलाई त्याग गर्नु पर्दछ ।

जातियवन (२९३)
भद्दिय भिक्षु

येसञ्च सुसमारद्धा-निच्चं कायगतासति ।
अकिच्चं ते न सेवन्ति-किच्चे सातच्चकारिनो ।
सतानं सम्पजानानं-अत्थं गच्छन्ति आसवा ॥

२९३ – कायानुस्मृति (अर्थात् शरीरको क्षण भंगुरता दोषको स्मृति) ध्यानमा लागि रहनेले नचाहिने काम गर्दैन, चाहिने काममा मात्रै ध्यान दिई रहन्छ, यस्ता स्मृतिवान् तथा होशियार व्यक्तिको आस्रव क्षय हुन्छ ॥

यस गाथामा सुसमारद्धा भन्नाले राम्रोसँग सतत अभ्यास गरिराखेको कायगतासति भन्नाले कायानुपश्यना भावना हो । अकिच्चं भन्नाले ती भिक्षुहरूले छाता सजाउने आदि अयोग्य कार्य गर्दैनन् भन्ने अर्थ हो । किच्चे भन्नाले प्रबज्या भए देखि नाप जोख गर्न नसकिने शीलसमूह रक्षा गर्ने आदि गर्न योग्य कार्यहरूलाई । सातच्चकारिनो भन्नाले नित्यरूपमा कार्य गर्ने बानि भएका, सम्मानकासाथ गने बानि भएका । स्मृतिले युक्त भई हित अहित बोधयुक्त सम्प्रजञ्ञ, योग्य अयोग्य बारे बोधयुक्त सम्प्रजञ्ञ, ध्यानको आलम्बन बारे बोधयुक्त गोचरसम्प्रजञ्ञ, स्पष्ट ज्ञानलेयुक्त असम्मोहसम्प्रजञ्ञ भनि चार वटा सम्प्रजञ्ञद्धारा सम्प्रजञ्ञज्ञान भएका ती भिक्षुहरूका चार आश्रव पनि नाश भई जान्छन्, क्षय भई जान्छन् भन्ने अर्थ हो ।

राजगृह, वेणुवन (२९६) दारुसाकटिक पुत्र

https://dhamma.digital

सुप्पबुद्धं पबुज्झन्ति-सदा गोतमसावका ।
येसं दिवा च रत्तो च-निच्चं बुद्धगतासति ॥

२९६ – रात दिन बुद्धको गुणानुस्मरणमा लागि रहने गौतम बुद्धको शिष्यहरू सधैं जागृत अवस्थामा हुन्छन् ॥

यस गाथामा सुप्पबुद्धं पबुज्झन्ति भन्नाले बुद्धानुस्मृतिपूर्वक सुत्ने र उठ्ने व्यक्तिहरूलाई सुप्पबुद्ध भनिएको हो । सदा गोतमसावका भन्नाले गौतमगोत्रका बद्धको उपदेश सुन्ने भएकाले, उहाँ बुद्धको नै अनुसासनिलाई सुन्ने भएकाले गौतमबुद्धका श्रावक भनिएका हुन् । बुद्धगता सति भन्नाले जुन व्यक्तिहरूमा "इतिपि सो भगवा आदि प्रकारका बुद्धगुण स्मरण गर्दा उत्पन्न स्मृति सँधैनै भइरहन्छ । त्यस्ता व्यक्तिहरू सँधैनै राम्रोसँग ब्युँझिन्छन् भन्ने अर्थ हो । त्यसरी गर्न नसकेता पनि दिनभरिमा तिन पटक, दुई पटक वा एक पटक बुद्धानुस्मृतिलाई अनुस्सरण गरेकाहरू राम्रोसँग ब्युँझिन्छन् नै भनेको हो ।

(२९९)

सुप्पबुद्धं पबुज्झन्ति-सदा गोतमसावका ।
येसं दिवा च रत्तो च-निच्चं कायगतासति ॥
२९९–रात दिन कायानुस्मृतिमा लागि रहने गौतम बुद्धका शिष्यहरू सधैं जागृत भै रहन्छन् ॥

कायगता सति भन्नाले बत्तीसआकारले वा नौ सिवथिकको आकारले वा चार धातुलाई व्यवस्थानको हिसाबले वा अज्झत्त रूप नील कसिण आदि रूपध्यानले उत्पन्न भएको स्मृति ।

जेतवन (३०४)
चूलसुभद्दा

दुरे सन्तो पकासेन्ति-हिमवन्तो'व पब्बतो ।
असन्तेत्थ न दिस्सन्ति-रत्तिं खित्ता यथा सरा ॥

३०४ – साधुसन्तहरू टाढा बसे पनि हिमालय झैं चम्कन्छन्, असत्पुरुषहरू रातको अन्धकारमा छोडेको बाण झैं देखिँदैनन् ॥

यस गाथामा सन्तो भन्नाले राग आदि क्लेश शान्त भएकोले बुद्ध आदिलाई सन्त भनिएका हुन् । यहाँ पहिलाका बुद्धहरूको समक्ष गरेको दृढतापूर्वक गरेको प्रार्थना, परिपक्व भएको कुशल र भावना भएका व्यक्तिहरूलाई सन्त भनिएको हो भन्ने अर्थ लागदछ । पकासेन्ति भन्नाले टाढा बसेतापनि बुद्धहरूको ज्ञानको पथमा आई देखिने हुन्छन् । हिमवन्तोव भन्नाले जसरी तीन हजार योजन चौडाइ भएको, पाँच सय योजन उचाई भएको, चौरासी हजार पहाडका चुचुराले घेरिएको हिमालय पर्वत टाढाबाट पनि दृश्यमान हुन्छ, यही नै अर्थमा पकासेन्ति भन्ने प्रयुक्त छ । असन्तेत्थ भन्नाले वर्तमान समयको मात्र ख्याल गर्नेहरू, परलोकलाई ताढा राख्ने, खानपानइत्यादि आमिसको मात्रै ख्याल गर्ने, जीवन जिउनका

https://dhamma.digital

लागि मात्रै प्रबजित भएका मुर्खहरू असन्त हुन् । ती मुर्खहरूले यो बुद्धशासनमा बुद्धहरुको दाँया घुँडाको नजिकै बसेतापनि प्रकाशमान हुदैनन् । रत्तिं खित्ता भन्नाले चार अङ्गले युक्त भएको रातका अन्धकारमो छाडेको वाण झैं हुनुपर्ने पहिलाको उपनिश्रय हेतु नभएका व्यक्ति प्रकाशमा आउँदैनन् भन्ने अर्थ हो ।

https://dhamma.digital